0. In Public Domain. Digitization by eGangotri.Funding: N

कवि भारवि: संक्षिप्त अध्ययन

हंसपुरे सुवेदी

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: ...

ने. ३५८६

कवि भारविः संक्षिप्त अध्ययन

(लिच्छवि कवि भारवि तथा महाकवि भारविको विश्लेषणात्मक अनुशीलन)

लेखक

हंसपुरे सुवेदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रकाशक: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण: वि. सं. २०५३
प्रति: ११००
मूल्य: रु. ८२/-

ACC 2590५ / 28105

आवरण: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

मुद्रक: लक्ष्मी छापाखाना
यट्खा काठमाडौं
फोन: २-१३६५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri. Funding:

ने· ३५६९

प्रकाशकीय

अनन्तकालदेखि अविरल स्वच्छ शीतल जलप्रवाहले सिञ्चित र उच्च धवल हिमालका तेजिला प्रभाले समुज्ज्वल रही आएकी हाम्री नेपाल माताको के भित्र, के वाहिर सर्वत्र कीर्तिगाथा उद्दीप्त रहेको छ। हामी आफ्ना अति ललित सुन्दर प्राकृतिक रमणीय मनमोहक दृश्यबाट कहिल्यै तृप्त भएनौं, सदासर्वदा यो ललित सुरम्य प्राकृतिक दृश्यलाई आँखाले जति पान गरे पनि अतृप्त नै रहने हाम्रो नैसर्गिक स्वभावअनुसार ज्ञान-गङ्गाका प्रवाहमा जति डुबुल्की मारे पनि तृप्त नभएर पुनः पुनः डुबुल्की मारिरहने हाम्रो बानी बसेको छ। बाहिरी प्राकृतिक छटाले लोभ्याए जस्तै आन्तरिक ज्ञानज्योतिले पनि त्यत्तिकै लोभ्याइरहेकै छ। हामी यही प्रक्रियामा अभ्यस्त भएर कहिले पनि नथाकी अगाडि बढिरहेका छौं।

यही परिप्रेक्ष्यमा हाम्रो साहित्य, कला र ज्ञान-विज्ञानका क्षेत्रमा अतीत कालदेखि नै हिमवत्खण्डले विशेष योगदान दिंदै आएको छ।

विशेषतः यस क्षेत्रका साहित्यमा जीवनको मधुर ज्योतिको सूत्र-पात मात्र भएको होइन कि त्यसबाट प्रस्तुत अध्यात्म आदि दर्शनका प्रतिष्ठाबाट हाम्रो गतिशील जीवनधारा सङ्गीतमय पनि हुन गएको छ। कलाक्षेत्रमा इन्द्रधनुषी छटाका स्वीकृतिका साथै ज्ञान-प्रवाहमा बुद्धिको नीरस तरुमय जीवनलाई सरस, सत् र चित् छटाका वर्षाले अनेकत्वमा एकरूपात्मक हुने अखण्ड आनन्दको प्रकाश सदा भाषिक रहेको छ।

हामी नेपाली यही ज्ञानालोकमा रही सर्वाङ्गीण उन्नति, प्रगतिका महायज्ञमा होता, उद्गाता बन्नुपरेको छ।

विभिन्न भाषाभाषी, अनेक थरीका सामाजिक रीतिथिति, संस्कार चलन र धार्मिक परम्पराका साथै अनेक चिन्तन, विचार, भावना आदिका प्रवाहमय जलवायुले परिपोषित यो भूमि नै हाम्रो अत्यन्त श्रद्धामय प्राण-वन्त नेपाल राष्ट्र हो। प्रारम्भकालदेखि नै हाम्रा पूर्वजहरूको क्रीडाभूमि रहेको यो राष्ट्रमा उनीहरूले पारस्परिक प्रयास तथा सहयोगका सक्रिय अभ्यासद्वारा राष्ट्रिय प्रतिमान खडा गरेर कल्प-कल्पान्तसम्म स्थायी आदर्श प्रस्तुत गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

आजका सन्दर्भमा प्रजातन्त्रको अभ्यासद्वारा वास्तविक प्रजातन्त्रका मार्गमा अग्रसर हुने निरन्तर प्रयासमा लागेका हामी नेपालीहरूको विविध दायित्व मध्ये राष्ट्रको भाषा साहित्य र कला संस्कृतिको जगेर्ना गर्दै तिनलाई नयाँ संदर्भमा खोज अनुसंधानका माध्यमबाट जन–समक्ष प्रस्तुत गर्नुका साथै विकास र संवर्धन गर्नु पनि प्रमुख दायित्व मध्येको एक हो भन्ने ठानेका छौं।

यसै परिप्रेक्ष्यमा प्रस्तुत 'कवि भारवि संक्षिप्त अध्ययन' नामक खोजपूर्ण ग्रन्थलाई पाठक समक्ष प्रस्तुत गरिएको छ। नेपाली साहित्यको आजको स्थिति र भविष्यको दिशा दृष्टिलाई हेर्न हामीले पछाडि फर्किएर त्यसका गौरवलाई पनि ख्याल गर्नुपर्छ। नेपाली साहित्यको अध्ययनसँग अवश्यै पनि संस्कृत साहित्यको परम्परा गाँसिएरै आउँछ। अतः संस्कृतका विद्वान् कवि, समालोचक श्री हंसपुरे सुवेदीद्वारा तयार गरिएको प्रस्तुत ग्रन्थले नेपाली भाषा–साहित्यका अध्ययनमा अरू सघाउ गर्ने छ र यसबाट नेपाली साहित्यका उच्चशिक्षाका विद्यार्थीका साथै अन्य जिज्ञासु महानुभावले पनि लाभ उठाउन सक्नु हुने छ भन्ने आशा र विश्वास गर्छौं। अस्तु।

ने. रा. प्र. प्र.

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

मन्तव्य

केही वर्ष पहिलेदेखि रोचकरूपले र आत्मीयताले पनि नेपालको प्राचीन इतिहासमा तथा संस्कृत साहित्य जगत्मा समेत 'भारवि' नामका व्यक्तिको विशेष चर्चा परिचर्चा चल्दै आएको छ । 'किरातार्जुनीयम्' नामक महाकाव्यका रचयिता महाकवि भारवि संस्कृत साहित्यको इतिहासमा अत्यन्त प्रसिद्ध छन् । उनको महाकाव्य संस्कृत पाठ्यपुस्तकका रूपमा रहेको हुँदा 'भारवि' नाम जो कोही साहित्यप्रेमीका मुखमा झुण्डिएकै छ ।

लौकिक सँस्कृत साहित्यका महाकाव्यकार आदिकवि वाल्मीकि पछि भास, कालिदास, भारवि, भवभूति, दण्डी, वाणभट्ट आदि शयौं कविहरूको नाम प्रसिद्ध र चर्चित छ, तर पनि कालिदास विशेषरूपले पहिलो दर्जाका कवि मानिन्छन् । भनिन्छ– कविहरूका गणनामा कालिदास पहिलो अङ्कमा गनिन्छन् "कनिष्ठिकाधिष्ठित : कालिदास :" । कालिदासका पाँच कृतिहरूमा 'रघुवंश महाकाव्य' उच्चकोटिमा पर्छ । उनको काव्यवैशिष्ट्य अनुपम सुन्दर उपमा दिनमा रहेको छ भने दोस्रो महाकविमा भारविको नाम आउँछ । उनको एउटै महाकाव्य भए पनि अर्थगाम्भीर्यले गर्दा विशेष स्थान ओगट्न सफल बनेको छ । यसैले "उपमा कालिदासस्य भारवेरर्थगौरवम्" भन्ने उक्ति प्रचलित छ । भारविका काव्यमा सूक्तिको चमत्कार र रसमाधुर्य पनि कम छैन । तर यस काव्यको राम्ररी अर्थ फोरेर रस लिनलाई भने निकै बुद्धि खियाउनु पर्छ । टीकाकार महामहोपाध्याय मल्लिनाथले भारविको काव्य 'किरातार्जुनीयम्'लाई नरिवलका फलको उपमा दिदै बाहिर ज्यादै कठोर – फोर्न गाह्रो भए पनि फोरिसकेपछि भित्र रसैरसले भरि-पूर्ण – स्वादिलो भनी बयान गरेका छन् । यसरी प्राचीन कालदेखि संस्कृत साहित्यमा महाकवि भारविको नाम चल्दै आएको कुरा सर्वविदित छ । यता नेपालमा संशोधनमण्डलद्वारा हाँडीगाउँको एक अभिलेख अभिलेखसंग्रहमा प्रकाशित हुन आयो । सो अभिलेख प्रसिद्ध लिच्छविराजा मानदेवका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

दौहित्र (छोरीका छोरा–नाति) भारविको थियो। उनले त्यतिखेर धारो बनाएर यो अभिलेख राख्न लगाएका थिए। यसको बीस वर्षपछि तिनै भारविले पाटन मङ्गलबजारमा अर्को धारो बनाई अर्को अभिलेख राखेका थिए – यी दुई अभिलेख प्रकाशमा आएपछि यो विषय निकै चर्चामा आएको हो। धेरैजसोले प्रसिद्ध महाकाव्य 'किरातार्जुनीयम्' का रचयिता भारवि यिनै हुन् भने। अर्जुनले हिमालय पाहाडमा आएर तपस्या गरेको, इन्द्रले उनलाई महादेवको तपस्या गर्न उपदेश दिएको, अनि महादेवको तपस्या गरेको, किरातरूपधारी अर्थात् किरातेश्वर महादेवसंग युद्ध गरेको, महादेवबाट उनले वरदानस्वरूप पाशुपतास्त्र प्राप्त गरेको इत्यादि कथा किरातार्जुनीयम्मा भएको र हिमाल– पाहाड, इन्द्रको मूर्ति र किरातेश्वर महादेव पनि नेपालकै प्रसङ्गमा मिल्ने हुँदा र समय पनि एकै एकै भएको हुँदा भारवि नेपाली हुन् र यिनी महाकाव्यकार पनि हुन् भन्ने तिनको तर्क छ, फेरि महाकाव्यकार भारवि अर्कै हुन्, ती दक्षिण भारततिरका थिए, यी भारवि नेपालका अधिकारी व्यक्ति थिए र यी अलगगै हुन् भन्ने अर्काथरीको मत छ।

यी दुवै मतलाई ध्यानमा राखी नेपाली साहित्यका उपप्राध्यापक हंसपुरे सुवेदीले "कवि भारवि; संक्षिप्त अध्ययन" भन्ने कृति तयार पार्नुभएको छ। यो कृति लिच्छविकवि भारवि तथा महाकवि भारविको विश्लेषणात्मक अनुशीलनरूपको देखापर्छ। यो प्रवन्ध तयार पारी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा ४, ५ वर्ष पहिल्यै प्रस्तुत गरेको र सो अहिले यहींबाट प्रकाशित हुन लागेको हुँदा यस प्रसंगमा स्वयं प्रस्तुतकर्ताले नै विशद वर्णन गरिसकेकै छ। तर पनि दुई–चार शब्द लेखिदिने आग्रहमा यो ग्रन्थ सर सरी अवलोकन गरी आफ्ना मनमा लागेका कुरा खोली यो सानो मन्तव्य प्रस्तुत गर्न लागेको हुँ।

लिच्छविकवि भारवि र किरातार्जुनीय काव्यकार भारविका साधर्म्य– वैधर्म्यबारे यहाँ उल्लेख गरिरहनुपरेन, किन भने सो चर्चा मूल ग्रन्थमा नै भइसकेको छ। यहाँ सबभन्दा मुख्य कुरो लिच्छविकालिक भारविलाई कवि भन्ने कि नभन्ने पो देखिन आउँछ। लिच्छविकालिक मानदेवका नाति भारविले दुईवटा धारा बनाएर राख्न लाएका दुइटै अभिलेखमा दिइएको भारविको बयान र विशेषण हेर्दा यिनलाई पढेलेखेका विद्वान् वा कवि कतै भनिएको छैन। जस्तो :–

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

"धनी र राजकीय अधिकार सम्पन्न भए पनि नियम मिचेर लोकविरुद्ध काम नगर्ने, अतिशय सुन्दर भए पनि राम्रो छु' भन्ने घमण्ड नगर्ने, बल पुरुषार्थले पूर्ण भए पनि अत्यन्त क्षमाशील हुने, दानी भए पनि गरेको दान उड्की नहिँड्ने"

– भनेर पहिलो अभिलेखमा बयान गरिएको छ। यहाँ भारविलाई धनी, मानी, अधिकारी, सुन्दर र बलवान् आदि विशेषण लाए पनि पढेलेखेका विद्वान् कवि भनेर चाहिं बयान गरिएको छैन। अब दोस्रो अभिलेख हेरौं–

"राम्रा गुण, ठूलो प्रभाव र असल चरित्रले प्रख्यात भएको, ठूलो पद-प्रतिष्ठा पाएको कुलमा जन्मेको मानिस पनि बिना कीर्ति बाँचेको छ भने त्यसको जीवन व्यर्थ हुन्छ, जुन कीर्तिले यस जन्ममा सुखैसुख भोग गरेर परजन्ममा सुख नै पाउँछन्, त्यस्तो कीर्ति राख्न आफैं उत्सुक भएर जो मान्छे प्रयास गर्दैन, त्यो मानिस महामूर्ख मानिन्छ। कीर्तिको यस्तो फल हुन्छ भन्ने जानेका ती भारविले धनी मानिसको पनि जीवन छोटै हुन्छ भनेर र आफ्ना-आफ्ना आमा-बाबुको पनि पुण्य बढोस् भनी...... यो कीर्ति बनाए।"

दोस्रो अभिलेखमा यस्तो वर्णन पाइन्छ। यहाँ भारविले मातृकुलको बयान गरे पनि आफ्नो बयान गराएका छैनन्। आफूलाई न कवि न मनीषी केही पनि भनेका छैनन्, धनी भन्ने मात्र देखाएका छन्। भन्नाको तात्पर्य यी दुई शिलालेखमा आफ्ना र आफ्ना मातृकुलको यतिको बयान गर्ने भारविले किरातार्जुनीय जस्तो प्रसिद्ध महाकाव्य लेखेका भए यसको केहीन केही उल्लेख नगरी छाड्ने थिएनन्। अर्को कुरा यहाँका अभिलेखको पद्य-बन्ध पनि स्वयं भारविको हो कि होइन, त्यो यहाँ खुल्दैन। कीर्तिकार त भारवि हुन्, कृति-कार देखिँदैनन्। अरू कुनै कविलाई यी पद्य बनाउन लगाएको पनि हुनसक्छ।

यहाँनेर अर्को कुरा पनि गौड गर्नुपर्ने देखिन्छ। दोस्रो अभिलेखको दोस्रो श्लोकको अन्तिम पाउमा 'भिषग्' भन्ने पद पाइन्छ। यसमा कसैको ध्यान गएको छैन 'भिषग्'को अर्थ वैद्य हुन्छ। यो विशेषण भारविको बाहेक अरूको हुन सक्तैन। यदि त्यस्तो भयो भने धारा बनाउने भारवि वैद्यराज चाँहि थिए भन्न सकिन्छ। पहिलो अभिलेखमा आएको धाराको विशेषण 'अत्यन्त स्वादिलो, शुद्ध चोखो अर्थात् दोषरहित स्वास्थ्यवर्धक चीसो पानी भएको' भन्ने दिइएको छ। पानीकै खराबीले गर्दा धेरै रोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

लाग्ने हुनसक्छ । स्वास्थ्यको लागि शुद्ध पानी पिउनुपर्छ भन्ने भावले यी वैद्यराज भारविले ठाउँठाउँमा ढुङ्गेधारा बनाउन लगाएको भन्न सकिन्छ। यसो भए यिनमा 'भिषग्' (वैद्य) विशेषण सार्थक पनि हुन आउने थियो ।

अभिलेखमा कीर्तिकारको रूपमा देखिएका भारवि (वि. सं. ६०७-६२७) र किरातार्जुनीय कृतिकार भारवि समानकालिक जस्ता देखिन आएका हुँदा यी एकै व्यक्ति हुन् भन्ने तर्कमा बल थपिएको पनि छ । सप्तम शताब्दीको उत्तरार्द्धमा विद्यमान सम्राट् हर्षवर्द्धनका दरबारिया कवि बाणभट्टले हर्षचरितको उपोद्घातमा पूर्ववर्ती विशिष्ट कविहरूको स्मरण गर्दा भारविको नाम उल्लेख नगरेको हुँदा यिनी बाणभट्ट भन्दा अर्वाचीन थिए भन्न पनि सकिँदैन । किनभने वि. सं. ६९१ को एहोल शिलालेखमा रवि-कीर्तिले कवितामा कालिदास र भारविको जस्तो आफ्नो पनि कीर्ति फैलिएको कुरा गौरवसाथ उल्लेख गरेका छन् । उतिखेर कालिदासको समानकक्षीका रूपमा वर्णित महाकवि भारविलाई बाणले किन सम्झिएनन्, यो चांहि अनुसन्धेय विषय छ ।

महाकवि भारविका बारेमा उनका सूक्तिकै आधारबाट उब्जिएका किंवदन्ती पनि प्रचलित भएका छन् । यसै प्रसङ्गमा यहाँ एउटा कुरा उल्लेखनीय छ, यस्तै प्रसिद्ध कवि विद्वान् समीक्षक दण्डीको कृति भनेर 'अवन्तिसुन्दरी कथासार' नामक पुस्तक दक्षिण भारतबाट प्रकाशमा आएको छ । त्यसमा दण्डीले भारविलाई आफ्ना पूर्वज मानेर वंश वर्णन गरेका छन् । त्यस अनुसार भारवि कौशिक गोत्रका ब्राह्मण थिए, यिनका पुर्खा पश्चिमोत्तर भारतको आनन्दपुरबाट आएर नासिक पञ्चवटीनेरको अचलपुरमा बसेका थिए, त्यसै शाखाका नारायण स्वामीका छोरा दामोदर नै भारवि हुन् र यिनी विष्णुवर्द्धन राजाका मित्र थिए भन्ने यिनको परिचय देखिन आउँछ ।

यस कथामा उल्लिखित राजा विष्णुवर्द्धन सम्राट् हर्षवर्द्धनलाई हुर्काउन सक्ने चालुक्यनरेश पुलकेशीका बन्धु थिए भन्ने कुराको पनि अड्कल काट्न सकिन्छ । जे होस्, काव्यादर्श, दशकुमारचरित आदि जस्ता ग्रन्थ रचना गर्ने दण्डी र किरातार्जुनीय महाकाव्यकार भारविमा राजनीति–सुजबुझ अत्यन्त प्रखर थियो र यी दुवैले कौटिल्यको अर्थशास्त्रको अनुगमन गरेका थिए भन्ने कुरा यिनका कृति पढ्दा निश्चितरूपले अवगत हुन

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

आउँछ । यी दुवै न्यायसंगतरूपले यश, ऐश्वर्य आर्जेर मान–सम्मानसाथ सदाचारयुक्त जीवन जिउनु नै इहलोकको सार्थकता हो भन्ने कुरा सम्झन्थे । न यौवन स्थिर रहन्छ, न सुख सम्पत्ति नै स्थिर छन्, अरू त के जीवन नै क्षणिक छ, त्यस कारण यो लोक सपार्नेतिर लाग्नु व्यर्थ छ । यो लोकभन्दा परलोक सपार्नमै तन मन धन लगाउनुपर्दछ भनेर उपदेश दिनेलाई आपना प्रमुख नायक अर्जुनका मुखबाट महाकवि भारविले–

> "शत्रुको समूलोच्छेद गरेर कुललक्ष्मीको उद्धार नगरीकन त निर्वाण प्राप्त हुन्छ भने पनि विजयश्रीको लागि त्यो विघ्नै परेको ठान्छु, न म अस्थिर सुख खोज्छु, न पानीको फोका जस्तो चञ्चल धनसम्पत्ति नै कमाउन चाहन्छु, न म नाशवान् संसारदेखि डराएर मुक्ति नै चाहन्छु ।"

यस्तो मुखतोड जवाफ दिएका छन् । यसमा उनको संकेत संसारलाई असारता, क्षणिकता देखाएर निर्वाण प्राप्त गर्न प्रेरित गर्ने बौद्ध भिक्षु र शैव सन्यासीप्रति लक्षित देखिन्छ ।

यहाँ शुद्ध पानीको धारा बनाउने भारविले मनुष्यजीवन क्षणिक हुँदा परलोक सपार्नेतिरै लाग्नुपर्छ भनेको उदाहरण दिएर यिनी बुढेसकालमा बौद्धभिक्षु बनेका थिए भनेर यसको अझ पुष्ट्याइँको लागि अलिपछिको चाँगुनारायणको अभिलेखमा आएको 'भारविश्रमणस्थान' भन्ने वाक्यलाई अघि सारिएको छ । यस अभिलेखमा गूठी राखिएको जग्गाको साँध छुट्याउँदा मनोहरा खोलाबाट अगाडि बढ्दा भारविश्रमणस्थान आउंछ भनिएको छ । यसको अर्थ गर्दा विद्वान् धनवज्र वज्राचार्यले 'भारवि श्रमणको स्थान' भन्ने गरिदिंदा भारवि भिक्षु (श्रमण) बनेर यस विहारमा बसेका रहेछन् भन्ने भाव निकालियो । मानदेवले बनाएको विहार मानविहार, शिवदेवले बनाएको शिवदेवविहार भए जस्तै यो पनि भारवि– श्रमणस्थान भएको भन्ने तर्क गरियो । परन्तु यो एक अनर्थ हुन गएको छ । दसरामसरा भएर यस्तो अर्थ हुन आएको हो । भारवि भिक्षु बस्ने ठाउं भनेको भए भारविश्रमणविहार हुनुपर्थ्यो, सो नभएर 'स्थान' भनिएको छ । वास्तवमा यो 'भारी बिसाउने ठाउँ' भनेको हो । मणिमती (मनोहरा)को किनारैनेर बाटोमा भारी (भार) बोकेर आउने जानेहरूको लागि विश्रमणस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

(विसौनी–चौतारी) रहेको र त्यसैलाई गुठी जग्गाको एक सिमाना तोकिएको हो । यसवाट भारवि बुढेसकालमा भिक्षु बनेका थिए भन्ने तर्क पनि परिपुष्ट हुन आउंदैन, अरू विशद व्याख्या यस ग्रन्थमा हंसपुरे सुवेदीले परिश्रमसाथ गर्नुभएको छ । यो परिश्रम सराहनीय छ । भारविसम्बन्धी सबै तर्क वितर्क, पक्ष विपक्ष आदि दिएर गरिएको यस विश्लेषणले साहित्य र संस्कृतप्रेमी सबैलाई आह्लाद गराउनेछ । यसमा मेरा मनमा लागेका केही थप कुरा पाठकसामु राखिदिएको छु । अरू पाठकवर्गमै निर्भर हुनेछ ।

२०५३ भाइटीका
कलङ्कीस्थान

ज्ञानमणि नेपाल

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding: I

सानो गन्थन

अहिले कवि भारवि र उनका कृतिबारे दुईचार हरप लेख्न बस्ता मलाई जुगौं अगिको स्मृतिले घच्घच्याइरहेछ। एकजुग अगि (वि. सं. ०१६, १७ तिर)को कुरा: पोखरा-मिरुवाको डेरामा हामी निकै रमाइलो-सँग लय हालेर भारविका कविता घोक्थ्यौं। किरातार्जुनीयम्, रघुवंश, शिवराजविजय इत्यादि नै थिए– त्यतिखेरका काव्यरूपका हाम्रा अध्ययनीय पाठ्यसामग्री।

लाग्दछ– आज पोखरा विन्ध्यवासिनीको संस्कृत विद्यालय इतिहास भइसक्यो, अनि उसले काँचुली पनि फेरि सक्यो, हाल सो विद्यालय हाम्रो वेलाको जस्तो टहरे अवस्थामा छैन र सुकुले स्थितिमा पनि छैन। किन्तु, गुणात्मकता चाहिं विचारणीय नै भन्नुपर्ला। जे होस्, यही पवित्र टहरोमा पं. टङ्कनाथ पराजुलीज्यूको सान्निध्यमा रहेर हामीले संस्कृत व्याकरण र काव्यग्रन्थ खारेका थियौं। वस्तुत: अध्ययनकार्यमा वस्तुपरकतालाई महत्व दिने ऋषिकल्प प्रतिभा हुनुहुन्थ्यो पराजुली– गुरु। पाठ्यसामग्री अनुकूल गरी यहाँ 'किरातार्जुनीयम्' पढियो। भारविको खँदिलो निर्णयात्मक कथन व्यावहारिक सुझबुझ र नीतिपरक भाव, हृदयस्पर्शी विचार आदिले गर्दा मलाई प्रारम्भिक अध्ययनकालदेखि नै यिनको अभिव्यक्ति आकर्षक घतिलो र मर्मस्पर्शी लागिरहेको थियो। अत: भारविप्रति सुरुदेखि नै आकर्षित बन्न पुगें म। यसैको परिणाम हो– प्रस्तुत कृतिको आकलन।

प्रस्तुत रचना वस्तुत: भारविबारेको अधुरो र अपुरो चर्चा हो। अनि नेपाली कवि भारवि र महाकवि भारविबारेको संक्षिप्त तुलनात्मक पनि। यिनले कालिदासपछिको महाकाव्य परम्परालाई परिष्कारवादी रूपले सफल प्रतिनिधित्व गर्दै आएका छन्। यिनका काव्यकृतिको अध्ययन विश्लेषणबाट धेरै कुरा प्राप्त गर्न सकिन्छन्– प्रस्तुत हुन सक्छन्, तर यहाँ केवल छुवाइ मात्र छ। उनको दर्शन र नीति, भावना र मतबारे खास विश्लेषण नै भएको छैन। नेपाली बाहेक अन्य भाषाहरूमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

महाकवि भारविबारे विशेष अध्ययन गरी तयार गरिएका शोधकृतिहरू छन्- छैनन्, थाहा छैन । मेरो खोजमा यसबारे केही प्राप्त हुन सकेनन् । यो आफ्नै रुचि र अध्ययन क्रममा मबाट भएको आत्मसंतोषको सानो धृष्टता हो- संक्षिप्त अध्ययन हो । यसैले यहाँ संक्षिप्तता छ र अपूर्णता हुनसक्तछ ।

कविको रूपमा लिच्छविकवि भारविबारे चर्चा भएको नेपालीको रचना सायद यो नै होला ? यसबारे पूर्ववर्ती विद्वान् केशरबहादुर के.सी. ज्यूबाट स्वतन्त्र विवेचन भएको छ । त्यसको स्थान आफ्नै खालको संझिन्छ । जे होस्, भारवि आफ्नो जुगका प्रतिष्ठित विशिष्ट प्रतिभा बुझिन्छन् । यहाँ यिनीबारे विशेष केलाउनु पर्ने, जानकारी दिनुपर्ने आवश्यकता छैन । स्वयं पुस्तकले नै बताउने छ । यिनै लिच्छवि कवि भारविलाई समेटी तुलनात्मक ढंगले विवेचना गरिएको स्वतन्त्र विश्लेषण हो यो, अनि हो- भारविकृति अध्येताहरूको निति सानो आवाहन । आशा छ- संक्षिप्ततावश छुटेका यहाँका कतिपय विषयवस्तु अध्येताहरूले विस्तारै प्रकाशमा ल्याउँदै जालान् ।

खुशीको कुरा छ- आज प्रस्तुत कृतिको प्रकाशन घडीको शुभप्रभात झुल्किरहेछ । यसैले कवि भारविलाई समाज समक्ष समर्पित गर्दछौं हामी । यस प्रकाशन कार्यको लागि प्रज्ञाप्रतिष्ठान परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै मन्तव्यद्वारा कृतिलाई मनोरम पारिदिनु भएकोमा प्राज्ञ श्रीज्ञानमणि नेपालज्यू प्रति पनि हृदयत: आभार प्रकट गर्दछु । मुद्रण-कार्यको स्वच्छता र आत्मीयव्यवहारको निम्ति श्रीराजभाइ (लक्ष्मी छापाखाना) पनि स्मरणीय हुनुहुन्छ, सबैमा कृतज्ञता व्यक्त गर्दै यो सानो गन्थन टुंग्याउँछु, अस्तु ।

०५३ कार्त्तिक, दीपावली ।

हंसपुरे सुवेदी
काशीसदन: स्वयंभू, काठमाडौं ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

कवि भारवि: संक्षिप्त अध्ययन

(लिच्छवि कवि भारवि तथा महाकवि भारविको विश्लेषणात्मक अनुशीलन)

विषय–सूची

१.	लिच्छविकाल–	१–९
२.	भारवि: मानदेव दौहित्र–	१०–२०
३.	भारविका दुई अभिलेख–	२१–३७
४.	भारवि लोकजीवन र लोकगायकको रूपमा–	३८–४९
५.	महाकवि भारवि र किरातार्जुनीयम्–	५०–८१
६.	भारविका महाकाव्यगत पात्रहरू–	८२–११९
७.	लोकचित्रण परिप्रेक्ष्यमा दुई अभिलेख तथा महाकाव्य	१२०–१४९
८.	काव्यकलाको सैद्धान्तिकसन्दर्भमा कवि भारवि–	१५०–१६२
९.	कवि भारवि: चारित्रिक अनुमान र विचार	१६३–१७८
१०.	दुवै कविको अभिन्नता बारे चर्चा–खण्डन–	१७९–१९६
११.	संस्कृत साहित्यको परिवेशमा महाकवि भारवि–	१९७–२१७
१२.	लिच्छवि कवि भारवि तथा महाकवि भारवि: तुलनात्मक चर्चा–	२१८–२२७
१३.	किरातको स्वरूप–	२२८–२४२
१४.	टिपोट: मुक्तिसंचय गौरवगान–	२४३–२५५
१५.	उपसंहार –	२५६–२६८
१६.	सन्दर्भ ग्रन्थ–	२६९–२७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

प्रदेशवृत्यापि महान्तमर्थं
प्रदर्शयन्ती रसमादधाना ।
सा भारवेः सत्पथदीपिकेव
रम्या कृतिः कैरिव नोपजीव्या ।।

कृष्ण कवि

(विशाल र महान् अर्थले भरिभराउ, रसैरसले गह्रौं भएर झुकेको मानौं साहित्यिमार्गका बटुवाहरूलाई राम्ररी बाटो देखाउने दीपशिखा जस्तो कवि भारविको मनलोभ्याउने रमाइलो रचनालाई को कवि उपजीव्य बनाउँदैन र ?)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding
oal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

लिच्छविकाल

'नेपालः सुन्दर- शान्त–विशाल

–यो उद्‌गार हो– नेपाली साहित्यका महाकवि देवकोटाको। हिमालयको काखमा रहेको, वेद र बुद्धले संस्कार गरिएको, जनक र जानकीको पवित्रताले खारिएको यो धरती साँच्ची नै मन लोभ्याउने सुन्दर, शान्त र विशाल छ।

यहीं सुरम्य प्रदेशमा आफ्नो जीवनक्षण भुक्तान गरी महर्षि पुरखाहरूले वैदिक साहित्य अलापेको कुरा आज अनुमान र श्रुतिपरम्पराको रूपमा व्याप्त छ। यहीं नै विदेह राजा जनकको जनकपुर, भगवान् बुद्धको लुम्बिनी, महर्षि व्यासको व्यासगुफा, वैयाकरण पाणिनीको पाणिननीगर आदि नामकरण छन्, जसबाट ती सामान्य पुरखाहरूप्रति श्रद्धा र कृतज्ञताको स्मृतिरूप उपहार प्रस्तुत भइरहेछ। यस्तै यहाँका कतिपय तटहरूले पनि हाम्रा पुरखाहरूको विद्वत्ता र ज्ञानराशिलाई मुखरित गराएको झ– झल्को अनुमान हुन्छ। यसरी आफ्नो पवित्रता र प्राकृत वस्तुहरूको दिव्यज्योतिलाई छातीभरि ढकमक्क पारेको यो धरती शिव–पार्वतीको खेलवाडको रमाइलो थलोको रूपमा मानिएको छ। अनि यसको अस्तित्व चाहिं वैदिक कालिक हो भनी निधो समेत भएको छ।

नेपालको व्युत्पत्ति वा शाब्दिक अर्थ तर्फ विभिन्न तर्क र अनुमानहरू प्रस्तुत छन्। 'ने' मुनिको कल्पना गरी उनैद्वारा पालना गरिएको देश, ऊन प्रशस्त बिक्री हुने थलो, 'नीप' शब्दद्वारा बनेको शब्द आदि आदि। त्यस्तै ऐ. शि. बाबुराम आचार्यको मतमा नेवार शब्दको मूलरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

'नैपार' र त्यसवाट नै नेपाल शब्द पनि बनेको भन्ने पाइन्छ ।[1] जे होस्, नेपाल शब्द सीमित राज्यको रूपमा नभए पनि हिमालयको काखमा बनेको भूमिलाई लक्ष्य गरी प्रयोग भएको कुरो वैदिक र पौराणिक साहित्य समेतबाट थाहा हुन्छ । अतः यस धरतीको परिचर्चा ज्यादै पुरानो हो, यसको अस्तित्व प्राचीनतम बुझिन्छ । यसको प्राचीनतम उल्लेख अथर्व परिशिष्टमा देखापर्छ ।[2] यसको निश्चित समय थाहा नभए पनि यसलाई बुद्धकाल (ई. पू. छैटौ शताब्दी) भन्दा पुरानो अनुमान गरिएको छ । फेरि बुद्ध समय तथा वौद्ध, जैनसाहित्यमा समेत नेपालको चर्चा देखापर्छ भनिएको छ ।– 'बुद्धकालमा नेपालको समृद्धि व्यापारको चल्तीफिर्ती, श्रावस्ती, कपिलवस्तु आदि प्रदेशका व्यापारीहरूको आवागमन तिनका साथमा आउने गरेका वौद्धभिक्षुको उपस्थिति आदि कुरा अवगत हुन आउँछन् । यसकुराको पुष्टि मौर्यकालमा बनेको अर्थात् चन्द्रगुप्त मौर्य (२४४ वि. पू.) का मन्त्री आचार्य कौटिल्यको अर्थशास्त्रवाट पनि हुन आउँछ ।[3]

नेपाल भूमिमा सर्वप्रथम कुन जातिको बसोवास थियो ? सर्वप्रथम नायक (शासक) को रूपमा कुन जाति देखा परे ? आदि कुराहरू प्रामाणिक रूपमा निर्णय भैसकेका पाइँदैनन् । नेपालका इतिहासविद्हरूको अनुमान छ लिच्छविकालभन्दा अगाडि नेपालमा गोपाल र आभीर (किरात) हरूको अस्तित्व थियो । आज किरातकालीन अस्तित्वका प्रामाणिक आधार (चिनोहरू) किन छैनन् त ? भन्ने प्रश्नको उत्तरमा किरातहरूको कालमा व्यवस्थित शासन र सभ्यताको उजियालोको प्रकाश नभएको हुनाले नै सो संभव नभएको हो भन्न ऐ. शि. वावुराम आचार्यज्यूको राय छ । आज यहाँ किरातकालको अस्तित्वलाई जानकारी दिने

---

१. वावुराम आचार्य, नेपाल नेवार र नेवारी भाषा, नेपाल सांस्कृतिक परिषद्–पत्रिका १/१ (२००९) पृ. ७ ।

२. नेपाल कामरपंच विदेहोदुम्वरं तथावन्त्य: केकयश्च उत्तरापूरवे हतोहन्यात्, – अथर्व परिशिष्ट – क्षम विभाग पृ ६३ ।

३. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान-नेपाल, २०४० पृ. ३ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

सामान्य आधार छन्– लिच्छविकालीन स्थानवाचक केही किरात भाषाका शब्दहरू र परम्परागत अनुमानिक उल्लेख्यहरू आदि। ऐ. शि. बाबुराम आचार्यज्यूको 'प्रथम शताब्दीतिर धर्म प्रचारको प्रसंगमा आएका कुषाण-हरूद्वारा बनाइएको 'गुंविहार' को निर्माण समयदेखि नै नेपालमा सभ्यताको प्रवेश भएको हो। यसभन्दा अघि यहाँ सभ्यताको नै प्रवेश भएको थिएन। सभ्यताको अभावमा– साहित्य, संस्कृति, इतिहास र कला आदि भन्ने कुरा नै हुँदैन। वस्तुत: 'गुंविहार' बनेको समय– (१ शताब्दी) देखि नै नेपालको इतिहास सुरु हुन्छ। यसैले किरात भनेको नेपालमा सभ्यताको प्रवेश हुनुभन्दा पहिलेको काल हो[४] भन्ने किसिमको भनाइ छ·

हाल लिच्छविकालका अभिलेखमा प्राप्त, लिच्छवि लोकजीवन प्रसिद्ध कुथेर, शुल्ली, लिङ्ग्वल, माप्चोक आदि जस्ता अड्डालाई बुझाउने शब्दहरूले र कर– विष्टि, वस्तु आदि किरात कालिक नाउंहरूले समेत नेपालमा किरातहरूको अस्तित्व थियो भन्ने अनुमानको आधारलाई धेरै दरिलो बनाउँछन्। लिच्छविकालका अभिलेखमा पाइने करिब ८० प्रतिशत भन्दा बढी स्थानवाचक शब्दहरू तात्कालिक जनभाषाबाट राखिएका छन् जो किरात भाषा अन्तर्गतका नै छन्। पछि आएर संस्कृत नै आदरिलो भाषाको रूपमा रहेको लिच्छविकालमा पनि त्यसताकका लिच्छवि राजाहरूले यी संज्ञा वाचक परम्परागत शब्दहरूलाई बदल्ने प्रयास गरेनन्, जनजिब्रोको महिमाले नै यहाँ विशेष स्थान पायो। यसैले अनुमान हुन्छ– किरातकालको प्रभाव नै पछिल्लो लिच्छविकालमा पनि परेको थियो। यसैले यहाँ लिच्छविकालभन्दा अगाडि किरातहरूको बसो-बास थियो भन्ने कुरो निधो जस्तै छ। यस समय साहित्य– कला थियो थिएन र के कस्तो थियो? आदिको उत्तर सामान्यत: जनजीवनको अस्तित्व नै संदिग्ध जुगमा कला र साहित्य झन् संदिग्धपूर्ण हुनु स्वाभाविक छ। अत: यहाँ यस विषयक विशेष चर्चा परिचर्चाको अपेक्षित नवनी यही सामान्य बोधमा नै मौन रहने अवस्थामा हामी छौं।

---

४. (सं.) प्रयागराज शर्मा, बाबुराम आचार्य र वहांका कृति, नेपाल र एसियाली अध्ययन संस्थान, त्रि. वि. काठमाडौं वि. सं. २०२९ पृ ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

संस्कृत काव्य साहित्य र संस्कृत काव्यकार अनि राजदरवार:

संस्कृत काव्य साहित्य र संस्कृत काव्यकार अनि राजदरवार– यो सम्वन्ध धेरै पुरानो हो । संस्कृत काव्यधाराको पहिलो ध्वनि सत्य, शान्त र सुन्दर पवित्र आश्रमको वातावरणमा मुखरित भएको थियो, तर पनि यसले मौलाउने सुअवसर चाहिं राजदरवार र राजाको आश्रयमा रहेका कतिपय कवि कलाकारहरूवाट पायो– यही सान्दर्भिकता नै यहाँनेर स्मरणीय हुन आउँछ । अत: पुरातनकालमा संस्कृत कवि कलाकारको सम्वन्ध तत्कालीन महाराज तथा वैभवशाली व्यक्तित्वहरुको साथ स्थापित भएको कुरा ऐतिहासिक छ । विक्रमादित्यको साथ कालिदास, हर्षवर्द्धनको साथ वाण अनि कुनै वैभवशाली व्यक्तिको साथ कविमा रवि आदि र त्यस्तै समुद्र गुप्तको आश्रयमा रहेका प्रयाग अभिलेख (वि.सं ४७२) का हरिषेण तथा चालुक्य नरेश पुलकेशी द्वितीयको आश्रयमा रहेका एहोड अभिलेख (वि.सं. ६९२) का रविकीर्ति आदि आदि यस प्रसंगमा स्मरणीय छन् । नेपालको इतिहासले पनि यही सत्यतालाई प्रस्तुत गरिरहेछ, जो कि लिच्छविकालमा नेपाली कविहरूको पनि त्यसताकका राजाहरूसंग राम्रो सम्वन्ध भएको कुरा यस समयका अभिलेखहरूले जानकारी दिइरहेछन् ।

नेपालको इतिहासमा लिच्छविकाललाई उन्नतकालको रूपमा लिइन्छ । भनिन्छ– प्रामाणिक नेपालका इतिहासको सर्वप्रथमप्र शासनिक काल लिच्छविकाल हो । यसलाई कलाकौशल र सभ्यताको उन्नतकालको रूपमा पनि मानिन्छ । अत: कतिपय नेपालका इतिहासविद्हरू यस काललाई स्वर्णयुग भन्ने पक्षमा पनि छन् । जगदीश चन्द्र रेग्मीज्यूको शब्दमा संक्षेपमा भन्ने हो भने लिच्छविकालीन समाज विकसित अवस्थामा थियो । देशमा विकसित प्रशासन व्यवस्था, धार्मिक जागरण, साहित्यिक प्रगति, तिब्वत व्यापारले गर्दा वनेको, विकसित हुन पाएको राम्रो अर्थव्यवस्था र ती सवैको परिणाम स्वरूप हुन पाएको विकसित मूर्तिकला आदि तथ्यवाट त्यसकालको समाजको स्पष्ट चित्र थाहा पाउन सकिन्छ ।[१]

---

१. जगदीशचन्द्र रेग्मी लिच्छवि संस्कृति – रत्न पुस्तक भण्डार, काठमाडौं (२०२६)

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

जेहोस्, यो काल कला र साहित्यको राम्रो उन्नति भएको काल हो । जुन कुरा आजका उपलब्ध विभिन्न कलाकृतिहरू र अभिलेखहरूद्वारा स्पष्ट हुन्छ । लिच्छविकालको सामाजिक बोलीचाली कुन भाषामा हुन्थ्यो, प्रामाणिक आधार प्राप्त छैन, तर पनि कतिपय विद्वान्हरूले प्राकृत भाषालाई नै जनभाषाको रूपमा अगि सारेका छन् । यस समय भारतका लिच्छविहरूको मातृभाषा मगधी थियो र संभवत: नेपालका लिच्छविहरूको घर–घरमा पनि मगधी नै बोलिन्थ्यो होला भन्ने तर्क प्राध्यापक पोखरेलको छ[२] । जे भए तापनि सामान्य भाषा चाहिं संस्कृत भएको कुरा स्पष्ट हुन्छ । यो तात्कालिक राजाहरूद्वारा अभिलेख्य रूपमा प्रयोग गरिएको आदरिलो भाषाको रूपमा आज पनि प्राप्त छ । आज-सम्ममा लिच्छविकालका उपलब्ध करिब दुईसय जति अभिलेखहरू सबै संस्कृत भाषाका छन् । यिनीहरूको प्रसंगमा विद्वान् नयराज पन्तले लेख्नु हुन्छ–"लिच्छवि शासकहरूले आफ्ना जम्मै सनदहरू संस्कृत भाषामा कुंदाएका देखिनाले उनीहरूको राष्ट्र भाषा संस्कृत थियो भन्ने देखिन्छ । संस्कृत भाषाद्वारा नै उनीहरू आफ्नो अड्डाखानाको व्यवहार चलाउंथे भन्ने कुरा सनद रूपका ती शिलालेखले स्पष्ट गराएका छन्[३] । यी लिच्छविकालका अभिलेखहरूको भाषा सरल, राम्रो–रमाइलो र घतिलो छ । गद्यलाई छोडेर यी अभिलेखका सबै नै जसो पद्यहरू गेयात्मक मिठासले भरिएका मनोहर छन् । प्रायश: शार्दूल विक्रीडित, स्रग्धरा, शिखरिणी, हरिणीलुप्ता, प्रहर्षिणी आदि जस्ता छन्दहरूमा र वसन्ततिलका, मालिनी, अनुष्टुप् आदि छन्दहरूमा लेखिएका यी अभिलेखहरू सबै प्रौढ र ओजनदार संस्कृत भाषाका छन् अनि लोभलाग्दा र आकर्षकताले भरिएका पनि । यसले लिच्छविकालमा संस्कृत भाषाको राम्रो अध्ययन अध्यापन तथा व्यवहार थियो भन्ने कुराको तथ्यता स्पष्ट छ । राजा तथा वैभवशाली व्यक्तिहरूको कवि–कलाकारसंग राम्रो सम्बन्ध हुनु, धार्मिक भावना र उदार वातावरण पाइनु, परस्पर मेल–

---

२. बालकृष्ण पोखरेल राष्ट्र भाषा – साझा प्रकाशन, काठमाडौं २०४२

३. नयराज पन्त, कालिदास तथा वाणका काव्यसंग लिच्छविकालको तुलना, – रमझम (स्व.) नीरविक्रम प्यासी, राजदरबार, काठमाडौं २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

मिलाप र उन्नत मनोभावना देखा पर्नु आदि रमाइलो व्यवहार नै यस ताकको विशेषता बुझिन्छ। संस्कृत साहित्यसंग सम्वन्धित यस ताकका विभिन्न आकृति र स्वरूपमा कुंदिएका मूर्तिकलाहरू पनि हाल उपलब्ध छन्। जसद्वारा त्यस ताकका मूर्तिकारहरू पनि संस्कृत साहित्यसंग र संस्कृत कथाहरूसंग राम्रो जानकारी राख्तथे भन्ने कुरा प्रष्ट्याइरहेछन्।

यस कालका राजाहरूको आदेश जारी गरिएका, गुठी राखी नीति नियम बांधिएका आदि गद्यात्मक अभिलेखहरू पनि सबै नै संस्कृतभाषामा उत्कीर्ण छन्। यी गद्यहरू प्रौढ, संश्लिष्ट र संगठित छन्। यिनीहरूवाट नै पनि तात्कालिक भाषाको गरिमा र नेपाली विदग्धताको राम्रो परिचय पाउन सकिन्छ। राजाज्ञा जारी गरिएका यी गद्य पद्यात्मक विभिन्न अभिलेखहरूवाट अनुमान हुन्छ, संस्कृत भाषा यस समयको आदरिलो संमानयुक्त भाषा थियो अनि थियो–उल्लेखनको र उत्कीर्णरूपको अभिलेख भाषा। यसैले यो समयमा सबै जसो भद्रभलादमी-हरूले यस भाषालाई राम्ररी बुझ्दथे, अनि व्यवहार गर्दथे भन्ने तथ्यता पनि यसबाट प्रष्टिन्छ। यसरी विचार गर्दा यस समयका अभिलेखलाई स्थापना स्थिति वा संस्थापकको आधारवाट दुई प्रकारमा छुट्याई दृष्टिपात गर्न सकिन्छ: एक प्रकार शासकवर्ग स्थापित, अर्को दुनियादार स्थापित। प्रस्तुत सन्दर्भका कवि भारवि हुन् – प्रतिष्ठित दुनियादार। फेरि अर्को तह अभिलेखगत विषयलाई लिई हेर्दा सामान्यत: यस समयका अभिलेखहरूलाई सजिलोको लागि यसरी तीन भागमा बांड्न सकिन्छ:–

१. व्यवस्था प्रधान अभिलेख,
२. स्तुति प्रधान अभिलेख,
३. व्यक्तिगत जीवन प्रधान अभिलेख।

१. लिच्छविकालका आधाभन्दा वढी अभिलेखहरू त्यस ताकका राजाको आदेशलाई जनसमक्ष प्रस्तुत गरिएका, व्यवस्था बांधिएका आदि छन्। यिनमा धेरै जसो गुठीको लागि विर्ता, करमाफी, पिउने पानीको लागि धारा वन्दोवस्त, कुनै सामयिक कार्य संचालन गर्ने व्यवस्था आदि आदि विषयलाई लिई राजाको आदेश जारी गरिएको आधिकारिक वा शक्ति सम्पन्न व्यक्ति विशेषवाट कुनै विषयको

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

(नीतिनियम) बांधिएका पाइन्छन् । मान्नु पर्दछ—तात्कालिक शासक वा आधिकारिक व्यक्तिहरूको सन्देशलाई चिरकालसम्म जनसमक्ष जीवित राख्ने यी अभिलेखहरूबाट त्यसताकाको जनजीवन प्रशासनिक स्थिति, सांस्कृतिक परम्परा दैनन्दिन जीवन तह आदि कुराहरूलाई बुझ्न धेरै सघाउ भएको छ ।

२. यस बाहेक कतिपय अभिलेखहरू ईश्वरीय स्तुति, भगवद्भक्ति वा गुणगान एवं गाथाको रूपमा पनि लेखिएका देखिन्छन् । यी गुणगान प्राय: शिव, विष्णु, शक्ति आदि ईश्वरको र राजाहरूको समेत पनि छन् । उपलब्ध यी स्तुतिगानहरूले आध्यात्मिकताको उत्कर्ष र वैभवशाली धनाढ्य व्यक्तिहरूप्रतिको आदरभावलाई समेत प्रस्तुत गरिरहेछन् ।

संस्कृत साहित्यमा ईश्वरीय स्तुतिगानको ठूलो महिमा छ । आर्य ऋषिमुनिहरूले ईश्वरको चरणतलमा आफूलाई समर्पित गरेका छन् । उनीहरूको भक्तिपूर्ण हृदयद्वारा ईश्वरीय माहात्म्य प्रशस्त बखानिएको पाइन्छ । खासगरी स्तोत्ररचनामा मानवजीवनको दीनता, अज्ञानता, आर्तनाद आदि र हृदयको कोमलता, मन्दता अनि भगवद्महिमाको विशिष्टता समेत देखाइएको छ—यी अभिव्यक्तिहरू सहज हृदयबाट उद्गारित सुकोमल र हृदयाकर्षक छन् । निश्चय नै उदात्तभावना र उदार विचारको लबालब भएको चोखो स्तोत्र साहित्यको महिमा ठूलो र विशाल छ ।

पुरै स्तोत्रात्मक रूपमा लेखिएका एकाध अभिलेखलाई छोडेर मंगलाचरणको रूपले कतै एक–दुई सिलोक र कतै तीनचार सिलोक गरी भगवान्को महिमा गाइएका स्तोत्र कविताहरू लिच्छविकालका अभिलेखहरूमा प्रशस्त छन् । भाषा र साहित्यको दृष्टिकोणले यी मंगलाचरणात्मक सिलोकहरू पनि उत्कृष्ट देखा पर्दछन् । सामान्यत: सारा लिच्छविकालीन संस्कृत भाषा नै प्रौढ छ, जसको प्रसंगमा विद्वान् नयराज पन्तज्यू लेख्नु हुन्छ—"लिच्छविकालका अभिलेखहरू संस्कृत भाषाको दृष्टिले पनि उच्चकोटिका छन् । लिच्छवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अभिलेखका काव्य पढ्दा म अत्यन्त आनन्दको अनुभव गर्छु । परन्तु ती अभिलेख ठाउँ ठाउँमा टुटफुट भएकोले त्यो आनन्द खण्डित हुन्छ"[8] ।

३. त्यस्तै तेश्रो श्रेणीमा आउने अभिलेखहरू छन्–व्यक्तिगत जीवन प्रधान । यसमा राजाहरूको वंश वर्णन, राजाहरूको निजी जीवनी र घटना, राजाको वल पुरुषार्थ र महिमा वर्णन आदि आदि कुराहरू पाइन्छन् । वस्तुत: यिनीहरूको लक्ष्य तात्कालिक व्यावहारिक विधिको प्रस्तुतीकरण भएको बुझिन्छ । साथै व्यक्तिगत जीवन घटना, निजी पुण्यलाभको इच्छा, आफ्ना पितृहरूको उद्धार कामना, मन्दिर स्थापना वा मूल्यवान् वस्तुदान, वंशावली वर्णन, आदि आदि कुराहरूको उल्लेखन पनि यहाँनेर स्मरणीय छ। यसरी हामीले मोटामोटी ढंगवाट यहाँ सजिलाको लागि विभिन्न श्रेणीमा बाँडिएका यी अभिलेखहरू तात्कालिक जनजीवन, लोकसंस्कृति र ऐतिहासिक महत्तालाई चिरजीवित गराउन सफल भइरहेछन् र भइरहनेछन्-को विश्वास लिन सकिन्छ ।

यस प्रकार अध्ययन गर्दा वस्तुत: नेपालको प्रामाणिक ऐतिहासिकताको आरम्भ लिच्छविकालदेखि नै मानिनु स्वाभाविक छ। यसका प्राप्त आधिकारिक सामग्रीमा चांगु नारायणको मानदेवको अभिलेख नै महत्वपूर्ण आधार हो। मोटामोटी विक्रमको प्रथम शताब्दीदेखि दशौं शताब्दीका शुरुसम्मको अवधि नै लिच्छविकाल हो। लिच्छवि शासनको अन्त कहिले ? प्रश्नको उत्तरमा ऐ. शि. आचार्यज्यूद्वारा सं. ३०८ (वि. सं. ९३०) राघवदेव आएपछि टुट्यो भनिएको छ[9]। सामान्यत: लोकपरम्परा अनुसार त्रिभुवन विश्वविद्यालयले नेपाल सम्वत् सुरु (वि. सं. ९३७) हुनुभन्दा अगिको समयलाई 'लिच्छविकाल' वा 'प्राचीन –नेपाल नामकरण गरेको छ[10] र नेपाल सम्वत् संगसंगै नेपालका

---

४. नयराज पन्त – रमझम (२०३०) पूर्ववत् ।
९. (सं.) प्रयागराज शर्मा, बाबुराम आचार्य र उहाँका कृति, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं वि. सं. २०२९ पृ. २३ ।
१०. नेपाल परिचय, पाठ्यक्रम विकास केन्द्र, त्रि वि, काठमाडौं वि. सं. २०४१, पृ. १५

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

इतिहासको मध्यकाल आरम्भ भएको मानेको छ । अतः यहाँ यही प्रसंगलाई मूल आधार मानी अनुसरण गरिएको छ र लिच्छविकाललाई नेपालको ऐतिहासिक परम्परामा प्राचीनकाल, प्राचीन नेपाल आदि नाउँले पनि सम्वोधन गरिएको पाइन्छ । केही विद्वान्ले यस अवधिलाई विभाजन गरी पूर्व र उत्तर अर्थात् पूर्व प्राचीनकाल, उत्तर प्राचीनकाल भनेर समेत उल्लेख गरेका छन्[११] । जे होस्, लिच्छविकालको यो अवधि नेपालको ऐतिहासिक सन्दर्भमा उल्लेखनीय काल मानिन्छ ।

संस्कृत भाषाको वोलवाला भएको लिच्छविकालमा अध्ययन–अध्यापन परम्परा कुन किसिमको थियो ? आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन, तर पनि यसताकका प्राप्त अभिलेख, जो सबै नै संस्कृत भाषामा उत्कीर्ण छन्–वाट अनुमान हुन्छ मानिसहरूमा विद्याको राम्रो प्रभाव थियो र उनीहरू विद्याका व्यसनी चाहिं अवश्य थिए । फलतः प्राप्त अभिलेखहरूको आधारवाट त्यसताकका संस्कृत साहित्यकार तथा लेखकहरूको जानकारी सम्बन्धी छलफलको आधार वनाउनु आवश्यक परिरहेछ । यसरी नेपाली संस्कृत प्रतिभा र नेपालको प्राचीन संस्कृत–काव्यप्रवृत्तिलाई चिरजीवित गराई राख्न प्रमाणित रूपमा आज ती उत्कीर्ण विभिन्न प्रस्तर अभिलेख तथा मूर्तिहरूले हामीलाई अनन्य प्रेरणा दिइरहेछन् । यिनै अभिलेखमा प्राप्त संस्कृत कवि प्रतिभा मध्येमा अन्यतम चर्चित प्रतिभा हुन्–भारवि, जसको परिचय, विद्वत्ता र लेखाई आदिको प्रसंगमा हामी यहाँ छलफल गर्न उद्यत भइरहेछौं । यद्यपि मौन र मलीन जानकारीको भरमा तयार गरिएको यो उल्लेखन पूर्ण र निर्दोष देखा नपर्ला, तर पनि कविभारविको सम्बन्धमा भएको यो चर्चा र छलफल भारविको विषयमा चासो राख्ने जिज्ञासुप्रति केही हदमा घचघच्याउने वा प्रोत्साहन दिने आधार बन्न सक्नेछ भन्ने विश्वस्तता नै प्रस्तुत सन्दर्भको प्रेरणा स्रोत हो ।

११· हरिराम जोशी, उत्तरप्राचीनकालीन मुद्रा, साझा प्रकाशन, काठमाडौं वि. सं. ०३३, पृ,६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

भारविः मानदेव दौहित्र

(क) मानदेव

'ठूलो ओहदा ओगटेको हओस्,
मान्छे चरित्रवान् गुणी र कुलीन हओस्,
तर सुकीर्ति विनाको जन्म वेफ्वांक हो,
सुकीर्तलो कीर्तिले छाएको जीवन यहाँ र उहाँ दोहरै सुख दिने हुन्छ,
यसैले कीर्ति राख्दा कुन चाहिं मानिस अगाडि नवठ्ला ?[1]

यो भनाई हो–लिच्छवि कवि भारविको। आफू विद्वान् भै अरू विद्वान्हरूको कदर गर्ने मानिस पाउनु दुर्लभ छ। त्यसमा पनि सरस्वती साथ साथै लक्ष्मी र शक्ति (अधिकार) समेतले पत्याइनु त गाह्रो कुरा हो। तर लिच्छवि कवि भारवि अवस्था अनुसार लक्ष्मी, सरस्वती र शक्ति आदिको वरदान पाएका प्रतिभावान् व्यक्तित्व वुझिन्छन्।

लिच्छविहरूको नेपाल प्रवेश कहिले भयो ? यसको निधो हुन सकेको छैन। फेरि यिनीहरूले नेपालका कुन जातिलाई पराजित गरी नेपालको शक्ति हत्याए, राज्य संचालन तथा विस्तार गरे–यस कुराको पनि किटान हुन सकेको छैन। कतिपय इतिहासविद्हरू नेपालका सबभन्दा पुराना जाति गोपालवंशी थिए भनी अनुमान लगाउंछन्। जेहोस्, सं. १५७ (वि. सं. ७९२) को जयदेव, (द्वितीय) को पशुपतिको अभिलेखवाट

१, सं. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, (अभिलेख नं. ५५) २०३० पृ. १८०।

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

जानकारी मिल्दछ–'लिच्छवि राज्यको जग मजबूत बनाउने व्यक्ति थिए– जयदेव (प्रथम), जसको समय विक्रमको प्रथम शतकको आखिरीकाल भएको अनुमान हुन्छ[२]। यिनै लिच्छवि राजाहरू मध्येमा अन्यतर नामी व्यक्तित्व थिए मानदेव (प्रथम)। कवि भारविको प्रस्तुत परिचय प्रसंगमा सम्वन्धित भएकोले राजा मानदेवको सम्वन्धमा पनि केही चर्चा हुनु स्वाभाविक नै हुनेछ।

राजा मानदेवको नाउं नेपालको लिच्छविकालीन इतिहासमा ज्यादै महत्वपूर्ण छ। लिच्छविकालका प्रामाणिक राजाहरू मध्ये यिनैको नाउं अगाडि पर्दछ। हालसम्म पाइएका नेपालका लिच्छविकालका अभिलेख मध्ये तिथिमिति भएको सबभन्दा पहिलो अभिलेख हो–चांगु नारायणको अभिलेख। वि. सं. ५२१ मा राखिएको यो अभिलेख यिनै राजा मानदेव (प्रथम) द्वारा राखिएको हो। कुनै पनि स्वतन्त्र शासकमा हुनु पर्ने गुणहरू र व्यावहारिक ज्ञान राजा मानदेवमा भएको बुझिन्छ। लिच्छविकालका अभिलेखहरूमा तिथिमिति सहितका अभिलेख तथा स्वतन्त्र टक आदि मौलिक कुराहरू राजा मानदेवका पालादेखि मात्र पाइएका छन्। यिनले आफ्नो तामाको मानाङ्क टक (मुद्रा) मा पौंजावाल खुट्टा उचालेका सिंह अंकित गरी आफूलाई शक्तिको उपासक तथा सिंह समान पराक्रमी भन्ने आभास दर्शाएको बुझिन्छ। जेहोस्, लिच्छवि राजाहरूको लर्कोमा यी शूरवीर, पराक्रमी र विचारशील महाराज भएको कुरा ऐतिहासिक अध्ययनद्वारा जानकारी हुन आउंछ।

पूजाकोठामा रही पूजा गरिरहेको समय अकस्मात् महाराज धर्मदेवको निधन हुन्छ। उनको स्वर्ग हुनमा कुनै कारण थियो कि? अथवा आफै नियतिवश उनी स्वर्ग भएका थिए, यसको तथ्य जानकारी हुन सकेको छैन। त्यस समय मानदेव पाको भैसकेका थिएनन्। उनी किशोर युवराजको रूपमा थिए। उनको उमेर कल–कलाउंदो कलिलै थियो। अचानक परमधाम हुन पुगेका आफ्ना बुवा राजा धर्मदेवसंगै मानदेवकी आमा राज्यवती सती जान मनसुवा गर्छिन्, तर बिलौना गरी

२. ख्यातस्श्री जयदेवनामनृपतिस्प्रादुर्व्वभूवापार :– पशुपतिको जयदेव (द्वितीय) को अभिलेख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

आमाको मन कटाई राजा मानदेव आमालाई सती जानुबाट रोक्तछन् । अनि आमाको नै निर्देशनमा उनी राज्यसंचालन गर्न थाल्दछन् । यस्तैमा आफ्नो हुकुममा रहेका पूर्व र पश्चिमतिरका सामन्तहरूले मानदेवको अधीनता स्वीकार्ने कुरामा गडवड उठाउन खोज्दछन्, सो बुझी आफ्नो दलवलसाथ गई राजा मानदेवले तिनीहरूलाई पराजित गरी आफ्नो राज्यमा मिलाई सकुशल राजधानी फर्कन्छन् । यसरी सफलता लिएको हर्षमा दान–धर्म र चांगुनारायणको पूजापाठ आदि सहित गुठी राखी गरूडध्वजको स्थापना गरिन्छ । जसको संज्ञना स्वरूप उक्त मितिमा स्थापित सो अभिलेख (चांगुनारायणको) आज पनि हाम्रो सामुन्ने आधिकारिक रूपमा स्पष्ट छ । यस वाहेक यिनको समयका विभिन्न कुराहरूलाई जानकारी दिने अरू कतिपय अभिलेखहरू पनि आज हाम्रो संमुख उपलब्ध छन् ।

राजा मानदेव केवल बुद्धि र पौरख भएका तीव्र व्यक्तिमात्र थिएनन्, अपितु अध्ययन प्रेमी र कुशल शासक पनि थिए । यिनले आफ्ना कतिपय अभिलेखहरूमा आफूलाई शास्त्र चर्चा गर्ने, लोक व्यवहार ज्ञाता, हँसिलो–रसिलो, शत्रुको सेखी तोड्ने–पराक्रमी तथा प्रजाप्रेमी शासक आदि भनी लेखाएका छन्[३] । यस समयका अभिलेखहरू केलाई हेर्ने हो र यहाँको विद्वत्ता, लेखनशैली र ऐतिहासिकता आदिको आधारले समीक्षा गर्ने हो भने यो समय संस्कृत क्षेत्रमा गौरव गर्न सकिने खालको थियो भन्ने कुरा स्पष्ट हुन्छ । मानदेवका समयको जीवनतह सभ्यता, आधिकारिक रूपको मानदेवको व्यक्तिगत जीवनी, उनको विचार र कार्यशीलता आदि विषयतिरका कतिपय कुराहरू पनि तात्कालिक अभिलेखद्वारा बुझ्न सकिन्छन् । यिनले प्रशासकीय राजदरवारको रूपमा 'मानगृह' बनाएका थिए । मानदेव पश्चात् यहाँवाट जारी भएका कतिपय सनदपत्रहरू देखा पर्दछन् । लिच्छविकालको कलापूर्ण भव्य भवनको रूपमा सुप्रसिद्ध यो

---

३. पुत्रोप्यूर्जित सत्वविक्रमधृतिः क्षान्तः प्रजावत्सलः
कर्ता नैव विकत्थनः स्मितकथाः पूर्वाभिभाषी सदा
तेजस्वी न च गर्वित न च परां लोकज्ञताम्नाश्रितः
दीनानाथ सुहृत् प्रियातिथिजनः प्रत्यर्थिनो माननुत् । चांगु–अभिलेख

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

भवन कहाँ र के कस्तो स्थितिमा अवस्थित थियो इत्यादि वारे भने विशेष केही जानकारी हुन सकेको छैन । यिनको शासनकाल वि.सं. ५२१ देखि ५६२ सम्मको ४१ वर्ष रहेको थियो ।

(ख) लिच्छवि कवि भारवि

यिनै सुप्रसिद्ध राजा मानदेवका दौहित्र (छोरी पट्टिका नाति) हुन्–कवि भारवि । मानदेवकी छोरी विजयवतीको विवाह वार्त देवलाभसँग भएको थियो । देवलाभ वार्त (जागिरदार) कहलाइनु र राजा मानदेवले मल्ल विरुद्धको सैनिक अभियानमा सेनाको तैनाथवाला जस्तो वनाई आफ्ना मामालाई पठाउंदै 'तपाई' सेनासाथ गण्डकी नदी तरी आजै मल्लपुरी धावा गर्नुहोस्, म तपाईका फौजको पछि–पछि आउने छु[४] आदि जस्ता वाक्यहरू बोल्नुवाट यस समय राजाका नातादार प्रिय पात्रहरू ठूल–ठूला पदहरूमा वहाल गरिने चलन रहेछ भन्ने आभास देखा पर्दछ । यहाँ लिच्छविकालका अन्य कतिपय अभिलेखहरूमा पनि 'वार्त' शब्दको प्रयोग भएको पाइन्छ । राजाद्वारा विशेष वृत्ति पाई राजाश्रित हुन पुगेका उच्च व्यक्तिहरू नै 'वार्त' भनिने कुरा यी दर्जा वा पदवीको रूपमा उल्लेख गरिएका शब्द र त्यसवाट लाग्न सक्ने शब्दार्थवाट पनि स्पष्ट थाहा हुन्छ ।

राजकुमारी विजयवती शिक्षित तथा कलाप्रेमी बुझिन्छिन्[५] । राजपुत्री भएको अवस्था अनुसार गुणसम्पन्न र वैभवशाली हुनु स्वाभाविक हो । यिनले देवमन्दिर स्थापना गरी, गुठी राखी आपनो नाउंमा विभिन्न अभिलेखहरू समेत कुंदाएको कुरा ऐतिहासिक छ । 'कविभारवि विजयवती तथा देवलाभका छोरा थिए' भनी कतिपय विद्वान्हरूले उल्लेख

४. भीमावर्त्त तरङ्ग चंचल जलान्स्वङ्गण्डकीमुत्तर
संनध्वंवंरवाजि कुंजर शतं रन्वेमि तीर्त्वा नवीम्...
चांगुनारायणको मानदेवको अभिलेख ।

५. नाम्ना सा विजयवतीति राजपुत्री प्रख्याता विविधकला विचक्षणत्वात्
सा पत्यौ हरइव वार्त देवलाभ भक्तत्वात्तवनुनयंक पेशलाभूत् ।
सूर्यघाटको विजयवतीको अभिलेख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गरेका छन्[६]। तर यसलाई ठोकुवा वा प्रामाणिक मान्न चाहिं सकिंदैन, किनभने राजा मानदेवकी छोरी केवल बडामहारानी भोगिनी तर्फकी राजकुमारी विजयवती मात्र थिइन् भन्ने प्रामाणिक आधार केही छैन। राजा मानदेवका बडामहारानी भोगिनीको अतिरिक्त 'क्षेमसुन्दरी' र 'गुणवती' रानीहरू भएको कुरा ऐतिहासिक छ[७]। उनीहरूका पनि छोरी हुनु अस्वाभाविक छैन। फेरी बडामहारानी भोगिनीकै पनि विजयवती बाहेक अरू छोरीहरू हुन सक्तछन्, जो हाल अज्ञात होउन्। यसैले कवि भारविलाई केवल विजयवतीको नै छोरा भनी किटान गर्नु गाह्रो छ। यतिमात्र किटान गर्न सकिन्छ–भारवी राजा मानदेवका छोरीका छोरा (छोरी पट्टिको नाति) थिए। अतः लिच्छवि कवि भारविका बाबु आमा-को नाउं के हो र उनको खास जन्मथलो तथा जन्ममिति कुन हो? यसको निधो छैन। यतिसम्म हो यिनी आफ्नो जल्दो बल्दो उमेरमा सरकारी उच्च ओहदामा थिए र लक्ष्मी (धनसम्पत्ति) ले पत्याइएका थिए, सम्पन्न र नामी थिए। अर्को कुरा–वार्त देवलाभ र विजयवती विशेष चर्चित व्यक्तित्व भएको र यस्तै उल्लेखनीय व्यक्तित्वमा आएका भारवि पनि भएकोले यिनी विजयवतीका नै सुपुत्र हुन् कि? यो अनुमान अस्वाभाविकै चाहिं भन्न सकिन्न।

(ग) भारविका कृति

सत्पुरुषले जीवनलाई सार्थक र लोककल्याणकारी बनाउन केही कृति (कार्यहरू) छाडेका हुन्छन्। उनीहरूका कार्यले एकातिर वंशपरंपरा-मा कल्याणकारी आलोक छाइरहेको हुन्छ भने अर्कोतिर लोकहितको प्रेरणा पनि प्रदान गरेको हुन्छ। यसैले हाम्रो नीति भन्छ "या लोकद्वयसाधनी

---

६ (क) केसर बहादुर के सी., किरातार्जुनीयम् (अंग्रेजी संस्करण) रत्न पुस्तक भण्डार।
(ख) धनबज्र बज्राचार्य, लिच्छविकालको अभिलेख, पृ. १८०
(ग) घटराज भट्टराई, के. भारवि नेपाली हुन्? मधुपर्क वर्ष ८, अंक १ २०३२।

७. लाजिम्पाटको क्षेमसुन्दरीको अभिलेख सं. ३६० (वि.स. ५२५)
लाजिम्पाटको गुणवतीको अभिलेख सं. ४१६ (वि.सं. ५५४)

bal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

चतुरता सा चातुरी चातुरी'' । हो, जीवन केही छिनको रिमीझिमी हो । यहाँ आखिर जस्तो नै भएपनि शाश्वतता छैन, तर पनि मानिसलाई आफ्नो आलोकले अमर तुल्याउंछ । उसले केही प्रदान गर्न सक्नु नै जीवनको महिमा हो भन्ने कुरालाई हृदयङ्गम गरेका भारवि यहाँ केही गरूँको उत्सुकतामा छन् । फलत: लोक कल्याणकारी कार्य सोच्न र गर्न उनको विवेक उत्सुक हुन्छ । अत: लिच्छवि कवि भारविलाई चर्चित गराउने यिनका उपलब्ध दुई अभिलेख विद्वत्समाजमा प्रसिद्ध छन् । तिनीहरू:

(क) हांडीगाउंको डबली (हाल राष्ट्रिय अभिलेखालय, छाउनी)

(ख) पाटन मंगलवजार, भीमसेन मन्दिर अगाडिको कलधारामा छन् ।

हांडीगाउँको भारविको अभिलेखमा संवत् ४७२ (वि. सं. ६०७) रहेको छ । राजा मानदेव (प्रथम) अर्थात् भारविका मातामह वि. सं. ५६२ मा स्वर्ग भएका हुन् । अत: यस समय राजा मानदेव स्वर्ग भएको ४५ वर्ष भैसकेको थियो । त्यस्तै अर्को पाटन मंगलवजार भीमसेन मन्दिर अगाडिको कलधाराको अभिलेख चाहिं सं. ४९२ (वि. सं. ६२७) मा स्थापना गरिएको हो । यस समय भारविको जीवन यात्रा उत्तरार्द्ध तिर गतिमान् बुझिन्छ । ढुंगेधारा स्थापना र अभिलेख निर्माण (कुंदाउनु) कार्यले नै भारवि आज हाम्रो समाजमा जीवित छन् । यिनको यही कृति नै यिनका जीवनगत सतकार्यको द्योतक भैरहेछ अहिले ।

नेपालको दैनन्दिन व्यवहारमा यतिखेर प्राय: सबै मानिसहरूद्वारा संस्कृत भाषा र गुप्तलिपि व्यवहार गरिएको बुझिन्छ । परस्पर लोक-जीवनमा व्यवहार गरिने जनभाषा चाहिं के थियो कुन्नि । भारतका लिच्छविहरूको मातृभाषा मागधी भएकोले नेपालका लिच्छविहरूको घर–घरमा पनि मागधी नै बोलिन्थ्यो होला भन्ने तर्क प्रा. बालकृष्ण पोखरेलको छ[८] । नेपाल प्रवेश गरेका लिच्छविहरूले आफ्नो प्रशासनिक भाषाको रूपमा संस्कृत र दैनिक व्यवहारमा चाहिं मागधी प्राकृत प्रयोग

८· बालकृष्ण पोखरेल-राष्ट्र भाषा, साझा प्रकाशन, काठमाडौं २०३६ पृ· १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गरेको बुझिन्छ । मागधी भाषा उनीहरूले नेपाल पस्ता आफ्नो मातृभाषाको रूपमा ल्याएका थिए । अनि यो भाषा क्रमश: स्थानीयताबाट परिवर्तित हुंदै गएको अनुमान हुन्छ भन्ने मन्तव्य डा. जगदीशचन्द्र रेग्मीको छ[६] । प्राय: इतिहासकारहरूले विविध आधारबाट लिच्छविकालको लोकभाषा मागधी प्राकृत नै अनुमान गरेका छन् । निश्चय नै लिच्छविहरूको मूलथलो भारतबाट नेपाल प्रवेश संगसंगै आएको मागधी प्राकृत तात्कालिक स्थानीय लोक जीवन अनुकूल हुंदै प्रचलित हुन पुगेको हुनु धेरै स्वाभाविक छ ।

यतिखेरको समाज सनातन धर्म र वैदिक संस्कृति प्रति रद्द थियो । यसैले यहाँ राष्ट्रभाषाको स्थानमा संस्कृत राम्रो आदरणीय वा संमानित देववाणीको रूपमा प्रचारित भएको कुरा तात्कालिक अभिलेखहरूद्वारा स्पष्ट हुन्छ । त्यस समयका शिक्षित व्यक्तिहरूले व्यवहार गरेको भाषा (संस्कृत) र लिपि आज पनि विद्वत्समाजमा प्रौढ रूपमा समादरणीय छ । अत: राजा मानदेवको राज्यकालभन्दा अगाडिको समयदेखि नै नेपालमा संस्कृत विद्या र साहित्यको राम्रो उन्नति भएको कुरा स्पष्ट हुन आउंछ । कवि भारविको समाजमा पनि नेपालमा संस्कृत साहित्यको राम्रो उन्नति थियो । यस समयको नेपालमा सिद्धहस्त कवि साहित्यकारहरू थिए भन्ने कुरा कवि भारविका प्रस्तुत अभिलेखहरू, पशुपति देवपाटनको स्वामी वार्तको संवत् ४२७ (वि. सं. ५६२) को अभिलेख, हाँडीगाउँ सत्यनारायण स्थानको कवि अनुपरमको अभिलेख (द्वैपायन स्तोत्र) आदिको साथै अन्य तात्कालिक अभिलेखहरूबाट समेत स्पष्ट जानकारी हुन्छ ।

(घ) सांसारिक जीवन र लिच्छविकवि भारवि

लिच्छविकवि भारविलाई सांसारिक जनजीवन, व्यावहारिक उत्थान–पतन आदिको राम्रो अनुभव थियो । तात्कालिक सामाजिक जीवन–सुखदु:ख राजनीतिक उलट पलट, जीवनगत क्षणिकता आदि सूक्ष्म लौकिक जनजीवन चित्र भारविको अभिव्यक्तिबाट बुझ्न सकिन्छ, फेरि

६. डा. जगदीशचन्द्र रेग्मी, नेपाली अध्ययन (भाग २) साझा प्रकाशन काठमाडौं २०३४ पृ. ४ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

जीवनगत नश्वरता, वर्तव्यता र तात्कालिक मनोभावना आदि वास्तविकता यिनका करिव पाँच सात सिलोक नै किन नहोऊन् टुटे फुटेका उपलब्ध अभिलेखहरूको अनुशीलनवाट हामी थाहा पाउँछौं । लिच्छविकालका रैती-हरूको आर्थिक स्थिति, जनजीवन आदिको चर्चा गर्दै वर्तमान नेपाली अवस्था जस्तै लिच्छविकालका नेपालीहरूलाई पनि निम्न अनुसार पाँच तहमा राखी इतिहासकारवाट विवेचना गरिएको पाइन्छ ।[10]

(क) राजा र राजखलक,
(ख) राजखलकका नाता– गोता,
(ग) सरकारी कर्मचारी
(घ) व्यापारी र विशिष्ट व्यक्ति
(ङ) खेताला (जनसाधारण)

जे होस्, कसैको पनि आफन्त (नाता– गोता) प्रति झुकाव हुनु मानवीय सहज स्वभाव हो । अत: राजा मानदेवका दौहित्र हुनाले यिनी खानदानी थिए । कुलीन र प्रसिद्ध थिए । निश्चय नै उच्चस्थान र प्रतिष्ठा पाएका लिच्छवि कवि भारवि सम्पन्न र शक्तिशाली समेत हुनु स्वाभाविक छ । आफन्तको सम्पर्कवाट हुनसक्ने विश्वस्तताको कारण यिनी सरकारी उच्च ओहदाका व्यक्तित्व थिए, अनि यिनले प्रशासनिक तहमा ठूलो अधिकार पनि पाएका थिए, जसले गर्दा यिनलाई धन, मान र इज्जत, अहं र प्रतिष्ठा समेत प्राप्त भएको थियो ।

मर्यादा र अनुशासनको महत्त्वको यिनलाई राम्रो ख्याल थियो । यिनको दृष्टिमा संमान र स्वाभिमानको उच्च आदर र इज्जत छ । यिनले यति सानो ढुंगाको टुक्रामा जति आफ्नो आत्मसंमान र गौरवको उपाख्यान प्रस्तुत गरेका छन्, त्यो उनको आत्मगुरुतालाई प्रकट गर्न काफी छ । तर पनि यथासंभव शिष्टाचारको मर्यादा राखनलाई यहाँ उनले विर्सेका छैनन् । यिनका लेखाइको शैली र प्रसंगवाट वुझिन्छ– यिनी भावनात्मक कवित्व प्रवाह भन्दा वर्णनात्मक अभिव्यक्तिमा सिपालु छन् । माथि उल्लेख गरिएका दोटा दुइटा अभिलेख वाहेक कवि मूल्यांकनको आधारशिला अरु

१०. डा. जगदीशचन्द्र रेग्मी, प्राचीन नेपाली संस्कृति, साझा प्रकाशन काठमाडौं, २०४० पृ. ४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विशेष रचनाहरू हामीसँग प्राप्त छैनन् । तर त्यस जमानामा अत्यावश्यकता र स्थायित्वको दृष्टिले महत्वपूर्ण गनिने ढुंगेधाराको निर्माण, संभार निम्ति गुठीको व्यवस्था, पछि पुस्तौं पुस्तासम्म जानकारी रहिरहोस् भनी अभिलेखको स्थापना आदि- आदि कार्यहरूले पनि यिनको नामलाई चिरजीवित गराइरहेछन् ।

जीवन नश्वर छ । धनसम्पत्ति, मानमर्यादा, कुल- इज्जत, प्रतिष्ठा आदि भौतिक पूर्णता भए पनि आखिर चाहिं केही छैन । बाँचुन्जेल जति 'मै हुँ' भन्नेलाई पनि दुनियाँका आफन्त मानिसहरूले उसको सेख पछि विस्तारै विर्सदै जान्छन्, यो प्रकृतिको नियम पनि हो–संचार-सञ्चालनको गतिविधि । को थियो ?, कैले मऱ्यो ? ए ज्या... इत्यादि भनी तत्काल सहानुभूति प्रकट गर्नु सिवाय वस्तुत: अरू केही हुनै सक्तैन । यही अनुभूतिलाई 'संमीलने नयनयोर्न हि किंचिदस्ति' सुभाषितले प्रष्टयाइरहेछ । यसैले मानिसको जुनी पाए पछि दुनियाँमा केही गरेर जानुपर्छ, जसले गर्दा मरेर गएपछि पनि यहाँ आफ्नो नाउँ राख्ने केही चीज रहोस्, पछिपछिसम्म पनि अमरता पाइन सकियोस्– यही आन्तरिक भावना लिच्छवि कवि भारविको छ । यसैले कवि भारवि विशेष कीर्तिपिपासु बुझिन्छन् । साँच्ची नै 'कीर्तिर्यस्य स जीवति' भन्ने नीति वचनको यिनमा विश्वास थियो । अर्को कुरा- आफ्नो मानमर्यादाको महत्ता, धन दौलतको अभिमान इज्जतको गर्व, यौवनको तमतमाहत, नाता, कुटुम्ब, इष्टमित्र आदिको गौरव इत्यादिले गर्दा भारवि त्यस समय अभिमानको शिखरमा टेक्न पुगेका थिए । फलत: यिनको पहिलो अभिलेखको कवितामा कता– कता अहं र अभिमान, शेखी र शान (तुजुक) झल्किएको पाइन्छ । यस अतिरिक्त यिनी विशेष गफाडी थिए भन्ने कुरा पनि यिनको अभिव्यक्तिकलाबाट प्रष्ट प्रकट भैरहेछ । यिनी लेख्तछन्–

श्रीमान् प्रभुश्च न च लोकविरुद्धकारी
रूपान्वितश्च न च रूपमदर्विभर्त्ति
सम्पन्न पौरुषवलश्च वहुक्षमश्च
दाता च नाम न च दानविकत्थनश्च ।

(धन–सम्पति र खूवी भएर पनि दुनियाँको विरुद्ध 'म हुँ' भनी काम नगर्ने, राम्रो भएर पनि 'म राम्रो छु' भनी मपाईंले नफुल्ने, वलियो

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

खुवीदार भएर पनि सहने, दिने खाने भएर पनि दानको प्रशंसा नगर्ने आदि आदि थुप्रै गुणहरू भएका भारवि हुन् ।)

निश्चय नै यहाँ भारविले आफ्नो अभिव्यक्तिक्रममा 'श्रीमान्' 'प्रभु' आदि जस्ता पद (शब्द)हरू प्रयोग गरी आफू शक्तिशाली र प्रतिष्ठित रहेको कुरा व्यक्त्याएका छन् । यतिखेरको मर्यादित र संस्कृत-निष्ठ लिच्छविकालमा पद र प्रतिष्ठाको ठूलो महत्त्व थियो । प्राय: नाउँका अगाडि विशेषण रूपमा लगाइने प्रतिष्ठा जनाउने खालका संस्कृत– पद व्यवहार गर्ने सम्बन्धमा पनि निकै ख्याल राखी सोचविचार पुऱ्याई प्रयोग गरिएको पाइन्छ । यस समय संस्कृत 'श्री' शब्दको ठूलो महिमा थियो । राजा र राजा सरहका व्यक्तिले मात्र 'श्री' पद (शब्द) को व्यवहार गर्न पाउने कुरा यस समयका अभिलेखहरूको अनुशीलनबाट याहा हुन्छ ।[११] यिनले आफ्नो महिमा प्रकट गर्ने क्रममा 'श्रीमान्' पदको प्रयोग गरी आफ्नो विशेष आधिकारिक खुवी, संमान र गौरव आदिको प्रख्यापन गरेको अनुमान हुन्छ । अत. स्पष्ट छ यतिखेर (वि.सं. ६०७) प्रशासनिक तहमा भारविको राम्रो स्थान थियो, उनी ठूलै शक्तिसम्पन्न पद र अधि-कारमा रहेका थिए ।

लिच्छविकालका प्रशासनिक इकाई विभिन्न तहमा विभाजित देखिन्छन् । अनि राजस्वप्राप्तिको क्रममा चाहिं विभिन्न रूपका करहरूको प्रचलन देखापर्छ । सानो बस्ती (गाउँ) को तहदेखि ठू– ठूलो वसोवास भएको नगर तथा इलाका (हालको जिल्ला जस्तै) तहसंम गरी एक किसिमले प्रचलित पंचायत इकाइ जस्तै यतिखेर ग्राम, तल, द्रङ्ग जस्ता प्रशासनिक इकाइहरू थिए । कर उठाउने प्रशासनिक तह अर्कै किसिमको थियो र महाबलाध्यक्षको मातहतमा सैनिक संचालनको प्रशासनिक विधि अर्कै थियो । यसरी मर्यादा र शास्त्रानुकूल रूपमा व्यवस्थित लिच्छविकाल आफ्नैपन (मौलिकता) आफ्नै माटो र परम्परा, आफ्नै विशेषता र आधार आदिमा विकसित थियो । मानिसहरूमा परस्पर विश्वास र अनु-शासन, शान्ति र मर्यादा, छलफल र अठोट, जाँगर र उत्साह आदि व्याप्त थियो । यसैले लिच्छविकाल व्यवस्थित र मर्यादित, फलिफापको र

११. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख (२०३०) पृ. १८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सम्पन्न रूपको रह्यो वर्षौं वर्षसंम– नेपालको इतिहासमा स्वर्णकालको रूपले । यही समयका प्रतिष्ठित राजखलक भारविको कविजीवनले किशोर, प्रौढ र बुढ्याइँको समेत राम्रो अनुभव गरेको प्रतीत हुन्छ। राजखलकसँग सम्बन्ध भएका, उच्च ओहदा ओगटेका शक्तिशाली कवि भारवि एक प्रकारले सबै थोकमा सम्पन्न थिए। उनलाई सामान्यतः केही कुराको कमी बुझिदैन । तर प्रकृतिको दृष्टिमा चाहिं सबै समान छन्, प्रकृतिले ठूलो– सानो वा धनी गरीब केही भन्दैन । अतः उनी जीवनको उत्तरार्द्धमा आएर 'श्रीमान् प्रभुश्च न च लोक विरुद्धकारी' आदिको प्रतिकूल 'कीर्तेः फलं स किल भारविरित्यवेक्ष्य, मानुष्यकं क्षणिकमर्थवताञ्च.. ' आदि भनेर लेख्न थाल्दछन् । यसबाट बुझिन्छ– भारविको जीवनले राजनीतिक उलट– पुलट (लिच्छविराजा र गुप्त आभीरहरू सम्बन्धी आधिकारिक खर– खिचोला) को साथै जीवनक्रमको विविधता (बाल–योवन र वार्धक्य) को राम्रो अनुभव गरिसकेको थियो। जुन कुरा अप्रत्यक्ष रूपमा यिनले आफ्नो कविताको अभिव्यक्तिमा पोखिरहेछन् ।

यिनी संस्कृत साहित्यका राम्रा कवि बुझिन्छन् । यद्यपि आलोचनाको दृष्टिले हेर्दा यिनको कवितामा उच्चकोटिको प्रौढ अभिव्यक्ति र कोमलकान्त पदावलीको मंजुल सन्निवेश देखापर्दैन, तर पनि अभिव्यक्तिको सरलता र प्रष्टता भने छिपेको छैन। अतः सामान्य कुरालाई सहज र सरलरूपमा कुरा पुऱ्याई प्रष्ट अभिव्यक्ति दिन यिनी खप्पिस थिए। जुन कुरा पिउने पानीका धाराको प्रसंगमा खोपिएका उक्त स्थानका दुई अभिलेखहरूले प्रस्तुत गरिरहेछन् । भारविको आफ्नै खालको खस्रो भनाइ छ– जसले संसारमा जन्म लिएर कीर्ति कमाउन सकेन– नाम राखेन, त्यस्ता जन्तु–(मानिस) को जनम व्यर्थ हो। कीर्ति कमाई यहाँ मोजमज्जा लिएका तिनीहरूलाई कीर्तिले नै परत्रमा पनि चैन दिलाउँछ, सुख सुविस्ता दिन्छ। यही आफ्नो अमरताको गाथा कवि भारवि ललितपुर मंगलबजारको भीमसेन मन्दिर अगाडिको ढुंगेधाराको प्रवाहमा सुसेलिरहेछन्–

'नित्यं ख्यातगुणः प्रभावचरिते वंशेपि लब्धास्पदे
जातस्यात्र जनस्य जन्मविफलं कीर्त्या विना जीवतः
दृष्टं सौख्यवतां परत्र च सुखं प्रा.. कीर्त्या यथा
तां कर्तुं न समुत्सुकः प्रयतते को नाम मूढः स्वयम् ।

□

pal Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

भारविका दुई अभिलेख

'भारवि !' नामिक पद (शब्द) जसको यौगिक अर्थ हो सूर्यको किरण । यो अहिलेका नेपाली नाउँहरू अगाडि कस्तो– कस्तो आफ्नै प्रकारको जस्तो लाग्ने, छैटौं शताब्दीतिरको नाउँ हो । यहाँ एउटा भारवि मानदेवका छोरीपट्टिका नाति देखा पर्छन् र अर्का चाहि संस्कृतको प्रसिद्ध महाकाव्य 'किरातार्जुनीयम्' का रचयिता । यी दुई भारविको कवित्व र विद्वत्ता– प्रसंगमा विचार गर्दा एकछिन महाकवि भारवि तर्फ मौन बन्दै लिच्छवि कवि भारवि तर्फ उन्मुख बन्ने हो भने लिच्छविकवि भारविले के कस्तो गुरुकुलमा अध्ययन गरे ? उनको अध्ययन कति कस्तो थियो ? के के लेखे र कति लेखे ? इत्यादि सबै विषय प्रश्नचिन्ह बनि-रहेछन् । अज्ञातको गर्भमा लुकेका भारविलाई सानो क्षीण परिचय गराउने हाल उपलब्ध केवल दुई अभिलेखमात्र छन् । यी दुवै अभिलेख राजा मानदेवकी छोरीका छोरा (दौहित्र) भारविले हांडीगाउँको प्रसिद्ध डवली-निर र ललितपुर मंगल बजारमा भीमसेन मन्दिर अगाडि राखेका छन् । यहाँ (मंगलबजार) खानेपानीको राम्रो धारा बनाई सोको पछिसम्म संझना रहिरहोस्– स्थायित्व होस् भनी अभिलेख कुंदाई राख्न लगाएको कुरा स्पष्ट छ । 'किरातार्जुनीयम्' संस्कृत महाकाव्यका रचयिता महाकवि भारवि र यी लिच्छविकालीन कवि भारवि (मानदेव दौहित्र) एउटै हुन् भन्ने कतिपय विद्वान्हरूको राय छ । यहाँ सर्वप्रथम भारविका उपलब्ध दुई अभिलेख प्रस्तुत गरी तिनलाई केलाएर यथासंभव उनीसंग परिचित होऔं–

अभिलेख नं १

हांडीगाउंको भारविको अभिलेख

१. संवत् श्रीमान् प्रभुश्च न च लोकविरुद्धकारी
रूपान्वितश्च न च रूपमदग्विभर्त्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

२. ४७२ सम्पन्नपौरुषबलश्च बहुक्षमश्च
दाता च नाम न च दानविकत्थनश्च
३. फाल्गुण तेनैवमादि गुणराशिसमन्वितेन
श्रीमानदेव नृपतेर्दुहितुस्सुतेन
४. शुक्लदि(व) सुस्वादु शीतल विशुद्ध जलाभिरामा
कीर्ति: कृतेयमिह भारविना न (बीना)[1]
५. १२

अर्थ– संवत् ४७२ फाल्गुण शुक्लद्वादशी। धन– सम्पत्ति र खुवी भएर पनि दुनियाँको विरुद्ध 'मै हुं' भनी काम नगर्ने, राम्रो भएर पनि 'म राम्रो छु' भनेर मपाईंले नफुल्ने, वलियो, खूवीदार भएर पनि सहने, दिने– खाने भएर पनि दानको वदखवाईं नगर्ने आदि आदि थुप्रै गुणहरू भएका मानदेव महाराजका छोरीका छोरा (दौहित्र) भारविले स्वादिलो (मीठो), शीतल (चीसो), स्वच्छसफा पानी भएको यो कीर्तिधारा बनाउनु भयो।

अभिलेख नं २

मंगलबजारको भारविको अभिलेख

१. (सृष्टि स्थिति) प्रलयसम्भव कारणस्य
स्तम्भाकृतेस्तरुण...
२. स्यांति... न गतो म प्रयानी
(देवो) भवो दिशतु सन्ततमिष्टमी (श:)
३. नित्यं ख्यातगुणप्रभावचरिते वंशेपि लब्धास्पदे
४. जातस्यात्र जनस्य जन्मविफलं कीर्त्या विना जीवत:
५. दृष्टं सौख्यवताम्परत्र च सुखं प्रा... कीर्त्या यया
६. तां कर्तुं न समुत्सुक: प्रयतते को नाम मूढ: स्वय (म्)
७. कीर्ते: फलं स किल भारविरित्यवेक्ष्य
मानुष्यकं क्षणिकमर्थवतांच...

---

१. हरिराम जोशी, 'नेपालका प्राचीन अभिलेख' (अभिलेख नं. ४३) ने.रा.प्र.प्र. काठमाडौं २०३० पृ. १४०।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

८. माता पितृ स्वकृत पुण्यविबर्द्धनार्त्थ-
मेतां भिपग्‌प... चकार की (र्तिम्)

९. अक्षयणीयार्त्थंच यूपग्रामस्य दक्षिण पश्चिमेन

१०. क्षेत्रं दत्तं यस्य पिण्डकं विंशिकया मानिकाः पंचाशदिति

११. संवत् ४९२ वैशाख शुक्लदिवा १३[२]

अर्थ– सृष्टि स्थिति र प्रलयका कारण स्वरूप भएका मानदेवले सधैं राम्रो कुरा दिऊन् कल्याण गरून्। राम्रो– राम्रो गुण, प्रभाव (खूबी) र असल चरित्रले राम्रो नाउँ चलेका, ठूलो ओहदा (पद) पाएको वंश (कुल) मा जन्मेका मानिस छन् ता पनि कीर्ति विना त्यसै बसि- राखेका छन् भने तिनीहरूको जन्म वेफ्वांक हो, सफल होइन। यहां सुख- सयल पाएकाहरू पनि यस असल कामको सुयशले गरी अर्को लोकमा पनि सुख पाउँछन्– यस्तो कीर्ति राख्न कुन चाहि मूर्ख मानिस– आफै उत्सुक- साथ कोसिस गरोइन? कीर्तिको यस्तो महिमा छ र धन सम्पत्ति भएका (ठूलाबडा) हरूको पनि मनुष्य जीवन क्षणिक छ भन्ने राम्रो सोचविचार गरी भारविले आपना आमाबाबुको र आपनो पुण्य बढोस् (नाउं चलोस्) भनी यो कीर्तिधारा बनाउन लाउनु भयो। यो कहिले पनि नाश नहोओस्, बिग्री– भत्की नजाओस् भन्ने विचारले यूपग्रामको दक्षिण पश्चिम पट्टिको खेत गुठी राखियो, जसको पिण्डक (आयस्ता– कूत) बीस- बीसको हिसावले पचास मानिका छ। सम्वत् ४९२ बैशाख शुक्ल त्रयोदशी।

यी दुवै अभिलेखहरू कवि भारविले जनताका भलाइका निति खानेपानीको धारा राखिदिएको र त्यसको संरक्षणको लागि गुठी स्थापना गरेको प्रसंगमा सर्वसाधारणको जानकारी होओस् भनी कुंदिएका हुन्। यिनको आफ्नै रूपको ऐतिहासिक महत्त्व भएको कुरा सर्वविदित छ। यिनै अभिलेख द्वारा नै लिच्छविकवि भारवि अमर भैरहेछन्। जसको सामान्यचर्चा यहाँ प्रस्तुत छ र पछि पछि पनि चर्चा– परिचर्चामा हुँदै जानेछन्को आश्वस्ततामा हामी छौं।

त्यस समय (लिच्छविकाल)मा पानीको धारा राख्न निकै खर्च लाग्ने र जनजीवनमा यस्ता धाराहरूको निकै महत्त्व भएको कुरा तात्का-

२. हरिराम जोशी– पूर्ववत् (अभिलेख नं ५५) पृ. १८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

लिक ऐतिहासिक अध्ययनबाट थाहा हुन्छ । त्यतिखेर धनीमानी खालका पुगिसरी आउने र धार्मिक तथा परोपकारी दृष्टिकोण भएका मानिसहरूले मात्र धारा, पाटीपौवा, धर्मशाला आदि बनाउन सक्ने र बनाउने कुरा निश्चित छ । अनि त्यस जमानाका मानिसहरूमा यस किसिमका पुगिसरी आएका मानिसहरूको दिलमा यस्तै परोपकार लोकोपयोगी कार्य वा धर्मकर्म गरी लोकमा नाउं राखेर जाऔं भन्ने चाहना थियो आदि कुरा पनि यी अभिलेखको अनुशीलनबाट बुझ्न सकिन्छ । कुनै पनि कर्ताको सहज इच्छा नहुँदा नहुँदै पनि भित्री मनमा प्रत्युपकार वा फलको उद्देश्य राखी हठ, ठूलाबडाको प्रभाव, भय, अनि आपनो इज्जत वा वंश (कुल) को अहम् (मपाईं) आदिले गरी अपनाइएको कुनै पनि दानकर्म वा लोकोपकारी कार्यलाई 'राजसदान, भनी बताइएको पाइन्छ ।[३] भारविको यो पुण्यकर्म वा दान पनि यसै प्रकारको हो भन्नु स्वाभाविक छ । कारण, उनको आपनो फलोद्देश्य यहाँ एक– एक गरी बताइएको स्पष्ट छ । यहाँ उपयुक्त पहिलो अभिलेखमा भारविले 'कीर्ति' शब्दको उल्लेख गरेका छन्, जसको व्याख्या गर्दै लेखिएको छ–

> 'लोकको हितको लागि पाटी– पौवा, धारा– पोखरी आदि बनाउनुलाई कीर्ति भन्ने चलन थियो । पछिसंम यस, कीर्ति फैलाई राख्ने कुरा हुँदा त्यस्तो लोकहित कार्यलाई 'कीर्ति' भनिएको बुझिन्छ । यस अर्थमा 'कीर्तन' शब्द पनि प्रचलित छ । कादम्बरीमा 'सत्रकूपप्रपाप्रासाद तडागारामादिभिः कीर्तनैरलंकृता मेदिनी' भनी लेखिएको छ । एलोएको एउटा अभिलेखमा पनि 'कीर्तन' को उल्लेख परेको छ–
>
> 'कर्तापि यस्य खलु विस्मयमाप शिल्पी
> तन्नाम कीर्तनमकारयद् येन राज्ञा'

भारविको उक्त अभिलेखमा यही अर्थमा– 'कीर्ति कृतेयमिह भारविना नवीना' भनी कीर्ति शब्दको प्रयोग भएको छ । फलानाको कीर्ति भन्ने चलन अहिलेसम्म चलेकै छ ।'[४]

---

३. श्रीमद्भगवद्गीता १७, २१
४. धनबज्रबज्राचार्य, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अ.सं.त्रि.वि. २०३० पृ. १८०– ८१

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृतवैयाकरण मुनिहरूद्वारा परिश्रमसाथ संस्कृत भाषाको शुद्धरूप निश्चित गरिदिएका छन् । संस्कृतभाषाका प्रयोगकर्ताहरूले सो निश्चितरूप प्रति अवहेलना वा अज्ञता देखाउन पाइँदैन । त्यस्तै संस्कृतका-व्यशास्त्रीहरूले पनि काव्यशास्त्रको मानक आधारशिलाको प्रसंगमा विभिन्न गुणदोषहरू प्रस्तुत गरेका छन् । भरत, भामह, दण्डी आदि काव्य-शास्त्रीहरूको मतमा व्याकरण अशुद्ध र शिष्टजनद्वारा अस्वीकृत शब्दको प्रयोग भएको रचनालाई च्युतसंस्कार वा च्युतसंस्कृति दोष भनी मानिएको छ । एक किसिमले 'असाधु' पदप्रयोग नै च्युतसंस्कृति भएकोले वामनले यसलाई 'असाधु' नाम दिएका छन् ।[५] यहाँ पहिलो अभिलेखमा 'फाल्गुण:' 'भारविना' शब्दद्वारा च्युतसंस्कृति दोष देखापरिरहेछन् । संस्कृत वैया-करणको आधारले हेर्दा यी प्रयोग अशुद्ध हुन् । भारवि जस्ता संस्कृतज्ञ कविबाट यस्तो सामान्य अशुद्धि हुनु असंभव भएकोले संभवत: यो त्रुटि भारविद्वारा नभै अभिलेख कप्ने (खोप्ने) व्यक्तिद्वारा भएको हुनु पर्छ । लेखाइको सन्दर्भमा यस प्रकारको असावधानी र त्रुटि त्यति असाधारण कुरा होइन । अत: यस प्रकारको सामान्य कुरालाई विद्वत्ताको आधारशिला वा मापक सहारा मान्नु त्यति स्वाभाविक ठानिन्न ।

भारविको पहिलो अभिलेखमा उल्लिखित '...आदि गुणराशि समन्वितेन' पदद्वारा भारविको उत्कर्षता प्रकट गरिएको छ । संस्कृतमा 'गुण' शब्दको अर्थ व्यापक पाइन्छ । यहाँ खासगरी मानिसमा रहेको स्वभाव विशेषलाई 'गुण' शब्दद्वारा ग्रहण गरिएको छ । भारविलाई यहाँ श्रीमान्, रूपवान्, बलवान्, पुरुषार्थी, प्रभु, दानी, क्षमाशील (बहुक्षम) इत्यादि गुणहरूको राशैराशले (थुप्रोले) युक्त भएका भनी बखानिएको छ । 'यौवनं धनसम्पत्ति: प्रभुत्वमविवेकिता, एकैकमप्यनर्थाय...' भनी विष्णु शर्माले बताए जस्तै भारवि यहाँ 'अविवेकिता' लाई छाडेर अरू तीनै गुणयुक्त देखिन्छन् । तर पनि 'अनर्थाय' भन्न चाहिं सुहाउँदैन । यतिसम्म हो– वंस र वैभव भएकोले उनमा गर्व र अहम् थियो, अनि प्रचार र नामको भोक थियो । यसैले उनको हृदय यतिखेर आफ्नो श्रम जुगौं जुग व्यवस्थित रहिरहोस् भन्ने दीर्घसोचाइमा पुग्न सकेको छैन, जसले गर्दा रेखदेख र मरम्मत, सुग्घर– सफाइ र व्यवस्थितता आदिको लागि

५. वामन, काव्यालंकार सूत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

यहाँ गुठी आदिको उल्लेख पाइँदैन । केवल 'कीर्तिः कृतेयमिह भारविना नवीना' मात्र भनिएको छ त्यत्ति हो ।

अर्को कुरा– यतिखेरको समाजमा शब्द प्रयोगको स्थितिबारे निकै मर्यादा वा सावधानी बुझिन्छ । मानिसहरू महाभाष्यकार पतंजलिको उक्ति 'एकः शब्दः सुष्ठुज्ञातः सम्यक् प्रयुक्तः स्वर्गलोके कामधुग्भवति' को अनुसरणमा सम्बद्ध जस्ता अनुभव हुन्थे । यसैले तत्कालीन समाज शब्द-प्रयोगको क्षेत्रमा आजको जस्तो अमर्यादित वा छाडावाद थिएन । अरु राजलक्ष्मीलाई बुझाउने 'श्री' जस्ता संमानयुक्त र मर्यादित शब्द त केवल राजा वा राजा सरहका व्यक्तिमा मात्र प्रयोग हुन्थे । यसैले शब्द प्रयोग-कर्ताको अवस्था वातावरण वा परिस्थिति अध्ययन एवं संमानबोधक पदहरूलाई केलाएर मनन गरी यतिखेरका अभिलेखगत भनाई बुझ्ने विश्लेषण गर्ने आदि कार्य हुनु आवश्यक अनुभव हुन्छ । यहाँ भारविको तह र मर्यादाबोध निति श्रीमान्, प्रभु जस्ता पदहरू विशेषण रूपमा सांकेतिक छन् । यी विशेषण पद राजखलक अन्तर्गत उच्च ओहदाका सम्बन्धको साथै सम्पन्न र शक्तिशालीको सन्दर्भलाई ध्वनन गर्ने खालका बुझिन्छन् । यिनको समयका राजा रामदेवको स्थिति साधारण अनुभव हुन्छ । यहाँ राजाको केही संकेत छैन । प्रस्तुत सन्दर्भमा भारवि स्वयं कवितामय भाषामा आफू र आफ्नो कार्यलाई अतिरंजना दिन उन्मुख भएजस्ता बुझिन्छन् । यहाँ यिनको भनाई भावुकता, व्यावहारिकता, र श्रमशिल्प साधना मिश्रित देखापर्छ । जे होस् यहाँ भारविको मनोभाव पवित्र, निश्छल तथा नीतिवान् देखिन्छ, मर्यादित भन्नु पर्दछ ।

धाराको सम्बन्धमा राखिएका विशेषणपदहरू यहाँ निकै रमाइला छन् । भनिएको छ– भारविले नयाँ कीर्तिधारा बनाए । यहाँको 'नवीना' पदले भारविको धारो अगाडिका धाराहरूको अपेक्षा फूर्तिफार्तीसाथ बढी लागतमा बनाइएको, केही विशेष प्रकारको नयाँ र नौलो किसिमको थियो भन्ने कुराहरूतर्फ इंगित गरिरहेछ, जुन कुरा बढाइ चढाइ गरी भनिएको छ– 'सुस्वादु शीतल विशुद्ध जलाभिरामा' धाराको सम्बन्धमा राखिएका यी विशेषण पदहरूले एकातिर धाराको महिमालाई बताइरहेछन् भने अर्कोतिर भारविको गौरवलाई ध्वनित गरिरहेछन् । जेहोस्, भारवि लोक र समसामयिक वातावरण प्रति अनुरक्त व्यक्ति हुनुको साथै राज-

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

खलक थिए, प्रतिष्ठित र उच्चपदासीन व्यक्ति थिए, यो कुरा चाहि नि:सन्देह छ ।

उपर्युक्त दोश्रो अभिलेखबाट लिच्छवि कवि भारविले आमावावु र आफ्नो पुण्य वढोस्, राम्रै – राम्रो होस् भन्ने मनसुवाले धारो वनाएको कुरा थाहा पाइन्छ । भारविले आफ्नो परिवार तर्फको कुनै संकेत नगरी 'मातापितृ स्वकृत– पुण्य– विवर्द्धनार्थम् ...' भनी आमा-वावु प्रति भक्तिभाव दर्शाएका छन् । प्रस्तुत प्रसंगवाट तात्कालिक जन-भावनाको केही झ–झल्को प्रष्ट भैरहेछ । यतिखेरको समाजमा शैक्षिक अवरोध थिएन, प्रायः सबैमा नै पठन– पाठनको राम्रो परम्परा थियो । वाबु आमालाई आदर, संमान र भक्तिभाव दर्शाई सेवा– सुश्रूषा गरिन्थ्यो । मानिसहरूमा 'प्रीणाति यः सुचरितैः पितरं स पुत्रः' भन्ने भावना व्याप्त थियो र स्वर्गीय मातापिता प्रति भक्तिभाव दर्शाई स्मारक रूपका कार्य अपनाइन्थ्यो । फलतः वावुआमाको सेखपछि स्मृतिरूपमा परोपकारी कार्यहरू सम्पादन गर्नु कर्तव्य ठानिन्थ्यो । पितृऋणवाट उऋण भएको संझिन्थ्यो । राजा मानदेवले वि. सं. ५२१[६] आफ्नो चांगु-नारायणको अभिलेखमा 'तपस्या गरेर म बुवाको अऋणी हुन सक्तिनँ, विधि पूर्वक उहाँसँग सिकेका हतियारको प्रयोगले अऋणी हुनेछु[६]' भनी उल्लेख गरेका छन् । त्यस्तै प्रतिहार ध्रुवसङ्घले वि.सं. ५९० मा पशुपति भस्मेश्वरमा स्थापित अभिलेख मार्फत वुवा– मुमा र आफ्नो पुण्य वढोस् भन्ने उद्देश्य रहेको कुरा वताएका छन् ।[७] फेरि महासामन्त अंशुवर्माको निगाहवाट वार्तविभुवर्मालि वाबुको पुण्य वृद्धिको कामना गरी काठमाडौं टुंडिखेलमा वि.सं. ६७८ मा धारा वनाउन लगाई राखेको अभिलेख पनि यस प्रसंगमा स्मरणीय छ ।[८] यसरी हेर्दा लिच्छवि जनसमाज पितृ उद्धार प्रति विशेष अनुरक्त अनुभव हुन्छ ।

---

६. नाम्बानृण्यमहन्तपोभिरमलैः शक्नोमि यातुम्पितुः किन्त्वाप्तेन यथाव-वस्त्रविधिना तत्पादसंसेवया ... चांगुनारारण स्थानको अभिलेख, वि.सं. ५२१

७. हरिराम जोशी, नेपालका प्राचीन अभिलेख, अभिलेख नं. ३७ पृ १२०

८. हरिराम जोशी, पूर्ववत् अभिलेख नं. ९७ पृ. ३५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

(ख) लिच्छवि कालको सामाजिक जीवन

लिच्छविकालीन सामाजिक जीवन धर्मशास्त्रानुकूल संचालित थियो । यज्ञयाग, दान– धर्म, वर्णाश्रम व्यवस्था आदि कार्यहरूको पद्धति (नीति नियम) अनुसार चली जीवन निर्वाह गर्ने समाज भएकोले यहाँ उत्तरदायित्वबोध गराउने उद्देश्यले आर्य महर्षिहरूद्वारा हाम्रो संमुख तीन ऋण (देव– ऋषि र पितृ) हरू राखिएका छन् । अत: कर्तव्यशील हरएक मानिस सधैं नै आफू यी देव, ऋषि र पितृ ऋणबाट मुक्त हुने प्रयास गर्दथे । यद्यपि यी तीन ऋणहरूबाट मुक्त हुनु हिन्दु कर्तव्य भनी बताइएको छ, तर अध्ययन, यज्ञदान र गृहस्थाश्रमी भैं सन्तानोत्पादनबाट नै ऋण-मुक्त होइने कुरा पनि उल्लेख छ । अत: वर्णाश्रम व्यवस्था अनुसार कर्तव्य-शील बनी ऋणमुक्त हुनु मानवकर्तव्य हो भन्ने भावना लिच्छविकालका समाजमा व्याप्त थियो । राजा मानदेवले आफूलाई पितृऋणबाट अऋणी बन्ने झल्को दर्शाउँदै वस्तुत: शस्त्रास्त्र संचालन कार्यले पितृऋणबाट अऋणी हुन सकिने विश्वस्तता व्यक्त्याएका छन् । (चांगु अभिलेख श्लो. १५) । मूलत: यो भावना केवल व्यक्तिगतमात्र नभई तात्कालिक लोक विश्वास र जनआस्थाको प्रतीक हो ।

भारविको लोकजीवन कस्तो थियो ? सन्तान के कति भए ? उनले पितृ उद्धार कार्य के के गरे ? कीर्तिदायी कर्म तथा दान धर्म र परोपकार आदि कार्य के के भए ? इत्यादि भारविका जीवनगत कार्यहरूको विस्तृत जानकारी हुन सकेको छैन । किन्तु उपर्युक्त दोश्रो अभिलेखको आधारमा सोच्ता उनले मातापिताप्रति विशेष भक्तिभाव दर्शाएको र स्मृतिको लागि लोकोपकारी कार्य सम्पादन गरेको भाव चाहिं स्पष्ट हुन्छ ।

यस समय (छैटौं सातौं शताब्दीतिर) नेपाल उपत्यका (काठ-माडौं) विविध जनजातिका केन्द्रको रूपमा थियो । यहाँ किरात (आभीर) लिच्छवि, बृजी, मल्ल, शाक्य, कोली आदि जातिहरू बसोवास गर्दथे । उपत्यका खास गरी कान्तिपुरमा कोली जातिको अधिक बसोवास भएकोले नै त्यसताक कान्तिपुर 'कोलीग्राम' नामले र यसको दक्षिणभेक चाहिं 'दक्षिणकोलीग्राम' नामले प्रसिद्ध थियो । त्यस्तै ललितपुर (पाटन) चाहिं 'यूपग्राम' नामले प्रसिद्ध थियो । 'यूपग्राम' नाउँको चर्चा प्रसंगमा गौतम-

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

वज्र वज्राचार्यद्वारा– पुरानो नेवारीटीकाको अमरकोषमा यूपलाई बुझाउने नेवारी शब्द 'यल सिं' देखापर्छ र पाटनलाई नेवारीमा 'यलं' भनिन्छ। संभवत: यही 'यलं' को लिच्छविद्वारा संस्कृतीकरण गरी 'यूपग्राम' राखे होलान्। इत्यादि तर्क उल्लेख गरिएको छ।[९] तर यो स्वाभाविक देखा पर्दैन। बरु 'यूप' को अनुवाद नै यलं हो भन्न सुहाउंदो देखा पर्ला! जस्तो 'दोला' को अनुकरण 'चांगु' भएको पाइन्छ। 'यूप' को अर्थ हो– यज्ञ वा विजयको मौलो। योगी श्री नरहरिनाथको अनुसार जयस्तम्भ, कीर्तिस्तम्भ इत्यादि विजयका चिह्न र यज्ञस्तम्भ, काष्ठ, शिला, धातु आदिले बनेका चिह्न विशेष मौलाहरू 'यूप' भनिने कुरा बताइएको छ।[१०]

राजा धर्मदेव मानदेवका बुवा हुन्। यिनी पराक्रमी, राजनीतिज्ञ र कुशल राजा थिए। यिनलाई 'रार्जर्षि चरित' भएका राजा भनी बयान गरिएको छ।[११] राजा मानदेवले आफ्नो विजययात्रा क्रममा 'यूपैश्चारुभिरुच्छ्रितैर्वसुमती पित्रा ममालंकृता' (मेरो बुवाले राम्रा र अग्ला मौलाहरूद्वारा धरती सिंगार्नु भएको थियो।) आदि भनी उद्घोष गरेका थिए।[१२] 'यूपग्राम' संभवत: राजा धर्मदेवको विजयस्तम्भद्वारा शोभित बसोबास एरिया हो। यूपग्राम (अहिलेको पाटन शहर) को शिलान्यास राजा धर्मदेवले गरेका हुन् भन्ने पनि इतिहासविद्द्वारा उल्लेख पाइन्छ[१३] जेहोस्, धर्मदेवद्वारा स्थापित यूप (मौलो) को आधारमा नै यसलाई यूपग्राम भनिएको हुनु धेरै स्वाभाविक छ।

---

९. गौतमवज्र, हनूमानढोका राजदरबार, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि. २०३३ पृ.४।

१०. संस्कृत सन्देश, वर्ष २ अंक १, २, ३ वि. सं. २०११ पृ. ८।

११. तस्यात्युत्तम धर्मकर्मयशसः पुत्रोर्थविद् धार्मिक, कर्मज्ञो विनयेप्सुरुत्तम गुणः श्रीधर्मदेवो नृपः, धर्मेणैव कुलक्रमा गतमपान्नेपालराज्यं महत्, स्फीतीकृत्य नयैर्न पर्षिचरितैः सम्भाव्य चेतो नृणाम्, चांगुको अभिलेख।

१२. चांगुनारायण स्थानको मानदेवको अभिलेख

१३. डा. जगदीशचन्द्र रेग्मी, प्राचीन नेपाली संस्कृति, साझाप्रकाशन काठमाडौं २०४० पृ. ५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

आज भोलि कान्तिपुर, ललितपुर, भक्तपुर उपत्यकाका प्रसिद्ध जिल्ला वा शहर भए जस्तै लिच्छविकालमा पनि यी तीन ठाउँ राजधानी र शहरका रूपमा रहेका द्रङ्ग (व्यापारिक रूपमा विकसित र सुपरिचित सानो शहर, एक किसिमले गाउँभन्दा केही विशाल र व्यवस्थित प्रकारको नागरिक वस्ती) को स्थितिमा सुपरिचित बुझिन्छन् । अरू मल्लकालताका ता यी तीन शहर तीनोटा राज्यको रूपमा परिचित थिए । लिच्छविकाल-भरि नै यी तीन शहर तत्–तत् द्रङ्गको नाउँबाट पुकारिएका थिए र विकसित थिए ।

लिच्छविकालिक समाजमा प्रशासनिक तहको सबभन्दा तल्लो इकाइ ग्राम (गाउँ) भएको कुरा स्पष्ट हुन्छ । लिच्छविकालमा प्रशस्त ग्राम (गाउँ)हरू थिए, अनि यी ठूला र साना दुई प्रकारमा विभक्त थिए । त्यतिबेर सानो गाउँलाई 'पल्ली' र ठूलो गाउँलाई बृहत्ग्राम भन्ने चलन भएको थाहा हुन्छ ।[१४] यी गाउँहरूमा आर्थिक स्थिति र जनसंख्या सहरी वातावरण र सभ्यता आदि कुराहरूको विकास हुँदै गए । ती इलाका (ग्राम) हरूको पुनर्गठन गरी एकप्रकारले अहिले नगरपालिका जस्तै द्रङ्गत्व (सहरी रूप) दिइने अर्थात् द्रङ्गमा परिणत गरिने चलन भएको कुरा कतिपय अभिलेखहरूको अनुशीलनबाट थाहा हुन्छ । यस्तै विकसित अवस्थाले गर्दा नै यूपग्राम, कोलीग्राम आदि इलाकाहरू द्रङ्ग (सहर) को रूपमा पुगेका थिए । तर पनि यिनीहरूको संज्ञामा स्थान ओगटिसकेको 'ग्राम' पदको परिवर्तित हुन चाहि सम्भव र स्वाभाविक थिएन । निश्चय नै तात्कालिक लोकप्रचलन अनुसार 'द्रङ्ग' पदबाट ग्राम (गाउँ) भन्दा विशेष आवाद र वस्ती भएको, ठूलो, अवस्थाअनुसार विकसित रूपको नगर इलाका भन्ने कुरा बुझिन्छ, जस अन्तर्गत विभिन्न ग्रामहरू र सा-साना वस्तीहरू समेत आउन सक्छन् । यस समय (वि.सं. ६२७) यूपग्राम यस्तै 'यूपग्रामद्रङ्ग' को रूपमा प्रसिद्ध र निकै घनावस्ती भएको, ग्रामसमूहले भरिएको सहरको रूपमा परिचित बसोवास स्थल अनुभव हुन्छ । ऐतिहासिक आधारले हेर्दा मंगलबजार र यसको आसपासको एरिया नै तात्कालिक 'यूपग्राम' भएको अनुमान हुन्छ ।

१४, डा. जगदीशचन्द्र रेग्मी, पूर्ववत् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

(ग) ढुंगेधारा र गुठी स्थापना

यही यूपग्राम (पाटन) मा भारविले ढुंगेधारा स्थापना गरी त्यस संरक्षण र स्थायित्वको लागि यसको दक्षिण पश्चिम तर्फको खेत गुठीको रूपमा प्रदान गरेका छन्, जुनकुरा उपर्युक्त अभिलेखद्वारा स्पष्ट छ। यसरी आफ्नो जीवनकाल र सेखपछि समेत आफूले बनाएको सार्वजनिक वस्तु सुरक्षित रहिरहोस् भनी सम्पत्ति प्रदान गरिनु उदारताको परिचायक हो। आफूले स्थापना गरेको वस्तु वा कार्य सुरक्षित रहिरहोस्, भत्की बिग्री नजाओस् भन्ने उद्देश्यले त्यही संस्था वा वस्तुको नाउँमा राखिने चल–अचल सम्पत्तिलाई हालको प्रचलन अनुसार 'गुठी' भन्ने चलन छ। फेरि यो सामाजिक कार्य स्थायी रूपमा सम्पादन गर्नका लागि खडा गरिएको संस्था विशेषलाई पनि गुठी भनिन्छ। लिच्छविकालमा चाहिं यस्तो कार्य विशेष वा संस्थालाई गोष्ठी शब्दद्वारा व्यवहार गरेको अनुभव हुन्छ। यस समय गोष्ठीको राम्रो प्रचलन थियो। 'गोष्ठी' शब्दबाट नै गुठी शब्द बनेको हो। 'गुठी' को मूलक्षेत्र धार्मिक हो। यसको उद्देश्य विशेषत: धार्मिक क्षेत्रको संरचना र सम्बर्द्धनमा छ। लिच्छविकालिक गोष्ठी पनि यस्तै व्यापक कार्यमा तत्पर बुझिन्छ। कारण यसले धार्मिक र लौकिक कार्य संचालनमा समेत संलग्नता देखाएको छ। यहांका गोष्ठी तात्कालिक शासकहरूद्वारा पनि संरक्षित थिए। यिनीहरूले कार्यव्यवस्था प्रति राम्रो तत्परता देखाएका थिए।

गोष्ठीको मूलकार्य लोकहित निम्ति समर्पित कुनै पनि चल– अचल सम्पत्तिलाई सदुपयोग गरी निश्चित उद्देश्यप्राप्ति तर्फ उन्मुख गराउनु हो। अहिले देखा पर्ने राजगुठी, दर्ता गुठी र दुनियाँ गुठी जस्तै त्यतिखेरका गोष्ठी साधारणत: पारिवारिक र अपारिवारिक दुई किसिमका बुझिन्छन्। पारिवारिक गोष्ठी दाताका परिवार, सन्तान, दर– सन्तान आदिले पुस्तौं पुस्ता चलाउँदै जाने किसिमका हुन्थे जस्तो प्रतिहार ध्रुवसंघ वार्त (सरकारी वृत्ति पाएका) ले भद्रेश्वर, नाथेश्वर, शुभेश्वर आदि पाँच शिव लिंग स्थापना गरी करणपूजा (नैमित्तिक पूजा) आदिको लागि दान गरिएको जग्गा आफ्नै मानिसहरूको गोष्ठीलाई सौंपेको कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

यहाँ लिन सकिन्छ।[१५] त्यस्तै अपारिवारिक गोष्ठी चाहिं दाताका सन्तान-हरूसँग कुनै सम्बन्ध नभै नियत संस्था वा व्यक्तिहरूसँग सम्बन्धित निश्चित नीतिनियम वा आधारसँग व्यवस्थित बुझिन्छन्। यी मध्ये भारविको गुठी संभवतः यस्तै दोश्रो प्रकारको थियो होला। यतिखेर खास गरी आफ्नै सीप र कलामा निर्मित तथा व्यवस्थित पधेंरा— पानीका धारा कुला (नहर तथा ठू— ठूला कुला) कुलेसा आदि थिए। यहाँ प्राकृतिक पानीको मूल— स्रोत पत्ता लगाई पँधेरा, पानीका धारा निर्माण गरिन्थे। मरम्मत हुन्थे, जो धार्मिक कार्यको रूपमा समादृत थिए। धारो— पधेरो निर्माण गर्नु, त्यसको सुव्यवस्था मिलाउनु, सिंचाईको लागि कुलो, नहर आदिको वर— बन्दोवस्त मिलाउनु इत्यादि पनि एक प्रकारका विशेष कार्यहरू थिए। यस समय धारो, कुलो आदि पानीको व्यवस्था गर्ने गोष्ठी-हरू थिए पानीयगोष्ठी, प्रणाली गोष्ठी आदि।

भारविले आपनो गुठीको 'पिण्डक' पचास वीस 'मानिका' निश्चित गरेका छन्। अभिलेखहरूमा पाइने त्यतिखेर प्रचलित यी 'पिण्डक' 'मानिका' शव्दहरू हाल उपलव्ध संस्कृत शव्दकोपमा देखा पर्दैनन्। यी शव्दहरूको अर्थ अहिलेको जनजीवनमा झट्ट हेर्दा अस्पष्ट जस्तो देखा पर्दछ। जेहोस्, यिनको अर्थ स्पष्ट नभएमा भारविका अभिलेखको स्पष्टता नखुल्ने कुरा निश्चित छ। 'पिण्डक' शव्द लिच्छविकालका धेरै जसो अभिलेखमा देखा पर्दछ। यी अभिलेखहरूको अनुशीलनको आधारमा सोच्ता तोकिएको कुनै पनि कार्य सम्पन्नताको लागि निश्चित गरिएको जग्गाको आयस्तालाई बुझाउने शव्दको रूपमा नै 'पिण्डक' शव्दार्थ रहेको अनुभव हुन्छ। सं. ४०२. (वि.सं. ५३७) को टेवहालको मानदेवका पालाको गुहमित्रको अभिलेखमा 'गुम्पद्वृम्' भन्ने ठाउँमा ६० मानिका पिण्डक आउने सय भूमिखेत गुठी राखिएको छ।[१६] त्यस्तै सं. ४८ (वि. सं. ६८१) को छिन्नमस्ताको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेखमा '...यस-बाट (ग्रांमवासीले) ययासमय (ठीक— ठीक ममयमा) जग्गाको पिण्डक

---

१५. . प्रतिहार ध्रुवसङ्कवार्तेन १ स्वपुण्याप्यायनार्थम्मातापित्रोश्चानु-प्रहार्थं च स्वजन गोष्ठिकाधीनं कृत्वा यूपग्रामस्य दक्षिणेन संवंद्ये-क्षेत्रन्दत्तं भूमि ४०० पिण्डकंच मा. ४०० ।

१६. .. क्षेत्रं यथा गुंपद्वं प्रदेशे शतस्य भूमिः पिण्डक मानिका ६०

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

उठाई कुलाको मरम्मत गर्नु[१७] इत्यादि उल्लेख गरिएको छ। यहाँ फलाना ठाउँको यति भूमिको यति पिण्डक भनी किटेर उल्लेख भएका लिच्छवि-कालका अरू कतिपय अभिलेखहरू पनि पाइन्छन्, जसको अध्ययन मननबाट 'भूमि' शब्द पनि जग्गाको निश्चित क्षेत्रफल विशेषको वाचक भएको र 'पिण्डक' शब्द जग्गाको आयस्तालाई बुझाउने शब्द भएको भन्ने कुरा स्पष्ट हुन्छ। यसको व्युत्पत्ति हुन्छ– पिण्डते इति पिण्डक: (पिडि संघाते भ्वा. अ, से. अच्, स्वार्थे कन्) यसका विभिन्न अर्थ छन्[१८] र ती अर्थ मध्ये विशेष लोक प्रचलित अर्थ हो– 'श्राद्ध विशेषमा पितृसमर्पण निति तयार गरिने अन्नग्रासविशेष।' तर यहाँ यसका विविध अर्थ मध्ये सन्दर्भ अनुकूल हेर्दा– सोच्ता– 'जग्गाबाट प्राप्त गरिने पदार्थ खाद्यान्न वस्तु वा आयस्ता विशेष' (वाचस्पत्यम्) लाई लिनु स्वाभाविक छ। यसरी प्रस्तुत सन्दर्भमा यो पारिभाषिकरूप अर्थको किसिममा प्रयोग भएको जस्तो बुझिन्छ। लिच्छविकालीन इतिहास अध्येता तथा अनुसन्धाताहरूबाट यसको सान्दर्भिक अनुकूल स्वाभाविक अर्थ यहाँ कतै 'कूत' कतै 'तिरो' दिई अभिलेखको सार्थकता प्रष्ट्याउने प्रयास गरिएको छ। 'कुत' भन्ने अर्थलाई पुष्ट्याई पुऱ्याउँदै धनवज्र वज्राचार्यबाट लेखिएको छ– 'पिण्डक भनेको कुत हो भन्ने कुरा लिच्छवि कालका अभिलेखबाट खुल्छ। उदाहरणार्थ पाटन छिन्नमस्ताको अभिलेखलाई देखाउन सकिन्छ।' यहां मंगलबजारको अभिलेखमा भारविले 'यस्य पिण्डकं विंशिकया मानिका: पंचाशदिति' भनी वीस– वीसको हिसाबले पचास मानिका पिण्डक (कुत) निश्चित गरी तोकेका छन्। यसबाट पनि पिण्डकको अर्थ कुत वा तिरो हो भनी अर्थ्याउनु मिल्दो जुल्दो नै देखिन्छ। जेहोस्, तात्कालिक जीवन व्यवहार र अभिलेखको आशयलाई अध्ययन गरी यसको सार्थकता प्रष्ट्याइनु स्वाभाविक छ। यहाँ अभिलेखकर्ताले गुठी रूपमा राखेको जग्गाबाट प्राप्त

---

१७. ...तदेताभ्यो यथाकालम्पिण्डकमुपसंहृत्य [illegible] तिलमक प्रति-संस्कार: करणीय...

१८. पिण्डो बोले बले साग्द्रे देहागारैकदेशयो:
देहमात्रे निवापे च गोलसिह्लकयोरपि ।
ओड्रपुष्पे च पुंसि स्यात्क्लीवमाजीवनायसो:
पिण्डीतु पिण्डत गारे लाबू खजूंरभेकयो:

–मेदिनीकोष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

गर्न सकिने कुनै प्रकारको आयस्ता विशेषलाई लक्ष्य गरी अभिव्यक्ति जनाइएको तथ्य स्पष्ट छ। यही आशयको आधारमा नै संभवतः 'पिण्डक' शव्दार्थलाई आजभोलिको जग्गा आयस्ता वा तिरो विशेष प्राप्त गराउने अर्थ वोधक 'कुत' शब्द प्रस्तुत गरिएको हो।

विशेष हिसाव किताबको राम्रो जानकारी नभएका सरल अपठित मानव समुदायभित्र हरहिसाव गर्नुपर्ने स्थितिमा वीस– वीसका दरले गिन्ती गर्ने अर्थात् पाँच वीस भएपछि एक सय भयो– अर्को पाँच वीस अथवा दसवीस भएपछि दुई सय भयो आदि आदि तरिकाले गिन्ती गर्ने चलन अहिलेसम्म पनि कतै कतै छँदै छ। गोरखा राज्यको पूर्व– पश्चिम दक्षिण तीनै ठाउँका गढको रखवारी गर्ने वीर दुर्गोत्तराध्यक्षले महिनै पिच्छे जागिरको रुपमा वीस रुपियाँ पाउने कुरा श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा संकेत गरेका छन्– 'वाह्र वीसको गाँठो बाँधी दियाको थियो... आदि। यस भनाइले त्यतिखेर पनि वीस वीसको हिसावले गणना गर्ने चलन लोकमा प्रचलित रहेछ भन्ने कुराको संकेत मिल्छ। यस अभिलेखमा प्रस्तुत '...यस्य पिण्डकं विंशिकया मानिकाः पञ्चाशदिति' (जसको पिण्डक वीस–वीसका हिसावले पचास मानिका हुन आउँछ) वाक्यले त्यतिखेरको चलन यस्तै वीस– वीसको हिसावले गणना गर्ने रहेछ कि ? भन्ने व्यावहारिकता प्रतिको संज्ञना– संकेत गर्नपुग्छ। जे होस् यस प्रकारका लोकप्रचलनको पुष्टि लिच्छविकालका अन्य अभिलेखहरुवाट पनि प्रशस्त पाउन सकिन्छ।

यस समय जग्गावाट प्राप्त गरिने आयस्ता (कुतविशेष) निर्द्धारण पनि एकै प्रकारको देखिदैन। यहाँ जग्गाका पनि विभिन्न तह (अवल, दोयम, सिम, चहार) थिए। सो अनुसार नै पिण्डक (कुत) निर्द्धारण गरिन्थ्यो भन्ने यतिखेरको व्यावहारिक वास्तविकता आदि पनि यी अभिलेखको अध्ययनवाट स्पष्ट हुन्छ।[१९]

लोकव्यवहारमा 'नापो' विशेषलाई वुझाउन चलनचल्ती गरिने 'मान' वाट वनेको 'मानिका' शव्दले प्रायः परिमाण विशेषलाई प्रष्ट्याउने कुरा यथार्थ छ। मानिका (मन्–णिच्+ण्वुल्+टाप्+इत्व) शव्दका

१९. धनवज्र वज्राचार्य, पूर्ववत् पृ. ५८।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

विभिन्न अर्थ छन् । नापतौलको अर्थ विशेषमा नै पनि विविधार्थता अनुमान हुन्छ । लिच्छविकालका अभिलेखमा 'मानिका' शब्दको प्रयोग प्रशस्त छ । कतै मानिकाको अर्थ तौलको रूपमा आठपल (चार कर्ष वा ६४ मासा) को वजन (करिव साढे छ तोला) उल्लेख भएको देखिन्छ (वृहत् हिन्दी-कोष: ज्ञानमण्डल लि. काशी) फेरि शब्दस्रोतको आधार हेर्दा मानिका 'माना' (नेपाली शब्द) को निकटतम शब्द जस्तो देखिन्छ, तर नेपाली मानाको सीमित परिमाण अर्थमा यहाँको यो शब्द त्यति मिल्दो जुल्दो बुझिन्न, जुनकुरा लिच्छविकालका अभिलेख मार्फत् तुलनात्मकरूपले स्पष्ट गरिएको छ । धनवज्र वज्राचार्यद्वारा 'मानिका' को स्वाभाविक अर्थलाई यसरी अनुमान गरिएको छ– '...यसको आधारलाई विचार गर्दा मानिका वर्तमान मुरी जतिको परिमाणलाई बुझाउने शब्द हो भन्ने देखिन्छ' [२०] त्यस्तै मानिका शब्द अन्नका नापोको रूपमा पनि चर्चा गरिएको देखिएकोले यो खेतमा लाग्ने वीउको आधारमा गरिएको एक प्रकारको विभाजन हो भन्ने अडकल डा. जगदीशचन्द्रको बुझिन्छ [२१] । जे होस् मानिका शब्द लिच्छविकालीन लोक जीवनमा निकै भिजेको कुरा यस समयका अभिलेख अध्ययनवाट स्पष्ट हुन्छ । यसरी व्यापकता पाएर पनि यो शब्द पश्चाद्वर्ती-कालमा आई अर्थापकर्षले गरी मानामा खस्कन पुगेको पो हो कि ? अथवा सभ्यताको आभासमात्र देखापर्न पुगेको हो– स्पष्टता चाहिं हुन सकेको छैन । जे–जसो भएपनि मानिका अन्नको नापो (भराइ) को रूपमा चर्चा भएको कुरा स्पष्ट छ । अत: तात्कालिक खेतहरुको प्रकार अनुसार प्राप्त हुन सक्ने कुनै प्रकारको विभाजन हुन सक्छ यो ।

(घ) लिच्छविकालको सम्वत्

लिच्छवि कवि भारविले यहाँका आफ्ना दुई अभिलेखमा क्रमश: सम्वत् ४७२ र ४९२ प्रस्तुत गरिरहेछन् । यी सम्वत् हाम्रा विक्रमीय सम्वत्, ईस्वीसन् दुवैसंग मेल खाँदैनन् । नेपालका लिच्छविहरूले व्यवहार गरेका सम्वत् दुई प्रकारका छन्:

(क) मानदेव (प्रथम) को समय वा अझ अगिदेखि चल्दै आएको सम्वत्,

---

२०. धनवज्र बज्राचार्य पूर्ववत् पृ. ५७ ।

२१. डा. जगदीशचन्द्र रेग्मी, प्राचीन नेपाली संस्कृति पूर्ववत् पृ. २९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

(ख) अंशुवर्माहरूले व्यवहार गरेको सम्वत्

यी सम्वत्हरूको विषयमा एकसय वर्ष अगिदेखि विभिन्न प्रकारका वादविवाद र छलफल चलेका छन् । यस प्रसंगमा नेपालको हिन्दु संस्कृतिको अन्वेषण गर्न जंगबहादुरको समय (वि. सं. १९०३- १९६४) मा काठमाडौं आउने गुजरात कठियावाड निवासी डा.पं. भगवान् लाल इन्द्राजी (१८९९- १९४४) ले सबभन्दा पहिले नेपालका अभिलेखहरू प्रकाशित गर्दै यहाँ प्रयोग गरेको सम्वत्लाई विक्रम सम्वत् भनी उल्लेख गरेका छन् । त्यस्तै पाश्चात्य विद्वान् फ्लिट्ले यसलाई गुप्त सम्वत् र सिल् भां लेभीले चाहिं लिच्छविसम्वत् भनी उल्लेख गरेको पाइन्छ, अनि भारतीय विद्वान् रमेशचन्द्र मजुमदारले चाहिं शक सम्वत् भनी उल्लेख गरेका छन् । यस प्रकार एकातिर विदेशी विद्वान्हरूको मतमा परस्पर विभिन्नता देखिन्छ भने त्यस्तै नेपाली विद्वान्हरूमा पनि यहाँ निकै विवाद देखापर्दछन् । ऐ.शि. बाबुराम आचार्य, बालचन्द्र शर्मा आदि इतिहासकारहरू यसलाई शकसम्वत् भनी उल्लेख गर्दछन्, अनि शंकरमान राजवंशीले चाहिं यसलाई 'लिच्छविसम्वत्' भनी विश्लेषित गरेका छन् । फेरि आर्यवाङमय खास गरी इतिहासको अनुसन्धान- विश्लेषण गर्ने संस्था संशोधन मण्डल (नेपाल) ले चाहिं यसलाई वेदाङ्ग ज्यौतिष र सुमतितन्त्रको आधारमा पहिलो वि.सं. १३५ देखि उठेको शकसम्वत् र दोश्रो चाहिं वि.सं. ६३३ देखि उठेको मानदेव सम्वत् भन्ने प्रामाणिकता प्रस्तुत गरेको छ । संशोधन मण्डलका संस्थापक प्राज्ञ पं. नयराज पन्तको भनाई छ-

> 'अंशुवर्मादेखि सिद्धान्त ज्यौतिषको प्रचार भएको र त्यसभन्दा अगाडि वेदान्त ज्यौतिषको प्रचार भएकोले तिनताक ती दुवै पद्धत्ति चलेका थिए । लिच्छवि सम्वत्को निर्णय गर्ने विषयमा सुमतितन्त्रबाट र वेदाङ्ग ज्यौतिषबाट काम भएको छ । यस विषयमा अगिका परीक्षकहरूले दृष्टि दिएका थिए जस्तो लाग्दैन ।'

उपपत्तिपूर्ण प्रामाणिक आधार भएको र ऐतिहासिक विवेचन प्रसंगमा कतै पनि कुरा बाझिन आउने नदेखिएकोले प्राय: ऐतिहासिक विद्वान्हरूबाट यही मतलाई नै आधारशिला मानी इतिहासको अध्ययन- विश्लेषण गरिएको पाइन्छ । यस अनुसार यहाँ भारवि अभिलेखकाल

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

४७२+१३५= ६०७ र ४९२+१३५= ६२७ हुन आउँछ। हामीले पनि यही भनाइलाई आधिकारिक तथ्यको रूपमा ग्रहण गरिरहेछौं। यस प्रसंगमा प्राज्ञ नयराजपन्तद्वारा सविश्लेषण नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान मार्फत् 'लिच्छवि सम्वत्को निर्णय' (वि.सं. २०४६) ग्रन्थ प्रकाशित भैसकेको कुरा उल्लेखनीय छ। यसरी भारविका उक्त दुई अभिलेखहरूले हामीलाई उनका समयको वातावरण र तह, स्थान र स्थिति आदि बारे अप्रत्यक्षत: इंगित गरिरहेछन्। यसप्रति इतिहास प्रेमीहरूले अझ गहिरिनु, बुझ्नु र ऐतिहासिक तथ्य जनसमक्ष ल्याउँदै जानु परिरहेछ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

भारवि: लोकजीवन र लोक गायकको रूपमा

कवि रचना आफ्नो निजी भावनाको साथै लोक भावनागत धारणालाई समेत संकेत गर्ने साधन विशेष हो। यो तथ्य अतीतकालीन काव्य अध्ययनबाट अझ थाहा हुन सक्तछ। यस्तै लिच्छवि कवि भारविले आफ्नो अभिव्यक्ति मार्फत धेर थोर लोकधारणालाई संकेत गर्ने प्रयास गरेका छन्। भारविका दुवै अभिलेखमा कीर्ति– कामना छ। अझ दोश्रो अभिलेखमा त यहाँसम्म भनिएको छ– 'मनुष्य जीवन क्षणिक छ भन्ने कुरा राम्ररी अनुभव गरी मातापिता सहित आफ्नो पुण्य वढोस् भनेर सो कीर्ति वनाइयो।' भारविका यी अभिलेखगत संकेतबाट अनुभव हुन्छ– यतिखेर (७ तौं शदीको पूर्वार्द्ध) को लोकजीवनमा, मानव मन:स्थितिमा जीवनको क्षणिकता र धर्मको अमरता यहाँ व्याप्त थियो। साथै लोकोपकारी काम धर्म हो र परपीडन कार्य पाप हो भन्ने कुरा पनि मानिसले वुझेका थिए। यसैले यतिखेरको यहाँको आध्यात्मिक लोक जीवनमा वेदान्त, उपनिषद्, पुराण र दर्शन आदिले राम्रो प्रचार पाएका थिए। मानिसमा जीवनगत क्षणभङ्गुरता र स्वर्ग, नरकप्रतिका विश्वासको प्रगाढताले गर्दा कीर्ति कार्य तर्फ अभिरुचि वढ्दै गएको थियो। अत: सत्कर्म पुण्यदायी र दुष्कर्म पापदायी साधन हुन् भन्ने कुराले जनविश्वासमा व्यापक स्थान ग्रहण गरेको थियो। यसैले कतिपय ठाउँका अभिलेखमा दानपुण्य कार्यको लोप गरे पंचपातक लाग्नेछ– ठाडै नरकमा परिनेछ– भन्ने जस्ता कुराहरू समेत जनाइएका पाइन्छन्। यस्तै प्रकारको भावसंकेत भारविका अभिलेखबाट पनि अवगत हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding:

भारविकालीन समाज स्वच्छ, सरल र सादा प्रकारको थियो। त्यतिखेर (वि.सं. ६२७ तिर) खानेपानीको लागि आजका जस्ता भौतिक प्रकारका कृत्रिम कलधारा वा (टुवेल) ट्वेल आदिको चलन थिएन। मानिसहरू प्राय: प्राकृतिक पानीधारोवाट नै खानेपानी समस्या टार्दथे। विशेषगरी यी पँधेरा कुवा वा धारोका रूपमा थिए। विशेषत: प्राचीन वा मध्यकालीन उपत्यकाको जीवनमा खानेपानीका निम्ति तीन प्रकारका व्यवस्था बुझिन्छन्:

(क) निर्मित स्थायी ढुंगेधारा,
(ख) कुवा, इनार वा जलाशय,
(ग) जलद्रोणी,

(क) त्यतिखेर धनी, मानी सम्पन्न व्यक्तिहरू मार्फत पानीको निम्ति स्थायी ढुंगेधाराको व्यवस्था गरिनु धर्म– कर्म वा शुभकार्य मानिन्थ्यो। पानीको श्रोत पत्ता लगाउनु, पानी स्वच्छ, स्वादिलो र स्वास्थ्यदायी प्राप्त गर्नु– छान्नु (रोज्नु) अनि पानीको स्रोतलाई आवश्यक ठाउँमा पुऱ्याई धाराको रूप दिनु आदि कार्य सुसम्पन्न व्यक्तिको लागि नै सम्भव थियो। यसैले यतिखेरका प्रजाहितकारी राजा समेत दुनियाँदारको भलाइको लागि खानेपानी धाराको व्यवस्थामा लागेका देखिन्छन्। राजा मानदेवका धार्मिक कार्य– मन्दिर स्थापना, आजापूजा आदि कार्यहरूको चर्चा भएका अभिलेखहरू यहाँ प्रशस्त छन्। यस्ता देवकार्य सेवाको अतिरिक्त समाज-सेवा भावको सन्दर्भमा यिनले आफ्ना रैतीहरूलाई खानेपानी सुविधाको लागि धाराको व्यवस्था गरेको कुरा पनि यहाँ एउटा अभिलेखमा उल्लेख छ, जुन केलटोल स्थित अभिलेख हो। तात्कालिक लोकहितलाई ध्यान दिई उनले गरेको यस उल्लेखबाट पनि त्यतिखेरको खानेपानी धाराको महिमाबोध अनुभव हुन्छ।

धर्मशाला, पाटीपौवा, देवमन्दिर, आजापूजा वा धार्मिक उत्सव इत्यादि जस्तै धारो बनाई सर्वसाधारणलाई पानी खुवाउनु पनि यतिखेर विशेष धर्मकार्य संझिन्थ्यो। अनि यी धार्मिक कार्यहरूलाई स्थायित्व दिन गुठी राख्ने परम्परा पनि यहाँ थियो। यस तथ्यको जानकारी धार्मिक कार्यहरूको सँगै राखिएका शिला अभिलेखहरूले सर्वसाधारण निति पछि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

संम जनाइरहेछन् । यो चलन मानदेवकाल (५२१) देखि राणाकालको पूर्वार्द्ध (१८३२) संम चलेको अनुभव हुन्छ । यसैले नेपाली साहित्यका आदिकवि भानुभक्त पनि– 'मेरा इनार न त सत्तल पाटी क्यै छन्' भनी गुनासो गर्न पुग्छन् । यही लिच्छविकालीन लोकजीवनको सन्दर्भमा आउँछन्– कवि भारवि । यिनले खानेपानी धाराको स्थापना गरी, गुठी राखी, त्यसको व्यवस्था बाँधी, अभिलेख कुंदाई सर्वसाधारणको जानकारी निंति छोडेका छन् । यतिखेर यस्ता ढुंगे धाराको निकै महत्त्व थियो भन्ने कुरा यिनै अभिलेखले पनि अवगत गराइरहेछन् । प्रायश: यतिखेरका मानिसहरू खानेपानीको निंति प्राकृतिक धारा, जलाशय वा कुवाको नै भर पर्दथे कि भन्ने अनुमान यी अभिलेखगत अभिव्यक्ति मार्फत दृढ हुन आउँछ । जे होस्, यहाँ सत्कर्म महिमाको उज्ज्वल पक्ष चाहिं सदा अमर छ, स्थिर छ ।

(ख) प्राचीन तथा मध्यकालीन उपत्यकामा खानेपानीको निम्ति इनार वा कुवाको पनि विशेष चलन भएको तथ्य ऐतिहासिक छ । इनार वा कुवालाई बुझाउने संस्कृत शब्द हो– 'कूप' । कूपको प्रयोग प्राचीनतम हो । यसको परिभाषा कविराज भावमिश्र (१५ रौं शदी) ले यसरी गरेका छन्– 'भूमौ खातेडल्प विस्तारो गम्भीरो मण्डलाकृति: वध्दो वद्ध: स कूप: स्यात्तदम्भ: कौपमुच्यते'– भावप्रकाश: । 'कूप' को उदार अर्थतिर जाने हो भने यसबाट जलाशय वा डोविल्से पँधेरो भन्ने पनि अर्थ बुझिन सक्छ । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायणशाहले पनि आफ्नो उपदेशमा 'कूप' शब्दको प्रयोग गरेका छन् । यहाँ उनका भनाइको संकेत उपत्यका अन्तर्गतका जलउपभोक्ता अर्थात् कुवाको पानी खानेहरूलाई लिई भनिएको बुझिन्छ– 'कूपको पानी खान्याछेउ बुधि पनि हुंदैन, शुरो पनि हुँदैन, खेलखाल मातै रहेछ (श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश) । कूपको नै विकसितरूप जलाशय वा तलाउ हो । स्वर्गलोक वा अन्य कतैबाट नाउँ चलेका तलाउमा स्नान गर्न आउँदा शक्ति सम्पन्न राजकुमार, मन्त्रिकुमार आदिसम्म सम्पर्कित हुन पुगेका र प्रेममा मस्किएका अप्सरा, राजकुमारी, मन्त्रिपुत्री आदिका आकर्षणपूर्ण कथाहरू लोककण्ठमा र पुराणहरूमा प्रशस्त छन् । यसरी पुराणकालदेखि नै कुवा, जलाशय, तलाउ आदिको लोकजीवनसँग सम्बन्ध भएको घटना ऐतिहासिक छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri.Funding:

काठमाडौंमा श्री ३ वीर सम्सेरको पाला (१९४२) भन्दा अगिसंम प्राय: ढुंगेधारा वा इनार (कुवा) बाट नै पानीको उपभोग गरिन्थ्यो। वीरसम्सेरद्वारा काठमाडौं– भक्तपुर दुवै सहरमा खानेपानीको लागि जल-धारा कार्य सम्पन्न गरी नामकरण गरे– 'वीरधारा'। यस प्रकार आधुनिक नेपालको राजधानी काठमाडौंले वि.सं. १९४५ तिर कलधारा पायो। जे होस्, प्रस्तुत सन्दर्भमा इनारको भन्दा ढुंगेधाराको महिमा चाहिं पहिले देखि नै विशेष महत्त्व भएको कुरा स्मरणीय छ।

(ग) द्रोण एवं द्रोणीको अर्थ संस्कृतमा विभिन्न छन्, प्रस्तुत सन्दर्भ अनुकूल शब्दार्थतिर दृष्टि दिंदा संस्कृत कोष अनुसार 'द्रोणी' अर्थ काठ, ढुंगो आदिद्वारा बनाइएको पानी जाने डुंड विशेष भन्ने पाइन्छ। यहाँको जलद्रोणीको आशय पानी जम्मा गर्ने पक्की किसिमको टंकी बनाई त्यहाँ इच्छानुसार देवी देवताका मूर्ति, अभिलेख आदि समेत कुंदाई जडान गरिएको, अनि पानी प्रयोग निति टुटीधारा राखिएको विशेष प्रकारको टंकी हो। लिच्छवि तथा मध्यकालतिर यस्ता जलद्रोणी ठाउँ– ठाउँमा निर्मित भएका बुझिन्छन्। जलद्रोणीको व्यवस्था तिर्खाएकालाई धर्मशाला स्थापना गरी पानी खुवाउनु (पियाउनु) जस्तै धर्मलाभ कार्य हो भन्ने लोकविश्वास त्यतिखेर व्यापक थियो र यिनको निर्माणमा गरिने खर्च र लगन पुण्यसंचयको आधार हो भन्ने संझिन्थ्यो। यसैले जलद्रोणी निर्माणमा कलात्मक सीप र लगनशीलता मुखरित हुनपुगेको तथ्य अझै देख्न सकिन्छ। तर आजभोलि बेवास्ता र बेसंभारले गर्दा अतीतका यी कलात्मक नमुना निष्प्रयोजन जस्ता लाग्ने, विनाकामका टुंडे–डुंड जस्ता देखिन्छन्, तर पनि त्यतिखेर यस्तो (जलद्रोणी)'को ठूलो महत्त्व थियो, वटुवा, यात्री र अन्य सामान्य नागरिक समेत तिर्खा लागेमा यस्तै जलद्रोणीको टुटी खोली पानी पिउँथे– तिर्खा मेट्तथे। यो एक प्रकारको पानीय शाला हो, पानीको धर्मशाला हो। सहर वा सहरसमीपका प्रचलित बाटाघाटाहरूमा प्रसिद्ध विहार आदि सार्वजनिक ठाउँहरुमा यस्तै आवश्यकता अनुसारका ठूला साना जलद्रोणी निर्मित हुन्थे। यिनीहरूको सँगसँगै जस्तो सानो ठूलो कुवा (इनार) पनि हुन्थ्यो र त्यहाँबाट पानी उबाई जलद्रोणीमा पानी भरिन्थ्यो। बाटो हिंड्ने बटुवा, आसपासका पाटीपौवा वा सत्तलमा वास बसेका यात्री, शहर गर्न आएका आसपास (काँठतिर) का बजारिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

आदि तिर्खा लागेको वेला– पानीको अत्यावश्यक समय जलद्रोणीको टुटी खोली पानी खाई वा लिई काम चलाउँथे। बुद्धि– विवेक र धन दुवै चीजको उपयोग गरिनु पर्ने हुँदा जलद्रोणीको निर्माण– संभार कार्य मिहिनेतको खर्चिलो थियो। यसैले लोकहितभावले निर्माण गरिएको जलद्रोणी र सँगैको इनार समेत जुगौंसम्म स्थायित्व प्राप्त गरी उपयोगी कामयाव अवस्थामा सुव्यवस्थित एवं संचालित गर्न विशेष व्यवस्था गरिएको हुन्थ्यो। अत: यसलाई राम्रो रेखदेख वा हेर विचार पुऱ्याउन, सफासुघर गर्न, जलद्रोणीमा यथासमय पानी भर्न र आवश्यक सानोतिनो मरम्मतसंभार समेत गर्ना निति जग्गा गुठी राखिएको हुन्थ्यो। यसैले यी कामहरू नियमितरूपले चल्दथे। यहाँ कुनै प्रकारको अवरोध हुँदैनथ्यो। फेरि यो संचालन परम्परा पछिसम्म नै चलिरहोस् र यस कार्यमा जन- समाज वा सरकार वतै तर्फवाट पनि हेल्चक्र्याई वा अवरोध नआओस् भनी सबैलाई खुलारूपले जानकारी दिनु जलद्रोणीसँग अभिलेख कुंदी राखिएको हुन्थ्यो। यो परम्परा लिच्छविकालदेखि मल्लकालसम्म नै प्रचलित देखापर्छ। यसकारण प्रस्तुत जलद्रोणी निर्माणक्रम– सन्दर्भमा यहाँ एकातिर कतिपयमा देवी–देवता, यक्ष– गन्धर्व, धर्मप्रतीक आदिको मूर्ति वा चिह्न मार्फत् देवदेवीप्रतिको धार्मिक मनोभाव र कलाकारिताको झलक दर्शाइएको हुन्छ भने कतिपयमा अभिलेख समेत राखी ऐतिहासिक कालक्रम र लोकजीवन परम्परा– प्रवाहको जानकारीमा समेत सहयोग प्राप्त हुन्छ। यसरी यहाँ जलद्रोणीको महिमा महान् भएको तथ्य स्पष्ट छ।

भारविद्वारा आफ्नो धाराको चिरस्थायिता र अविछिन्न संभार संचालनको लागि यूपग्रामको दक्षिण पश्चिम (नैऋत्य कोण) को जग्गा गुठी राखिएको छ। यो जग्गावाट पिण्डक वीस– वीसको हिसावले पचास मानिका प्राप्त हुन्छ। सो प्राप्तिवाट नै उक्त कार्यव्यवस्थाको राम्रो संचालनक्रम हुँदै जाओस् भन्ने कुरा यहाँ संकेत छ। यसरी तात्कालिक लोक भावना र चलन चल्ती अनुसार भारविले यहाँ आफ्नो धार्मिक मनो- भाव प्रस्तुत गरिरहेछन्। यहाँ प्रयुक्त यूपग्राम, पिण्डक, मानिका शब्दहरू विशेष पारिभाषिक प्रकारका पदहरूको रूपमा देखिन्छन्।

यो प्रयोग तात्कालिक लोक चलन चल्तीको आधारमा नै भएको हो। भारवि लोक व्यवहार र परम्पराका पोषक थिए, साथै लोकापवादको

al Sanskrit University, Balmeeki Campus, Kathma

0. In Public Domain. Digitization by eGangotri. Funding: ...

ख्याल राख्ने मर्यादाशील व्यक्तित्व पनि थिए भन्ने कुरा उनकै अभिव्यक्ति-बाट स्पष्ट हुन्छ '... न च लोक विरुद्धकारी'। यसरी हेर्दा 'लोक' को महिमा व्यापक बुझिन्छ। यो व्यापक अर्थमा समस्त जनसमाजलाई बुझाउन प्रयोग भएको पाइन्छ र व्याप्य अर्थमा चाहिं समान्य जनसमाजलाई, जो अभिजात्यसंस्कार शास्त्रीयता तथा पाण्डित्यको सुसंस्कृत चेतनाबाट टाढा छन्, जसमा अहं कृत्रिमपनको अस्वाभाविकताले स्थान लिएको छैन, अनि युगौंबाट प्रचलित परम्परित प्रवाहमा जीवित भइरहेका छन्, त्यस्ता वर्ग नै मूलतः लोक हुन् यही आफ्नो समाज वा वर्गगत परम्परित लोकमर्यादाको पक्षपाती देखापर्छन्– भारवि। यस बाहेक उनमा आस्तिकपनको गहिरो प्रभाव, पितृभक्ति परिदर्शन, मानव सुलभ अहंपन आदिको साथै कीर्ति-कामनाको अभिलाषा समेत स्पष्ट हुन आउँछ– यी विषयवस्तुको सान्दर्भिक विशेष चर्चा यहाँ यथास्थान भइरहेछन्। भारवि स्वयं त्यहाँ शक्ति र सम्पन्नताका मर्यादित पुरुष थिए। यसैले उनको कार्यगत महिमा तात्का-लिक लोकमा सर्वमान्य थियो। यही लोकजीवनगत आभास यहाँ पाइन्छ।

यसरी लोकोपकारी भावनाले धारो राखेपछि भारविले धारो राख्नुको आशय, धाराको महिमा र धाराका स्थायित्वको व्यवस्था समेत गरेको कुरा यहाँ व्यक्त गरेका छन्। उनको यो आफ्नो हार्दिक अभिव्यक्ति-को प्रकार निश्चय नै सरल, सहज र निश्छल अनुभव हुन्छ। हो, बोल्नु र लेख्नुको मतलब अरूलाई आफ्नो मनको कुरा अभिव्यक्ति मार्फत स्पष्ट गर्नु हो। यसरी सोच्ता यद्यपि दुवै अभिव्यक्ति प्रकारको आशय करिव– करिव एउटै देखिन्छ, तर पनि व्यावहारिकतामा चाहिं धेरै फरक छ। हामी जति बोल्छौं त्यति लेख्तैनौं र बोलेजति लेख्नु संभव पनि छैन। संसारमा कति मानिस बोलन गफ गर्न औधि सिपालु हुन्छन्, तर लेखन चाहिं पटक्क नसक्नेखाले हुन्छन्। यस कार्यमा उनीहरूको हातै चल्दैन। जति प्रयास गरेपनि वाक्य विन्यासले मेल नै खाँदैन– यस्तो देखिएको छ। अतः बोल्नु र लेख्नुको आशय एकै प्रकारको भए पनि काम कुरो चाहिं धेरै फरक छ, विचारणीय वा अभ्यसनीय छ।

अभिव्यक्ति महान् कार्य हो। बोल्न जानिएन वा सकिएन भने समाजमा अस्तित्वहीन होइन्छ, हेय वा तिरस्कृत हुन पुगिन्छ। यसैले वाणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

महिमा गाइएको छ– पूजिएको छ। 'वाणीको अभावमा सारा दुनियाँ लाटो हुने थियो र संसार नै अज्ञानको खाडलमा जाकिने थियो' (काव्यादर्श) भनी विद्वान् कवि दण्डीले उल्लेख गरेका छन्। जे होस्, वाणी महिमा सर्वथा महत्वपूर्ण छ। अर्को कुरा वोल्नु, भावनालाई जनसमक्ष पुऱ्याउनु, अरुलाई आपनो कथनप्रति आकर्षित गर्नु आदि विधि पनि एक प्रकारको कला हो। यद्यपि हरेकले आपना कुरा अरूले सुनून्, बुझून् र समर्थन गरून् भन्ने कामना राख्छन्, तर कमैमात्र सफल हुन्छन्। सर्व प्रथम वक्ता वा लेखकले आफूले कस्तो जनसमाजलाई लक्ष्य गरी बोलिरहेछ वा लेखिरहेछ भन्ने कुरा याद गर्नु अत्यावश्यक छ। यस कुराको संकेत महाकवि भारविले आपनो किरातार्जुनीयम् मार्फत् पनि गरेका छन्। अतः जीवन यात्रामा व्यावहारिकताको याद रहेन र वोल्दा वा लेख्दा सदा एकैनास पऱ्यो भने वांञ्छनीय फल प्राप्ति हुन सक्तैन। आपनै अज्ञता वा असमर्थतामात्र झल्किन्छ– 'टकासेर भाजी– टकासेर खाजा' भन्ने लोकोक्ति जस्तै।

पूर्वीय हिन्दुदर्शन, मानवमनःस्थितिको गहिराइ र निचोड तथ्य प्रति उन्मुख वन्दै सन्देश दिन्छ– जीवन सरल वनाऊ, स्थान– समाज र मानिस अनुकूल वोली वचन गर– व्यवहार गर 'जस्तालाई तस्तै...'। यसै अनुरूपको आशय द्रौपदी वोल्छिन्– 'व्रजन्ति ते मूढधियः पराभवं भवन्ति मायाविषु ये न मायिनः' (किरात १३०) अर्थात् कपटीसँग कपट व्यवहार गर्न नजान्ने त्यस्ता सरल मूढवुद्धि पुरुषहरू जीवन व्यवहारमा सधैं दुःख पाउँछन्। यस्तै वरव्यवहार, रहन– सहन, वेषभूषा आदि समयानुकूल सरह– स्वच्छ गर, वहिर्दृष्टि गरी अन्तर्मुखी वन आदि नै हिन्दुवाङ्मयको सन्देश छ। त्यस्तै काव्य– साहित्य, पुराण– इतिहास आदि हिन्दुशास्त्रले पनि यही वास्तविकतालाई व्यापकता तर्फ पुऱ्याएका छन्। महाराज दिलीप वशिष्ट ऋषिको आश्रममा जाँदा आपनो राजसी ढाँचाकाँचा र वडप्पन त्याग्छन्, साधारण वेषभूषा र स्थितिमा गएका देखिन्छन्। त्यस्तै राजा दुष्यन्त कण्वको आश्रममा पस्न लाग्दा आपनो रोव रवाफको वेषभूषा उतारी सरल, ऋषि आश्रम अनुकूल पोसाक र मनःस्थितिमा आश्रम क्षेत्रभित्र प्रवेश गर्छन्। यो आदर्श हिन्दु जातिका लोकजीवनको र आर्य आचरणको परम्परागत नमूना हो। त्यस्तै यहाँका

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृतगत नाट्यपात्रहरू आफ्नो स्तर र ओहदा अनुकूल भाषा र बोली वचन प्रष्टयाउन सफल छन् । यसरी लौकिक चाल चलनमा स्थान र अवस्था अनुसार मर्यादा राखी आफ्नो सरलता र गम्भीरता देखाउनु, वेषभूषा, रितिस्थिति र बोली वचन एवं तह प्रस्तुत गर्नु लोकजीवनको अनुकूल आचरण हो, व्यावहारिकता हो । लोकजीवनमा मर्यादाशील र व्यावहारिक व्यक्तिहरू नै आफ्नो कार्य क्षेत्रमा सफल हुन सक्छन्; लोकप्रिय बन्दछन्– यही वास्तविकतालाई हृदयंगम गरेका कवि भारवि आफ्नो विनम्रताको सूचन– 'श्रीमान् प्रभुश्च न च लोक विरुद्धकारी आदि अभिव्यक्तिद्वारा प्रकट गर्दछन् ।

निश्चय नै साहित्यकारले आदर्शवादको कोरा कल्पनामामात्र नलागी आफ्नो रचनाको गहिराइमा जीवन जगत्को यथार्थतालाई पछ्याउनु अत्यावश्यक छ । नेपाली लोकजीवनका लागि जहाँ नेपाली धरतीको माया र ममता, माटो र मुटु, जनजीवन र हावापानीको स्पर्श छैन, त्यस्तो रचना नेपाली लोकजीवनले सादर ग्रहण गर्न अप्ठेरो छ । जनसाधारणका लागि भाषा र भावनाको सरलतामा पाठक आत्मालाई छुने मीठो अभिव्यक्ति हुनु पर्छ, अनि आफ्नोपन र पक्षलाई अंगाल्ने, जीवन यथार्थतालाई प्रष्ट्याउने स्वाभाविक अभिव्यक्तिका रचनाप्रति साहित्यकारको देन हुनु विशेष उल्लेखनीय छ । स्वदेश र संस्कृतिको साथै मातृभूमिको माटो, ममता र मानव, हावा र पानी जीवन र जगत् आदिलाई बिर्सिदिई उडन्ते– अस्वाभाविक कल्पना दिमागमा भरी राम्ररी पचाउन नसकी अस्पष्ट अभिव्यक्तिमा पदव्यतिक्रमको हद नाघेका अस्तव्यस्त वाणी बाहिर ओकल्नु लाभदायी छैन । आडम्बरी नक्कल अस्वाभाविक सोच-विचार र चलन, अभिव्यक्ति आदि तत्काल अनुकूल देखिन्नन् । गाउँघर र पहाडी पाखा– पखेरोमा सरल जीवन बिताएको सामान्य मानवसमाज बौद्धिक प्रधान अधकल्चा रचना बुझ्न, स्वाद लिन सक्तैनन् । यस्ता रचनाबाट कुनै पनि साहित्यकार ख्यातिवान् हुन संभव छैन । यो स्वाभाविकता भारविले अनुभव गरेको कुरा उनका अभिलेखको अभिव्यक्तिबाट सकेत मिल्दछ । यस विपरीत महाकवि भारवि बौद्धिक कौशलका पक्षपाती देखिन्छन् । बौद्धिकप्रधान क्लिष्ट रचना र चित्रकाव्यकारिताले उनलाई यस सन्दर्भमा दोषभागी बनाएको छ :

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

हो, लोकलाई हृदयमा राखेर लेख्नु र भावनामा बगेर लेख्नु अलग– अलग विषय हुन् । भावनामा बग्नुभन्दा पहिले रचनाकार माटोको माया र पहिचानमा लाग्नु पर्छ । माटो मर्त्यको जीवन हो– 'माता भूमि: पुत्रो अहं पृथिव्या:' (पृथ्वीसूक्त १२) आमा भनेकी पृथिवी हुन्, म पृथ्वीको छोरो हुं । यसरी पृथिवीको माया र स्मृतिसँगसँगै लोकजीवन-लाई पनि हृदयमा राखेर भारविले '... चकार कीर्तिम् ..' अर्थात् मानव जीवनका अमरताको आधार यो कीर्तिधारा बनाउनु भयो भनेका छन् । धार्मिक भावनाले गुठी राखेका छन् । फलत: उनको कीर्तिमा नेपाली माटो र मुटुको महक छ, नेपाली लोकजीवनको माया र ममता छ । यसैले यिनी नेपाली जीवनका लोकगायक कवि हुन्– विद्वत्प्रतिभा हुन् ।

यस अतिरिक्त महाकवि भारविको क्षेत्र विशेष छ । उनी भारत-वर्षको सँस्कृति र साहित्यको संगममा समाहित बन्दै विविध काव्य भावनाको व्यापकतामा बगेका छन् । लोकजीवनगत सन्दर्भलाई लिई भारविरचना विवेचन गर्न खोज्दा यहाँ लोकजीवन पक्ष छिट्फुट्रूपमा उपस्थित देखापर्छ । यही सन्दर्भमा यहाँनेर एउटा प्रश्न खडा हुन्छ– काव्य सिर्जनाको लोकसंस्कृति वा लोकजीवन संग के सम्बन्ध ? हो, यही जीवन सापेक्ष सवाललाई मनमा राखी विश्लेषण गर्दै साहित्य शास्त्रीहरूले उल्लेख गरेका छन्– 'काव्यहेतु' । जेहोस्, लोकजीवनगायक कवि हुन् । यिनले आफ्नो काव्यरचनामा लोकजीवन र समाजलाई कत्ति भुलेका छैनन् । 'लोक ठूलो हो, लोकले निन्दा गरेको– खिसी टयूरी गरी उडाएको लज्जाजनक व्यवहारबाट जीवन अवनति भए राम्रो होइन' (२/३४) भनेका छन् । यसैले सर्वथा लोकको अपवादलाई ख्याल गर्नु कर्तव्य मानिन्छ । यस्तै यिनी लोकमहिमा गाउँदै लेख्तछन्– 'सज्जनहरू आफ्ना वैरी, प्रतिपक्षीलाई नाश गर्नुभन्दा पनि लोकापवाद नहोस् भन्ने तर्फ बढी सतर्क रहन्छन्' (११/५३) आदि ।

'किरार्जुनीयम्' महाकाव्य हो । महाकाव्यका आफ्नै परिधि छन्; सीमा र साधना छन् । अत: यहाँ सामाजिक व्यवस्था अन्तर्गत कुनै पनि पक्षको विधिवत् व्यापक सचेष्टा वर्णन मिल्न नसक्नु स्वाभाविक हो । तथापि छिट्फुट् रूपमा यिनले सामाजिक लोकजीवन र त्यसको विधिविधान

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वा परम्परा (सांस्कृतिक पक्ष) माथि अभिव्यक्ति प्रस्तुत गरेका छन्– लोक-चित्रण पेश गरेका छन् ।

यिनको सामाजिक स्थिति, नीतिनियम र धारणा, जीवन साधना आदि प्रतिको दृष्टिकोण उदार, स्वच्छ र नीतिसंमत छ । यहाँको लौकिक धारणा साधनामूलक अर्थात् क्रियावान् देखापर्छ र यिनले जीवनलाई मुर्दा शान्तिको रूपमा होइन– सक्रिय अभ्यास वा आराधनाको रूपमा उपस्थित गरेका छन् । यहाँको लौकिक जीवन नीतिसम्मत छ, स्वच्छ र सक्रिय छ । यसैले यिनी पुरुषार्थी– क्रियावान् जीवनप्रति अनुरक्त छन् । यिनी भन्छन्– 'महत्त्वाकाङ्क्षी धैर्यशालीहरूलाई अनर्थवतनबाट बचाउने टेवा नै पुरुषार्थ हो' (२/१३) 'पुरुषार्थहीन पुरुषलाई सदा विपत्तिले घेर्दछन्' (२/१४) 'ऐश्वर्यहरू सदा पराक्रमको आश्रय गर्छन्, जहा निरुत्साह छ, त्यहाँ ती कहिल्यै वस्तैनन्' (२/१५) इत्यादि । सक्रिय जीवन वा पौरखको पक्ष लिदै उनी अझ यसलाई लोकसम्मत र नीतिसम्मत हुनुपर्छ भन्ने सोचाइमा समेत देखापर्छन् । वस्तुत: पवित्र पराक्रम नै जीवन मर्यादाको आधार हो भन्दै यिनी लेख्छन्– 'प्रशमाभरणं पराक्रम: स नयापादितसिद्धिभूषण:' (२/३२) अर्थात् नीति सम्पादित सफलता नै पराक्रमको भूषण हो ।

यसप्रकार शक्तिसामर्थ्य, पराक्रम र नीतिचेतलाई हृदयङ्गम गरी भारवि जीवनमुखी कविको रूपमा उपस्थित हुन्छन् । यहाँ भारविको अभिव्यक्ति तात्कालिक लोकजीवन सान्निध्य बनी लोकसंस्कृति, लोक-जीवन र अभिव्यक्तिसँग सम्पृक्त छ, घुलमेल छ । यद्यपि भारवि यहाँको परम्परावादी रुढि वा अन्धविश्वासप्रति मौन छन्, मूढाग्रहीभावना तथा कुप्रथा आदिलाई कतै उद्घाटन वा संकेतसम्म पनि गर्दैनन्, तर पनि लोकजीवनप्रति यिनको अवहेलना वा हेल्चक्र्याइँ चाहिँ छैन । सामाजिक स्तर र तह केलाउँदै सतह किसिमले जीवनगत स्थितिको व्यापक वर्णन गर्नु, उदाङ्ग पारी (खुलम– खुला किसिमले) देखाउनु स्तरीय साहित्यको लक्षण वा चिह्न होइन । यहाँ त जीवन– सापेक्ष कवि– भावना स्तरीय-रूपमा प्रतिफलित हुन्छ । वस्तुत: साहित्य समाजको प्रतिविम्बमात्र हो । यसैले भारविको लोकसांस्कृतिक कोण– आदर्श राज्य व्यवस्थाको कल्पना, समाज तथा व्यक्तिको पारस्परिक सुहृद् सम्बन्ध र उदार मानव-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

तावादी व्याख्याको प्रस्तुति नै यहाँ अंकित छ। भारविको विचार, साँगुरो, लोलेपोते र दहीच्यूरे छैन, उदार र उत्कृष्ट छ, निर्णीतार्थक छ- 'अवितृप्ततया तथापि मे हृदयं नियर्णमेव धावति (२/२९) यही नै उनका प्रस्तुतिको संकेत हो। उनी जो प्रष्टयाउँछन्, सो तर्क र नीतिसंमत आधार लिई व्यावहारिक किसिमले बोल्छन्। यसैले उनको भनाइ चित्त बुझ्दो र घतिलो पाइन्छ। अत: भारवि नीतिवादी छन्, यसभन्दा पनि बढी लोकवादी वा लोकगायक छन्- यही नै उनको मानववादीपन हो- लोक गायकत्व हो।

यहाँ भारवि रुढिवादी प्रथा वा धार्मिक परम्पराबाट मुक्त बन्दै धर्मलाई लोक (मानव) सँग र मानवीयतत्त्वसँग समन्वित गराउने प्रयत्नमा देखापर्छन्। यिनको धार्मिक सोचाइ स्मृति र शास्त्रानुकूल त छँदैछ- यस बाहेक लोकपरम्पराश्रित पनि अनुभव हुन्छ। यिनी सारा सांसारिक व्यवहारबाट पराङ्मुख भई मायामोह त्यागी इन्द्रिय निग्रह गर्दै निर्जन स्थलमा शारीरिक यातनासाथ तपोनुष्ठान गर्नु नै जीवनकर्तव्य हो- धर्म हो भन्ने भावनाको विपरीत लोकजीवन मूलक कर्तव्यलाई नै धर्म संझने सोचाइमा छन्। आश्रम धर्मको समर्थनमा रही यिनी आश्रम व्यवस्थाका परम्पराको व्यतिक्रम ठीक होइन भनी प्रष्टयाउँछन्(११।७६) पाण्डवहरूको पुरूषार्थकर्मलाई हौसल्याउने क्रममा कवि कालिदासको भनाइ 'सारा दुनियाँको दु:ख कष्ट पन्छाउन, रक्षा गर्न समर्थ व्यक्ति नै क्षत्रिय हो' (रघु २।) जस्तै कवि भारवि पनि जो व्यक्ति सज्जनहरूको रक्षागर्न समर्थ छ- त्यही नै क्षत्रिय हो' (२/८) क्षत्रिय धर्म हो-भन्दछन्। यसरी धार्मिक कृत्यलाई व्यावहारिकताप्रति संकेतित गर्ने भारवि लौकिक व्यवहारलाई नीतिसम्मत पार्न र कर्तव्य परायण बन्न दृढ छन्। यिनका नीतिसम्मत धारणाहरू सूक्तिको रूपमा पथप्रदर्शक बन्दै सदा ग्राह्य र शाश्वत देखापर्छन्। यहाँ भएका भारविका हरेक प्रस्तुति लोकजीवन र भावना- अनुकूल व्यवहारसम्मत मान्य र पथ्य छन्। गाउँघरको स्थिति, चाल चलन, लवाइ- खवाइ, पहाड पर्वत र त्यसप्रतिको लोक- अवधारणा, लोकविश्वास- आजापूजा र व्रत- उपवास, ऋषिमुनि- देवी देउता, यक्ष- गन्धर्व- अप्सरा इत्यादि सारा कवि- आधार लोकप्रति दर्शाइएका संमानका झलक हुन्। यहाँ कविले विभिन्न कोणबाट लोकप्रस्तुति संकेत

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गरेका छन् । उनको हेराई गहिरो सूक्ष्म र संक्षिप्त छ, संकेतात्मक छ । जीवनलाई क्रियावान् गराउने पक्षको छ । यही सूत्ररूपात्मक क्रियावान् जीवनप्रतिको संकेत नै महाकवि भारविका लोकचित्रणको अवगाहन हो ।

यस प्रकार जीवनवादी परम्पराको परिपोषक बन्दै भारविले मानव जीवनलाई साधनापरक भावानुभूतिसाथ सक्रिय गराइरहेछन् । उनको दर्शन साधनापरक छ, कर्तव्यपरायण र जीवनमूलक छ । अतः उनी कल्पनाको लहर वा उडन्ते भावनामा विमुग्ध नबनी साहित्यिक स्पन्दनलाई जीवनगत उच्छ्वास र स्पन्दनसँग एकरस गराउने प्रयत्नमा छन् । यसैले उनको साहित्यिक लोक अवधारणा लौकिकजीवन जगत् र पृष्ठभूमिसँग सम्बद्ध बनिरहेछ । अतः उनी लोकजीवनको सान्निध्यप्राप्त कविको कोटिमा ग्राह्य छन्, लोकगायकको रूपमा आदरणीय छन् ।

□

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

महाकवि भारवि र किरातार्जुनीम्

(क) कवि परिचय

"काम कहिले पनि हतपताएर बिना विचार नगर्नु,
किनभने अविवेक नै आपत्तिको उपल्लो दर्जा हो,
समस्त सम्पत्ति गुणका चाखी हुन्छन् । यसैले
तिनीहरू विवेकसाथ काम गर्ने मान्छेहरूसँग स्वयं लरी पर्न आउँछन्'

यो भनाई हो महाकवि भारविको । यसरी साहित्यिक अभिव्यक्तिमा जीवनदर्शनको सरसता प्रकट गर्ने र आफ्नो महाकाव्यका हरएक पद्यमा अर्थ गौरवता प्रदान गरी र समय सिर्जनाले पाठक मन लोभ्याउने महाकवि हुन् भारवि । भारविको वास्तविक जीवन अन्योलमा रुमलिएको छ । कतिपय कविका रचनाहरूको अध्ययनबाट उनीहरूका जीवनीको सम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष केही कुरा बुझ्न सकिन्छ– जीवनरेखा तयार हुन सक्तछ, तर महाकवि भारविको सम्बन्धमा 'किरातार्जुनीयम्' चूपचाप छ । महाकवि भारविको उल्लेख सर्वप्रथम कविकालिदाससँगसँगै वि.सं. ६९१ मा जैनकवि रविकीर्तिले एहोल शिलालेख (दक्षिणभारत) मा गरेका थिए । त्यसपछि यिनको सम्बन्धमा पाश्चात्य– पौरस्त्य दोहरै तिरका विद्वान्हरूले प्रशस्त खोजी गरेको देखिन्छ, तर पनि पत्यारलाग्दो जीवनी भने कसैले दिनसकेको पाइन्न । उहिल्यैदेखि कविभारविको सम्बन्धमा विभिन्न मनगढन्ते कुराहरू परम्परागत रूपमा प्रचलित भएका सुनिन्छन् । किन्तु ती भनाइ कुनै पनि विश्वासिला बुझिन्नन् । यिनको सम्बन्धमा परम्परागत र धेरै प्रचलित कथा निम्न प्रकारको छ–

महाकवि भारविका बाबु पढेलेखेका, जानिफकार थिए । यिनका

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

एकमात्र छोरा भारवि सानैदेखि विशेष प्रतिभावान् र चतुर थिए। यिनले आफ्नो बाबुसँग र अन्य विशिष्ट विद्वान्हरूसँग समेत पढी आफ्नो बाबुभन्दा पनि अझ राम्रो विद्वत्ता हासिल गरे। फलतः जल्दोबल्दो तरुन्याई र विद्वत्ताको मपाईले गर्दा यिनमा चर्को घमण्ड बढ्न थाल्यो। यिनको यस अभिमानलाई मथर गराउन भारविका बाबुले धेरै संझाए, बुझाए, सक्तो कोशिस गरे, तर केही लागेन। आखिर छोराको अभिमान हटाउन यिनका बाबुले विद्वत् क्षेत्रमा भारविको बदख्वाई गर्न थाले, जसले गर्दा विद्वत्समाजमा यिनको अहं स्थिर हुन सकेन, बाबुको आफूप्रति यस्तो व्यवहारदेखि भारविलाई असह्य भयो। रिसको प्रचण्डतामा उनले बाबुलाई समाप्त गर्ने योजना तयार गरे।

कुरा यस्तै थियो। प्रसंगवश छोरालाई होच्याई उडाएर कुरा गरेको सुनेकी भारविकी आमाले मनकटाउँदै आफ्नो पतिसँग गुनासो पोखिन्। बुढियाको गुनासो सुनेर बुढाले यथार्थ कुरो बताए–

'मैले यस्तो गर्दा गर्दै त उ अभिमानले गमक्क छ, नत्र त छोरो के हुन्थ्यो के? मैले कहाँ उसको कुभलो सोचेर त्यसो गरेको हुँ र? उ अभिमानले विग्रन आँट्यो, उसमा अभिमानको बडप्पन नहओस्– विद्वत्ता खारियोस् र सबैमा उ हाइ– हाइ हओस् भन्ने सोचेर पो मैले यसो गरेको हुँ। साँच्ची नै भन्ने हो भने त हाम्रो छोरो जस्तो प्रतिभा र विद्वत्ता भएको मान्छे नै को छ र! त्यो कुरा त मलाई पो थाहा छ– तँलाई के थाहा?'

घरभित्र यस्तै सुखदु:खका गन्थन भैरहेको समय टुप्लुक्क आइपुगेका भारविले पनि केही सुनेर-बुझे। उनलाई विद्वत्समाजमा बाबुले हलुक्याएको र बदख्वाई गरेको अपमानको रहस्य खुलस्त भयो। बाबुलाई मार्छु भनी अठोट गरेकोमा अब उनलाई पश्चाताप हुन थाल्यो। उनी मनैमन दिग्दार र खिन्न भए। पितृहत्या निति बनाइएको योजना बापत उनी प्रायश्चित गर्ने अठोटमा लागे। यस निति उनी एक वर्षसम्म गाई चराई ससुराली बस्ने निश्चयमा पुगे।

प्रस्तुत काव्य उनी ससुराली बसी गाई चराउँदाको बखत सिर्जना गरिएको होला भन्ने मानिसहरूको अडकल छ। यस प्रसंगमा उनीहरू

१८१०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

पहाड– पर्वतको घतलाग्दो सजीव बयान, फुकारको गौचरन गरी फर्कँका गाईवस्तुहरू, साँडे– साँडेको जुधान, गाई हेर्ने गोठाला– गोठाल्नी, गोठ-बसी दही मथेको आदि आदि प्रत्यक्षरूपको सजीव वर्णनलाई नै अधि साछँन् (४।१०– १७)।

दुलहा आफ्नो माइत (ससुरालीघर) बसी गाई चराउँदै गरेकोमा श्रीमती भारविलाई धेरै खिन्नता लाग्नु स्वाभाविक हो। शायद यस प्रसंगले गर्दा उनी महिला जगत्मा तिरस्कृत र अपहेलित पनि भइहोलिन्। पैसाको अभावमा आर्थिक पीडा र अपहेलनाको डाहले गर्दा उसको हृदयमा वेदना जल्न थाल्यो, दिल धेरै खिन्न भयो। एक दिन– यी सबै कुरा एक्लास पारी उनले आफ्नो खसमलाई सुनाइन्, अनि भारविले आफ्नो काव्य 'किरातार्जुनीयम्' अन्तर्गतको एउटा श्लोक–

> सहसा विदधीत न क्रियामविवेकः परमापदां पदम्
> वृणुते हि विमृश्यकारिणं गुणलुब्धाः स्वयमेव सम्पदः २/३०

लेखिदिएर श्रीमतीलाई बजार गई कुनै धनी सेठकहाँ सो धितो गरी काम चलाउने सल्लाह दिए। सो अनुसार केही ऋण लिई उनी आइन्। सेठ्की श्रीमतीले पनि सो श्लोकलाई फ्रेममा सजाई आफ्नो कोठाको अघि छर्लङ्ग देखिने गरी टाँसिन्। व्यापारको सिलसिलामा वर्षौंदेखि बेपता भएको श्रीमानलाई पर्खी उनी छोराको मुख हेरी बसेकी थिइन्। छोरो चौध-पन्ध्र वर्षको जवान भैसकेको थियो। वर्षौंपछि सेठ् घर आइपुग्यो। घरमा आफ्नी श्रीमतीसंग कुनै नयां केटो मस्त सुतिरहेछ। यस्तो स्थिति देख्ता उसलाई रिसले भाउन्न भयो, अनि हत्याको आशयले उसले खुकुरी उठायो - चानसवस खुकुरी टांसिराखेको भारविको कविताको फ्रेममा टक्कराउन पुग्यो यसो हेर्छन् त 'सहसा विदधीत न क्रियाम' आदि अर्थात् काम कहिल्यै पनि विना विचार हतपताएर नगर्नु, किनभने अविवेक नै ... यो देखेर उसलाई प्रभाव पर्‍यो, टक्क अडियो। सोच - विचार र सोध-खोजमा लाग्यो, आखिर आफ्नै छोरो। यसपछि उसले सोध खोज गरी सो श्लोकको रचयिता महाकवि भारविलाई ससंमान ठूलो आदर गर्‍यो रे! उनी पनि प्रायश्चितको नियत समय पूरा गरी घर फर्के रे!

यो पत्याउ नसक्नु किंवदन्ती हो। यसलाई श्रद्धा वा विश्वासको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आँखाले हेर्न सकिदैन । कारण यो स्वयंमा अतिरञ्जनापूर्ण छ र यस सम्बन्धी प्रामाणिक सुईकोसम्म पनि कतै भेट्न सकिएको छैन् । फेरि यिनको काव्य 'किरातार्जुनीयम्'को अध्ययनबाट पनि यिनको थातुथलो, जीवनी र रचनाः समय आदि बारे फुट्टी सघाउ मिल्दैन । यसरी कवि भारवि अन्योलको अवस्थामा छन् ।

> 'भारविको जीवन सम्बन्धमा हामी केही जान्दैनौं, यद्यपि काव्यालोकका नक्षत्रहरूमा महत्वको दृष्टिले यिनको दोश्रो स्थान छ'

यो भनाइ हो– पाश्चात्य विद्वान् ए.बी. कीथको । यसरी संस्कृत साहित्यको क्षेत्रमा कालिदास पछिको स्थान भारविलाई दिइएको भेटिन्छ । कारण संस्कृत साहित्य जगत्‌मा नयाँ बौद्धिकवादी मोडको थालनी गर्ने पहिलो प्रतिभा भएकोले कवि कालिदासको हाराहारीमा यिनलाई स्थान दिइएको हुन सक्तछ ।

कवि भारविको जीवन समयको सन्दर्भमा एउटा क्षीण आधार छ– दक्षिण भारतमा रहेको एहोलको शिलालेख । यो शिलालेख सम्राट् हर्षबर्द्धन (वि. सं. ६६३– ७०४) का प्रतिद्वन्द्वी पुलकेशी दोश्राले वि.सं.६९१ (ई.स. ६३४) मा मन्दिर स्थापनाको प्रसंगमा लेख्न लगाइएको हो । यहाँ कुनै जैनकवि रविकीर्तिले आफ्ना आश्रयदाता चालुक्य नरेश पुलकेशी दोश्राको र उनका बंशको सविस्तार बखान गाएका छन् । अनि यस शिलालेखको आखिरीमा लेखिएको छ –

> 'जुन विद्वान्, विवेकी रविकीर्तिले यस मन्दिर निर्माणको आयोजना गरे, उनी कविताको क्षेत्रमा कालिदास र भारविको बराबरी कीर्ति भएका छन्'[1]

यस अभिलेखको आधारमा बुझिन्छ– यस समय (६९१) सम्ममा भारविले भारतवर्षमा राम्रो नाउँ कमाइसकेका थिए । अनुमान लगाउन सकिन्छ– सामान्यत: कुनै पनि नयाँ कविको भारतभर कीर्ति फैलन त्यो

---

१. येनायोजि नवेश्म स्थिरमर्थविधौ विवेकिना जिनवेश्म
स विजयतां रविकीर्तिः कविताश्रितकालिदास– भारविकीर्तिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

जमानामा करिब सयवर्ष जति लाग्यो होला । अत: अनुमान छ– भारविको समय ईसाको छैटौं शताब्दीको उत्तरार्द्ध तिर होला भन्ने । यस हिसाबले सम्राट् हर्षवर्द्धन (वि.सं. ६६३–७०४) का दरवारिया कवि वाण भट्ट-भन्दा कवि भारवि पुराना ठहरिन्छन् । तर गद्यकवि वाणले आफ्नो गद्यकाव्य (आख्यायिका) 'हर्षचरित' मा आफ्ना अग्रज कविहरूको प्रशंसा गर्दा भास, कालिदास आदि आठ कविहरूको नामोल्लेख गरी स्मृतिका फूलथुंगा चढाएका छन् । तर यहाँ भारविको नाउँ भने लिइएको छैन। उनले भारविको नाउँ विर्सेका हुन् वा उनी प्रति कारणवश अनादर देखाएका हुन्– यो कुरा यहाँनेर विचारणीय छ । हुनसक्छ– समकालीन जस्तो भएकोले अति सन्निकटतावश हुने महत्ताप्रतिको उदासीनताले गर्दा आफूले ससम्मान लिइएको महान् अग्रजकविहरूको लर्कोमा उनले भारवि-लाई स्थान दिनु उचित ठानेनन् कि ?

जे होस्, महाकवि भारवि ईसाको छैटौं शताब्दीको पूर्वार्द्ध तिर आफ्नो कार्य समय अपनाएका र नेपालीसँग परिचित भएका व्यक्तित्व थिए । यिनको खास स्थान वारे चाहिं निधो हुन सकेको छैन, यिनको काव्यवाट पनि यस सम्बन्धी कुनै आभास पाउन सकिंदैन ।

(ख) संस्कृत महाकाव्य

'महाकाव्य' को अर्थ हो– ठूलो (विशालकाव्य) काव्यकृति। यसैले यहाँ ठिक्कका आठ सर्गहरू हुनु अनिवार्य वताइएको छ ।[२] जेहोस्; महान् आदर्श र चरित्र चित्रण गरिएको महान् (आठ सर्गभन्दा वढीको) काव्यकृति नै महाकाव्य हो । यहाँको 'महान्' शब्दार्थ– संकेत स्वरूपतिर नभई गुणतिर भएको तथ्य स्मरणीय छ । यही महाकाव्यात्मक परिभाषा प्रस्तुत गर्दै संस्कृत काव्यशास्त्रीय लाक्षणिक परपम्राको जग वसाउने; काव्य व्यवस्था सम्वन्धी पारिभाषिक धारणा प्रस्तुत गर्ने पहिला आचार्य हुन्– भामह (पाँचौं शदी) । यिनै आचार्यको लाक्षणिक परम्परामा साम-जिक सुधार प्रस्तुत गर्दै पश्चाद्वर्ती अन्य लाक्षणिक आचार्यहरू पनि यस मार्गमा गतिशील वनिरहेछन् । महाकवि दण्डीले भामहको नै काव्य परिभाषालाई आत्मसात् गरी इतिहास प्रसिद्ध कथानकमा आधारित

२. नाति स्वल्पा नाति दीर्घा: सर्गा अष्टाधिका इह । सा. द. ६/३२० ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सर्गबद्ध कलात्मक महान् काव्यकृतिलाई नै महाकाव्य संज्ञा दिएका छन् । यसपछिका आचार्यहरू– वामन, आनन्दवर्द्धन, अभिनव गुप्त, राजशेखर, कुन्तक, क्षेमेन्द्र, मम्मट, जयदेव, विश्वनाथ, जगन्नाथ आदिको मत पनि यही अग्रजहरूको भनाइमा नै बौद्धिक प्रखरता र सामयिक सुधार अनुसार किञ्चित थपघट गरी प्रस्तुत गरिएको देखा पर्दछ ।

पाश्चात्य आचार्यहरुले पनि जातीयभावना र क्रियाकलाप आदि वर्णित लोकप्रिय महान् कृति नै महाकाव्य हो भन्दै यहाँका कथानकको मूल निबन्धन नायकमा नै आधारित हुनुपर्छ भन्ने आशय व्यक्त गरेका छन् । अरस्तुको आशय अनुसार जीवनको आद्यन्त घटना– वर्णित आनन्ददायी अनुकरणात्मक महान् कृति नै महाकाव्य हो, यहाँ छन्दोविधान हुन्छ र कथानक ऐतिहासिक सामग्रीमा आधारित हुनसक्छ । यहाँ कविद्वारा अवान्तररूपमा पूर्वकालिक या समकालिक घटना वर्णन राख्न सकिन्छन् । अतः महाकाव्यद्वारा युगजीवनका विविध पक्ष तथा स्वरूप आदि उद्घाटित हुनु स्वाभाविक हो भन्ने छ । यसरी महाकाव्य समाजसापेक्ष र युग-जीवनको दर्पण भनी केलाउनु त्यति अस्वाभाविक छैन ।

आधुनिक साहित्य समीक्षक विद्वान्हरूको रायमा सोच्ने हो भने महाकाव्य महान् चरित्र वा घटना प्रस्तुत गर्ने सामाजिक परिवेशमा विरचित जीवनगत घात– प्रतिघात आत्मसात् गरेको महान् कलाकृति बन्न गएको छ । यसले कुनै पनि प्रकारको समसामयिक सामाजिक सन्देश समाज समक्ष उतार्दै सामाजिक विकारको सूक्ष्म मनोविश्लेषण प्रस्तुत गरेको हुन्छ । यहाँ वर्तमान युगलाई आत्मसात् गरिएको हुन्छ र यहाँका समस्या अभाव र अन्धपरम्परा, विकृति र विद्रोह आदि केलाई तिनीहरूप्रति विरोध दर्शाउँदै समाजसुधारको सन्देश प्रदान गरिएको हुन्छ । यो खास– खास लाक्षणिक गोरेटोमा नै सीमित रहेको हुनुपर्छ र यसका काव्यात्मक लक्षण सीमाबद्ध हुन्छन्, निर्णीत हुन्छन् भन्ने ठोकुवा चाहिं यहाँ मान्य हुन सक्तैन, केवल विचारणीय एउटा सामान्य आधारमात्र यहाँ उल्लेखनीय छ ।

यही पूर्वीय काव्यशास्त्र– सिद्धान्त अनुसार महाकाव्यको परिभाषा अन्तर्गत निबद्ध महाकाव्यात्मक कृतिको रूपमा 'किरातार्जुनीयम्' विश्व-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

प्रसिद्ध छ। यहाँ महाकाव्य अनुकूल गरी हरएक घटना र वर्णन, पात्र-पात्रा र अभिव्यक्ति आदि प्रस्तुत छन्। यसैले संस्कृत साहित्यमा पाइने महाकाव्यहरूको लर्कोमा 'किरातार्जुनीयम्' को स्थान र महत्ता अद्वितीय प्रकारको छ।

(ग) परिचय: किरातार्जुनीयम्

महाकवि भारविको नाउँलाई विद्वत्समाज अमर राख्ने उनको एउटामात्र ग्रन्थ उपलब्ध छ, त्यो हो– किरातार्जुनीयम् (महाकाव्यम्)।

काव्य लेख्नका अनेक उद्देश्यहरू बताइएका छन्। काव्य प्रयोजनको प्रसंगमा संस्कृत काव्यशास्त्रका आदि आचार्य भरत मुनिले जनहितलाई नै प्रमुख स्थान दिइएको पाइन्छ। अनि भामहले चाहिं असलकाव्यको अनुशीलन वा रचनाद्वारा धर्म, अर्थ, काम, मोक्ष तथा कलाहरूमा विचक्षणता प्राप्त हुन्छ भनेका छन्। यस्तै अरु अरु संस्कृत काव्यशास्त्रकारहरूले पनि आ-आपना किसिमको काव्य प्रयोजनहरूको उल्लेख गरेको देखिन्छ। प्रसिद्ध आचार्य मम्मटले ६ प्रकारका काव्य प्रयोजन बताएका छन्। तिनीहरू मध्ये एउटा प्रयोजन हो– यश:प्राप्ति। कविकालिदासले नाउँ कमाउनाको निम्ति काव्य लेखिरहेछु भनेका छन् (रघुवंश १) नराम्रो चीजको नाश गरी ज्योति (उज्यालो) तिर उन्मुख गराउन प्रेरणादिनु पनि कविको उद्देश्य (काव्य–प्रयोजन) भएको बुझिन्छ। यही उद्देश्यलाई अप्रत्यक्षत: मनभित्र राखी बौद्धकवि अश्वघोषले आपना काव्यहरू (सौदरानन्द र बुद्धचरित) लेखेका थिए। आपनो काव्य सौन्दरानन्दमा उनले खुलस्त गरी भनेका छन्–

> मैले काव्यकौशल वा पण्डिताई छांटन काव्य लेखेको होइन, किन्तु सांसारिक मोजमज्जामा डुबी आफ्नो अमूल्य जीवनयात्रालाई विषय भोगतिर लगाई जिन्दगी बरबाद गरेका मान्छेहरूको ध्यान बौद्धमार्गअनुकूल निर्वाणपथतिर लागोस् भनी मानिसहरूलाई सत्कर्म प्रति प्रेरित गर्न नै यो ग्रन्थ बनाइएको हो"

जेहोस् आ–आफ्नो प्रतिभा, बुता र बुद्धिले भेटेसम्म सारा कवि कलाकारहरूले ज्ञान, कर्तव्य र जीवन मार्ग प्रदर्शित गर्न कोशिस गरिरहे-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

छन् । महाकवि भारविले पनि राजा र प्रजाको कर्तव्य कस्तो हुनुपर्दछ, जीवनको मूल लक्ष्य के हो ? इत्यादि लोकोपकारी उद्देश्य लिएर नै 'किरातार्जुनीयम्' लेखिएको बुझिन्छ । एउटै चन्द्रमाले उज्यालोद्वारा नाम कमाए झैं यिनले पनि एउटा महाकाव्यद्वारा जगत्‌मा ठूलो नाम कमाएका छन् । यो १८ सर्गमा लेखिएको र महाभारतीय कथामा आधारित महाकाव्य हो । यहाँ कवि कल्पनाको कौशलद्वारा निर्मित कथावस्तुको पनि अत्यधिक समावेश छ । वनवास परेका पाण्डवहरू द्वैतवनमा रहेको समय राजा दुर्योधनको वस्तुस्थिति चालचलन बुझ्न राजनीतिक पोलेसीमा खप्पीस एउटा गुप्तचरलाई हस्तिनापुर पठाउँछन् । समस्या, लोकजीवन र हालखबर बुझी हस्तिनापुर (दिल्ली)बाट फर्की महाराज युधिष्ठिरलाई गुप्तचर दुर्योधनका शासनको हालचाल बताउन थाल्दछ– यही प्रसंगलाई नै कविले यहाँ आफ्नो महाकाव्यको उठान बनाएका छन् । संक्षिप्तमा यस महाकाव्यको कथानक निम्न प्रकार छ–

१. सर्ग:– दुर्योधनले आफ्नो राम्रो व्यवस्थित शासन परिपाटीद्वारा प्रजाको हृदयलाई खिची राज्यमा सुखशान्ति फैलाएको यथार्थ बयान गरी राजा युधिष्ठिरद्वारा हस्तिनापुर–राज्य शासनज्ञान निति प्रेषित गुप्तचर– वनेचर उपहार सहित बाटो लाग्दछ । सो खबर सुनेकी रानी द्रौपदी महाराज युधिष्ठिर सामु आफ्ना जीवनका पहिलेका सुखचयन र हालको वनवासको दु:खी जिन्दगीलाई याद गराउँछिन्, अनि युधिष्ठिरलाई तुरुन्त नै दुर्योधनसित लडाइँ गर्न भनी उराल्छिन् ।

२. सर्ग:– भीमसेन पनि द्रौपदीको सल्लाहलाई समर्थन गर्छन् र युधिष्ठिरको सहनशीलता प्रति झर्किएर बम्कन्छन् । द्रौपदी तथा भाइ भीमको कुरा सुनेका राजा युधिष्ठिर शत्रुसँग लड्ने समय अलि आइपुगेको छैन, केही काल पर्ख, कुनै पनि कुरा हत्पताएर हुन्न– खामोस खानु पर्छ, धैर्य लिनुपर्छ आदि भनी संझाउँछन् । यसै समय अकस्मात् महर्षि व्यास देखापर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

३. सर्ग:– व्यास– युधिष्ठिरको कुराकानी, व्यासको पनि दुर्योधनसँग लड्ने नै सल्लाह, किन्तु दुर्योधन पक्षका भीष्मादिको अजेय वल– पराक्रम वयान गरी उनी अर्जुनलाई अस्त्र-विद्या सिक्ने सल्लाह दिन्छन् । यस निति यक्षले तिमीलाई हिमालय (इन्द्रकीलपर्वत) लगिदिनेछ भनी व्यास अन्तर्ध्यान हुन्छन् । पाण्डवहरू आपसमा सल्लाह गरी, हृदय-भरी द्रौपदीले दिएको हौसला लिई अर्जुन यक्षको साथ इन्द्रकील पर्वत पुग्दछन् ।

४. सर्ग:– महाकाव्यको अनुसार शरद् ऋतुको मनोहर वर्णन । यहां आधा वयान स्वयं कविको मुखवाट र अरू आधा वयान चाहिं यक्षको मुखवाट गराइएको छ ।

५. सर्ग:– विविध छन्दहरूको प्रयोग । हिमालयको मनोहर वर्णन । हिमालयको फेदीमा पुगे पछि यक्ष आफ्नो निवासस्थानतिर लाग्दछ । अर्जुन तपस्या– आराधनाको उद्देश्यले एक्लै तहीं रहन्छन् ।

६. सर्ग:– अर्जुन इन्द्रकील पर्वतमा चढ्छन् । अनि विधिपूर्वक तपस्या गर्न थाल्दछन् । यिनको कठोर तपस्यादेखि इन्द्रकील रक्षक गुह्यकहरू सो खवर देवराज इन्द्रलाई विन्ती गर्दछन् । पुत्रप्रेमले अर्जुनका धैर्यको परीक्षा गर्न इन्द्र, अप्सरा र गन्धर्वहरूलाई खटाउँछन् ।

७. सर्ग:– अप्सरा र गन्धर्वहरूको रमाइलो हिंडाइ, इन्द्रकील पर्वतमा उनीहरूको आगमन । तिनीहरूका हात्ती, रथ, पाल आदिको वयान । हात्तीका गुणहरूको वयान र प्रशंसा ।

८. सर्ग:– अप्सरा र गन्धर्वहरू पाल छाडी विभिन्न फूलहरू जम्मा गरी सजाउन थाल्दछन् । रमाइलो खेल– वहाडमा मस्त हुन्छन् । मन्दमन्द सुमधुर शीतल हावाद्वारा गंगा तिनीहरूलाई निमन्त्रणा गर्दछिन् । यहाँ गरिएको अप्सरा र गन्धर्वको जलक्रीडा वर्णन ज्यादै राम्रो र रमाइलो छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

९. सर्गः– सूर्यास्तको र चन्द्रोदयको बयान। जुनेली रात– टहटह जुन लागिरहेछ। अप्सरा र गन्धर्वहरू विभिन्न ढंगले कामक्रीडामा मस्त हुन्छन्। परस्पर मद्यपान चल्दछ। यही मोजमज्जा (कामक्रीडा) मा व्यस्त हुँदा हुँदै रात छर्लङ्ग बित्दछ– उज्यालो पनि हुन्छ।

१०. सर्गः– आफ्नो कर्तव्य संझी अप्सराहरू अर्जुनलाई भुलाउने उद्देश्यले उनको नजीक जान्छन्। छवोटै ऋतुहरू फैलाउँछन्। विभिन्न नखरा पार्न थाल्दछन्। तर दृढप्रतिज्ञ अर्जुनको विचार वा हठतालाई उनीहरू कत्ति पनि प्रभावित पार्न सक्तैनन्, आखिर उनीहरू आफ्नो उद्देश्यमा विफल भएर लाजमानी फर्कन्छन्।

११. सर्गः– बाहुनको भेष लिएर देवराज इन्द्र अर्जुनको नजीकै आउँछन्। उनी– 'क्षत्रियको तन्नेरी उमेर तपस्या गरी खेर फाल्ने समय होइन' भनी अर्जुनलाई संझाउन थाल्दछन्। अर्जुन पनि राम्रोसँग जवाफ फर्काउँछन्। अर्जुनको बोलीद्वारा खुशी भई इन्द्र पनि आफ्नो स्वरूपमा उत्रन्छन्; अनि शिवको आराधना गर्ने उपदेश दिई अन्तर्ध्यान हुन्छन्।

१२. सर्गः– शिव आराधनाको बयान। अर्जुनको तपस्याद्वारा प्रभावित सिद्ध मुनिहरू शिवछेउ उनका तपस्याको बयान गर्छन्। शिवद्वारा ऋषिमुनिहरूलाई संझाई– बुझाई पठाइन्छ। यता अर्जुनलाई सिध्याउन वनेलको रूपमा 'मूक' नामक दैत्य आउँछ। अर्जुनलाई बचाई त्यस दैत्यलाई मार्न किराती शिव र उनका अनुचरहरू शिकारका निहुँले अर्जुनको आश्रमतिर जान्छन्। कविद्वारा भएको जंगली भेषको वर्णन धेरै रमाइलो छ।

१३. सर्गः– वनेल देखेर अर्जुनका अनेक तर्कना उठ्छन्। वनेलले आफूलाई बराबर झंटा दिएकोले अर्जुन वाण छोड्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

संगै किरातेश्वर शिवले पनि...। वनेल मर्दछ। वाण झिक्न जांदा मेरो मालिकको वाणले यो मरेको हो भनी एउटा किरांत अर्जुनलाई रोक्तछ। वादविवाद चर्किन्छ; अनि परस्पर लडाइँको हाका हाकी हुन्छ।

१४. सर्ग:– अर्जुन किरांतलाई संझाउँछन्। सो सबै ऊ आफ्नो मालिकलाई विन्ती गर्दछ। सेना सहित किरातराज शिव अर्जुनसँग लड्न आउँछन्। अर्जुन पनि एक्लै साहससाथ लड्दछन्।

१५. सर्ग:– आफ्ना छरलिएका फौजहरू एकत्रित गरी किरांतरूप शिवजी अर्जुनसँग अनेक किसिमले लडाइँ गर्दछन्, यहां लडाइँको लालित्यमय वर्णन छ।

१६. सर्ग:– भीष्म तथा द्रोणको वरावरी किरांतराजको युद्धकौशल-देखि अर्जुन छक्क पर्दछन्। यिनीसँग आपना शस्त्र-अस्त्र-हरूको राम्रो उपयोग गरी अर्जुन पनि जोडतोडसँग लड्छन्। लडाइँको विस्मयकारी वर्णन छ।

१७. सर्ग:– पहिले अर्जुनको र किरांतसेनाको ठूलो लडाइँ, अनि किरांतेश्वर शिवको र अर्जुनको धमासान युद्ध, यी दुवै लडाइँको प्रभाविलो र छक्क लाग्दो वयान प्रस्तुत छ।

१८. सर्ग:– किरांतराज शिव र अर्जुनको परस्पर मल्लयुद्ध हुन्छ। अकेला अर्जुनको ठूलो साहस र खूवी देखी किरांतरूप शिव छक्क पर्दछन्। अनि आफ्नो वास्तविक स्वरूप देखाई शिवद्वारा सांचो कुरा खुलस्त हुन्छ। इन्द्रादि देवता-हरू पनि तहीं नै आइपुग्दछन्। अर्जुन शिवको स्तुति गर्दछन् र वर माग्दछन्। शिव अर्जुनलाई पाशुपतास्त्र सहित धनुर्वेदको उपदेश दिन्छन्। इन्द्रादि देवताले पनि शिवको अनुकरण गरी अर्जुनलाई आ– आफ्ना अस्त्रहरू दिन्छन्। यसरी आफ्ना उद्देश्य प्राप्त गरी अर्जुन फर्कन्छन्

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

उनको दाजु युधिष्ठिर सहित अन्य दाजुभाइ र द्रौपदीसँग रमाइलो भेट हुन्छ, सबै खुशी र उत्साहित हुन्छन्। यत्तिकैमा संयोगान्त रूपले महाकाव्य टुंगिन्छ।

यस महाकाव्यको संक्षिप्त कथानक यत्ति हो। यही महाभारतीय स्वल्प कथात्मकतामा कविकौशलद्वारा महाकाव्यात्मक स्वरूप निर्मित भएको कुरा उल्लेखनीय छ। अतः प्रस्तुत महाकाव्य विषयवस्तु संयोजन; पात्र र प्रवृतिको सजीवता आदिको सन्निवेशद्वारा तीव्र र उत्कर्षपूर्ण पारी निर्मित गरिएको कुरा अविस्मरणीय छ।

(घ) कथास्रोत र कथा परिवर्तन प्रति कवि कौशल

'किरातार्जुनीयम्' महाकाव्यको कथात्मकस्रोत कुन हो र कहाँबाट लिइएको हो ? यहाँ के कस्तो मौलिकता र नवीनता छ, अनि महाकवि भारविद्वारा यहाँ के कति परिवर्तन-परिवर्द्धन गरिएको छ इत्यादि कुराहरू यस प्रसंगमा विचारणीय छन्।

'स्रोत' शब्दका विभिन्न अर्थ छन्। मुख्यतः कुनै पनि चर्चित ग्रन्थको प्रसंगमा, तत्-तत् ग्रन्थगत कथाधारा ग्रहण गरिएको मूल कृतिलाई स्रोत-ग्रन्थको रूपमा मानिएको छ। अतः जुन मूल ग्रन्थको आधारमा यहाँ वनवासी पाण्डवहरूको बयान र किरातअर्जुन-युद्ध तथा अस्त्रप्राप्ति प्रसंग लिइएको छ, सो ग्रन्थ नै यस 'किरातार्जुनीयम्' महाकाव्यको कथास्रोत हो। कुरुपाण्डवहरूको कथा महाभारत ग्रन्थमा मात्र नभै शिवपुराण, श्रीमद्भागवत आदि कतिपय पौराणिक ग्रन्थहरूमा पनि वर्णित छ। शिवपुराण, अध्याय ३७ देखि ४१ अध्यायसम्मको संक्षिप्त कथानक यस प्रकार छ-

पाण्डवहरूको तर्फबाट महाराज दुर्योधनको खबर बुझ्न गुप्तचरको रूपमा भिल्ललाई पठाइन्छ। दुर्योधनको हालखबर राम्ररी बुझी उसले सबै कुरा युधिष्ठिर समक्ष विस्तार गर्दछ। दुर्योधनको गौरवपूर्ण उन्नति; व्यवस्थित चालचलन र सजधजमय जीवनस्थिति आदि देखि पाण्डवहरू चिन्तित हुन्छन्। यही समय शिवपंचाक्षर मन्त्र जप्तै भगवान् व्यासको आगमन हुन्छ। व्यासद्वारा शिवपूजाको विधान र अर्जुनलाई इन्द्र सम्बन्धी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

विद्याको उपदेश तथा पार्थिव पूजाविधि समेत बताई भगवान् व्यास अन्तर्ध्यान हुन्छन् ।

यहाँ देवयोनिविशेष यक्षजातिको प्रसंग छैन ।

यसपछि वीर अर्जुन दाजुभाइहरूसँग विदा भई शिव आराधना निति प्रस्थान गर्दछन् । उनी इन्द्रकील पर्वत– गंगातटमा पुगी तपस्यामा लाग्दछन् । तपस्यारत अर्जुन समक्ष इन्द्र प्रकट हुन्छन् । कुराकानी हुन्छ। तपस्या विधिवाट प्रभावित भई अर्जुनलाई प्रोत्साहनको साथै शिव आराधना विषयक उपदेश दिन्छन् र इन्द्र विदा हुन्छन् । अर्जुन आशुतोष भगवान्‌को आराधनामा लाग्छन् । आशुतोष संतुष्ट भएको स्थितिमा दुर्योधन प्रेषित 'मूक' दानव शूकर वेषमा अर्जुनलाई सिध्याउन आइपुग्छ । शूकरवेष धारी मूक दानवको दुष्ट प्रहारवाट वच्न अर्जुनवाट वाण प्रयोग हुन्छ-संगसंगै किरात वेषधारी शिववाट पनि । अर्जुनको वाण शूकरवेषधारी दानवको मुखतिर र किरातेश्वर शिवको वाण पुच्छरतिर लाग्दछ । अर्जुनको वाण मूकदानवको मुखलाई छेडी जमिनमा गड्न पुग्छ, मूकदानव परंधाम हुन्छ ।

गणसहित किरात मूकदानव प्रति छोडिएको आफ्नो वाण लिन त्यहाँ आइपुग्छन्, अर्जुन पनि त्यहिं पुग्छन् । किरातगणले दुवै वाण आफ्नो भनी लिन थाल्छन्, अर्जुन र उसको विवाद चल्दछ । युद्ध शुरू हुन्छ। यही युद्धक्रममा शिवजीको आराधना गरी अर्जुनले किरातका दुवै पाउ पक्री उसलाई घुमाउन थाल्दछन् । यस स्थितिमा भगवान् आशुतोष शिव ईषद्‌हास्य गर्दै अर्जुनसंमुख आफ्नो स्वरूपको झल्को प्रदर्शित गर्न पुग्नु हुन्छ । अर्जुन चकित र लज्जित वन्दछन् र स्तुति गर्न थाल्दछन् । किरातरूप शिववाट खुशीसाथ अर्जुनलाई पाशुपतास्त्र प्रदान गरिन्छ । शिव पुराण अन्तर्गतको कथा यति हो ।

यस्तै श्रीमद्भागवतमा पनि कुरुपाण्डवको संक्षिप्त कथानक छ। अनि अरु पौराणिक ग्रन्थहरूमा पनि महाभारतीय कथाको संक्षिप्त संकेत पाउन सकिन्छ । यसरी कुरुपाण्डव कथा पौराणिक साहित्यहरूमा संकेतित देखिएता पनि मूलतः प्रस्तुत महाकाव्यको आधा महाभारत वनपर्व (अध्याय ३० देखि ४१ अध्यायसंम) वाट लिइएको भनी मानिएको छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

साथै महाकाव्यगत वर्णनबाट अनुभव हुन्छ– भारवि श्रीमद्भागवत, शिव पुराण आदिसँग पनि राम्रो परिचित थिए। अत:महाकवि भारविले पौराणिक ग्रन्थहरूको अध्ययनको साथसाथै महाभारतको अध्ययन, मनन गरी महाभारतीयकथालाई आफ्नो रूपमा खारेका र भावग्राहिशिल्पको कुशलता प्राप्त गरेका थिए। अत: उनको सारग्राहिणी विद्वत्ता र कल्पनाशील प्रतिभाको नैपुण्यद्वारा यहाँ घटनावलीले आफ्नो रूप ग्रहण गरेको बुझिन्छ। यहाँ कतिपय यस्ता वैषम्य वा परिवर्तित स्थलहरू छन्, जो औचित्यपूर्ण कथानक निर्माण निति भारविले आफ्नो शिल्पकारिता प्रदर्शित गरिरहेछन्। यो कथाशिल्प र स्रोत निति भारविले कहाँ– कताबाट प्रेरणा लिइरहेछन्? सो कुरा मननीय छ।

महाकवि भारवि महाभारतको रचनाशिल्प र घटनावलीसँग सुपरिचित थिए। तर पनि उनी यससँग के कति र कस्तो रूपमा नजिक भइरहेछन्, सो पनि प्रस्तुत सन्दर्भमा विचारणीय छ। दुवै ग्रन्थको कथानक प्रसंगलाई लिई हेरेमा यो राम्रो छर्लङ्गिने छ: पाण्डवहरू जुवाको शर्तले वनवास गइरहेछन् भन्ने कुरा थाहा पाई उनीहरूलाई भेट्न यादवहरू काम्यक वनमा आए। परस्पर सुख दु:ख र सहयोगका गुनासो पछि उनीहरू द्वारका फर्कन्छन्। पाण्डवहरू वनमा नै अलि बस्न लायक राम्रो सुविस्ताको ठाउँ खोज्दै 'द्वैत' नामको वनमा पुग्छन्। हस्तिनापुरमा दुर्योधनको राम्रो चलती– फिर्ती, चकाचौंध चलेको, उसले आफ्नो सारा राज्यमा आफू विशेष प्रजाप्रेमी बन्ने भावना राखेको र दु:शासनको युवराजत्वमा शासन चलाउँदै गरेको आदि खबर यादवहरूलाई दूत मार्फत मिल्दछ। यस खबरले द्रौपदी र भीम विशेष सन्तापित बन्दछन्। द्रौपदी युधिष्ठिरको मनमा शत्रुप्रति क्रोध जगाउने र उनलाई उत्साहित पार्ने सुरले आफ्नो गुनासो पोख्न थाल्छिन्। महाभारत तथा महाकाव्य दुवै ग्रन्थ अन्तर्गतका यतिखेरका द्रौपदीका भनाइ विशेष मिल्दा जुल्दा– तुलनीय छन्:

> दान्तं यच्च सभामध्य आसनं रत्नभूषितम्
> दृष्ट्वा कुशवृषीं चेमां शोको मा प्रदहत्ययम्, वन– २७/११

पहिले सभाभवनको रत्नजडित हात्तीदाँत सजिएको सिंहासनमा हजुरको राज हुन्थ्यो, सो (हजुर) आज यो दिइने कुशको ठेट्नामा पल्टिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

भएको छ । तपाईंको यो उराठलाग्दो दयनीय स्थितिदेखि मनमा भिडा-रिएको खपिनसक्नु विझ्दो शोक सन्तापले मलाई जलाइरहेछ । यस्तै – यस्तै भावको 'किरातार्जुनीयम्' को रचना:

पुराधिरूढ: शयनं महाधनं विवोध्यसे य:स्तुतिगीतिमङ्गलै:
अदभ्रदर्भामधिशय्य स स्थलीं जहासि निद्रामशिवै :शिवारुतै: । १।३८

अघि हजुरहरू मूल्यवान् कमलो आनन्ददायी ओछयानमा सुत्नु हुन्थ्यो र स्तुति मङ्गलका कर्णप्रिय सुमधुर रागमा आँखा खोल्नु हुँन्थ्यो- व्युँझनु हुन्थ्यो । सोहजुरहरू आज विझ्ने–चस्चसी घोच्ने कुशको ठेट्ना भरिएका जंगली भूमिमा पल्टिनु भएको छ, स्यालको उराठलाग्दो अलच्छिना 'हुय्या !' को आवाजसंगसंगै व्युँझनु हुन्छ उठ्नु हुन्छ । यस्तै द्रौपदीको अर्को भनाइ–

सत्कवानि सहस्राणि सर्वकामै: पूरा गृहे,
सर्वकामै: सुविहितैर्यदपूजयथा द्विजान्, वन २७।१७
अभोजयन्त मिष्टान्नै: सूदा परमसंस्कृतै:
सर्वांस्तानद्य पश्यामि वने वन्येन जीविन:, वन. २७।१९

महाराज, अघि राजभवनमा हजारौं सुवर्णपात्र थिए, जो खाद्यान्न पदार्थद्वारा भरपूर हुन्थे । हजुर इच्छानुसार प्रतिदिन सत्पात्र ब्राह्मणहरूको सत्कार गरिबक्सिन्थ्यो र पाकशाला (भान्सा) मा राम्ररी पकाइएको तयार गरिएको मिठो–स्वादिष्टखाना उनीहरूलाई खुवाउनु हुन्थ्यो, अनि आफू खानु हुन्थ्यो । त्यस्ता हजुरहरू आज वन वनै भौंतारिदै जंगलीहरूले जीवन धान्ने रुखा– सुखा कन्दमूल र फलफूलहरूबाट जिन्नगी धान्नु भएको छ, जीवन निर्वाह गरिरहनु भएको छ ।

यस्तै किरातार्जुनीयम्

पुरोपनीतं नृप रामणीयकं द्विजातिशेषेण यदेतदन्धसा,
तदद्यते वन्यफलाशिन: परं परैति कार्श्यं यशसा समं वपु: १/३९

महाराज पहिले हजुरको यो शरीर उपस्थित ब्राह्मणहरूको भोजन पछि उनीहरूले खाइ बचेको पवित्र खाद्यान्नबाट परिवर्द्धित हट्टा कट्टा सुगठित थियो– दर्शनीय थियो । तर पहिलेको हजुरको त्यस्तो राम्रो

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

शरीर आज जंगली रुखा सुखा फलहरुको आहारावाट कीर्तिको सँगसँगै ज्यादै क्षीण हुँदै गइरहेछ–दुर्वल भइरहेछ ।

यस्तै समताको स्थिति किरात पात्रको प्रसंगमा पनि छ । किरात पात्रलाई लिई हेरौं, महर्षि व्यास र महाराज युधिष्ठिरको सल्लाह अनुसार शस्त्रास्त्र प्राप्ति उद्देश्यले यक्षनिर्देशित मार्ग, स्थान र स्थिति पार गरी यक्षको सल्लाह र शुभेच्छा लिई अर्जुन इन्द्र आराधनामा लाग्छन् । अन्तत: अर्जुनलाई दर्शन दिई देवराज इन्द्रवाट भगवान् पशुपतिनाथको आराधना गर्ने सल्लाह मिल्छ– अर्जुन किरातरूप (शिव) को आराधनामा लाग्छन् । महाभारत वनपर्व अन्तर्गत अध्याय ३८– ४१ को यो प्रकरण 'किरात पर्व' नामले प्रसिद्ध छ । यहाँ किरात वेषमा उपस्थित भगवान् पिनाकपाणि शंकरको वर्णन छ । महाभारत अनुसार किरातको वेष लिएका भगवान् शंकर सुवर्णमय वृक्ष सरह दिव्यकान्तिद्वारा उद्भासित थिए र उनको शरीर चाहि मेरु पर्वत जस्तै दीप्तिमान् र विशाल थियो आदि भनिएको छ ।

यसरी किरातवेष धारी भगवान् भूतपति (शंकर) को उपस्थिति भएको कुरा महाभारतीय कथा तथा पौराणिक आधारवाट थाहा हुन्छ । महाभारत तथा महाकाव्य (किरातार्जुनीयम्) दुवैमा भगवान् किरातको स्वरूप– आकर्षक, प्रभाविलो, विशाल– दीप्तिमान् र भयकारी भएको कुरा संकेतित छ । फेरि दुवैले उनको हातले तेजस्वी वाण चढाएको अमोघ शक्तिशाली प्रकारको महान् धनुष्धारण गरेको थियो भनी वर्णन गरेका छन् । यहाँ काव्यात्मक अभिव्यक्ति मौलिक प्रकारको भए पनि कता– कता महाकवि भारवि महाभारतद्वारा प्रभावित भए जस्तो आभास मिल्दछ । जे होस्, हेरौं दुवै कविको वर्णन:

> कैरातं वेषमास्थाय काञ्चन द्रुम– सन्निभम्,
> विभ्राजमानो विपुलो गिरिमेरुरिवापर:
> श्रीमद्धनुरुपादाय शरांश्चाशीविषोपमान्
> निष्पपात महावेगो दहनो देहवानिव, वन–३९।२, ३

अर्थात् किरातवेशधारी भगवान् शंकर सुवर्णमय वृक्षसदृश दिव्य कान्तिवान् हुनुको साथै मेरु पर्वत सदृश शरीर भएका दीप्तिमान् र विशाल थिए । उनी एउटा सुशोभित धनु र सर्पसमान विषाक्त वाण लिएर वेगसाथ हाँनिदै हिंडे । उनको गति मानों अग्निदेव नै देहधारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

भई निक्लेका हुन् कि भने जस्तै तेजिलो थियो। यस्तै महाकाव्य 'किराता र्जुनीयम्' को अभिव्यक्ति:

इति तानुदारमनुनीय विषम हरिचन्दनालिना,
धर्मजनितपुलकेन लसद् गजमौक्तिकावलिगुणेन वक्षसा।
वदनेन पुष्पितलतान्तनियमितविलम्बिमौलिना,
विभ्रदरुणनयनेन रुचं शिखिपिच्छलाञ्छित कपोलभित्तिना।
वृह दुद्वहञ्जलदनाडिधनुरुपहितैकमार्गणम्
मेघनिचय इव संववृते रुचिर: किरातपृतनापति: शिव:
१२।४०-४२

अर्थात् भगवान् किरातेश्वर प्रभु, हरिचन्दनलेपित वक्षस्थलवाट पसिनाका धारा बगाउँदै रोमाञ्चित भइरहेथे। लाइरहेको उनको गज-मुक्ताको मालाले सूत्र(यज्ञोपवित) का स्थानको काम गरिरहेको थियो। मुखमण्डलमा लत्रिएको केशराशि पुष्पित लतातन्तुद्वारा बाँधिएको थियो। राता- राता आँखा भएको उनको गाला र कन्चटको भाग मयूरका प्वाँखले शोभा पाएको थियो। आकर्षित बनिरहेको थियो। यस प्रकारको किरात वेषधारी भगवान् शंकर वाण चढाइएको, मेघ जस्तो डर लाग्दो भीषण शब्द गर्ने भयानक धनुष् धारण गरी आकाशचारी मेघमण्डल झैं खडा भइरहे।

यस प्रकार यहाँका कतिपय घटना, वर्णन र कविभावनागत आधारहरू समेत दुवै काव्यमा परस्पर सामीप्य जनाउने खाले देखापर्छन्। दुवै कविका भावना र आदर्श पनि एकै एकै किसिमका छन्। यस्तै अन्य प्रसंगहरू, जस्तै युधिष्ठिर- उपदेश, व्यास आगमन र उपदेश, अस्त्र प्राप्ति, प्रकृतिवर्णन आदि कुराहरू पनि दुवै कृतिमा नजिक- नजिक पुग्ने खालका छन्। इत्यादि कतिपय आधारहरूले गर्दा प्रस्तुत महाकाव्यको स्रोत महा-भारतीय- रचना भएको तथ्य विशेष दृढ बनिरहेछ। यस कथालाई भावग्राहिशिल्पको कुशलताले महाकवि भारविद्वारा आफ्ना मौलिकतामा उतारिएको छ। अत: भारविको सारग्राहिणी विद्वत्ता र कल्पनाशील प्रतिभाको नैपुण्यद्वारा यहाँ घटनावलीले आफ्नो रूप ग्रहण गरेका छन्। यहाँ कतिपय यस्ता वैषम्य वा परिवर्तित स्थलहरू छन्- जो औचित्यपूर्ण कथानक निर्माण निति भारविले आफ्नो बौद्धिक कुशलतावाट विशेष काम लिएका छन्। यस प्रकारका केही स्थलहरू हुन्:

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

(क) मौलिक– पात्रनिर्माण,
(ख) प्रकृतिवर्णन,
(ग) वसन्त ऋतु,
(घ) अस्त्रप्राप्ति

इत्यादि प्रासंगिक परिवेशमा नै कविले आफ्नो बौद्धिक कुशलता; प्रतिभा परिचय र कृतित्व नैपुण्यप्रदर्शन गरेका छन् । यहाँ प्रदर्शित कवि-कौशल तथा शिल्प आफ्नो उच्चभावुकता र बौद्धिक गुरुताको तीव्र प्रवाहमा संचरित छ । यिनले आफ्ना पूर्ववर्ती अग्रजको भन्दा आफ्नो मौलिकताद्वारा काव्यात्मकतालाई अझ गौरवपूर्ण वनाइरहेछन् । यही वैशिष्ट्य प्रस्तुत सन्दर्भमा स्मरणीय छ । महाकवि भारविका यी उपर्युक्त विषयवस्तुको संक्षिप्त चर्चा प्रस्तुत छ:

(क) यहाँ भारविका पात्र मौलिक रूपमा उपस्थित छन् । हो, वनेचर, यक्ष आदिलाई छोडी द्रौपदी, भीम युधिष्ठिर आदि पुरानै पौराणिक पात्र मानिएलान्, तर यिनको प्रस्तुति, विचारविन्यास यहाँ भारविले सिद्धान्तत: मौलिकरूपमा प्रस्तुत गरेका छन् । अत: यहाँको पात्रगत प्रस्तुतिलाई मौलिक मान्नु स्वाभाविक छ । यिनको यहाँ भएको पात्रविन्यासरूपको परिवेश, अभिव्यक्तिगत प्रस्तुति ढाँचा र वर्णन आदि काव्यशास्त्रीय आधारमा महाकाव्यात्मक किसिमले प्रस्तुत गरिएको छ । यसले कविको सूक्ष्मदृष्टि, बौद्धिक गुरुता र प्रतिभा–विकासको भरपूर प्रयोग यहाँ काव्यशास्त्रीय आधारमा भएको छ भन्नु अस्वाभाविक छैन ।

यसप्रकार महाकवि भारविले शास्त्रीय अनुकूल महाकाव्यात्मकता निर्वाह त गरेका छन्, त्यस अतिरिक्त आफ्नो महाकाव्यमा पात्रपात्राहरूको सन्निवेश पनि औचित्यपूर्ण रूपले प्रस्तुत गरिरहेछन् । निश्चय नै विषय-वस्तुलाई स्वाभाविक र प्रखररूपमा जनसमक्ष उभ्याउने कार्य पात्रपात्रा-हरूले सम्पन्न गरेका हुन्छन् । यिनीहरूमा जनप्रतिनिधित्व रूपको गुरुतर-भार वहन गर्ने क्षमता हुनु पर्दछ । भारविका पात्रपात्राहरू यहाँ खास-खास मनोवृत्तिका प्रतीकको रूपमा छन् । उनीहरू सबै सचेत, सजीव र ज्यूँदा–जाग्दा छन् । फलत: यी जुनसुकै पात्रपात्राहरु पनि हाम्रो मानसिक अन्तस्तललाई घच्घच्याउन र गहिरो छाप पार्न समर्थ छन् । रानी द्रौपदी र महावली भीमको जोसिलो भनाई पढ्दा हाम्रो मनमा सबै साँचो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

ठीक-ठीक जंच्छन् (सर्ग १,२) अनि तिनीहरूको प्रतिवादको रूपमा प्रस्तुत गरिएको युधिष्ठिरको नीतिसंमत भनाइ पनि उत्तिकै अकाट्य लाग्दछ साथै ठीक र घतिलो पनि छ (सर्ग २)। त्यस्तै ठीक र चित्त बुझ्दो भनाइ पाइन्छ व्यासको, अनि अर्जुन बिदाइ वेला धोत्रिएको स्वरमा राजपुत्री द्रौपदीद्वारा मुस्किलसंग उकेलिएको शुभेच्छा (सर्ग ३)। त्यस्तै ठाउँ ठाउँको अर्जुन, किरात आदि पात्रहरूको भनाइ (छलफल, वर्णन, आदिको) प्रसंग पनि यहाँनेर स्मरणीय छ। अतः भारविका सबै सचेत पात्रहरूले हाम्रो मानसिक स्तरमा निरन्तर आघात गरिरहेका पाइन्छन्; जस्तो वीणाको जुनसुकै पनि एउटा तारलाई आघात पार्ना साथ उसका सबै तार वज्न थाल्दछन् त्यस्तै ती पात्र-पात्राहरू पनि हाम्रो मनोवीणाको सम्पूर्णतालाई झंकृत गर्न थाल्दछन्। अतः यिनीहरूमा हामी नाना प्रकारको तार्किक मनोवृत्तिको घात-प्रतिघात ज्यूँदोजाग्दो र लोभलाग्दो रूपमा विकसित भएको पाउन सक्तछौं।

अर्को कुरा-भारविको यस महाकाव्यले ऐतिहासिक सन्दर्भलाई पनि इंगित गरिरहेको बुझिन्छ। यहाँ तात्कालिक (छैठौं शताब्दी तिरको) भारतवर्षको सभ्यता र रहन सहन, वरव्यवहार आदिलाई उनले ठाउँ ठाउँमा काव्यात्मकरूपले प्रस्तुत गरिरहेछन्। निम्न मध्यमवर्गका किसान, गोठाला-खेताला, राजसी ठांटवांटका वैभवशाली वर्ग, साहु-महाजन र व्यापारी, गुप्तचर, सल्लाहकार र कर्मचारी, अनि वेश्या र गुण्डाहरू आदिको चित्रण पनि प्रत्यक्ष-अप्रत्यक्षरूपमा यहाँ प्रस्तुत छ। फेरि एकातिर वेश्याहरूको ठांटवांट र रहन-सहन, अनि वेश्यानुरक्त आचारहीन समाजको चित्रण आदि पाइन्छ भने अर्कोतिर गुप्तकालीन शासन सुप्रवन्धको मनोरम झांको पनि यहाँ प्रस्तुत छ। त्यस्तै गरीव कृषक समाजको पसिना तर-तराएको मनोरम चित्रण कतै चित्रित छ त कतै सुखशय्यामा लेटी आनन्दविभोर भएका वैभवशाली समाजको लोभ-लाग्दो वयान पनि यहाँ भेटिन्छ। अतः निम्न वर्गदेखि लिई वैभवशाली समाजसंमको दिल छुने चित्रण र काव्यात्मक खुराक भारविका महाकाव्यमा पाउन सकिन्छ भन्नु त्यतिविधि अत्युक्ति छैन। भारविद्वारा प्रस्तुत स्वाभाविक चित्रण, विझ्ने खालको अभिव्यक्ति, अर्थान्तरन्यासात्मक उक्ति, प्रवाहात्मक भाषा आदि असल गुणहरूले गर्दा नै संधै यस महाकाव्यले पाठकहरूलाई घच्घच्याई तानिरहेको अनुभव हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

(ख) प्रकृतिवर्णन

संस्कृत वाङ्मयमा प्रकृतिको महत्वपूर्ण स्थान छ। अतः पूर्वीय-काव्यकृतिहरू प्रकृतिवर्णनलाई विशेष महत्व दिई लेखिएका छन्। प्रकृति वर्णन प्रबन्धकाव्यहरूको अत्यावश्यक विषय हो। अश्वघोष (१ शदी-आसपास) देखि श्रीहर्ष (१७ शदी) संमको करिब अठ्ठारसय वर्षको काव्यकाल अध्ययन गर्दा कविहरूले प्रकृतिको बाह्यरूपलाई जति सुन्दर र हृदयस्पर्शी रूपमा वर्णन गर्नसके, त्यति नं उसको महत्त्व उच्चतम मानिने स्थिति यहाँ देखापर्छ। प्राकृतिक दृश्यलाई यथार्थ वर्णन गरी पाठकहृदय खिँच्ने प्रस्तुतिको निंति कविमा अन्तश्चक्षुको साथै सूक्ष्म निरीक्षण शक्ति हुनु अत्यावश्यक छ। प्रकृतिका विविधस्वरूपहरूको सूक्ष्म अवलोकन-सौन्दर्यबोध गरी आफ्ना कलात्मक शब्दतुलिका मार्फत् ती-ती विषय-वस्तुको चित्रणक्षमता राख्न सक्नु नै कविवैशिष्ट्य हो। संस्कृतका कतिपय कविहरूमा यो प्रकृतिनिरीक्षण-कवित्व शक्ति उल्लेखनीय छ। कालिदास, भारवि, भवभूति आदि यही महत्त्वपूर्णस्थान ओगट्ने कवि श्रेणीमा देखा पर्छन्। यस्तै गद्यकवि बाणले चित्रमय प्रकृतिको मनोरम वर्णन गरेका छन्। भारवि मार्फत् भएको हिमालय, सन्ध्या, वसन्त आदि वर्णन प्रकृति निरीक्षणको नमुना हो। कालिदासद्वारा प्रस्तुत शकुन्तला, भवभूतिद्वारा भएको वासन्तीको सुन्दर चित्र प्रकृतिगत कोमल-कलाको प्रस्तुति हो, मर्मस्पर्शी चित्र हो। जनप्रकृति अन्तर्गत उदात्त र महनीय तथ्य आकलन सूक्ष्मनिरीक्षण र संकेत आदि कविप्रतिभाजन्य महान् चातुर्य हो। यहाँ यस्तै कविको सूक्ष्मप्रकृतिगत निरीक्षण र व्यापक चित्रण प्रस्तुत छ।

पूर्वीय काव्यकृतिहरू प्रकृतिको कोमल तथा उग्र दुवै पक्षलाई ग्रहण गर्दै यसको सौन्दर्यवर्णनमा रह छन्। यहाँ प्रकृतिको व्यापक चित्रण विशेष गरी कालिदास, बाण, भवभूति आदिले प्रकृति वर्णनका नानारूप प्रस्तुत गरेका छन्। यहाँका काव्यमा कतै प्रकृतिको कोमल तथा करुण अभिव्यक्ति छ भने कतै दुर्धर्ष स्वरूप पनि वर्णित छ। बाणको कादम्बरी प्रकृतिसौन्दर्यको चित्रमय स्वरूप र विविधता प्रस्तुत गर्न अद्वितीय मानिन्छ। भारवि, माघ, श्रीहर्ष आदि महाकविहरू पनि प्रकृति चित्रणमा दक्ष देखिन्छन्। यहाँ कविभावना प्रकृतिचित्रणप्रति निकटताजनित जीवनकोण दर्शाउन सफल अनुभव हुन्छ। निश्चय नै प्रकृतिसंग मानवीयता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

र पारिवारिक आत्मीयभाव दर्शाउनु पूर्वीय साहित्यको विशेषता हो। यसैले यहाँ प्रकृतिवादी दृष्टिकोण जीवन साहचर्यरूपमा सौन्दर्यबोधको स्रोत संझिन्छ–निकटतम वस्तु मानिन्छ । प्रस्तुत सन्दर्भमा महाकवि भारवि आफ्नो काव्य किरातार्जुनीयम्द्वारा भावुकता र बौद्धिक चिन्तन-लाई रसात्मक परिपाक दिई प्रकट गर्ने पक्षमामात्र नभई काव्यात्मकस्वरूप र विधानको पक्षमा पनि सरिक छन् । साथै उनी प्रकृति सौन्दर्यमा मुग्ध देखिन्छन् । जीवनयात्रामा देखापरेको कलात्मक छवि र प्रकृतिको मुग्ध छटा नै संस्कृतकाव्य प्रस्तुतिको आधार बनिरहेछ । यो प्राकृतिक वर्णन एकातिर कथानक विस्तारमा सहायक देखिन्छ भने अर्कोतिर कविभावना र कवित्व प्रदर्शित गर्ने शक्ति परीक्षकरूपमा पनि छ । यसले कविको आफ्नो वर्णन वैभव र पाण्डित्यप्रकाशनको तदारुकतालाई पनि प्रष्टयाउँछ । यो कवि-हरूले अनुभूत गरेका छन् र संयमसाथ प्रकट गरिरहेछन् ।

प्रकृतिको स्वरूप असीम छ, विराट् छ र शान्त अशान्त छ । अनि महाकवि भारविको काव्यगत योगदान पनि व्यापक छ, फराकिलो छ। उनी आफ्नो भावालोकमा विविध रंगरेखा भर्दै र पण्डित बन्दै विचरण गरिरहेछन् । यिनको भावुकता र बौद्धिकता अरूभन्दा नयाँ र नौलो देखापर्छ, विशेष पाइन्छ । यसैले यिनी आफ्ना काव्ययात्रीका माझ 'आतपत्र भारवि' बन्न पुग्छन् । यिनको प्राकृतिक वर्णनले स्वाभाविकताको साथै नैसर्गिकता पाएको छ । यहाँ कविले प्राकृतिक वस्तुहरूलाई सजीवरूपमा सदुपयोग गरी सुन्दर चित्रणद्वारा पाठकमनलाई मुग्ध पारेका छन् । कविको सूक्ष्मनिरीक्षण नैसर्गिक सुषमाको पारखीपन तथा त्याग र ग्रहणकौशल आदि कुरा अपूर्वप्रकारका छन् । उनी कतै प्रकृतिको सूक्ष्मदर्शनमा, कतै साङ्गोपाङ्ग चित्रणमा लागिपरेका छन्, अनि कतै केवल हल्का प्रकृति-निरीक्षण गर्छन् र त्यसलाई कोट्याउँछन् मात्र । यसैले भारविको वर्णनमा प्रकृतिको रमाइलो चित्रण उतार चढावमा बगेको बुझिन्छ । तर पनि उनको कलात्मकता, प्राकृतरम्य रूपराशिको चित्रण जीवन्त छ । यस प्राकृतचित्रणको स्वरूपनिर्धारणमा उनले कतै उद्दीपन र कतै आलम्बनको रूपमा प्राकृत स्वरूप निर्धारण गरेका छन् । उनको यो स्वरूपचित्रण अनायास प्रकृतिप्रवाहमा बगेको छ, यहाँको आडम्बररहित सहज कलात्मकता, शिल्पसुन्दरता सुललितरूपमा काव्यात्मक सजीवता दिँदै पाठकसंमुख उपस्थित छ। यो प्रत्यक्षविधान नै भारविका कवित्वको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यथार्थता हो । यसका उदाहरण हुन्–चतुर्थ, पंचम र नवमसर्गहरू ।

कतिपय काव्यसमीक्षकहरू 'किरातार्जुनीयम्' को शृंगारिक मर्यादा र प्रकृतिवर्णनको सम्बन्धमा भारविप्रति कटु आलोचना पनि गर्छन् । उनीहरूको भनाइ छ–भारविका हृदयग्राही रस योजना छँदाछँदै पनि कालिदासको जस्तो उदात्त शिष्टता र सरसतागत गम्भीरताको अभाव छ, अनि शृंगारिक चित्रण वासनात्मक तथा विकासवृत्तिको उद्दीपन देखापर्छ साथै मर्यादित आचरणको खड्किदो अभाव अनुभव हुन्छ आदि । यसको उदाहरणनिति उनीहरू आठ–नौं सर्गका कतिपय पद्यहरू (विशेषत: ८/५१ ९/३, ९/४७ आदि) प्रस्तुत गर्छन् । यस्तै वर्णन सन्दर्भमा अनावश्यक दैर्घ्यदोषको साथै पुनरावृत्तिको खड्किदो स्थितिलाई पनि समीक्षक औंल्याउँछन् । उनीहरूको भनाई छ–(१/७,८,९, १७/३६, १३/३८ इत्यादि) यहाँका कतिपय भावसंकेतहरूमा साम्यगत आवृत्ति पाउन सकिन्छ इत्यादि । जे होस्, भारवि आफ्नो तहमा पर्याप्तरूपले सफल छन्, आकर्षक काव्यकर्ता छन् । यिनको काव्य परम्परागत तहबाट अगि-वढी केही नौलो र सजीवपन प्रष्टयाउँदै नदीनता प्रदान गर्न सफल भएको छ । यिनको हिमाल वर्णन (५/१–३४) आफ्नै प्रकारले सजीव र वेजोड छ । यस्तै शरद् ऋतुको वर्णन अनुपम देखापर्छ । यसरी भारवि सौन्दर्य निरीक्षणमा र आत्मसात् क्रियामा सफल छन् । यिनको प्रस्तुति, वर्णन-विधि र ताच्छिल्य अनुपम छ । सहर वजारको रमझम, गाउँले गरीबी र सादापन वन खेत आदि सबै तहको सूक्ष्म अध्ययनमा भारवि दक्ष देखापर्छन् । उनको आफ्नो अभिव्यक्तिमा कवि–कौशल त छदैछ, यस अतिरिक्त नयाँपन ल्याउन, वैदिध्य प्रदर्शित गर्न र अपनत्वको प्रभाव अपनाउन उनी विशेष प्रयासरत छन्–यो उनको आफ्नो मौलिक वैशिष्टय अनुभव हुन्छ । यस प्रकारका उदाहरणीय सन्दर्भ काफी छन् । यसै क्रममा उनको शरद् ऋतु प्रसंगको उदाहरणीय चित्र:

"पानीले भरपुर भएको खेत (गरो) छ, जहाँ पहेंलपुर धान पाकिरहेको र वाला झुलेका छन्, त्यहाँ हावाद्वारा हल्लिएका हरिया –हरिया धानबोटहरुको पानीमा छाँया पर्दा मानौं खेतको पानी सप्तरंगी इन्द्रेनी नै घोलिएको हो कि जस्तो भान भइरहेको बुझिन्थ्यो:

मृणालिनीनामनुरञ्जितं त्विषा विभिन्नमम्भोजपलाशशोभया,

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

'पय: स्फुरच्छालिशिखापिशङ्गितं द्रुतं धनुष्खण्डमिवाद्विविद्विष:
– किरात ४/२७

(ग) अप्सरा र वसन्तोत्सव

प्राचीन मनोरंजन साधनमा जात्रा–उत्सव, नृत्यक्रीडा, गीत गोष्ठी आदि उल्लेखनीय छन् । उद्यानयात्रा, वनविहार (घोषयात्रा) वसन्तोत्सव आदि पनि यस्तै प्रसंगका नमुना हुन् । प्राचीनकाल यस्तै विविध मनो-विनोदका विषयवस्तु र प्रसंगले व्याप्त थियो । यहाँ आमोद प्रमोद निति गोष्ठी (नाचगान–महफिल) हुन्थे । लीलाघर (प्रमोदशाला नाचघर) सजाइन्थे र ६ वटै ऋतुहरू अनुकूल भोगविलासका आनन्द लिइन्थे[१] । प्रस्तुत महाकाव्यमा पनि कविले दशौं सर्गमा षड्ऋतुको रमाइलो वर्णन गरेका छन् । यहाँको मनमोहक दृश्य–चित्रण सजीव र आकर्षक देखापर्छ । जे होस्, यो समय मनोरंजन निति कमी थिएन । यतिखेरका प्राचीनतम मनोविनोद वा आनन्दका साधनहरूप्रति दृष्टिपात गर्दा एक प्रकारको स्वादुता अनुभव हुन्छ । यी विभिन्न ढंग र तौर तरिकाका छन् । यिनलाई मोटामोटी रूपमा तीन कोणवाट हेर्न सकिन्छ–शारीरिक, मानसिक र आध्यात्मिक । यहाँका विभिन्न खेलकूद, मल्लयुद्ध, सिकार आदि मनो विनोद साधनहरू शारीरिक तहमा आउंछन् भने नृत्यगीत, नाटक–अभिनय साहित्य विनोद, कथा–कहानी आदि मानसिक सन्तुष्टिका विनोद विशेष हुन् । जात्रा–उत्सव, पूजापाठ, स्नान–दर्शन आदि परम्परित प्रसंगहरू चाहिं आध्यात्मिक सन्दर्भका उल्लेखनीय साधन विशेष मानिन्छन् । प्रस्तुत सन्दर्भको वसन्तोत्सव पनि यस्तै प्रकारको ऋतुपरक मनोविनोदको साधन विशेष हो । यसले प्रकृतिप्रार्थना र आध्यात्मिक चिन्तनको सुमधुर मिलन-लाई समायोजन गरिरहेछ । यहाँ पूर्णकलशको आजापूजावाट प्रारम्भ भई वसन्तपाठ–सामयिक धून–हर्षवढाई र कीर्तनसाथ समाप्ति हुन्छ, वाल-वालिकालाई अक्षरारम्भ र विद्यार्थीद्वारा सरस्वतीपूजा आदि कार्य पनि श्रीपञ्चमीको दिन नै गर्ने चलन छ । जे होस्, यी समस्त विनोद साधन-हरूको अन्तर्तह चाहिं मनोविश्रान्तिको साथसाथै विनोदप्रति केन्द्रित गर्नु र क्षणिक नै भएपनि मानवजीवनलाई सन्तोषसाथ आनन्द दिलाउनु रहेको कुरा स्मरणीय छ ।

---

१. राजशेखर, कर्पूरमंजरी, अंक ४ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यही सन्दर्भमा आउँछ अप्सरा विषयक परिकल्पना। स्वर्गमा रहने, नाचगान आदि मनोरञ्जन दिलाउने कार्यतर्फ लाग्ने देवाङ्गना विशेषलाई अप्सरा भनिन्छ। संस्कृत कोषकारले यिनीहरूलाई स्वर्वेश्या पनि भनेका छन्। यिनीहरूलाई नाचगान, मोजमजा र जलक्रीडा आदि मनोरञ्जनमा विशेष रुचि लिने जातिविशेष भएको कुरा काव्यशास्त्र आदिमा पाइन्छ। फेरि यिनीहरूको जलक्रीडा निति तलाउ, नदी र तीर्थस्थल आदि वर्णित कुराहरू पनि यहाँ उल्लेख छन्। यसरी अप्सरा एक विशेष सुरनारी वा स्वर्वेश्याको रूपमा रहेको तथ्य पूर्वीय वाङमयमा चर्चित छ। यहाँ अप् (अपस्) केवल पार्थिव जल नभएर आकाशको पनि द्योतक मानिन्छ। यसैले यहाँका अपस्को अर्थविस्तार आकाश, तारामण्डल वा ताराविशेष वीच सरण वा रमण गर्ने अर्थमा रहेको भनी बताइएको छ। यसरी अप्सरा चान्द्र नक्षत्र वा आकाशिक नारी शक्ति बुझिन्छिन्। यस्तै उर्वशीको पनि प्रतीकरूपमा आकाशिक नारी शक्ति, उषा, विविध सुखदायक तत्त्व आदि अर्थहरू विश्लेषित पाइन्छन्। अतः 'अप्सरा' सामान्य विशेष दुवै अर्थमा संकेतित छ।

अप्सराहरूलाई देवलोकमा रहेर पनि मानवजातिसंग सम्पर्क राख्ने मानवेतर जातिको रूपमा काव्यशास्त्रमा उल्लेख गरिएको छ। यहाँ एकातिर देवी भगवती आदि शब्दहरूद्वारा कुलीन र आदर्शमय नारी पात्रलाई लिइन्छ भने अर्कोतिर 'अप्सरा' शब्दले अकुलीन स्वर्वेश्या वा विशेष सुन्दरी नारीपात्रको रूपमा ग्रहण गरिन्छ। संस्कृत काव्य ग्रन्थमा यिनीहरूलाई गन्धर्वपत्नीको रूपमा पनि वर्णन गरिएको देखिन्छ, अनि देवराज इन्द्रलाई 'अप्सराः पति' भनी उल्लेख गरिएको पनि पाइन्छ। जे होस्, अप्सराका औपचारिक पति गन्धर्व हुन् भनी बताइएको छ तापनि अप्सराहरू उनलाई आफ्ना पूरापूर पति चाहिं भन्दैनथे। त्यस्तै इन्द्रलाई पनि यिनीहरू आफ्ना पूर्णपति मान्दैनन्। अर्जुनलाई चाहेकी उर्वशी अप्सराको सन्दर्भमा अर्जुनले उसलाई पुरुवंश जननी भनी तर्कद्वारा अस्वीकार गर्दा सो कुरा उनी मान्दिनन्। उनी आफू कसको पनि पत्नी नभएको कुरा बताउँछिन् र अप्सरा सारा देवताको लागि बेरोक तोक खुला छन्, यिनीहरूको कोही निश्चित पति छैन भन्दै 'पुरुवंशजननी' भनिएको कुरा स्वीकार गर्दिनन्। आखिर रिसको झोकमा अर्जुनलाई

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

सराप्छिन् (महाभा वन ४६/४०-४२) यसरी यिनीहरू आपना कुनै पनि निश्चित पति नभएका स्वतन्त्र र स्वच्छन्द गतिविधिका स्वर्वेश्या कहलाउँछन् । फेरि यिनीहरू राजा, राजकुमार मन्त्रिकुमार वा कुनै उल्लेखनीय पुरुष आदि जस्ता पौरखी व्यक्तिलाई, तपस्वी ऋषिमुनिहरूलाई रूप लावण्य र हावभावले फसाई, पोइ बनाई केही काल चइन गरी तिनीहरूसंग मोजमजा लिएका कथाहरू पनि छन्, तर रानी भएर वा गृहस्थी भएर राज्यभार सह्यालेको, गृहस्थ जीवनको बोझ (भार) उठाई सफल गृहिणी भएको आदि उल्लेखनीय घटना चाहिं पाइँदैन । बरु यस दम्पति जीवनमा रहँदा-बस्ता पेट बोकी सन्तान जन्माई तिनलाई त्यसै अलपत्र छाडेर आफू सशरीर स्वर्ग तर्फ चइन गर्न हिंडेको हृदयहीनताको कथा चाहिं सुन्न पाइन्छ । यसैले अप्सराहरूलाई मातृत्वहीन, शून्यहृदयका स्वर्वेश्यामा गणना गर्न सकिन्छ । यिनीहरूको आफ्नै किसिमको मर्यादागत खास स्थिरता देखापर्दैन । यिनीहरू खास गरी स्वर्गका वेश्याको रूपमा प्रसिद्ध छन् र विभिन्न नामद्वारा सम्बोधित पनि पाइन्छन् । यिनीहरूका विषयको रमाइलो विवरण मार्कण्डेय पुराणमा पनि उल्लिखित पाइन्छ। अप्सराहरू यहाँ यति नै छन् भन्ने खास यकिन छैन, तर मुख्यरूपमा यिनीहरू बाह्र छन् भनी अग्निपुराणमा बताइएको छ[1] । त्यस्तै गन्धर्वहरूका मुख्य-मुख्य नाउँहरू आठ बताइएका छन्[2] ।

यिनीहरूको उत्पत्ति सम्बन्धमा 'अद्भ्यः जलात् सरन्ति उद्यन्ति इति=अप्सराः' अर्थात् पानीबाट निस्किएका देवयोनि विशेष । यस्तो नामगत सार्थवतालाई लिई सोच्दा र पूर्वीय वाङ्मयप्रति समेत दृष्टि दिंदा विभिन्न कथन देखापर्छन् । अप्सराजाति जलनिर्मथनबाट उद्भव भएका हुन् भन्ने कुरा रामायणमा देखापर्छ[3] । त्यस्तै महाकवि बाणले आफ्नो

१. उर्वशी मेनका रम्भा मिश्रकेशी ह्यलम्बुषा,
विश्वाची च घृताची च पञ्चचूडा तिलोत्तमा ।
भावयत्यवका रम्या द्वादशाप्सरसः शुभाः । गणभदनाध्यायः
२. हाहाहूहूश्चित्ररथो हंसो विश्वावसुस्तथा
गोनायुस्तुम्बुरुर्नन्दिरेवमाद्याश्च ते स्मृताः ।
३. अप्सु निर्मथनादेव रसात्तस्माद्वरस्त्रियः
उत्पेतुर्मनुजश्रेष्ठ तस्मादप्सरसोऽभवन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

काव्य कादम्बरीमा देवलोकमा 'अप्सरसेना नामकी कन्या थिइन् र तिनका चौध कुल' हुन गए भनी वर्णन गरेका छन् । फेरि दक्षकन्या 'प्राधा' नामकी कश्यप पत्नीबाट अप्सरावंश प्रादुर्भाव भएको उल्लेख महाभारतमा छ (आदि ४७/५६) साथै शकुन्तलाद्वारा ब्रह्माबाट अप्सरा प्रादुर्भाव भएको भनेर पनि यहाँ संकेतित छ (आदि ७ ६८) । यस्ता अप्सरा प्रादुर्भाव विषयक चर्चा यहाँ विभिन्न देखापर्छन् । जे भए पनि अप्सरा ज्यादै रूपवती, जलक्रीडाप्रेमी कामकला विशारदा र रूप परिवर्तन गर्न समेत समर्थ भएका देवयोनि विशेष हुन् भन्ने कुरा पौराणिक अध्ययनबाट थाहा हुन्छ । वैदिक वाङमय मार्फत बुझिन्छ–गन्धर्व र अप्सरा खास देवता होइनन्– देवयोनिविशेष हुन् । तर देवताबाट अलग तत्त्व भएपनि देवताका निकटतम सम्पर्कवाला देवयोनि (देवताबाट जन्मेका जाति) भएकोले विशेष सामर्थ्यवान् बुझिन्छन् । गन्धर्व र अप्सराको सम्पर्कबाट नै भूतलका आदिमानव यमयमीको उत्पत्ति भएको कुरा वैदिक वाङमयवर्णित छ । देवयोनिविशेष भए पनि गन्धर्व शक्तिशाली तत्त्व मानिन्छन् । यिनका आयुध (हतियार) प्रोज्ज्वल र केशवायु समान बताइएका छन् । त्यस्तै अथर्ववेद एवं यजुर्वेदीय तैत्तिरीय संहितामा यिनलाई प्रतीकरूपमा लिइएको छ: यहाँ सूर्य, चन्द्र र मेघ तीनै तत्त्वलाई गन्धर्व भनिएको छ (गो=प्रकाश वा जलको धारण गर्ने तत्त्व नै गन्धर्व=सूर्य, चन्द्र र मेघ) र यिनका किरण, नक्षत्र तथा बिजुलीको चमकलाई चाहिं अप्सरा बताइएको छ[४] ।

हिन्दु परम्परामा अप्सराको प्रसंग प्राचीनतम हो । उर्वशी, मेनका आदि अप्सराहरूको कथा ऋग्वेदमा पनि छ । अप्सरा सम्बन्धी जन्म–मृत्यु विषयक उपाख्यान चाहिं विशेष देखापर्दैन । यिनीहरू अधिक मनोविनोद-प्रेमी र क्रीडाप्रिय देखिन्छन् । यिनको आकर्षक व्यक्तित्व र दिव्यछटामा एक प्रकारको जादुमय मोहिनी हुन्छ, आकर्षण पाइन्छ । विशेष यिनीहरूको क्रीडास्थल हो–देवलोक, ब्रह्मलोक र देवराज इन्द्रको नन्दनवन । अप्सरा-हरूको प्रमुख कार्य गायन, नर्तन आदिद्वारा देवलोक विशेष प्रकारको

---

४. विबुधसद्मन्यप्सरसेना नाम कन्याका सन्तीति । तासां चतुर्दश कुलानि...
कादम्बरी, पूर्वभाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

देवसभा (इन्द्रसभा) मा मनोरंजन गराउनु हो। यो कार्य विशेष प्रकारको हर्ष र उत्सव आदिको प्रसंगमा गन्धर्वहरू सहित भई यिनीहरूबाट सम्पन्न हुने गरेको कुरा पूर्वीय अध्ययनबाट थाहा हुन्छ। यिनीहरू कुनै महान् व्यक्तित्वको आदर्श, सत्यनिष्ठा तथा नैतिकता आदिको साथै तपोभ्रष्ट गराउने कार्यमा पनि उपयोग गरिन्छन्। कतिपय आदर्शशाली महान् व्यक्ति, ऋषि–महर्षि आदिलाई फसाई तपोभ्रष्ट गराइएको र ती अप्सरा-बाट सन्तानोत्पत्ति भई जन्मिएका वाल–वालिका अलपत्र हुन पुगेका, अनि ती राजा–ऋषि आदिद्वारा हुर्काई वढाई ठेगाना लगाइएका आदि कथा पुराणमा छन्। कुनै पनि महान् कार्यमा लागेका महत्त्वाकाङ्क्षारत मानव मनलाई कृत्रिम सजधजको साथै यौवनोन्मादको वासनात्मक लालचद्वारा आकर्षित गर्ने क्रियामा यिनको भूमिका बेजोड वताइएको छ। यहाँपनि तपस्यारत अर्जुनलाई तपोभ्रष्ट गर्ने क्रिया तर्फ यिनीहरूलाई खटाइएको छ र संलग्न छन्। अतः हावभाव कटाक्षद्वारा इन्द्रियजयी तपस्वीहरूको मनलाई विचलित गर्न सुरले पृथ्वीतल इन्द्रकील पर्वतमा झरेका अप्सरा-हरूको कामक्रीडा–सुरतविलास आदि वर्णन यहाँ कलात्मकरूपले श्रृंगारिक, रसपूर्ण वनाई मनोहर किसिमले प्रस्तुत गरिएको छ–(८, ९ सर्ग)।

यो काव्यात्मक वर्णन या देवाङ्गनाहरूको शरीर–हातपाउ, (पिडौंला) स्तन, जघन (नितम्ब) नाभि–कटीप्रदेश समेतमा व्याप्त छ (८।२२, २३, २४, २५) नारीपात्रको वर्णन सन्दर्भमा भारवि मर्यादित तथा संयमशील देखापर्छन्। यहाँ अप्सराको साथै नारी–नेत्र सौन्दर्य वर्णन सन्दर्भमा कविले विशेष चाख लिएका छन्। यिनको नारी सौन्दर्य केन्द्र विन्दु नै नारीनेत्र छन्। सौन्दर्यविद् भन्दछन्, आँखा हृदयको आँखी-झ्याल हो र स्वास्थ्यपहिचानको दर्पण पनि हो। हृदयतलमा भएको माया–ममता, रिसराग, दुःखसन्ताप, डाह, ईर्ष्या आदि मनोभावगत विकारको झलक विवेकीहरू आँखाको अध्ययनबाट थाहा पाउन सक्छन्। यस्तै मानिसको आन्तरिक स्वास्थ्यगत प्रभावको झलको पनि आँखाद्वारा थाहा हुन सक्तछ। मुस्कुराहटपूर्ण हिस्सीदार कमलनयन सहृदयता र प्रेमोन्मादका द्योतक मानिन्छन्। यस्तै आँखाहरूको वर्णनद्वारा अप्सरा

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

लगायत नारीपात्रको संकेत पनि कविकलमद्वारा यहाँ रमाइलोसंग भएको छ ।

हो, आफ्नो काव्यात्मक वर्णनको सिलसिलामा यहाँ कविद्वारा कमलनयन तथा मृगनयन अर्थात् कमल जस्ता र मृगका जस्ता आँखा भएकी सुन्दरी भनी उल्लेख गरिएको छ । कविमार्फत् यस्तो कमल (३।३६, ६।४२, ६।४७, ६।६१) र मृग (५।३३) को उपमा दिई भएको प्रयोग अध्ययनीय छ । अझ यहाँ भारविले नीलकमल (४।१७, ४।२६) लाई विशेष मन पराएका छन् । कमल विभिन्न प्रकारका पाइन्छन् । कमलनयन भन्नाले जुनसुकै पनि कमलका पत्र वा कमल कोपिलाका आकारका लाम्चिला सुन्दर आँखा र तदनुकूल शरीर विशेष भन्ने बुझिन्छ । पूर्वीय साहित्य वाङमयमा श्रद्धेय देवी देवताको र अनुपम सौन्दर्यवाला व्यक्तित्वको वर्णन प्रसंगमा 'कमलनयन' भनी वयान गरिएको पाइन्छ । कमल सुकोमल, पवित्र, आकर्षक र सौन्दर्यपूर्ण पुष्प हो । कमलनयन भनिएपछि सो अनुकूल शारीरिक संगठन भएको व्यक्ति संझिनु स्वाभाविक हो । अर्थात् त्यहाँ सुहाउँदो प्रकारको शरीरका अरू अंग प्रत्यंग हुनु, आकर्षक – मनलोभ्याउने खालको छाँटकाँट पाइनु आवश्यक मानिन्छ । यसैले कविको यस्तो प्रयोग मार्फत सो व्यक्तित्वको सारा शरीरिक शोभा र स्वभाव अत्युत्तम भएको तर्फ संकेत गर्छ । त्यस्तै मृग पनि पवित्र, सरल र चंचल प्रकारको पशु हो । यो स्वभावत: स्वच्छ, आकर्षक, छिटो–छरितो र फुर्तिलो पाइन्छ । यसका आँखा चम्किला, गोल–गोल प्रकारका नानी चाहिं केही लाम्चिला र गाजले रहरलाग्दा देखिन्छन् । यसको जिउडाल चाहिं मिलेको ठिक्क र पोटिलो हुन्छ । यिनीहरू विशेषत: चंचल, फूर्तिला, जाँगरिला सशंकित वा सतर्क र सचेष्ट हुन्छन् । यसले मृगनयन भन्नाले उपमेयमा यी सारा गुणहरू भएको व्यक्तित्व तर्फ संकेत गरिएको संझिनु पर्छ । यहाँ महाकवि भारविको संकेत पनि यस्तै नै पाइनु स्वाभाविक हो । यहाँ अर्जुनलाई आकर्षण गरी मुग्ध पार्न ठाँटबाँट सहित आएका यी कमलनयनवाला अप्सराहरू यस्तै छन्– मस्त र मनोहर छन् ।

यस्तै वसन्तऋतु आगमनको सूचन सन्दर्भमा मनाइने वसन्तोत्सव परम्परा पुरानो हो । हाम्रो लोकजीवनमा पनि यसको प्रभाव उल्लेखनीय छ । सूर्यको उत्तरायणकाल (माघे संक्रान्ति) देखि नै वसन्तोत्सव मान्ने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

चलनको संकेत वसन्तपंचमी (श्रीपंचमी) मार्फत अनुभवी हुन्छ । काव्य रचनामा पाइने ऋतुवर्णन विशेष ऋतुराज वसन्त शोभाको फर्माइस काव्य-लक्षण अन्तर्गतका नै विषय मानिन्छन् । वसन्तकालीन उद्यानशोभा रक्ता-शोक लगायत विकसित पुष्पवल्लरीले निकै आकर्षक वनाएको पाइन्छ। प्राचीन भारतवर्षमा गृहोद्यान निर्माणको चलन लोकव्यापाररूपमा भएको स्पष्ट हुन्छ। यिनै गृहोद्यान अन्तर्गत भएको उद्यानक्रीडा वर्णन यहाँका काव्यहरूमा प्रशस्त छ । ऋतुवर्णन, उद्यानक्रीडावर्णन, पुष्पप्रचयिका वर्णन आदि कुरा काव्यकलाका विषयवस्तु वताइएका छन् । महाकवि दण्डीको अनुसार महाकाव्यको स्वरूप तवसम्म अपूर्ण नै मानिन्छ, जवसम्म त्यहाँ उद्यानक्रीडा, सलिलक्रीडा आदिको राम्रो वर्णन भएको हुँदैन (काव्यादर्श) यसरी ऋतुराज वसन्तको शुभागमनलाई अंगीकार गर्दै कविकलमद्वारा वसन्तोत्सवको रूपमा वनकुंज र गृहोद्यान आदिको रमणीय वर्णन यहाँ भएका छन् । यसक्रममा महाकवि भारविमार्फत यी देवाङ्गना (अप्सरा-हरू)को रमझमलाई प्रेरित र उत्कर्षपूर्ण गर्न वासन्तिक शोभा, सुगन्धित फूल नयाँ नयाँ पालुवाद्वारा मुजुराएका लताकुञ्ज र बोटविरुवा आदिको शोभा यहाँ सार्थक देखा पर्न थाल्यो भनिएको छ । यहाँ काव्यात्मकरूपमा गरिएको सायंकालिक वर्णन पनि ज्यादै मनोरम, घतिलो र उत्कृष्ट छ। अप्सराहरू विभिन्न प्रकारको रंगरेलो मनाई विस्तार–विस्तार अर्जुनलाई विचलित र तपोभ्रष्ट गर्न उनको तपःस्थलमा पुगेका हुन्छन् । वासनात्मक क्रियाकलाप आदिको साथै कटाक्षविक्षेप, विभिन्न हावभाव चेष्टा इत्यादि-द्वारा कुनै लास्य गर्दछन् त कुनै शृंगारिक चेष्टाद्वारा अर्जुनलाई आकर्षित गर्न खोज्दछन्, तर अर्जुन प्रति गरिएको यो हावभाव शृंगार, रतिचेष्टा, कटाक्षपात, शृंगार–गमनादि प्रयासको नखरा आदि सारा विफल हुन्छन् । आखिर उद्देश्यको असफलताले गर्दा लज्जित गन्धर्व तथा अप्सरा त्यहाँबाट आ-आफ्नो स्थान तर्फ फर्कन बाध्य हुन्छन् ।

(घ) अस्त्रप्राप्ति

महाकाव्यात्मक नियम अनुकूल इन्द्रकील पर्वतमा भएको किरात-अर्जुनयुद्ध यहाँ सफलरूपमा प्रस्तुत छ । वास्तवमा कवि भारविले दिव्यास्त्र-लाभ निति तपस्यारत अर्जुन तथा भगवान् किरात दुईको युद्ध वर्णनलाई महत्त्व दिएर काव्य विस्तार गरेको बुझिन्छ । किरात अर्जुन प्रसंगलाई नै

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

विशेष महत्व दिइएकोले यस महाकाव्यको नाउँ नै 'किरातार्जुनीयम्' रहेको कुरा यहाँनेर स्मरणीय छ ।

अर्जुन कौरवविजयको निति पाशुपतास्त्रप्राप्तिको आराधनामा लाग्दछन् । किरातेश्वर पशुपतिको अमोध अस्त्र नै पाशुपतास्त्र मानिएको छ । 'पशुपति' नेपालका आराध्यदेवको रूपमा प्रसिद्ध छन् । यही पशुपति विषयक अस्त्र र किरातप्रसंग आदिको सन्दर्भलाई लिएर नै भारवि नेपालको भूमिसंग सुपरिचित व्यक्तित्व थिए भन्ने तर्क यहाँ चर्चित छ । जे होस्, यहाँ-नेर कविले महाभारतीय कथालाई उपयुक्त रूपका कतिपय घटना केही परिवर्तित गरेर स्वाभाविकतासाथ काव्यात्मक रूप दिएका छन् । शिव अर्जुन युद्ध रोमाञ्चकारी रूपमा यहाँ वर्णित छ । कौतुहलपूर्ण महान् युद्धद्वारा पनि अपराजित तथा किरातवेशधारी सामान्य पुरूष पनि युद्धनिपुण एवं संग्राम-कुशल देखेर अर्जुन छक्क पर्दछन्, उनको मनमा विभिन्न तर्क वितर्क निस्कन थाल्दछन् । अर्जुनका अप्रतिहत अस्त्रशस्त्रहरू यहाँ विफल देखा पर्छन् । आखिर उनी वाहुयुद्धको निति अगि बढ्छन् । किरात अर्जुनको वाहुयुद्ध भयानक देखापर्छ । वाहुयुद्ध संलग्न अर्जुन युद्धसिलसिलामा नै आकाशमा उफ्रेका शिवजीको दुवैचरण पक्रन पुग्दछन् । आपना चरणतल पक्रन पुगेका युद्धकुशल अर्जुनलाई देखी किरातरूप आशुतोष भगवान् अर्जुन प्रति संतुष्ट हुन्छन् । अंकमाल गर्न पुग्दछन् । फलत: शिवको साकार दर्शन पाउँछन्—अर्जुन । शिव दर्शन पश्चात् अर्जुन यथावत् पूर्वस्थितिमा नै हुन्छन् र नत-मस्तक बन्दै शिवस्तुति गर्छन् । नतमस्तक अर्जुनलाई शान्त्वनासाथ पाशु-पतास्त्र तथा धनुर्वेद प्राप्त हुन्छ । इन्द्रादि देव तथा दिक्पाल समेतले शस्त्रास्त्र प्रदान गरी अर्जुनलाई प्रोत्साहित गर्छन् । यस प्रकार अस्त्रशस्त्र प्राप्त गरी वासस्थान तर्फ फर्कन्छन् अर्जुन, 'किरातार्जुनीयम्' समाप्त हुन्छ ।

यसरी यो महाकव्य कतिपय कुराहरूमा महाभारतीय कथामा आधारित जस्तो देखिन आउँछ, तर पनि यो पूरापूर कविकल्पनाद्वारा रचित मौलिक महाकाव्य हो । राजनीतिक तत्वको सुरुचिपूर्ण बयान, अनि पूर्वीयकाव्यसिद्धान्त अनुसार महाकाव्यात्मक रूपले ऋतुवर्णन, नगरवर्णन, वनविहार, युद्ध, यात्रा, विहान–बेलुका आदिको साथै प्रकृति निरीक्षण, युवतिसौन्दर्यको शृंगारिक वर्णन आदि आदि कुराहरू नै यस महाकाव्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

मौलिक र महत्त्वदायी विषयवस्तु हुन् । यसको अतिरिक्त महाकाव्यमा चाहिने विविध वर्णनहरू र युद्ध, जलक्रीडा आदिको रमाइलो बयान यहाँ ज्यादै घतलाग्दो छ । यसको मुख्यरस वीर भएपनि शृंगार आदि अन्य रसहरूको यहाँ कत्ति कमी अनुभव हुँदैन । यस महाकाव्यको थालनीमा र प्रत्येकसर्गको आखिरीमा क्रमशः 'श्री' र 'लक्ष्मी' जस्ता मंगलार्थक शब्दहरूको प्रयोग गरी 'मंगलादीनि मंगलमध्यानि मङ्गलान्तानि च शास्त्राणि प्रथन्ते' भन्ने भारतवर्षीय ऋषि–मुनिहरूको वचनलाई यिनले कायम गरेका छन् । फलतः यिनी अमर छन्, प्रख्यात भैरहेछन् ।

उपसंहार

यस प्रकार कवि भारविको महाकाव्य किरातार्जुनीयम् यथासम्भव स्वतन्त्र रूपले काव्यात्मक इतिवृत्त र मौलिकतामा व्यवस्थित बन्दै सहज अभिव्यक्ति प्रष्टयाउन सफल भएको छ । यहाँ कविले प्रौढ विद्वत्ता, अध्ययन–चिन्तनको व्यापकता र राजनीतिक अनुशीलनको प्रखर पाण्डित्य प्रस्तुत गरिरहेछन् । कविको चिन्तन स्वतःस्फूर्त छ, उत्कृष्ट प्रकारको छ। यहाँका हरेक वर्णन, अभिव्यक्ति, प्रस्तुति र चिन्तनधारा नयाँ र नौलो रूपमा प्रस्थापित छन् । यिनको सचेतता आफ्नै प्रकारले संयोजित देखा पर्छ । किनभने यिनले महाभारतीय घटनाक्रमको सूक्ष्म लघुरूपात्मक कथानकलाई यहाँ महाकाव्यात्मक स्वरूप प्रदान गरी विलक्षण वर्णन शक्तिको परिचय दिएका छन् । साथै महाकाव्यात्मक आधारलाई परिपालन गरी आफ्नो कृतिलाई महाकाव्यताको रूप पनि दिएका छन् । अतः यिनी संस्कृत साहित्यको विकसित महाकाव्य परम्पराका सफल प्रतिनिधि कवि अश्वघोष, कालिदास पछिका सफल महाकविको रूपमा आउँछन् । यिनको काव्यात्मक व्यक्तित्वदर्शन सर्वथा स्वतन्त्र र नौलो प्रकारको अनुभव हुन्छ । यहाँको परम्परावादी धारालाई नवीनतम मोड दिई संस्कृत काव्ययात्रामा नौलो शैली र विद्वत्तापूर्ण धारा प्रतिष्ठापन गर्नु नै यिनको मौलिकता हो । यही काव्ययात्राको पूर्णता किरातार्जुनीयम्द्वारा प्रस्तुत छ ।

भारविले आफ्नो रचनामा काव्यात्मक पक्षका विधानहरू सहृदयतासाथ प्रस्तुत गरेका छन् । उनको अभिव्यक्तिगत रसपेशलता, प्रकृतिचित्रण, राजनीतिक निरूपण र सूक्तिविधान आदि प्रस्तुति यहाँ सर्वथा

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

उल्लेखनीय छ । भारवि स्वयं रसग्राही व्यक्ति थिए। उनको सरसता यहाँ वीर, शृंगार आदि रसमा मुखरित भएको छ र कविले 'रस भरपुर भएको सुगठित वाक्य नै काव्य हो' लाई सार्थक तुल्याएका छन् । यसैले रसात्मकताका पक्षपाती विश्वनाथको उक्ति यहाँ स्मरणीय छ–'वाक्यं रसात्मकं काव्यम्' (सा. द. १।३) । जे होस्, भारवि यहाँ मूलत: बौद्धिक पक्षपाती र अर्थगौरवका कवि भए पनि हृदयग्राही रससंयोजन पक्षमा निपुण छन् । अत: यिनको काव्य रसपूर्णताले गर्दा पनि विशेष लोकप्रिय भएको छ, सहृदय पाठकहरूलाई आनन्दानुभूति प्रदान गर्न सदा सक्षम छ ।

काव्यशास्त्रको अनुसार महाकाव्यमा पाइने वर्णन, धीरोदात्त नायक, पात्र–पात्राहरूको चरित्र, रसवर्णन विविधता, प्राकृत वर्णन र फल आदि यिनका महाकाव्यको निचोड (सार) लाई टीकाकार विद्वान् मल्लिनाथले एउटै श्लोकमा रमाइलो र सुन्दररूपमा उतारेका छन्–

> नेता मध्यमपाण्डवो भगवतो नारायणस्यांशज–
> स्तस्योत्कर्षकृतेनुवर्यचरितो दिव्य: किरात: पुन:
> शृंगारादि रसोयमत्र विजयी वीरप्रधानो रस:
> शैलोद्यानि च वर्णितानि वहुशो दिव्यास्त्रलाभः फलम् ।

□

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

भारविका महाकाव्यगत पात्रहरू

काव्यगत पात्रविधान

महाकाव्यको आवश्यक आधार मध्ये 'पात्र-चरित्र-चित्रण' पनि एउटा हो। यहाँ पात्रको महिमा महत्त्वपूर्ण छ। कथावस्तुलाई अगि बढाउने, सजीव र सशक्त पार्ने, पाठकहृदयमा कौतूहल जगाउने आदि मूलभूमिका पात्रहरूको ओजस्वितामा नै निर्भर गर्छ। अनि परिस्थिति-सिर्जन पनि पात्रगत चरित्रचित्रण (क्रियाकलाप, व्यवहार र अभिव्यक्ति) आदिबाट हुन आउँछ। वस्तुत: आदर्श पात्रहरूको चरित्रचित्रणमा नै कथानकको विकास र प्रभाव, काव्यकारको व्यक्तित्व प्रदर्शन आदिमा निर्भर हुन्छ। पात्रहरूको स्तर र तह, प्रकृति र प्रभाव आदिले नै काव्यात्मक स्तरीयता, उच्चता सिर्जन हुन्छ। काव्यकारको विद्वत्ता-प्रदर्शन र काव्यहेतुको परिणति प्राप्त हुन सक्छ। अत: साहित्यविधानको व्याप्तिमा पात्रहरूको स्थान महत्वपूर्ण मानिन्छ।

यहाँ एकातिर काव्यगत कथानक तत्त्वलाई सजीव पारी आकर्षणपूर्ण बनाउने कार्य पात्रचरित्रका कुशलताले गर्छ भने अर्कोतिर पात्रगत सजीवताले पाठकहृदय आन्दोलित र प्रभावित पार्छ। अत: ठीक-ठीक रूपको पात्रगत चरित्र-विधानकार्य पाठकवर्गलाई प्रभावित पार्ने महत्त्वपूर्ण कला हो। यसैले सौन्दर्य-विधानको साथै पात्रको प्रस्तुति, चरित्र-चित्रण आदिको पनि काव्यरचनामा महत्त्वपूर्ण स्थान छ। पूर्वीय काव्यसिद्धान्त अनुसार महाकाव्यका नायक-नायिका सम्बन्धमा विशेष

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

विधान बताइएको छ¹। तर पनि व्यावहारिक आधारमा सोच्ता पात्रहरूको क्रममा विशेष व्यक्तित्ववान् र सामान्य आदर्शवान् दुवै तत्त्वको समन्विति हुनुको साथै उनीहरू सामाजिक तहको उदात्त चरित्रवान् हुनु स्वाभाविक मानिन्छ। अर्को कुरा–पात्रहरूमा आफ्नो काव्यगत महत्त्व र सामाजिक उत्तरदायित्वको परिवहन गर्ने क्षमताको साथै पाठकहृदयमा विश्वस्तता जगाउने शक्ति पनि हुन सक्नुपर्छ। यहाँ पाइने वैयक्तिक गुण, जनअभिमत सामान्य गुण आदि जीवनको छायाँरूपमा त्यहाँ देखापर्नु स्वाभाविक छ। पात्र पात्राहरू न्यायी, चरित्रवान्, आदर्शगुणवान् र सामाजिक प्रतिनिधिको रूपमा उपस्थित गर्न सकिने हुनुको साथै पाठकको सहानुभूति पाई विश्वास जगाउने प्रभावशाली खालको हुनु पनि राम्रो कुरा हो। यस्तै सबल पात्र-हरूको आदर्शताले नै पाठकहृदयलाई खिँच्न प्रभावित पार्न र काव्यलाई शाश्वतता दिन सक्तछन्। यही वास्तविकता अनुभव गरेका पूर्वीय साहित्यशास्त्रीहरूको भनाइ छ–'उदात्त तथा गतिशील चरित्र चित्रणको सिर्जनबाट नै काव्यात्मक घटना सशक्त र महत्त्वपूर्ण हुन सक्छ' आदि। अतः साहित्य अन्तर्गत पात्रविधान कार्य काव्यात्मक तत्त्वहरू मध्ये महत्व-पूर्ण तत्त्व हो। प्रस्तुत महाकाव्यमा चारित्रिक स्वच्छता, नैतिक आदर्श र काव्यात्मक गौरव परिवहन गर्न सक्ने सक्षम पात्रहरू काव्यकारले विधान गरेका छन्।

निश्चय नै 'किरातार्जुनीयम्'को अन्यतम वैशिष्ट्य यहाँका देवतुल्य पात्रहरूको चरित्रचित्रण विशेषमा परिनिष्ठित छ। यी पात्रहरू महान् आदर्शशाली र अलौकिक प्रकारका भए पनि अन्ततः मानवीय छन्, मानवीय धरातलमा विचरित छन्। यिनीहरूले सुख-दुःख, हन्डर-हैरानी अपमान र तिरस्कार आदि अनुपम जीवनयात्रा भोग्दै आफ्नो कर्तव्य पुरा गरेको देखिन्छ। यस कौतूहलमय घटनाक्रममा यद्यपि अप्रतिहत शक्ति र सामर्थ्यको दृष्टिबाट यिनीहरूका कर्म, विचार, त्याग र आदर्श आदि कामकुराहरू अतिमानवीय प्रकारका लाग्छन्, तर पनि ती उच्च साधनाका प्रतिफलको रूपमा यहाँ चित्रित छन्। यहाँ पात्रगत विद्वत्तापूर्ण उदात्तभावना, महान्

१. सर्गबन्धो महाकाव्यं तत्रैको नायकः सुरः
सद्वंशः क्षत्रियो वापि धीरोदात्त–गुणान्वितः
– साहित्य दर्पण ६/३१६

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

विचार र अनुकरणीय चरित्र आदि जे छन्, ती सबै हिन्दु-चिन्तन र आदर्शका नमुना हुन् । यहांका द्रौपदीका भनाइ, भीमको गर्वोक्ति र युधिष्ठिरका नैतिक वचन वा उपदेशहरू कति हदसंम स्वाभाविक, व्यावहारिक र तथ्य छन्, मानवीय आदर्शका खरा रूप छन्-त्यो पाठक-हरूद्वारा नै छुट्याउने मननीय कुरो हो । काव्यात्मक घटनालाई मौलिकता दिने क्रममा यहाँ भारतीय कथालाई केही अदल-बदल गर्ने काम पनि भएको छ । त्यस सन्दर्भका मूल कुराहरू वनेचर पात्रनिर्माण, प्रकृति-चित्रण, महाकाव्यात्मक रूपको वर्णन आदि नै हुन् । हो, यहांका पात्रहरूमा एकातिर धर्मराज युधिष्ठिर, द्रुपदात्मजा द्रौपदी, महर्षि व्यास आदि स्वयं आदर्श व्यक्तित्व छन् भने अर्कोतिर देवराज इन्द्र, भूतपति भगवान् किरात आदिको उपस्थिति पनि अनौठो लाग्दो देखापर्छ । फेरि वीर अर्जुनको उग्र तपश्चर्या पनि हठात् पाठकहृदयलाई खिन्न पुग्छ-सोच्न बाध्य तुल्याउंछ । यी सबै तथ्य हिन्दु आदर्श र दर्शनका सांकेतिक स्वरूप, जीवन व्यवहारगत उच्चमार्गका सत्यनिर्देश आदि हुन् । यहांको विषयवस्तु तथा पाण्डवहरूको समय द्वापरयुग सकिने र कलियुग लाग्ने बीचको समय हो । यहाँ '...कलिद्वापरयोरन्तरे ..' भनिएको छ । आर्य मान्यता अनुसार कलिगतको आरम्भ वि. सं. को सुरुभन्दा ३०४४ वर्ष पूर्व मानिन्छ । यस अनुसार पाण्डवहरूको समय पनि यही ३०४४ वर्षभन्दा अगि-आसपासको मानिनु स्वाभाविक छ । यसैले विस्तार-विस्तार पाण्डवहृदयलाई पनि कलिभावले स्पर्श गर्न खोज्नु अस्वाभाविक होइन । युधिष्ठिर हृदयलाई कलिभावले छुन खोजको छ छैन ? भन्ने जाँच बीच-बीचमा धर्मराजबाट भएका घटना महाभारत-वर्णित छन् । यहाँ युधिष्ठिर खरो निस्कन्छन् । अन्य पाण्डवहरू युधिष्ठिर अनुयायी छन् । यही महाभारतीय-प्रसंग र किरातार्जुनीयम् अनुशीलनको आधारमा यहाँका पात्रगत परिचय एवं विचार विवेचित छन् ।

भारविका यी पात्रहरू मार्फत् संकेतित काव्यसामग्रीले पाठक-हृदयलाई त्यस अतीतकालतिर पुऱ्याउंछ, जहाँ वैदिक चिन्तन र हिन्दु-दर्शनको विवेचन, विद्याव्यसनको परम्परागत साधना र यज्ञयागको धार्मिक एवं नैष्ठिक आदर्श तथा श्रुति-स्मृतिको ध्वनि गुंजन चल्दथ्यो । जे होस्, दार्शनिक विकासको उच्च चिन्तन धारा काव्यकलाको नव निर्माण युगमा

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

रचिएको यो काव्य मूलत: महाभारतीय पृष्ठभूमिमा सम्बद्ध देखापर्छ, काव्यात्मक चिन्तन र भावगत परिपाकमा मौलाएको पाइन्छ। यहाँका पात्रहरूमा देवता र मानवताको सुमधुर सम्बन्ध छ। एकातिर देवांशरूपका व्यास, भीष्म, कर्ण, युधिष्ठिर, भीम अर्जुन आदि अतिमानवीय खालका पात्रहरू छन् भने अर्कातिर शिव-सूर्य, इन्द्र-यक्ष आदि दैवी पात्रहरूले पनि आफ्नो भूमिका निर्वाह गरेका छन्। यसरी देवता र मानवताका व्यावहारिक सम्बन्धको यहां अनुपम विवरण भरिएको छ। जसरी स्वर्गका देवता पृथ्वीमा आउंछन्, त्यस्तै पृथ्वीको मानवशरीर स्वर्ग पनि पुगेको, फर्केर धर्तीमा आएको आदि अलौकिक वर्णन हिन्दु ग्रन्थहरूमा देखापर्छ। यहाँ वर्णित अप्सरालाई पनि यसै सन्दर्भको उदाहरणको रूपमा लिन सकिन्छ। यसप्रकार (दैवी र मानवी) पात्र उपस्थिति र राजनीतिक घटना वर्णनमा रचिएको यो काव्य स्वयंमा पूर्ण छ-सार्थक छ। यसको मौलिकता र काव्यात्मक चिन्तन भारविका कवित्व र विद्वत्ताको परिपाक प्रदर्शनमा अनुपम सावित हुन्छ र शाश्वत देखापर्छ। विशेषत: यहाँका प्रमुख-प्रमुख पात्रहरू (वनेचर, द्रौपदी, भीम, युधिष्ठिर, व्यास, यक्ष, अर्जुन, अप्सरा, इन्द्र, किरात) को सानो चर्चा यहाँ छ। अत: काव्य, काव्यकार र पात्र तथा मूल-भावपक्ष आदिको सामान्य चर्चा, परिचय र आदर्श प्रस्तुतिको जमर्को यहाँ गरिएको छ:-

वनेचर:- यहाँ काव्यको सुरुमा नै महाकवि भारविद्वारा युधिष्ठिर र वनेचर पात्रहरू संगसंगै प्रस्तुत गरिएका छन्-'युधिष्ठिरं द्वैतवने वनेचर:' (१।१) प्रस्तुत वनेचर पात्र ब्रह्मचारीको वेषमा गुप्तचरको रूपले यहाँ उपस्थित छ। आचार्य कौटिल्यले राज्य संचालनको निति गुप्तचरको ठूलो भूमिका वताएका छन्। राज्य संचालनक्रममा गुप्तचर राख्ता राम्रो विचार पुऱ्याई जाँचपडताल गरी ठीक ठहरिएका थरी-थरीका गुप्तचरहरू नियुक्त गर्नुपर्छ भन्ने विचार कौटिल्यको छ[२]। यिनले राजा र मन्त्रीका अलग-अलग गुप्तचरको बयान गरेका छन्। जे होस्, कौटिल्यको आधार अनुकूलको दक्ष, इमान्दार र मर्मज्ञ, वाग्मी व्यक्ति छ गुप्तचर वनेचर। यहाँ काव्यको सुरुमा नै पृष्ठभूमि किसिमको वनेचरको मुखबाट कवि गुप्तचरका काम-कर्तव्यको यथार्थ परिचय दिदै उनी (गुप्तचर) हरूले

---

२. **कौटिल्यको अर्थशास्त्र, अध्याय ११, प्रकरण-७,८।**

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

मालिकहरूलाई कहिल्यै धोका दिनुहुन्न भन्छन्: 'क्रियासु युक्तैर्नृपचारचक्षुषो न वंचनीया:' (१।४) साथै विषयवस्तुको अन्तर्मर्म केलाई वनेचर मार्फत् आपनो कर्तव्य-कर्मको पनि यहाँ राम्ररी अभिव्यक्ति प्रष्ट्याइएको छ।

शब्दार्थत: 'वनेचर' का विभिन्नभाव झल्किन सक्छन्, अर्थ हुन सक्छन्। सामान्यत: वनेचरको अर्थ हो–वनमा घुम्ने जंगली जाति। प्रसिद्ध टीकाकार मल्लिनाथले 'वनेचर' शब्द='वने चरतीति वनेचर: किरात:' भनी लेखेका छन्। संस्कृत कोषकारले चाहिं किरात:, शवर, पुलिन्दलाई म्लेच्छ जातिको भेदविशेष भनी मानेका छन्[३]। म्लेच्छको परिभाषा प्रसङ्गमा गाईको मासु खाने, लोक अप्रचलित वेग्लै किसिमको बोली भाषा बोल्ने, आर्य संस्कृति अनुकूल आचार विचार नभएका दुराचारी मानिसहरु भनी बताइएको छ[४]। यहाँनेर प्रस्तुत 'वनेचर' यस्तै प्रकारको जाति अन्तर्गत थियो कि भन्ने अडकल लिन सकिन्छ। जे होस्, भारतवर्षमा यस प्रकारका जातिको बसोवास अतिपुरानो कालदेखि नै भएको अनुभव हुन्छ। निश्चय नै वनेचर र किरात पर्याय शब्द हुन्। अत: वनेचर नै किरात हो। कौटिल्य अर्थशास्त्र, वाल्मीकि रामायण, महाभारत आदिको साथै कालिदासीय काव्यहरु आदिमा समेत 'किरात' को उल्लेख पाइन्छ। कवि कालिदासले वनेचरलाई हिमाली भेकको मनमोजी जातिको रूपमा लिएको बुझिन्छ। उनले हिमालय वर्णनको प्रसंगमा हिमाली भेकमा राती आफैं बल्ने–उज्यालो दिने बुटीहरूको प्रभाव प्रखर छ। यही उज्यालोमा वनेचर (किरात) आफ्नी सुन्दरी प्रेयसीलाई लिएर दरीगृह (पर्वत-कन्दरा) पसी रातभर रमाइलो गर्छन् विलास मनाउँछन् भनी उल्लेख गरेका छन्[५]।

किरात जाति ज्यादै पुरानो, छक्का पञ्जा र दाउपेच नजान्ने स्वामिभक्त जातिको रूपमा मानिएको छ। यो सरल प्रकृतिको संयमी

३, भेदा:किरातशवरपुलिन्दा म्लेच्छजातय: (अमरकोष, शूद्रवर्ग २०)।

४. गोमांसभक्षको यस्तु लोकवाह्यं च भाषते
सर्वाचारविहीनो सो म्लेच्छ इत्यभिधीयते।

५. कालिदास, कुमार सम्भवम्-सर्ग १/१०-बोधायन।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जाति थियो भन्ने संकेत कौटिल्यको राजाको आत्मरक्षा निति अन्त: पुरमा किरातलाई स्थान दिएबाट थाहा हुन्छ । नेपालमा पनि प्राचीनतम जातिको रूपमा किरात देखापर्दछन् । किरात राजाहरूलाई जितेर नै लिच्छविहरूले नेपालमा आफ्नो राज्यस्थापना गरेका कुरा गोपाल वंशावली तथा पशुपति पुराण आदिबाट थाहा हुन्छ[6] । संभवत: 'राजा मानदेवले पूर्वका सामन्त राजाहरूलाई जिती पश्चिमतर्फ लागे' भनी चांगु अभिलेख प्राप्त उल्लेखको 'पूर्वसामन्तराजाहरू' किरात नै थिए कि भन्ने अनुमान गरिएको छ[7] । जेहोस्, नेपालमा किरातको अस्तित्व लिच्छविपूर्वकालमा नै व्यवस्थित र संगठितरूपमा थियो भन्ने कुरा भाषागत र स्थानगत बलिया प्रमाणहरूबाट उपलब्ध छन् । यही किरात जातिको एउटा प्रबुद्ध सदस्य थियो–वनेचर, जो राजनीतिको साथै कूटनीतिक बुद्धिमा समेत धेरै निपुण भएको बुझिन्छ ।

वनेचर पात्रनिर्माण र बयान महाकवि भारविको मौलिक कल्पना हो । महाभारतमा यसप्रकारको पात्र देखा पर्दैन । यहाँ महाकविले कथा-वस्तुको संयोजनमा युधिष्ठिरद्वारा प्रेषित गुप्तचररूपको वनेचरद्वारा दुर्योधन–राज्य–व्यवस्थाको वास्तविकता युधिष्ठिरलाई बताएको प्रसंगबाट नै काव्यप्रारंभ गरेका छन् । दुर्योधनको राज्यव्यवस्था बुझि आएको कुशल गुप्तचर रूपी वनेचर बोल्न थाल्दछ–'राजाका आँखा भनेका नै गुप्तचर हुन् । यिनले राजालाई छकाउन हुँदैन । अत: गुप्तचरहरूको बयान मनपर्दो वा नपर्दो जे जस्तो भएपनि सरकारबाट माफी हुनुपर्छ, किनभने राम्रो पनि र फाइदा पनि हुने कुरा पाउन चाहि प्राय: दुर्लभै हुन्छ, (१/४) यसरी भूमिका बाँध्दै वनेचरले दुर्योधन राज्यको बढि-बढाउ र उन्नति बताउँदै जान्छ–महाराज ! दुर्योधन काम, क्रोध, लोभ, मोह आदि ६ शत्रुहरूलाई जितेर मनुको उपदेश अनुसार राज्यसंचालन कार्य गरिरहेछ । उसमा अल्छयाइँ र उदासीनता छैन, ऊ रात र दिन समयको ठीक–ठीक विभाग गरी नीतिपूर्वक पुरुषार्थ बढाइरहेको छ । जनानुरंजक बनी उसद्वारा सदा पृथ्वीमण्डल सुशासित छ आदि (१/६)

६. इतिहास संशोधनको प्रमाण-प्रमेय, जगदम्बा प्रकाशन, ललितपुर २०१९ पृ० २०६

७. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख २०३० पृ० २१ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

नेपाल प्राकृतिक सौन्दर्यको साथै देवयोनि विशेषद्वारा पनि प्रसिद्ध छ। नेपालको वंशावली तथा इतिहास भन्छ–किरातलाई जितेर नै लिच्छविहरूले नेपाल हत्याएका हुन्। फेरि हाम्रा पुराण र धर्मशास्त्र बताउंछन्–नेपाल देवभूमिस्थल हो। यहाँ प्राक् ऐतिहासिक कालमा यक्ष, राक्षस, किन्नर–किरात र नाग आदि जस्ता देवयोनि विशेष सम्बन्धित थिए। गुणाढ्यका लोककथाको नाग, ब्रह्मराक्षस र देवी–देवता आदि, महाभारत र कालिदासका यक्ष–किन्नर, भारविको वनेचर (किरात) यसै भेकसंग सम्बन्धित तथा सम्पर्कित अनुभव हुन्छन्।

वैदिक तथा महाभारतीय अध्ययनबाट बुझिन्छ–किरात हिमाली भेकमा रहने प्राचीनतम जाति हो। यहीं नै महेश्वर शिव किरातको स्वरूपमा विचरण गर्छन्। संभवत: यिनका गण नै किरात जाति विशेष हुन्। शिव+आलय मानिन्छ–हिमालय अर्थात् अन्नपूर्णा वा कैलाश भेक (पर्वत)। यस (हिमाल) को महिमा संस्कृत तथा नेपाली कविहरूले प्रशस्तरूपमा गाएका छन्। महाभारतमा किरातको साथै पुलिन्द, भिल्ल, तंगण, परतंगण आदि जातिविशेषको पनि उल्लेख पाइन्छ। यस्तै केदारखण्ड (२०६।२–४) मा पनि महादेवसंग किरात, भिल्ल आदि कृष्णकम्बलकंचुकवाला असभ्य जातिका समूहको संलग्न भएको बताइएको छ। नृतत्त्वपरम्परा र इतिहासको अनुसन्धान हुन सके संभवतः यो किरात, पुलिन्द, तंगण, परतंगण आदि जाति नेपालको किरात प्रदेश भेकको पुर्ख्यौली हुन सक्ला। अत: किरात प्रदेश निवासी (किरात जाति) को ऐतिहासिकतामा विशेष जानकारी थपिएला। जेहोस्, महाभारत किरात वा वनेचरको आधाररूपमा छ र यहाँ यसको प्रशस्त चर्चा छ[७]। यही नै प्रस्तुत प्रसंगगत वनेचरको सान्दर्भिकता हो।

द्रौपदी:– सामान्य पात्रको रूपमा भएपनि द्रौपदीको भूमिका यहाँ महत्त्वपूर्ण छ। यिनी महाभारतकी महत्वपूर्ण पात्रा र राजा द्रुपदकी धर्मपुत्री पनि हुन्। यी द्रुपदकी आत्मजा (कन्या) नभए पनि लौकिक रूढि अनुसार यिनलाई द्रुपदात्मजा (१।२७) द्रौपदी (११।४८) आदि

---

७. **किरात–तंगणाकीर्णं पुलिन्द शतसंकुलम्, वनपर्व १४०।२५ पारदाश्च कुलिन्दाश्च तंगणा: परतंगणा:, सभा पर्व ५२।३।**

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

नाउंहरू दिइएका छन् । द्रोणाचार्यवध निति आयोजित पुत्रेष्टि यज्ञ मार्फत धृष्टद्युम्न साथै जन्मिएकी यिनी अयोनिजा कन्या हुन् । यज्ञवेदीको मध्यभागबाट द्रुपदकुलोत्पन्न अनिन्द्य सुन्दरी द्रौपदी 'शची' को अंशबाट प्रकट भएकी हुन् भनी बताइएको छ (आदि ६७।१५७) यी ज्यादै रूपवती, आकर्षकव्यक्तित्वशालिनी र देवांशरूपा थिइन् । यिनको प्राप्तिकालमा आकाशवाणी मार्फत्–यी कृष्णा श्रेष्ठसुन्दरी र क्षत्रिय विनाशिनी हुनेछन्' भनी सूचना भएको बताइन्छ (आदि ६६।४८) यिनको शुरुको नाम याज्ञसेनी (३।५५) कृष्णा (३।३५) आदि र पछि द्रौपदी, पांचाली आदि नामहरूले पनि प्रसिद्ध हुन गएका बुझिन्छन् । त्यस्तै पृषत् (द्रुपदका पिता) कुलको नाताले यिनलाई ठाउं–ठाउंमा पार्षती पनि भनिएको पाइन्छ । महाभारतमा यिनी धर्मपरायणा, पतिव्रता, विवेकी र हकी पात्रको रूपमा सुपरिचित छन् । द्रौपदीको धर्मपरायणतालाई भीष्म, कर्ण समेतले प्रशंसा गरेका छन् (सभा ७२।१–३) चीरहरण पश्चात् धृतराष्ट्रबाट वर पाई सोद्वारा आफू र आफ्ना पतिहरूलाई द्रौपदी मुक्त गर्छिन् । यस समय धृतराष्ट्र उदार बन्दैं फेरि 'अर्को पनि वर माग' भन्दा द्रौपदी भन्छिन्–"महाराज, लोभले धर्मनाश हुन्छ । म अब तेस्रो वर माग्न अयोग्य छु । लोभ गर्दिन । मेरा पतिहरू दुःखको भुंवरीबाट पार भएका छन् । सत्कर्मवान् बनेमा कल्याणदायी वस्तु स्वतः प्राप्त हुंदै जानेछ" इत्यादि (सभा. ७१।३२–३६) यसरी उनी जीवन-यात्रामा सत्कर्मलाई सर्वोपरि ठान्छिन् र मानिस सत्कर्म र साधनाबाटै उच्च आदर्शशाली हुन्छ, अनुकरणीय व्यक्तित्व बन्न सक्तछ भन्ने भावनामा आफ्नो विश्वास दर्शाउंछिन् ।

द्रौपदी हिन्दुमहिलावर्गकी प्रतिनिधि हुन् । उनको आदर्श हिन्दु धर्म र संस्कृतिको उच्च आदर्श हो, सत्कर्मप्रतिको महिमा द्योतन हो । द्रौपदीप्रति कठोर वाग्बाण प्रहार गर्ने कर्ण यहाँ भए– घटेको परिस्थिति र द्रौपदीको नैतिक– आदर्श तथा तेजस्वितापूर्ण वाणीप्रति स्वतः चकित बन्दछ– अनि उनको प्रशंसा गर्न पुग्छ– '... अहो, पाण्डव– कौरव दुवै क्रोधपूर्ण बनिरहंदा पनि धैर्यशाली र शान्तमूर्ति द्रौपदी अगाधस्वरूपा छन्, यस्ती उदात्त कर्मवती महिला पाउनु दुर्लभ छ । द्रौपदी यहाँ अगाध जलराशिमा डुबिरहेका पाण्डुपुत्रहरूको लागि पारगामिनी डुंगा बनि-रहिछन्' (सभा. ७२।२–३) यस प्रकार महाभारतीय कथाको क्रममा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

द्रौपदी आदर्शमहिलाको नमुनारूप देखा पर्छिन्– धर्मवादीको स्वरूपमा उपस्थित हुन्छिन् । उनको हार्दिक यथार्थता यसबाट अझ स्पष्ट हुन्छ– 'महाराज, म धर्मलाई ठीक– बेठीक भन्दिन, फेरि सारा दुनियाँ पालन गर्ने ईश्वर तथा ब्रह्माको अवहेलना पनि म कसरी गर्न सक्छु र ! वस्तुत: म दुखिया हुँ । केवल मन थाम्न नसकी यहाँ म केही विलापमात्र गरि-रहेछु' (वन. ३२।१–२) यही भावनालाई आफ्नो काव्यात्मक क्रममा जोड्दै कवि भारवि लेख्छन्:

भवादृशेषु प्रमदाजनोदितं भवत्यधिक्षेप इवानुशासनम्,
तथापि वक्तुं व्यवसाययन्ति मां निरस्तनारीसमया दुराधय: ॥१।२८

यहाँ महाकवि भारवि उक्त महाभारतीय भनाइको नजिक– नजिक पुगेको अनुभव हुन्छ ।

'किरातार्जुनीयम्' अन्तर्गत साधारण पात्रको रूपमा द्रौपदीको उपस्थिति प्रथमसर्ग र तृतीयसर्गमा गराइएको छ । प्रथमसर्ग अन्तर्गत वनेचरको खबर पश्चात् यिनी दुर्योधनको बढोत्तरी र आफ्नो नैराश्यलाई हृदयंगम गरी युधिष्ठिरलाई रिस र उद्योग (कार्यव्यवसाय) बढाउने खाले– 'नृपस्य मन्युव्यवसायदीपिनी'... (१।२७) वाणी भन्न थाल्छिन् । यहाँ उनी तुलनात्मक रूपमा शत्रुहरूको उत्तरोत्तर फलिफाप भइरहेको खबर जनाउँदै र आफूहरू साराले जंगलमा दु:ख पाइरहेको दयनीयस्थिति दर्शाउँदै कपटी तथा दुष्ट दुर्योधनलाई नियम र शपथको कुनै वास्ता नगरी हिम्मतसाथ पन्छाउने कार्य गर्न राजालाई साग्रह निवेदन गर्छिन् । उनी भन्छिन्– 'महाराज समर्थ भएका विजयेच्छु व्यक्तिहरूले समय– समय भनेर पर्खिरहँदैनन् । कुनै न कुनै वहानाले सन्धिलाई तोडी शत्रु उपर जाइलाग्छन् '(१।४५) यो कूटनीति हो । एकप्रकारले शूरवीर व्यक्ति-हरूको लौकिक चालवाजी पनि यो हो । हामीले अहिले यही नीति अपनाउनु पर्छ । यसैमा हाम्रो कल्याण छ आदि ।

महाभारतीय पृष्ठभूमि अन्तर्गतको प्रस्तुत द्रौपदीको भनाइमा देवगुरु वृहस्पतिकथित नीतिशास्त्र (दर्शन) को पुन: कथन उतारिएको अनुभव हुन्छ । यसलाई वार्हस्पत्य– दर्शन भन्ने पनि चलन छ । यो लोका-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यतदर्शन पनि हो। 'लोके+आयत इति लोकायतः' अर्थात् त्यस्तो सिद्धान्त वा विचारधारा, जो लोकमा अत्यन्त प्रसिद्ध छ– व्याप्त छ। यही लोकायत दर्शनको पृष्ठभूमि अन्तर्गत व्यक्तिवादी सोचाइमा विकसित कर्मवादलाई महत्त्व दिँदै द्रौपदीद्वारा आग्रह गरिएको निजी धारणा यो हो। यहाँ द्रौपदी पृष्ठभूमिका रूपमा सुरूमा आफ्नो पूर्वस्थिति दर्शाउँदै पुर्ख्यौली हकभोगवाट प्राप्त प्रेयसी जस्तो राजलक्ष्मीलाई तपाईंले हेल्चक्र्याइँ गरी लापरवाहीले फ्याँकि दिनु भयो (१।३१) भन्ने गुनासो पोख्छिन्। यहाँ उनको सन्देश वल– पुरूपार्थ आदिद्वारा मानिस जे जसरी भए पनि आफ्नो भलाइप्रति नै दत्तचित्त हुनुपर्छ भन्ने वुझिन्छ। शान्ति र क्षमा खूवी नभएका हुतीहाराका कुरा हुन्, जंगलमा कुटी वनाई वस्नेका सहारा हुन्। शक्तिशाली व्यक्तिले अन्याय र तिरस्कार सहीं वसिरहनु हुँदैन। हिम्मतसाथ शत्रु पन्छाई आफ्नो हक जसरी पनि लिई छोड्नु नै पुरुषार्थ हो,– यही व्यावहारिकता खरो रूपमा विझ्ने गरी द्रौपदीमार्फत व्यक्त्याइएको छ।

प्रत्यक्ष जीवन सुखी र समृद्ध वनाइनु पर्छ, सुधारिएको हुनुपर्छ, अनि शक्ति सामर्थ्य अनुरूप मर्यादित तथा समाद्रित किसिमले राम्ररी वाँच्नुपर्छ भन्ने पक्षमा द्रौपदी छन्। उनलाई विश्वास छ– आफ्ना पुरुपार्थी पतिहरू एक से एक छन्। यिनीहरूले आफ्ना वुद्धि वर्कत र साहसलाई सजीवता दिई अगिवढेमा नयाँ निर्माण र सिर्जन केही असंभव छैन। स्वतन्त्र, शस्त्रास्त्र सम्पन्न यी पुरुपार्थीहरू आफ्नो शक्ति सामर्थ्यवाट पूर्वआर्जित सर्वस्व प्राप्त गर्न समर्थ छन्– यही आशयमा उनी (द्रौपदी) आफ्नो आग्रहलाई उपसंहाररूप दिँदै भन्छिन्:

रिपुतिमिरमुदस्योदीयमानं दिनादौ
दिनकृतमिव लक्ष्मीस्त्वां समभ्येतु भूयः (१।४६)

यसरी द्रौपदीको कथनलाई एकत्रित गरी सांकेतिक तथा विश्लेपित दुवै तहले सोच्दा– केलाउँदा त्यतिखेरको व्यक्तिवादी वर्ग एकातिर लोकायतिक मतको अनुयायी रूपमा काम र पुरुपार्थलाई विशेष महत्त्व दिँदै अग्रसर हुने पक्षमा थिए भने अर्कोतिर भाग्यवादी वर्ग धैर्यशील र कर्तव्यरत वन्दै ईश्वर शक्तिमा नै आश्वस्त थिए। प्रस्तुत भनाई मार्फत (१।२९–४६) द्रौपदी देवगुरु वृहस्पतिका लोकायत दर्शनको आंशिक मत

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

(कामवादी पक्ष) लाई खरोरूपमा संकेत गर्न पुग्छिन्। यो तथ्य बुझैका भारवि भीमको मुखबाट प्रष्टयाउँछन्– 'अपि वागविपस्य दुर्वचं वचनं तद्विदधीत विस्मयम्' (२।२) अर्थात् निश्चय नै यहाँ बृहस्पतिले पनि भन्न नसक्ने खालको आश्चर्य लाग्दो कुरो द्रौपदीले भनेकी छन् आदि।

तृतीय सर्ग अन्तर्गत दौपदीको उपस्थिति अर्जुनको बिदाई सन्दर्भमा ढाडस र मंगलकामना गर्ने प्रेरक व्यक्तित्वरूपमा हुन्छ। महर्षि व्यास र दाजु युधिष्ठिरको सल्लाह अनुसार अस्त्रप्राप्ति उद्देश्यले अर्जुन तपः कार्य निति लाग्दैछन्। द्रौपदीले कौरवराजसभाको समयदेखि नै दुःशासन मार्फत भुत्ल्याइएको चुल्ठो कौरवसँग बदला नलिएसम्म नबाट्ने अठोट गरेकी थिइन्। यस उप्रान्त उनले पति विजयको निति कठोरब्रत र आराधना गर्दै रहिन्। यतिखेर द्रौपदी अर्जुनलाई उत्साह र हौसला दिँदै विजयसूचक उत्साहको उद्गार पोख्तछिन् 'जबसंम आफ्नो कार्यसिद्धि हुँदैन, तब तपाईं हामीलाई संझेर चिन्तित र व्यग्र नहुनु होला। मान-हानि भनेको प्राणहानि बराबर हो। शत्रुबाट पराजित तथा तिरस्कृत हाम्रो अपमान संझीनसक्नु छ। तपाईं शत्रुहरूलाई पराजित गर्ने शक्ति-सामर्थ्यप्राप्त गरी आउनु हुनेछ– को आशाले तपाईंसँगको उराठिलो र दिक्कलाग्दो विछोड म पर्खिरहनेछु। तपाईंका विघ्नबाधाहरूलाई इन्द्रले पन्छाऊन्। तपाईं कृतकार्य बनी फर्केको देख्न पाउँदा म ज्यादै हर्षित बन्नेछु र खुशीसाथ आफ्ना दुवै समेत अचेटिने गरी गाढा अंकमाल गर्न उद्यत हुनेछु' (३।३९–५४) इत्यादि।

भीमः– भीमसेन पनि यहाँ अन्यतम सहायक पात्रमध्ये एउटा उल्लेखनीय पात्रको रूपमा देखापर्छन्। यिनका नामान्तर (पर्याय) शब्दको रूपमा यहाँ बृकोदरः (१।३४) मरुत्सुत (२।२५) आदि पदहरू पनि प्रयुक्त छन्। जे होस्, मुढेबलको लागि सबै पाण्डवहरूमा यी विशेष देखापर्छन् साथै यिनलाई बलको प्रतीक रूपमा पनि लिइन्छ। यिनको बल दश हजार हात्तीको जत्तिकै थियो भन्ने बताइन्छ। (आदि. १२७।६८) यिनले महाभारतको घटनाक्रममा ठाउँ– ठाउँमा आफ्नो बल र साहसको राम्रो परिचय दिएका छन्, वीरोचित उद्गार पोखेका छन्। महारानी कुन्ती पनि भीमलाई निकै बलशाली संझन्थिन्। बकासुर बधनिति भीम-लाई पठाउने वचन दिनु यसैको परिणाम हो। भीमको बल– पुरुषार्थप्रति

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आफू विश्वस्त भएको कुरा यिनले भनेकी छन्– 'वृकोदरेण सदृशो वले-नान्यो न विद्यते' (आदि. १६१।१७) अर्थात् भीमसेन जस्तो बलवान् दुनियाँमा अर्को कोही छैन । यसबाट पनि जनमानसमा भीमका बलपरा-क्रमप्रति के कस्तो विश्वास र धारणा रहेछ त्यसको संकेत पाउन सकिन्छ । यिनी सोझा– सरल, यथार्थवादी र पवित्र पात्रको रूपमा प्रसिद्ध छन् । यहाँ अरूको अर्घेलो नसहने र हाकाहाकी प्रतिकारमा कसिने यिनको वानी देखिन्छ । रिसले मुर्मुरिएका धृतराष्ट्रलाई र सराप दिन तयार भएकी गान्धारीलाई पनि उनले निर्भीकसाथ आफू बाँच्न कौरवप्रति जाइलागेको र दुर्योधन तथा दुःशासन मार्ने प्रतिज्ञा पहिल्यै नै गरिसकेको कुरा स्पष्ट पार्दै उनीहरूलाई चूप गराउँछन् । (स्त्री पर्व)

भीमलाई वायु मार्फत जन्मिएका महाराज पाण्डुका क्षेत्रज– पुत्र बताइन्छ र हनुमान्का भाइ पनि मानिन्छ । यी लोकायतवादी मतको सिद्धान्त– -काम एव एक: पुरुषार्थ: । तदुपयोगित्वात् अर्थोऽपि, अर्थकामौ पुरुषार्थौ' (वार्हस्पत्य सूत्र) भन्ने विचारका अनुभव हुन्छन् । अर्थात् 'काम' नै प्रधान पुरुषार्थ हो । कामनिति उपयोगी हुने हुँदा 'अर्थ' लाई पनि पुरुषार्थ मानिन्छ । अत: चार्वाकहरूको मतमा काम र अर्थ दुई पुरुषार्थ पाइन्छन् । जे होस्, यहाँ भीम कामलाई नै प्रधान पुरुषार्थ मान्ने मतका पक्षपाती देखापर्छन् । सुखी, आनन्दी– मोजमजाको र अरुवाट गनि-एको महिमाशाली– अस्तित्ववान् यात्रा नै जीवन हो भन्ने यिनको आफ्नो विश्लेषण वा धारणा छ । यिनी भन्छन्– स्वस्थ सौख्यमय र नहेपिएको पौरखी जीवन नै मनुष्य जीवन हो । जो मानिस पौरख र जोस– जाँगर नभएको अल्छी छ– त्यसलाई भाउँतो– भाउँतो आइलाग्छ । आपत्– विपत्ले घेर्छन् । इजत र गौरव नाश हुन्छ– अन्ततः उसको राज्यश्री निति कुनै स्थान रहँदैन (२।२४) यसैले महाराज, जोस र जाँगर हुनु पऱ्यो– उत्साह ल्याउनु पऱ्यो । 'के हुन्छ र खै... !' भन्ने हुतिहारा हुनु भएन, साहस निकाल्नु पर्छ र काम गर्नुपर्छ (२।१५) वास्तवमा तेज र उत्साह नै मनुष्यत्व हो– पुरुषत्व हो । स्वाभिमान नभएकालाई खरानी कुल्चिए जस्तै गरी साराले लत्याउँछन्, हेप्छन् (२।२०) यसैले महत्वा-काङ्क्षी मानिसले पराक्रमी भई वैरीको उछितो पार्नुपर्छ । अरुवाट हेपिनु हुन्न । आफ्नो जोस र जाँगर, पौरख र खूवी; हिम्मत र साहस निकाल्नु

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

पर्छ (२।१३) भन्ने वीरोचित दृढता भीमको छ। यहाँ भीम देशभरका प्रजा (मानिसहरू) र अन्य राजा– रजौटाहरू पनि धनी– मानी साहस-वाला वीर पुरुषको नै पक्षमा हुने कुरा बताउँछन्। वास्तवमा इमान्दार, सहनशील र दृढप्रतिज्ञ भई वचन पूरा गरी फर्के पनि अन्ततः हामीलाई दुष्ट दुर्योधनले राज्य दिँदैन (२।१६) भन्ने भविष्यवाणी भीमको छ। अतः हामीहरूले तुरुन्त आफ्नो वलवुता र पुरुषार्थ देखाई सारा एकजुट भएर दुष्ट दुर्योधनवाट राज्य छिन्नुपर्छ, आफ्नो सान– मान राख्नु पर्छ– गौरव देखाउनुपर्छ। यसैमा नै ज्ञानगुण र वलवुता, शौर्य– पराक्रम र वीरता, शस्त्रास्त्र दीक्षा र दिव्यास्त्र ज्ञान भएका हजुरका भाइहरूको सार्थकता छ (२।१६, २३) भनी भीम आफ्नो अठोट प्रष्ट्याउँछन्। यहाँ भीमको भनाई द्रौपदीको भनाइसँग नै मिल्दोजुल्दो हाराहारी देखापर्छ।

महाभारत शान्तिपर्व अन्तर्गत भीष्म जव आफ्नो राजधर्म उपदेश-लाई उपसंहार गर्ने स्थितिमा पुगिरहेका हुन्छन्, तव आफ्नो वासस्थान, आफ्नो चारभाइ सहित नीतिज्ञ विदुर सामु धर्मराज युधिष्ठिर एउटा प्रश्न अघि सार्छन्– 'सारा दुनियाँ–प्रचलित धर्म, अर्थ, काम–यी त्रिवर्गमा कुन ठूलो र कुन सानो ?' (शान्ति– १६७।२,३) यसमा विदुर धर्मलाई; अर्जुन अर्थलाई र भीम कामलाई ठूलो[८] भनी आ– आफ्ना तर्क दिन्छन्। राजकुमार नकुल– सहदेव चाहिं अर्जुनका मतको अनुयायी वन्छन्। युधिष्ठिर चाहिं त्रिवर्गमा खास लोभ नराख्ने तटस्थ वीतरागी र दोषहीन व्यक्तित्व नै महान् हो भन्छन्– (शान्ति १६७।५–४८) यही प्रश्नमा नै युधिष्ठिर यी त्रिवर्गमा जुनमायि तपाईंहरूको आस्था (झुकाव) छ– त्यो वताउनु होस् भनेका पनि हुन्छन्। यसवाट अध्ययन गर्दा भीम त्रिवर्गमा कामलाई प्रधानता दिने लोकायतवादी सिद्धान्तप्रति झुकेका व्यक्ति हुन् भन्ने तथ्य स्पष्ट हुन्छ। संभवतः यसैको प्रभाव भारवि महाकाव्यमा परेको पनि अस्वाभाविक छैन। जे होस् भीम त्रिवर्गको सार 'काम' हो, कामले नै संसार चलेको छ भन्ने र त्रिवर्गमा समानरूपले अनुरक्त वन्न सक्नेलाई महान् संझने भोगवादी लोकव्यवहारविद् वीर देखापर्छन्।

---

८. नाकामः कामयत्यर्थं नाकामो धर्ममिच्छति
नाकामः कामयानोस्ति तस्मात्कामो विशिष्यते, शान्ति. १६६।२६

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वाह्यरूपमा झट्ट हेर्दा एकै–एकै जस्ता लागे पनि कामवाद र कर्मवाद पूर्व पश्चिमका अलग–अलग बाटा हुन् । दार्शनिक क्षेत्रमा लौकायतिक कामवाद (योग) का विश्लेषक आधार (सिद्धान्त) आ–आफ्नो प्रकारका छन् । लौकायतिक कामवाद पारलौकिक उद्देश्यसंग सम्वद्ध नभई ऐहिक सुखभोगसंग सम्वन्धित छ । अतः यसको तात्पर्य इच्छा–अभिलाषा, सुख, –सौख्य, आमोद–प्रमोद, स्त्रीसंभोगआदि विलास इत्यादि मोजमज्जारूप आनन्द तथा इन्द्रिय तृप्तिसंग रहेको बुझिन्छ । चार्वाकमतमा भौतिक सुखप्राप्ति नै एकमात्र लक्ष्य हो–यसको प्राप्ति कुन उपायले हुनसक्छ त्यसतर्फ सोच्नु र लाग्नु, अनि जीवनानन्द लिनु नै चार्वाक सिद्धान्तको आशय बुझिन्छ । यस अतिरिक्त कर्मवाद आध्यात्मिक जीवनसंग सम्वन्धित देखापर्छ । श्रीमद्भगवद्गीतामा कर्मयोगशास्त्रको व्यापक विवेचन छ । कर्मयोगीको निति मूलतः वीतरागी र संयमी हुनु आवश्यक मानिन्छ । यसैले कर्मयोगको संकेतमा भनिएको छ–"योगः कर्मसु कौशलम्" (२।५०) यहाँ बुद्धिको सुधार पनि महत्त्वपूर्ण छ । सामान्य मायामोहरूपी सांसारिक कर्ममा त सबै नै लम्पट छन्, किन्तु कर्मयोगवाला वुद्धि विवेक प्राप्त गरी कर्मसाधना तर्फ लाग्नु नै कर्मयोग हो । यसको लागि प्रथमतः मनमा अनाशक्तभाव ल्याउन सक्नुपर्छ । यस्ताको लागि आफ्नो कर्तव्यलाई राम्ररी सम्पन्न गर्नु नै कर्मयोग हो । बुद्धिको समत्वभाव र कर्मकर्तव्यकुशल-युक्ति–यी दुई कुरा कर्मयोगका मूल जरा हुन् । यसरी कर्मयोगी व्यक्ति कर्मफलमा लिप्त नभई पारमार्थिक तत्वप्रति उन्मुख पाइन्छन् । यहाँ ऐहिक र पारमार्थिक दुवै तहको मधुर मिलन बुझिन्छ । यसप्रकार कामवाद र कर्मवादको सात्त्विक भिन्नता स्पष्ट छ । यहाँ भीम पूर्णतः नास्तिक रूपले कर्मवादीमतका अनुयायी नभए पनि आंशिक रूपले चाहिं कामवादको भोगवृत्तिमा मुग्ध छन् । यसैले उनको मनोवृत्ति भोगवादी छ, पुरुषार्थ चतुष्टयमा तृतीय (काम) पक्षपाती देखापर्छ । यसै प्रकारको सूचन प्रस्तुत महाकाव्यको अभिव्यक्तिगत संकेतवाट स्पष्ट हुन आउँछः "परिभ्रमंल्लोहितचन्दनोचितः पदातिरन्तर्गिरिरेणुरुषितः', .. (१।३४) इत्यादि । महाभारत युद्ध पश्चात् युधिष्ठिर महाराज भएपछि यिनी युवराज भएर वत्तीसवर्षसंम दरवारमा सुखभोग गर्दछन् ।

नेपालमा भीमसेनलाई आफ्नो इष्टदेवको रूपमा मानी कतिपय नेवार जाति विशेषगरी व्यापारीवर्गले भीमसेनको मन्दिर बनाई रांगोको

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

बलि दिई पूजा गर्ने परम्परा पनि छ । यहाँ ललितपुर, भीमफेदी (मकवानपुर) आदिमा कृष्ण जन्माष्टमीको भोलिपल्ट भीमसेन जात्रा हुन्छ । त्यस्तै बडा दशैं अष्टमीका दिन र माघशुक्ल भीमा एकादशीमा दोलखा भीमसेन (भीमेश्वरमा) ठूलो मेला लाग्दछ, लाखवत्ती बालिन्छ । हातले छोडाएका चामलका अक्षताद्वारा भीमसेनको पूजा गरिन्छ । स्थानीय मानिसहरू भीमसेनलाई दोलखा जिल्लाको नै इष्टदेव मान्दछन् । यी दोलखा–भीमसेनको सम्बन्धलाई लिएर लोककिंवदन्तीको रूपमा यस भेकमा लोककथा पनि प्रचलित छन् । त्यस्तै भीमा एकादशीमा बागलुंग पाल्पा आदि पश्चिमका स्थानहरूमा भीमसेनको आजा पूजा जात्रा पनि हुने लोकचलन छ । यसबाट स्पष्ट हुन्छ–नेपाली लोकजीवनको एकपक्ष यी आदरणीय व्यक्तित्वको रूपमा मान्य छन् ।

युधिष्ठिरः– युधिष्ठिर यहाँ सामान्य पात्रको रूपमा छन् तापनि काव्यनिर्वाहमा यिनको भूमिका महत्त्वपूर्ण छ । काव्यको सुरुमा नै यिनको नाम वनेचरको संगसंगै उल्लेख छ–"युधिष्ठिरं द्वैतवने वनेचरः" (१।१) अर्थात् युधिष्ठिर प्रेषित दूत वनेचर द्वैतवनमा भूमिका निर्वाह गरेका पात्र युधिष्ठिर काव्यको प्रारंभदेखि नै चर्चामा आएका छन्, तर यिनको आफ्नो भनाई चाहिं दोश्रो सर्गमा गएरमात्र अभिव्यक्त छ । यिनको नैतिक आदर्श उच्चतहका सिद्धान्तको रूपमा देखापर्छ । यिनी चरित्रवान्, विवेकशील र दूरदर्शी व्यक्तिद्वारा समाजमा के कस्तो व्यवहार अपनाउनु श्रेयस्कर छ भन्ने व्यावहारिक नीति यहाँ प्रकट गर्छन् ।

युधिष्ठिरलाई धर्मराज पनि भनिन्छ । यिनी सदाचारी, सत्यवादी पराक्रमी र धर्मपरायण व्यक्ति हुनेछन् भन्ने कुरा यिनको जन्मकालमा नै भनिएको देखिन्छ । (आदि, १२२।७–१०) महाभारतीय घटना अन्तर्गत युधिष्ठिरलाई बलवान् योद्धा र सैन्य चातुरीवालाभन्दा पनि सत्यवादी धर्मपरम्परा र इमान्दार व्यक्तित्वको रूपमा उभ्याइएको छ । यिनलाई अर्को शब्दमा "अजातशत्रु" पनि भनिएको पाइन्छ । यिनले बरु अनेकौं दुःख–दर्द, कष्ट–सन्ताप आदि सहे, दीन–हीन स्थिति गुजारेर परिवारको टोकसो समेत खाए, तर आफ्नो वचनलाई, आदर्श र धर्मलाई कहिल्यै अन्यथा गरेनन् । यसैले युधिष्ठिरको चरित्र हिन्दुहरूको धार्मिक इतिहासमा सदा निष्कलङ्क व्यक्तित्वको रूपमा आदरणीय छ । पाण्डुको निधन पश्चात्

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सती जानलागेकी माद्री छोराहरूलाई दिदी कुन्ती र जेठा छोरा युधिष्ठिरको जिम्मा दिन्छिन् । उनलाई पूरा विश्वास थियो–धर्मराज युधिष्ठिर धार्मिक र निष्पक्ष छन् । उनले आफ्नो कर्तव्य–इमान्दारिता र समधर्मिता कहिल्यै त्याग्दैनन् । यसैले शोकाकुल उनी आफ्नो त्यस अन्तिम कालमा आफ्ना प्यारा छोराहरूको माथ मुसार्दै भन्छिन्–युधिष्ठिरः पिता ज्येष्ठश्चतुर्णा' धर्मतः सदा" आदि (आदि १२४/२८) अर्थात् बाबु छोरा हो ! अब जेठा दाजु युधिष्ठिर नै तिमीहरूका धर्मको बुबा हुनुहुनेछ आदि । यस्तै पाण्डवहरूले पनि युधिष्ठिरलाई आफ्नो बाबु बराबर सारा पाण्डव कुलको नै स्वामी मानेको बुझिन्छ । यिनीहरूले आफ्ना जेठा दाजु धर्मराजलाई आफ्नो वंशगत पुण्य, तप र प्राणहरूको समेत मालिक बताएका छन् (सभा ७०/१२, १३) जे होस्, यसमा युधिष्ठिरको धार्मिक गौरव नै महिमाशाली छ । पाण्डुको निधनपछि ऋषिसंगसंगै वनवासबाट हस्तिनापुर फर्कका पञ्चपाण्डवहरूको परिचय गराउंदै ली–आउने वृद्धमहर्षिद्वारा भीष्म संग भनिएको छ–"महाराज, पाण्डुका ब्रह्मचर्यको दिव्यप्रतापद्वारा उनलाई साक्षात् धर्मराजले दिइएका आदर्शवान् छोरा यी युधिष्ठिर हुन्" (आदि १२५/२२, २३) यस्तै चीरहरणको समय द्रौंपदीले सभासद समक्ष उठाएको प्रश्न–"म जित या अजित-दासी या अदासी के हुं ?" मा सारा सभासद स्तब्ध छन्–भीष्म समेत अकमक्क बन्छन् । अन्ततः देवव्रत भीष्म युधिष्ठिरको सत्यता र इमान्दारिताप्रति विश्वस्त बन्दै भन्छन्–धर्म सूक्ष्म र गहन छ, यसको निर्णय लिनु गुरुतर छ । यसैले तिम्रा प्रश्नको विवेचनमा म असमर्थ छु । ..... अतः द्रौपदी, मेरो सम्मति छ–महाराज युधिष्ठिर नै तिम्रा प्रश्नको उत्तर दिऊन्–"तिमी जित या अजित के हौ ? पक्का छ संकटको भुंवरीमा परी सारा सुख–ऐश्वर्य त्यागेर भए पनि पाण्डवहरू धर्म तथा सत्यलाई कहिल्यै त्याग्दैनन्" इत्यादि (सभा. ६९।१६,१८) यस प्रकार महाभारतीय घटनाक्रममा आफ्नो उच्च सदाचारिताको उदाहरण प्रस्तुत गर्ने, धर्मराज, श्रेष्ठ सम्राट्को साथै समभाव राख्ने अजातशत्रु पनि मानिन्छन् । यिनी सदा आफ्नो धर्म, आदर्श र कर्तव्यबाट अविचल छन् । जस्तै वनवास समय यक्ष आफ्नो प्रश्नको सन्तोष जनक उत्तर पाई मूर्च्छित भाइ मध्ये एउटालाई जियाउने वचन दिन्छ, यसमा युधिष्ठिर नकुलको नाम लिन्छन् । भीम अर्जुन जस्ता पराक्रमी छोडी यसो किन ? को उत्तरमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

धर्मरक्षाले नै आफ्नो रक्षा हुन्छ९ भन्ने दृढता प्रष्ट्याउँदै उनी आफू जस्तै आमा माद्रीको पनि ज्येष्ठपुत्र बाँचेको हुनु समताागत धर्म सम्झन्छन् । उनका जीवनकालिक यस्ता धर्मगत घटनाहरू महाभारत अन्तर्गत प्रशस्त छन् । सत्य र धर्मको अविचल परिपालन नै धर्मराजको महत्ता हो ।

भनिएको छ विहान महाराज युधिष्ठिरलाई जागा गराउन सूतमागधहरू मंगल गाउंथे, देवी देवताको स्तोत्रगान गर्थे–गाथा गाउँथे । यस्तै उनको दरबारमा प्रतिदिन हजारौं ब्राह्मणहरू सुवर्णथालीमा भोजन गराइन्थे, याचकहरू सन्तुष्ट पारिन्थे र दीनहीन गरीब गुरुवाहरू निर्भय पूर्वक दया, माया पाउँथे, पथप्रर्शनवाट पोषित बन्दथे । (सभा ४९।१८) यस विषयको झलक द्रौपदीको मुखबाट महाकवि भारविले पनि दिएका छन्:

पुरोपनीतं नृप रामणीयकं द्विजातिशेषेण यदेतदन्धसा
तदद्य ते वन्यफलाशिन: परं परैति कार्श्यं यशसा समं वपु: (१।३९)

यसरी महाराज युधिष्ठिर भारत वर्षको नै गौरव मानिन्छन् । यिनको विवेकशील क्रियाकलाप, धर्मनिष्ठ व्यवहार आदि नै पाण्डवहरूका संरक्षणसाधन भएका छन् र अन्तत: विजय–सहायक पनि । यसैले धर्मराज युधिष्ठिरको धर्म र धैर्य सदा स्मरणीय छ ।

हिन्दुवाङ्मयमा कालमहिमा गाइएको छ–"कालमूलमिदं सर्वं जगद्बीजम्... आदि (मौसल ८।३३), तर काल बुझ्न नसक्नेलाई कालैले समाप्त पार्छ भन्ने पक्षमा युधिष्ठिर छन् । फेरि यहाँ सबल व्यक्तिले काल (समय) को कुनै प्रतीक्षा गरी रहनु जरूरी छैन भन्दै कालमहिमा अज्ञात द्रौपदी आफ्ना मत अघि सार्छिन्–'न समय परिरक्षणं क्षमं ते विकृतिपरेषु–परेषु भूरि धाम्न:" आदि (१।४५) द्रौपदीको यस भनाईलाई हृदयङ्गम गरेका युधिष्ठिर कालको दुर्धर्ष सत्तामा विश्वस्त बन्दै काल महिमा बुझाउँछन्–"विवेकी मानिसहरू आफूले गरेको काम स्थिर हुन

९. धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः
तस्मात् धर्मं नत्यजामि मानो धर्मो हतोऽवधीत् ।
वन ३१३।१२८

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सक्ने छ छैन ? समय वा परिस्थिति (काल) के कस्तो छ ? इत्यादि ख्याल गरी रिसलाई जितेर सर्वप्रथम फलसिद्धि र त्यसको स्थिरताप्रति सोचविचार गर्छन् अनिमात्र पुरुषार्थतिर लाग्छन् इत्यादि (२।३५)। यसरी महाकवि भारविले कालमहिमा संकेत गरेको बुझिन्छ । जे होस्, युधिष्ठिरद्वारा काव्यात्मक भाषा प्रष्ट्याइएको प्रस्तुत नीतिपूर्ण उक्ति मननीय छ । युधिष्ठिरको भनाइ छ–मानिसले शान्ति र धैर्यको पक्षपाती बन्दै विचार पुऱ्याई काम गर्नु पर्छ । धनमान आदि कुरा स्वतः मिल्छन् । जहां रिसराग छैन, धैर्य र सहनशीलता छ, समय शपथ र सत्य व्यवहार प्रति चासो राखिन्छ, त्यहाँ स्वतः उज्ज्वल भविष्यको संकेत सम्भव छ । मानिसको हृदय स्वभावतः न्याय पक्षपाती हुन्छ, दीनहीन प्रति सहानुभूतिशील हुन्छ । अतः यो न्यायमार्गको अवलम्वन सर्वदा उच्च छ र कार्य सिद्धि अवश्यम्भावी छ इत्यादि । यसबाट युधिष्ठिरको विद्वत्ता र नीतिज्ञताको परिचय मिल्छ । निश्चय नै युधिष्ठिर तत्त्वज्ञ थिए तथा नीतिविद् थिए । यिनले ठूल–ठूला ऋषि–महर्षि तथा गुरुहरूसंग पढ्ने, सिक्ने र सुन्ने सौभाग्य पाएका थिए । भीष्म र विदुरको संगतले पनि यिनलाई नीतिज्ञ र मर्यादाशील बनाएको थियो । यसैले यिनी शास्त्रज्ञ र भविष्यद्रष्टा समेत बुझिन्छन् । त्रिवर्गमा कुन ठुलो ? भनी प्रश्न बिछ्याउने महाराज युधिष्ठिर यसमा आफ्नो अन्तिम राय त्रिवर्गरहित भई मोक्ष–प्राप्तिको गूढज्ञान–प्राप्त गर्नु नै कल्याणकारी कुरा हो को दृढतामा छन् । यसको लागि उनको भनाइ छ–आसक्ति शून्य ज्ञानी मानिसहरू नै मोक्षका अधिकारी हुन्छन्–बुधाश्च निर्वाणद्वारा भवन्ति (शान्ति–१६७।४६) आदि । यसबाट युधिष्ठिरको तत्त्वज्ञता र भावनाको स्पष्टता झल्किन्छ । यिनी वीतरागी थिए, यिनलाई युद्धगत विजयको हर्ष र पराजयको विस्मात केही थिएन, वरु महाभारत पश्चात् कौरवनाश र इष्ट मित्रको उच्छितोले यिनलाई पीर पारेको थियो, दिक्क तुल्याएको थियो । यसैको परिणाम भीष्मको राजधर्मानुशासन हो ।

यहाँ भएको युधिष्ठिरको यो नीतिवाणी एक प्रकारले हिन्दु वाङ्मयमा नीतिशास्त्रको काव्यात्मक सारसंक्षेप हो, झलक हो । युधिष्ठिर नीतिज्ञ काका विदुरद्वारा प्रभावित थिए र उनलाई श्रद्धापूर्वक आदर गर्थे । विदुरले पनि युधिष्ठिरको विचारलाई अझ परिमार्जित गर्दै लग्यो–दृढ बनायो । युधिष्ठिरद्वारा यहाँ अभिव्यक्त गराइएको भारविको यो अभिव्यक्ति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

पूर्वीय नीतिशास्त्र उपदेश संगै विदुरनीति (महाभारत: प्रजागरपर्व) द्वारा पनि केही हदमा प्रभावित देखापर्छ ।

व्यास:– हिन्दु संस्कृतिको परम्परामा व्यासको ठूलो महिमा छ। यिनी हिन्दु धर्म र संस्कृतिका महान् आचार्य मानिन्छन् । भगवान्का अवतार संम्झिन्छन् । व्यासको जन्म पराशर ऋषि र सत्यवती मार्फत् यमुना द्वीपमा भएको बताइएको छ। यसैले यिनलाई "पाराशरेय" पनि भनिन्छ । फेरि द्वीपमा जन्मिएकोले द्वैपायन, कालो हुनाले कृष्ण र वदरी नारायणवासी भएकोले वादरायण आदि यिनका सार्थक नामहरू छन्। त्यस्तै वेदसंहिताहरूको विस्तार गरेको हुनाले "व्यास" पनि भनिएको कुरा उल्लेख छ[९]। अत: व्यास वैदिक र लोक संस्कृति तथा लोक धर्मका संस्थापक एवं विश्लेषक आचार्य हुनुको साथै पुराण शास्त्र, ब्रह्मसूत्रभाष्य, महाभारत, श्रीमद्भागवत आदि ग्रन्थहरूका रचयिता महर्षि पनि मानिन्छन् ।

व्यास नाउंका धेरै आचार्यहरू भएको कुरा विभिन्न आधारबाट थाहा हुन्छ[१०] । यिनीहरूमा कृष्ण द्वैपायन व्यास नै मूल व्यक्तित्व हुन् । यी भगवान् विष्णुका २४ अवतार मध्ये अन्यतमका मानिन्छन् । यो कुरा शांकरभाष्यमा उल्लिखित संकेतले समेत जनाउंछ[११] । जे होस्, व्यासको त्रिकालदर्शिता, अलौकिक व्यक्तित्व र सर्वज्ञता समेतले उनी अलौकिक देवांश स्वरूप पुरुष थिए भन्ने कुरा अनुमान हुन्छ । हो, लोक र वेद दुवै क्षेत्र अन्तर्गत श्रुतिपरम्परामा जे जति रचना प्राप्त थिए–ती सबैलाई आकलन गर्ने श्रेय: महर्षि व्यासलाई नै छ । संग्रहित तथा विषयानुरूप विभाजित यी संहिता ग्रन्थहरू भगवान् कृष्ण द्वैपायनद्वारा आफ्ना पांच शिष्यहरूलाई पढाई उनीहरू मार्फतलोकमा विस्तारित्त भए । ती शिष्यहरू थिए–पैल, वैशम्पायन, जैमिनि, सुमन्तु, शुकदेव । यसरी आर्यजातिको

९. विव्यास वेदान् यस्मात्स तस्माद् व्यास इति स्मृत: (आदि ६३।८८)

१०. देवी भागवत १।३

११. तथा ह्यमान्तरतमा नाम वेदाचार्यं पुराण शीर्षं विष्णु नियोगम-
रकलिद्वा परयो: सन्धौ कृष्णद्वैपायनसम्बनभवेति समरन्ति ।

शांकरभाष्य ३।३।३२

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

मूलस्तम्भ वैदिक संहिताको संरक्षण तथा सम्वर्द्धन कार्य महर्षि कृष्ण-द्वैपायन मार्फत भएको तथ्य स्पष्ट छ । अतः आर्यजातिका लौकिक तथा वैदिक संस्कृतिको समन्वयात्मक भूमिका प्रदान गर्ने विलक्षण कार्य पनि व्यासद्वारा नै भएको बुझिन्छ । अतः महर्षि व्यास हिन्दु धर्म, संस्कृति र साहित्यको त्रिवेणीका उद्धारक आचार्य मानिन्छन्, मूल आधार संझिन्छन् । आफ्नो आध्यात्मिक विवेचनाको चिन्तनात्मक परिपाकमा यिनले काल धर्मलाई ठूलो स्थान दिएका छन् । यो अपराजेय र शाश्वत भएकोले अप्रतिकार्य छ भन्ने धारणा यिनी दर्शाउंछन् । साथै समस्त विश्वको नियामक तत्व नै यही काल हो भन्दै यिनीहरुद्वारा ठाउंठाउंमा काल धर्मको विश्वदो विवेचन पनि प्रष्टयाइएको छ ।

नेपालमा प्राचीनतमकालदेखि नै व्यासको ठूलो महिमा बुझिन्छ । यिनीप्रति भक्तिभाव दर्शाउने र आजापूजा समेत गर्ने चलन जुगौं देखिको हो । लिच्छविकालमा भगवान् कृष्ण द्वैपायनप्रति व्यापक श्रद्धा थियो, प्रचार थियो । यस समयका धार्मिककृत्य अन्तर्गत अग्निशाला विधान, यज्ञयागादि परम्परा र पुराण, धर्मशास्त्र आदिआदि पठन– पाठन गर्ने चलन प्रशस्त बुझिन्छ । यसैले यतिखेरको लोकजीवनमा महर्षि व्यासमात्र नभई यिनका चेलाहरू समेत पूज्य संझिन्थे । ललितपुर खपिछेको वसन्त देवका पालाको मिति वि. सं. ५८७ को अभिलेखमा वेदव्यासका चेला वैशम्पायनको करणपूजा सन्दर्भ देखाइएको छ र उनका आजापूजाको सुव्यवस्थार्निति गुठी समेत राखिएको छ । फेरि महर्षि कृष्ण द्वैपायनको महिमा गाइएको राजा वसन्तदेवका पाला (छैटौंशदीको उत्तरार्द्धको) को हाँडीगाउँ सत्यनारायण स्यानको अभिलेख पनि स्मरणीय छ । यहाँ आभीर विद्वान् अनुपरम (छैटौंशदी) ले भगवान् कृष्ण द्वैपायनलाई नारायण विष्णुका अवतारका रूपमा लिई विविध प्रकारले महिमा गान गरेका छन्, स्तुति गाएका छन् । यस प्रकार नेपाली समाजमा व्यासको महिमा व्यापक-रूपमा प्रचलित भएको तथ्य स्पष्ट छ । यस्तै यहाँको लोकजीवनमा पनि यी महर्षि (व्यास) को नाउँ सुप्रसिद्ध छ । यिनका नाउँको एउटा हिम-शृंखला नै 'व्यासहिमाल' (महाकाली अंचल) भनेर प्रसिद्ध छ । भनिन्छ यसैको पवित्र काखमा महर्षि व्यासद्वारा तपस्या गरिएको थियो रे ? यस्तै यही हिमालका काखको एउटा क्षेत्र छ 'व्यासगर्खा' (दार्चुला), अनि यसकै एउटा गाउँ 'व्यास गाउँ' र यही भेकको एउटा क्षेत्र

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

'व्यासाश्रम' (डोल्पा) पनि छ । यसलाई तीर्थस्थल मानिन्छ र यहाँ देवालय, व्यास मन्दिर आदि पनि छन् । यस्तै दमौली (तनहुँ) को व्यास गुफा पनि प्रस्तुत सन्दर्भमा स्मरणीय छ। यहाँ श्रावण पूर्णिमाको दिन मेला लाग्दछ । यसरी नेपाली लोकजीवनमा देखापरेको सारा लोक-अभिव्यक्तिको केवल एउटै उद्देश्य छ– महर्षि व्यास प्रति चिरस्मरण तथा श्रद्धा समर्पण ।

प्रस्तुत सन्दर्भमा महर्षि व्यासको प्रसंग पाण्डवपथप्रदर्शकको रूपमा देखा पर्छ । व्यास कुरुपाण्डव दुवैका पितामह हुन् । महाभारतीय कथा-यात्रा अन्तर्गत यिनी कथासंवाहकको रूपमा झुल्कन्छन् । कुरु कुलको वंशच्छेद समय माता सत्यवतीको आज्ञानुसार उद्धारक व्यक्तित्व नै यिनी भएकोले कुरुकुलप्रति यिनको स्नेह र कर्तव्य दुवै प्रकारको निकटता देखा पर्छ । अतः हस्तिनापुरको राजनीतिक तथा धार्मिक दुवै तहको उतार-चढावमा यिनको घनिष्ट सम्वन्ध देखापर्नु स्वाभाविक छ । कुरुकुलमा जब कालो वादलको आभास देखापर्न थाल्छ, तव पथप्रदर्शकको रूपमा व्यास झुल्कन्छन् । उनको सल्लाह यहाँ कति हदसम्म जँच्दछ– त्यो अर्को कुरा हो । जे होस्, आपत् र अन्योलको भुँवरीमा परी जब पाण्डवहरूलाई दोधारको स्थितिमा रूप लिने अवस्था आउँछ– चिन्ताले सताउँछ, तब कता कतावाट व्यासको पथप्रदर्शन यिनीहरूलाई मिल्छ । यो यथार्थता महाभारतीय घटनाक्रमवाट स्पष्ट अवगत हुन आउँछ । फेरि कुरु पाण्डव दुवै पक्षमा जब अहं र ईर्ष्याजनित युद्धरूपी कालो बादल मडारिने स्थिति आउँछ, तव यहाँ व्यासको प्रयास दुवै वर्गलाई मेल गराउने रूपमा देखा पर्छ । तर पनि दुर्योधन व्यास सन्देश (अति उपदेश) प्रति पराङ्मुख छ, दुष्ट र पापात्मा प्रकारको अनुभव हुन्छ, त्यसैले व्यास धर्मराज पक्षपाती जस्ता देखा पर्छन् । 'किरातार्जुनीयम्' को आधारमा अध्ययन गर्दा व्यासको पथप्रदर्शकता यहाँ उल्लेखनीय बुझिन्छ । दुर्योधनको दुर्व्यवहार बुझेका द्वैपायन द्वैतवनमा युधिष्ठिरसंमुख पुग्छन् र युद्धको अवश्यम्भाविता महसुस गरेकोले युधिष्ठिरलाई सम्झाउँछन्– 'महाराज, मैले तपाईंका मनका भाव बुझेको छु । भीष्म, द्रोण, कृप, कर्ण, अश्वत्थामा आदिको कारण देखा परेको डर म शास्त्रीय उपायद्वारा हटाउने प्रयास गर्नेछु... (वन. ३६।२४–२६) आदि । साथै व्यासले युधिष्ठिरलाई एकान्त लगी 'प्रतिस्मृति' नाम सिद्धविद्या प्रदान गर्छन् । अर्जुनलाई इन्द्र, रुद्र, वरुण,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कुवेर र यम आदि सँग गई अस्त्र प्राप्त गर्ने सल्लाह दिन्छन्, उपाय बताउँछन् । यही महाभारतीय घटनाको आधारमा भारवि व्यासमुखद्वारा आफ्नो कुरु पाण्डवप्रतिको समानता– असमानताको आदर्श प्रकट गर्छन्:

> तथापि निध्नं नृप तावकीनैः प्रह्वीकृतं मे हृदयं गुणौघैः
> वीतस्पृहाणामपि मुक्तिभाजां भवन्ति भव्येषु हि पक्षपाताः
> (३।१२)

यद्यपि समानताको दृष्टि राख्नु वाञ्छनीय हो, तर महाराज, तपाईंका आदरणीय गुणराशिद्वारा खिचिएको मेरो हृदय कता कता तपाईंको वशीभूत हुन पुगेको छ । आश्चर्य, निष्काम मुक्ति चाहने महात्माहरू पनि सज्जनताका पक्षपाती हुन पुग्छन् । यसरी किरातार्जुनीयका व्यास आफ्नो हार्दिक कटुसत्य प्रकट गर्छन्, तत्त्वज्ञता दर्शाउँछन् । यहाँ उनी आदर्शगुण र न्यायको पक्षपाती हुनुको साथै पथप्रदर्शक चरित्रको रूपमा विद्यमान छन् । अतः व्यासलाई भारविले यहाँ उच्चविभूतिको रूपमा प्रस्तुत गरिरहेछन् । निश्चय नै यहाँ व्यासको चरित्रलाई निष्कलंक र आदर्शपूर्ण वनाउने प्रयास भएको छ ।

यक्षः पूर्वीय वाङ्मयमा यक्षको आफ्नै महिमा छ । यसलाई प्राचीन लोकदेवताको रूपमा पनि लिइएको छ । यस जातिको प्रादुर्भाव सम्बन्धमा विराट् अण्डवाट ब्रह्मादि देवताको उत्पत्ति भएपछि नै यसको उत्पत्ति भएको हो भनी बताइएको छ ।[१२] 'यक्ष जाति' भारतवर्ष– प्रसिद्ध प्राचीन देवयोनि विशेष मानिएको तथ्य कोषकारद्वारा पनि थाहा हुन्छ ।[१२] बौद्ध, जैन ब्राह्मण आदि साहित्यमा यक्ष जातिको उल्लेख छ । अतः यक्ष जाति हिन्दू, बौद्ध जैन आदि सम्प्रदायमा पनि देवरूपमा वा उपदेवताको रूपमा ग्रहण गरिएका तथ्य एक विशेष प्रकार हो । महाभारतमा विभिन्न रूपका यक्षहरू वर्णित छन् । भारतवासी आर्यहरू यक्षलाई पनि देवता रूपमा मान्दथे र पहिले– पहिले यक्षको पनि पूजा हुने परम्परा थियो । यसैले भारतवर्षमा यक्षका पुराना– पुराना मूर्तिहरू प्राप्त छन् । नेपालमा

---

१२. महाभारत, आदि, १।३५

१२. विद्याधरोप्सरो यक्ष–रक्षो–गन्धर्व किन्नराः
पिशाच गुह्यकः सिद्धो भूतोमी देवयोनयः — अमर १।११

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

पाइएका यक्षका मूर्तिहरू मध्ये सबभन्दा पुरानो यक्षमूर्ति हाँडी गाउँमा पाइएको मूर्ति हो, जसलाई प्रथमशताब्दीको भन्ने कुरा निधो भएको छ।[13] यसपछिको क्रममा विविध स्वरूप र कालका यक्षमूर्तिहरू, यक्ष विषयक परिचर्चाहरू आदि समेत यहाँ प्राप्त छन्। जसको अनुशीलन मार्फत् नेपाली लोकजीवनमा प्राचीनतम कालदेखि नै यक्षमहिमा व्यापक भएको कुरा स्पष्ट हुन्छ।

यक्षको पर्यार्य शब्द ब्रह्म पनि छ। महाभारतमा यक्ष गायक उत्सवको रूपमा 'ब्रह्मामह' शब्द प्रयोग भएको देखिन्छ (आदिपर्व १५२।१८) यसै क्रममा यक्ष शब्द पनि प्रयुक्त हुदै आएको र यक्ष पूजित हुने गरेको लौकिक चलन प्रतिको आधिकारिक अनुमान डा. अग्रवालज्यूको छ।[14] यहाँ आर्य देवताहरूको महिमा बढ्दै गएपछि मात्र यक्ष पूजाको महत्व घट्न थालेको हो। जेहोस्, भारविले पनि यक्षलाई देवयोनिको रूपमा लिएका छन् र आफ्नो काव्य अन्तर्गत यक्षलाई बुझाउने शब्दको रूपमा यक्ष, गुह्यक, राजराजानुचर, अलकाधिपभृत्य, राजराजभृत्य आदि शब्दहरू प्रयोग गरेका छन्। 'गुह्यक' यक्ष जाति विशेष देवयोनि हो र यो विशेष गरी खानि रक्षकको रूपमा व्यवस्थित छ भनी बताइएको पाइन्छ।[14] राजराजानुचरको अर्थ कुवेरको सेवक हो। राजराजानुचर शब्दको प्रयोग कालिदासले पनि गरेका छन्। (अन्तर्वाष्पश्चिरमनुचरो राजराजस्य दध्यौ, मेघदूत पू.मे.३) यहाँको कालिदासको यक्ष र भारविको यक्ष एकै जाति भए पनि फरक छ। कालिदासको यक्ष रसिक, विनोदप्रिय, लहडी, कल्पनाशील तथा साहित्य–संगीत र कलाप्रेमी देखिन्छ। यसलाई यहाँ उसले काव्यनायक गराई प्रेमविह्वल पठ्ठोका रूपमा उपस्थित गरेका छन्। अत: यो प्रेमजनित अवज्ञाले गर्दा भर्ताशपित हुन पुगी भावविह्वल बनेको छ। अत: ऊ प्रेममीमांसा गर्दै मेघसँग भन्छ– 'मा भूदेवंक्षणमपि च ते विद्युता विप्रयोग:' (उ. मे. ५२) अर्थात् तिम्री बिजुलीसंग एक छिन मात्र पनि मेरो जस्तो उराठ लाग्दो सन्तापित वियोग

१३. संर्नसिंह बाँडदेल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३९ पृ. ३३, ३४
१४. बासुदेवशरण अग्रवाल, प्राचीन भारतीय लोक धर्म, ज्ञानोदय ट्रस्ट अहमदाबाद २०२१ पृ. ११८।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कहिल्यै नहोओस् । जेहोस्, भारतवर्षमा शुङ्गकाल (ई. पू. २ शदी) देखि गुप्तकालको आखिरी (नवौं शदी) सम्म यक्षमहिमा व्यापक थियो । अत: यस अन्तर्गतका काव्यहरूमा यक्ष चर्चा देखापर्नु स्वाभाविक हो ।

यक्षको पयार्य शब्द "राजा" पनि मानिएको छ किनभने यस जातिलाई 'राज' पदद्वारा अभिषक गरिएको थियो ।[१५] "राजा प्रभौ च नृपतौ क्षत्रिये रजनीपतौ, यक्ष: शक्रे च पुंसि स्यात.. ...(मेदिनी) । यो जाति कुवेरको निकटतम बुझिन्छ । कुवेरको सभामा पनि यिनीहरूको विना रोकटोक उपस्थिति वताइएको छ । आदि कारण कुवेरका सान्निध्यप्राप्त प्रजा नै यक्ष थिए । यसैले कुवेर राजा (यक्ष) को पनि राजा अर्थात् राजराज या महाराज भनिन थाले । अत:यक्ष राजराजानुचर वा राजराजभृत्य तथा अलकाधिपभृत्य (कुवेरको सेवक वा नोकर) आदि द्वारा अभिहित हुनु स्वाभाविक भयो । नेपालका सांस्कृतिक परम्परामा कुनै न कुनै रूपमा यक्षको स्थान रहेको तथ्य अनुभव हुन्छ । यहाँको प्राचीनतम कालमा यक्षले महत्त्वपूर्ण स्थान ओगटेको कुरा आज प्राप्त अवशेषहरूले मूकरूपमा जानकारी गराइरहेका छन् । हाम्रा धार्मिक तत्वहरू लोकसांस्कृतिक अवशेषहरू कलाकारिताका नमुनाहरू आदिले समेत यक्ष महिमालाई संकेत गरिरहेको कुरा स्मरणीय छ ।

यद्यपि काव्यशास्त्र अन्तर्गत पाइने वर्णन क्रममा यक्ष– यक्षिणी सुन्दर प्रकृतिका देखा पर्छन्, तर पनि यिनको स्वरूप सर्वत: समान देखिन्न । पौराणिक ग्रन्थहरूमा यिनका स्वरूप विवरण वेग्ला– वेग्लै आ– आफ्नै प्रकारमा वर्णित छन् । नेपालका प्राचीन मठ मन्दिर र विहारहरूमा ढुंगेधारा सँगै र छानाका टुंडालहरूमा समेत यक्षमूर्तिको आकृति अंकित देखापर्छ । देवपाटनको जयवागीश्वरी, काठमाडौं– नक्साल भगवती, स्वयम्भू– हारतिमाई, पाटन– छिन्नमस्ता आदि मन्दिरहरूमा पनि यी यक्ष– यक्षिणीका चित्रहरू पाइन्छन् । फेरि प्राचीन मकरमूर्ति सहितका ढुंगेधाराहरूमा पनि प्राय: शंख हातमा लिएका पुडका, डल्ले जिउडालका कपाल छाँटिएका यक्षहरूका मूर्तिहरू देखा पर्छन् । फेरि कतिपय प्राचीन मन्दिर– मन्दिरका टुंडाल र विहार देवस्थल देवता तथा देवासन आदिमा पनि यक्ष मूर्तिहरू देखापर्छन् । यी डल्ले, भुंडे,

१५. निधिं रक्षन्ति ये रक्षास्ते स्युर्गुह्यक संज्ञका: (व्याडि)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

खालका भक्तिपूर्ण मुद्रामा नतमस्तक भई भक्तिभाव प्रकट गरिरहेको विनत आकार प्रकारका पाइन्छन् । कति चाहिं देवासनको भार उठाइरहेका शंख या कलश लिएका जुम्ला हात जोडी भक्तिभाव दर्शाएका देखिन्छन् । यसरी यक्षको महत्ता र अस्तित्व नेपाल लोकजीवनमा पुरातन अनुभव हुन्छ ।

यक्षको महिमा व्यापक छ र यसलाई पूर्वी वाङमयमा विशेष रूपले विश्लेषण गरिएको पाइन्छ । देवयोनि विशेष यक्ष शक्तिशाली व्यक्तित्ववान् रूपमा उल्लिखित छन् । यिनको आकार– प्रकार वा स्वरूप ठाउँ– ठाउँमा भिन्न– भिन्न प्रकारमा वताएको अनुभव हुन्छ । ता पनि विशेषत: यी सुन्दर, वेगवान् शक्तिवान् र प्रभावकारी भएको कुरा काव्यगत वर्णनमा पाइन्छ र लोकगत धारणा पनि यस्तै देखापर्छ । यसैले कुनै अपरिचित स्त्री वा पुरुषको परिचयात्मक अडकल काट्ता उहिले– उहिले प्रश्न गरिन्थ्यो– के तपाई कुनै यक्षी (यक्ष सुन्दरी) हुनुहुन्छ कि ? यस्तै दमयन्ती स्वयंवरमा कतिले नललाई कुनै देवता वा यक्षको रूपमा अडकल काटेको कुरा उल्लेख छ । यसै प्रसंगमा मूलत: भारतीय कलाको आधार-लाई मान्यता दिदै यक्ष– देवतासँग सम्वन्धित विषयवस्तु ग्रहण गरी डा. आनन्द कुमार स्वामीले यक्षपूजाको व्यापकतामाथि ध्यानाकर्षण गर्दै 'यक्ष' नामक महत्वपूर्ण ग्रन्थ प्रकाशित गरेका छन् । अर्को कुरा– भारविले आफ्नो काव्यगत काल्पनिक प्रसंगमा व्यासागमन र व्यासको भनाई– एष क्षणान्ने ष्यति गुह्यकस्त्वाम् (३।२९) अर्थात् 'छिनभरमा नै तप: स्थलमा तिमीलाई यस यक्षले पुर्‍याइ दिनेछ' अनुसार त्यहाँ कता– कतावाट व्यास महर्षिको मूर्तिधारी आदेश जस्तै गरी यक्ष आइपुगेको प्रसंग उल्लेख छ । यक्ष परिचयको सन्दर्भमा यहाँ यति मात्र विशेषता दिइएको छ– 'राजराजानुचर' अर्थात् कुवेरको सेवक वा नोकर ।' तं राजराजानुचरोस्य साक्षात् प्रदेशमादेशमिवाधितष्ठा' (३।३०) प्रस्तुत सन्दर्भमा जिज्ञासा उठ्छ– यहाँ अर्जुनको पथप्रदर्शनकार्यका निति व्यासको कुनै शिष्य, ऋषि वा वटु आदिको उपस्थित किन गराइएन ? भारविले किन यक्षपात्रको नै कल्पना गरे ? यस कार्यले पनि त्यतिखेरको अर्थात् छैटौं– सातौं शताव्दी कालको लोकजीवनमा यक्ष विषयक आकर्षणले निकै प्रभाव पारेको, मान्यता पाएको आदि कुरा तर्फ अनुमान गर्न लगाउँछ । निश्चय नै महाभारतकालमा यक्षहरूको ठूलो प्रसिद्धि र व्यापकता थियो । यिनी-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हरूलाई महामुनि शुकदेवले महाभारत कथा सुनाएको कुरा यहाँ बताइएको पाइन्छ।[१४] यसरी यक्षको स्थान उल्लेखनीय भएकोले नै यहाँ यक्षपात्र प्रस्तुत गरिएको सन्दर्भ स्वाभाविक बुझिन्छ।

यी यक्षविषयक ग्रन्थहरूको आधारमा अध्येता–अनुसन्धाता विद्वान्-हरूले विभिन्न अडकल काटेका छन्। प्राचीन समय भारतवर्ष अन्तर्गत यहाँका विशाल–विशाल सहरमा प्रसिद्ध यक्ष मन्दिरहरू निर्मित थिए। कपिलवस्तुमा शाक्यबर्द्धन यक्षको मन्दिर थियो। यहाँ सिद्धार्थका माता-पिता बालक सिद्धार्थ सहित यक्षको पूजा गर्दथे। यस्तै तिब्बती परम्परामा आधारित एक हस्तलिखित बुद्धको जीवनीमा शाक्यहरूले यक्षलाई आफ्नो पुस्तैनी कुलदेवता मानेको र यिनको नाम शाक्यवर्द्धन अर्थात् शाक्यवंशका श्रीवर्द्धक भनी लेखिएको बताइन्छ। यहाँ एक पटक महाराज शुद्धोदनले राजकुमार सिद्धार्थलाई यक्ष देवता दर्शनमा पनि लगिएको कुरा उल्लेख छ[१५]। फेरि वैशालीमा 'विशाल' नामक यक्षको मन्दिर थियो। पाटलीपुत्रमा पुरगा नामक यक्षको मन्दिर थियो। गयामा चाहिं 'शुचिलोम' यक्ष थिए। यसरी यहाँ यक्ष विषयक मन्दिर प्रशस्त थिए र आजापूजाको चलन पनि प्रशस्त थियो। साथै यक्ष विषयक उत्सव समारोह पनि व्यापक रूपमा प्रचलित थिए[१६]। यस प्रकार सामाजिक तथा धार्मिक लोकजीवनमा यक्षमहिमा व्यापक भएको तथ्य स्पष्ट हुन्छ। नेवार सांस्कृतिक परम्परा अन्तर्गत 'ख्याक' लाई राक्षस वा भूतको अतिरिक्त यक्षको प्रतीकमा हेरिंदै आएको पनि बुझिन्छ। अनि "हारती माता" लाई यक्षिणीको रूपमा मानिएको र भोगवली पन्छाउदै आइएको कुरा पनि स्मरणीय छ। यस्तै नेपाली गाउंघरमा परम्परागत रूपले आजापूजा गरिंदै आएको "भयंकर" लोकदेव पनि यक्ष प्रकार मध्येकै देवता हुन्। यसरी नेपाली लोकजीवन–परम्परामा यक्षतत्त्वले जमानादेखि नै प्रभाव पार्दै आएको तथ्य प्रकट हुन्छ। यस्तै नेपालमा पाइएका किरात र

---

१५. प्रदीप रिमाल, धार्मिक संस्कृतिमा यक्षतत्वको छाप, नेपाल पू ३ ७४(२०३४) मदन पुरस्कार गुठी, ललितपुर (पृ. १०–१६)

१६. महाभारत

१६. वासुदेवशरण अग्रवाल, प्राचीन भारतीय लोकधर्म, पूर्ववत्, पृ. १४१।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

निति उनी अर्जुनलाई इन्द्र आराधनरत बन्न सल्लाह दिन्छन् । उनी भन्द-छन्– साधनामार्ग गोप्य राखी योगसाधनाद्वारा तेज र पराक्रम बढाई निराहार रही मन्त्र जपी शस्त्रास्त्र धारी बन्दै ऋषिवृत्तिमा रहनुहोला (३।२८) यस निति पथप्रदर्शक रूपमा यहाँ यक्ष उपस्थित हुनेछ र तपाई-लाई तपःस्थल पुऱ्याइदिनेछ । यक्ष मार्फत अर्जुनइन्द्रकीलमा पुगी इन्द्रकी तपस्यामा लाग्छन्, इन्द्र ब्राह्मणवेषमा प्रकट हुन्छन् । अर्जुनको आफ्नो लक्ष्यसिद्धि र सम्मानप्राप्तिनिति दृढ भएको तथ्य बुझी (११।६७–६९) इन्द्र आफ्नो परिचयसाथ उनलाई शिव–आराधना गर्ने सल्लाह दिन्छन् । इन्द्रको सल्लाह अनुसार इन्द्रकीलमा यिनले चार महिनासम्म किरातरूप शिवको उग्र तपस्या गर्छन् । (वन ३८।२२–२७) अन्ततः किरातरूप शिव प्रसन्न भई यिनलाई पाशुपतास्त्र मिल्छ र साथै अन्य दिक्पाल, इन्द्र आदि-बाट पनि शस्त्र–अस्त्र मिल्छन् । प्रस्तुत "किरातार्जुनीयम्" महाकाव्यको कथावस्तु संक्षेपतः यति नै हो । यहाँ अर्जुन आफ्नो साधना र अभ्यासद्वारा कुरुपाण्डव समूहमा श्रेष्ठ धनुर्धारी र दिव्यास्त्रज्ञाता, तथा पराक्रमी पुरुषमा गणना हुन्छन् । यिनको योग्यता र शक्तिसामर्थ्य पहिचाननिति युधिष्ठिर-द्वारा सोधिँदा यिनको उत्तर हुन्छ– "पलकभरमा नै सारा त्रिलोक नष्ट गर्न सक्ने शक्ति– सामर्थ्य आफूमा निहित छ" इत्यादि (उद्योग १९४।१०,११) यसरी अर्जुनको तपःसाधनावर्णन, ऋतु–पर्वत र अप्सरा, किरातस्वरूप शिव इत्यादि प्रस्तुति नै प्रस्तुत महाकाव्य अन्तर्गतका वैशिष्टय हुन् । अतः अर्जुन यहाँ विशिष्ट व्यक्तित्वको रूपमा विद्यमान छन् ।

यहाँ एउटा विचारणीय विषय छः देवराज इन्द्र स्वयं समर्थ भएर पनि अर्जुनलाई शस्त्रास्त्रहरू दिन हिच्किचाउँछन्, पन्छाउँछन् । उनी यहाँ शस्त्रास्त्र रूपी ऐश्वर्य प्राप्तिको लागि संसारको उत्पत्तिकारणभूत देवाधिदेव भगवान् शंकरको उपासना गर्ने उपदेश दिन्छन् । (११।८०) यस्तै खाण्डव वनको दाह समयमा पनि इन्द्रद्वारा अर्जुन तथा श्रीकृष्णलाई वर माग्ने आग्रह हुन्छ (आदि २३३।८) अर्जुन इन्द्रसंग सबै प्रकारका शस्त्रास्त्रहरू माग्छन्, तर इन्द्र भगवान् शंकरको प्रसन्नता पछिमात्र सबै प्रकारका शस्त्रास्त्रहरू दिने आश्वासन दिन्छन् । यसरी इन्द्र पटक–पटक अर्जुनलाई शिवसन्तुष्टि पश्चात् शस्त्रास्त्र दिने वचन दोहऱ्याउँछन् । यसबाट अनुमान हुन्छ–देवराज इन्द्र यहाँ संहारतत्त्व र शिवतत्वको समन्वयाकाङ्क्षी बनिरहेका

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

छन् । वस्तुतः शंकर त्याग र वैराग्यका प्रतीक हुन् । यिनको सन्तुष्टि र सदाशयता पश्चात् अर्जुनलाई सबल शस्त्रास्त्र प्रदान गर्न इन्द्र श्रेयस्कर संझन्छन् यद्यपि इन्द्र अर्जुनप्रेमप्रति विमुग्ध छन्, तर उनी मायामा काया फाल्ने पक्षमा चाहिं देखिदैनन् । उनी शिव (कल्याण र शान्ति) को उपासक संयम र कर्तव्यशील तथा विवेकी व्यक्तिप्रति नै आफना अप्रतिहत, महान् शस्त्र–अस्त्रहरू प्रदान गर्नु उचित संझन्छन् । संहार विध्वंश हो, नाश हो । यस कार्यको श्री गणेश विवेकशील र सिर्जनशील बुद्धिको समन्वयपूर्ण संचालनमा नै आधारित हुनु कामदायी छ, अनि मात्र संहार-कार्य पनि सदुपयोगमूलक हुनसक्तेछ । अन्यथा अविवेकपूर्ण सर्वसंहारको सम्भावना रहने छ–सित्तैमा विशाल सिर्जन (विश्व) ध्वंश हुन जाने छ । यसैले आफना शस्त्र–अस्त्र प्रदानमा इन्द्र विशेष संयमशील बन्छन, गम खान्छन् । अन्ततः उनी शिव उपासक विवेकशील व्यक्तिप्रति संहारक शस्त्रास्त्र दिइनु नै स्वाभाविक ठान्छन् । यसबाट घातक अस्त्रहरू संहारक कार्य निति मात्र नभई उद्धारमूलक र सिर्जनमूलक सन्दर्भमा पनि कामयाव हुन सक्नेछन् भन्ने सदाशय देवराज इन्द्रको बुझिन्छ । जे होस्, इन्द्र यहाँ मानवतावादी र विश्व उद्धारक व्यक्तित्वको रूपमा स्मरणीय छन् ।

अर्जुन यहाँ केवल नायकरूप पात्रमात्र नभई भगवान् नारायणका अवतार "नर" रूप व्यक्तित्वपनि मानिएका छन् । पुराणहरू अन्तर्गत ठाउं–ठाउंमा यिनलाई भगवान्का अवतार नर–नारायण मध्ये नर स्वरूप भन्ने कुरा उल्लेख छ । नारायणसखा भगवान् "नर" इन्द्रको अंशवाट पाण्डुपुत्रको रूपमा 'अर्जुन' नामले भूतलमा अवतीर्ण भएका हुन् भन्ने कुरा महाभारतमा स्पष्ट छ (आदि ६७।११६) यहां वनपर्व अन्तर्गतको प्रकरण "कैरातपर्व" मा किरात स्वरूप महादेवले अर्जुनलाई तिमी पहिले "नर" नामक सुप्रसिद्ध ऋषि थियौ र तिम्रा सखा रूपमा 'नारायण' थिए । वदरिकाश्रममा तिमीहरूले हजारौं वर्ष सम्म ठूलो तपस्या गर्यौ । तिमी दुवैमा उत्कृष्ट तेज छ । तिमीहरूले नै यो सारा जगत् धारण गरिरहेछौं भनी वताएको पाइन्छ (वन ४०।१,२) त्यस्तै संहारक देव यमराजले पनि अर्जुनलाई दण्डास्त्र दिदै भगवान् श्रीकृष्णसंग मिली पृथ्वीको भार उतार्नु पर्छ भनी अर्जुनको 'नर' स्वरूप अवस्थाप्रति संकेत गरेका छन् (वन ४१।२५) त्यस्तै इन्द्रलोक पुगेको अर्जुनलाई इन्द्र उनी नर रूप भएको कुरा संझाउंदै श्री कृष्णलाई नारायण स्वरूप वताउंछन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

अनि यी नरनारायण रूप (अर्जुन श्रीकृष्ण) कार्यसिद्धि निर्ति भूतलमा अवतीर्ण भएका हुन् भन्छन् (वन ४७।१०,११) यसरी अर्जुनको वास्तविक स्वरूप स्पष्ट हुन्छ। भारविले आफ्ना महाकाव्यमा पनि यो तथ्य प्रकट गरेका छन् (१२/३३,३५) जे होस्, अर्जुन भगवद् अंश रूपले यहाँ प्रकटित छन्। यिनको अन्तिम स्थिति वा स्वरूप महाभारतको स्वर्गारोहण पर्व मार्फत् पनि थाहा हुन्छ। अन्ततः यिनी भगवान्को पार्षद् रूपमा बताइएको छ। (स्वर्ग ४।४) यसरी अर्जुनले यहाँ काव्यगत नायकको स्थितिलाई वहन गरी आफ्नो उदात्त चरित्र प्रकट गरेको तथ्य स्पष्ट हुन्छ। यहाँ अर्जुनको चरित्र निष्कलंक दैवी सम्पत्सम्पन्न छ / यही संकेत महाभारत ग्रन्थमा दर्शाइएको पाइन्छ:

पृथिव्यां चतुरन्तायां वर्णो मे दुर्लभः समः
करोमि कर्म शुद्धञ्च तेन मामर्जुनं विदुः (विराट् पर्व)
शुद्ध चरितत्वान्मध्यम पाण्डवस्यार्जुनत्वम् (वाचस्पत्यम्)

यस प्रकार नारायणलाई आफ्नो आराध्य बनाएर सदाचार आचरण र सच्चरित्रमा, धर्म र धीरतामा रहने 'नर' कति महान् बन्छ भन्ने उदाहरण हुन्-अर्जुन। नेपालमा अर्जुनलाई लोकदेवता मानी देवमन्दिर बनाई विशेष आजा-पूजा गरिदै आएको खास देखापर्दैन। सुदूर पश्चिमाञ्चल दार्चूला जिल्ला अन्तर्गत लेखम्-गर्खाको शिखरमा रहेको धार्मिक स्थल छ-मालिका-र्जुन। यहाँ वर्षको दुई पटक मेला लाग्दछ। यहाँका श्रद्धालुहरूले सो मेलामा शाकाहारी भई उपवास बसी पवित्र बनी मालिका (भगवती) तथा अर्जुन (भगवान्) को पूजा अराधना गर्दछन्। स्थानीय भेकमा यसलाई ठूलो पर्वमेला मानिन्छ। यी अर्जुन को हुन् र यिनको लोकदेव-रूपमा के कस्तो अस्तित्व मान्य छ ? सो अनुसन्धानीय छ र अध्ययनीय विषय बनिरहेछ।

इन्द्र

इन्द्रः- इन्द्र स्वर्गका मालिक हुन्। देवताका राजा हुन्। कतै-कतै यिनलाई तीनै लोकको मालिक भनेर पनि बताइएको छ। जेहोस् लोकजीवनमा यिनलाई देवता तथा स्वर्गका राजाको रूपमा, वृष्टिका देवताको रूपमा र षड्यन्त्रकारी देवताविशेषको रूपमा लिइएको छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृत कोषकारहरूले 'इन्द्र' को व्युत्पत्तिमूलक व्याख्या आ- आफ्नै प्रकारले गरेका छन् । निरुक्तकारको अनुसार- 'इरां तृणातीति- इन्द्र' अर्थात् अन्नका बीजलाई वृष्टिद्वारा अंकुरित गर्नेवाला व्यक्ति भनिएको छ । इन्द्र यथासमय 'इरा' का स्वामी 'ऐरावत' अर्थात् मेघरूपी हस्तीमाथि आरूढ हुन्छन्, वृष्टिद्वारा सारा दुनियाँलाई भरण पोषण गर्दछन् । यसैले लोकमा इन्द्र वाहन- ऐरावत (हात्ती) प्रसिद्ध छ । पुराण अनुसार यी कश्यप तथा अदितीका छोरा र सक्षसपुत्री 'पुलोमा' का पति मानिन्छन् । यिनलाई त्रिदेव (ब्रह्मा, विष्णु, महेश) मा निम्न र अन्यमा प्रमुख बताइन्छ । यिनी स्वर्गका अविच्छिन्न राजा मानिन्छन् । यसैले यिनका अन्य नामहरू-त्रिदिवपति, दिवस्पति, देवराज, देवेन्द्र, देवाधिप, देवताधिप, सुरपति इत्यादि छन् ।

पौराणिक अनुशीलन अनुसार इन्द्र स्वच्छ, चरित्रशील, सत्वगुणी देवताको पंक्तिमा देखापर्दैनन् । यिनी ईर्ष्यालु, कपटी, कामुक, जाली, धूर्त, व्यभिचारी र शोषक दुष्ट देवताको रूपमा देखापर्छन् । छलकपटद्वारा दैत्यलाई पराजित गर्नु, गौतमपत्नी अहिल्याको सतीत्व हर्नु, राजा सगर तथा रघु आदिको यज्ञीयघोडा चोर्नु, महान् तपस्वीसाधक ऋषिमुनिबाट डराई तपोभ्रंशनिति अप्सरा पठाउनु आदि दुर्विनीत कार्यहरू यसका उदाहरण हुन् । यस्तै-यस्तै जाल-झेल वा कपट जेहोस्, जे जस्तो प्रकारले होस् स्वार्थपूर्तिमा यी पछि पर्दैनथे । यसैले यी पुरातनकालदेखि कपट वा जालझेल जेबाट होस् कार्य सम्पन्न गरी शक्तिशाली देवतामा गनिन अग्रणी भएका छन् । फेरि यिनको व्यवहार मौका अनुसारको अवसरवादी पाइन्छ । यी अवस्था अनुसार छल-कपट, जाल-झेल धोका बखेडा आदि दुर्व्यवहार स्वार्थपूर्तिका विविध चालबाजीमा लगाउन खप्पीस देखिन्छन् । यसैले फट्याइँ वा चटकी अर्थबोध निति लोकमा प्रसिद्ध छ -"इन्द्रजाली" ।

श्रुतिस्मृति, पुराण वा धर्मशास्त्र जे होऊन्-सारा रचना वा साहित्य शक्तिकै गुणगानमा मस्त देखिन्छन् । शक्तिहीन, दरिद्र, इमानी र परिश्रमशील सज्जन-सात्विकको गुणगान कम छ दुर्लभ छ । अत: सांसारिक यात्रामा सच्चरित्र र इमानको गहिराईमा पुगी स्वच्छ आदर्शको पहिचान भएको तात्विक स्थिति कमै छ । यहाँ उदाहरण इन्द्र महिमा गायन हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

इन्द्रमा रहेको फट्याइँ र शक्ति वैभवको प्रभावले गर्दा यिनको महिमा गान ऋग्वेदमा मन्त्रहरू मार्फत भएको छ, इन्द्र वन्दना गाइएको छ। यहाँ इन्द्रलाई सोम, सूर्य, चित्रभानु आदि नामद्वारा र ऐश्वर्यवान् देव, सर्वव्यापी महान् धर्मेश्वर आदि रूपमा वखानिएको छ। इन्द्रको यसरूपमा प्रार्थना गर्नुको तात्पर्य इन्द्रका शक्तिको प्रभाव हो, आर्य जातिका प्रमुख देवता देवराज आदि रूपमा मान्नु हो।

इन्द्रलाई पुराण, काव्य तथा धर्मशास्त्र आदिमा तेजस्वी, बलशाली र कूटनीतिक व्यक्तित्वको रूपमा लिइएको छ। द्रौपदी आफ्ना भनाईमा ठाउं ठाउंमा इन्द्रको स्मरण गर्छिन्। यहाँ युधिष्ठिरलाई लापरवाह व्यक्तिको रूपमा संकेत गर्दै उनी इन्द्र जस्ता पराक्रमी आफ्ना पुरखाहरूले मिहिनेतसाथ संचित गरी जोडेको यो साम्राज्य तपाईले वास्तै नगरी मत्ताहात्तीले माला चुंडाली मिल्काए झैं फ्याँक्नु भो (१।२९) भन्छिन्। त्यस्तै अर्जुनलाई तपस्या निति विदाई गर्दा तपाईंका सारा विघ्नवाधाहरू दु:खहरू इन्द्रले नाश गरून् (३।५२) भन्छिन्। यस प्रकार इन्द्र महिमा जनाइएका यी संकेतहरू वाट बुझिन्छ। इन्द्र तात्कालिक लोकजीवनका स्मरणीय देवता थिए। इन्द्रको स्थान लोकदेवताको क्रममा विशेष रूपमा आउंछ। इन्द्र लोकलाई अन्न पानी द्वारा धन धान्यपूर्ण गराउने, अतिवृष्टि अनावृष्टि र मेघ (असिना पानी) वज्र आदि प्रकृति प्रकोपवाट बचाउने लोकसंरक्षक देवता संझिन्छन्। अत: इन्द्र महिमा स्मरणीय देखापर्छ। लोकमा यिनको स्मरण गरी मनाइने आजापूजा उत्सव समारोह प्रशस्त छन्।

कृषकहरूको निम्ति घामपानीको ठूलो महिमा छ। इन्द्र वर्षाका देवता भएकोले वर्षा द्वारा अन्न राम्रो फलाउने सारा खेतवारी डाँडाकाँडा हराभरा पार्ने, प्रकृति र जीवनको सहभाव मिलाउने सहकाल ल्याउने देवताका रूपमा यी छन्। यसैले मेघवाहन वाला देवेन्द्रको रूपमा इन्द्र पूजा हुने परम्परा जुगौंदेखिको हो। इन्द्रध्वजोत्सव अर्थात् इन्द्रजात्रा यसैको लौकिक उदाहरण हो। यो नेपालमा भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चतुर्थीमा विसर्जन हुन्छ। यसमा अंगको रूपमा अनेक उपजात्राहरू पनि थपिन्छन् र मनाइन्छन्। कुमारीको रथ तान्ने कार्य पनि यहीं नै हुन्छ। फेरि यहाँ पूजा गरिने "इन्द्रयष्टि पूजा" "गिरिपूजा"

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

अर्थात् गोवर्द्धन पूजा आदि पनि इन्द्र जात्राका नै अंग विशेष हुन् । इन्द्रयष्टि (इन्द्रका निति टक्राइएको बांको लठ्ठी) पूजाको सम्वन्ध भगवान् शंकरका हास्यको मूर्तरूपसंग रहेको वताइन्छ (हास्य रूपेणशंकर: हरिवंश) । त्यस्तै गिरिदेवताको पूजा पनि एक प्रकारले प्रकृति र वातावरणको मानवजीवन संग सहसम्वन्ध स्थापना निति गरिएको यज्ञ विशेष वताइएको छ¹ । यसवाट प्रकृति पुरुष (मानव समुदाय) को सम्वन्ध पुरातन कालदेखि नै भएको तथ्य संकेतित हुन्छ । जे होस्, इन्द्र यहाँ देवताका राजाको रूपमा अर्थात् सारा देवलोकको मूल व्यक्तित्वको रूपमा देखा परेका छन् । शक्तिशाली मानिएका छन् । अत: आफ्नो कार्यसिद्धिको निति प्रकृति देवको नीरव तथा दुर्गम स्थलमा पुगी आराधनारत वन्न लागेका आफ्ना प्रिय पतिदेवको कल्याणार्थ द्रौपदी देवराज इन्द्रलाई पुकार्न पुग्छिन्–"तव प्रयातस्य जयाय तेषां क्रियादधावं मघवा विघातम् (३।५३) आदि ।

प्रस्तुत सन्दर्भमा घटनागत स्पष्टता निति महाभारतीय कथारेखा स्मरण गर्नु स्वाभाविक हुनजान्छ । खाण्डव दाहमा पराजित देवराज इन्द्र श्रीकृष्ण तथा अर्जुनलाई वरदान दिन इच्छुक वन्छन् (आदि. २३३।८) । श्रीकृष्ण इन्द्रसंग "अर्जुनसंग शाश्वत प्रीति रहोस्"को वरमाग्छन् र अर्जुन चाहि सकलशस्त्रास्त्र यहाँ तत्काल श्रीकृष्णलाई वर दिन माग्छ । यस प्रकार यहाँ योगेश्वर कृष्ण तथा धनुर्धारी पार्थको सत्वर एकता र शाश्वत प्रीतिमा नै श्री, विजय र मूर्ति सन्निहित हुनसक्ने तथ्य संकेत गर्छन् र पाराशरेय व्यास । त्यस्तै सकल शस्त्रास्त्र प्राप्ति कामना राख्ने अर्जुनलाई भगवान् सदाशिवको प्रसन्नता पछि मात्र यथासमय शस्त्रास्त्र प्रदान गरिने आश्वासन देवराजवाट प्राप्त हुन्छ । यसरी महाराज इन्द्र आफ्ना हरेक क्रियाकलापमा सोद्देश्यगत मनोभावना–अन्तर्निहितको साथै दूरदर्शिताको सोचाई समेत राख्दछन् ।

यक्षको अगुवाइ र सल्लाह अनुसार इन्द्रकील पर्वत पुगी इन्द्र आराधनामा लागेका अर्जुनलाई तपोभ्रष्ट पार्न अनेक षड्यन्त्र गरिन्छन् ।

१. मन्त्र– यज्ञपरा विप्राः सीता यज्ञाश्च कर्षु काः
गिरिषज्ञास्तथा गोपा इज्योस्माभिर्गिरिर्वने, हरिवंश २।१६।८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

वसन्तको परिकल्पना गरी अप्सरा लोभ्याउन आई पुग्छन्, दानव आउँछन् आदि आदि। सारा विफल पछि अन्ततः अर्जुनलाई दर्शन दिई इन्द्रबाट शिवआराधनाको सल्लाह मिल्छ– 'अघोपघातं मघवा विभूत्यै भवोद्भवाराधनमादिदेश' (११।८०) अर्थात् ऐश्वर्य प्राप्तिको निति सुरराज इन्द्रले सारा संसारको कारणभूत पापनाशक भगवान् शंकरको आराधना गर्ने आदेश दिए। यसरी भगवान् शंकरको सन्तुष्टि पश्चात् नै सारा लोकपाल सहित शत्रुअप्रतिहत सकल दिव्यास्त्र अर्जुनलाई प्रदान गर्नु इन्द्र श्रेयस्कर सम्झन्छन्। "प्रीते पिनाकिनि (११।८१) इत्यादि। संभवतः यहाँ शंकररूप कल्याणकारक तत्वका उपासक सदाचारी तत्वज्ञ व्यक्तिलाई दिइएका संहारशाली अप्रतिहत अमोघ शस्त्रास्त्रहरू अविवेक रूपमा हानिकारक हुने छैनन्; यी सिर्जक सन्दर्भमा पनि सदुपयोगी बन्न सक्ने छन्–नवनिर्मापिक हुनेछन् भन्ने आकाङ्क्षा देवराज इन्द्रको हुन सक्तछ।

अर्जुन यहाँ इन्द्रलाई सरल, दयाशील र सहायक देवताको रूपमा पाउँछन् (११।४६) अनि उनका दृढताको प्रशंसक बन्दछन्। आखिर आशुतोष भगवान्को सन्तुष्टि पछि उहांको आज्ञानुसार इन्द्रादि लोकपाल सहित जयशील अस्त्रहरू र फलदायी आशीर्वाद अर्जुनलाई प्रदान गर्छन्। यस प्रकार देवराज इन्द्र यहाँ अर्जुनको आराध्यदेव र पथप्रदर्शक अभिभावक (पिता) को रूपमा छन्। पाण्डवहरूको विजयनिति यिनको शुभेच्छा र सहयोग उत्साहप्रद पाइन्छ र जयकामनाको वातावरण निति फलदायी बनिरहेछ। यही नै प्रस्तुत महाकाव्य अन्तर्गत देवराज इन्द्रको सन्दर्भ वा पृष्ठभूमि हो–परिचयको रेखा हो।

किरातः– किरातका विभिन्न अर्थ छन्। यसको लोकप्रसिद्ध अर्थ हो–हिमाली भेकमा रही सिकार पशुपालन आदि गरी जीविका चलाउने एउटा प्राचीनतम जाति, अनि नेपालका पूर्वीभेकको एउटा प्रदेश र त्यहाँका बसोबासी आदि। हिमाली खण्डमा बसोबास गर्ने प्राचीनतम जाति मध्ये मुख्यजाति हो–किरात। यो नेपाली धरतीलाई मानव बसोबास उपयुक्त स्थल तुल्याउने प्राचीनतम नेपाली जाति हो। तराई भेकका थारूजातिका पुर्खाहरू; पूर्वी नेपालका राई र लिम्बू जातिका पुर्खाहरू समेत किरात नै थिए भन्ने मानवशास्त्रीहरूको अनुमान छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

जे होस्, हाल किरातहरूको मुख्य थलो मानिने हाम्रो पूर्वीभेक किरात प्रदेश प्रसिद्ध छ । सो प्रदेश ओल्लो किरात, माझ किरात र पल्लो किरात गरी तीन भेकमा विभक्त छ र यहाँका बासिन्दा मूलत: राई र लिम्बू दुई जातिमा विभक्त छन् । यसरी लौकिक जीवनमा "किरात" शब्द एक प्रकारको जाति विशेषको अभिव्यक्तिलाई प्रष्ट्याउने शब्दको रूपमा प्रसिद्ध भएको तथ्य स्पष्ट छ, अनि पूर्वी धर्मशास्त्र, शतपथ ब्राह्मण तथा स्मृति ग्रन्थको आधारमा किरातहरू असुर थिए, असभ्य र जंगली थिए भन्ने पनि बुझिन्छ । यसरी किरात जातिका तथ्य प्राचीनतम र जंगली प्रकारको स्वावलम्बी समुदायको रूपमा स्मरणीय छ ।

किरातजाति मूलत: खम्बू र लिम्बू भए पनि यिनको समुदाय व्यापक देखापर्छ, प्रकार पनि विस्तृत छ । केही विद्वान्हरूले तामाङ्ग, मगर, गुरुङ, राई, लिम्बू आदि धेरै जातिलाई किरातको व्यापकताभित्र नै समावेश गरेका छन्, त्यस्तै थारू र धिमाललाई पनि... । यसरी किरातहरूको प्राचीनता र व्यापकता प्रसिद्ध देखापर्छ । यिनीहरूमा पछि–पछि उपजाति र उपनामहरूको भेद प्रशस्त हुँदैरहे । पृथ्वीनारायण शाहको पूर्वीभेक विजय (वि. सं. १८३१) पश्चात् खम्बू–राई, लिम्बू–सुब्बा, सुनुवार–मुखिया, याखर–देवान् आदि उपनामहरू सिर्जित भए, अनि यिनै उपनामहरूद्वारा यिनीहरू लोक प्रसिद्ध हुन पुगे । यसरी किरातको अवशेष अद्यापि अध्ययनीय रूपमा प्राप्त छ । यिनीहरूका मूलदेवता किरातेश्वर नै बुझिन्छन् र अन्य देवदेवी तथा लोकदेवताहरूप्रति पनि यिनीहरू विश्वस्त पाइन्छन् ।

प्रस्तुत महाकाव्यमा "किरात" शब्दले वेषधारी भगवान् सदाशिव-र उनका गणविशेषलाई समेत संकेत गरेको कुरा स्मरणीय छ । किरात यहाँ प्रतिनायकको रूपमा छन् । यिनै किरात रूप सदाशिव र अर्जुनको आलाप–संलाप, तथा युद्ध, दिव्यास्त्र प्राप्ति, आदि प्रसंग नै यस महाकाव्य-को मूल विषय भएको छ । यसैले प्रस्तुत काव्यलाई महाकवि भारविले 'किरातार्जुनीयम्' सार्थक संज्ञा दिएको कुरा स्पष्ट हुन्छ ।

तपस्यारत अर्जुनको वास्तविकता बुझेका किरातेश्वर भगवान् आशुतोष अर्जुनको विवरण लिई उपस्थित ऋषिमुनिहरूलाई उनको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

वास्तविक स्वरूप 'नर' बताउंछन्, अनि कृष्ण (नारायण) सखा भएको कुरा पनि बुझाउंछन् । अनि आफ्ना प्रबल शत्रुनाशको उद्देश्यले शस्त्रास्त्र प्राप्तिका लागि नै तपस्यारत भएको तथ्य स्पष्ट पार्छन् । यसपछि शिवजी किरातको भेषमा उनीसंमुख जान्छन् । "किरात" शिवको नै अन्यतम जंगली स्वरूप मानिन्छ, अवतार विशेष बताइन्छ । यिनको सेना हो– किरात सेना । यसको अर्को नाउं–'प्रमथगण' पनि भनिएको छ । यी विश्वस्वरूप किरात र अर्जुनको यहाँ चर्काचर्की, भनाभन र युद्ध हुन्छ । युद्धको सिलसिलामा नै आकाशमा उफ्रेका किरातरूप शिवका चरणतललाई अर्जुन झटपट् पक्रन पुग्दछन् । आफ्नो पद ग्रहण संलग्न व्यक्तिप्रति भगवान् आशुतोष सहसा सन्तुष्ट हुन पुग्छन् र किरात स्वरूप त्यागी साक्षात् शिवस्वरूपमा प्रकट हुन्छन् । अकस्मात् आफ्नो आराध्यदेवको वास्तविक स्वरूप देखी अर्जुन अवाक् हुन्छन्–नतमस्तक वन्दछन् । अनि विनम्र वन्दै सप्रणाम स्तुति गर्न थाल्दछन् । शिवसन्तोषमा पुष्पवर्षा हुन्छ । दिक्पाल सहित इन्द्रादि देवताहरूको पनि उपस्थिति देखापर्छ । अर्जुन सबै देवताहरूबाट दिव्य-दिव्य अस्त्रहरू प्राप्त गर्छन्, बलवान् अपराजेय बन्न पुग्छन् ।

यस प्रकार किरातको बाहिरी स्थिति तथा स्वरूप यहाँ प्रस्तुत छ । शिव पुराण (वायवीयसंहिता) को अनुसार किरातरूप शिव नै परब्रह्म हुन् । बृहत् (ठूला) र बृंहण (व्यापक) हुनाले नै यिनलाई परब्रह्म भनिएको हो । यिनलाई यहाँ विद्या (चेतन), अविद्या (अचेतन) स्वरूप मानिएको छ । अतः चेतन–अचेतन सारा विश्व भगवान् शिवको नै रचना हो, स्वरूप हो । यो सारा चराचर उनै भगवान् किरातेश्वर प्रभुको नै अधीन छ । यी किरातेश्वर महादेव यहाँ शिव (कल्याण) दायी तत्त्वको रूपमा उपस्थित छन् । अतः संहारमूलक अस्त्र संयम र साधनाको प्रतिच्छविमा यहाँ शिव–सान्निध्यलाई विवेकशीलताको आधारले गर्दा उपयोगी हुन सक्ने महाकविले संकेत गरेको अनुभव हुन्छ । जे होस् किरात यहाँ कल्याणकारक–तत्वको रूपमा उपस्थित भइरहेका छन् र कल्याण (न्याय र सदाचार) प्राप्तिको निति नै शस्त्रास्त्र प्रदान गरिरहेछन् ।

नेपालको प्राचीनतमकाल किरातकाल मानिन्छ र यहाँ किरातरूप शिवलाई पुरातनकालदेखि नै आजापूजा गर्दै आएको छ । यहाँ (काठमाडौं) रहेका किरात वेषधारी किरातेश्वर महादेव प्रसिद्ध देवता

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

हुन् । नेपालमा आजसम्म प्राप्त किरातेश्वर शिवलिङ्गहरू मध्ये सबैभन्दा पुरानो मानिने भगवान् किरातेश्वर– शिवलिङ्ग यहाँ स्मरणीय छ । यसलाई किरातकालीन भनिन्छ र हजारौं वर्ष पुरानो सम्झिन्छ। यस बाहेक यहाँका प्राप्त शिवलिंगहरूमा पंचमुख शिवलिंग (बल्खु ई:स. चारौं-शताब्दी) मृगस्थली जाने चोबाटो बीच अवस्थित अन्दाजी ई.स. पाँचौं शताब्दी आदि समेत उल्लेख्य छन् । यस बाहेक अर्वाचीन कालमा कैयौं शिवलिंगहरू मृगस्थली, पशुपति र देवपाटन क्षेत्रमा प्रशस्त छन् । फेरि मानवाकारमा उभिएका शिवमूर्तिहरू पनि यहाँ प्रशस्त छन् । यसले शिवप्रतिको सद्भाव र प्राचीनतालाई उद्बोध गरेको तथ्य स्पष्ट छ । यसैले नेपालको किरातकालीन लोकजीवनमा पनि भगवान् पशुपतिनाथ शिवको पूजा– आराधना हुन्थ्यो भन्ने संकेत दिइएको छ । अनि तत्कालीन यो आराधना कुन रूप र के कस्ता प्रकारको थियो ? तात्कालिक समुदायमा यिनको स्थान र स्थिति कस्तो थियो ? इत्यादि विषयहरू आज केवल अनुमानमा नै सीमित छन् । आज नेपाली लोकजीवनमा किरातेश्वर शिवको आ– आफ्नै प्रकारबाट सात्विक र तामसिक रूपले आजा– पूजा चल्दछ र अवस्था– अनुसार विशेष पूजा विधान पनि अपनाइन्छ । (विशेष द्रष्टव्य: 'किरातको स्वरूप' शीर्षक) ।

यसरी प्रमुख रूपले यिनै पात्रहरूको उपस्थितिमा भारविको यो महाकाव्य सम्पन्न भएको छ । यसबाहेक साधारण चर्चामा आएका अन्य पात्रहरू दुर्योधन, दुशासन, नकुल– सहदेव, ग्राम्य महिला, भीष्म, द्रोण कर्ण, ऋषिमुनि, मूकमानव आदि छन् । यहाँ यिनीहरूको स्थान आफ्नै प्रकारमा आफ्नै सन्दर्भ र स्थितिमा निर्वाह गरिएको छ । यसैले यो काव्य मुख्यत: उक्त पात्रहरूको प्रकाशमा नै प्रस्तुत छ र सोही माध्यमद्वारा पूर्ण पनि भएको छ । यो खास गरी पूर्वीय आचार्यहरूको परम्परावादी आधार सीमा निर्धारणमा प्रस्तुत भएकोले यहाँ भएका कृतिगत प्रतिभा– प्रकाशन बौद्धिक र कलात्मक संयोजनमा विस्तारित देखापर्छ । अत: भारवि यहाँ यिनै पात्र माध्यमबाट र कतै मध्यस्थरूपमा नै उपस्थित छन् र उनका उक्ति यहाँ कतै जीवनयात्राको सन्दर्भमा स्वयं अगुवाइ गर्ने किसिमले बोलिएका छन् भने कतै सूक्तिरूपमा स्वयं शाश्वत बनिरहेछन् । यही नै भारविका पात्र पात्रागत परिप्रेक्ष्यमा देखापरेको काव्यको उर्वर आधार हो । यसैमा नै महाकवि भारवि चिरस्मरणीय छन्– अमर छन् ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

लोकचित्रण परिप्रेक्ष्यमा दुई अभिलेख तथा महाकाव्य

(क) भारविका अभिलेख

भारविका दुई अलिभेख प्राप्त भएको कुरा चर्चा भइसकेको छ। प्रस्तुत प्रसंगमा सर्वप्रथम भारविको पहिलो अभिलेखलाई लिएर हेरौं– हाँडीगाउँको प्रसिद्ध डवलीमा रहेको यो अभिलेख हाल राष्ट्रिय संग्रहालय छाउनीमा सुरक्षित रहेको बुझिन्छ। यहां भारविले आफूलाई सोझै धनी, शक्तिशाली खूवी भएको, राम्रो बल, पुरुषार्थ आदिले सम्पन्न, उदार, दानी आदि– आदि थुप्रै गुणहरू भएको भनेर वयान गरेका छन्। उनको अतिरञ्जनामय र वढाइ– चढाइ गरी फुर्किएको जस्तो छ। यस्तो हुँदा हुँदै पनि यहाँ कहीं काव्यकर्ता, सरस्वतीले पत्याएको विद्वान्– कवि, हजारौं सिलोकहरू रच्न सक्ने, कविहरूको लाममा प्रथम श्रेणीमा आउने आदि जस्ता आफ्नो विद्वत्ता, पण्डिताइँ र कवित्व विषयक गफको भने झझल्कोसंम पनि दिएका छैनन्, केही उल्लेख गरेका छैनन्। अरू विशेष त के अध्ययनात्मक सन्दर्भको सानो सुइँको सम्म पनि पाउन सकिएको छैन, यो कुरा यहाँ विचारणीय छ।

कवि आफ्नो कालको सचेतक प्रतिनिधि हो। यसैले उसका रचनामा तात्कालिक परिस्थिति, लोकजीवन तथा लोक संस्कृति, मानवीय मर्यादा र भावना आदिको सजीव चित्र अभिव्यंजित हुन्छ। यस दृष्टिबाट संस्कृत साहित्य विशेष गरी प्रस्तुत महाकाव्य किरातार्जुनीयम् तथा भारविका अभिलेख अध्ययन गर्दा हाम्रो अन्तस्तलमा कतिपय धारणाहरू उब्जन सक्छन्। यही सिलसिला खोजाइको दृष्टिकोणबाट हेर्दा कवि

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भारविसम्बन्धी कतिपय धारणाहरू सोच्न– संज्ञन र संकलित रूपमा प्रस्तुत गर्न उद्यत भइरहेछौं ।

रूप भएर पनि म राम्रो, रूपासे छु भन्ने घमण्ड नगर्ने भनी अभिलेख गरेको (बोलेको) कुरा (अभिलेख नं. १ मा) हामीले लेखिसक्यौं । वस्तुत: शरीरावयव टम्म मिली सामूहिक सौन्दर्य रेखा स्पष्ट देखिनु नै रूप हो । यसको सफलता अरूलाई आफूप्रति लोभ्याई 'अहा' भन्ने पार्नुमा नै हुन्छ । रुपलाई उत्कर्षता दिने वस्तु नै आभूषण हुन्, जसलाई शृंगारिक साधनको रूपमा लिइएको छ । कवि भारविको समयमा अहिलेको जस्तै आभूषणहरूको पनि महिमा भएको बुझिन्छ । यस समय लिच्छविहरू तह अनुसार सुन, चाँदी, हीरा, मोती, आदिका गर– गहनाहरू लगाउँथे र गरीववर्गहरू चाहिं सामान्य चीज पैह्रन्थे । यस समयका महिला तथा पुरुष आदिका पोसाकहरू पनि आफ्नै प्रकारका थिए । फेरि यतिखेरको कलाकृति तथा सभ्यता आदि सोच्ता यस समयतिर बनेका मूर्तिकलाहरूमा पाइने आभूषण (गहना) केशविन्यास, पोसाक आदिबाट र त्यसको कलात्मक विन्यास (सजीवता) बाट पनि तात्कालिक जन– जीवन, सभ्यता लोक– प्रसिद्ध रहन– सहन आदिको हामी सामान्य अनुमान लगाउन सक्तछौं ।

आफ्नो आफै गुड्डी हांक्ने गफी भारविले यदि किरातार्जुनीयम् जस्तो महाकाव्य लेख्न सक्ने प्रतिभा हृदयमा व्यूंताउन सकेको भए अवश्य नै त्यस किसिमको आफ्नो बयान नलेखी छोड्ने थिएनन् । यसैले कतिपय इतिहासज्ञहरू भारविको कवित्वप्रति नै शंका उठाउंछन् । जे होस्, तत्कालीन आढ्य र उच्चतहका व्यक्तिहरूमा भएको विद्याव्यसन र अध्ययन (विद्या) को तह आदि विचार गर्दा निश्चय नै भारवि पढे लेखेका प्रतिभा र सामान्य कविहृदयका साहित्यप्रेमी व्यक्तित्व थिए भन्ने निर्णय हुन्छ । अत: यस प्रकारको सामान्य कविता भारवि हृदयबाट प्रस्फुटित विषयमा तर्क गर्दै यो उनीद्वारा रचिएको हुँदै होइन भनी ठोकुवा गर्नु चाहिं औचित्य हुन्न, मिल्दैन–कारण प्रस्तुत रचना सरल र सहज छ, अत: पठित साहित्यप्रेमी जो कुनै पनि व्यक्तिका लागि यस प्रकारका रचना सामान्य हुन् ।

यिनको प्रस्तुत अभिलेखलाई केलाउंदा–सोच-विचार गर्दा बुझिन्छ

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

भारवि आफ्नो नाउं र वयान सम्बन्धमा औधि भोका छन् । पानीको ढुंगे धारोमा पनि आफ्नो वयान लेख्तै ठूलो–वडो, जानिफ्कार र प्रतिष्ठित भएर पनि मैं हुं नभन्ने, महाराज मानदेवको छोरीपट्टिको नाति भारविले वनाएको कीर्तिधारा आदि भनेर आफ्नो फूर्ति छोडेका छन् । मोटामोटी केलाएर हेर्दा यिनको यो पहिलो अभिलेखबाट सामान्यतः निम्न कुराहरूको जानकारी मिल्दछ–

(क) यस समय (वि. सं. ६०७) तिर भारवि धनी, मानी र तरुनो तथा उच्च ओहदाका व्यक्ति थिए ।

(ख) यिनी आफ्नो नाम र वयानमा ज्यादै खायस राख्तथे, अनि अभिमानी र गफाडी तालका पनि थिए ।

(ग) संस्कृत पढे–लेखेका साहित्यप्रेमी हुनुको साथै सामान्य कविताहरू लेख्न सक्ने शिक्षित थिए आदि ।

(क) यहांको पहिलो अभिलेख अन्तर्गतका दोश्रा र तेस्रा पंक्ति- "रूपान्वितश्च न च रूपमदम्बिभर्ति, सम्पन्न पौरुषवलश्च बहुक्षमश्च" आदिले भारविको तात्कालिक यौवनावस्था, पदप्रतिष्ठागत, शक्ति र शारीरिक फूर्ति-फार्तीलाई संकेत गर्छन् । नीतिवचन भन्दछ–"यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम्" । यसैले भारविलाई यौवनावस्था र शक्तिको माद, "अहम्" पनको मात आदि विकारहरूले छुन खोजेको आभास मिल्दछ । फेरि अभिलेखको नै आधारलाई हेर्दा शारीरिक गठन, चेहरा र प्रभाव, वर–व्यवहार तथा चालढाल इत्यादि कारणले समेत भारवि व्यक्तित्वशाली पुरुष भएको अनुभव हुन्छ । यसैले यिनलाई कौलीन शक्ति-मर्यादा, ऐश्वर्य सम्पन्नता र यौवनगत रूप–वल–उन्माद आदिले आफसे आप घमण्डमा पुऱ्याउनु स्वाभाविकै हो । स्वभावतः यौवन मानवजीवनमा आवेगको रूपले आउंछ । यसवेला जोश र होश दुवै कुराको सन्तुलन आवश्यक छ । यसले नयाँ उत्साह, उत्तेजना र साहस ल्याउंछ । जीवनको लामो यात्रामा केही उपलब्धि हासिल गर्ने, लोकलाई दिने देखाउने र लोक मार्फत केही लिने समय नै यही वेला हो । यतिखेर प्रायः शरीर सुदृढ वलवान् नीरोग र हंसीखुशीको देखापर्छ । जोश–जांगर र हिम्मतले

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वास गरेका हुन्छन् । मानिसले केही जोड्ने, जांगर र जागरण देखाउने समय नै यही हो । अत: भारवि यतिखेर आफ्नो मान प्रतिष्ठा र सम्पन्नताको उच्चताले गर्दा लोकमर्यादाको आधारले यहाँ लोकत्तोर बुझाउना निति ढुंगेधारा राख्न उत्सुक बनेको तथ्य अनुभव हुन्छ ।

(ख) यौवनको रमाइलो वहार र उन्मादमा जम्जमाएका भारवि-लाई यतिखेर लोक मर्यादा र जीवन गहिराइको चासो बुझिन्न । यिनी आफ्नो फूर्ति र वाह ! वाह ! को प्रशंसा-पुलमा लागि परेका बुझिन्छन् । सांसारिकता मोहको जन्जालले गर्दा जतिसुकै ठूलो मानिने नायक वा नेता, व्याख्याता वा विद्वान्, दानी वा दार्शनिक, महापुरुष वा महात्मा जो कोही पनि प्रशंसाको वाह-वाह ! बाट जति खुशी हुन्छ र उसको 'अहं' सन्तुष्ट बन्दछ त्यति अरू वस्तुबाट कमै मात्र संभव छ । यहाँ मानिसलाई सर्वाधिक तीव्र चाहना नै प्रशंसाको भोक देखिन्छ । यही प्रशंसागत तीव्र पिपासु थिए भारवि । अत: फलानो वडो लायक छ, बुद्धि विवेक र हिम्मत, धन-मान र इज्जत, फूर्ति-फार्ती र साहसमा कसैले भेट्न सक्तैन, उ ठूलो-वडा घरानियां व्यक्ति हो, दिन-खान पनि खूबै जानेको छ इत्यादि प्रशंसा र बयानमा भारवि मस्त हुने खालका अनुभव हुन्छ । वस्तुत: सरकारी संमान र राजसी खानदानीको धाकले गर्दा यिनमा उत्तरदायित्व र कर्तव्यको खास परवाह थिएन । यिनी जे सोच्तथे र आंटतथे सो संभव थियो । यहाँ राखिएको यो पहिलो खाने पानीको धारा र अभिलेख यही इज्जत र प्रतिष्ठा द्योतन निति नाम र जस प्राप्तिको भावनाको एउटा नमूना हो । यसैले उनी यसलाई कीर्ति धाराको रूपमा प्रस्तुत गर्दछन् । -"कीर्ति: कृतेयमिह भारविना नवीना" । वस्तुत: यो उनको भावनात्मक सत्प्रेरणाभन्दा पनि 'अहम्' को आवेगद्वारा प्रेरित सत्कार्यको रूपमा सम्पन्न भएको रचनात्मक कार्य अनुभव हुन आउंछ ।

अर्कोकुरा-भारविका अभिमानको झलक, गफीपनको गन्ध आदि पनि यहाँ कता-कता सल्बलाएको बुझिन्छ । यिनी आफूलाई अहंसाथ लोकोत्तर पुरुषको रूपमा प्रस्तुत गर्न खोज्दै "श्रीमान् प्रभुश्च..." इत्यादि भनी मनोभाव व्यक्तयाउंछन् । वस्तुत: यो यौवनगत मानव-सुलभ प्रकृति हो, विषयात्मक विकार हो । जसलाई मर्यादा र लोकोत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

अनुभवगत संयमले छोएको छैन, जो लौकिक बासना र लोभमोहजनित तृष्णाको स्वार्थमा डुबिरहेछ र अहंको तुजुकले चल्बलाएको छ–त्यस्ता वासनामय विकारले भरिएका मानिसका अभिव्यक्तिहरू यस्तै रूपमा प्रकटित हुन्छन् । यहाँ भारवि यस्तै गहिरो अध्ययन र निष्ठा, संयम र निग्रहका अभावको जीवन स्थितिमा देखिन्छन् । अनि यही खाले आफ्नो जीवन इतिहासको तथ्यलाई गहिरो व्यक्तित्वको खोलमा संयमवद्ध रूपले व्यवस्थित गर्न नसकी हल्का अभिव्यक्तिमा गर्व र गफ, शेखी र सान देखाउन तम्सेका अनुभव हुन्छ । यो आभास उपर्युक्त प्रथम अभिलेखको कथनवाट झल्कन आउंछ ।

(ग) लिच्छविकाल नेपालको इतिहास अन्तर्गत शिक्षा, कला, संस्कृति तथा आर्थिकतह आदिमा स्वर्णकाल संझिन्छ । यतिखेर मानिसहरूमा अनुशासन र लगन, संयम र निष्ठा आदि सद्गुण अनुकरणीय थिए । यहाँ धर्म र अनुशासन, आस्था र मर्यादा, शिक्षा र संस्कृति आदिका व्याख्यान हरेक विहार तथा विद्यापीठ आदिमा चलिरहन्थे । मानिस अनुशासित रूपले यी व्याख्यानहरू, धार्मिक चर्चा वा प्रसंगहरू सुन्थे, वुझ्थे र वुझाउँथे । यसैले यतिखेरको सामाजिक जीवन मर्यादित र शास्त्रनिष्ठ भएको अनुभव हुन्छ । यहाँ शैक्षिक वातावरण राम्रो थियो । वेद, पुराण, दर्शन, धर्मशास्त्र आदि विषयहरू विशेष चर्चाका प्रसंग थिए । राजपरिवारमा पनि यो शास्त्रचर्चाको प्रसंगमा चाख लिन्थे र विद्वान्– पण्डित आदि शिक्षित वर्गको विशेष सम्मान गर्दथे । यो सन्दर्भ यस समयका अभिलेखहरूवाट अनुमानित हुन आउँछ । यसैले भारवि पनि शास्त्र चर्चामा विशेष सम्मिलित भएको पाइनु र आफना संसर्गहरूको आधारमा भएको अध्ययन– प्रेरणा र चिन्तनमनन कार्यवाट समेत संस्कृत रूपमा देखापर्नु स्वाभाविक हो । अर्को कुरा– यस समयको राजभाषा नै संस्कृत भएकोले पनि भारवि यस भाषाको ज्ञाता रूपमा पाइनु ठिकै हो अभिलेखमा पाइएको यथार्थ कथन र गतिशील अभिव्यक्ति शैलीले गर्दा पनि यिनी साहित्यप्रेमी व्यक्ति वुझिन्छन् । राजकुमारी विजयवतीको छोरा भएमा यिनमा स्वभावतः शिक्षा र साहित्य चर्चा घर परिवारको वातावरणवाट नै पनि उपलब्ध हुन

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सक्ने स्थिति संभव छ । अतः यिनमा शिक्षा र साहित्यप्रेम बाल्य-कालवाट नै जागृत हुँदै पो आयो कि ? जे होस् भारवि आफ्नो पारिवारिक स्थिति, समय र वातावरण आदिको प्रभावले नै पनि यस क्षेत्रप्रतिको अनुरागी देखिनु सुहाउंदो विषय हो ।

यस प्रकार पहिलो अभिलेखको अनुशीलनवाट बुझिने यी बुंदा-हरुलाई लिई विचार गर्दा निश्चय नै त्यसताक समाजमा भएको कवि भारविको विशेष चहल–पहल र महिमालाई इंगित गरेको अनुभव गराउँछ । सरल (सोझो– सज्जन) राजा, देशको राम्रो आर्थिक स्थिति, शान्तवातावरण, राम्रो पद, प्रतिष्ठा र इज्जतमा रहेका शिक्षित, विवेक-शील र चतुर भारविको सामाजिक प्रतिष्ठा इत्यादि नै त्यतिखेरको अवस्था थियो कि भन्ने अनुमान हुन्छ । संभवतः यतिखेर शासन व्यवस्थामा लिच्छवि राजाहरुको स्थिति त्यति सवल र प्रभावशाली थिएन, किनभने प्रायः लिच्छविकालका राजाश्रय पाएका व्यक्तिहरूद्वारा उल्लिखित अभि-लेखहरूमा सर्वप्रथम भूमिकाको रूपमा राजकीर्तन गरी आफूलाई राजसेवकको रूपमा उभ्याई त्यसपछि विषयवस्तु प्रस्तुत गरिएका पाइन्छन्, किन्तु यो त्यस प्रकारको छैन । प्रस्तुत अभिलेखमा चाहिं यिनले आफूलाई तात्कालिक सम्मानपूर्ण प्रशासकीय पद र प्रतिष्ठामा रहेको आभास देखाएर पनि यहाँ उनले त्यतिखेरका राजाको उल्लेख तथा प्रशंसा एवं कीर्तन केही गरेका छैनन् । यिनी यहाँ तटस्थ, मौन र समाजसेवी जस्ता देखापरिरहेछन् । अरू त के यिनको समयमा कुन राजा थिए त्यस विषयमा पनि अन्य अभिलेखहरूको सहारा लिदै अनुमान लगाउनु परि-रहेछ । यस समयतिरका अभिलेख केलाउँदा संवत् ४६७ (वि. सं. ६०२) मा गद्दीमा लिच्छवि राजा रामदेव भएको बुझिन्छ ।[१] यो गुप्त आभीर-हरुको विशेष प्रभाव भएको समय थियो र यतिखेर राजाहरू छि– छिटो फेरिएका थिए । अनि सम्वत् ४७९ (वि. सं ६१४) तिर गणदेव राजा भएका थिए । यतिखेर शासन कार्यमा चाहिं भौमगुप्तको पनि राम्रो प्रभाव जमिसकेको थियो ।[२] यसरी दुर्वलराजा, प्रशासनिक अस्थिरता र द्वैधशासनको पूर्वाभास देखापरेको समयतिर लिच्छवि कवि भारविको

१. धनवज्र वज्राचार्च, पूर्ववत् (३९ संख्या) पृष्ठ १७५ ।
२. धनवज्र वज्राचार्य, पूर्ववत् (४२ संख्या) पृष्ठ १८४ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

प्रौढकाल अनुमानित हुन्छ । संभवत: यिनले राजा रामदेव र गणदेव दुवैको राज्यसमय भोगेका थिए । साथै यिनले गुप्त आभीरहरूको कूटनीति र प्रशासनिक चालवाजी पनि अनुभव गरेको हुनुपर्छ । यसरी राजनीतिक दाउपेच (षाड्गुण्य) र कूटनीतिक चालवाजी अनुभूत गरेका भारविको कवित्व प्रतिभा राजनीतिक निपुणतामा प्रस्फुटित हुनु त्यति असंभव होइन । तर त्यसको पूर्वाभास वा झझल्को चाहिं यिनको यी अभिलेखवाट केही झल्कंदैन । यो नै यहाँ विवादास्पद विषय र महाकविवाट यिनलाई भिन्न गराउने आधार देखापरिरहेछ ।

अव भारविको दोश्रो अभिलेखलाई लिएर हेरौं– पाटन मंगलवजार भीमसेन मन्दिर अगाडिको ऐतिहासिक ढुंगेधारामा यो अभिलेख छ। समयको हिसावले भारविको पहिलो अभिलेख र यो दोस्रो अभिलेखमा वीस वर्षको फरक देखिन्छ । यहाँ भारविले सर्वप्रथम भगवान् पशुपतिनाथको स्तुति गरेका छन् । अत: यिनी शैव थिए भन्ने कुरा निश्चित्त छ। यसपछि सोझै सामूहिक रूपमा आफनै वखान गरी जति ठूलो– ठालु र सम्पन्न भएको भएपनि नामको लागि कीर्ति त चाहिन्छ नै भन्ने आफ्नो हृदयको वास्तविकता खुलारूपमा प्रष्ट्याएका छन् । अनि आफूलाई पितृभक्तको रूपमा उभ्याउँदै आफ्नो र आफ्ना वावु आमाको पुण्यवृद्धिका लागि भनी उल्लेख गर्न पुगेका देखिन्छन् ।

मानिसको जीवन क्षणिक छ, अस्थिर छ । जतिसुकै सम्पन्न धनी-मानी, गुणहरूका थुप्रै थुप्राहरूले ढाकिएको, सुकिलो कीर्तिले छाइएको नामी भए पनि ऊ आफ्नो जीवनलाई सधैं– सधैं राख्न सक्तैन, अमर हुँदैन– यो कुरा उनको हृदयमा गडिरहेको थियो । यसैले उनी आफ्ना आमावावु र आफ्ना पुण्य वढी वढाउनको लागि पाटन मंगलवजार भीमसेन मन्दिर अगाडि कीर्तिधारा वनाउन लगाउँछन्, जहाँ यो अभिलेख पनि उत्कीर्ण गरी राख्न लगाइन्छ, गाडिन्छ । अनि सो धारा भत्के बिग्रेमा जीर्णोद्धार गर्ने भन्ने उद्देश्यले यो कहिले नाश भै नजाओस् वा चिरकाल रहोस् भनी यूपग्राम (पाटन) को दक्षिण– पश्चिमको खेत गुठी राखिएको कुरा पनि यहाँ स्पष्ट छ । यसरी भारविले आफ्नो कीर्ति-धाराको निति कूत आउने गरी गुठी समेतको वन्दोवस्त गरेका छन् ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भारविको यो दोश्रो अभिलेख पढ्दा समान्यत: हामीलाई यी कुराहरूको जानकारी मिल्दछ:

(क) बुढ्यौली खुड्किलोमा टेकेको यिनको जीवन स्वभावत: पर–उपकार, सेवा र धर्मप्रति लहसिएको देखापर्छ ।

(ख) अवस्थागत वैराग्यले छोएको हुँदा जीवनगत क्षणिकता बोध हुनु धर्मकर्म तथा भक्तिमार्ग तर्फ उन्मुख पाइनु ।

(ग) आफ्नो शेषपछि पनि नाम रहिरहने कीर्ति राख्न औधी धोको पाइनु ।

(क) यस समय भारविको उमेर जल्दो बल्दो तरुन्याइंको अवस्था पार गरी बुड्यौलीको खुड्किलोमा टेक्न थालिसकेको थियो । यसैले यिनमा तारुण्य अवस्थामा रहेको धन– मान र इज्जतको तुजुक विस्तारै खस्किदै गई सामान्य तहमा पुगिसकेको थियो । उनी जनहित वा परोपकार कार्य तर्फ उन्मुख हुन थालेका थिए । हिन्दू आदर्शवाणी बोल्दछ– 'सज्जन महापुरुष (विभूति) हरूको जीवन नै पर– उपकार निम्ति हो ।' यस प्रकार सांसारिक प्राणीप्रति उपकार गर्नु नै प्रकृतिको लक्ष्य वताइन्छ । अत: यहाँ प्रकृतिको योग-दान फलफूल, नदी, मेघ र ग्रहनक्षत्र समेतको उपलब्धि उपकार निति नै हो भनिन्छ । जेहोस्, हामी जति अरूको उपकृत वा ऋणी हुन्छौं, त्यति नै हाम्रो हृदय तत्– तत् व्यक्तिहरूप्रति विनत बनेको हुन्छ । अनि त्यहाँ स्वभावत: हाम्रो आत्मवल वा व्यक्तित्व अभिभूत हुन पुग्छ । यसैले दुनियाँमा महान् व्यक्ति त्यही हो– जो वढीभन्दा बढी अरूहरूको उपकारमा आफूलाई समर्पित गराउन सकेको हुन्छ । यस्तो उपकारद्वारा प्राप्त हुने हार्दिक सुखसन्तोष सर्वोत्कृष्ट हुन्छ भन्ने कुरा महाकवि देवकोटाले पनि उल्लेख गरेका छन:

''खोज्छन् सवैं सुख भनी सुख त्यो कहाँ छ ?
आफू मिटाइ अरूलाई दिनु जहाँ छ ।''

यस हिन्दु आदर्श वा संस्कृतिको वास्तविकतालाई लिच्छवि कवि भारविले वुझ्दै आएका थिए । उनको दोश्रो अभिलेख समयमा आएर यो तथ्य झल्कन पुग्दछ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

निश्चय नै पर– उपकार कार्य जानी बुझी अहंभावको प्रेरणाले होस् वा आत्मिक सेवाभावले होस् जब गर्न थाल्दछौं, तब स्वयं हाम्रो मानसिक अन्तश्चेत विकसित र प्रफुल्लित हुन पुग्छ । स्वत: हार्दिक सन्तोष वा प्रसन्नताको उद्बोध जाग्न थाल्छ । वस्तुत: उपकार मार्फत हुने खुशी वा सुखको नै नाम आत्मिक सन्तोष हो । अरूलाई गरेको उपकारिताद्वारा उत्पन्न प्रसन्न मानिसको चेष्टा, आन्तरिक सन्तोष एवं उल्लास यस्तो दैवी सम्पदा हो, जसको महिमा अव्यक्त छ– स्वानुभूतगम्य छ । यस्तो आत्म-सन्तोषभन्दा माथिल्लो तहको अर्को आनन्द छैन । आत्मानन्दरूप नै आनन्दको सर्वोच्च स्थिति हो । आत्मसन्तोष वा आत्मानन्दनिति पनि यहां कतिपय कार्य सम्पन्न हुन्छन् । व्यसनी वा लहडीदेखि व्यावहारिक व्यक्तिसंम सबै आत्मानन्द निति नै आफ्नो सोचाइ अनुसारको काममा लागेका हुन्छन्, कवि-कलाकारहरू आ-आफ्नो रचना कार्यमा लाग्छन्– यही वास्तविकता तुलसीदास प्रष्याउँछन्– 'स्वान्त: सुखाय तुलसी रघुनाथगाथा, भाषा निवन्धमतिमंजुलमातनोति ।' यस्तै नेपाली आदिकवि भानुभक्त पनि केही हदमा रामगाथा गाउन आत्मप्रेरणाद्वारा नै लागेका थिए । यहाँ मानसिक सत्प्रेरणाको साथै आत्मवल र साहस भरपूर भएको हुन्छ । सांसारिक व्यवहारजन्य चकाचौंध प्राप्त गर्न नसकेका परोपकाररत व्यक्ति वाहिर केही नभए जस्ता अतिसामान्य लागेपनि मानसिक रूपमा आत्मवलपूर्ण हुन्छन्, अनि यही आत्मिकभावले गर्दा सन्तोषपूर्ण र आनन्दी पाइन्छन् । संभवत: लिच्छविकवि भारवि यही परोपकारी भावको आत्मीय सन्तोष मार्ग तर्फ अगिवढ्ने प्रयासमा लागेका थिए कि ? विचारणीय छ ।

(ख) जीवनको उत्तरार्द्ध टेकेका धर्मशास्त्र, उपनिषद्, पुराण आदि ग्रन्थहरू पढेका वा सुनेका भारविलाई जीवन क्षणिकताबोध र वितृष्ण-भावले झल्याक् झुलुक् छुन खोजेको बुझिन्छ । अत: उनी जीवन नश्वरताको यथार्थता र अवस्थागत वैराग्यको चर्चाले गर्दा मायामोह-वाट विस्तारै पन्छिन खोजेको परमार्थ साधक वन्ने तर्फ लागेको अनुभव हुन्छ । यसैले यौवनकालको 'अजरामरवत् प्राज्ञो विद्यामर्थं च चिन्तयेत्' भन्ने नीतिवचनलाई विवेकको कसीमा घोट्तै सांसारिक प्रपंच र आधारलाई शाश्वतताको स्मरण गर्न पुग्छन् भारवि । उनी यस क्षणमा आइपुग्दा जीवन जगत् प्रतिको यथार्थतातिर लाग्न कहिले भुल्नु

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हुँदैन, प्राणीमात्रको लागि मृत्यु सहज सत्य हो– अनिवार्य हो इत्यादि वास्तविकता हरएक कार्यमा सोच्नु अत्यावश्यक छ भन्ने तथ्यतर्फ झुकेका बुझिन्छन् । हो, साँझ– बिहान, दिनरात आदि प्रत्येक क्षणले हरेक प्राणीलाई मृत्युको सन्निकटता तर्फ धकेलिरहेछ । यही शाश्वत वास्तविकतालाई औंल्याउंछ हिन्दु आदर्श:

'मरणं प्रकृति: शरीरिणाम्,
विकृतिर्जीवनमुच्यते बुधै: ।'

यहाँनेर मिथिला नरेश जनकको संझना आउँछ– जनक मिथिला नरेश (महाराज) को साथै महर्षि (महान् तत्ववेत्ता) तथा दार्शनिक पनि थिए । वासनामय सांसारिक मोहचक्रको वास्तविकता यथार्थ थियो । संसार चिनेका यिनी भवसागरको मोहपाशमा नफसी वीतरागी भएका थिए, आत्मज्ञानी थिए । यसैले यिनी राजा भएर पनि महान् ऋषि थिए, विदेह थिए । देखावट रूपमा राजसी प्रकारको उपभोग वा उपयोग गर्दै गरेको भए पनि यिनी निर्मोह बनी औपचारिकताको निर्वाहमात्रमा संलग्न थिए । अत: सांसारिक विषयवस्तुको चकाचौध आकर्षणमा यिनी तटस्थ देखा पर्नु स्वाभाविक थियो । यिनको भनाइ महाभारतमा उल्लेख छ:

''अनन्तं वत मे वित्तं यस्य मे नास्ति किंचन,
मिथिलायां प्रदीप्तायां न मे दह्यति किंचन''

शान्ति १७।१९

(मलाई त धनी भन्छन्, छैन मेरो त क्यै पनि,
सम्पूर्ण मिथिला जल्दा मेरो डढ्दैन क्यै पनि)

महाभारतसूक्ति ।

यही वास्तविक स्वरूपले नै यी विदेह भए । तत्ववेत्ता साधक (चिन्तक) भएकोले दार्शनिक पनि मानिए । जो भवचक्रको मायामोह-बाट वितृष्ण छ, समय आइपुग्दा मोहबन्धनमा नफसी खुशीसाथ सारा वस्तु वा सांसारिक मायामोह सहर्ष त्याग्न सक्छ–त्यस्ता नै सदा सन्तुष्ट र सुखी हुन्छन् । यस प्रकारको महापुरुषहरूको मर्यादित मनलाई मोहको तुच्छ विकारले विक्षुब्ध बनाउन सक्तैन । यस हिन्दु आदर्शको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

महिमालाई भारविले सुनेका, बुझ्ने ग्रहण गर्ने प्रयासमा लाग्न खोजेका थिए। यसैले उनी यही जीवनगत शाश्वत आदर्शको वस्तु तथ्यको झझल्को प्रष्टयाउने गर्छन् "... मानुष्यकं क्षणिकमर्थवतांच ..." इत्यादि ।

(ग) जीवन दुई दिनको रिमिझिमी हो। अन्ततः हाम्रो शरीर र आत्मा त्यसरी नै अनन्तमा लीन हुन पुग्छ, जसरी अज्ञातबाट धर्तीमाताको काखमा अवतरित भएको थियो। यहाँ बसी, हाँसखेल गरी, सुख-दुःख भोगी जीवन बिताएको क्षणिक तथ्य भोलिका सन्ततिहरूमा पनि चिरस्थायी होओस् र आफ्नो अमरता–"नास्ति येषां यशः काये जरामरणजं भयम्" हुन पुगोस् भन्ने कामना कतिपय सपूतहरूमा देखापर्छ। हो, आफ्ना सत्कर्म र सत्प्रयासहरूको स्मृतिमा बाँचेका अमर व्यक्तित्वहरू आफ्नो राष्ट्र र जातिको निंति सदा स्मरणीय छन्। वस्तुतः जीवन केही छैन उसका सत्कृति र अमर छापहरू नै वास्तविकता हुन्। यसैले धर्तीमा ओर्लेका सपूतले राष्ट्र र जातिको निंति "के दिएर गयो ?"– त्यही कुरा नै भावी पिंढीले हेर्छन्–सोच्तछन्। यो कुरा जीवनको उत्तरार्द्धमा पुगेका भारविले केही हदमा सोच्न खोजेका थिए। अतः जीवनमा आफ्नो सेखपछि पनि मानिसहरूले आफ्नो नाम र सत्कर्मको स्मरण गर्दै रहुन् भन्ने लालसाको धुमिल छायाँ उनको भावनामा झल्याक्–झुलुक हुन थालेको आभास मिल्छ।

आफ्ना अमरताको कामनामा नै कति सत्कर्महरू र रचनाहरू यहाँ देखापर्छन्, भावना पोखिन्छन्। आदिकवि वाल्मीकि भित्रको अन्तश्चेत अनायास ब्यूँझी क्रौंचपक्षी–घातक व्याधाको तिरस्कृतिमा निस्केको वाणी–"मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वती समा" पाठकका निंति कविता उद्बोधक आदिरचना ठहरिन पुग्यो, रामायण तयार भयो। यस्तै जनश्रुति–"अस्ति कश्चिद् वाग्विशेषः ?" प्रश्न विशेषको आधारमा कालिदास सौन्दर्य शैली अद्वितीय गायक बने अमर साहित्यकार भए।

विभिन्न पूर्वीय साहित्यशास्त्रीहरू मार्फत साहित्यरचनाका विविध उद्देश्य बताइएको छ। यिनीहरूमा भरत, भामह, वामन, कुन्तक मम्मट आदि प्रसिद्ध मानिन्छन्। यसमा मम्मटले "काव्यं यशसे,

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

र्थकृते... (काव्यप्रकाश) आदि भनी ६ प्रकारका उद्देश्य बताएका छन् । यिनीहरूमध्ये कीर्ति कमाउनु, अकल्याण (हानि पुऱ्याउने–अनिष्ट कुरा) को याद गर्नु पनि अन्यतम हुन् । भारविभन्दा अगाडिका प्रख्यात साहित्यकारहरू मध्ये कालिदासले "मन्द: कवियश: प्रार्थी गमिष्याम्युपहास्यताम् (रघुवंश) भनी यश कै निंति केही लेख्ने प्रतिज्ञा गरेका छन् । अनि बौद्धकवि अश्वघोषले चाहिं "इत्येषा व्युपशान्तये न रतये मोक्षार्थगर्भाकृति:" (सुन्दरनन्द) आदि भन्दै अकल्याणनाशको उद्देश्य स्पष्ट पारेका छन् । यसरी यहाँ केही गरौं वा लोकका निंति केही छोडौं भन्ने कतिपय साधकहरूले आ–आफ्नो सोचाइ अनुसार आफ्नो रचना उद्देश्य वा कार्य उद्देश्यको स्पष्टता पारेको पाइन्छ । अत: यहाँ आफ्नो साधना र सत्कार्यको त्यागमा कतिले ऐतिहासिक कीर्ति स्तम्भ खडा गरे, कति महान् कार्य सम्पादन गरी अमर बन्न पुगे । यही तथ्य संकेत सन्दर्भमा लिच्छवि कवि भारविले उल्लेख गरेका छन्–"कीर्ति नभई त्यसै रहेका मानिसहरूको जनम बेफ्वांक हो । मानिसहरू असल कामको सुयशले गरी अर्को लोकमा पनि सुख पाउंछन्" आदि । यस प्रकार मानव–जीवनको गरिमा र सत्कर्मबोध गरेका भारवि यहाँ आफ्नो जीवनकाल पछिसंम नाम रहने स्थायी कार्यमा संलग्न बन्दछन् । कीर्तिधारा निर्माणमा आफूलाई सर्मपित गराउंछन्, जुन कुरा उक्त अभिलेखबाट स्पष्ट हुन्छ ।

यसरी कवि भारविले आफ्नो मनोभावना तथा जीवनगत अनुभूति-पचाएर पद्यशैलीमा उतारेका छन् । यी अभिलेख–कवितालाई विद्वान्हरू-लिच्छविकालीन साहित्यको नमूनाको रूपमा ग्रहण गरिए पनि उनको सहजात प्रतिभा तथा उच्च साहित्यिक व्यक्तित्व थियो भनी मान्न चाहिं गाह्रै पर्छ । भारवि पुराण र परलोकमा विश्वस्त छन् । यिनको हृदयमा–दुनियांमा राम्रो भलाइको काम गर्ने मान्छेको यो लोक होस् वा परलोक कहिं पनि नराम्रो (दुर्गति) हुंदैन[३] भन्ने आध्यात्मिक भावना

---

३. पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते
नहि कल्याणकृत्कश्चिद् दुर्गतिं तात गच्छति ।
श्रीमद्भगवद्गीता ६।४०

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

टांस्सिएको बुझिन्छ। यसैले यिनी "दृष्टं सौख्यवतां परत्र च ..." अर्थात् यहाँ सुखसयल पाएकाहरू यो असल कामको सुयशले गरी अर्को लोकमा पनि सुख पाउंछन् भनी लेख्तछन्।

यसप्रकार पहिलो अभिलेखगत भावना भारविले आफ्नो जल्दोबल्दो खाइलाग्दो जवानीको अवस्थामा र दोश्रो चाहिं पहिलो अभिलेख उत्कीर्ण गरेको वीस वर्ष पछि बुढ्याइतिर पाइलो टेक्न लागेको अवस्थामा गरी लेखिएका यी दुई अभिलेख हुन्– जुनकुरा हामीले माथि नै प्रष्टयाइसक्यौं। यसैले अनुमान हुन्छ भारविको यो दोश्रो रचना (अभिलेख) उनमा साहित्यिक सिर्जनकला जति प्रौढरूपमा आउनुपर्ने हो त्यो परिपाक अवस्थामा पुगेको समयको नै हो। अत: भारविको कविता शक्ति प्रौढ भएका अवस्थाको रचना "किरातार्जुनीयम्" हो भन्ने तर्क युक्तिसंगत देखापर्दैन। फेरि प्रस्तुत अभिलेख भारविद्वारा साधारणभाषामा सबैलाई बुझ्न सजिलो होस् भनी लेखिएको हो भनुं भने पनि मिल्दो जस्तो देखिदैन, किनभने विद्वान् कवि हृदयबाट निस्केको यो अभिलेख लिच्छविकालका अनुपम, स्वामीवार्त आदि अन्य साहित्यिक प्रतिभाहरूद्वारा लेखिएका अभिलेख जस्तै प्रौढ हुनुपर्ने हो। किन्तु यहाँ साहित्यिकताको गौरवपूर्ण उच्चता पाउन सकिन्न। फेरि अन्य साहित्यिक अभिलेखहरूको अपेक्षा यी अभिलेख छोटो साधारण र भावहीन (कथनात्मक-बोलीचाली) खालका पनि छन्। अर्को कुरा– साहित्यिक प्रतिभावान्को भावना ढुकुटीबाट जति चाहियो उति पैसा निकाले झैं बाहिर झिक्ने र लुकाएर लुक्ने चीज होइन, त्यो त हृदयमा उद्‌बुद्ध भएको स्वत: स्फूर्त प्रतिभा हो। फेरि दिलमा भाषा र साहित्य प्रति प्रेम भरिएको, लेखक– साहित्यिक हृदय भएको मानिस स्वत: भावुक हुन्छ, नसा लागेको मानिस जस्तै लहडी पनि हुन्छ। ऊ केही न केही नलेखी र कतै त्यसको उपयोग नगरी त्यसै हात बाँधी बस्न चाहंदैन, सक्तैन पनि। झन् उच्च साहित्यिक (सहजात प्रतिभा भएको) व्यक्तिको त कुरै छाडौं। वास्तवमा साहित्यिक व्यक्तिको यो नशा अम्मलीहरूको नशा जस्तै नै हो, यतिमात्र फरक कि एउटाले कुलतमा गडाउँछ र जीवन बरबाद गरिदिन्छ अर्कोले चाहिं अमरतामा पुऱ्याई जीवन उजिल्याउँछ।

अभिलेखगत गद्यात्मकता

भाषा (वाणी)को गद्यात्मक स्थिति नै वास्तविक स्वरूप हो।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृत भाषामा वैदिक संहितासंग संगै गद्यको विकसितरूप अगिबढ्दै गएको बुझिन्छ । यहाँ पद्यभन्दा पनि गद्यलाई विशेष संमान र महत्व दिइएको छ । संस्कृत आलोचक भन्छन्–"गद्यं कवीनां निकषं वदन्ति" अर्थात् गद्य रचना (भाषा) कविहरूको खूबी जाँच्ने कसी हो । यसरी गद्यविधाको महिमा बखान्दै र प्रयोग गर्दै आएको प्राचीन संस्कृत वाङमय यस क्षेत्रमा समृद्ध छ– महत्त्वशाली छ । वेदका कतिपय अंक, ब्राह्मण ग्रन्थ, उपनिषद्, निरुक्त र महाभाष्य आदिको साथै कथा–काव्य, आख्यायिका, चम्पूकाव्य आदि समेत गद्यका महत्वपूर्ण नमूना हुन् । फेरि गुप्तकालीन शिलालेखको साथै दार्शनिक प्रतिभा शवरस्वामी (ई. ४००) को कर्ममीमांसाभाष्य, शंकराचार्य (ई. ७००) को ब्रह्मसूत्र गीता भाष्य, जयन्त भट्टको (ई.९००) न्यायमंजरी आदि कृतिहरु गद्यका उल्लेखनीय रचना मानिन्छन् । यसरी बौद्धिक प्रस्तुतिका महत्वपूर्ण साधनको रूपमा रहेको गद्यविधा उत्तरोत्तर परिष्कृत तथा सुसंस्कृत साहित्यिक किसिमले देखापर्न थाल्यो । फलतः काव्यकारहरूले यसलाई कलात्मकता प्रदान गरी लोकप्रिय र अनुकरणीय स्वरूपमा प्रस्तुति गरे, जसमध्ये दण्डी सुवन्धु, वाण आदि महाकविहरू उल्लेखनीय छन् । यसरी महत्त्वपूर्ण भूमिका ग्रहण गर्दै आएको गद्यविधाले साहित्यिक समालोचन क्षेत्रमा पनि उल्लेखनीय देखापर्छ । फलतः यस समयका धेरै जसो अभिलेखहरूका नीतिनियम र व्यावहारिक कथन गद्यमा नै उल्लिखित पाइन्छन् ।

लिच्छवि कवि भारविले वि. सं. ६२७ मा कुंदाएको मंगलबजार ढुंगेधाराको अभिलेखमा गद्यात्मक वाक्यहरू पनि उल्लिखित छन् । यहाँ आफ्नो लोकव्यावहारिक कुराकानी वा विषयलाई गद्यात्मक स्वरूप दिई प्रस्तुत गरेका छन् । यो गद्य छोटो केवल दुई वाक्यमात्रको छ ता पनि प्रौढशैलीमा उल्लिखित छ । यसलाई भारविले आफ्नो गुठीको नीति नियम वा आधारको रूपमा व्यावहारिकतालाई पछिसम्म स्थायित्व दिदै प्रष्ट्याएको अनुभव हुन्छ । यिनको अभिलेखगत गद्यवाक्य हुन्– 'अक्षयणीयार्थं च यूपग्रामस्य दक्षिण पश्चिमेन क्षेत्रं दत्तम्, यस्य पिण्डकं विंशिकया मानिका पंचशदिति । सम्वत् ४९२ वैशाख शुक्ल दिवा १३ । छोटो सानो र संकेतमात्रको नै भए पनि प्रस्तुत गद्यात्मक नमुनाबाट कवि भारविको गद्यशैलीको सामर्थ्य प्रकट हुन्छ । प्रस्तुत नमुना हेर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

यिनको कलम गद्यविधामा गनि सशक्त देखिन्छ– साहित्यिक शैलीको प्रखर अनुभव हुन्छ ।

लिच्छविकवि भारविकालिक लौकिकचित्रण

भारविका प्रस्तुत अभिलेखहरूवाट प्रत्यक्ष वा अप्रत्यक्ष किसिमले यिनको जीवन अवस्था र लौकिक स्थितिको आभास सूक्ष्मरूपेण वुझ्न सकिन्छ । जुनसुकै साहित्यकार पनि आफ्नो समयको समाज र परिस्थितिद्वारा धेर– थोर केही न केही प्रभावित भएको हुन्छ । सामाजिक वास्तविकता वा परिप्रेक्ष्य प्रति तटस्थ वन्न खोज्दै आफ्नो कालको वस्तुस्थिति रहन– सहन र अवस्थालाई जतिसुकै पन्छाउन खोजे पनि उदार दृष्टिकोण राखे पनि र गूपचूप स्थिति सिर्जनमा मस्त भए पनि रचनामा त्यसको छाप प्रतिविम्बित भएको हुन्छ– हुन्छ । यसैले नै काव्य (साहित्य) लाई समाजको दर्पणको रूपमा अतीतदेखि नै अभिव्यक्ति दिंदै आइएको हो । लिच्छविकवि भारविका प्रस्तुत दुई अभिलेखवाट तात्कालिक लोकचित्रण जनजीवन प्रति जानकारी पाउन केही सहयोग मिल्दछ । यसको अतिरिक्त भारविको काव्य 'किरातार्जुनीयम्' वाट चाहिं धेरै मात्रामा तात्कालिक जनजीवन– रहनसहन आदि जानकारी पाउन सकिन्छ । यहाँ सर्वप्रथम लिच्छविकवि भारविका यी दुई अभिलेखहरूलाई हेरी यिनको आधारमा तात्कालिक लोकजीवन, वस्तुस्थिति आदितर्फ अझ विशेष विचार गरौं–

यस समयको जनजीवनमा लोकमर्यादाको ठूलो महत्त्व थियो । मानिसको सहयोग, भलाइ र उपकार गर्नु, दानपुण्यको साथै लोकोपकारी कार्य गर्नु, समाजमा वडापन नदेखाई विनीत र नम्रताद्वारा शिष्टता कायम गर्नु, सहनशील र गम्भीर– सुशील हुनु आदि नै त्यस समयका महान् व्यक्तिका सच्चरित्र थिए, प्रशंसनीय गुण थिए ।[४] शिष्टाचार पालन गरी मर्यादित वन्नु यस समयको परम्परा वुझिन्छ । आचारहीन पुरुष निन्दित र लोकविरूद्ध किसिमको संझिन्थ्यो ।[५] लोकमा यस्ता व्यक्तिका खास मर्यादा थिएन । शास्त्रीय परम्परा र ग्रह नक्षत्र आदि तिथि मिति शुभा-

४. श्रीमान् प्रभुश्च न च लोक विरुद्धकारी ।
५. नित्यं ख्यातगुणप्रभावचरिते ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शुभ तर्फ विशेष ख्याल राखिन्थ्यो । लोकहितको लागि धारा, पोखरी, पाटी– पौवा, मठ– मन्दिर आदि बनाउने चलन थियो । बाबुआमाप्रति आदर भाव देखाउन 'मातृदेवो भव, पितृदेवो भव' आदि जस्ता वैदिक वाणी प्रति श्रद्धासाथ निष्ठा प्रदर्शित गर्नु तात्कालिक परम्परा बुझिन्छ । मरेका बाबुआमाको नाउँमा कुनै धर्मकार्य गरिदिनु, उनीहरूको पुण्य बढोस् र सद्गति प्राप्त होस् भनी शुभेच्छा गर्नु, भलो चिताउनु आदि कुरा सन्तानको कर्तव्य मानिन्थ्यो ।[६] समाजमा सत्कीर्तिको ठूलो महिमा थियो । धनी र शक्तिशाली मानिसहरूमा सत्कर्मद्वारा कीर्ति राख्नुपर्छ भन्ने भावना व्याप्त भएको बुझिन्छ । प्राय: उनीहरूमा कीर्ति विनाको जीवन विफल हो, धन, ऐश्वर्य, शरीर आदि वस्तुहरू एकछिनका रिमिझिमी हुन्– सारा क्षणिक हुन् । यहाँ कीर्तिले नै मानिसलाई वा मानवजीवनलाई स्थायित्व दिन्छ भन्ने भावना प्रबल थियो ।[७] मन्दिर, धारा– पाटी आदि आफूले स्थापना गरेका सार्वजनिक चीजहरू जुगौं जुग चलून्, नाश नहऊन् भनी स्थायित्वको निति गुठी राखिन्थ्यो ।[८] गुठीको महत्ता, आवश्यकता र उपयोगिता आदि अनुसार त्यो ठूलो– सानो हुन सक्तथ्यो । प्राय: गुठीको आयस्ता समेत त्यहाँ खुलाइएको हुन्थ्यो ।

यसरी कुनै पनि सामाजिक कार्यलाई स्थायित्व र क्रमबद्ध रूपले व्यवस्थित होस् भन्ने ध्येयले राखिएका गुठीका जग्गाहरूको कुत यति परिमाणको र जग्गा यति क्षेत्रफलको भनी प्राय: तोकिएको हुन्थ्यो[९] । जग्गाको कुत यसरी निश्चित रूपले तोकिने परम्परा भएको हुँदा मानिसहरूले आफ्नो मनोमानीसँग जग्गाको कुत (आयस्ता) लिन पनि सक्तैनथे । अत: अप्रत्यक्षत: भूमिव्यवस्था निश्चित नीति नियम र निर्धारणमा आबद्ध थियो भन्न सकिन्छ ।

यहाँ सबै नै जस्तो मानिसहरू आस्तिक परम्पराका थिए । धर्म, स्मृति, पुराण र दैनिक कर्मकाण्ड प्रति श्रद्धा थियो शास्त्रोक्त विधान

६. माता पितृस्वकृत पुण्यविबर्द्धनार्थमेतां भिषग्च चकार कीर्तिम् ।
७. ...जनस्य जन्मविफलं कीर्त्या विना जीवनः
८. अकृयणीवार्यञ्च यूपग्रामस्य दक्षिण पश्चिमेन क्षेत्रं दत्तम् ।
९. यस्य पिण्डकं विंशिकया मानिकाः पंचाशदिति ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

अनुकूल वर्ण व्यवस्था संस्थापित र संचालित थिए । प्रायः चार्वाक सिद्धान्त प्रति मानिसहरू हल्का दृष्टि राख्तथे । मानिसको जीवन केही होइन-क्षणिक हो, सवै चीज अस्थायी छन्, परत्रका निर्ति पनि केही चाहिन्छ त्यसको लागि कीर्ति, धर्मकर्म, देवपूजा, भक्तिभावना आदि सामाजिक कार्यहरू आवश्यकीय वस्तु हुन् भनी मानिस सोच्तथे[१०] । देवपूजाको प्रसंगमा गुणगान स्तुतिपाठ र महिमावर्णन आदि कर्म पनि प्रमुख छन् । भगवान् प्रति श्रद्धासाथ गरिएको नमस्कार, भक्तिभाव सर्वार्थसिद्धिप्रद हुनसक्तछ र मंगलाचरण कार्यारम्भमा सदा आवश्यक छ भन्ने धारणा त्यस समय थियो । शिव, विष्णु, लक्ष्मी, देवी, गणेश आदि नै विशेष उल्लेखनीय देवी–देवता थिए । महिला समाजमा खसमको निधनमा सती जाने वा सती व्रतमा रहने परम्परा थियो । समाजमा बहुविवाहको साथै विधवा-विवाह, पुनर्विवाह आदि प्रथा समेत प्रचलित थिए ।

राजखलकसँग सम्वन्धित हुनु मानिसको विशेष महिमा थियो । सरकारी सेवामा स्थान पाउनु पौरुषवल (शक्तिवान्) बन्न सक्नु, धन-ऐश्वर्यशाली हुनु आदि मानिसका पुरुषार्थ संझिन्थे ।[११] नयाँ चीज बनाउनु, (स्थापना गर्नु) पनि एकप्रकारको महिमा संझिन्थ्यो । गुण, प्रभाव र चरित्रद्वारा नामी कहलाएका ठूलो पद पाएको कुलमा जन्मेका धनी मानिसहरू नै ठूलो ठालु र सोखी ठानिन्थ्यो । राम्रो काम गरी कीर्ति राख्नुवाट परलोकमा पनि सुख पाइन्छ भन्ने मानिसको अटल धारणा थियो ।[१२] त्यतिखेर सारा मानिसको जनजीवन सरल, सादा र सुखी खालको बुझिन्छ । मानिसहरूले साधारण, स्वच्छ र सन्तोषी जीवन विताएको, अभाव र ठूलो आकाङ्क्षामा नतड्पिएको तत्कालीन मानवीय विधिव्यवहार निश्चय नै सम्मान्य र आदर्शपूर्ण थियो इत्यादि यही अप्रत्यक्ष प्रकाश नै भारविका यी दुई अभिलेखद्वारा हामी थाहा पाउँछौं । प्रस्तुत जानकारी अभिलेखगत प्रत्यक्ष वा अप्रत्यक्ष संकेतको आधारमा यहाँ लिपिवद्ध गरिएको हो । यसको अतिरिक्त महाकाव्य 'किराता-

---

१०. कीर्तेः फलं स किल भारविरित्यवेक्ष्य मानुष्यकं क्षणिकमर्थवतांच ..
११. नित्यं ख्यातगुणप्रभावचरिते वंशेपि लब्धास्पदे जातस्यात्र ..
१२. दृष्टं सौख्यवनां परत्र च सुखं प्रा कीर्त्या पया

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

र्जुनीयम्' द्वारा तात्कालीन जनजीवन लोकचित्रण आदिलाई प्रण्ट्याउन सकिन्छ ।

(ग) महाकवि भारविकालिक लौकिक चित्रण

प्रस्तुत महाकाव्यद्वारा तत्कालीन (छैठौं शताब्दीको अन्तिम र सातौंको प्रारम्भ) सामाजिक जीवनको हरेक क्षेत्रमा प्रकाश पार्ने प्रसंगहरू प्राप्त भएका छन् । यस समयको साधारण जनजीवन कृषिकर्ममा संलग्न बुझिन्छ । मानिसहरू खेती–पातीबाट सन्तुष्ट थिए । खेतीको लागि प्रायः वर्षाद निंति आकाश ताकिरहनु पर्ने अवस्था थिएन । नहर, कुलो र बाँध आदिद्वारा धानखेतीलाई राम्रो व्यवस्थित गराइएको थियो ।[१३] गाउँको छेउछाउमा खेतवारीका हराभरा पाटा थिए लह लहाउँदो बाली झुल्दथ्यो । जंगल राम्रो मनमोहक थियो । वन जंगलमा वन्यजन्तुहरूको अधिकता थियो । जंगलको छेउछाउमा भएको खेतीबालीलाई जनावरहरूले दुःख दिन्थे, कुरुवा वसी बाली कुर्नु पर्दथ्यो ।

राजा क्षत्रियवंशका थिए । स्मृति, नीति र राजनीतिशास्त्र आदिको आधारमा नै शासन व्यवस्था चल्दथ्यो । शासन पद्धतिमा आफ्नो र परको भन्ने मरमोलाहिजा राखिदैनथ्यो । न्यायगर्दा पक्षपात, मरमोलाहिजा, रिस–इवी, लोभ लालच आदि गर्नु ठूलो पाप संझिन्थ्यो । न्याय इन्साफ धर्मशास्त्री, गुरु पुरोहित, मन्त्री आदिको शास्त्रीय आधारमा प्रदान गरिएको राय सल्लाहमा हुन्थ्यो[१४] । धनिवर्ग नोकरचाकर राख्तथे, त्यहाँ ऐस–आराम र विलासपूर्ण भौतिक मोजमज्जा, सुखसयल पनि हुन्थ्यो । सा–साना रजौटाको सम्राट्लाई आदरपूर्वक उपहारको साथै कर तिर्दथे । राज्यशासनलाई व्यवस्थित र स्थिर गर्न गुप्तचरको राम्रो परिपाठ मिलाइएको थियो । समाजमा शिष्टाचारको राम्रो ख्याल राखिन्थ्यो । महिला विनीत र अनुशासित बनिरहनुमा नै आफ्नो मर्यादा संझन्थे । मान्यजन (पति, सासू–ससुरा, जेठाजु आदि) प्रति लज्जित र मधुर बोलीद्वारा मर्यादा दर्शाउंथे । कैले कतै उनीहरूको कुरामा विरोध दर्शाउनु परेमा पनि झुकी विनयशीलता र मर्यादापूर्ण आचार प्रदर्शित गर्दै

१३. किरात १–१७
१४. किरात १–१३

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

आफ्नो भनाइ प्रस्तुत गर्ने परम्परा थियो[१५] । गाउंघरमा गाडाहरू चल्दथे[१६] । घर गाउंको ढुवानीकार्य गाडा र मानिस दुवैको सहयोगमा हुन्थ्यो । धनी–मानी राजसेंठ आदि ठूला ठालु मस्तसाथ आराम लिन्थे, सुत्थे, यिनीहरूलाई स्तुति वन्दी, गायक–वादक (भाट) हरूले मांगलिक स्तुतिगान, भजन–पाठ आदिको मधुर झंकारद्वारा समयमा नै जागा गराउंथे ब्राह्मणप्रति अन्यवर्गहरूको विशेष आदरभाउ थियो, संमान थियो[१७] । मानिसहरूमा आध्यात्मिक भावनाको प्रबलता भएको हुंदा उनीहरू नीति र मर्यादालाई नै महान् संझन्थे । यसैले शास्त्रसंमत बलपुरुषार्थ र नैतिक आर्जनलाई नै महत्त्वशाली उपार्जन संझिन्थ्यो । अनीतिद्वारा कमाइएको संपत्ति कुमतिदायी र दु:खदायी हुन्छ, स्थिर हुन्न र ठीक पनि हुन्न भन्ने धारणा मानिसहरूमा थियो । लोकमर्यादालाई विशेष ख्याल गरिन्थ्यो । लोकले आदर संमान देखाउने, ठूलाबडा (महापुरुष) हरू हिंडेको बाटोमा मन लगाउने व्यक्तिलाई नै राम्रो फलिफाप हुन्छ, कथंचित् केही बिग्रिहाले, नराम्रो भए पनि त्यसमा दैवको खेल हो, त्यस्तो प्रति लोकले सहानुभूति राख्छ भन्ने कुरामा मानिसहरूको विश्वास थियो[१८] ।

समाजमा सभ्यता, शिष्टाचार र रहन–सहन आदिको माथिल्लो स्थान मानिन्थ्यो । प्राय: आचारहीन पुरुष निन्दित र उपेक्षित संझिन्थे । आत्मसंयमी र चरित्रशील बन्नुमा नै मानिस विशेष गौरव ठान्दथे र यस्तै व्यक्तिको मर्यादा तथा संमान थियो । जो चञ्चल, विलासी र असंयमी छ–त्यसले राजसम्पत्तिलाई काबू राख्न सक्तैन, भोगी–विलासी चञ्चल, कामक्रोध आदिलाई संयमद्वारा काबू नराख्ने पुरुष राजनीतिमा स्थिर हुंदैन भन्ने सोचाइमा शिक्षित–जानिफकारवर्ग थिए[१९] ।

मानिसहरूमा "अतिथिदेवो भव" भन्ने धारणा व्याप्त थियो ।

१५. किरात १–२८
१६. किरात ४–१८
१७. किरात १–३८, ३९
१८. किरात २–३२, ३३, ३४
१९. किरात २–४१, ४२

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

यसैले पाहुना प्रति विशेष आदरभाउ दर्शाइन्थ्यो । पाहुनाको रूपमा वा भेटभाटको रूपमा जुनसुकै प्रसंगमा होस्–मान्यजनको आगमन भएमा उठी भक्तिभाव (संमान) दर्शाउनु, उनको आदरमा आसन टक्र्याई सत्कारसाथ ढोगभेट गरी आज्ञा लिई आफू वस्नु, अर्घ वा पान सुपारी टक्र्याउनु, भला–कुसारी गर्नु आदि मान्यजन ठूलावडाप्रति देखाउनु पर्ने सभ्यता, सदाचार वा आदर भाउ (प्रचलन) थिए[२०] । समाजमा धर्मशास्त्र अनुसार ब्राह्मण, क्षत्री, वैश्य, शुद्र चार वर्ण र ब्रह्मचर्य, गृहस्थ वानप्रस्थ तथा संन्यास चार आश्रम व्यवस्थित थिए, प्रचलित पाइन्थे । ब्राह्मणलाई अन्य वर्गमा श्रेष्ठ, शिक्षित, कर्मिष्ठ, सदाचारी एवं समादरणीय संझिन्थ्यो । शिक्षित, धर्मपरायण र मर्यादितको रूपमा ब्राह्मणवर्ग मानिएकाले यिनी-हरूवाट धर्मशास्त्र र नीतिको सल्लाह लिनु, आशीर्वाद ग्रहण गर्नु, जप, होम, तथा यज्ञयागादिमा प्रमुखस्थान दिई कार्यसम्पन्न गर्नु आदि लोकपरम्परा थियो[२१] । मानिसहरू आफूमा–"हामी आर्य जाति हौं !" भन्ने विशेष गौरव संझन्थे । आफनो जाति र धर्मप्रति क्षत्री (ठकुरी) हरूमा विशेष गौरव (महत्व) तथा अभिमान थियो[२२] । कैले कहिं कतै जानु पर्दा बिदासमयमा आफन्तको अनुमति लिई पुरोहितका मांगलिक वचन, स्तोत्र पाठ आदिसाथ शुभसाइत जुराई यात्री (वटुवा) हरू बाटो लाग्दथे । हिंड्दा शकुन–अपशकुनको विशेष ख्याल राखिन्थ्यो । साइत वा अन्य कुनै शुभसमय दुर्वाक्य वोल्नु, आँखावाट आँशु गिराउनु वा खसाउनु अशुभ ठानिन्थ्यो । हिंड्दा (यात्रा गर्दा) वाटामा खाने खाजा (पाथेय) को पनि चलन थियो[२३] ।

यस प्रकारका विभिन्न वास्तविकता वा वस्तुस्थिति, लोकसंस्कृति आदिको साथै प्राकृतिक वर्णन संस्कृतसाहित्यको सर्वसुलभ विषयवस्तु हो । यहाँ कविद्वारा उल्लिखित पहाडपर्वत, गाउंघर, तालतलैया आदिको प्राकृतिक शोभा मनोरम छ । भारतवर्ष वागवगैंचा र सरोवर प्रति विशेष अनुरक्त बुझिन्छ । भनिन्छ–उहिले कपिलवस्तु वगैंचै वगैंचाले व्याप्त थियो ।

२०. किरात २–५७ ५८
२१. किरात ३–६, ११–७६
२२. किरात १४–९, २२
२३. किरात ३–३६, ३७, ५७

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

अयोध्या उद्यानले भरिभराउ थियो तथा उज्जैनी सरोवर एवं उद्यानपूर्ण थियो इत्यादि कुरा हामी अश्वघोष, वाल्मीकी र कालिदास आदिका कृतिबाट थाहा पाउंछौं। यही अनुसार किरातार्जुनीयम् पनि भरपुर सरोवर र उद्यानमा मस्त देखापर्छ, जुन कुरा अर्जुनलाई यक्षले बयान गरेको प्रसंगबाट र परी (अप्सरा आदि) क्रीडा प्रसंगबाट थाहा हुन्छ।

बेशभूषा र अलंकार

यस समय स्त्री पुरुष दुवै वर्ग आफ्नो वेशभूषा प्रति ख्याल राख्ने तहमा पुगिसकेका थिए। परिभाषित किसिमले सोच्दा–रूप र अलंकारको समष्टिगत नाउंलाई नै वेश (ष) भनिन्छ[२४]। "वेष" शब्दसंग समाजले "भूषा" शब्दको समेत संयोजन गरेकोले नै लोकजीवनमा "वेशभूषा" शब्द प्रचलित भएको हो। वेशभूषा, पुष्पमाला, चन्दनादि अलंकार इत्यादिका उपयोगको सौन्दर्याकर्षण तथा स्तरीयता (भलादमीपना) एवं रमाइलो खुसियालीको राम्रो आनन्ददायीपन आफ्नो मनमिल्दो प्रेमीको समागममा नै हुन्छ, अनि सफलता चाहिं प्रेमी उसलाई देखेर मख्ख परेमा नै ठानिन्छ। भनिएको छ–"रम्यता प्रियसमागम एव" (किरात. ६।३५) स्त्रीणां प्रियालोकफलो हि वेश: (कालिदास)।

भारविले कुंकुम, कमलपराग–विलेपन, माला र आभूषण धारण गर्ने प्रसंगको उल्लेख गरेका छन्। नारीभूषण प्रसंगमा चाहिं ओठमा लाली, आँखामा गाजल, निधारमा तिलक, घाटीमा माला, गोडामा माहुर, शारीरिक अवयवहरूमा तदनुकूल अंगराग आदिको उल्लेख प्रशस्त छ। सौन्दर्य प्रसाधनको क्रम वैदिक कालदेखि नै प्रचलित बुझिन्छ[२५]। यो क्रम उत्तरोत्तर अझ परिष्कृत वा समयानुकूल हुंदै अविच्छिन्न प्रचलित भएको कुरा सामाजिक शास्त्रको अध्ययनबाट स्पष्ट हुन्छ। गुप्तकालमा आएर त प्रसाधनको विविधता झन् तीव्र र विस्तृत भयो। यस समय संपन्न परिवारमा ऋतु अनुकूल प्रसाधन गरिन्थे र राजपरिवार तथा उच्चवर्गका धनीमानी सेठ आदिले प्रसाधकको रूपमा महिला (सैरन्ध्री) तथा पुरुष (प्रसाधक) समेत राख्तथे भन्ने कुरा तात्कालिक अध्ययनबाट थाहा हुन्छ।

२४. अमरकोष–मनुष्यवर्ग (६६ श्लो.)
२५. ऋग्वेद १ १२३ ८

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

यस समय विशेष गरी शारीरिक प्रसाधनक्रममा विविध अनुलेपन क्रिया हुन्थ्यो, कस्तुरी, केशर, सुगन्धित चन्दन आदि लेप गर्नु, अंगराग लगाउनु आदि त उच्चमध्यम वर्गका परिवार निति सामान्य कार्य जस्तै भएको बुझिन्छ। महाकवि भारविले पनि आफ्नो महाकाव्य अन्तर्गत स्वर्वेश्याको जलक्रीडा प्रसंगमा विविध अनुलेपन विवरण प्रस्तुत गरेका छन्। भनिएको छ– "पत्रलेखा[२६] लाली, गाजल आदि अनुलेपन रहित ती तरुनीहरूलाई देखेर गन्धर्वहरूले यो ठहऱ्याए कि मानौं ती अप्सराहरूको प्राकृत तारुण्यशोभाले नै सिंगार–पटार (मण्डन) लाई अलंकृत गऱ्यो। (८/४०)।

भारविकालीन समाजको सौन्दर्य प्रसाधन क्रममा गाजलको पनि महत्त्वपूर्ण स्थान रहेको कुरा स्पष्ट छ। महाकवि भारविले सुरसुन्दरी (अप्सरा) हरूको जलक्रीडा क्रममा गाजललाई एक ठाउंमा–"पौंड्दा पानीको भेलले आँखाको नानीलाई धक्का दिई रातो नहोस् भनी ती रमणीहरूले आँखामा गाजल लगाएका थिए" (८–२८) भनी उल्लेख गरेका छन्। फेरि अन्यत्र कतिपय ठाउंमा शारीरिक शोभाप्रद साधनको रूपमा उल्लेख गरेका छन् (८–४०, ५२) आयुर्वेद शास्त्रमा गाजललाई महत्त्वपूर्ण स्थान प्रदान गरिएको छ। उल्लेख छ–नेत्रज्योतिको सुरक्षाको लागि सदा "सौवीर" नामक गाजल लगाउनु। गाजलद्वारा आँखा राम्रो हुनुको साथै सूक्ष्मदर्शी हुन्छन्। आँखाको रंग चिल्लो–कालो हुन्छ। परेलाहरू पनि सुघन (टम्म मिलेका वाक्ला) तथा बान्कीपूर्ण देखिने हुन जान्छन् आदि[२७]। जेहोस् गाजल शृंगार साधनको साथै स्वास्थ्यदायी वस्तु भएको कुरा पनि यस प्रसंगबाट स्पष्ट हुन्छ, तर यसको निर्माणमा भने तदनुकूल पद्धति अपनाउनु र स्वास्थ्यदायी वस्तुहरूको उपयोग हुनु चाहिं अत्यावश्यक छ।

आयुर्वेदशास्त्रमा नेत्राञ्जनको मात्र हैन अन्य कतिपय अनुलेप वस्तु-

२६. पत्राकृति लेखा–पत्र लेखा–(कलिङ्गादिदेश प्रसिद्ध चलन) कस्तुरी, केसर आदि सुगन्धित तरल वस्तुद्वारा गला, स्तन च्यूंडो आदि स्थलमा माछा, चरा आदि आकार चित्र अंकित गरी लेखिनु: कुलचन्द्रको अमरकोष, मनुष्यवर्ग श्लो, –१२२।

२७. चरक संहिता, सूत्रस्थान ५, १५–१६।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

हरूको पनि महिमा बताइएको छ। अनुभव हुन्छ–बहुधा यो समय जीवनोपयोगिताको आधारले मानिसहरू कर्तव्याकर्तव्य सोची कार्यप्रवृत्त हुने गर्दथे। यसैले विलासी मनोवृत्तिका एकाध परिवार छाडेर यतिखेरको सामाजिक चेतना, वस्त्राभूषण र मनोरंजन प्रसंगमा यही प्रकारको अनुभव हुन्छ। कारण मानिस धैर्यशील र संयमी भए नै लोकोत्तरीय कल्याण छ। विद्या र वैभव (धनसम्पत्ति) उद्योग र कीर्ति आदि वस्तु असंयमी र चञ्चल व्यक्तिमा संभव छैन आदि कुरा युधिष्ठिरको मुखद्वारा स्वयं महाकवि भारविले व्यक्तयाएका छन्[२८], जसलाई तात्कालिक व्यवहार एवं जनचेतनाको अभिव्यक्ति रूपमा लिन सकिन्छ। शारीरिक प्रसाधन क्रममा महाकवि कालिदासले चाहिं लाक्षारस या आलवक्तकलाई उत्तम अलंकारको रूपमा चित्रित गरेका छन्, अनि प्रमुख प्रसाधनद्रव्य मानेका छन्, किन्तु भारविले भने विशेष प्रसाधन द्रव्यको रूपमा खास वस्तुको उल्लेख गरेका छैनन् तर गुण र अलंकारद्वारा नै मानिसको शारीरिक उत्कर्षता बढ्ने भन्ने कुरामा भने भारवि पनि सहमत छन्। प्राचीन आचार्यद्वारा समष्टिरूपले शारीरिक शोभा विधायक धर्मलाई "गुण" भनिएको छ–

> रूपं वर्णः प्रभा राग आभिजात्यं विलासिता
> लावण्यं लक्षणं छाया सौभाग्यं चेत्यमी गुणाः

यी दश प्रकारका गुणहरूको सन्दर्भमा – शरीरावयव टम्म मिली सामूहिक सौन्दर्यरेखा स्पष्ट देखिनु नै रूप हो, गोरो, कालो, पहेलो आदि रंगलाई वर्ण र सूर्य चन्द्र जस्तो उज्यालो कान्तिलाई चाहिं प्रभा भनिन्छ; अनुहारमा उज्यालो ल्याई ओठमा स्वाभाविक हंसिलोपन बढाउँदै अरूलाई आफू प्रति खिंच्ने आकर्षित गर्ने बानीलाई "राग" भनिएको छ। फूल जस्तै कोमल र सुन्दर गुण, जो महिलावर्गमा विशेष रूपले रहन्छ त्यसलाई "आभिजात्य" भनिन्छ। तरुन्याइंबाट स्वतः उब्जने कर्के हेराइ (कटाक्ष)आँखिभौं नचाई, हाँसो ठट्टा आदि विलासिता हुन्। पूर्णचन्द्र झैं रमाइलो दिने, पूरा तरुन्याइंले परिपुष्ट अङ्गावयवद्वारा झल्किने रूप नै "लावण्य" हो। भलाद्मी र सभ्य बानी वेहोरा आदि बाह्य शिष्टाचार हो "लक्षण" अनि जसबाट प्रासंगिक क्रिया ताम्बूलसेवन, वस्त्रपरिधान

२८. किरात, द्वितीय सर्ग।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

आदि व्यवहारमा मूलकर्तालाई प्रोत्साहन वा उत्कर्षताप्राप्त गराइन्छ, त्यस चीजलाई 'छाया' भनिन्छ। आफ्नो नम्रता, मधुरता र सहजता आदि गुणद्वारा अरूलाई आफू प्रति आकर्षित गर्नु नै सुभग हो, र यही धर्मवाला गुण हो 'सौभाग्य'। विशेष खुवी वा असल प्रारब्धद्वारा नै मानिसमा यी गुणहरू पाइन्छन् भनी मानिएको छ।

प्राकृतिक सौन्दर्य अर्थात् रूप, लावण्य आदि भए पनि सर्वप्रथम त्यसलाई सुरक्षित गर्न र प्राकृतिक प्रकोपवाट वच्न मानिसले वस्त्रको परिकल्पना गऱ्यो, पछि गएर यो नै सुन्दरता प्रदान गर्ने साधन (परिधेय अलंकारको रूपमा) पनि वन्न पुग्यो। फेरि रूप लावण्यलाई उत्कर्ष दिने साधनको रूपमा विभिन्न आभूषणहरू पनि वन्न थाले। संस्कृत भाषामा 'वास:' प्रयोग साधारणत: वस्त्र (कपडा)को अर्थमा भएको पाइन्छ।[२९] यहाँ भारविले 'वल्कवासांसि' भनी रुखका छाला (वोक्रा)द्वारा निर्मित वस्त्रको प्रसंगमा पनि 'वास:' शब्द उपयोग गरेका छन्।[३०] संस्कृत कवि राजानक रूय्यकले वस्त्रका चार प्रकारका भेदहरू वताएको पाइन्छ– (क) रूखको वोक्राद्वारा निर्मित (ख) कपासद्वारा निर्मित (ग) किराद्वारा निर्मित (घ) ऊनद्वारा निर्मित। यिनीहरूलाई संस्कृत भाषामा क्रमश: क्षौम, कार्पास, कौशेय, शंकव भनिएको छ। आचार्य कौटिल्यले पनि रूखको वोक्राद्वारा निर्मित वस्त्रको चर्चा गरेका छन्। वस्त्रहरूलाई परिधेयविधि (पैह्रने तरिका वा अवस्था) अनुसार तीन प्रकारमा विभक्त गरिएको पाइन्छ–

(क) निवन्धनीय– (वाँधेर वा कसेर लगाइने) पगरी, धोती-सारी आदि।

(ख) प्रक्षेप्य– (शरीरमा टम्म मिलाएर लगाइने। गंजी चोलो भोटो, दौरा सुरुवाल आदि।

(ग) आरोप्य–(ओढ्ने वा शरीरमा घुम्लुङ्ग राखिने) उत्तरीय दुकूलपछ्यौरा, मुजेत्रो इत्यादि।

संस्कृत साहित्यमा पाइने सामान्य परिधानको रूपमा पुरुषहरूको

---

२९. अमरकोष – मनुष्य वर्ग श्लो. ११५।

३०. किरात

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

लागि अधोवस्त्र (धोती) उत्तरीय आदि तथा महिलाहरूको लागि दुकूल (सारी) कंचुक (चोली) मेखला – कमरवन्ध (कन्धनी प्रकारको पेटी) आदिको वर्णन पाइन्छ। अनि युद्ध समयमा चाहिं पुरुषहरूको पहिरन आफ्नै रूपमा विशेष प्रकारको छ।[३१] यसरी सर्व प्रथम संरक्षण साधनको रूपमा परिकल्पित वस्त्र पछि एक प्रकारको अलंकारमा पनि प्राप्त हुन पुग्यो भने अझ अलंकारको मूलसाधन आभूषणको महिमा त विशेष भएको कुरा स्पष्ट बुझिन्छ। निश्चय नै आभूषण प्रति मानिसले पहिले देखि नै ध्यान आकर्षित गरी राम्रो बन्ने चेष्टा गरेको कुरा पुरातन ग्रन्थहरूवाट स्पष्ट हुन्छ। गहना (आभूषण)को प्रसंगमा वताइएको छ- (क) कपालमा लगाउने गहना (ख) शरीरमा लगाउने गहना (ग) शरीरमा पैह्रने गहना-कपडा आदि (घ) शरीरमा दल्ने–मालिस गर्ने, लेप आदि। यसरी विशेषत: नारी जातिका चार प्रकारका आभूषण वताइएको पाइन्छ।[३२]

निश्चय नै भारविकालीन समाजमा गरगहना लगाउने राम्रो प्रचलन थियो। यसताक स्त्री पुरुष दुवै वर्ग सकभर ठाँटिएर हिड्दथे, गहना पैह्रन्थे-लगाउँथे। सम्पन्न मानिसहरूले समय–परिस्थिति अनुसार मणि–मोती आदिका हारहरू पनि लगाउने गरेको कुरा थाहा हुन्छ। शरीरमा चन्दन आदि लेप लगाउनु, रथमा सवार हुनु, बहुमूल्य वस्त्राभूषण पैह्रनु आदि नै धनीमानी ठूलावडाको लवाइ वा चलन थियो।[३३] इत्यादि प्रसंगवाट पनि तत्कालीन जन जीवनको झाँकी प्रशस्त अनुमान गर्न सकिन्छ। यस समयका महिलाहरू आजभोलिको जस्तै सिंगार आदिमा विशेष दक्ष बुझिन्छन्। शृंगारको प्रसंगमा केश (कपाल)को विशेष महिमा थियो। आचार्य वराहमिहिरले पनि केशको महिमा वताएका छन्।[३४] कपाललाई कालो वनाइ राख्न (सेतो हुन नदिन) सुगन्धित गर्ने विविध क्रियाहरू अपनाइन्थ्यो। यस्तो काम प्राय: पौरवधूहरूले गर्दथे र ग्रामीण

३१. किरात १४–४८

३२. कचधार्यं देहधार्यं परिधेयं विलेपनम्, चतुर्धा भूषणं प्राहुः स्त्रीणामत्यर्थदेशिकम् (रसाकर)

३३. किरात – १–३४

३४. वृहत्संहिता ७७–१

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

नारीहरू चाहिं अलक बनाई कपालमा फूल स्यूरन्थे। यसरी प्रयासपूर्वक कालो भंवराजस्तो बनाइएको कपाल विशेष शोभापूर्ण र प्रशंसनीय हुन्थ्यो।[३५] कपाललाईमात्र हैन शरीर–कपडा आदिलाई समेत सुगन्धित पार्नु उच्चवर्गको महिमा थियो। आजभोलिको, अत्तर, कर्पूर, धूप आदिको प्रयोग जस्तै। निवासस्थललाई नै सुगन्धित बनाइराख्ने परम्परा प्राचीन भारतको एक वर्गमा लोकजीवनकार्य नै जस्तो भएको बुझिन्छ। देव-मन्दिरदेखि घरकोठा र कपडा, कपाल, माला आदि समेत सुगन्धित पार्न मानिसहरू मनपराउँथे। मानिसहरूको केशविन्यास आफ्नै पद्धति र परम्परा अनुसार अपनाइएको हुन्थ्यो। बौद्ध जैन आदि साधुका शिर मुण्डित हुन्थे भने हिन्दू धर्मावलम्बी साधुहरू लामो-लामो जटा र पीतवस्त्र शरीरले शोभित पाइन्थे। विलासी पुरुषहरूको कपाल आफ्नै किसिमले काँट छाँट गरी सुशोभित गराइन्थ्यो। आइमाई तथा पुरुष समेत सीप लगाई केशविन्यास गर्थे, कुञ्चित पार्दथे। यस्तै ओठमा लाली र अनुहारमा सुगन्धित वस्तु लगाई मुखाकृति आकर्षक बनाई प्रभावित पार्ने कुरा पनि स्मरणीय छ। वात्स्यायन कामसूत्रमा 'मौम' र 'आलक्तक' धारण गर्ने कुरा बताइएको छ। कतिपयको भनाइ छ– ओठ (आधा)लाई आलक्तक (रातो माहुर) द्वारा रगाइन्थ्यो आजभोलिको लिपस्टिक जस्तै। अत: यस समयका महिलावर्ग रिमिझिमी बनी ठाँटिने सहारा वा सिंगार-पटारका तौर तरिका थिए– शिरमा फूल, निधारमा टीका, आँखामा गाजल, ओठमा लाली, कानमा कुण्डल, घाँटीमा माला (पुष्पमाला वा हार आदि) छातीमा (स्तनको आसपास) कमल पराग आदिको उपयोग गर्नु। विशेषत: यस समयका महिलाहरू प्रस्तुत गर गहना (आभूषण)द्वारा नै स्थिति अनुसार धपक्क बन्दथे। फेरि अवस्था र परिस्थिति अनुसार गोडामा नूपुर (पाउजेब) तथा माहुर आदि पनि लगाउने चलन थियो।[३६]

लोक प्रचलित विशेष चलन

शास्त्रीय पद्धति अनुसार सम्पन्न हुने विवाहको चलन (स्मृतिमा बताइए अनुसार आठ प्रकार)मा यहाँ वैदिक तथा गान्धर्वको विशेष प्रभाव देखापर्छ। मान्य एवं सभ्य परिवारमा वैदिक विधि नै उल्लेखनीय

३५. किरात ४–१४

३६. किरात १०–३, ४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

थियो ।[३७] भरखर विवाह गरी भित्र्याइएकी नयाँ दुलही लज्जालु, विनीत र मितभाषी हुनु, घुम्टोले ढाकिई लज्जाशीलता प्रदर्शित गर्नु आदि सभ्य र सदरिया चलन थिए । शुभ समारोह मंगलोत्सवसाथ सम्पन्न गरिन्थ्यो । हर्ष बढाईको रूपमा माँगलिक बाजा बज्दथे ।[३८] समाजमा कताकति बहुविवाहको पनि चलन थियो ।[३९] यहाँ नारीका विभिन्न रूप देख्न सकिन्छन्– एकातिर राजनीतिज्ञा, राजमहिषी द्रौपदी उभिन्छिन् भने अर्को तिर कृषक महिला अनि परी (नगरवधू)हरूको स्वतन्त्ररूप पनि देख्न पाइन्छ । यसको अनुशीलनबाट ज्ञात हुन्छ– पौर नारी, राजमहिषी आदि सुपठिता र विदुषी पाइन्छन्, तर ग्राममहिला चाहिं अनलस कृषिकर्म-निरत र सुस्वस्थ तथा प्रकृतिप्रेमी छन् । त्यसै अन्तःपुरमा रमाएका परी-हरू चाहिं अधिक कलाप्रेमी तथा वासनाप्रेमी बुझिन्छन्, यहाँ लज्जाको मात्रा पनि कम अनुभव हुन्छ । साथै यिनीहरू कलाप्रेमी, सभ्य, सुशि-क्षिता पनि अनुभूत हुन्छन् । यस समय एक वर्गमा पर्दा प्रथाको चलन भएको पनि अनुमान हुन्छ ।[४०] पर्दा (घुम्टो) खासगरी यज्ञ, विवाह विपत्ति र वनगमन समय बाहेक अरू समय नहटाइने भएको कुरा अन्य प्रसंगबाट पनि बुझिन्छ ।[४१] यसरी भारविकालीन सामाजिकपरम्परा व्यव-स्थित थियो । समाज जथाभावी भाँडिएको, मर्यादाविहीन र उच्छृङ्खल थिएन । विनीत सभ्य र अध्ययनशील थियो । धर्म, स्मृति, नीति र दर्शन आदि शास्त्र विशेष प्रचलित थिए ।

यस समयको खानपान विषयमा–खाद्यान्न विभिन्न प्रकारका भए पनि धानखेतीमा शाली (मार्सी) धानको विशेष वर्णन छ । गाउंघरका महिलाहरू गाउंका छेउछाउका खेतहरूमा लहलहाएको धान कुर्न बसेका पनि पाइन्थे ः। यिनीहरूको स्थिति स्वस्थ, कृषिकर्मनिपुण, अनलस

३७. किरात ५–३३
३८. किरात ६–४
३९. किरात ८–१४
४०. किरात ९–२४
४१. स्वैरं हि पश्यन्तु कलत्रमेतद् वाष्पाकुलाक्षैर्वदनैर्भवन्तः
निर्दोषदृश्या हि भवन्ति नार्यो यज्ञे विवाहे व्यसने वने च (प्रतिभा १।२९)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

र स्वावलम्बनपूर्ण बुझिन्छ । घर गाउंमा गाईवस्तु पाल्ने पनि चलन थियो । भैंसीभन्दा पनि गाई पाल्ने चलन बढ्ता भएको बुझिन्छ । गौचरनमा ठू–ठूला कल्चौंडा भएका दूधालु गाईहरू रातभर नै आरामले चरी दिउंसो घर फर्कन बाटो लाग्दथे, बाच्छालाई दूध खवाउन औताएका, दूध पग्री कल्चौंडो चर्किएका यी गाईका समूह औताएर जथाभावी हिंडेका देखिन्थे[४२] । दही बनाउने क्रममा दूध जमाइन्थ्यो, घिउ झिकिन्थ्यो– ठेकी मधानी र मेती आदिको प्रयोगबाट प्राय: महिलाद्वारा मृदङ्ग प्रकारको घार–घुर आवाजमा दही मथिन्थ्यो ।[४३] सुगा, सारिका, मैना हाँस आदि पन्छी पाल्ने पनि चलन थियो । यी पन्छीहरू अन्त:पुर, राजदरवार, जनगृह आदिदेखि युद्धक्षेत्रसंम नै कुनै न कुनै रूपमा चर्चा भएका पाइन्छन् । यिनीहरू विनोदका साथी रहस्यबोधक दूत, भविष्यवक्ता वियोग सहारा, संयोगयाजक, युद्धको सन्देशवाहक आदिको रूपमा प्रतिष्ठित छन् ।

नृत्य गायन र वादन आदिको पनि प्रशस्त चलन थियो कृषक जीवन व्यस्त गोठाला खेताला आदि पनि नाचगान र हाँसखेल आदिवाट मनोरंजन लिन्थे । वनपात गरेका, धानकुर्न वसेका गाउँले दिदी वहिनीहरू तथा गोठाल्नी (गोपीजन) हरूको लोकगीतको सुरिलो गलाले अरू त के पशु-पन्छीको भोकलाई पनि विर्साइ दिन्थ्यो ।[४४] मनोविनोद प्रकारका लहड, मनोरंजन आदि पनि मानिसमा प्रचलित थिए । जुवा खेल्नु, नाचगान गर्नु, हंसीमजाकमा लाग्नु आदि मामुली कुरा मानिन्थे । यस समय ऋतुसम्बन्धी उत्सवहरू पनि प्रशस्त मनाइन्थे । खासगरी यी प्राचीन उत्सवहरू दुई प्रकारका थिए–

(क) वसन्तोत्सव– (वसन्त ऋतुमा आफ्नै प्रकारले मनाइने उत्सव)

(ख) कौमुदी महोत्सव– (शरद् ऋतुमा मनाइने उत्सव)

वसन्तोत्सव अन्तर्गत विभिन्न उत्सवहरू समावेश गरिएका पाइन्छन्– सुवसन्तक, मदनोत्सव आदि । अनि कौमुदी महोत्सव अन्तर्गत शरद् ऋतुमा

४२. किरात ३–१०, ३१
४३. किरात ४–१५, १६
४४. किरात ४–३३

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

मनाइने सारा उत्सवहरू आउँछन् । उद्यानयात्रा वा वनविहार चाँहि दुवै उत्सव अन्तर्गत आउन सक्ने रमाइला प्रसंग हुन् । सुरतोत्सव यस समयको एउटा रमाइलो आमोद हो– विहार हो । भारविले वनविहारमा आएका परीहरूको रमाइलो पुष्पचयन र हाँसखेल, ठट्टा आदिको प्रसंग प्रस्तुत गरेका छन्, अनि यिनै अप्सराहरूद्वारा सुरतोत्सव मनाउना निम्ति पूर्वाधार तयार गरिएको कुरा पनि यहाँ वताएको पाइन्छ ।[४५] यस समय विशेष गरी शहर वजारमा वेश्या, रण्डी आदिको पनि सामान्य चलन थियो । कामुक खालका मानिसहरू दूती (कुटुनी)द्वारा वेश्या फकाई सम्पर्क स्थापित गर्दथे, मज्जा लिन्थे, वासनात्मक भोक मेटाउँथे । मदिरा ब्राह्मणभन्दा तलका जातिहरूका निम्ति सामान्य पेय थियो । अतः यो सामान्य वर्गको समारोह अवसर–विशेषमा ब्राह्मण बाहेक सबैको निति साधारणपेय संझिन्थ्यो । वेश्याहरू पनि मदिरा पिउँथे,लठ्ठिन्थे, नाचगान, हास-परिहास र भोगविलास आदि-द्वारा ठूलावडा धनीमानीलाई मनोरंजन गराउँथे ।[४६] वाद्यको रूपमा डमरू, वीणा, मृदङ्ग आदि उपयोग गरिन्थे ।

निःस्पृह तपस्वीहरू पनि प्रशस्त थिए । तपस्वी मुनिजनहरू प्रायः घर-गृहस्थ त्यागी एकान्तप्रिय र सादा जीवनमा रमाउँथे । निःस्पृह मुनि-हरूको सिद्धिमार्ग नै शान्ति र संयम संझिन्थ्यो ।[४७] यिनीहरू मृगचर्म र रूखको बोक्रा लगाउँथे । निर्जनसेवी वनी चिन्तनमा मगन हुन्थे ।[४८] माग्ने काम सबैको लागि घृणित थियो, तुच्छ संझिन्थ्यो ।[४९] कसैको पनि उपकार प्रति आभार बन्नु, गुन संझिनु र प्रत्युपकार निति लालायित बन्नु आदि मानिसहरूमा विशेषता थियो । गुनिला (कृतज्ञ)हरूद्वारा आफूलाई सधैं राम्रो बाटोमा लगाउने मित्र क्षणिक प्रकारका अन्य सम्पत्तिहरूभन्दा धेर असल हुन्छन् भन्ने संझिन्थ्यो अर्थात् ''सम्पत्ति भनेको खाक–मित्र भनेको लाख'' भन्ने आह्वान चरितार्थ थियो ।[५०]

४५. किरात ८–३४
४६. किरात १०–१८
४७. किरात १–४२
४८. किरात ११–१५
४९. किरात १३–४८
५०. किरात १३–५२

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

यसरी महाकवि भारविद्वारा तात्कालिक समाजको चित्रण काव्य-वर्णनको प्रासंगिकता अनुसार मीठो रूपमा प्रस्तुत गरिएको छ। निश्चय नै यहाँ महाकवि भारविले समाज व्याप्त लोकविधानलाई मिठो मौलिकता दिई प्रस्तुत गरेका छन्। यहाँ कविकल्पना वर्तमानको धरातलमा अडिएर अतीत र आगतको काल्पनिक चित्र उतार्न सफल भएको छ। यसैले काव्य-निपुणता निति पूर्वीय समीक्षकद्वारा लोकअवक्षणलाई पनि स्थान दिइएको पाइन्छ।[५१] यी लोकचित्रणका वस्तु तथ्यलाई सोच्ता हामी महाकवि भारविकालीन लोकसंस्कृति र जनजीवनको यथार्थता बुझ्न सजिलै सक्तछौं। यहाँ काव्यशास्त्रीहरूका सिद्धान्त ग्रन्थहरू अनुसार कतिपय कुराहरू तत्काल प्रचलनमा नभए तापनि पौराणिक ग्रन्थहरूको आधारमा बुट्टा भरी लेखिएका छन्। यस्ता कुराहरू केवल ग्रन्थलाई काव्यस्वरूप दिई लेखिएका हुन् र हुन् कवित्व परिचायकमात्र। अतः यिनीहरूमा काल्पनिक कवित्वको प्रभावमात्र रहेको कुरा स्मरणीय छ।

यहाँको लोकचित्रणलाई हामीले केवल आवश्यकता र दिग्दर्शनको विचारबाट मोटामोटीमात्र लिएका हौं। यहाँ हाम्रो उद्देश्य दुवै भारविका रचनालाई ग्रहण गरी तिनीहरूको तुलनात्मक प्रस्तुतिद्वारा तात्कालिक लोकचित्रणको सामान्य दिग्दर्शन गराउने मात्र रहेको छ। निश्चय नै यसरी तत्कालीन समाजलाई काव्यगत आधार, रचनागत लोकचित्रण वस्तुस्थिति आदिको साथै कवित्वशिल्प समेतबाट हेर्दा दुवैमा ठूलो भिन्नता देख्न सक्तछौं। दुवैका रचनालाई मनन गरी त्यसका शिल्पगत र सिर्जनगत आधारबाट हेर्दा समाजको चित्रण र अवस्थितिमा नै ठूलो अन्तर छ। साथै लिच्छविकालीन कवि भारवि 'किरातार्जुनीयम्' जस्तो महाकाव्यको रचयिता भए उनका अभिलेखको प्रकृति नै कवित्वपूर्ण पाइने थियो, स्वरूप नै विशेष प्रौढ र गहुंगो मिठासले भरिएको गौरवमय हुने थियो—यो कुरा पनि निर्विवाद छ।

□

---

५१. काव्यप्रकाश १–३

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

काव्य कलाको सैद्धान्तिक सन्दर्भमा कविभारवि

साहित्यिक प्रसंगमा लिच्छविकवि भारवि

संस्कृत साहित्य, नेपाली संस्कृत प्रतिभा र यसको छलफल प्रसंगमा नेपालको लिच्छविकाल निकै उर्वर देखापर्छ। यहाँनेर संस्कृत साहित्यको क्षेत्रमा देखापरेका लिच्छविकवि भारवि र महाकवि भारविको नाउं नेपालको संस्कृत जगत्मा चर्चा विषय बनेको हामी पाउंछौं। दुवै साहित्यिकहरूले आ-आफ्नो रूपले धेरथोर सिर्जन गरिरहेछन्। संभवतः लिच्छविकवि भारविका प्राप्त दुई अभिलेख अतिरिक्त अन्य रचनाहरू पनि थिए कि? यो पनि अनुसन्धान र अध्ययनको विषय छ। लिच्छवि कवि भारविका यी दुई अभिलेख सामान्य स्तरका देखापर्छन् र प्रयोजन चाहिं आ-आफ्नै प्रकारको विषयवस्तुनिष्ठ छ। यसैले यी अभिलेखको आधारमा साहित्यिक चर्चा वा प्रसंग केलाउनु त्यति अनुकूल देखापर्दैन, तर पनि उनको आन्तरिक मनोभाव र लोकचित्रणको आधारमा भन्ने हो भने उनको धारणा कुनै पनि काम आफ्नो स्थायी सुयश (कीर्ति) को निति नै हुनु सर्वोत्तम हो भन्ने देखा पर्छ। अतः लिच्छवि कवि भारवि साहित्यिक रचनालाई पनि लोकजीवन अनुकूल हुनुको साथै कीर्तिदायी हुनु आवश्यक छ भनी ठान्ने व्यक्तित्व थिए होलान् भन्ने धारणा यो अभिलेखबाट बुझिन्छ।

जे होस्, सिर्जनकला ज्यादै ठूलो कुरा हो, यसैले हाम्रा पूर्वाचार्य-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

हरूले स्रष्टा (कवि) लाई ब्रह्मा (स्वयंभू) पद प्रदान गरेको देखापर्छ[१]। यसपछि आएर पनि कविवाणीको महिमा धेरै प्रतिभाबाट गाइएको छ। भनिन्छ–कविवाणी अन्तश्चेतनबाट फुरेको स्वतन्त्र, निश्छल र कलात्मक प्रवाह हो। यो कुनै पनि नीति नियमको बन्धनमा छैन, उन्मुक्त छ र स्वतन्त्र छ। फेरि यसका निश्चित विषयहरू पनि हुन सक्तैनन् र निर्दिष्ट लक्षणभित्र सीमित हुन पनि सक्तैन भन्दै, कवि–वाणीको महिमा गाउंदै संस्कृत काव्यशास्त्री मम्मट उल्लेख गर्छन्–

'नियतिकृत नियम नभएको
अर्थात् आफ्नै कल्पना जगत्मा रम्ने,
मोजमज्जा नै एकमात्र लक्ष्य लिएको,
प्रतिभा बाहेक अरू कसैको पनि अधीनता नमान्ने,
मिठासपूर्ण नवरसले गर्दा लोभलाग्दो
यस्तो कविको काव्यवाणी सबैभन्दा ठूलो छ'[२]

(ख) काव्यकला र महाकवि भारवि

कविता के हो ? यस विषयमा उहिलेदेखि नै विभिन्न वाद विवाद वा छलफल भैरहेछन्। आफ्नो तर्क र विवेक, विचार र भावना अनुसार यस विषयको स्वरूप प्रस्तुत गर्ने प्रयास पनि हुँदै आएको पाइन्छ। तर यस सम्बन्धमा खास (निर्विवादमय) निर्णय भने हुन सकेको छैन। यहाँ कुनैका परिभाषा चुड्किला र अपूरा छन् त कुनैका लामा गन्थन भरिएका विश्लेषणमय छन्। कुनै पनि विद्वान्को परिभाषा अव्याप्ति अतिव्याप्ति दोषविहीन निर्णयात्मक (ठोकुवा) हुन सकेको छैन। वास्तवमा कविता-को परिभाषा र सिद्धान्त निर्धारण गर्नुभन्दा कविताका क्षेत्रको अध्ययन-तिर लाग्नु सजिलो छ। यही कुरा महसूस गरेर नै श्रीहर्ष, जगन्नाथ आदि पूर्वीय र अरस्तू, हडसन आदि पाश्चात्य गरी प्रायः सबै नै जस्तो विद्वान्हरू

१. कविर्मनीषी परिभूः स्वयंभूः यथातथ्यतोर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्य –शुक्ल यजुर्वेद, अ. ४०

२. नियतिकृतनियमरहिताह्लादैकमयीमनन्यपरतन्त्राम्
नवरस रुचिरां निर्मितिमादधाति भारती कवेर्जयति–
–काव्यप्रकाश १।१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

त्यतै लागेको पाइन्छ। सामान्यत: कवितालाई ध्वन्यात्मक (वाक् वा वाणी) को रूपमा लिइएको छ। समसामयिक स्थितिको अध्ययन गरेर प्रकृतिद्वारा प्रेरित भै भावुक हृदयबाट नै कविताले स्वरूप लिन थाल्दछ। यसैले कविता यो र यही नै हो भनेर ठोकुवा रूपले शब्दद्वारा वाच्य बनाउन ज्यादै कठिन छ। यसमा कुनैको पनि हृदयबाट स्वत: निस्कने 'अहो! छि! कठै!!' आदि जस्ता मनोभावना बुझाउने मार्मिक भावना-हरूलाई हृदयंगम गरी अनुभूत कुनै पनि जगत्लाई लिएर भावोद्रेक बन्दै जब मान्छे एकान्तमा बसेर कल्पनाको अमूर्त भावनालाई मूर्तरूप दिन थाल्दछ, अनि स्वत: साहित्यले स्वरूप लिन्छ कविता वा काव्य बन्न पुग्दछ।

मानव कल्पनाको धरातल नै काव्य वा साहित्यको धरातल हो। 'जहाँ पुग्दैनन् रवि उहाँ पुग्छन् कवि'[३] भन्ने उखानले कवि कल्पनाको गतिलाई प्रकट गरिरहेछ। निश्चय नै विज्ञानको जो असीम बुद्धि हो, दर्शनको जो तार्किक दृष्टि हो, अनि धर्मको जो नैतिक चेत हो– एक प्रकारले तत्सदृश नै हो 'कवि कल्पना'। यही कल्पनाको स्वाभाविक उडानले गरी मानवमा 'हो क्यारे?' पार्न सक्नु नै कविको कलात्मक कौशल वा खूबी हो। यही कल्पनाको बलद्वारा नै महाकाव्यहरू निश्चित हुन पुगे, महान् पात्र पात्राहरू सिर्जित भए र मानव हृदयमा अमिट छाप लगाउन, मानसिक परिवर्तन गर्न सफल भएं कवि कलाकारहरू। साँच्ची नै कविहरूले आफ्नो कलात्मक सीप र कल्पनाद्वारा एकछिनमै मानव-मनलाई हाँसो र आँशुमा मुछ्न सफल भैरहेछन्। यहाँ मानवमनलाई खिँच्न कविले छन्द, लय, माधुर्य आदिलाई कलात्मक वस्तुहरूको सहारा लिएको हुन्छ। जसले गर्दा कवितामा आकर्षकता जन्मिन्छ र रचना मुग्ध पार्न सफल हुन्छ, जसलाई मानिसहरू 'कविता' को नाउँले पुकार्छन्।

'कविता' कला हो। यहाँ कविद्वारा सांसारिक वस्तुहरूलाई मनो-हर तथा सौन्दर्यमय सूक्ष्म दृष्टिले निहारिएको हुन्छ। कविको महत्त्व विषयगत महत्ता– वैचारिक गहनता र नैतिक शक्ति तथा प्रभावोत्पादकता माथि निर्भर हुन्छ। अत: कवितालाई मानसिक दुर्विकार पन्छाई सत्चेतना जागृत गर्दै जीवनलाई शक्ति सम्पन्नता तर्फ उन्मुख गराउने साधनको रूपमा

३. 'जहाँ न पहुंचे रवि वहाँ पहुँचे कवि' को नेपाली रूपान्तर।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

लिइएको छ । यसको स्वरूप निर्धारणको सम्बन्धमा विभिन्न कथन छन् । भारतीय काव्य विवेचनको प्रसंगमा कविता र कलाको अधिकांश विश्लेषण रसको आधारलाई लिएर गरिएको छ । पश्चिमी विद्वान् अरस्तूले प्रकृतिको अनुकरणलाई नै कविता भनी मानेका छन् । अनि कतिपय समीक्षकहरूले चाहिं संगीतलाई कविताको अंगको रूपमा स्वीकारेका छन् । जेहोस् कविता जीवन आलोकमा सन्दीपित लोभलाग्दो हार्दिक प्रकाश हो, जसको आलोकमा जीवनले संसार बुझ्दछ र सत्कर्म प्रति उन्मुख बन्न पुग्दछ ।

संस्कृत साहित्यको क्षेत्रमा विभिन्न काव्यशास्त्री तथा महाकविहरूले कविता तथा लेखनशैलीको सम्बन्धमा आ–आफ्नो राय प्रस्तुत गरेका छन् । यी भनाइहरू आफ्नै प्रकारले गौरवमय र सार्थक देखिन्छन् ता पनि सर्वमान्यको रूपमा चाहिं छैनन् । गद्य कवि दण्डीको भनाइ छ–

> 'गद्य लेखाइ रमाइलो र दिल चोर्ने बनाउन चट्ट मिलेको समास, पदहरूमा लालित्यमय लयात्मकता आदि हुनु अत्यावश्यक छ'

त्यस्तै–

> 'आलंकारिक चमत्कारले छपक्क भएको र प्रशस्त श्लेष भरिएको गद्यशैली नै ओजनदार हो, गौरवमय हो'

–यो भनाइ हो 'वासवदत्ता' महाकाव्यका रचयिता सुबन्धुको । फेरि प्रसिद्ध गद्य काव्यकार वाणभट्टको रायमा–

> 'नयाँ र नौलो मौलिक कल्पना,
> रसिलो र भलाद्मी खालको सुहाउँदो भनाइ,
> मीठो खुलस्त हुन सक्ने सजिलो श्लेष,
> बिझ्ने र बुझ्न सकिने साहित्यिक रसमय लोभलाग्दो अभिव्यक्ति,
> अनि कसिएको दृढ र भावपूर्ण पदावली'

आदि आदि नै गद्य शैलीका ज्यान हुन् भन्ने छ ।

जसरी गद्य रचनाको सम्बन्धमा यी महाकविहरूले आफ्नो लेखन शैली सम्बन्धी ठहर प्रस्तुत गरेका छन्, त्यस्तै महाकवि भारविले पनि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

अप्रत्यक्षतः आफ्नो महाकाव्य 'किरातार्जुनीयम्' मा कविता र लेखनशैली बारे आफ्नो राय उल्लेख गरेका छन् । उनी वाणी (सरस्वती) नै कविता हो भन्ने पक्षमा छन्, अनि विनापुण्य कविताशक्ति मिल्दैन, कविताशक्ति त सत्कर्म गरेका फलको उपलब्धि (फलिफाप) हो भन्दै हार्दिक भावना पोख्तछिन्–

'विविक्तवर्णाभरणा सुखश्रुतिः प्रसादयन्ती हृदयान्यपि द्विषाम्
प्रवर्तते नाकृतपुण्यकर्मणां प्रसन्न– गम्भीरपदा सरस्वती'

अर्थ गौरवमय प्रस्तुत कवितामा सरस्वती (वाणी) र सुन्दरी दुई विषयलाई अंगाली द्व्यर्थक (दुई अर्थ भएको) पारिएको छ । यसैले विद्वान्हरूबाट कविता– कामिनीलाई लिई निम्न प्रकार दुई अर्थ गरिएको देखिन्छ । सर्वप्रथम कविता प्रसंगमा–

'शब्द– अक्षरहरू जोडिएको भए पनि स्पष्ट उच्चारण,
लोभलाग्दो मीठो भाषा– जसलाई विरोधीहरू पनि प्रशंसा गर्न पुगून्,
खंदिलो (भावमय) अर्थ बुझाउने सुब्तिङन्तरूप लचकदार पदहरू,
यस्तो दिल चोर्ने लोभलाग्दो कविता अभागीलाई प्राप्त हुन सक्तैन'

त्यस्तै कामिनी (स्वास्नीमान्छे) को प्रसंगमा

'राम्री हुनाले नै गहनाको मतलब नभएकी,
मीठो बोलीले शत्रुहरूलाई पनि मख्ख पार्ने,
रजहाँसको जस्तो लचकदार ढल्काइ भएकी,
मयालु, लोभलाग्दी सुन्दरी भाग्यमानीलाई मात्र मिल्छिन्'

यस प्रकार 'प्रवर्तते नाकृतपुण्यकर्मणाम्' अर्थात् लोभलाग्दो कवित्वप्राप्ति अभागीलाई संभव छैन भनी सौभाग्यशालीमा नै सरस्वती वरदान छुट्याउने, लापरवाही र सत्कर्महीन व्यक्तिमा कविप्रतिभा नदेख्ने महाकवि भारवि वाणीरूपी सरस्वतीलाई महिमाशाली, निष्कलङ्क भनी अभिव्यक्ति दिन्छन् । यिनको विचारमा वाणीरूपी सरस्वती सदा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सहज, निर्मल र हृद्या छिन् । मानवीय कुटिलता र प्रतिभा हीनताका स्थितिले गरी वाणीलाई कृत्रिम र कुसंस्कृत अवस्थामा पुऱ्याइएको हो भन्ने विचार भारविको बुझिन्छ । यसरी यहाँ एकातिर वाणी महिमा गाइएको अनुभव हुन्छ भने अर्कोतिर कवि प्रतिभा स्वयं वाणीको उदाहरण बनी प्रतिविम्वित छ । यही नै कविको वैशिष्ट्य हो, पाण्डित्यपूर्ण प्रतिभाको सौन्दर्य प्रकाशन हो यस अभिव्यक्तिलाई यहाँ युधिष्ठिरको मुख-द्वारा अझ दृढ र स्पष्ट रूपमा प्रकट गरिएको छ:

अपवर्जित विप्लवे शुचौ हृदयग्राहिणि मङ्गलास्पदे,
विमला तव विस्तरे गिरां मतिरादर्श इवाभिदृश्यते ।२।२६

(भनाइका आधारमा कुनै बाधा नभएको शब्द, बुद्धि- सम्पन्न ठीक प्रकारको हृदयग्राही र मङ्गलदायी प्रतिभावान्हरूको बोली प्रवाहमा रमाइलोपन पाइन्छ । हो, यहाँ ऐनामा झैं तिम्रो वाक्प्रपंचमा पनि तिम्रो निर्मल बुद्धि देखा परिरहेछ)

महाकवि भारविको भनाई अनुसार कवित्व मानवहृदयलाई सहज खिँच्न सक्ने, मान्छेको दिललाई आनन्द दिई सुखी तुल्याउने एउटा महत्त्व-मय साधन विशेष हो । यसैले भारविको विचारमा- कविताको सफलता पाठकहरूको मनमस्तिष्कलाई खिँची साँचो, गहिरो र मीठो अर्थ दिदै रेखात्मकताद्वारा आनन्द प्रसार गराउन सक्नुमा छ भन्ने बुझिन्छ । अत: उनले आफ्नो महाकाव्यलाई फजुल गन्थन र फोस्रो गफमा नरंगाई आफ्नैपन र पारा (ढंग) मा मौलिक किसिमले व्यवस्थित तुल्याएका छन् । उनको काव्यगत आदर्श छ-

"पदहरूमा स्पष्टता हुनु,
पदहरूले वेग्ला-वेग्लै खंदिलो (भावमय) अर्थ बुझाउनु,
वाक्यहरू सुहाउँदो अर्थले भरिभराउ हुनु,
अनि ठीक-ठीक गहिरो अर्थ बुझाउने खूबी भएका पदहरू पाउनु;
(किरात २; २७)

यसरी कवि भारविको दृष्टिकोण अनुसार कविताको प्रसंगमा लेखन खोज्दा बुझिन्छ- कानलाई बिझाउने ठर्रा शब्दहरू, समास र श्लेपले

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

जकडिएका मन मस्तिष्क पिरोल्ने पदहरू, अप्रचलित व्याकरण सम्बन्धी जाल र शब्दाडम्बररूप ठस्सा उनी चाहँदैनन् । आफ्नो अठोटलाई प्रष्ट्याउँदै निचोडमा उनी भन्छन्– कविता सहृदयी मान्छेको दिललाई तान्ने आकर्षक वस्तु हो, जस्तो धपक्क बलेकी लोभलाग्दी बैंसालु पातलीले तन्नेरी दिललाई खिँच्तछे आदि ।[४] यहाँनेर सत्रौं शताब्दीका आलोचक रसगंगाधरका रचयिता कवि जगन्नाथ भारविको समीपवर्ती हुन पुगेका छन् । पढ्दा उनी भारविको उक्त भनाइलाई नै खुलस्त गर्न पुगेका हुन् कि भन्ने संज्ञन पुगिन्छ । पण्डितराज जगन्नाथको भनाइ छ– "जुन बैंसालु आइमाईले लोग्ने छोराको जमातमा पाइलो राख्नासाथ मन लोभ्याउँदिन, अनि जुन कविले शब्दचयन गरी कविता बनाउनासाथ पढैयाहरूको मनलाई तान्दैन त्यस्ता कविता र तरुनी भएर के पो लछार्पाटो लाउँछन् र त्यस्ताको केही मतलब (काम) छैन ।[५] जेहोस्, महाकवि भारवि दुनियाँको चाहनालाई ध्यानमा राख्ने र खंदिलो अर्थ (भाव) दिने काव्य (साहित्य) नै उच्च हो, उत्तम हो भन्ने पक्षमा छन् तर यहाँनेर उनी यो व्यावहारिक तथ्य बताउन पनि भुल्दैनन्– "संसार विशाल र असीम छ– यहाँ सबैभन्दा पहिलो कुरा जानिफकार मान्छे पाउनु गाह्रो छ, अनि जानेको कुरालाई बाहिर मानिसहरूको नजिक प्रस्तुत गर्ने (स्पष्ट बोल्न सक्ने) मान्छे पाउनु दोश्रो तहमा कठिन छ, तेश्रोरूपमा जनसमक्ष हृदयको कुरा प्रस्तुत गरेर पनि दिल छुने रूपले भित्री भाव (हृदयमा लागेको कुरा) बुझाउन सक्ने व्यक्ति त छँदै छैन भने पनि हुन्छ । त्यस्तो जो छ वास्तवमा त्यही महान् प्रतिभा नै कवि हो, स्रष्टा हो" – उनको भनाइछ:

> "भवन्ति ते सभ्यतमा विपश्चितां मनोगतं वाचि निवेशयन्ति ये
> नयन्ति तेष्वप्युपपन्ननैपुणा गभीरमर्थं कतिचित्प्रकाशताम्"
> (किरात १४।४)

विद्वान् जानिफकारहरू मध्येमा वस्तुत: तिनीहरू नै सभ्य (परिष्कृत)

---

४. किरात

५. किं वा कवितया राजन् ? किं वा वनितया तया,
पदविन्यासमात्रेण मनो नापहृतं यया

(रसगंगाधर)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मानिन्छन्, जो आफ्नो मनको भाव उपयुक्त भाषा र शैलीमा खुलस्त गर्न सक्छन् । फेरि तिनीहरू मध्ये पनि लगनशीलता र अध्ययनद्वारा खप्पीस भैसकेका कुनै कुनै व्यक्तिहरूले मात्रै अव्यक्त रूपमा हृदयभित्र रहेको गहिरो अर्थलाई स्पष्टरूपमा झल्काई प्रभावित पार्न सक्तछन् ।

यस प्रकार महाकवि भारविले अप्रत्यक्षत: आफ्नो समयका आभ्यासिक काव्यकारहरूलाई पनि काव्यकलाको गरिमा तर्फ संकेत गरिरहेको बुझिन्छ । संभवत: यस समयमा साहित्यिकहरूमा अनुकरण गर्ने प्रवृत्तिको साथै गहिरो अर्थ र भावना तर्फ उन्मुख नभै अभ्यासार्थ पद्यरचना गर्ने बानी बढ्दै गैरहेको थियो कि ? मानिसहरूमा ज्यादै प्रसिद्ध विषयवस्तुलाई बढाइ–चढाइ गरी कविता कथ्न खोज्ने र जनसाधारण समेत कवि बन्न अभ्यास गर्ने प्रवृत्ति देखापर्नु आदिले गर्दा काव्यशास्त्रीहरूले साहित्यिकहरूको आधारशिलाको रूपमा 'कविसमय' को व्यवस्था गरे[६], जस अनुसार काव्य रचनामा प्राय: एकै प्रकारको उपमा' उदाहरण वा दृष्टान्त परम्पराको आधार देखा पर्न थाल्यो । आकाश र पापको बयानमा कालो, कीर्ति र हाँसोको बयानमा सेतो, रिस र अनुराग रातो, चखेवा राती आफ्नी प्रियतमासंग वियोग हुनु र मानवीय दु:खलाई संधै संझना गराउने हुनु; चातकले खाली मेघको पानी पिउनु, अशोक तरुनीको लात्तीले फुल्नु, हाँसले दूधपानी छुट्याउनु नदी तथा तलाउमा सदा कमल ढकमक्क फुल्नु, रजहाँस जलाशयमा ढल्केको देखापर्नु, पर्वतहरूमा सुन र रत्न पाइनु आदि जस्ता कुराहरू एकै प्रकारले काव्यहरूमा समावेश हुन थाले । फेरि कविसमयको सैद्धान्तिक आधार पनि आ–आफ्नो समय र देश (स्थान) अनुसार व्यवस्थित देखा पर्न थाल्यो । फलत: तिनीहरूमा विभिन्नताको साथै आ–आफ्नै प्रकारका सूची तयार भएर देखा परे । फेरि यहां कतिपय कुराहरूलाई काव्य विरुद्ध मानी निषेध पनि गरिएको पाइन्छ । जस्तो मालतीलाई वसन्तमा फुल्ने अधिकार दिइएको छैन र चन्दनबृक्ष (श्रीखण्ड आदि) लाई फलफूलद्वारा झपक्क हुने सौभाग्य सुम्पिएको छैन फेरि अशोकमा फल नलाग्ने भनी बताइएको छ आदि ।

यद्यपि विविधरूपमा कविसमयको व्यावहारिक प्रचलन भारवि

६. विश्वनाथ, साहित्यदर्पण ७।२३–२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

पश्चात् अधिक भएको देखापर्छ, तर पनि यसको आधार रूप भने भारवि-समयमा पनि थियो। उनले यही अनुसार नै यथास्थान आफ्नो महाकाव्यमा उपयोग गरेका छन्। लिच्छवि कवि भारविको विषयमा भने यस प्रसंगमा केही थाहा छैन। जे होस् कविसमयका व्याख्याताहरूमा राजशेखर (९ औं शदी)[७] विश्वनाथ (१४ औं शदी)[८] आदि काव्यशास्त्रीहरू विशेष प्रसिद्ध छन्। राजशेखरले त अझ साहित्यिक परम्परामा सुषुप्तरूपले रहेको कवि-समय प्रसिद्धिलाई यहाँ हामीद्वारा उद्‌बोध वा प्रकाशमा ल्याइएको हो-भनी सर्वप्रथम कविसमय निर्धारण वा विवेचनाको ख्याति लिन खोजेको बुझिन्छ[९]।

(ग) कविता वा सिर्जना

महाकवि भारविको काव्यगत अनुशीलनबाट स्पष्ट हुन्छ, यहाँ उनी कविता वा सिर्जन के हो? भन्ने प्रस्तुतिलाई अव्यक्त राख्तै त्यो कस्तो हुनु उपयुक्त छ भन्ने वास्तविकताको अभिव्यक्ति तर्फ उन्मुख छन्। यहाँनेर कविता के हो? कसरी हुन्छ र कस्तो हुन्छ? भन्ने सिलसिलालाई लिई लेखिएको अभिव्यक्ति उल्लेखनीय छ। 'कविता तत्व' शीर्षकमा नेपाली साहित्यका कवि श्रीमाधव प्रसाद घिमिरे लेख्नु हुन्छ–

> "परिशेषमा कविता के हो? कविता हुन्छ, तर त्यसको परिभाषा गर्न सकिंदैन, कविता बुझिन्छ, तर त्यसको व्याख्या गर्न सकिंदैन। कुमारीको मनमा जुन प्रथम प्रीति हुन्छ त्यो के हो? स्वयं कुमारी नै भन्न सक्तिन, आफ्ना रूप, लावण्य, संकल्प, संगीत, मुस्कानमधुरता, आत्मा र अभिप्रायमा त्यो व्याप्त हुन्छ। फूलका बात, रंग र रूपबाट प्रभामण्डल प्रकट हुन्छ, निर्मल आकाश र मधुर घाममा त्यो अझ सुन्दर लाग्छ।... कविता पनि आफ्ना शब्द, छन्द, विषय र उद्देश्य-बाट प्रकट हुन्छ–त्यसैमा व्याप्त हुन्छ, यसैमा हराउंछ, तै पनि ती

७. काव्यमीमांसा (१४, १५ र १६ अध्याय)।
८. साहित्यदर्पण, सप्तम परिच्छेद।
९. सो यं कवीनां समयः काव्ये सुप्त इव स्थितः
स साम्प्रतमिहास्माभिर्यथाबुद्धिविबोधितः

—काव्यमीमांसा, (अध्याय १६)

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

सबभन्दा माथिको तत्त्व हो। त्यो के हो ? अनुभव हुन्छ भन्न सकिदैन। शब्द र संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ–त्यही नै कविता हो"[१०]

कुनै पनि काव्य या साहित्यको प्रथम मूर्तरूप नै भाषा हो। त्यसैले काव्यमा उपयुक्त अलंकृत भाषाको प्रयोग सबैभन्दा महत्त्वपूर्ण छ, तर समस्यामय पनि छ, किनभने यस्तो कला सफल लेखक विना हुन सक्नु गाह्रो हो भनी बताइन्छ। यद्यपि भाषा सम्बन्धी अध्ययन भाषाविज्ञानद्वारा हुन्छ, तर पनि यसले भाषाको मन्जुलता मिठास र सौन्दर्यवादी प्रयोग आदि पक्ष तर्फ कुनै चासो राखेको देखिदैन। भाषाको उद्भव र प्रकृति आदि तर्फको मनोवैज्ञानिक अध्ययन नै यसले गरेको बुझिन्छ। जे होस्, जब भावुक हृदय कवित्वपूर्ण ढंगले भाषाको नजीक पुग्दछ, तब भाषा नै एक किसिमले कवित्वमय वाणीमा परिणत हुन पुगेको हुन्छ। यसैले पूर्वीय विद्वान्हरूले भाषालाई नै काव्यको शरीर मानेर यसलाई ज्यादै राम्रो र मायालु बनाउने उद्देश्यले भाषाप्रति विवेचन प्रस्तुत गरेका छन्। निश्चय नै कविताको भाषा शास्त्रीय भाषा भन्दा अलग मानिएको छ, किनभने शास्त्रीयभाषा बौद्धिकपूर्ण तार्किक मगजको उपज हो र कविताको भाषा लालित्यपूर्ण मनको प्रवाह हो, जो काव्यमय बनेर बगेको हुन्छ। यसैले शास्त्रीय लेखनमा बुद्धिको कसरत परेको हुन्छ र कविता (साहित्य) मा हृदयको छाया छल्छलाएको पाइन्छ। यसैले होला भनिएको छ–'कविता कविको हृदयको पातलो छायामात्र हो[११]। त्यस्तै सफल कविको सहज पदविन्यास र रचना चातुरी प्रसंगमा उल्लेख भएको छ–

"सफल साहित्यकारले ठीक ठाउँमा प्रयोग गरेका शब्द र वाक्यहरू जुनेली रातमा टल्कने पात जस्तै निर्मल पानीमा तैरने माछा जस्तै भावमा बगिरहेका हुन्छन्"[१२]

---

१०. कविता, वर्ष २ अंक ३ (वि. सं. २०२३)।
११. म. वी. वि. शाह, उसैको लागि।
१२. माधव घिमिरे, आफ्नो बाँसुरी आफ्नै गीत, साझा प्रकाशन, काठमाडौं (वि. सं. २०३० प्र. सं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

यसरी परम्परागतरूपले नै सर्वसम्मत हुंदै आएको कविताको दुष्करपूर्ण पारिभाषिक विवेचन ठोकुवा रूपमा परिगणित गर्नु असंभव नै छ। अनि शव्दहरूको उचित प्रयोगको महिमा पनि व्यापक रूपले वखानिएको पाइन्छ। शव्दगत औचित्यपूर्ण प्रयोगलाई काव्यशास्त्रीहरूले 'औचित्यवाद' को संज्ञा दिएका छन्, जसको प्रमुख आचार्य हुन् क्षेमेन्द्र (११ रौं शताव्दी)। जे होस्, ठीक ठाउंमा ठीक शव्द प्रयोग गर्न सक्नु सफल काव्यकारको प्रगाढ दक्षता हो।

महाकवि भारविलाई लोकजीवनको पनि राम्रो अनुभव र अध्ययन छ। यिनले 'भिन्नरुचिर्हि लोकः' भन्ने रहस्यलाई राम्रो बुझेका छन्। व्यावहारिक कामकाज वा खानपानमात्र हैन, साहित्यिक अभिलेखनमा पनि मान्छेहरूको रुचिवैचित्य छ भन्ने गर्छन्–साहित्यिक लेखन यस्तो हओस्, जसमा समान शव्दार्थ सन्निविष्ट हुन सकून्, अनि जो सर्वसाधारण (सवै) लाई खुव रुचिलाग्दो हओस्, वास्तवमा असल साहित्य त्यही नै हो। भए भरका सवैलाई मनपर्ने वोली पाउन त ज्यादै गाह्रो छ यही कुरा उनी लेख्तछन्–

स्तुवन्ति गुर्वीमभिधेयसम्पदं विशुद्धमुक्तेरपरे विपश्चितः
इति स्थितायां प्रतिपूरुषं रूचौ सुदुर्लभाः सर्वमनोरमा गिरः
– किरात १४.५

साहित्यिक भाषाको प्रयोगमा कुनै अर्थसम्पत्तिले खूव भरिएको गौरवपूर्ण भाषा मनपराउने हुन्छन्, अनि कुनै साहित्यकारका शव्द प्रयोगको कुद्रय (शव्दाडम्वर अर्थात् शाव्दिक सौन्दर्य) लाई प्रशंसा गर्न पुग्छन्। यसरी दुनियांको रुचि मान्छे पिछे नै वेग्ला वेग्लै पाइन सक्तछ। अतः सवैलाई रमाइलो लाग्ने कविता (साहित्य वाणी) पाउनु ज्यादै कठिन कुरा हो।

(घ) काव्यकलाको निचोडमा भारवि

यसरी कविता (साहित्य) को निति महाकवि भारविले राखेको दृष्टिकोण मनन गर्दा–कविता मानवजीवन र हृदयको केन्द्रविन्दुलाई छुने,

१३. किरात–२।१

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रभाव पार्ने र घतिलो पनि भएको हुनु आवश्यक छ भन्ने बुझिन्छ । यसैले कविता लोकरुचिलाई ख्याल राखेर त्यही रूपमा ढाली कलात्मक ढंगमा लेखिएको हुनुपर्छ साथै शब्दार्थ मिलेको र भावपूर्ण अभिव्यक्तिले अलंकृत हुनु पनि आवश्यक छ भन्ने पक्षमा उनी छन् । भारविको सोचाइ छ–रचना श्रुतिमधुरपूर्ण छ तापनि त्यो मनोरंजनप्रधान उडन्ते गफ र बसिवियालो गर्ने मात्र भएर हुंदैन, त्यहाँ त घतलाग्दो सारमय र युक्तियुक्त तथा उदार अर्थले भरिएको वास्तविकता ओतप्रोत हुनुपर्छ[१३] । अनि व्याकरणमा सम्मत स्पष्ट पदहरू र पुनरुक्तिविहीन स्वादिलो भावपूर्ण अर्थ बुझाउने वाक्यहरू पनि सजिएको हुनु आवश्यक छ । यस प्रकारको गरिमामय काव्य (साहित्य) नै असल साहित्य हो, जसले भन्नु पर्ने आफ्नो भनाइ छाडेको हुंदैन र छाड्न हुने जस्ता फोस्रा गन्थन वटुलेको पनि हुंदैन । यसरी आफ्नो साहित्यिक सिद्धान्त प्रस्तुत गरी उनी आफ्नो काव्यशैलीको परिचय काव्यका पात्रको मुखवाट नै प्रष्ट्याउंछन्–

"स्फुटता न पदैरपाकृता न च न स्वीकृतमर्थगौरवम्,
रचिता पृथगर्थता गिरां न च सामर्थ्यमपोहितं क्वचित्
– किरात २.२७

जसमा सुप्तिङन्त आदि पदहरूले अर्थको सरलतामा केही वाधा गरेका छैनन्, भनाइमा अर्थगौरव छैन कि, होइन छ, फेरि अवान्तर वाक्यहरूको पनि भिन्ना भिन्नै अर्थ गरिएको पाइन्छ, नता कुराहरूको सिलसिला नै कतै छोडिएको छ–यस्तो महत्त्वपूर्ण वाणी यहाँ भनियो–राम्रो हो । साँच्ची नै उनले आफ्नो काव्यमा जहाँतहिं गहिरो अर्थले भरिएको मन लोभ्याउने चित्त बुझ्दो र रमाइलो शैली (भाषा) प्रयोग गरेका छन् । उनको "... घतलाग्दो, वास्तविक युक्ति युक्त र उदार अर्थले भरिएको यो ..." अर्थात् "... मनः प्रियामथ निंश्चित्य गिरं गरीयसीम्" (२.१) नै अर्थ गौरवको प्रमाण हो । किनभने थोरै शब्दमा धेरै अर्थको निचोड प्रस्तुत गर्न सक्नु नै अर्थ गौरवको परिचय हो । यसैले संस्कृत साहित्यिक जगत्मा उनको स्थिति प्रसिद्ध छ–"भारवेरर्थगौरवम्" भनेर ।

भारवि केवल वाहिरी मनोरंजनलाई महत्त्व दिंदै वस्तुस्थिति र

१३. किरात– २।१

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

सजधजको वर्णन गरेर फोस्रो गफमा आफ्नो कवित्व चातुरी समर्पित गर्दैनन् । उनी काव्यलाई केही तात्त्विक चिन्तन (बौद्धिक खुराक) द्वारा सन्तुष्टि गराउने हुनु पर्छ भन्ने पक्षमा छन्—जसले गर्दा उनको काव्य बौद्धिक प्रधान, अर्थ गौरवमय हुन पुगेको छ । यिनी लोकप्रचलित दुराचार हटाई सदाचारको र सत्कर्मको उदय गराउने पनि कविको उद्देश्य हुनुपर्छ भन्ने पक्षमा छन्, तर उद्देश्यमात्र सफल गर्ने लक्ष्य लिई तथ्य कुराको उपदेश दिने पक्षमा भने छैनन् । फलत: कामक्रीडा र मद्यपानलाई सफलतासाथ आफ्नो काव्यमा स्थान दिएर पनि उनले मड्वा र वेश्याको कर्तव्य हो भनी बताएका छन् । अनि हलुका (घृणाको) आँखाले हेरेका छन् । उनको कवित्वमा संयम र मर्यादा तिरोहित छैन, जसले गर्दा उनको काव्यका सुप्रसिद्ध पात्रहरू जल्दावल्दा र न्यायिक पथमा अडिग भएर वादविवाद र कुराकानी (छलफल) गरिरहेका पाइन्छन् । जुन अभिव्यक्ति रमाइलो, स्वाभाविक र चित्त बुझ्दो एवं घतिलो छ ।

यसरी महाकवि भारविले संसारको घामछायालाई देखेका, बुझेका र अध्ययन मनन र लगनद्वारा आत्मसात् गरेका छन्—पचाएका छन् । अत: सांसारिक विधि—व्यवहारको राम्रो अनुभव भएका कवि भारविको दृष्टिमा आत्माभिमानको आदर उपल्लो श्रेणीको छ । द्रौपदी तथा भीमले इज्जतको निति युधिष्ठिरलाई कूटनीति र जीवनमर्मको अन्तस्तत्त्व प्रकट गरी जुन किसिमले उत्साहित गरेका छन् (किरात १,२ सर्ग) त्यो सुन्दर मार्मिक र व्यावहारिक छ । तर्क प्रतिभा र कुशल अभिव्यक्तिले प्रस्तुत भएको भारविको काव्यगत राजनीतिक चित्रण उनको काव्यसिद्धान्त अनुरूप नै घतिलो र नीतिप्रद छ । त्यस्तै रसिलो र मिठासपूर्ण रूपले पाठक समक्ष विछ्याइएका उनका नीति—सिद्धान्तहरू पनि हरएकको लागि पठनीय छन् इत्यादि नै भारविका काव्यकला (कविता र लेखन कला विषयक) का प्रौढ अंगहरू हुन्—अनि साहित्यिक धारणा पनि हुन् । अस्तु

□

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

कविभारविः चारित्रिक अनुमान र विचार

चारित्रिक परिप्रेक्ष्यमा लिच्छविकवि भारवि

भारवि भारतवर्षको उच्च प्रतिभाको रूपमा संमान्य छन् । अतः यिनको चरित्र, विचार र जनजीवनको तह आदि बारे पनि चर्चा हुनु स्वाभाविक छ। यस विषयको मुख्य आधार उनको रचना र ऐतिहासिक परिप्रेक्ष्य नै हो। यहाँ देखापरेका र चर्चा गरिएका प्रसंगहरू तात्कालिक ऐतिहासिक अध्ययन र ग्रन्थगत आधार नै हुन् ।

मानिस नचिनिए पनि उसको लेखाई र अभिव्यक्त भावना हेरी अध्ययन गरी मोटामोटीमा उसका स्वभाव, गुण-अवगुण आदि अनुमान गर्न सकिन्छ भन्ने आलोचकीय दृष्टिकोण पुरानो र परम्परित हो । यसै सन्दर्भमा संस्कृत समीक्षकहरूको भनाइ छ – लेखकका शील–स्वभाव र प्रकृति अनुसार नै लेख, रचनाहरू हुन्छन् त्यस्तै कलाकार अनुसारका कला । यसरी व्यक्तित्व र आनिबानीलाई आत्मसात् गरेर नै रचनाशैली प्रस्तुत हुन पुग्दछ। अतः लेखकीय प्रकृतिप्रभाव उसका शैलीमाथि व्याप्त भएको पाइन्छ। यही कुरा कवि राजशेखर पनि प्रष्टयाउँछन्–यत्स्वभावः कवि-स्तदनुरूपं काव्यम् (यादृशाकारश्चित्रकारस्तादृशाकारमस्य चित्रमिति प्रायोवादः (काव्यमीमांसा, अं. १०) इत्यादि ।

आजभोलि यो भावना वा धारणा अझ प्रवल, परिष्कृत र बहुचर्चित हुन पुगेको छ। युरोपेली देशहरूमा लेख–रचना हेरी स्वभाव चिन्ने र बुझ्ने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

प्रयास गरिने आधुनिक विज्ञानलाई गहीरो ढंगले महत्त्व दिन थालिएको बताइन्छ। यस विज्ञानलाई यिनीहरूले आफ्नै कोणबाट खोज र विश्लेषण गरेका छन्। यी हस्तलेखन विज्ञानवादीहरूले दिएको यसको नाम हो- 'ग्राफोलजी'। यस सन्दर्भमा ग्राफोलजिष्टहरूले आ–आफ्ना विज्ञानसंमत लक्षणहरू विविधरूपमा उल्लेख गरेका छन्। यिनीहरू भन्छन्–लेखाइ लेखकको प्रतिकृति हो। जसबाट लेखकको व्यक्तित्वमात्र होइन, उसको प्रकृति, प्रवृत्ति र धारणा समेत बुझ्न सकिन्छ। अझै उनीहरू विश्लेषण गर्छन्–रचना केवल बोक्रेवर्णन, फोटोग्राफ (चित्र) वा उडन्ते कल्पनामात्र होइन, ऊ एक प्रकारले मानव अनुहार (भित्री–बाहिरी) पनि हो र मस्तिष्कको प्रतिविम्ब पनि हो। यस्तै दार्शनिक विद्वान् अरस्तूले पनि अभिव्यक्तिलाई मानसिक अभिव्यत्तिको प्रतिविम्ब र लिखित शब्दावली चाहिं प्रतीक हुन् भन्ने आशय पोखेका छन्। जे होस्, रचना केही न केही हदमा लेखकको स्वभाव चरित्र र विचारको प्रतिविम्ब हो, सिद्धान्तको आदर्श नमुना हो। यसैले खासरूपमा भारविको जीवनगत परिचय प्राप्त नभए पनि यसबाट उनको स्वभाव, चरित्र र विचार सम्बन्धी केही अनुमान चाहिं लगाउन सकिन्छ, जसको यथासम्भव संक्षिप्त चर्चा यहाँ गरिएको छ।

निश्चय नै लिच्छवि कवि भारवि आफ्नै व्यवस्थित परिस्थिति र जनजीवनमा मर्यादित थिए। आजको जस्तै तात्कालिक नेपाली समाज पनि अनेक जाति, वर्ण र वर्गमा विभाजित बुझिन्छ। मानदेवदौहित्र भएकोले यिनी क्षत्रिय वंशका प्रतिभा थिए। यस समय वर्णाश्रमको चर्चा देखापर्छ "प्रत्येक गृहस्थजीवन सुखी र शान्तपूर्ण रूपमा व्यतीत हओस्" भन्ने लालसामा नै त्यतिखेरका हरएक शासकवर्ग थिए। साथै उनीहरू आफ्ना प्रजाहरूलाई सुखी र व्यवस्थित गराउन प्रयत्नशील रहन्थे। गृहस्थ जीवन प्राय: संयुक्त पारिवारिक रूपमा प्रचलित थियो[१]। अत: यतिखेरका प्राप्त अभिलेखहरू कुटुम्बी (पारिवारिक समूह) शब्दको प्रयोग गरी उल्लेख गरिएका छन् "ग्राम कुटुम्बिन: कुशलपरिप्रश्नपूर्वं समाज्ञापयति" (तुलाछेंटोल शिवदेव अंशुवर्माको अभिलेख, वि. सं. ६५१) आदि। लिच्छवि कवि भारवि यही जनजीवनमा हुर्केको, संयुक्त पारिवारिक जीवन देखे–सुनेका र स्वयं अनुभव समेत गरेका व्यक्तित्व थिए। संयुक्त

१. धनवज्र, लिच्छविकालका अभिलेख, पूर्ववत् पृ० २५५।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

परिवारमा नैतिकता र चारित्रिकताको महिमामय स्थान छ। हरएक व्यक्तिमा नैतिक र चारित्रिक सद्गुण नभए पारिवारिक जीवन छट्पट् र अव्यवस्थित हुन पुग्दछ, नियमित दैनन्दिन व्यवहार संचालनमा वाधा आइपर्छ । यसैले यहाँ मर्यादा, इमान्दारिता, चारित्रिकता आदि जस्ता सद्गुणहरूको ठूलो महिमा थियो। अत: भारवि स्वयंले सद्गुण र महिमामय चरित्रलाई उपल्लो स्थान दिई आफ्नो अभिलेख तथा महाकाव्यमा वखान गरेका छन् ।

यस अतिरिक्त अनुकरणीय पारिवारिक जनजीवनमा हुर्केका लिच्छवि कवि भारविले आदर्शलाई पनि महत्त्वपूर्ण स्थान दिएका छन्। उनी आफ्ना आमाबाबु प्रति श्रद्धावनत वन्दै पुण्य बढोस् भनी धारो स्थापना गर्छन्, कीर्तिको महिमा गाउंछन् र मानिसले जीवनमा अर्काको भलाइ र उपकार जस्ता लोकोत्तर कार्य गरी नाम राख्नु पर्छ भन्ने सुशिक्षा दिन्छन् । यिनी उच्च राजघरानाका व्यक्तित्व थिए। अवश्य नै यिनका वावु उच्च पद र प्रतिष्ठामा रहेको तथा तात्कालिक जनजीवनको उच्च ओहदा प्राप्त गरेको हुनु पर्छ । यसैले भारवि 'सम्पन्न पौरुष–वल' थिए भन्ने कुरा स्पष्ट छ। यस्तो व्यक्ति सरस्वती उपासक हुनु गाह्लो कुरा हो, तर लिच्छविकालिक विद्याको तह र जनजीवनमा देखा परेको विद्या प्रतिको अनुराग यहाँ स्मरणीय छ। यसैले गर्दा राजभाषा नै संस्कृत हुन पुग्यो साथै सामाजिक भाषा र भावना समेत संस्कृतनिष्ठ देखा पऱ्यो। यसैले यिनी पनि समाज र स्थिति अनुकूल सुशिक्षित थिए भनी विश्वास लिनु स्वाभाविक हुन आउँछ। यिनको अध्ययन व्याकरण, स्मृति, पुराण, धार्मिक ग्रन्थ आदिमा राम्रो हुनुपर्छ। किनभने यतिखेरको समाज यस प्रकारका ग्रन्थहरूमा नै आधारित बुझिन्छ। फेरि कालिदासका काव्यहरू नीतिग्रन्थ, हितोपदेश, पंचतन्त्र, भर्तृहरिशतक आदि व्यवहार तथा सदाचार विषयक नीतिग्रन्थहरू पनि यिनले हेरेको हुनुपर्छ। कारण कीर्तिको महिमावोध यिनमा व्याप्त छ साथै मानिस गुणी, चरित्रशील र उच्चविचार तथा इमान्दार हुनुपर्छ भन्ने धारणा पनि यिनको देखापर्छ। यिनको–

> "श्रीमान् प्रभुश्च न च लोकविरुद्धकारी
> रूपान्वितश्च न च रूपमदम्बिभर्ति

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

सम्पन्न पौरुषवलश्च वहुक्षमश्च
दाता च नाम न च दानविकत्थनश्च''

पद्यले यिनका आदर्श चरित्रको र व्यावहारिकताको सूक्ष्म प्रतिपादन गरिरहेछ। प्रस्तुत पद्य कविकालिदासको आदर्श राजाको चित्रण प्रसंगमा लेखिएको 'रघुवंश' महाकाव्यको कविता–

'दाने मौनं क्षमा शक्तौ त्यागे श्लाघाविपर्यय:
गुणा गुणानुवन्धित्वात्तस्य सप्रसवा इव'

रघुवंश (१।२२)

बाट प्रभावित देखिन्छ भन्ने राय छ– श्री धनवज्र वज्राचार्यको।[२] जेहोस्, भारवि सम्पन्न हुनुको साथै उच्चपद र प्रतिष्ठावान् भए पनि जनसाधारण अनुकूल व्यवहार र रहनसहन गर्न रुचाउने आफूलाई आदर्शवान् वनाउन खोज्ने साहित्यिक चरित्रका व्यक्तित्व भएको कुरा उनका अभिव्यक्तिको अनुशीलनवाट हामी वुझ्दछौं। उनी जीवनमा आदर्शको र कर्तव्यको परिपाक भएमा नै मानवजीवन विकसित हुनसक्छ, भलाई र लोकोपकार गरी सुयश आर्जन गर्न सकेमा नै मानव जीवनको सार्थकता छ भन्ने धारणामा छन्। यसैले यहाँ केही घमण्डी जस्ता देखा परे पनि उनी धन, मान र इज्जत आदि सारा चीज क्षणिक हुन् कीर्ति नै यस लोकको चिरस्थायी वस्तु हो भन्ने निष्कर्षमा पुगेका देखिन्छन्। उनको विचार छ– 'कीर्तियस्य स जीवति'।

(ख) भारवि: लिच्छवि कवि तथा महाकवि

यसरी हाम्रो यहाँ देखापरेका दुई भारवि मध्ये दुवै संस्कृत कवि र आफ्नो जमानाका सुप्रसिद्ध व्यक्तित्व भएको कुरा स्पष्ट छ। लिच्छवि कवि भारवि स्थान, मान र प्रतिष्ठा, धन, ऐश्वर्य र वलविवेक उमेर, फूर्ति र अहम्ले परिपूर्ण थिए, जुन कुरा हामीलाई उनको अभिलेखले प्रष्ट्याइरहेछन्। त्यस्तै महाकवि भारवि पनि संस्कृत साहित्यका सुप्रसिद्ध कवि, वौद्धिक खुराक र जीवनदर्शनका घतिला सूक्तिहरूले आफ्ना पाठकहरूलाई मार्गदर्शन गराउने नवप्रभात, तर आधिकारिक परिचयवाट वञ्चित

२. धनवज्र, लिच्छविकालका अभिलेख, पूर्ववत् पृ.१८०।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

विवादास्पद व्यक्तित्वको रूपमा चर्चित छन्। परिचय विषयमा देखा परेको अज्ञताले गर्दा नै दुवैको अभिन्नता बारे यहाँ कतिपय चर्चा प्रस्तुत भैंरहेछ। जेहोस्, लिच्छविकवि भारविको परिचय स्पष्ट छ, कारण उनी लिच्छवि राजा मानदेवको दौहित्रको रूपमा प्रसिद्ध छन्। महाकवि भारविको चाहिं परिचय– विषयक अज्ञताले गर्दा यिनको आफ्नो एकमात्र महाकाव्य 'किरातार्जुनीयम्' लाई केलाउनु आवश्यक छ, जसबाट कवि परिचय विषयक अनुमानका रेखाहरू कोर्नु जरूरी भैंरहेछ। कुरा के भने यो एक किसिमले सर्वमान्य नै भैसकेको छ– प्रत्येक ग्रन्थकारको मत, विद्वत्ता र स्वभाव केही न केही रूपमा उसको ग्रन्थमा प्रतिविम्वित हुन्छ। यसैले भारविको काव्य पनि यस वास्तविकताबाट अछूत नहुनु स्वाभाविकै हो। संस्कृत समीक्षकहरू भन्छन्– लेखकका शील– स्वभाव र प्रकृति अनुसार नै लेख– रचनाहरू हुन्छन् त्यस्तै कलाकार अनुसारका कला। यसरी व्यक्तित्व र आनी– बानीलाई आत्मसात् गरेर नै रचनाशैली प्रस्तुत हुन पुग्छ। अतः लेखकीय प्रकृति– प्रभाव उसका शैलीमाथि व्याप्त भएको पाइन्छ। यही कुरा प्रष्टयाउंछन् कवि राजशेखर– 'यत्स्वभावः कविस्तदनुरूपं काव्यम्, यादृशाकारश्चित्रकारस्तादृशाकारमस्य चित्रमिति प्रायोवादः' (काव्यमीमांसा, अ. १०) अतः हामीले भारविको चरित्र विषयक तथ्यतालाई केही झ–झल्को दिने काव्यगत उद्धरणहरू र विश्लेषण प्रस्तुत गर्ने प्रयास यस परिच्छेदमा गरिरहेछौं।

खास गरी कविले आफ्नो साहित्यमा आफ्नै युगको चित्रण गरेको हुन्छ। हाम्रो साहित्यिक परम्परातर्फ दृष्टिपात गर्ने हो भने नेपालको स्वर्णिम युग लिच्छविकालमा मानिसहरू विचलित, अभावग्रस्त र पराधीन नभै आनन्दी, स्वाधीन, र स्वच्छन्द वातावरणमा मग्न थिए। यस उल्लासमय स्थितिमा एकातिर देवदेवीको पूजाआजा, मन्दिर निर्माण र जीर्णोद्धार, जलद्रोणी निर्माण आदि निर्माण कार्य गरी आफ्नो जस कमाउने र पुरखाको वर्णन चित्रित गर्ने, देवदेवीको लागि स्थापना गरेका गुठीको वयान र वर– व्यवस्था आदि कुराहरू लेखिएका अभिलेखहरू उपलब्ध छन् भने अर्कोतिर नाटकप्रिय मल्लकाल चाहिं पौराणिक साहित्यमा नै मग्न भएको र नाटक नाटिका आदि रचनमा मख्ख भएको पाइन्छ। त्यस्तै शाहकालमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेपाल

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

एकीकरण अभियानले प्रेरित कवि सुवानन्द, शक्तिवल्लभ, ललितावल्लभ आदिका वीररस प्रधान काव्य–रचनाहरू पाइन्छन् भने भानुभक्त युग चाहिं भक्ति प्रवाहमा बगेको छ। यसरी समसामयिक लोकचित्रण अनुकूल काव्य-प्रवाह संचरण भएको र काव्य विषयमा पनि आकाशपातालको फरक हुँदै गरेको हामी पाउंछौं। अत: थाहा हुन्छ– साहित्यकारका रचनाको मूल प्रेरणास्रोत उसले देखे– सुनेको र अनुभव गरेको सामाजिक जीवन नै हो किनभने उसको रचना सामाजिक धरातलमा अनुभूतिमा रहेर कल्पनाको प्रवाहमा विचरण गरिरहेको हुन्छ। संभवत: महाकवि भारवि ब्राह्मण वंशमा हुर्किएका कुलीन, कल्पनाशील प्रतिभा थिए। तात्कालिक नेपालमा लिच्छविकाल र भारतमा गुप्तकाल मानिएको वैभवपूर्ण स्वर्ण-युगमा यिनको प्रादुर्भाव भएको थियो। यिनले काव्यमा प्रत्यक्ष या अप्रत्यक्ष किसिमले ऋषिमुनि तपस्वीहरूको, ब्राह्मणको र यज्ञकर्ता यज्ञमानको, सामान्य गृहस्थ जीवनको र वैभवशाली गुण्डा गुण्डीका आमोद प्रमोदको राजसी ठाँटबाँट र ग्रामीण (जंगली) जीवनको आदि विषयवस्तुगत वास्तविकता प्रति स्वाभाविक झ– झल्को उभ्याउने प्रयास गरिएको पाइन्छ।

प्राचीनकालमा विद्याध्ययनको लागि भारतमा अनेक विद्यापीठहरू थिए र नेपालमा चाहिं विहार तथा ब्राह्मण आवासहरू थिए। यस समय विद्वान् ब्राह्मणहरूलाई विर्ता अग्रहार दिई अध्यापन कार्यमा लगाइने परम्परा भएको कुरा पनि इतिहासकारहरूले बताएका छन्[३]। भारतका चाहिं प्रथमयुग (पहिलो तथा दोस्रो शताब्दी) तिर तक्षशिला, नालन्दा, धान्यकटक आदि विश्वविद्यालयहरू भएका बुझिन्छन्। अनि दोस्रो युग (छैटौं तथा सातौं शताब्दी) तिर ओदन्तपुरी, विक्रमशिला आदि विश्व-विद्यालयहरू भएको कुरा पनि बताइन्छ। यी अध्ययन क्षेत्रहरू बाहेक भारतमा स्वतन्त्र किसिमले ब्राह्मणहरूद्वारा अध्ययन गराइने गुरुकुल किसिमका स–साना अध्ययनशालाहरू पनि भएका बुझिन्छन्। जसमा

३. (क) हितनारायण झा, द लिच्छविज्, चौखम्बा, वाराणसी ई.स. १९७० पृ. १७७

(ख) डिल्लीरमण रेग्मी, एन्सियन्ट नेपाल, के. एल् मुखोपाध्याय कलकत्ता ई.स. १९६९ पृ. २९१।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

षडङ्गहरूको अध्यापन हुने कुरा थाहा हुन्छ[४]। महाकवि भारविको अध्ययन अध्यापन आफ्नै परिवार तथा यस्तै कुनै गुरुकुल किसिमको अध्ययनशालामा भएको अनुमान हुन्छ। यिनले छाप पार्ने खालको कुनै त्यस्तो ठूलो गुरुकुलमा भने अध्ययन गरेका थिएनन् होला ! कारण यिनले आफ्नो महाकाव्यमा घतलाग्दो एवं प्रभाविलो किसिमले गुरुकुल वा अध्ययनशालाको कहिं कतै पनि वर्णन गरेका छैनन्, यस बाहेक ब्रह्मचर्याश्रम, मुनिआश्रम तथा ऋषिहरूको पर्णकुटी आदिसमेतको पनि यहाँ प्रभावमय वर्णन देखापर्दैन, जस्तो कालिदासका काव्यहरूमा पाइन्छ।

भारविको चरित्र लोकप्रचलन अनुकूल व्यावहारिक र कालिविज्ञ बुझिन्छ। उनी राजनीतिक उद्दा–पोहमा मुछिएको अनुभव हुन्छ। फलत: उनको काव्यमा राजनीतिक विश्लेषण गहिरो रूपमा प्रकट भएको पाइन्छ। प्रजानुरञ्जक राजा कस्तो हुनुपर्छको चित्रण वनेचरको मुखबाट प्रस्तुत गरी (किरात, सर्ग १) त्यसपछि वादविवादको रूपमा कूटनीतिपूर्ण राजनीतिक विश्लेषण प्रस्तुत गरिएको छ (सर्ग १,२)। प्रत्यक्ष या अप्रत्यक्ष जुन रूपमा होस्, एक किसिमले राजनीतिक छाप नपरेको यिनको कुनै सर्ग नै छैन भने पनि त्यति अत्युक्ति छैन। भारविको राजनीतिक ध्येय उच्च, सिद्धान्तपरक र नैतिकमय छ, जुन कुरा युधिष्ठिरको नीतिपरक अभिव्यक्ति र उदात्त चरित्रद्वारा (सर्ग २) थाहा हुन्छ।

(ग) महाकवि भारवि: चरित्र र विचार

महाकवि भारवि गाउँले जनजीवनको राम्रो अनुभव भएका कवि व्यक्तित्व थिए। यिनले आफ्नो काव्यको चारौं सर्गमा गाउँले जीवनको घतिलो एवं स्वाभाविक चित्र उतारेका छन्। शरद् ऋतुको पाक्तै गरेका धान कुर्न बसेकी ती ग्राममहिला स्यूँदोमा दोपहरिया फूल स्यूरेकी र कानमा रातो कमल घुसारेकी ओठमा लाली, स्तनमा कमलपराग, कानमा कर्णफूल(कमलफूल), आँखामा गाजल आदिले गरी निकै ठाँटिएकी छिन्। ती गाउँले वैंसालु सुन्दरी निकै सभ्य, शालीन र स्वस्थ पनि छिन्। अत: उनी मनोरम, आकर्षक र हेरिरहुँ जस्ती लाग्छिन् भन्दै यिनले यो वर्णन बिझ्ने रूपमा प्रस्तुत गरेका छन् (किरात ४:७–९) त्यस्तै घांस–दाउरा

४. बाण, हर्षचरितम्।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Fundin

गर्न वन गएका गोठालनीहरूको मुजुरको स्वरलाई मात गर्ने गला (लोकगीतको स्वर), स्वरगत मधुरता, अनि उनीहरूको सुरिलो लोकगीतको लयले मुग्ध मृगसमूह भोकले सताइएको भए पनि धानतिर नगै लोकगीतको रागमा नै मस्ख रहेको (सर्ग ४:३३) इत्यादिको साथै ग्वालाहरू उनीहरूले चराई फर्केका दुधालु गाईहरू जो ठू-ठूला कचौंडा पघार्दै बाच्छो भेट्न आत्तुरिरहेका देखिन्थे (४।१०) आदि, अनि गोठालाहरूले मस्त भै दही मथेको, टकटकी पाकेका खेतका पहेंलपुर धान, जुरेली नाचेको वनेलीधारी आदिको काव्यात्मक बयान साँच्ची नै पहाडी जनजीवनलाई समाजको अगाडि तन्दुरूस्तसंग उभ्याउने घतिला चित्रहरू हुन्।

कविले केवल लोकजीवन र प्रकृतिको अध्ययनमा मस्त रहेर हुँदैन। उसले विस्तृत शास्त्रीय अध्ययन पनि गरेको हुनु आवश्यक मानिन्छ। कवि राजशेखरले आफ्नो ग्रन्थ काव्यमीमांसा (अ.८) मा प्राचीन आचार्यहरूको मत भनेर लेखेका छन्–कविले श्रुति, स्मृति, इतिहास, पुराण, दर्शन, शैव, पांचरात्र आदि मत, अर्थशास्त्र, कामशास्त्र र नाट्यशास्त्र, राजसिद्धान्त, त्रयी, भिन्न भिन्न देशहरूको लौकिक व्यवहार, अनि धनुर्वेद, रत्नपरीक्षा योगशास्त्र आदि विषयहरूको राम्रो अध्ययन गरेको हुनुपर्छ। निश्चय नै महाकवि भारविलाई विभिन्न विषयहरूको राम्रो अध्ययन थियो, जानकारी थियो। यद्यपि जनसंमुख उनको केवल एउटामात्र कृति आज उपलब्ध छ, तर पनि उनले आफूले ग्रहण गरिराखेका शास्त्रीय विषयहरूलाई आफ्नो काव्यको उपयुक्त ठाउंहरूमा घतलाग्दो ढंगले प्रयोग गरेका छन्। उनले पाचौं सर्गमा उल्लेख गरेको वनस्पति सम्बन्धी विवेचनले भारविको आयुर्वेदीय ज्ञानलाई र द्वैतवन, त्यहाँबाट यक्षले अर्जुनलाई घुमाउंदै र ठाउंठाउंको वर्णन गर्दै लगेको बयान आदिले भौगोलिक ज्ञानलाई प्रकट गरेको कुरा थाहा हुन्छ। फेरि भारविलाई तपस्याविधि (योगशास्त्र) सम्बन्धी कुराको पनि राम्रो ज्ञान भएको बुझिन्छ। उनी शास्त्रीय सिद्धान्तलाई अध्ययन गरी पचाई, अनि त्यसको सार खिंचेर आफ्नै किसिमले साहित्यिक ढंगमा बुट्टा भरी प्रस्तुत गर्न ज्यादै सिपालु छन्। शक्तिलाभको निति अर्जुनद्वारा गरिएको इन्द्र र शिवको तपस्या विषयक वर्णन सफल रूपमा भएको पाइन्छ (सर्ग ६ र १२) नीति, स्मृति र पुराणको अध्ययन त भारविमा गहिरो थियो- "किरातार्जुनीयम्" महाकाव्यका प्रत्येक सर्ग नै यस विषयमा अद्वितीय

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

छन् । उनका काव्यको कुनै यस्तो सर्ग छैन–जहाँ नीतिमय सूक्तिहरू छेलो–खेलो नभएका होऊन् । यसैले संस्कृत महाकाव्यमा नीतिपरक सूक्तिहरू प्रयोग गर्ने साहित्यकारहरूमा भारवि साँच्ची नै अद्वितीय कवि हुन् । यस विषयमा यिनले सबैलाई उछिनेका छन् ।

भारवि व्यक्तिचित्रको प्रस्तुतिमा पनि सफल छन् । उनले गरेका वयान (चित्र) हरू व्यास (सर्ग ३:१–३) गाउंले ठिटी (सर्ग ४:७–९) अप्सरा (सर्ग ८:२१–२६) आदि मर्मस्पर्शी छन् । जोडा–जोडीहरूको परस्पर ठट्टा, मानिनीहरूको प्रियतम प्रति भएको अभिमान, सखीहरूमा भएको रमाइलो वातचितको प्रसंग, पुरुषहरूलाई फसाउना निति हुने तरुनीहरूको वासनापूर्ण अभिनय, कामकेली, हाँसखेल आदि कुराहरू वात्स्यायनको कामसूत्रको आधारमा बिझ्ने गरी उल्लेख भएका पाइन्छन् (सर्ग ८, ९, १० अन्तर्गत यत्र–तत्र) । पूर्वीय महाकाव्यको शास्त्रीय लक्षण अनुसार महाकविहरूले मर्यादा ननाघी काव्यहरूमा कामक्रीडाको वयान गर्नु आवश्यक मानिएको छ । कवि कालिदासले पनि आफ्ना कृतिहरूमा कामक्रीडा विषयक विशद् वयान गरी त्यसको दुष्परिणाम समेत देखाउन भुलेका छैनन् । किन्तु भारविले चाहि यहाँ त्यसको दुष्परिणाम देखाउने मौका मिलाएनन्, तै पनि यति चाहि उनले लेख्न भुलेनन्–उत्ताउलो कामक्रीडा भंडुवा र वेश्याको काम हो । अत: यसले निर्विकारी चित्त भएको संयमी पुरुषलाई केही पनि लछार्न सक्तैन, उल्टो कामुक रमणीलाई नै लज्जित र दिक्क तुल्याउने हुन्छ आदि (सर्ग १०:६२–६३) ।

पाश्चात्य पौरस्त्य दोहरै तिरका विद्वान्हरूद्वारा भारविलाई वैयाकरणको रूपमा उभ्याइएको छ । ए. वी. कीथले त यिनले "किराता-र्जुनीयम्" मा व्याकरण सम्वन्धी आफ्नो ज्ञानको प्रदर्शन गराउने लोभको नराम्रो उदाहरण प्रस्तुत गरेका छन् र उत्तरकालीन कविहरूमा भएको विद्वत्तापूर्ण एउटै शब्द वा धातुको जुन वारंवार दोहऱ्याई कविता रच्ने प्रवृत्ति हो त्यसको आरम्भकर्ता पनि यिनै हुन् भनी आलोचना गरेका छन् । जेहोस्, भारवि वैयाकरण थिए, तर पनि त्यसलाई यिनको साहित्यिकताले किचेको थियो । यिनले ठाउं ठाउंमा व्याकरणको सुन्दर प्रयोग र उमा प्रस्तुत गरेका छन् । आफ्नो काव्यको सुरुमा नै यिनले वनेचरलाई पात्र पाठक समक्ष आफ्नो काव्य विषयक प्रतिज्ञा वताएका छन्–"स सौष्ठवौदार्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

विशेषशालिनीं विनिश्चितार्थामिति वाचमाददे" अर्थात् "महाराज युधिष्ठिरको आज्ञा पाई वनेचरले शब्दसामर्थ्य र अर्थ सम्पत्तिले विशेष शोभिलो र निर्णीत अभिप्राय भएको कुरा भन्यो" (सर्ग १:३) त्यस्तै अर्को व्याकरण सम्बन्धी उदाहरण–"एकै चोटी मिली शत्रु मार्नुरूपी फल फत्ते गर्न खोज्ने संसारोच्छेदक शिवजीको र अर्जुनको बीचमा परेको वंदेल, अभिधेय प्रतिपादन गर्न खोज्ने धातु आदि प्रकृति र सनादि प्रत्ययका बीचको इत्संज्ञक वर्ण झैं नाशका निति भयो" (सर्ग १३:१९) आदि आदि। यसरी भारविले प्रयोग गरेका शास्त्रीय उपमाहरू अझ विशेष गरी वैयाकरणहरूको निति सरसर रमाइला छन्। यिनका काव्यको अध्ययनबाट बुझिन्छ-भारविलाई कोश, व्याकरण, छन्द, अलंकार र आफना अग्रजहरूका काव्य ग्रन्थहरूको समेत राम्रो अध्ययन थियो, जसको प्रभाव र प्रेरणा केही न केही हदमा यिनको काव्यमा मिल्न सक्तछ, जस्तो–

सरसिजमनुविद्धं शैवलेनापि रम्यं
मलिनमपि हिमांशोर्लक्ष्म लक्ष्मीं तनोति
इयमधिकमनोज्ञावल्कलेनापि तन्वी
किमिव हि मधुराणां मण्डनं नाकृतीनाम्

– कालिदास, अभिज्ञान शाकुन्तल, अंक १:२०

(सिवालीले छापिएको भए पनि कमलले र मलिन नै भए पनि चन्द्रमाको किरणले शोभा दिइरहेको छ, राम्रो छ। त्यस्तै कपडाको बोक्रा पहिरेको भए पनि यी सुन्दरी धेरै लोभलाग्दी छन्। साँच्चै हो प्रकृतिद्वारा नै राम्रो रूप पाउने सौभाग्य लुटेका प्राणीको लागि सिंगार–पटार नै के चाहिन्छ र!) यही अनुकूलको कवि भारविको रचना हेरौं:–

विपत्रलेखा निरलक्तकाधरा
निरञ्जनाक्षीरपि बिभ्रती: श्रियम्
निरीक्ष्य रामा बुबुधे नभश्चरै–
रलङ्कृतं तद्वपुषैव मण्डनम्।

– किरात ४:४०

(टीका, चन्दन, ओठमा लाली र आँखामा गाजल आदि नभएर पनि लोभलाग्दी ती वैंसालु राम्रीहरूलाई देखेर गन्धर्वहरूले यो ठहऱ्याए-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रकृतिद्वारा नै राम्रो रूप भएकाहरूको शरीरलाई अरु गर-गहनाहरूले झपक्क सिगार्नुको सट्टा मानौं सिंगार-पटारलाई नै ती सुन्दरीहरूका शरीरले यो सिंगाऱ्यो !)

देवदेवीहरूको स्तुति र महिमा गायन परम्परा वैदिक साहित्य-कालीन हो। स्तोत्र साहित्यको प्रारंभ वैदिक कवि ऋषि-महर्षिहरूबाट नै भएको छ। उत्तरकालमा आई क्रमिक रूपमा देखापरेको धार्मिक परम्पराको परिवर्तन अनुसार पूजा-आजा र स्तुति भजन आदिमा पनि परिवर्तन हुन थाल्यो यस्तै स्तोत्रकवि मध्येका अन्यतम व्यक्तित्व हुन्-ऋषि उपमन्यु। यिनले शिवको महिमा गाएका छन्। यही "उपमन्युकृत शिवस्तव" अन्तर्गतको एउटा पद्य-

अपि शूलधरो निरामयो दृढवैराग्यरतोऽपि रागवान्
अपि भैक्ष्यचरो महेश्वरश्चरितं चित्रमिदं हि ते प्रभो !

(हे प्रभु शिव, तपाईं शूलधारी भएर पनि निरोगी हुनुहुन्छ, पूरा वैराग्यमा लागिरहेको भएर पनि रागी हुनुहुन्छ, भिक्षा मागी हिड्ने भएर पनि महेश्वर हुनुहुन्छ-यस किसिमको तपाईको बुझिनसक्नु विचित्रको चरित्र छ) यही स्तुतिपद्यसंग समता राख्न खोज्ने प्रकारको हेरौं-भारविको रचना-

नरागि चेतः परमा विलासिता
वधूः शरीरेस्ति न चास्ति मन्मथः
नमस्क्रिया चोषसि धातुरित्यहो !
निसर्गदुर्बोधमिदं तवेहितम् ।

किरात, सर्ग १८:३१

(हे प्रभु शिव, तपाईको चित्त रागिलो छैन, तर पनि तपाईंमा भिक्षा माग्नु, नाचगानमा रहनु आदि विलासिता छ। अर्धाङ्गमा रमणी छन्, तर कामवासना छैन, फेरि प्रातः सन्ध्यामा ब्रह्माको स्तुतिवन्दना गर्नु हुन्छ-यस किसिमको तपाईको चरित्र स्वभावैले जानिनसक्नु विचित्रको छ)

महाकवि भारवि राजाको आश्रय पाएका कवि प्रतिभा थिए।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

यद्यपि धेरैजसो भारतीय विद्वान्हरूद्वारा भारविलाई गुप्तराजा विष्णुवर्द्धन (ई.स. ६१५) का आश्रयी मानिएको छ, अनि कतिपय नेपाली विद्वान्हरूद्वारा चाहिं लिच्छवि कवि भारवि र महाकवि भारवि अभिन्न बताउंदै लिच्छवि राजा रामदेव (?)को आश्रयी बताउन पुगिएको छ, तर वास्तविक– प्रामाणिक आधार भने प्राप्त छैनन् । जेहोस् यति भने मान्नू पर्छ, यी कुनै राजाश्रित विद्वान् कवि प्रतिभा थिए र राजनीतिज्ञ पनि थिए, जुन कुरा राजकाजी सम्पर्क र सहवासले गर्दा यिनलाई राजनीतिक सूक्ष्म तत्वको र व्यावहारिक नैपुण्यको साथसाथै राजसी रहन सहन वातावरण र सभ्यता आदिको समेत राम्रो जानकारी भयो, जसको प्रभाव प्रत्यक्ष– अप्रत्यक्ष आफ्नै किसिमले यिनको काव्यमा परेको छ । महाकवि भारविको राजनीतिक विश्लेषण गहिरा, नीति अनुकूल र आदर्शमय छ, अनि विद्वत्ता, चारित्र्य र व्यावहारिकताले खारिएको यिनको ध्येय उच्च र इमान्दार पनि छ। राजा–प्रजाको सम्बन्ध, राजाबाट रजांई (प्रजानुरञ्जन) कस्तो हुनुपर्छ आदिको चित्रण यिनले गुप्तचर वनेचरको मुखबाट व्यक्त्याएका छन् (सर्ग १) अनि राजनीतिक विश्लेषण चाहिं द्रौपदी, भीम र युधिष्ठिरको वादविवादको रूपमा प्रस्तुत गरिएको छ (सर्ग १ र २) यसबाहेक यिनले आफ्नो अनुभव र अध्ययनबाट चुनेका राजनीतिक र नीतिपरक तथ्यहरू ठाउँ ठाउँमा प्रसंग मिलाई हृदय छूने रूपले प्रस्तुत गरेका छन् । खास गरी यिनले आफ्नो राजनीतिक उच्चता र नीतिपरायणता चाहिं महाराज युधिष्ठिरको नीतिपरक उदात्त चरित्रद्वारा प्रस्तुत गरिएको बुझिन्छ। जसमा यिनको चारित्रिक सूक्ष्मता र विचारको परिपाक प्रदर्शित भएको कुरा हामी अनुमान गर्न सक्छौं ।

किरातार्जुनीयम् महाकाव्यको अध्ययन तथा अनुशीलनबाट थाहा हुन्छ– भारवि कालिदास जस्तो विशेष विनोदप्रिय कवि नभै गम्भीर र चरित्रवान् भलादमी थिए । यिनी नैतिकतालाई बढी ध्यान दिन्थे र इमान्दार मित्रताको विशेष खायस राख्तथे। क्षणिक जीवनमा मोजमज्जाप्रति विशेष हिरिक्क नहोऊ, उपकार गर र केही दिनका निति नै बांच भन्ने विशाल विचार यिनको बुझिन्छ। यिनी आफ्ना अभिव्यक्ति प्रष्ट्याउंछन्, मित्रताको महिमा ठाउं– ठाउंमा गाइएको छ (सर्ग ३:३१, सर्ग १३:५३, ६९) त्यस्तै व्यावहारिक विचार र नैतिकमयमार्ग– प्रदर्शन

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

गरिएका घतिला सूक्तिहरू ठाउँ ठाउँमा प्रशस्त छन् । जस्तै - गुणका पक्षपाती जानिफकारहरू असल– राम्रो कुराहरूको सम्बन्धमा विद्वान् वा मूर्ख, आइमाई वा लोग्नेछोरो कसले भनेको हो भनी खोजीनीती गर्दैनन् (सर्ग २:५) जुन ऐश्वर्यले गर्दा अर्काको उपकार हुन्छ, ऐश्वर्य भन्नु त्यही नै हो (सर्ग ७:२८) पूर्वापर संगति नजाने बृहस्पतिको वोली पनि नीति-विरुद्ध चल्नेहरूको उद्योग झैं विफल हुन्छ (सर्ग ११:४३) आदि आदि। यसरी व्यापकरूपले यिनका महाकाव्यको अध्ययन गर्दा थाहा हुन्छ भारवि मनुष्यको दुर्वृत्तिलाई अजेयको रूपमा ठान्दैनन् किनभने दुराचारी दुर्योधन उनको काव्यमा– 'नयेन जेतुं जगतीं सुयोधनः' भनी वखानिएको छ। उनी मनुष्यको सद्वृत्ति प्रति विश्वस्त छन् । यसैले उनका पात्रहरूको मुखबाट निस्केका हरएक उक्तिहरू खारिएका, वास्तविक तत्त्व प्रदर्शित गर्ने घतिला अनुभवपूर्ण र शास्त्रसम्मत पाइन्छन् । ढिलो नै किन नहोस् विचार पुऱ्याई थालिएका कामहरूको सफलता धेरै संभव छ र मूढेवलको साहसवाट कार्य सिद्धि सन्देहास्पद छ । यसैले कुनै पनि काम विनामेसै हडवड गरिहाल्नु वा थालिहाल्नु ठीक छैन (सर्ग २।३०) आदि जस्ता नैतिकतापूर्ण कुराहरू यहाँ विश्लेषित छन् । हो, मानवीय भावनाले गर्दा उनी न्याय र तथ्यताको पक्षपाती वन्दै पाण्डवहरूप्रति अनुरक्त छन्– जो स्वाभाविक हो ।

महाकवि भारवि जडोन्मुखी सभ्यता र जीवनगत रमझमलाई प्रशंसाको आँखाले हेर्दैनन् । उनको विचार छ– जीवनगत भोगविलास र सौख्य मनुष्यलाई महान् वनाउने चीज हैन, हो– जीवन चिन्तनलाई दुर्वल र आत्मालाई सशंक वनाउने चीज । आराधना (तपस्या) जीवनतत्वलाई एकाग्र र इन्द्रियलाई केन्द्रित गरी साध्यलाभ गर्ने एउटा साधन विशेष हो भन्ने कुरा स्पष्ट पार्दै यहाँ आराधनारत अर्जुनलाई प्रस्तुत गरिएको छ । अर्जुनको साधनारत एकाग्रता, विश्वासानुभूति र दृढतामा बाँधिएको कर्तव्यपरायण छ । यो मानवीय कर्तव्य परायणताको उदाहरण वा प्रतीक हो ।

यिनले संघर्षलाई अस्वीकार गरेका छैनन्, अपितु आफ्नो वास्तविक अधिकार गुमाई लुते लगाङ्रे र पिलन्धरे भई वस्नु चाहिं मानिसको कर्तव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

होइन, अनि न्यायको लागि आफ्ना बन्धुहरूलाई पनि दण्ड दिनबाट पछि हट्नु हुन्न भन्ने विचारमा यिनी पाइन्छन् । तर पनि यिनको धारणा कुनै पनि कार्य निष्पादन प्रति धीरता र विवेकिताको ख्याल राख्नु सदा वान्छनीय छ भन्ने बुझिन्छ । यसैले जीवनक्रममा अपनाइने उद्योग र पौरख, साहस र शौर्य, इनाम र नसिहत आदि हरएक कार्यहरू परिणामको सोच विचार पुऱ्याई सावधानीसाथ गरिनु आवश्यक छ भनी उनी प्रष्टयाउंछन्, शिक्षा दिन्छन् । उनी "लोहाको वैरी लोहा" भन्ने उखान जस्तै वासनाको अन्त वासनाबाट, घृणाको अन्त घृणाबाट र अन्यायको अन्त अन्यायबाट हैन आत्मबलसाथ पौरख र हिम्मतलाई आर्जन गरी इमान्दार एवं नैतिकवान् बन्दै चारित्रिक विवेक र पुरुषार्थद्वारा जुनसुकै पनि दुष्मनलाई जित्नुपर्छ भन्न पक्षमा छन् । यही कुरा धर्मराज युधिष्ठिरको न्यायसंगत सोचाइबाट (सर्ग २) र अस्त्रलाभ निति आराधनामा लागेका अर्जुनलाई व्यासद्वारा गरिएको प्रोत्साहनबाट (सर्ग ३) पनि बुझिन आउंछ । यसप्रकार कवि भारविका भावनाहरू आदर्शमयी रंगरेखाले र गंभीर व्यक्तित्व र विचारले छपक्क छाइएका छन्, अनुकरणीय छन् ।

(घ) स्वाभाविकः महाकवि भारवि

कुनै पनि रचनाकारका स्वभावको झ–झल्को अप्रत्यक्षतः काव्यको रचना शैलीमा समेत पर्ने हुंदा यिनको अडिलो, गंभीर र नैतिकवान् हुनु स्वाभाविक छ । राजदरबारसंग सम्बन्धित र सभ्यताको राम्रो जानकारी भएका कवि भारविको वाणीमा नम्रता र शिष्टताको राम्रो छनक पाइन्छ । महाराज युधिष्ठिरको गुप्तचर वनेचर जब आफ्नो खबर बताउन थाल्दछ–तब सर्वप्रथम शिष्टताको भूमिका बाँध्दछ (सर्ग १।४–६) अनि रानी द्रौपदीको र महाबली भीमको पनि त्यही स्थिति देखापर्छ । व्यासद्वारा प्रेषित यक्ष पनि नमस्कारसाथ अर्जुनसंग शिष्टाचार राखी मितता गाँस्न थाल्दछ (सर्ग ३:३१) फेरि शिवगण वनेचरले पनि राजकुमार अर्जुनलाई आफ्नै जाति अनुसारको ढोगभेट गरी नम्रतासाथ भूमिका बाँधे आफ्नो भनाइ सुरु गरेको देखिन्छ (सर्ग १३:३६) यसरी सभ्यताको वास्तविकता बुझेका र दरबारको आश्रय पाएका कवि भारविको हृदयमा केवल शहरिया ठाँटबाँट र रमझमको उत्कर्षमात्र टाँसिएको थिएन, अपितु गाउंले रहन सहन र जीवनी चलन, चांजो र वर–व्यवहार आदि पनि एक-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri. Funding:

एक थाहा थियो । सायद यिनी पहिले गाउंघरको रहन–सहन र जनजीवनमा हुर्के बढेका र पछि दरवारसंग सम्वन्धित हुन पुगेको पो थिए कि, यो पनि विचारणीय छ ।

महाकवि भारविको थातथलो, रहन सहन, दिनचर्या आदि कै कस्तो थियो यस सम्बन्धमा संस्कृत साहित्यका इतिहासकारहरू मौन छन् । यस सम्बन्धी प्रामाणिक आधार केही पनि छैनन् । यिनको काव्यात्मक वर्णन र विचार, गहिरो भावधारा र नीतिचेत आदिको आधारमा सोच्ता संभवत: यिनी नैतिकवान् र चारित्रिक व्यक्तित्व थिए । अनि नियमित जीवन यापन गर्ने उच्च प्रतिभा थिए होलान् भन्ने अनुमान हुन्छ । कवि राजशेखरले आफ्नो ग्रन्थ 'काव्यमीमांसा' मा आदर्शकविको जीवन कस्तो हुनुपर्छ– भन्ने प्रसंगमा विस्तृत विवेचन गरेका छन् (का.मी,अ.१०) यसै सिलसिलामा उनी लेख्तछन्– कविवाणी, मन र शरीरद्वारा सदा पवित्र रहनु पर्छ । शुद्ध आचरण नै सरस्वतीको आकर्षक मन्दिर हो । निवासस्थान पनि पवित्र सफा र आकर्षक हओस् । कवि दिनरातलाई भाग लगाओस् र विहान सन्ध्यावन्दन पछि सारस्वत सूक्त पाठ गरोस् । त्यसपछि प्रसन्न चित्तले काव्यरचनाको निंती उपयोगि ग्रन्थहरू पढोस् । तदनन्तर काव्य रचनामा लागोस् । दिउंसो विद्वान् मण्डलीहरूसंग साहित्य चर्चामा लागोस् । वेलुका आफूले रचना गरेको कृति संशोधन (छांटकांट) साथीहरुद्वारा वा आफै गरोस् । अनि सांझमा सन्ध्यावन्दन पछि सरस्वती उपासना गरोस् । संशोधित रचनाको साफी गरोस् । राती यथासमय सुतोस् र विहान व्रह्ममुहूर्तमा उठोस्, शास्त्र चिन्तन गरोस् .. । संभवत: चारित्रिक र नियमित जीवनलाई मर्यादित रूपमा राख्ने कवि भारविको जीवन यस्तै नियमवद्ध वा निश्चित प्रकारको, राजशेखरको भनाइ वमोजिम नै पो थियो कि ? यो अनुमान (अडकल) पनि त्यति अस्वाभाविक छैन ।

यिनी कति वांचे र के के रचना गरे–त्यसको कुनै निधो छैन । तर उनको विद्वत्तापूर्ण एकमात्र उपलब्ध कृतिको आधार हेर्दा भारविको जीवन त्यति दीर्घायु थिएन कि भन्ने अडकलमा हामी छौं । यसरी जीवन-लाई कर्तव्य परायणताको बाटोमा तल्लीन गरी अमर वन्ने, अनि आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

रचनालाई वहूचर्चित गराउन सक्ने कवि भारवि खुल्दुलीको विषय वनिरहेछन् । उनको काव्यकृति, परिचय र स्थिति आदि कुराहरू सदा अध्ययनीय र अनुसन्धानीय छन् । अस्तु,

□

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri Funding:

दुबै कविको अभिन्नताबारे चर्चा: खण्डन

महाकवि भारवि संस्कृत काव्यजगत्का उज्ज्वल नक्षत्र हुन् । उनी यहाँ चाहिं एउटा विवादास्पद व्यक्तित्वको रूपमा खडा भैरहेछन् । यिनको प्रसंगलाई लिएर कतिपय नेपाली विद्वान्हरूले लिच्छविकालीन उपर्युक्त दुई अभिलेखहरूका रचयिता भारवि र किरातार्जुनीयम् महाकाव्यकार भारवि एउटै हुन् भनी तर्क उठाएका छन् । यस प्रसंगमा सर्वप्रथम केसर वहादुर के. सी. ज्यूले बाह्य र आन्तरिक प्रमाणको आधारवाट कवि भारविलाई नेपाली हुन् भन्ने तर्क प्रस्तुत गर्नु भएको छ–जसलाई मोटामोटी केलाएर हेर्दा यस रूपमा प्रस्तुत गर्न सकिन्छ–

बाह्य प्रमाण

१. समय (छैटौं शताब्दी) मिल्दो जुल्दो पाइनु,

२. विशाखदत्तको मुद्राराक्षस, राजशेखरको काव्यमीमांसा, विजयस्वामिनीको विजयवतीको अभिलेख, भारविको किरातार्जुनीयम् आदि सबैलाई एकत्रित गरी तुलनात्मक अध्ययन गर्ने हो भने पाचौं शताब्दीको उत्तरार्द्धमा धार्मिक, राजनैतिक र सामाजिक परिस्थितिमा केही समानताहरू फेला पर्दछन् ।

३. त्यस्तै सामाजिक विधिविधानहरू–शिवलिंगको करणपूजा, बौद्धधर्म र ब्राह्मणवाद सम्वन्धी कुराहरू पनि यहाँनेर विचारणीय छन् ।

आन्तरिक प्रमाण

१. किरातार्जुनीयम्को दोस्रो सर्गको अन्त्य र तेस्रो सर्गको थालनीमा भएको द्वैपायन चर्चा र अनुपरम (हाँडीगाउं सत्यनारायण स्थानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

अभिलेख: द्वैपायनस्तोत्रका रचयिता लिच्छविकालीन छैटौं शताब्दीका नेपाली कवि) को द्वैपायन माहात्म्य एकै खालका छन् ।

२. हिमालयवर्णन तथा चारौं सर्गको शारदी वर्णन, हिमाली भेकमा पाइन सकिने सातथरी पलांसको उल्लेख आदि कुराहरू नेपाली हिमश्रृंखला र दृश्यावलीसंग मिल्दा जुल्दा छन् । यहाँ मैया विजयवतीका अभिलेखको प्रभाव परेको जस्तो पनि बुझिन्छ ।

३. किरातार्जुनीयम्को पाँचौं सर्गको २३ सौं श्लोकदेखि २६ सौं श्लोकसंमका अंशहरू कवि अनुपरमको द्वैपायन स्तोत्रसंग मिल्दाजुल्दा छन् । छैटौं सर्गमा इन्द्रकील पर्वतको वर्णन छ । इन्द्रगृह काठमाडौंको बीचमा छ र कैलाश वरिपरिका पर्वतलाई त्यसताक इन्द्रकील भनिन्थ्यो ।

४. किरातार्जुनीयम्मा उल्लिखित कतिपय ठाउं र नाम तथा शब्दावलीको प्रयोग लिच्छविकालीन अभिलेखसित मिल्दा जुल्दा छन् । नवौं सर्गको पणगोष्ठी (संयुक्त पान) को उल्लेख पनि लिच्छविकालीन अभिलेखमा पाइने गोष्ठीसंग मिल्दोजुल्दो खालको छ ।

५. दशौं सर्गको तेह्रौ श्लोकमा "विजयवती" शब्द छ । जसको व्युत्पत्ति मूलक अर्थ "सर्वोतकर्षवती" विजयफलाम् वा (मल्लिनाथ) भन्ने गरिएको छ । त्यस्तै ११ रौं सर्गमा इन्द्र अर्जुन सम्वाद छ । यहाँ अर्जुनले बरावर प्रयोग गरेको "मान" शब्दले मानदेव प्रथमको युद्धलाई न्यायसंगत गर्न खोजिएको बुझिन्छ । फेरि अर्जुनले प्रयुक्त गरेको निर्वाण शब्दले सौगत (बुद्ध)हरूको निर्वाण सिद्धान्तलाई खण्डन गर्न खोजिएको बुझिन्छ । चौधौं सर्गमा भारविले पृथ्वी र आकाशको विवाह संवन्धी कुराको उल्लेख चिन्डोल धूमवराहको मूर्तिको वर्णन गर्दा गरेका छन् । धूमवराह मूर्ति उनले स्थापना गरेको धाराभन्दा एकमाइल पर उत्तर पूर्वमा छ । आकाश पृथ्वीको विवाह सन्दर्भमा ४९ औं श्लोक द्रष्टव्य छ । अर्जुनले गाण्डीवधनुको प्रयोग गरी संसार ध्वस्त गर्न लागेकोमा आकाशपृथ्वीले विलाप गरेको जस्तो देखिन्छ । यसवाट मानवमूल्यको क्षणभंगुरता प्रकट हुन्छ–जुन कुरा धूमवराहको मूर्तिले प्रतीकात्मक रूपमा अभिव्यक्त गरिरहेछ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding...

६. पन्धौं सर्गको ४५ सौं श्लोकको मल्लिनाथले तीन कार्य गरे पनि सो चांगुनारायणको खम्बामा लेखिएको मानदेवको दोला शिखरस्वामीलाई गरेका प्रार्थनाको ३–६ पंक्तिमा अभिव्यक्त विचारवाट प्रभावित भन्न सकिन्छ ।

७. अठारौं सर्गमा शिव अर्जुनको मल्लयुद्धप्रसंग आउंछ । भारवि समकालीन अभिलेखमा मल्लयुद्ध गोष्ठीको उल्लेख छ । यस्तो शारीरिक व्यायामको लागि तत्कालीन पांचालीवाट पर्याप्त आर्थिक सहयोग उपलब्ध गराइन्थ्यो ।

यसरी के.सी. ज्यूले आफ्नो प्रशस्त तर्क र विश्लेषणद्वारा भारविलाई (मानदेव प्रथमका दौहित्र) नेपाली महाकविको रूपमा प्रस्तुत गर्नु भएको छ ।[1] अनि आफूले अंग्रेजीमा (अनुवाद) गरेको तथा ठाउं ठाउँमा व्याख्या समेत भएको किरातार्जुनीयम् महाकाव्य उल्था (ई.सं. १९७२ रत्न पुस्तक भण्डार) ग्रन्थ उहाँले अमर नेपाली कवि भारविलाई समर्पित गर्नु भएको छ । उहाँ यस ग्रन्थको ठाउँ ठाउँमा भारविलाई नेपाली रूपमा प्रमाणित गर्ने कोशिशमा समेत पुग्नु भएको देखिन्छ । यहाँ हामीबाट उहाँको विश्लेषणात्मक दीर्घकाय लेख मार्फत केवल संक्षिप्त मूल आधार मात्र लिई अति संक्षिप्त रूपमा तटस्थ दृष्टिबाट चर्चा– परिचर्चा गरिएको छ । यहाँनेर यो कुरा भने मान्नु पर्दछ– भारविको अध्ययन– विश्लेषण गरी यिनलाई अभेदस्वरूपमा नेपाली प्रतिभा भनी चर्चामा ल्याउने, उभ्याउने प्रथम व्यक्तित्व के.सी.ज्यू नै हुनुहुन्छ ।

त्यस्तै अर्का विद्वान् श्रीहरिराम जोशी किरातार्जुनीयम्का रचयिता महाकवि भारवि नेपाली हुन् र मानदेव दौहित्र नै हुन् र उनी जीवनको अन्तिम चरणमा बौद्धिष्ट (भिक्षु) बन्न पुगेका थिए भन्ने आफ्नो मत प्रस्तुत गर्दै यसरी उल्लेख गर्नु हुन्छ–

"भारविको ऐतिहासिकताको परिचय गराउने पुरातात्विक सामग्रीहरू नेपालमा पनि प्राप्त भएका छन् । हाँडीगाउँ स्थित संवत् ४७२

१. भारविका अभिलेखः रमझमः अक्टोबर १३ ई.स.१९६७ (अंग्रेजी अंक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

तदनुसार ५५० ई. (छैटौं शताब्दी ई.) को अभिलेख राजा मानदेवकी छोरीको छोरा भारविको थियो । यिनको प्रस्तुत शिलालेख प्रौढ संस्कृतमा लेखिएर 'भारवेरर्थगौरवम्' भन्ने लोकोक्तिलाई प्रष्ट गर्दछ । यसै अभिलेखको आधारमा नेपालका विद्वान्हरूले किरातार्जुनीय महाकाव्यका लेखक भारवि यिनै रहेकोतिर औंल्याउँदै भारवि नेपालको भनी स्वीकार गरेका छन् । खैर, हाँडीगाउँको शिलालेखवाट भारवि नेपालकै हुन् भन्ने कुरा प्रमाणित हुंदैन । किनभने त्यसमा मानदेवकी छोरीको विवाह कोसित भएको थियो । तिनी कहाँका थिए केही उल्लेख गरिएको छैन । तर प्रस्तुत अभिलेखका प्रतिष्ठापक भारवि र शक संवत् ४९२ को मंगलवजार गैरि धाराको अभिलेखका भारवि दुवैको क्रियाकलापमा सामंजस्य देखिएको औ किर्ति राख्ने कार्यमै आनन्दित हुने मनोवृत्तिको अतिरिक्त ती दुवै अभिलेख प्रौढ संस्कृत काव्यको नमूना स्वरूप हुँदा तिनीहरू दुवै एउटै हुन् भन्ने कुरा स्पष्ट हुन्छ । यहाँनेर यस तथ्यलाई विर्सनु हुँदैन कि पहिलो अभिलेखको अनुरूप सम्वत् ४९२ को अभिलेख सम्मन् पुग्दा भारविमा वैराग्य भावनाको आधिक्य देखिन लागेको थियो, जसको फलस्वरूप अन्तत: उनी श्रमण हुन पुगेको कुरा अनुमान हुन्छ । शिवदेव कालीन चाङ्गुनारायण स्थानको अभिलेखमा 'भारवि श्रमणस्थानस्य पूर्वता...' भनी चारकिल्ला खुलाउँदा उल्लेख आएवाट यिनी मानदेवकी छोरीको छोरा नै हुनु धेरै सम्भव भएर उक्त भारवि नेपालकै रही वौद्धधर्मावलम्वी रहेको स्पष्ट हुन्छ । यदि माथि चाङ्गुको अभिलेखमा वर्णित भारवि एकजना साधारण संन्यासी मात्र भै कुनै राजखान्दानसित सम्वद्ध वा विद्वान् नभएको भए यिनको नाम यसरी यहाँ वर्णित गरिने थिएन । यसले पनि यिनी मानदेवको नाति नै भएको कुरातिर औंल्याएको छ । अव यहाँ किरातार्जुनीयका लेखक भारवि यिनै हुन् वा अरू नै कोही हुन् भन्ने कुराको विचार गर्नु परेको छ ।

किरातार्जुनीयका रचयिता भारवि हिन्दूधर्मावलम्वी थिए, जबकि मानदेवका नाति भारवि वौद्ध श्रमण । यसले ती दुवैलाई एउटै मान्नु इतिहास सम्मत नलाग्नु स्वाभाविक छ । तर, प्रस्तुत भारवि पनि छैटौं शताब्दी ई. कै रहेको औ विद्वान् तथा अर्थगौरवपूर्ण शैलीको प्रयोक्ता हुँदा यिनी वौद्ध श्रमण हुनुभन्दा पहिले हिन्दूधर्मावलम्वी भएकाले यिनले उक्त

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding:

किरातार्जुनीय महाकाव्य रचेको हुनु धेरै सम्भव छ। अर्को त भारविलाई पाँचौं शताब्दी ई. को स्वीकार गर्ने श्री रसेन्द्रमोहन बोसजीले आफ्नो तर्कको प्रष्टयाई स्वरूप कुनै प्रमाण पेश गर्न सकेको छैन। यसरी अर्को कुनै ठोस प्रमाण प्राप्त नभएसम्म किरातार्जुनीय महाकाव्यको लेखक यिनै मानदेवका नाति भारविलाई स्वीकार गर्नु तथा यिनी नेपालका नै हुन् भनी विचार्नु युक्तिसँगत नै लाग्दछ।[२]

त्यस्तै घटराज भट्टराई महाकवि भारविको 'किरातार्जुनीयम्' मा उल्लिखित विषयवस्तु, ऐतिहासिक प्राप्त प्रमाणहरू र सान्दर्भिक सामग्रीका आधारमा यिनलाई नेपाली नै हुन् भन्नुको साथै यी मानदेवका दौहित्र भारवि नै हुन् भन्ने तर्क अगि सार्नु हुन्छ, जस प्रसंगमा उही हाँडीगाउँ–काठमाडौंको प्रसिद्ध डवलीमा पाइएको सं. ४७२ को शिलालेख अगि सार्दै निम्न आधारहरूलाई प्रमाण रूपमा पेश गर्ने कोशिसमा लागि परेको देखा पर्नु हुन्छ।[३]

२. साहित्यकार समाजको वास्तविक इतिहासकार हो। भारवि लिच्छविकालीन कवि भएकाले त्यस कालभन्दा केही पहिलेको किरातकालीन रहन सहन, वातावरणलाई पनि केही न केही रूपमा अंगाल्दै लिच्छविकालीन शासन प्रणालीका केही आदर्शहरू उनको महाकाव्यमा समावेश भएको पाइन्छ।

३. लिच्छविकालमा नेपालको राष्ट्रभाषा संस्कृत थियो। राष्ट्र-भाषामा यस किसिमको प्रौढ र प्रतिभाशाली कविको उदय असंभव थिएन। १ नं. मा उल्लेख भए अनुसार प्रसिद्ध आदर्श राजा मानदेवका नाति भएकाले उनको काव्यप्रतिभा चाँडै भारतवर्षसंम फैलन जानुमा केही आश्चर्य छैन।

---

२. नेपालको प्राचीन अभिलेख नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०३० पृ.

३. (क) संस्कृतका अमर साहित्यकार, साझा प्रकाशन, कठामाडौं, वि.स २०३४ पृ.
(ख) मधुपर्क: वर्ष ८ अंक ७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

४. महाकाव्य 'किरातार्जुनीयम्' मा अर्जुनले पाशुपतास्त्र पाउनु किरातसँग लडाई गर्नु, शिवको उपासना गर्नु र पाण्डवहरू विराट्-राजाकहाँ (विराट्नगरमा) गुप्तवास बस्नु जस्ता अनेक घटना र विषय नेपालसँग सम्बन्धित भएकोले भावभूमि, विषय र सम-सामयिक स्थिति मिल्दोजुल्दो देखापर्छ ।

५. इन्द्रकील पर्वतमा अर्जुनले तपस्या गरेको उल्लेख छ, त्यस किसिम-को इन्द्रकील पर्वत भारतवर्षमा कहिं फेला नपरेको र शस्त्रास्त्रका लागि अर्जुनले अनुकूल आराध्यदेवको तपस्या गर्नु स्वाभाविक थियो । शस्त्रास्त्रविद् एकलव्यद्वारा गौरीघाटमाथि सिद्धाचलका इन्द्रकीलमा किरातीजातिका इष्टदेवका रूपमा स्थापित पशुपतिकै प्रतीक किरातेश्वर शिवको तपस्या गरी अर्जुनले पाशुपतास्त्र पाए । यिनै किरातेश्वर अर्जुनको संयुक्तनामबाट महाकवि भारविले आफ्नो महाकाव्यको नाम 'किरातार्जुनीयम्' राख्नु स्वाभाविक देखिन्छ ।

६. पशुपति सूर्यघाटको विजयावती अभिलेख वि.सं. ४२७ मा उल्लेख भए अनुसार मानदेवकी छोरी विजयवती (एकमात्र) जसको विवाह वार्त देवलाभसँग भएको थियो । उनकै छोरा भारवि भन्ने पुष्टि वि.सं. ४७२ को हाँडीगाउँको भारविकै अभिलेखबाट भएकोले भारविको समय पनि यसै ताका अर्थात् पाँचौं शताब्दी हो भन्ने स्पष्ट हुन्छ ।

७. पाँचौं शताब्दीका नेपाली महाकवि भारविद्वारा रचित किराता-र्जुनीयम् महाकाव्य भारतवर्षका संस्कृतज्ञहरूमा पनि प्रभावकारी बन्दै जाँदा राम्रो प्रभाव पार्न र परिचय गराउन चानचुन २०० वर्ष लाग्नु अस्वाभाविक देखिंदैन, किनभने एहोलको शिलालेख वि. सं. ६०० मा भारविको नाम अंकित हुनु कविसँगको परिचय र सामीप्यले होइन, कवितागत गरिमा र महिमाले हो भन्न सकिन्छ ।

यसरी महाकवि भारविलाई नेपाली महाकविको रूपमा निःसन्देह उभ्याउन सकिन्छ ।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri Funding:

यी हुन् प्रा, भट्टराईज्यूका तर्कहरु यसरी एकाङ्गी दृष्टिकोणवाट हेर्दा कतिपय नेपाली विद्वान्हरूको राय लिच्छविकालीन मानदेवका दौहित्र भारवि र किरातार्जुनीयम् महाकाव्यकार भारवि अभिन्न नै हुन् कि भन्ने देखापर्न सक्तछ, तर सामान्य विषयवस्तुको दृष्टिकोण, समय– अनि ठाउँ मिल्दो जुल्दो भयो भनी सानो अभिलेखको आधारलाई विनाविचार प्रमाण रूपमा उभ्याएर दुवैलाई एउटै मानी किटान गर्नु हल्का सोचाइ हो। अत: निर्णयमा पुग्न केही गम खानु आवश्यक छ, विचारणीय छ। केवल एकल्काँटे दृष्टिकोणवाट हेरी उभ्याइएका यी उपर्युक्त तर्कहरूलाई विस्तारै आलोचनात्मक दृष्टिकोणवाट हेर्दै जाऔं। यहाँ सर्वप्रथम विद्वान् के.सी. ज्यूवाट प्रस्तुत गरिएका उपर्युलिखित आन्तरिक प्रमाणहरूलाई र अरू-हरूका तर्कहरूलाई क्रमश: विश्लेषण र खण्डन गर्ने जमर्को हामीले गरि-रहेछौं–

१. लिच्छविकालिक समाज भगवान् द्वैपायनसंग परिचित थियो। यसताका मानिसहरू भगवान् कृष्ण द्वैपायनलाई विष्णुको अवतारको रूपमा पूजा–आजा र सम्मान गर्दथे। वेदको विभाग र विशालकाय ग्रन्थ महाभारत, वेदान्त दर्शनको मूल ग्रन्थ ब्रह्मसूत्र आदिको रचनाकारको रूपमा कृष्ण द्वैपायनलाई मानिन्छ। यसैले वैदिक आर्यहरूको लागि द्वैपायन ज्यादै पूजनीय व्यक्तित्व हुनु स्वाभाविक हो। अत: वैदिक परम्पराका गुप्त आभिर खलकका व्यक्ति अनुपरम–(छैठौं शताब्दीको पूर्वार्द्ध) ले द्वैपायन स्तोत्र लेखी वेदव्यास प्रति भक्ति भावना प्रदर्शित गरेका छन्। अनुपरमको द्वैपायनस्तोत्रमा भगवान् द्वैपायनको स्वरूप वर्णन गरिएको छैन–अपितु माहात्म्यमात्र गाइएको छ। यसैले महाकवि भारविको वेदव्यास वर्णन–(२ सर्गको अन्त्य र ६ सर्गको थालनी) को आधार लिई महाकवि भारविलाई लिच्छविकालीन भारविसंग अभेद मान्नु औचित्य देखिन्न।

अर्को कुरा–आफ्नो सोचाइ कल्पना र धारणा अनुसार अतीतका महापुरुषहरूको जो कसैले पनि चित्र (स्वरूप) उतार्न सक्तछ, जो कविकल्पनाको आधार पनि हो। कवि कालिदासले रघुकुलका महापुरुषहरूको चित्र उतारेका छन्। कवि अश्वघोषले वुद्धको चित्र खिचेका छन्। त्यस्तै कविमाघले यदुवंशी कतिपय व्यक्तित्वको र पाण्डवको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

चित्र लिई उतारेका छन्–यस्ता कविहरू हामी प्रशस्त पाउन सक्छौं। यसैले कविहरूको कल्पनालाई प्रामाणिक आधार लिनु चलचित्रको वर्षामा छाता खोज्नु जस्तो हो ।

२. हिमाल हिमसंहति (हिमँ हिउँको थुप्रो) हो । यसको वर्णन भारत र नेपाल, पाकिस्तान र चीन जहाँको कविले गरे पनि कतिपय अंशमा समानरूप हुन सक्छ । सफल कविको रचना जो सुकै पनि पाठकको हृदयलाई ठ्याक्कै पकड्ने हुन्छ । उनीहरूको रचना पढ्दा भावुक सहृदयी पाठकहरूलाई "अहो ! कस्तो भएको ए ! यो त मैले नै पो भन्न खोजेको कुरा हो,' भन्ने लाग्दछ । यसैले हुन सक्तछ–अर्कै अर्कै देशका र कालका कति कविहरूका कुरा (भावना)हरू कँले कता ठ्याक्कै जस्तो मिल्न पुगेका पनि हुन सक्तछन् फेरि कविचातुरी र काल्पनिक अंशहरू फरक हुन सक्लान्–तर कलाका पूजारी सत्य-शिव र सुन्दरका उपासक कविहरू एउटै साध्यमा रत हुन्छन् अतः भावसाम्य-लाई लिएर अभिन्न मान्नु सुहाउंदो कुरा हैन, किनभने समकालिक वा विपमकालिक जुनसुकै पनि प्रतिभाको हार्दिक भावना समान हुन सक्तछ–यो कुनै अस्वाभाविक कुरा हैन[४] । भारतवर्षीय प्रतिभाहरूको निति शरद्‌ऋतुको वर्णन पनि यस्तै खालको कुरा हो । संस्कृत साहित्यका लाक्षणिक आचार्यहरूको भनाइ अनुसार महाकाव्यमा हिमाल (पर्वत) शरद् आदिको वर्णन गरिनु आवश्यक मानिन्छ[५] जो भारविको महाकाव्यमा पनि छ । पलांस हिमश्रृंखलाको एउटा वनस्पति विशेष हो नकि नेपालको मात्रको विशेष वनस्पति । फेरि वि. सं. ५६२ मा उल्लिखित छ सिलोके सूर्यघाटको अभिलेख[६] संग महाकवि भारवि प्रभावित छन् भन्नु भाव या शैली कुनै रूपबाट पनि

४. रमझम– (वि.सं.) वीरको हृदय– नयराज पन्त ।
५. संध्या– सूर्येन्दुरजनीप्रदोषध्वान्तवासराः
प्रातर्मध्याह्नमृगयाशैलर्तुवनसागराः
वर्णनीया... साहित्यदर्पणः परिच्छेद ६ ।
६. हेर्नुः विजयवतीको अभिलेख– लिच्छबिकालका अभिलेख (वि.सं. २०३०)

–धनवज्र बज्राचार्य

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri. Funding:

मिल्दो जुल्दो तथा सुहाउंदो कुरा देखिदैन । संगै राखी तुलनात्मक दृष्टिले हेर्ने हो भने आकाश पातालको फरक पाउन सकिन्छ ।

३. किरातार्जुनीयम्को पांचौं सर्गको सुरुवात हिमालय वर्णनबाट भएको छ । अतः पांचौं सर्ग अन्तर्गतका २२–२६ संमका श्लोकहरू पनि हिमालयवर्णनको प्रसंगमा नै लेखिएका छन् । कवि अनुपरमको द्वैपायनस्तोत्रको कुनै अंशसंग पनि यसको मेल खानै सक्तैन–यी दुईलाई संगै राखी हेर्दा पनि दुवैमा ठूलो अन्तर पाउन सकिन्छ ।

भारविद्वारा उल्लिखित इन्द्रकील पर्वत कुन हो–अनिश्चित छ । यसको ठोकुवा गर्ने प्रसंगमा भारतीय विद्वान्हरू पनि अन्योल छन्–कतिपयको भनाइमा त मतभिन्नता जस्तो पनि देखिन्छ । महाभारतको उल्लेख अनुसार इन्द्रलोक जाँदा अर्जुन हिमालय र गन्धमादन पर्वत पार गरेर इन्द्रकील पर्वतमा पुगे (३:३७–४२) भनिएको छ । अतः नेपाली विद्वान्हरूको राय अनुसार पशुपतिको कैलाश वरिपरिको पर्वतलाई इन्द्रकील मान्ने नमान्ने ? यसै भन्न सकिदैन । जेहोस्, ऐतिहासिकताको आधारद्वारा यसलाई इन्द्रकील पर्वत माने पनि हामी मानदेव दौहित्र भारवि र महाकाव्यकार भारविलाई अभेद भनी मान्न सक्तैनौं ।

४ "किरातार्जुनीयम्" मा उल्लिखित स्थान, नाम र शब्दावली लिच्छविकालीन अभिलेखका शब्दावलीसंग मिल्दाजुल्दा छन् भनी मान्न सकिदैन । यहाँ स्वयं के. सी. ज्यूले प्रस्तुत गर्नुभएका शब्दहरू पनि मिल्ने खालका र प्रामाणिक मान्न सकिने खालका छैनन् । किरातार्जुनीयम्को "प्रण–गोष्ठी" (संयुक्तपान) आजकालको भाषामा–'पाटी' भनौं, अनि जलक्रीडा (नारीपुरुष मज्जाको निति संगसगै पौड्नु) आदि कुराहरू पूर्वीय साहित्यिक सिद्धान्त अनुसार महाकाव्यभित्रका

---

७. संयोग विप्रलम्भौ च मुनिस्वर्गपुराध्वराः
रणप्रयाणोपयम मन्त्रपुत्राध्यादयः
वर्णनीया यथायोगं साङ्गोपाङ्ग अमी इह ।
– साहित्यदर्पणः परिच्छेद–६।३२३–२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

लाक्षणिक कुराहरू हुन्[७]। यसलाई लिच्छविकालीन गोष्ठीको आधार अनुरूप उल्लिखित वा चलनचल्ती अनुसार काव्यमा व्यवहार गरिएको हैन। अरू महाकवि भारवि भन्दा अगि–पछि लेखिएका कतिपय संस्कृतका महाकाव्यहरूमा पनि यस किसिमको पणगोष्ठीको उल्लेख भएको पाउन सकिन्छ। अतः यस किसिमका तर्कहरूलाई स्वीकार गरी यी एउटै भारवि हुन् भनी किटान गर्नु सुहाउंदैन।

५. महाकवि भारविले दशौं सर्गको थालनीदेखि नै अर्जुनका स्थितिको वर्णन गर्दै उनको वर्णनात्मक चित्र खिच्तै ल्याइरहेछन्। तेह्रौं श्लोक-मा पनि अर्जुनको नै वर्णन गरिएको छ–यहाँ भनिएको छः–

"शरीर सुहाउंदो ठूलो उद्योग लिएका, उद्योग अनुसार लरतरोले आंट गर्न नसक्ने (ठूलो) काममा हातहालेका, अनि त्यही अनुसार कठिन तपस्या गरेका उपल्लो तहको विजयफल (विजयरूपी उपलब्धि) अथवा तपस्याअनुसारको ऐश्वर्य चाहेका अर्जुन छन्"[८]

यहाँ प्रयोग गरिएको "विजयवती" शब्द मानिसको नाम विशेषमा अभिप्रेरित छैन। अतः यस शब्दले राजा मानदेव (वि. सं. ५२१-५९२) की सुपुत्री मैयाँसाहेब विजयवतीतर्फ इङ्गित गर्ने कुनै अभिप्राय वा प्रयोजन देखिदैन। त्यस्तै एघारौं सर्गमा प्रयोग हुन आएका 'मान' शब्दहरू स्वाभिमान (इख)लाई बुझाउन प्रयोग गरिएका शब्दहरू हुन् नकि मानदेव अभिप्रायक। अर्जूनले यहाँ तीन ठाउंमा 'मान' शब्दको प्रयोग गरेका छन्। तिनको अर्थलाई लिउं र हेरौं–

"खूबी केही नभएको, कुनै पनि कुरामा अड्न नसक्ने (लोलेपोते-आत्मबल नभएको)हुनाले हियाइने–आत्माभिमान (इख) भन्ने कुरा शून्य भएको मानिसको जनम तृण बराबरको हो–कुनै मूल्य छैन"[९]

८. सदृशतनुमाकृतेः प्रयत्नं तदनुगुणमपरैः क्रियामलङ्ध्याम्।
दधदलघुतपः क्रियानुरूप विजयवतीं च तपःसमां समृद्धिम्। १०।१३

९. शक्तिवैकल्यनम्रस्य निःसारत्वाल्लघीयसः
जन्मिनो मानहीनस्य तृणस्य च समा गतिः११।५९

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri

"मान्छेलाई धनसम्पत्ति, कीर्ति र भलाद्मी भनिने कुरा तवसम्म हुन्छन्, जबसम्म उसमा आत्माभिमान छ। जहाँसम्म उ आफ्नो मान-मनितो, सम्मान आदिवाट खस्तैन"[10]

"गइनसक्नु जंगल, झाडी, झ्याम्म भएर रहेको डरलाग्दो अग्लो डाँडोको वनेली पखेरो, हियाउन (नाघ्न) सकिने हुन्छ, मानिसहरू त्यहाँ उपायद्वारा विस्तारै जान्छन्, तर मानले उन्नत र प्रतापसम्पन्न मान्छे अरूले आक्रमण गर्न नसकिने आफ्नोपनलाई छोड्दैनन् (किनभने आफ्नो भनाइमा) अडिलो खूवीदार आत्माभिमानी मान्छे कहिल्यै हियाइन सकिने हुँदैन"[11]

यसरी यहाँ प्रयोग गरिएको "मान" शब्द आत्माभिमान वा आत्म गौरवलाई बुझाउने भएको कुरा स्पष्ट छ। न कि राजा मानदेव (प्रथम)को गौरव गरिमा र युद्धलाई न्यायसंगत रूपमा समर्थ गराउने। अर्को कुरा अर्जुनद्वारा भनिएको–

',शत्रुहरूको उछितो पारेर वंशगत राज्यलक्ष्मी नफिराएसम्म अरू त के कुरा म निर्वाण (मुक्ति)लाई पनि विजयश्रीको विघ्न मान्दछु"[12]
– यस अभिव्यक्तिद्वारा यहाँ "निर्वाण" लाई महत्ता दिइएको छ नकि खण्डन।

जस्तो एउटा कुनै साथीले भन्यो–
– "खाना खाउं"
'अरू त के म त अमृत पाए पनि खान्न'
दोश्रो साथीले उत्तर दियो

यस भनाइमा उसले अमृतलाई हियाएको हैन अमृतलाई सबैभन्दा उपल्लो तहमा राखेको हो। 'सबैभन्दा मीठो चीज अमृत, म यस्तरी

१०. तावदाश्रीयते लक्ष्म्या तावदस्य स्थिरं यशः
पुरुषस्तावदेवासौ यावन्मानान्न हीयते । ११।६१
११. दुरासद वनज्यायान्गम्यस्तुङ्गोपि भूधरः
नजहाति महौजस्कं मानपांशुमलङ्घ्यता ११।६३
१२. वंशलक्ष्मीमनुद्धृत्य समुच्छेदेन विद्विषाम्
निर्वाणमपि मन्येहमन्तरायं जयश्रियः ११।६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

अघाएको छु कि त्यो पाए पनि अहिले म खान्न' भन्ने उसको ठोकुवा उत्तर हो । त्यस्तै यहाँ अर्जुनको भनाइ स्पष्ट छ । निर्वाणसिद्धान्तलाई यहाँ छोइएकोसंम पनि छैन । अत: विद्वान् के.सी. ज्यूको तर्क युक्तिसंगत जस्तो लाग्दैन ।

६. के.सी.ज्यूले भारविको हाँडीगाउँको धारा–निर्माण र अभिलेख स्थापनाको उल्लेख गर्दै महाकवि भारविले आफ्नो काव्यमा त्यसदेखि एक माइल उत्तर पूर्वमा रहेको धूमवराह मूर्तिको वर्णन गरेको कुरा वताएका छन्–धूमवाराहीको मूर्ति प्राचीनतम मानिएको छ । संभवत: यो लिच्छविकालीन पूर्वार्द्ध तिरको हुनसक्तछ । यसको निर्माण तान्त्रिक विधानवाट भएको अनुभव हुन्छ । जेहोस् वैष्णवमूर्तिहरूमा यसको ठूलो महत्त्व छ । यहाँ स्थापित देवमूर्तिमा शिर वराहको छ र अरू अंग मान्छेको छ, अनि यसका दुई हात छन्– दाहिने हात चाहिं कम्मरमा अड्याइएको छ । देब्रे हातको कुहिनामा एउटा स्वास्नीमान्छेको मूर्ति छ– यसलाई पृथ्वीको मनुष्यरूप हो भनिन्छ । पौराणिक आधार अनुसार विष्णुले वराह अवतार लिएर पृथ्वीको उद्धार गरेका थिए– त्यही वास्तविकता यहाँ प्रतीकात्मक ढंगले मूर्तिको माध्यमवाट देखाइएको वुझिन्छ । महाकवि भारविले आफ्नो काव्यमा जुन 'वराह' शव्दको प्रयोग गरेका छन्– (सर्ग– १२, १३, १४) त्यो पौराणिक आधारलाई लिएर प्रयोग गरेको जस्तो छ । यदि भारवि धूमवराहसँग सम्वन्धित कवि व्यक्तित्व भए उनले स्वयं धूमवराह शव्द नै प्रयोग गर्न सक्तथे र यसवारे सानो वर्णन पनि लेख्न सक्तथे– उनलाई असली रूपमा धूमवराहको संज्ञना त के थाहा नै सम्म पनि थिएन होला । अर्को कुरा अर्जुनको वल पौरख र तेजिलो प्रकृतिलाई देखाउन कविले किरातेश्वरका गणको होहल्लाको प्रसंगमा अर्जुनको चित्र खिचेका छन् । महाकवि भारविको नै शव्दमा–

"धर्ती र आकाशलाई छोपेर शस्त्र–अस्त्रहरू फ्याँकेका, वीच वीचमा धनु:कँपाएका रिसले मुर्मुरिएका अर्जुनको विनाशसूचक दृष्टि अग्निज्वालाको मुस्लो जस्तो किसिमले किरातसेनाहरूका वीचमा देखा-

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri

पर्‍यो''[13]

– यहाँ मानवमूल्यको क्षणभंगुरताको दिग्दर्शन र धूमवराहमूर्तिद्वारा त्यसको प्रतीकात्मक अभिव्यक्ति हुने कुराको कुनै अडकल नै निस्कन सक्ने देखापर्दैन । यो केवल उहाँको निजी अडकल होला जस्तो मात्र हामीलाई लाग्दछ ।

७. यहाँ पहिले–श्रीवत्स चिह्नले उजियालो बनाएको, राम्रो, वाटुलो–फराकिलो छाती भएका, सुन्दर छाती, स्तन र कमल जस्तो हातले मनपर्दो भएका, कार्यव्यस्त, हर्ता–कर्ता र पालक, आनन्दस्वरूप–अविनाशी–नित्य र देवताहरूले पनि पूजा गरिएका दोला पर्वतमा विराजमान भगवान् विष्णु सबभन्दा ठूला देवता हुनुहुन्छ भनी चांगुनारायणको स्तुति गरिएको मंगलाचरणरूप चांगुका अभिलेखको पहिलो श्लोक हेरूं–

३. श्रीवत्साङ्कितदीप्तचारुविपुलप्रोद्वृत्तवक्षःस्थलः
४. श्रीवक्षस्तनपद्मबाहुरुचिरः सम्यक्प्रवृद्धोत्सवः
५. त्रैलोक्यभ्रमयन्त्रवर्ति विविधव्यासङ्ग नित्योव्ययः
६. दोलाद्रौ निवसं जयत्यनिमिषै रभ्यर्च्यमानो हरिः

राजा मानदेव कालीन (वि. सं. ५२१–५६२) प्रस्तुत अभिलेखका पंक्तिहरूमा अभिव्यक्त विचारबाट प्रभावित महाकवि भारवि हुन् भनेर उनको यो–

'सारा संसारको रक्षा गर्न तम्तयार भएका भगवान् हरि जस्तै राम्रो, जुनेलीरातका चन्द्रमाको किरण जस्तै उजियालो, मनग्गे दिने (दानी) अति जितवाजीको लालच राख्ने वीर अर्जुन नागराज (हिमालय पर्वत) जस्तै शोभिए[14]'– अभिव्यक्तिलाई अगाडि सारिएको बुझिन्छ ।

---

१३. पतत्सु शस्त्रेषु वितत्य रोदसी समन्ततस्तस्य धनुर्दुधूषतः
सरोषमुल्केव पपात भीषणा बलेषु दृष्टिर्विनिपातशंसिनी १४।४६

१४. जगती शरणे युक्तो हरिकान्तः सुधासितः
दानवर्षीकृतशंसो नागराज इवाबभौ १५।४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

कवि भारविद्वारा यहाँ 'नागराज' शब्दमा श्लेष पारी प्रयोग गरिएको छ। अत: यस शब्दद्वारा– हिमालय, ऐरावत (हात्ती) र शेषनागलाई लिई यस श्लोकको तीन अर्थ पनि गर्न सकिन्छ। जेहोस्, विद्वत्तापूर्ण प्रस्तुत श्लोकलाई कुनै रूपवाट पनि हामी महाकवि भारवि प्रमाणित छन् भनी उल्लेख गर्न सक्तैनौं।

८. महाकवि भारविले किरातार्जुनीयम्को १८ रौं सर्गमा शिव र अर्जुनका मल्लयुद्धको उल्लेख गरेका छन्। के. सी. ज्यूकै रायलाई समर्थन गरी हेर्ने हो भने पनि लिच्छवि कवि भारविका समकालीन अभिलेखमा मल्लयुद्ध गोष्ठीमा उल्लेख भएको केहि पनि देखिदैन, तर लिच्छविकाल मल्लयुद्धसँग परिचित थियो भन्ने कुरा चाहि लिच्छविकालका कतिपय अभिलेखहरूवाट बुझिन्छ। लिच्छविकालका रमाइला मनोरंजन– साधनहरू मध्ये कुश्ती पनि एउटा साधन थियो। त्यसताकका मानिसहरूको मोजमज्जाको मनोविनोद साधन– कुश्तीको आयोजना प्रवन्ध मल्लयुद्ध गोष्ठीले गर्दथ्यो होला भन्ने अडकल यी शिलालेखको आधारवाट गर्न सकिन्छ। तर लिच्छविकालीन समाजगत व्यावहारिक प्रसंगले गर्दा महाकवि भारविले शिव अर्जुनको मल्लयुद्ध आफ्नो महाकाव्यमा सिर्जना गरेका हुन् भन्नु स्वाभाविक छैन। मल्लयुद्धको चर्चा पौराणिक ग्रन्थहरूमा पनि प्रशस्त पाइन्छ। महाभारतमा भीमले मल्लयुद्ध गरेको कैयौं ठाउँमा वर्णन छ। अत: आफ्नो काव्यको मूल कथानक नै महाभारतीय लिने महाकवि भारविलाई लिच्छविकालीन गोष्ठीवाट प्रभावित भै मल्लयुद्धको चर्चा गरेका हुन् भन्नु सुहाउँदैन। यसैले यी विभिन्न साधारण तार्किक आधारहरूको भरले महाकवि भारवि र लिच्छविकवि भारवि अभेद हुन् भन्नु अथवा एउटै हुन् भनी आफ्नो राय पेश गर्नु मिल्दो र सुहाउँदो छैन।

कवि भारविको विद्वत्ता र लेखनशैलीको प्रसंगलाई लिई हामी अगामी परिच्छेदमा चर्चा गर्ने छौं। लिच्छविकवि भारवि बढी कीर्तिपिपासु थिए भन्ने कुरा चाहि माथि नै उल्लेख भइसकेको छ। सामान्य खानेपानीको धारामा समेत शिलालेख कपी यिनी– 'श्रीमानदेवनृपतिर्दुहितु: सुतेन' भनी लेखन लगाउँछन्। यदि यी महाकाव्यकार

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri

व्यक्तित्व समेत भएको भए किरातार्जुनीयम् जस्तो १८ सर्गे सुन्दर महाकाव्यमा कविको चिनारी (परिचय) नहुने सम्भावना नै थिएन। यसैले यी अलग– अलग व्यक्तित्व हुन् भन्ने कुरा स्पष्ट नै छ।

श्री हरिराम जोशीज्यूको तर्क अनुसार- यी मानदेव दौहित्र भारवि-द्वारा नै किरातार्जुनीयम् लेखिएको हो। यी पहिले हिन्दूधर्मावलम्बी, खान्दानी उच्च ओहदाका व्यक्ति थिए, पछि यिनी श्रमण (बौद्ध भिक्षु) हुन पुगे भन्ने बुझिन्छ। उहाँले यी श्रमण भएका कुराको प्रमाण वि. सं. ६५० तिर लेखिएको चांगुको राजा शिवदेव+अंशु-वर्माको अभिलेखको –

"... उत्तरतो मणिमतीम्पुरोनुसृत्य भारविश्रमणस्थान पूर्वतो .." भन्ने वाक्यलाई अगि सार्नु भएको छ।

"श्रमण" शब्दको अर्थ सामान्यतः बौद्धभिक्षुलाई बुझाउने कुरा सर्वप्रसिद्ध छ। नेपालमा बौद्ध धर्म कति पुरानो जमानादेखि चलेको हो, खास ठोकुवा गरी भन्न सकिदैन। यसको उपलब्ध ऐतिहासिक आधार लिच्छवि राजा वृषदेव (अन्दाजी चारौं शताब्दी) देखि केही प्रष्टिन सक्तछ। राजा जयदेव (द्वितीय) ले आफ्नो पशुपति अभिलेख (वि. सं. ७९२) मा बृषदेवलाई बौद्धधर्मका पक्षपाती भनी बयान गरेका छन्[१५]। त्यस्तै राजा अंशुवर्माको कालमा पनि बौद्धधर्म प्रति राम्रो सम्मान भएको बुझिन्छ। राजा अंशुवर्मा आफू शैव भए पनि बौद्धधर्मको आदरभाउ गर्दथे, जुनकुरा उनको अभिलेखमा उत्कीर्ण बौद्धचिह्न (धर्मचक्र र दुईमृग) ले प्रष्ट पारिरहेछन्[१६]। यसरी विचार गर्दा त्यस समय बौद्धधर्मको प्रचार तथा व्यवहार थिएन भन्न र कुनै भारवि नाउंका बौद्धभिक्षु थिएनन् होला भन्न पनि सकिदैन। तर ती व्यक्ति मानदेव दौहित्र भारवि नै हुन् वा अर्के हुन् त्यो किटान गरेर भन्नको लागि चाहिं प्रामाणिक आधार केही छैन।

---

१५. श्रीमान् बभूव वृषदेव इति प्रतीतो
राजोत्तमः सुगतशासन–पक्षपाती
– पशुपतिको द्वितीय जयदेवको अभिलेख।

१६. अंशुवर्माको वि. सं. ६६२ को बुंगमतीको अभिलेख।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

अर्को कुरा–यो "भारविश्रमण" पदको अर्थ नै सन्देहास्पद बुझिन्छ। जो कि यहाँ भार–विश्रमण अर्थात् भारी बिसाउने थलो (बिसौनी) भन्ने पनि हुनसक्तछ। जेहोस्, मानदेव दौहित्र भारवि जीवनको अन्तिम कालतिर बौद्ध भिक्षु भएको भएपनि केही आपत्ति छैन, तर यी दुवैमा अभेद भने काव्यगत आधारले हेर्दा हामी मान्न सक्तैनौं।

प्रा. घटराज भट्टराईज्यूले भने आफ्नो कृति (ग्रन्थ) "संस्कृतका अमर साहित्यकार" मा–"भारवि नेपाली हुन्" शीर्षकमा र 'मधुपर्क' द्वैमासिक पत्रिकाको "भारवि के नेपाली हुन् ?" लेखमा आधारहीन आफ्ना हल्का बुँदाहरू उल्लेख गर्नु भएको छ। के भने–सूर्यघाटको विजयवतीको अभिलेखलाई वि. सं. ४२७ बनाई तथा हाँडीगाउँको अभिलेखलाई वि. सं. ४७२ बनाउन पुग्नु भएको छ। फलतः भारवि-लाई पाचौं शताब्दीको मान्ने पक्षमा उहाँको मत देखिन्छ, अनि मानदेव दौहित्र र महाकवि भारवि एउटै हुन् भन्ने हो भने भारविलाई गुप्त-कालीन मान्नुपर्ने हुन आउँछ। भट्टराईज्यूको मत यहाँनेर भारविलाई पांचौं शदीको मान्ने रमेन्द्र मोहन वोसको पक्षपाती देखा पर्छ तापनि सवल आधारहरू चाहिं खास देखापर्दैनन्। भारविलाई पांचौं शताब्दीको, अनि मानदेव दौहित्र र महाकवि भारवि समेत भनी अभिन्न मान्ने हो भने त भारविलाई गुप्तकालीन भन्नु पर्ने हुन सक्तछ। यस भनाइले केवल उहाँको आधारहीन दुर्वल अभिव्यक्तिमात्र देखाउंछ। अरू उहांका खास प्रमाणगत उल्लेखनीय कुरा केही देख्न सकिंदैनन्।

अर्को कुरा–लिच्छविकवि भारविभन्दा महाकवि भारवि तीन चार दशक अगाडिका थिए कि भन्ने अडकल गर्नु पनि यहाँनेर त्यति अस्वाभाविक छैन। किनभने महाकवि भारविका नामको नै अनुकरण गरी लिच्छविकवि भारविको नाम राखिएको थियो कि भन्ने आशंका कता कता व्यूंतन्छ। यसरी सोच्ता यही महाकवि भारवि भारतीय विद्वान् भए यिनी निश्चय नै गुप्तकालीन थिए, अनि चक्चकीपूर्ण गुप्तहरूको राजधानी उत्तर भारत भएकोले संभवतः यिनी भारतको उत्तर प्रदेश तिरका थिए होलान्। अतः भारतको उत्तर प्रदेशबाट नेपालमा यिनको ख्याति र ग्रन्थप्रचार हुन त्यतिविधि गाह्रो भएन

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri

होला, अनि त्यसको लागि तीनचार दशकभन्दा बढी समय लागेन होला भन्ने अडकल हुन आउंछ। यदि महाकवि भारवि नेपालकै भए यो अन्तराल त्यतिविधि बढी पनि नहुन सक्छ।

यस बाहेक योगी नरहरिनाथको भनाइ पनि किरातार्जुनीयम् महाकाव्यका रचयिता मानदेव दौहित्र भारवि नै हुन् भन्ने पाइन्छ। योगीज्यूले द्वैतवन भनेको गण्डकी अंचल, तनहूँ जिल्लाको दमौली हो र यही भेकको धुँवाउने ढुंगा, साँगे नदी, वैरिणीघाट आदि धौम्य-मुनिको यज्ञक्षेत्र वस्तु हुन् भनेका छन्, अनि धौम्यमुनिको यज्ञधूमशिला नै धुवाउने ढुंगा हो, धौम्यमुनिसंगै दमौली (व्यासगुफा) आसपास पाण्डवहरूको महर्षि व्याससँग भेटघाट भएको थियो। यसपछि यहींबाट नै यक्षसाथ लागी पाशुपतास्त्र प्राप्तिको निति अर्जुन इन्द्रकील तर्फ लागेका छन्। इन्द्रकील काठमाडौं पाशुपत क्षेत्र अन्तर्गत सिद्धाचल पर्वत हो इत्यादि ऐतिहासिक घटनावलीलाई विषयवस्तु बनाई मानदेव दौहित्र भारविले कैलाशकूट राजभवनमा बसेर किरातार्जुनीयम् महाकाव्य रचना गरेका थिए आदि भनेर उल्लेख गरेका छन्[१७]।

यस्तै पण्डित रुद्रमणि अधिकारीले पनि दमौली द्वैतवन हो भन्ने आभास संकेत गरेका छन्। अनि यही दमौली क्षेत्र धौम्यमुनिको तपः-क्षेत्र हो र यही क्षेत्र अन्तर्गत पर्ने सांगनद (साँगेनदी) धौम्यशिला (धुवाउने ढुंगा) आदि पाण्डव पुरोहित धौम्य ऋषिका नै तपोनुष्ठान-का वस्तु हुन्–साङ्गश्रुतिका शान्तसहयोगी विषय हुन्। धौम्य मुनिले यहीं बसेर साङ्गश्रुतिको विश्लेषण गरेका थिए आदि भनी अधिकारी-ज्यूले उल्लेख गरेका छन्[१८]।

यसरी विभिन्न आधार र दृष्टिकोणले हेर्दा महाकवि भारवि र यी मानदेव दौहित्र लिच्छविकवि भारवि अलग–अलग व्यक्तित्व हुन् भन्ने कुरा

१७. योगी नरहरिनाथ शास्त्री, देवभूमि भारत एवं आध्यात्मिक नेपाल, शिव गोरखनाथ मन्दिर गिरनार–तलेरी, गुजरात २०३८ पृ. ४५

१८. पण्डित रुद्रमणि अधिकारी, संक्षिप्त साङ्गश्रुति परिचय, प्रकाशक स्वयम् वि. सं. २०२६, पृ. ५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

स्पष्ट हुन आउंछ। यहाँनेर यो कुरा भने विचारणीय छ–के भने महाकवि भारवि नेपाली प्रतिभा हुन् या हैनन् ? यस सन्दर्भमा अरू विशेष कुरा अन्वेषणीय नै छ। नेपाली जन–जीवन र थातथलो आदि सुहाउंदा खालका कतिपय कुराहरू उनको महाकाव्यमा छन् – त्यस आधारले हेर्दा यी नेपाली भूमि र जनजीवनसंग पनि राम्रो परिचित थिए भन्ने कुरा अनुमान हुन सक्तछ। अत: संभवत: यी प्रतिभा नेपाली नै पनि थिए कि ? यस प्रसंगमा अझै उनको महाकाव्यलाई अनुसन्धानीय दृष्टिले एक एक अध्ययन चिन्तन र विश्लेषण गरी राम्रो अनुसन्धान गर्नु पर्ने कुरा छ। बाहिरी बोक्रे बुंदा गफ र फलाकोको आधारमा केवल रहेमा ढुंगा फ्यांके झैं कुरा गर्नु कुनै विश्वसनीय र आधिकारिक मानिन्न। अत: यस प्रसंगलाई सुदृढ पार्न अझै भविष्यको निंति आशा राख्तै अहिले यहीं नै यस सन्दर्भगत छोटो गन्थन टुंग्याउंछौं।

□

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्यको परिवेशमा महाकवि भारवि

संस्कृत साहित्य: भारवि

संस्कृत साहित्यको क्षेत्रमा महाकवि भारवि उज्ज्वल नक्षत्रको रूपमा विद्यमान छन् । पूर्वीय विद्वान्हरूबाट मात्र हैन–"संस्कृत साहित्यमा कालिदास पछिको (दोस्रो) स्थान भारविको छ" भनेर पाश्चात्य विद्वान् कीथले पनि यिनको प्रशंसा गरेको पाइन्छ । भारविले आफ्नो परिपक्वतालाई ज्ञान, अनुभव र बौद्धिकतालाई काव्यशिल्प दिई राम्रो रूपमा चित्र उतारेका छन् । यसैले नै उनलाई संस्कृतजगत्मा उच्चस्थान प्राप्त गराएको छ ।

महाकवि भारविलाई अमर तुल्याउने एकमात्र कृति हो–"किरातार्जुनीयम्", जसको सामान्य परिचय माथि नै भैसकेको छ । यसलाई संस्कृत साहित्यमा बौद्धिक प्रधान ठूला तीन काव्य (बृहत्त्रयी) भित्र पहिलो स्थान दिई गणना गरिएको छ । निश्चय नै किरातार्जुनीयम् आफ्नै प्रकारको वैशिष्ट्यपूर्ण काव्य भएको र यसमा कविले परम्परागत आधार र शैली, प्रवृत्ति र पदयोजना आदिमा विशेष नवीनता र चतुरता देखाएको कुरा सर्वविदित छ । अत: यिनको महाकाव्यमा पाइने शैलीगत विशेषता हुन्–

(क) वर्णनात्मक गाम्भीर्य (माधुर्यअपेक्षा–वर्णनात्मक ओज सशक्त)
(ख) तार्किक प्रवाह,
(ग) शब्द–अर्थगत अलंकारको सपरिश्रमस्थापन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

यसरी बुझिन्छ–भारवि तल्लो तहको जनजीवनदेखि राजा तथा उच्च राजनीतिक व्यक्तिहरूको जनजीवन तथा चालचलनसंग राम्रो परिचित थिए। यिनीहरूसंगको वस उठले गरी भारवि राजनीतिक क्षेत्रमा राम्रो जानिफकार हुन पुगे। फलत: राजकाज तहमा हुने कूटनीतिक तत्वको पनि यिनलाई राम्रो अध्ययन भयो, ज्ञान भयो। यिनको ग्रन्थमा राजनीतिक सैद्धान्तिक विश्लेषण र लोकनीतिका वास्तविक तथ्यहरू मीठो रूपमा चाखिलो र घतिलो ढंगले प्रतिपादन गरिएका छन्। जो पाठक एवं श्रोता सबैलाई लोभलाग्दो उक्तिको रूपमा जन गलाको सिंगार हुन पुगेका पाइन्छन्। यस्ता लोकोक्ति प्रकारका "किरातार्जुनीयम्" का केही सूक्तिहरू –

"हितं मनोहारि च दुर्लभं वच:"
"सुदुर्लभा सर्वमनोरमा गिर:"
"वरं विरोधोपि समं महात्ममि:"
"न वंचनीया प्रभवोऽनुजीविभि:" इत्यादि।

यसैले सूक्ति वा जीवन सम्बन्धी नीतिको दृष्टिले हेर्दा भारवि संस्कृत साहित्यका सर्वोत्कृष्ट कवि हुन्। प्रगतिशीलवादीहरूको दृष्टिकोण अनुसार यदि कविता जीवन सम्बन्धी नीतिको प्रतिपादनकै निति हो भने भारविले यस विषयमा ठूलो सफलता हासिल गरेका छन्। अत: भारविको कवितामा कलात्मकताका सहज प्रवृत्तिको अपेक्षा जीवनतत्त्वको विविध प्रवाह अधिक देखिन्छ। जस्तो कि महारानी द्रौपदी राजा युधिष्ठिरलाई धरती वलवान्, निडर, पौरखी पुरुपहरूकै लागि हो "वीरभोग्या वसुन्धरा" भन्ने कुरा संझाउंछिन् अनि प्रतिज्ञा–सर्तिज्ञा केही नभनी तुरुन्त नै दुष्ट दुर्योधन माथि हमला गर्नु पर्छ। फूर्तिसंग लडी जितेर आफ्नो राज्य हात लगाउनु पर्छ। क्षत्रीहरूको निति शून्याइं नै सवयोक हो भन्दै महाराज युधिष्ठिरलाई यसरी हौसल्याउंछिन्–

विहाय शान्ति नृपधाम तत्पुन: प्रसीद सन्धेहि वधाय विद्विषाम्
व्रजन्ति शत्रूनवधूय नि:स्पृहा: शमेन सिद्धि मुनयो न भूभृत: १।४२

"महाराज, आफ्ना दुश्मनहरूको उछितो पार्ना निति शान्तिलाई टाढा पन्छाएर त्यो पहिलेको प्रसिद्ध क्षत्रिय तेज फेरि निकाल्नु होस्।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri

दुनियांदेखि पन्छिएका विषयभोगको केही वास्ता नगर्ने (निःस्पृह) ऋषि-मुनिहरू मात्र शत्रुको वास्ता नगरी शान्तिद्वारा नै सफलता हात लाउंछन्, किन्तु राजाहरू चाहिं शान्तिमात्र लिएर सफल हुन सक्तैनन् ।''

यसरी कवित्वमय भाषामा राजनीतिक तत्वको प्रतिपादन र जीवनपक्षको व्यावहारिकतालाई प्रष्ट उतार्न सफल कवि हुन्–भारवि । यिनले आफ्नो काव्यमा प्रशस्त छन्दहरूको प्रयोग गरेका छन्, तर पनि सफलतासाथ वंशस्थ छन्द[1] को यिनले उपयोग गरेको देखिन्छ । राजनीतिक विषयवर्णनको लागि आचार्य क्षेमेन्द्रले वंशस्थ छन्दलाई नै उपयुक्त बताएका छन्–''षाड्गुण्यप्रगुणा नीति वंशस्थेन विराजते'' । अतः राजनीतिक भारवि वंशस्थमा नै विशेष सफल छन् भन्नु पनि सुहाउंदो कुरा हो । यिनको वंशस्थ छन्दगत सफल र उपयुक्त प्रयोग देखी आचार्य क्षेमेन्द्रद्वारा यिनलाई राम्रो प्रशंसा गरेको पनि पाइन्छ[२] । खास गरी शास्त्रीय आधार-मा रही वर्णन सुहाउंदा छन्दहरूको प्रयोग गर्न सक्नु पनि कविगत वैशिष्ट्य हो, सो कुरा यिनको काव्यमा छ । यिनको महाकाव्यगत समष्टिरूपलाई लिई साधारणतः यिनका ग्रन्थको विषयगत विभाग हामी यसरी गर्न सक्छौं –

(क) चाखिलो राजनीतिक वर्णन
(ख) जीवनपक्षभन्दा राजनीति सिद्धान्त–प्राधान्य
(ग) काव्यात्मकता

यिनी जीवनपक्षको अन्तर्मर्मलाई कवितात्मक कला दिई काव्यमा उतार्न अत्यन्त सिपालु छन् । जीवनको पाइलै पिच्छे खड्किरहने वास्त-विकतालाई यिनको काव्यले सहज रूपमा घतिलो ढंगले टिपेको छ । यिनको काव्यमा त्यस्तो कुनै सर्ग छैन, जहां जीवनमूलक नीतिपक्षहरूको

---

१. जतौ तु वंशस्थमुदीरितं जरौ
– छन्दोमञ्जरी ।

२. वृत्तच्छत्रस्य सा कापि वंशस्थस्य विचित्रता,
प्रतिभा भारवेर्येन सच्छायेनाधिकीकृता
– सुवृत्ततिलक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

चर्चा र राजनीतिक वातावरणको प्रसंग नघुसेको होओस्। यिनी स्वयं अर्जुनको मुखद्वारा आफ्नो काव्यगत विषयवस्तुको चर्चा यसरी गराउंछन् -

"प्रसाद गुणले गर्दा रमाइलो, ठाउं-ठाउंमा ओजगुण भरिएको, सामाजिक पदशैली र गहिरो अर्थयुक्त, साकाङ्क्ष्य पदहरू–तर भाव बुझ्नलाई कुनै पनि पदको अध्याहार (खोजमेल) गर्न नपर्ने, मजबून खुलस्त भएको र कहिं पनि दोधारे कुराले नअल्मल्याएको हरएक तत्त्व युक्तिद्वारा नै निर्णीत भएकोले कुनै पनि शास्त्र (नीतिस्मृति आदि) को वास्ता नगर्ने स्वतन्त्र, विरोधीहरूद्वारा पनि खण्डन गर्न नसकिने हुंदा भनौं वेदको नै वचन जस्तो, छाल उठेको समुद्र जस्तो गंभीर, अर्थ सम्पत्ति (भावपूर्ण र नीति विशेष) ले गरी औदार्य भएको, ऋषिमुनिहरूको चित्तजस्तै शान्त र गरिमामय, भलाद्मीपन आदि गुणहरूले भरिएका वाक्यहरूको अन्तर्मर्म पहिल्याई कसले व्याख्यान गर्न सक्ला[३] ?"

केवल काव्यात्मक घटना र विषयवस्तुको परिधिभित्रमात्र नरही कवि भारवि यसरी ठाउंठाउंमा आफ्नो कवित्व तथा काव्यात्मक तत्त्वको समेत वास्तविकता प्रष्ट्याउंदै अगि बढेका छन्। किन्तु आफ्नो परिचय विषयक स्पष्टीकरण भने उनले कहिं पनि दिएका छैनन्। जेहोस्, भारविको कवित्वशैली संस्कृत साहित्यमा आफ्नै पनको अद्वितीय छ। यिनको कवित्व सम्बन्धमा ए. बी. कीथ लेख्तछन् –

"भारविको वर्णनशक्तिको सम्बन्धमा कुनै सन्देह छैन। सामूहिक रूपमा भन्ने हो भने यिनको शैलीमा एक प्रकारको शान्त गरिमा पाइन्छ, जो वास्तवमा आकर्षक छ। साथै यी प्रकृति तथा युवतिको सौन्दर्य निरीक्षण एवं चित्रणमा पनि सिद्धहस्त छन्"

यसरी आफ्नो समालोचनात्मक भनाइ प्रष्ट्याउंदै कीथले शान्त गरिमाको उदाहरण विशेष गरी किरातार्जुनीयको प्रथम सर्गका सिलोकहरूलाई प्रस्तुत गरेका छन्। परिष्कृत कविहृदय, गहिरो विद्वत्ता तथा राजनीतिज्ञता आदिले गर्दा शब्द अर्थ दुवै दृष्टिले भारविको काव्य अर्थ गौरवमय बन्न पुगेको छ। एउटै सिलोकको दुई–तीन अर्थ सफलसाथ

३. किरातार्जुनीयम्, सर्ग ८, श्लो. ३८–४१।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding

गरिन सक्नु, एउटै अक्षरको पूरा श्लोक बनाइनु आदि आदि कुराहरूले गर्दा भारवि नैसर्गिक कवि नभै बुद्धिवादी कवि हुन् र प्रयासपूर्ण शैलीका निर्मापक हुन्–अग्रणी हुन्–यही कुराको विषयमा यिनी आलोचक जगत्मा चर्चित छन् । उनीहरूको भनाइ छ –

कविता वनिता चैव सरसा स्वयमागता
बलादाकृष्यमाणा चेत् सरसा विरसायते ।

निश्चय नै बौद्धिक श्रमद्वारा निर्मित काव्यमा कवि हृदयको पक्ष (भावना) कमी हुने हुंदा त्यहाँ उस भाव र रमणीयताको खड्काउ अनुभव हुन सक्तछ, तर पनि कवि भारवि यस पक्षतर्फ सचेष्ट देखिन्छ । अनि आफ्नो काव्यलाई सम्पूर्ण र अलंकृत पार्न सजग छन् । उनले गरेको श्रम र हठको प्रसंगलाई लिई चित्रकाव्य र बन्धहरूको निर्माणमा भएको रसको अभावलाई भने आलोचकहरू चर्चा गर्दछन् ।

कविताहरूको बीच–बीचमा दोहोरिने अक्षरहरू उनी मिलाई लिपिको विन्यासद्वारा "खड्ग" "कमल" आदि पर्ने रचनाहरूलाई तत्–तत् चित्र वा बन्ध भन्ने गरिन्छ, अनि त्यस्तो रचनालाई "चित्रकाव्य" को पनि संज्ञा दिइएको पाइन्छ । त्यस्ता रचनालाई कतिपय बौद्धिक प्रधान काव्यकारहरू शब्दालंकारमा गणना गर्दछन् । फेरि भावुक साहित्यिक कलाकारहरू चाहिं त्यस्ता कविताबाट अर्थ बुझ्न कठिन भई राम्रोसंग साहित्यिक रसको मिठास पाउन नसकिने हुंदा त्यसलाई वास्तविकरूपले कवितामा र काव्यमा गिन्ति गर्न उचित मान्दैनन् । उनीहरूको भनाइमा त्यस्ता रचना वास्तविक कविता नभै पहेली (प्रहेलिका)[४] आदि झैं दिल बहलाउने मनोरञ्जनमात्र हुन् । वास्तवमा रस भरिएको दिललाई टप्प

४. बाहिर अर्कै अर्थ राखेर गूढ अर्को अर्थको जिज्ञासा भएको प्रश्नलाई "प्रहेलिका" भन्दछन् । यसका धेरै भेदहरू "विदग्ध मुखमण्डन" मा लेखिएका छन् । "सानुसानु प्याङ प्याङ भरी दाम् के हो ?" (खुर्सानी) यस किसिममा गाउंखाने कथाहरू पनि एक किसिमका प्रहेलिका जस्तै हुन् । (क) शब्दगत र (ख) अर्थगत गरी प्रहेलिका-लाई दुई रूपमा बांड्न सकिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

खिँच्ने सजीव कविता नभई काव्य हुंदैन र त्यस्ता छन्दोवद्धमात्र भएका मनोरंजक रचनाहरू काव्यांश मात्र हुन् काव्य चाहिं होइनन् भन्ने छ। यसरी आलोचकहरूवाट वन्ध वा चित्ररचनाहरूलाई उपेक्षात्मक तहमा राखिने आधार देखापरेको हुंदा हुंदै पनि भारविले यहाँ चित्रालंकारहरूलाई पनि स्थान दिएका छन् । सर्वतोभद्र, पादादियमक, पादान्तादियमक, गोमूत्रिकावन्ध, प्रतिलोमानुलोमपाद, प्रतिलोमानुलोमार्ध, द्व्यक्षर, एकाक्षर इत्यादि चित्रालंकार प्रयोग उल्लेख्य छन् । "किरातार्जुनीयम्" को पन्ध्रौं सर्ग यिनै आलंकारिकताको निदर्शन हो । यस्तो शव्दालंकारप्रियताले गर्दा असल कविमा पाइने सहज स्वाभाविकताको न्यूनपन अनुभूत हुन पुग्छ। वस्तुत: भावुकता कविहृदयको सहजगुण हो-यस सत्पक्षलाई शव्दालंकार विधानगत कृत्रिमशिल्पकारिताको सुसज्जाले अभिभूतपार्दै कविलाई आलंकारिक मार्गतर्फ डोऱ्याउन खोजेको आभास मिल्छ । जेहोस्, भारवि आफ्ना पूर्ववर्ती कविको अपेक्षा उन्मुक्त रूपले अलंकार प्रयोगमा संलग्न छन् र चित्ताकर्षक संयोजनमा सफल पनि छन् । अत: यिनी अलंकृत काव्य-शैलीका जनक मानिन्छन्, जसलाई उत्तरवर्ती कवि माघ, भट्टि, श्रीहर्ष आदिले अनुसरण गरेर गर्दैरहेछन् ।

यसरी कवित्व र रसपरिपाक सन्दर्भमा सोच्ता भारविमा आफ्नै खालको वैशिष्ट्य अनुभव हुन्छ । यस अलंकृत काव्यविधानस्थितिले गर्दा यिनी आफ्ना पूर्ववर्ती कविमार्गवाट अलग्गिदै निजी नवमार्ग निर्माणमा सचेष्ट भइरहेछन् । सहज रसग्राही भावुकपक्षको अपेक्षा भारविको यो अलंकृत शैली शिल्पप्रधान देखापर्छ । यसैले कवि कालिदास अपेक्षा भारवि भावपक्ष अपेक्षी छन् । यिनमा कवित्व प्रतिभाको उचाइ प्रखर र व्यापक छ । अत: यिनी कालिदासको हाराहारीमा छन् । समीक्षकहरूको भनाइ छ-भारवि कालिदासभन्दा कत्ति पनि कमी अनुभव हुन्नन् । हो, आफ्नो तह वा क्षेत्रमा भारवि निश्चित रूपले उत्कृष्टतामा छन् । यो समीक्षागत दृढता संस्कृत साहित्य आलोचक डा, हरदत्त शर्माको पनि देखापर्छ- "रसाभिव्यंजकताको दृष्टिले यदि कालिदासको काव्य अति उत्कृष्ट मानिन्छ भने शुद्ध कलावादिताको दृष्टिले भारवि नि:सन्देह कालिदासभन्दा अगि छन्" यस्तै-यस्तै अन्य कतिपय संस्कृत साहित्यको इतिहासकार, संस्कृत विद्वान्, आलोचक आदिको धारणा पनि देखा पर्छ । यसैप्रकारको

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding

एउटा उदाहरण–रात परिसकेको छ र भरखर चन्द्रोदय हुन थालेको छ– यस किसिमको ठूलो साँझको अवस्थालाई लिई गरिएको कवि कल्पना–

> उद्‌गतेन्दुभविभिन्नतमिस्रां पश्यति स्म रजनीमवितृप्त:
> व्यंशुकस्फुटमुखीमतिजिह्‌मां व्रीडया नववधूमिव लोक: ९।२४

'भरखर-भरखर विस्तारसंग चन्द्रमा झुल्किसकेका छन्, तर सारा अंध्यारो कालिमाले गर्दा अनौंठो रमाइलो लाग्दो यो छिनलाई घुम्टो हट्नाले मुखसंम देखिएकी, तर लाजले गर्दा झल्झलाउंदी र उजियाली चाहिं नभएको नयाँ दुलहीलाई सारा आफन्तहरूले हेरे झैं कति नअघाएर ट्वाल ट्वाल्ती गरी हेर्न थाले"

यिनको विशेष गरी पध्रौं सर्गमा गरिएको श्रमपूर्ण शिल्पविधान कार्यको सम्बन्धलाई लिएर ए. वी. कीथ लेख्तछन्–

"भारवि विकृतिका दोषभागी छन्–जसबाट कालिदास मुक्त छन् । विशेषत: पन्ध्रौं सर्गमा यिनले अत्यन्त मूर्खतापूर्ण ढंगमा अत्यधिक श्रम-साध्य चित्रकाव्यका रचनाको प्रयत्न गरेका छन्, जसले अलेक्जेन्ड्रियन् कविहरूको अत्यन्त कृत्रिमताको स्मरण दिलाउंछ ।"

वास्तवमा वनावटी, वलात्कार फांकीहरू तानतुन पारेको श्रमशिल्प तुकबन्दी कविता हैन । कवित्व त भावुकहृदयको सहज उद्‌गार हो–भन्ने लक्ष्यलाई संकेत गर्दै नेपाली साहित्यका महाकवि देवकोटा भन्दछन्–

"कविहरू त्यसरी गाउंछन्–जसरी चराहरू, नकि जसरी उस्ताद-हरू कसरत गर्दछन्" आदि ।

काव्य विषयक विश्लेषण र निर्द्धारण आ-आफ्नै धारणा र ढंगले धेरै काव्यशास्त्रीहरूबाट भएको छ । अनि काव्यात्मक लक्षण र आलोचना पनि प्रशस्त पाउन सकिन्छ । तर पनि स्पष्ट छ–कवि भारविको कविता आकर्षकताको साथै भावमय र शान्त गरिमाद्वारा प्रवाहित छ । सहजता हुंदा हुंदै शिल्पसमावेश छ, तर यसले सहजताको कुनै हानि पुऱ्याएको भने छैन । यसले विद्वत्समाजमा भारविको कविता अर्थ गौरवको दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

स्मरणीय मानिन्छ । जस्तै दुर्योधनका रजाइँको प्रशंसा गर्दै वनेचरको मुख-वाट सन्देशको रूपमा युधिष्ठिरलाई भनिएको एउटा उदाहरण–

कथाप्रसङ्गेन जनैरुदाहृतादनुस्मृताऽऽखण्डलसूनुविक्रमः
तवाभिधानाद्व्यथते नताननः सुदुःसहान्मन्त्रपदादिवोरगः । १।२४

"जस्तो मन्त्र जान्नेले पुकारिएको गरूड र वासुकीको नामयुक्त मन्त्र पदले गरुडको पुरुषार्थ संझी सर्पको नूर गिर्छ, अनि उ मुन्टो निहुराएर लल्याङ-लुलुङ फत्याक्क हुन्छ । त्यस्तै यदाकदा जनसमूहको बीच जब तपाईंको नाम कसैको मुखवाट निस्कन्छ, तब उ (दुर्योधन) फत्याक्-फुत्रुक हुन्छ । उसलाई अर्जुनका बाहुवलको संझना हुन थाल्दछ । केही सीप नलागी मुन्टो निहुराउंछ । जतिसुकै चइन भए पनि दुर्योधनको हृदय हरघडी तापले जलिरहेछ"

कवि भारविको काव्यमा यस किसिमका अर्थ गौरवपूर्ण उदाहरण दिन सकिने श्लोकहरू प्रशस्त छन् । साँच्ची नै उनले अर्थ गौरवको क्षेत्रमा अरुलाई त के कवि कालिदासलाई पनि उछिनेका छन् । यहाँनेर भारविका अर्थ गौरवको तात्पर्य हो–थोरै शव्दमा धेरै महत्त्वपूर्ण कुराहरू प्रस्तुत गर्न सक्नु । यसको विपरीत काव्यात्मक दुर्वोधता चाहिं होइन । निश्चय नै भारवि काव्यमा दुर्वोधतालाई स्थान दिने पक्षमा छैनन् । उनको अभिव्यक्ति –जस्तो वत्तीले सारा पदार्थ (वस्तु)लाई प्रकाशित गराउंदछ–त्यस्तै काव्य-द्वारा पनि अर्थदर्शन स्पष्ट हुनु आवश्यक छ भन्ने बुझिन्छ (२।३३) तर पनि काव्यमा प्रस्तुत गरिएको अर्थगौरवको भारले कविभारवि स्वतः वौद्धिकवादी वनिरहेछन् यो वास्तविकता चाहिं वेग्लै कुरा हो । यसैले यिनको काव्य कालिदासका काव्यहरूको अपेक्षा लवस्तरा टपर्टुइयाँ पण्डितजीहरुलाई अर्थ फुटाउन मुस्किल पर्ने देखिन्छ । यस्तो भएको हुंदा नै विद्वान् टीकाकार मल्लिनाथले भारविको काव्यलाई "नरिवलको फल" भन्ने उपमा दिएका छन्–

नारिकेलफलसन्निभं वचो भारवेः सपदि यद् विभज्यते
स्वादयन्तु रसगर्भनिर्भरं सारमस्य रसिकं यथेप्सितम् ।

"जसरी नरिवलको हाड यस्तो कडा वोक्रोलाई फुटाएर मात्र भित्र-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri Funding

का मिठा फलको स्वाद लिन सकिन्छ, त्यस्तै भारविका कविता पनि क्लिष्ट शाब्दिक अर्थ फुटाली भित्र पसे पछि मात्र रसिक पाठकहरू मनमाफिक असल मिठास लिन सक्तछन्''

साँच्ची नै नरिवलको रस जस्तै स्वादिलो गरी कविभारविका कविताको अर्थ गाम्भीर्य कैयौं ढंगबाट सुमधुर रूपमा छल्छलाएको पाइन्छ। एकातिर यिनका उदेकलाग्दा वन्धहरूमा यिनको बौद्धिक चमत्कार र काव्यशिल्प देखापर्दछ भने अर्कोतिर यिनका चित्तवुझ्दा रमाइला र घतिला कविताहरूमा नीतिशास्त्रको निचोड, व्यावहारिक अनुभवको यथार्थता, धार्मिक, नैपुण्य, सदाचार आदि जीवनमूलक पक्षको खारिएको तथ्य फेला-पर्दछ। यिनका काव्यात्मक पदहरू र वाक्यहरूमा यस्तो विद्वत्तापूर्ण शब्द सन्निवेश पाइन्छ–जसलाई फुटाल्न केवल रसिक व्यक्तिले मात्र काम चल्दैन–अपितु राम्रो पढेको र खारिएको विद्वान् नै हुनु आवश्यक छ। शब्द, रस, भाव र साहित्यिकता आदि काव्यको गरिमा र महत्तालाई बढाउने गौरवपूर्ण कतिपय कारणहरूले गर्दा नै यिनको काव्यले वृहत्त्रयीको गणनामा स्थान ओगटेको हुन सक्छ। जेहोस्, भारविमा विद्वत्ताको र वर्णनात्मक काव्य नैपुण्यको अनौठो संगम छ। यिनले शृंगारको कलात्मक पक्षलाई पनि आफ्नो काव्यचातुरीद्वारा अन्तिमरूप प्रदान गरेका छन्। जस्तो एउटा नमूना –

भयादिवाश्लिष्य झषाहतेऽम्भसि
प्रियं मुदानन्दयति स्म मानिनी
अकृत्रिमप्रेमरसाहितै र्मनो –
हरन्ति रामा: कृतकैरपीहितै: ८।४६

युवायुवति भएर जलक्रीडा गरिरहेको अवस्था छ –

"वासनाले उखर्माउलिएकी एउटी तरुनी पानीमा माछाले धक्याइ-दिदा मानौं डर माने झैं गरी प्रेमीलाई (वास्तवमा अंगालो हालौं नै भन्ने इच्छा भएर) मसक्क अंगालो हाल्न पुगी। जसले गर्दा तन्नेरी केटाले पनि मज्जा नै मान्यो। साँच्ची नै तरुनीहरू स्वाभाविक प्रेमरसबाट निस्केको; तर बनावटी हाउभाउ, नखरा आदिले पनि तन्नेरीहरूको मनलाई भुतुक्क पार्दछन्''

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

यसरी कविभारवि केवल नारीहृदयको वासनात्मक अनुभूतिलाई मात्र अष्ट्याउन सफल छैनन् अपितु बाहिरी शारीरिक चित्रणमा पनि खप्पीस पाइन्छन्। यिनले गरेको नारी–शरीरको हरएक वर्णन घतिलो–मार्मिक र रमाइलो छ (सर्ग ८: श्लोक २१–२६) भारविको सफल कलमले विषय बनाएको मानवजीवनको अन्तस्तल वा प्रकृतिको दिव्यछटा जुनसुकै विषयमा होस्–गहिरिई हरएक वर्णनको नजिक पुग्न कोसिस गर्ने हो भने यिनी कविकालिदासभन्दा त्यति धेरै टाढा पुगेको जस्तो लाग्दैन। प्रकृति चित्रणको क्षेत्रमा पनि यिनी धेरै सिपालु छन्। यिनको पदविन्यास र उपमा चातुरी अद्वितीय छ। यही शब्द संयोजन कुशलताले गर्दा नै यिनी नवनिर्माणमार्गका जनक बन्न पुगेका हुन्।

यिनको संस्कृतमहाकाव्यमा पाइने शरद ऋतुको वर्णन ज्यादै उद्दामछटा र मनमोहक चित्रणले व्याप्त छ। शरद् ऋतुलाई पूर्वीय साहित्य-कारहरूले विभिन्न कोणबाट हेरेका छन्, कल्पना गरेका छन्। कवि कालिदासले आफ्नो "ऋतुसंहार" काव्यमा शरद्‌लाई नवबधूको रूपमा उभ्याई यसको वर्णन सुरुआत गरेका छन्:

"आपक्वशालिललितातनुगात्रयष्टिः प्राप्ता शरन्नववधूरिव रम्यरूपा"

त्यस्तै नेपाली कविशिरोमणि लेखनाथले "ऋतुविचार" (१९७३) मा शरद्‌लाई सुखधामको समय बताउँदै मानौं ऋतुहरूकी मालिक्नी नै जस्ती भनी उत्प्रेक्षा गर्न पुगेका छन्:

"नसर्दी छ, न गर्मी छ, न वर्षा छ, न घाम छ,
अपूर्व यो शरद् काल सबैको सुख–धाम छ।
वर्षा जाँगरिली दासी धोई–पोती–लिपी चली
शरद् मालिक्नी जस्ती गर्न थाली ढली-मली।

(शरद्: २२, १९)

त्यस्तै यसलाई कतिले "महकदार रमणी" भनी वर्णन गर्न पुगेका छन् त कतिले "प्रकृतिपरी" भनेका छन्। यसरी संस्कृत परम्परावादी कविहरू शरद् ऋतुमा हुने लोभलाग्दो परिवर्तनलाई स्वतन्त्रतासाथ विभिन्न ढंगले आफ्नो काव्यमा वर्णन गर्न पुगिरहेछन्। प्रकृतिले नै रमाइलो वातावरण प्रदान गरेको शरद् ऋतु निश्चयनै कविहरूको दृष्टिमा विविध स्वरूपमा

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri

उपस्थित हुन पुग्दछ । शरद्‌कालीन वातावरणको सिलसिलामा भएको महाकवि भारविको नवीनतम दृष्टि र भावनात्मक विन्यास पनि यस सन्दर्भमा स्मरणीय छ । यिनको काव्यात्मक कोटीको यो रमाइलो वर्णन–कौशल, नयाँ–नौलो र अनौठो उपमा प्रयोग आदिले यिनलाई उपनाम समेत प्रदान गर्न सफल भइरहेछ । संस्कृत काव्यहरूको लर्कोमा बृहत्त्रयी (किरात, शिशुपालवध, नैषध) काव्यहरू अन्तर्गत अन्यतम काव्यकारको रूपमा आउने भारवि यस नवीनतम उपमाले गर्दा दीपशिखा कालिदास, घण्टामाघ, भनिए जस्तै "आतपत्र भारवि" कहलाउन पुगेका छन् । यिनलाई यो उपनाम शरद्‌कालिक वातावरण प्रसंगमा वर्णित यिनको अनौठो उपमाद्वारा प्रभावित र मुग्ध कतिपय साहित्यिक विद्वान्‌हरूद्वारा दिइएको हो । यो अनौठो कल्पना भएको प्रभावकारी कविता यसप्रकार छ:

उत्फुल्लस्थलनलिनीवनादमुष्मा –
दुद्धूतः सरसिजसम्भवः परागः
वात्याभिर्वियति विवर्तितः समन्ता –
दाधत्ते कनकमयातपत्र–लक्ष्मीम्, ५।३९

"ढकमक्क थलकमल फुलेको वन छ, हावाको झोक्काले देखिइरहेको थलकमलको सुगन्धित सुनौला परागको मुस्लो उठाई आकाशमा जतासुकै फैलाई दिइरहेछ, जसबाट सुनौला कमल परागको मुस्लो आकाशमा फैलदा मण्डलाकार बनी सुनौला छाताको शोभा पाइरहेछ" ।

(ख) भारविमा पूर्ववर्ती कविहरूको प्रभाव:–

संस्कृत साहित्यको काव्य परम्परामा आदिकवि वाल्मीकिको काव्य "रामायण" र व्यासको "महाभारत" लाई उपजीव्यकाव्यको रूपमा ग्रहण गरिँदै आएको देखिन्छ । कारण उत्तरवर्ती साहित्यकारहरूमा प्रेरणा र उद्‌बोध प्रदान गर्दै काव्यात्मक प्रभाव जमाउन सक्ने शाश्वत तथा महिमाशाली रचनाको रूपमा यी महान् कृतिहरू विश्व प्रसिद्ध देखापरिरहेछन् । अतः यिनै दुई प्रथम महाकाव्यको धरातलमा रहेर नै काव्यात्मक आधार, शिल्पसौन्दर्य र भावग्रहण गर्दै संस्कृत साहित्यको क्रममा विभिन्न काव्यकृतिहरू देखापरेको हामी पाउँछौं । खासगरी संस्कृतका उत्तरवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

काव्यहरूको अधिकांश मूल आधार नै यी महाकाव्यहरूको धरातलमा रहेको छ। संस्कृतका लक्षणग्रन्थहरू पनि यिनै महाकाव्यहरूको आधारमा रचना नै गरिएका बुझिन्छन्। कतिपय काव्यशास्त्रीहरूले त महाकाव्यको लक्षण प्रसंगमा महाभारतीय कथावस्तु हुनु आवश्यक छ भनेर समेत उल्लेख गरेको पाइन्छ[५]। जेहोस्, संस्कृतकाव्यकारहरू विशेषत: महाभारतीय कथावस्तुको आधार र रामायणीय भावभूमि तथा काव्यशैली ग्रहण गरी काव्य रचनामा प्रवृत्त भएको अनुभव हुन्छ। कालिदास, अश्वघोष. भारवि, माघ आदि काव्यकारहरूले आ-आफ्नो महाकाव्यहरूमा काव्यात्मक रूप-विधान, शिल्पतत्त्व र अलंकारयोजना, वर्णन र प्रकृति चित्रण आदि सारा कुराहरूको आधार नै रामायण तथा महाभारतलाई बनाएको कुरा स्मरणीय छ। यसैले संस्कृतका काव्यधाराको प्रसंगमा यी दुई काव्यकृतिहरू "उप-जीव्य काव्य" ले समादृत बन्दै आधारस्तम्भको रूपमा सदा विद्यमान छन्।

कवि सूक्ष्मदर्शी प्रतिभा हो र उसको हृदयमा असाधारण भावना जागृत भै रहेको हुन्छ। कवि प्रतिभालाई एकातिर प्रकृति र कलाले प्रभावित पार्दछन् भने अर्कोतिर लोकजीवनले पनि आफ्नै रूपमा समाहित गरिरहेको हुन्छ। यसैले कलापारखी प्रतिभा प्रकृति र कलाबाट प्रभावित बन्दै लोकजीवनको अध्ययनसाथ काव्यरचना प्रति अग्रसर हुने कुरा स्वाभाविक छ। फेरि कवि प्रतिभा आफ्ना अग्रज कवि कलाकारहरूका शाश्वत रचना-हरूबाट पनि प्रभावित बन्न पुग्दछन्। निश्चय नै जुनसुकै पनि साहित्यिक कृति शिक्षित,साहित्यप्रेमी पाठकद्वारा ग्रहण गरिने वस्तु भएकोले यसको प्रभाव उत्तरवर्ती कवि कलाकारका काव्यरचनाहरूमा प्रत्यक्ष–अप्रत्यक्ष कुनै रूपमा पर्न सक्नु अनौठो होइन। अत: प्रस्तुत कृति "किरातार्जुनीयम्" पनि आफ्ना पूर्ववर्ती अग्रज कवि प्रतिभाहरूका कृतिबाट प्रभावित हुनु स्वाभाविक हो। मूलत: यो काव्य आफ्नो रचनास्रोत महाभारत वनपर्व (अध्याय २७–४१ संमको) बाट विषयवस्तुमा मात्र नभै रचनागत तहमा समेत विशेष प्रभावित छ यहां महाभारतीय कथावस्तुलाई काव्यात्मकरूप दिन कतिपय कुराहरू कविकल्पनाद्वारा परिवर्तित छन्। त्यस्ता घटना

५. दण्डी–काव्यादर्श,

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri. Funding:

बाहेक महाभारतीय कथामा नै आश्रित किरातार्जुनीयम् महाकाव्यात्मक ग्रंक चाहिं महाभारतका भाव तथा विचारहरूबाट विशेष प्रभावित छ ।

'किरातार्जुनीयम्' महाकाव्य अन्तर्गत पाइने द्रौपदीको सारपूर्ण साग्रह उक्ति (१ सर्ग) भीमको ओजपूर्ण भनाइ (२ सर्ग) युधिष्ठिरको नीतिकथन (२ सर्ग) व्यास आगमन र सल्लाह (३ सर्ग) किरात-अर्जुन युद्ध (१७ सर्ग) आदि विषयवस्तुहरू महाभारतबाट विशेष प्रभावित छन् । द्रौपदी भन्दछिन्–

दान्तं यच्च समामठ्य आसनं रत्नभूषितम्
दृष्टा कुशवृषीं चेमां शोको मां प्रदहत्ययम्, वनपर्व २७।११
अभोजयन्त मिष्ठान्नैः सूदा परमसंबृतैः
सर्वांस्तानद्य पश्यामि वने वन्येन जीविनः वनपर्व २७।२३

यस्तै 'किरातार्जुनीयम्' काव्यमा–

अनारतं यो मणिपीठशायिना वरं जयद्राजशिरः स्रजां रजः
निषीदतस्तौ चरणौ वनेषु ते मृगद्विजालूनशिखेषु वर्हिषाम् ।
पुरोपनीतं नृप, रामणीयकं द्विजातिशेषण यदेतदन्धसा १।४०
तदद्यते वन्यफलाशिनः परं परैति कार्श्यं यशसा समं वपुः १।६६

फेरि द्रौपदीका सारा भनाइहरूलाई समर्थन गर्दै देवता सहित भएका इन्द्रले असुर उपर आक्रमण गरेझैं पराक्रमी, धनुर्धारी वीर-वीर भाइहरू सहित भएर हजुरले दुर्योधन उपर आक्रमण गरी राज्यैश्वर्य लिनुहोस् भन्दै भीमसेन महाराज युधिष्ठिरलाई ओजपूर्ण शब्दमा प्रेरणा गर्छन् आग्रह गर्छन्–

वाचयित्वा द्विजश्रेष्ठानद्यैव गजसाह्वयम्
अस्त्रविद्भिः परिवृतो भ्रातृभिर्दृढ धन्विभिः
आशीविषसमैर्वीरैर्मरुद्भिरिव वृत्रहा
अमित्रांस्तेजसा मृद्नन्नसुरानिव वृत्रहा
श्रियामादत्स्व कौन्तेय ! धार्तराष्ट्रान्महाबल !
वनपर्व ३३।८५–८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

यस्तै भावमा आधारित 'किरातार्जुनीयम्' को भीमोक्ति–

कुरु तन्मतिमेव विक्रमे नृप ! निर्धूय तमः प्रमादजम्
ध्रुवमेतदवेहि विद्विषां त्वदनुत्साहहता विपत्तयः किरात २।२२
द्विरदानिव दिग्विभावितांश्चतुरस्तोयनिधीनिवायतः
प्रसहेत रणे तवानुजान् द्विषता कः शतमन्युतेजसः किरात २।२३

यस्तै महाकाव्यरचना प्रसंगमा समावेश गरिने ऋतुवर्णन, वनेली प्रकृति, लताकुंज आदिको साथै किरात– अर्जुन लडाइँ, तपस्यावर्णन आदि काव्यात्मक सिलसिलाका वर्णनात्मक कतिपय कुराहरू महाभारत तथा किरातार्जुनीयम् दुवै रचनाहरूमा साम्य देखापर्छन् । हो किरातार्जुनीयम्को मूलस्रोत नै महाभारत भएकोले यहाँको समतालाई पाठकहृदयमा स्वाभाविक जँच्नु औचित्य हो । निश्चय नै भारवि अध्ययन र चिन्तनशील प्रतिभा थिए, जसले गर्दा पूर्ववर्ती ऋषिहरूका अध्ययनपूर्ण चिन्तनको साथै काव्यकारका कृतिहरू पनि राम्रो अध्ययन गरेका थिए । यसैले उनका ग्रन्थहरूमा ठाउँ– ठाउँमा विविध रसास्वादनको साथै कतिपय साम्य अभिव्यक्तिहरू समेत पाउन सकिन्छन् ।

यस्तै महाकवि कालिदास, अश्वघोष जस्ताका महाकाव्यात्मक कृतिहरूको प्रभाव पनि यहाँ केही न केही हदमा देखापर्न सक्छ । कालिदासको हिमालयवर्णन, शरद्वर्णन, सुरसुन्दरीहरूको रसरंग– केली वर्णन आदिबाट भारविरचना प्रभावित जस्तो अनुभव हुन्छ । यस्तै कालिदासका रचनाहरूसँग भावसाम्य देखापरेका भारविका कतिपय फुटकररूपका प्रसंगहरू पनि छन्, जस्तै–

सरसिजमनुविद्धं शैवलेनापि रम्यं
मलिनमपि हिमांशोर्लक्ष्म लक्ष्मीं तनोति
इयमपि च मनोज्ञा वल्कलेनापि तन्वी
किमिव हि मधुराणां मण्डनं नाकृतीनाम् शाकुन्तल–१.२०

यस्तै भावमा अनुप्राणित–

विपत्र लेखा निरलक्तकाधरा
निरंजनाक्षीरपि बिभ्रती: श्रियम्

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri Funding.

निरीक्ष्य रामा बुबुधे नभश्चरै–
रलंकृतं तद् वपुषैव मण्डनम् ।

–किरात ८।४०

यस्तै विद्वान् वराहमिहिर (   )ले पनि 'वस्तुत: सुन्दरीहरूले नै गहनाहरूको शोभा (उत्कर्ष) लाई बढाएका हुन्छन्, नकि गहनाहरूले सुन्दरीहरूको शोभालाई' भनी उल्लेख गरेका छन्, उनको भनाइ छ–

रत्नानि विभूषयन्ति योषा
भूष्यन्ते वनिता न रत्नकान्त्या
चेतो वनिता हरत्त्यरत्ना
न रत्नानि विनांगनांगसंगात्

(वृ.सं. ७४।२)

अश्वघोषको बुद्ध चरितको दोश्रो सर्गमा पाइने बुद्ध जन्म पश्चात् राज्यमा देखापरेको सहकाल र सुधार आदिका बयानको प्रभाव वनेचरद्वारा भएको दुर्योधन राज्यको बयानसंग साम्य राख्न खोज्छ । त्यस्तै नगरवासी सुन्दरीहरू र नागरिक रमझम अर्जुनको तपोवनमा देखापरेका परीहरूसंग मिल्ने प्रकारको छ । यस्तै ग्रामीण जीवन र तपोवन आदिको वर्णनमा पनि समधर्मता देख्न सकिन्छ ।

यी उपर्युक्त चर्चित ग्रन्थहरू वा ग्रन्थकारहरू हुन्– संस्कृत साहित्य परम्परामा महानुस्थान ओगट्ने भारवि पूर्वका । हो, कुनै पनि साहित्यिक हृदयमा आफ्ना अग्रज काव्यकारहरूका रचना पढ्दा कुनै न कुनै प्रकारको प्रभावले स्थान ओगट्न पुग्नु स्वाभाविक हो । यसैले यस प्रकारको स्वाभाविकता भारविहृदयमा पनि पर्नु कुनै अनौठो होइन । तर पनि यी पूर्ववर्ती कविहरूका रचनाहरूको आधारमा नै भारविको महाकाव्य विरचित वा सीमित छ भन्ने धारणा चाहि भने यो होइन । फेरि किराता- र्जुनीयम् महाकाव्य निर्माणका आधार नै यी पूर्ववर्ती काव्यकार हुन् भन्ने आशय पनि यो होइन । के हो त भने महाकवि भारविले यी आफ्ना अग्रजहरूका रचनाहरू अध्ययन गर्ने सौभाग्य पाएका थिए भन्ने अनुमान मात्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

(ग) बौद्धिक प्रधान संस्कृतकाव्यधाराका प्रयोक्ता

महाकवि भारवि संस्कृत साहित्यको क्षेत्रमा बौद्धिकता प्रधान नयाँ प्रयोगको प्रारम्भकर्ता व्यक्तित्वको रूपमा चर्चित छन् । नयाँ शैली र बौद्धिक चेतमा संचारित संस्कृतकाव्यधारा यिनको समयबाट नै विस्तारै बौद्धिक उचाईमा आरोहण गर्न थाल्दछ । जसले गर्दा यसको सहजभावना कता-कता गौण बन्न पुग्दछ । अतः आजको परिप्रेक्ष्यमा आई हेर्दा संस्कृत काव्यसाहित्य विकासको युगलाई मोटामोटी किसिमले यसरी तीन चरणमा विभक्त गर्न सकिन्छ ।

(क) सहज युग,
(ख) बौद्धिक युग,
(ग) चरम बौद्धिक युग,

क) भारतवर्षीय जीवनगत व्यापकतालाई प्रतिनिधित्व गर्ने प्रतिनिधि महाकाव्य हो- आदिकवि वाल्मीकिको रामायण । भारतवर्षका मूल्यवान् निधि रामायण तथा महाभारत ग्रन्थगत आख्यान- उपाख्यानमय वर्णनको आधार वा प्रभाव नै संस्कृत महाकाव्यहरूको उद्भवरूप हो । अतः यी संस्कृतका उपजीव्य काव्य मानिन्छन् । यिनमध्ये रामायण सहज सुललित काव्यात्मक शैलीद्वारा संस्कृत महाकाव्यको आधार रूप आदिम ग्रन्थ बनेको छ । यही आदिकवि वाल्मीकीको 'रामायण' पश्चात् संस्कृत साहित्यमा देखापरेका उल्लेखनीय महाकवि भास, कालिदास, अश्वघोष आदि कविहरू सहज र स्वाभाविक शैली तथा अभिव्यक्तिमा मग्न पाइन्छन् । यी सहज कविहरूका रचना स्वाभाविक र औचित्यपूर्ण कल्पनाको छटाले सिंगारिएका भाषा र भावना, शब्द र अर्थ आदिको सन्तुलित सन्निवेशद्वारा मुखरित छन् । अतः आज भोलि समेत यस युगका यी कवि र कविता शाश्वत छन्, लोकप्रिय छन् । यो सहज शैलीद्वारा एक युगसम्म निर्वाधरूपले व्याप्त देखापर्छ ।

ख) दोश्रोयुगका प्रारंभकर्ता कवि हुन्- भारवि । यिनलाई यस बौद्धिक युगको सूत्रपातकर्ता महान् व्यक्तित्वको रूपमा संस्कृत साहित्यका इतिहासकारहरूले उल्लेख गरेका छन् । भारविले कविता सम्बन्धी आफ्नो विचार

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

र वास्तविकता प्रस्तुत गरी यसलाई दैवी प्रतिभा मान्दा मान्दै पनि कविका ज्ञानराशिको बहुज्ञता प्रदर्शित गर्ने साधनको रूपमा प्रस्तुत गरिरहेछन् । अत: उनी कलाभन्दा भावको पक्षपाती देखापर्छन्, अनि कालिदास चाहिं शब्द– अर्थ दुवै तत्त्वको पक्षपाती छन् । यसैले उनी शब्दार्थ प्रतिपत्ति निम्ति पार्वतीपरमेश्वरको प्रार्थना गर्छन् ।* तर भारवि शब्द– अर्थ दुवै तत्त्वको समान रूपले सौष्ठव र समृद्धि भर्ने पक्षमा देखिन्नन् । उनी आफ्नो अभिव्यक्तिलाई रसमय– व्यापक अर्थवान् बनाउने पक्षमा छन्, भावपक्षपाती छन् । उनी भन्दछन्– 'प्रसन्नगम्भीरपदा सरस्वती' (१४।३)

यसप्रकार यिनले काव्य साहित्यलाई विद्वत्ता र बौद्धिक प्रखरताको प्रदर्शनस्थलको रूपमा उभ्याई वाल्मीकि, कालिदास हुँदै आएको काव्य-साहित्यको कलात्मक ललितप्रवाहलाई अर्कै रूपमा परिवर्तित गर्न पुगे । जसले गर्दा उनको काव्यमान्यता रीतिवादीधारामा प्रवाहित हुनपुग्यो ।[६] निश्चय नै तात्कालिक समाज, राजनीतिक परिस्थिति, विलासमय वातावरण आदिले गर्दा कविहृदयमा पनि मनोरंजनात्मक लौकिक कृत्रिमताको प्रभाव गर्नु स्वाभाविकै हो । यसैले गर्दा क्लिष्टार्थक रचनाहरूले र चक्र, मुरज, खड्ग, गोमूत्र आदि विभिन्न बन्धहरूले महाकाव्यमा स्थान पाउन थाले । फलत: बौद्धिक चित्रात्मक मनोरंजनमय रचनाले नै विद्वन्मण्डलीलाई आकर्षित गर्न पुग्यो । जसले गर्दा उत्तरवर्ती कविहरूले यही बौद्धिक प्रधानशैलीलाई अझ बढाउंदै लगे ।

ग) संस्कृत साहित्य–विकासको तेश्रो चरणतिर आएर बौद्धिक प्रवाहले निकै मौलाउने कार्य गरेको देखापर्छ । श्रीहर्ष (१२ शताब्दी) जगन्नाथ (१७ शताब्दी) कालमा आई संस्कृत काव्य साहित्य बौद्धिक प्रधान, शब्दाडम्बरपूर्ण हुनपुग्यो । विस्तारै काव्यसाहित्यमा हुने भावना र सहजताको स्थान उक्तिवैचित्र्यले ग्रहण गर्न थाल्यो । लालित्यमय हार्दिक भावनाको मञ्जुलता काव्यहरूमा देखापर्न खोजे पनि कवितालाई बौद्धिक प्रधान

---

* शब्दार्थाविव सम्पृक्तौ शब्दार्थ– प्रतिपत्तये
जगतः पितरौ वन्दे पार्वती– परमेश्वरौ (रघुवंश १।१)

६. विशिष्ट पद रचना रीतिः, विशेषो गुणात्मा
– वामन, काव्यालंकारसूत्रवृत्तिः ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विद्वत्ताको आवरणले छोप्न खोज्नु, काव्यलाई लगनशील भई गुरुमुखबाट नपढीनहुने गरी[७] गहन र क्लिष्ट पार्ने प्रयास हुनु आदिजस्ता प्रयास नै उत्तरोत्तर आरडर देखापर्न थालेको संस्कृत काव्यसाहित्यको ह्रासोन्मुखताको अन्यतम कारण हो भन्नु त्यति अस्वाभाविक छैन ।

यस प्रकार संस्कृत काव्यसाहित्यको गतिमा नवीनतम बौद्धिक प्रधानधारालाई सूत्रपात गर्न विद्वान् कविको रूपमा महाकवि भारवि सर्वमान्य छन् । अनि यो धारा श्रीहर्षमा आई बौद्धिक प्रगाढता र विराट् कल्पनामा सल्बलाएको अनुभव हुन्छ ।

(घ) 'किरातार्जुनीयम्' को परवर्ती काव्यमाथि प्रभाव

महाकवि भारविको विलक्षण प्रतिभा, गहिरो अध्ययन र सारपूर्ण अभिव्यक्ति सर्वमान्य छ। यिनको प्रभावकारी कवित्वमय लालित्य र बौद्धिकपूर्ण कलात्मक विनोद आदि काव्यधारको प्रभाव आ– आपनै रूपले परवर्ती कविहरूमा परेको अनुभव हुन्छ । संस्कृत साहित्य समीक्षकहरूको रायमा त संस्कृत काव्यधाराका नयाँ शैली प्रवर्तक प्रतिभा नै भारवि हुन् भन्दै यिनको गौरवमय कवित्वशैलीलाई श्रौल्याउंछन् । जेहोस्, यिनको महाकाव्यबाट प्रभावित साहित्यकारहरू प्रशस्त छन् । खासगरी उत्तरवर्ती कविको रूपमा 'भट्टिमहाकाव्य' का रचयिता महाकवि भट्टिस्वामी (सातौं शदीको उत्तरार्द्ध) 'जानकी हरण' महाकाव्यका रचयिता महाकवि कुमारदास (सातौं शदीको अन्तिमचरण) 'शिशुपालवध' महाकाव्यका रचयिता महाकवि माघ (आठौं शदीको पूर्वार्द्ध) प्रभावित देखापर्छन् ।

यी महाकाव्यकारहरू मध्ये भट्टिस्वामी, कुमारदास आदि कविहरूले भारविको शैली र अलंकृत काव्यधाराको अनुसरण गरिरहेछन् भने माघले चाहिं भारविका काव्यकलाको विशेष अनुकरण गर्न पुगेको अनुभव हुन्छ । संस्कृतसाहित्यका इतिहासकारहरूको भनाइ छ– पूर्ववर्ती यी कविहरू मध्ये पनि माघको भारविसंग विशेष प्रतिस्पर्धा थियो । उनी आफ्नो

७. ग्रन्थग्रन्थिरिह क्वचित्क्वचिदपि न्यासि प्रयत्नान्मया
प्राज्ञम्मन्यमना हठेन पठितिमास्मिन्खलः खेलतु
–श्रीहर्ष ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

साहित्यिक प्रखरताभित्र भारविको प्रतिभालाई तिरोहित गर्न चाहन्थे। यसैले उनले आफ्नो नाउँ पनि भारवि (सूर्यतेज) लाई मन्द गराउने समय माघ (जाडोसमय) उपनाम प्रचारित गराएका हुन् भन्ने किंवदन्ती छ। जेहोस्, भारविको प्रभाव माघको शिशुपालवधमा प्रशस्त छ। किन्तु प्रभावित भएर पनि माघ आफ्नो महाकाव्यलाई 'किरातार्जुनीयम्' भन्दा राम्रो बनाई आफू जसिलो बन्न र विशेष ख्याति लिने सुरमा छन्। अतः माघले किरातार्जुनीयम्लाई राम्ररी पढी, आधार बनाई यसलाई प्रतिहत गर्ने आशयले शिशुपालवध प्रस्तुत गरे, जो प्रौढ र तीव्रकाव्यको रूपमा देखापरिरहेछ। यसैले माघका प्रशंसकहरूबाट भनिएको छ–

"उपमा कालिदासस्य, भारवेरर्थगौरवम्
दण्डिनः पदलालित्यं माघे सन्ति त्रयोगुणाः"
'तावद्भा भारवेर्भाति यावन्माघस्य नोदयः"

यस्तै अन्य कतिपय आलोचकहरूद्वारा भारवि र माघको तुलना प्रसंगमा उल्लेख गरिएको छ–"तावद्भा भारवेर्भाति यावन्माघस्य नोदयः"। यी आलोचनात्मक दृष्टिकोणहरू आ-आफ्नै रूपका छन्। अतः यी समीक्षा-प्रकारका उक्तिहरू एकाङ्गी रूपका देखापर्दछन्। महाकवि माघ आफ्ना अग्रज कवि भारविलाई उछिन्ने र उनको भन्दा उपल्लो तहको गहन र भावपूर्ण काव्य बनाउने आदि जस्ता प्रतिस्पर्द्धात्मक लक्ष्यले गर्दा काव्यगत सहजताबाट कताकता चिप्लिएका जस्ता प्रतीत हुन्छन्। यसैले शिशुपालवध शब्दजञ्जालपूर्ण गहन बौद्धिकवादी काव्य बन्न पुगेको छ। अतः यो क्लिष्ट र प्रयासपूर्ण अनुभव हुन्छ। कतिपय संस्कृत आलोचकहरूको भनाइ छ – "शिशुपालवध" श्रमजनित, क्लिष्ट र अनैसर्गिक महाकाव्य हो–भन्ने। "किरातार्जुनीयम्" को अपेक्षा यस काव्यमा प्रयासपूर्ण पदयोजनाको गन्ध देखापरिरहेछ। जसले गर्दा यसलाई बौद्धिक प्रधान कृत्रिम काव्यको रूपमा लिन सकिन्छ। हो, निश्चय नै शिशुपालवध आफ्नो महाकाव्यात्मक कथा-वस्तुदेखि लिएर काव्यात्मक स्वरूप तथा रचनाविधि आदि समेत हरएक कुरामा "किरातार्जुनीयम्" बाट अनुकृत वा प्रभावित छ–जो दुवै काव्यको सामान्यपाठबाट पनि पाठक वर्गलाई स्वतः थाहा हुन्छ।

माघपछि देखा पर्ने महाकविहरूमा पनि भारविको प्रभाव स्मरणीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

छ। बौद्धिकवादीधाराका त यिनी अग्रणी नै हुन्। जगन्नाथ, श्रीहर्ष आदि कतिपय कविहरूमा यिनको शैलीगत प्रभाव अविस्मरणीय भन्नु पर्दछ, यही नै भारविको वैशिष्ट्य छ।

(ङ) उपसंहारः-

संस्कृत साहित्य परम्परामा पाइने भारविको स्थान र महत्त्व, कै कस्तो र कुन प्रकारको रहेछ इत्यादि सामान्य चर्चा प्रस्तुत प्रसंगद्वारा प्रकट भैरहेछ। हो, भारवि संस्कृत साहित्य परम्पराका एउटा स्वतन्त्र प्रतिभा र स्वयं व्यक्तित्ववान् साहित्यकारको रूपमा सदा भासमान छन्। यिनले आपना भावना, तर्क र काव्यात्मक धारणा समेत यस काव्यमा विभिन्न प्रकारले प्रस्तुत गरेको बुझिन्छ। भारविको आपनै मौलिक चिन्तन र आधार छ–जसको परिपाक उनले आफ्नो काव्यमा प्रस्तुत गरिरहेछन्। अतः भारवि जीवनदर्शनलाई आपनै मौलिक नजरले हेर्ने र सोच्ने, अनि त्यसको अन्तस्तलमा पुगी अडिलो र घतिलो सामाजिक उक्ति प्रकट गर्ने महान् प्रतिभा हुन्। यसैले जीवनवादी सामाजिक धारणा उदार र व्यावहारिक छ–यथार्थ र स्पष्ट छ। उनी आदर्शवादी असंभव कल्पना र हावा–महलका पक्षपाती छैनन्। कर्मवाद र पौरूषता प्रति नै उनको काव्यले उद्घोष गरिरहेको पाइन्छ। हो, काव्यात्मक शैली र लालित्यको प्रवाहमा कतै उन्मुक्त वर्णन र अतिरंजना पनि देखिन सक्छ, तर त्यो उनको क्षणिक वर्णन हो, काव्यात्मकता हो, अन्तिम निचोड चाहिं होइन। अतः उनको काव्य जीवनवादी प्रेरणामा सदा सचेष्ट छ, कर्तव्यशील छ र कार्योन्मुखी प्रेरणाप्रद छ। यसैले भारविको महाकाव्य संस्कृत साहित्य क्षेत्रमा बृहत्त्रयी अन्तर्गत अन्यतम कृतिको संख्यामा ग्रहण गरिएको छ।

अर्को कुरा–भारवि साहित्य जीवनको आलोक प्रदान गर्ने साधना हो भन्ने पक्षमा छन्। यसैले काव्यकलामा उनी आलंकारिक सजधज वा सौन्दर्यभन्दा "शिव" प्रति र काव्यात्मक बाहिरी मिठासभन्दा सारपूर्ण प्रयोजन प्रति आकर्षित बुझिन्छन्। अतः उनको काव्यात्मक साधना हो–श्रेय र सत्य। उनको विचारमा काव्यमा पाइने लालित्य त प्रयोजन प्राप्ति प्रतिको साधनामात्र हो भन्ने बुझिन्छ। उनी काव्यको शुरुमै भन्दछन्–'स सौष्ठवौदार्यविशेषशालिनीम्... १।३' हो रचना सौष्ठव र औदार्यको

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri. Funding:

विशेषताले भरिएको हुनु त आवश्यक छ, तर साध्यकुरा चाहिं हो– विनिश्चितार्थं वाणी, (१।३) जो उपपत्तिपूर्ण र उदारार्थमय (२।१) हुनुको साथै सत्य हो– श्रेय हो। यसरी काव्यात्मक आधारबाट पाइने कालिदास र भारविको अन्तररेखा स्पष्ट हुन्छ। कालिदास सौन्दर्यबाट शिव उन्मुख छन्, अनि भारवि चाहिं शिव (कल्याण) मार्गबाट सौन्दर्य उन्मुख देखिन्छन्। यसैले सत्कर्मबाट नै सुन्दरताले महत्व पाउँछ भन्ने विचार भारविको बुझिन्छ। यहाँ उनको पात्र दुर्योधन कपट (अशिव) ले जितेको धरती नीति (शिव)ले जित्न खोज्दछ 'नयेन जेतुं जगती सुयोधनः' (१।७) त्यस्तै मूढेबलले राज्य छिन्न प्रेरणा दिने द्रौपदी र भीमको उक्तिलाई राजा युधिष्ठिर नीति (शिव) सम्पादित सफलता नै दिगो र स्थायी हो, सौन्दर्य र कल्याणमार्ग हो भन्ने धारणा व्यक्तयाउँछन् (२।३२) यसरी भारविको काव्य किरातार्जुनीयम् शिवमार्गबाट नै सौन्दर्यतर्फ उन्मुख देखापर्छ।

हो, बौद्धिक प्रधान धरातलमा आफूलाई उभ्याई आफ्नो परम्परावादी अनुयायी समेत सिर्जित गर्ने महान् प्रतिभा हुन्– भारवि। निश्चय नै महाकवि भारविले काव्यात्मक जादूगरी भरेर संस्कृत साहित्यमा नयाँ र नौलो आयाम थपेका छन्। प्रौढ र गंभीरताले ढाकिएको यिनको भावप्रधान शैली अभिव्यंजना– वाक् छ। अनि ठाउँ– ठाउँमा नयाँ र नौला, चित्तबुझ्दा र घतिला अभिव्यक्ति प्रष्टिने हुँदा यिनको काव्य पाठकहरूलाई रमाइलो र लोभलाग्दो तथा पढुं– पढुं लाग्ने खालको पनि छ। अतः सच्चा कविको अन्तस्करणबाट निस्केको यो कर्णप्रिय काव्यधारा आज सयौं वर्ष पछि पनि उस्तै उल्लासदायक छ, पठनीय छ। अनि सरस र स्वच्छ छ। फेरि आफ्नो समय प्रवाहमा लाखौं लाख सहृदयीहरूका आँखाका नानीको वरिपरि नाची यसले आफ्नो मृदुमुस्कान र रसपूर्णस्वाद पनि चखाइ सकेको छ। फलतः जतिसुकै पुरानो भए पनि सधैं नयाँ, सधैं ताजा र सधैं स्वादिलो भैरहेछ, हुनपनि यही नै साँचो काव्य हो, वास्तविक काव्यको विशेषता हो। अस्तु

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

लिच्छविकवि भारवि तथा महाकवि भारविः तुलनात्मक चर्चा

(क) लिच्छविकवि तथा महाकवि भारविः–

नाउँ एउटै छ– 'भारवि' अनि समय पनि समान्यतः मिल्दो जुल्दो नै देखापर्छ। यसरी लिच्छविकालिक कवि भारवि तथा किरातार्जुनीयम् महाकाव्यकार भारवि दुवैको जीवनगत तथा लेखनगत तुलनात्मक अध्ययन गर्दा कतिपय कुराहरूमा समानता पाइन्छन्। पहिलो कुरा दुवै कवि समकालिक मानिएका छन्, अनि दुवै शैव र हिन्दूधर्मका पक्षपाती छन्। यद्यपि करिब वि.सं. ६५० तिर स्थापना गरिएको चांगुनारायण स्थानको शिवदेव+अंशुवर्माको अभिलेख (अभिलेख नं. ६१) मा उल्लिखित 'भारविश्रमणस्थानस्य' पदको आधार लिई श्रीहरिराम जोशीद्वारा लिच्छवि कवि भारवि जीवनको उत्तरार्द्धमा श्रमण (बौद्ध भिक्षु) हुन पुगेका थिए कि ? भन्ने आभास देखाइएको छ,[1] तर यहाँ 'भार+विश्रमणस्थानस्य' प्रकारको पदच्छेद वा अरू कुनै भारविश्रमणको स्थान हुनु संभव छ। मानदेव दौहित्र भारवि प्रतिको उक्त शंका यहाँ स्वाभाविक देखिदैन। कारण जीवनको उत्तरार्द्ध (वि.सं. ६२७) मा लेखिएको पाटन मंगल बजारको अभिलेखमा नै यिनले मुक्त रूपले शिवस्तुति गाएका छन्। अर्को कुरा– भारवि मात्र नभै भारविका खलक (नातागोता आदि) हरू समेत शैवको रूपमा प्रतिष्ठित पाइन्छन्। हामी थाहा पाउँछौं– राजा मानदेव

१. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, ने.रा.प्र.प्र. २०३० पृ. २२३।

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

वैष्णवसम्प्रदायतिर झुके जस्तो देखिएता पनि उनी शैवसम्प्रदाय तर्फ पनि अनुरक्त छन् । उनको आज्ञाबाट नै कतिपय शिवलिंग स्थापना भएको कुरा थाहा हुन्छ ।[२] फेरि राजा मानदेवको परिवार चाहिं शैव सम्प्रदाय तर्फ झुकेको देखा पर्छन्, कारण उनका रानीहरू क्षेमसुन्दरी र गुणवतीले शिवलिंग स्थापना गरी महादेव शिवजी प्रति भक्तिभाव दर्शाएकी छन् । त्यस्तै राजा मानदेवकी छोरी विजयवतीले पनि मोक्षलाभको कामना गर्दै शिवलिंगको स्थापना गरेको कुरा थाहा हुन्छ । यसरी अध्ययन गर्दा भारविका खलकमा शैवधर्मको विशेष महत्ता र संमान रहेको कुरा स्पष्ट हुन्छ । अतः भारवि यही राजकीय संमानप्राप्त शैव सम्प्रदाय तर्फ अनुप्राणित भावुक व्यक्तित्व थिए भन्ने कुरा स्पष्ट छ ।

दुवै कविले वैदिक वाङमयको साथै पौराणिक ग्रन्थहरूको राम्रो अध्ययन गरेको बुझिन्छ । दुवै कवि केही हदमा राजनीतिक जीवनसंग सम्वन्धित थिए । समसामयिक राजनीतिक सरगर्मी केही बुझेका र अनुभव समेत गरेका पनि थिए । फेरि दुवै कविलाई सम्पन्न जीवनको जानकारी पनि थियो इत्यादि कतिपय कुराहरूको साम्य छंदा छंदै पनि राम्ररी दृष्टिपात गर्ने हो भने दुवै कविको लोक जीवन, रचनाशैली तथा विद्वत्तामा ठूलो अन्तर देखा पर्दछ । फेरि सहजप्राप्त कवित्व तथा कवि विनय, चालचलन र स्वाभाविक तह आदिमा पनि दुवैको बखानी नसक्नु अन्तर बुझिन्छ । केही उदाहरण:

"ऐश्वर्य र शक्ति भएर पनि लोक नमिल्दो काम नगर्ने, राम्रो भएपनि 'म राम्रो छु' भन्ने घमण्ड नगर्ने, खूबी भएर पनि सहने, दानी भएर पनि आफ्नो दानको बतखाई नगर्ने आदि धेरै धेरै गुणहरू भएका भारवि (हुनुहुन्छ)"

यो लिच्छवि कवि भारविद्वारा पहिलो अभिलेख (अभिलेख नं. १) मा लेखिएको आफ्नो वखान हो । त्यस्तै महाभारतीय प्रमुखपात्र दुर्योधनको प्रशंसा प्रसंगमा गुप्तचर वनेचरको मुखबाट भन्न लगाइएको महाकवि भारविको उल्लेख–

२. डा. जगदीशचन्द्र रेग्मी, प्राचीन नेपाली संस्कृति, साझाप्रकाशन काठमाडौं २०४० पृ. १११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

निरत्ययं साम न दान वर्जितं नभूरिदानं विरह्यय सत्क्रियाम्
प्रवर्तते तस्य विशेषशालिनी गुणानुरोधेन विना न सत्क्रिया ।
किरातार्जुनीयम् १।१२

दुर्योधनको आपसी मेलमिलाप दिनुखानु किसिमको छ । प्रजाहरू-लाई परस्पर उपहारहरू दिएर नै उ मेलमिलाप गर्दछ । जो दिइन्छ त्यो राम्रो छ र आदरभाउसंग सत्कारसाथ दिइन्छ । उसको विशेषता– उ जो कसैको पनि गुण र प्रेमसंग नै सत्कार गर्दछ अर्थात् मानिसको योग्यता अनुसार नै विचार पुऱ्याई दान दिएर उ सत्कार गर्दछ, जसले गर्दा उसको आदर सधैं रमाइलो छ ।

दुवै कविको भनाइलाई लिएर विचार गर्दा यहाँ स्वत: अन्तर देख्न सकिन्छ । एकातिर लिच्छविकवि भारविको कवितामा कविकालि-दासको महाकाव्य रघुवंशको–

"ज्ञाने मौनं क्षमाशक्तौं त्यागे श्लाघा विपर्यय:
गुणा गुणानुबन्धित्वात्तस्य स प्रसवा इव"
रघुवंश १।२२

(अर्थात्– जानिफकार भएर पनि चूप रहने, खूवी भएर पनि माफी गर्ने, आत्मप्रशंसाको कुनै खायस नराखी ठूला–ठूला विषयवस्तुहरूको त्याग गर्ने आदि आदि परस्पर सम्वन्धित राम्रा राम्रा गुणहरू दिलीप महाराजमा जन्म संगसंगै आएका हुन कि झैं गरी प्राप्त थिए ।)

यसरी यहाँ कता– कता दिलीप प्रशंसाको अनुकरणको आभास हुन पुग्छ भने अर्कोतिर कवि भारविको दुर्योधन प्रशंसा मौलिक, आफ्नै किसिमको अर्थ गौरवपूर्ण र मञ्जुल देखापर्छ । त्यस्तै लिच्छवि कवि भारविको अर्को कवितालाई लिऔं– उनी वोलीचालीको रूपमा आफ्नो गन्यन लेखी केवल– "जीवन क्षणिक छ" अर्थात् '...मानुष्यकं क्षणिक मर्थवतांच...' आदि भनी मनोभावना व्यक्त गर्छन्, तर यही जीवनको क्षणिकतालाई महाकवि भारवि उल्लेख गर्दछन्–

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

'तरुन्यांको शोभा शरद् ऋतुका मेघको छाँया जस्तो रिमीझिमी (चन्चल) हो। दुनियाँको भोगविलास- मोजमज्जाहरू त्यतिखेरको निम्ति एकछिनका रमाइला र चाखिला विषय हुन्। आखिरमा ती पछुताउ र आफैंलाई उछितो पार्ने खालका छन्। यसो हेर्दा सांसारिक सारा प्राणीहरू हरवखत दुःखैं दुःखले थिचिएका पाइन्छन्। त्यसमा पनि जीवन त एकै छिनको हो–आखिर नमरी सुखै छैन। अतः सबै किसिमले हेर्दा एकछिनको दुनियांमा तिमी जस्तो मान्छे मुक्तिको लागि उम्मेदवार हुनु राम्रो हुन्छ[३]।

यसरी साहित्यिक अभिव्यक्तिको कौशलमात्र हैन – यी दुई कविको हार्दिक भावना, परिवेश र मानसिक उद्वेग तथा उद्देश्य र ध्येय आदिमा समेत फरक पाइन्छ। लिच्छवि कवि भारविले कीर्तिको महिमा गाएका छन्। उनी आफ्नो अभिलेखद्वारा अभिव्यक्ति दिन्छन् –

"गुण प्रभाव र चरित्रद्वारा सधैं दुनियांमा प्रख्यात भएको, ठूलो पद पाएको कूलमा जन्मेको मानिस भएता पनि उनीहरू कीर्तिविना बांचेका छन् भने तिनीहरूको जन्म सफल हुंदैन आदि।"

लिच्छवि कवि भारविले जस्तै महाकवि भारविले पनि कीर्तिमहिमा गाउन भुलेका छैनन्। 'किरातार्जुनीयम्' अन्तर्गत ठाउँ–ठाउँमा कीर्तिको गौरव र महत्त्व बखानिएको छ। यहाँ भनिएको छ–'मानिसले अस्थिर प्राणद्वारा स्थिर कीर्ति आर्जन गर्न खोज्नु नै राम्रो कुरा हो (२।१९) आफ्नो वंश वा कुललाई प्रख्यात र वसुन्धरा (पृथिवी) लाई सार्थक वनाउने महान् व्यक्तित्व नै सत्कीर्तिवान् पुरुष हुन्' (११।६४) यसरी आफ्नो यशस्विताद्वारा धरतीमा कुललाई प्रख्यात बनाउने पुरुषको वखान दुवैले गाएका छन्। यहाँ सामान्यतः दुवै कविको अन्तमर्म–आशय एकै–एकै छ, तर पनि महाकवि भारवि, लिच्छविकवि भारवि जस्तो कीर्तिमा

---

३. शरदम्बुधरच्छाया गत्वर्यो यौवनश्रियः
आपातरम्या विषयाः पर्यन्तपरितापिनः।
अन्तकः पर्यवस्थाता जन्मिनः सन्ततापदः
इति त्याज्ये भवे भव्यो भुक्तावुत्तिष्ठते जनः
किरात ११।१२–१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

हुरुवक छैनन् । उनी यस लोकको र परलोकको राम्रो चाहने र कीर्ति कमाउन मनसुवा राख्ने मान्छे नै ठूलो हो, महान् हो भन्दछन्, अनि त्यस्तो व्यक्ति के कस्तो प्रकारको हुनु पर्दछ ? मानव कर्तव्य के हो ? भन्ने सन्दर्भमा पनि आफ्नो मनसाय दिन पछि पर्दैनन्:

चिचीपतां जन्मवतामलब्वी यशोवतंसामुभयत्र भूतिम्
अभ्यर्हिता वन्धुषु तुल्यरूपा वृत्तिर्विशेषेण तपोधनानाम् ।
किरात ३।११

कीर्ति कमाउन मनसुवा राख्ने, दुवै लोकको भलो चाहने ठूला मानिसहरूले आफन्तका बारेमा विना पक्षपात समान व्यवहार गर्नु नै राम्रो कुरा हो । त्यसमा पनि जीवनसाधनामा तल्लीन हामीजस्ता, तपस्यालाई नै सर्वथोक ठान्नेले त विशेष गरी सबै दाजुभाइलाई बराबरी ठान्नु पर्दछ नै । यसरी उनी यहाँनेर आफन्तमा विना पक्षपात सन्तुलनमय समानता र समस्तमा उदारपूर्ण सद्व्यवहार चाहने पक्षमा छन् ।

यसरी लिच्छविकवि भारवि र महाकवि भारविको लेखनशैली, मनोभावना, जीवनकर्तव्यको उद्देश्य आदि कुरामा आ–आफ्नै किसिमले अन्तर भएको कुरा स्पष्ट छ । भावना र कवित्व विद्वत्ता र प्रतिभा आदि साहित्यिक गुणहरूको दृष्टिले हेर्दा पनि यी दुई कविहरूमा व्यापक अन्तर पाउन सकिन्छ । फेरि बाहिरी लेखाइतिर दृष्टिपात गर्ने हो भने पनि लिच्छवि कवि भारवि सामान्य आभ्यासिक कविको रूपमा देखापर्दछन् । यिनको शैली सहज,साहित्यिक, कवित्वमय र सुललित प्रकारको देखापर्दैन । यहाँ सामान्य भाषा र भावनाको साथै च्युतसंस्कृति जस्ता दोष समेत देखापर्दछन् ।

(ख) निर्णीत र सुगठित वर्णनक्रममा महाकवि भारवि:–

महाकवि भारवि व्यवहार नबुझ्ने का मूर्ख पण्डित वा विद्वान् हैनन्, उनको लेखनी जीवन–जगत्संग सुपरिचित छ र अनुभवी पनि छ । यसैले उनका कुरा घतिला र व्यावहारिक छन्, नीतिसंमत र हिन्दु आदर्श पूर्ण छन् । अतः यिनका हरएक अभिव्यक्ति खारिएका र निश्चित रूपले

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ठोकुवा गरिएका निर्णयात्मक प्रकारका छन् । यही नै यिनको व्यावहारिकता हो । यति भएर पनि ''किरातार्जुनीतम्'' का सबै नै जसो कविताहरू प्रौढ, सुसंस्कृत र मनोहर छन्, लालित्यपूर्ण छन् । संसारमा पाइने कर्मशीलताको प्रसंगमा यहाँ भनिएको छ: सुसम्पन्न महान् व्यक्तिहरू पनि एक न एक व्यवसाय तर्फ किन लागिरहेका हुन्छन् ? यो व्यवसायरत कर्माभ्यासको नैरन्तर्यता नै कार्यशीलता हो । सदा कार्यशील हुनुका प्रश्नको गूढ अभिप्राय प्रति संकेत गर्दै उनी लेख्तछन् –

> यशोऽधिगन्तुं सुखलिप्सया वा
> मनुष्यसंख्यामतिवर्तितुं वा
> निरुत्सुकानामभियोगभाजां
> समुत्सुकेवाङ्कमुपैति सिद्धि: ३।४०

कीर्ति कमाउन या जस पाउना निति, सुख मोजमज्जा पाउन वा ''फलानो'' भनी मानिसहरूको गिन्तिमा ठूलो–ठालु गनिनको निति, कर्मठ उद्योगीहरू धन कमाउं–वढाउं आदि भन्ने कुनै खास उत्कण्ठा नभए पनि कामहरू गर्न कुनै न कुनै व्यवसायतर्फ लाग्न कस्सिन्छन् । यस्ता कर्मठ मानिसहरूको काखमा रत्तिएकी वैंसालु, मनपर्दी सुन्दरी झैं सफलता आफैं हतारिदै सुरुक्क आउंछे ।

त्यस्तै अर्को रचना–

> जनैरुपग्राममनिन्द्यकर्मभि –
> विविक्त भावेङ्गित भूषणैर्वृता:
> भृशं ददर्शाश्रममण्डपोपमा:
> सपुष्पहासा: स निवेश वीरुध: ४।१९

(साधारणत: यो श्लोक दुई अर्थ भएको बुझिन्छ–मुनिआश्रम, ग्रामीण आश्रम । ती गाउंघर साँच्ची नै ऋषिमुनिहरूका आश्रम नै थिए । त्यहाँ वेलका रुख वा रुखमा झ्याम्मिएका लहराहरू झपक्क थिए । त्यहाँको सरल र सोझो व्यवहारले, चोखो भावनाले र चेष्टाले, अनि साधारण हल्का–फुल्का गहनाले शोभा पाएका गाउंलेहरू प्रसन्न मनले शान्त मेलमिलापसंग वसिरहेका थिए । जसले गर्दा ती लताभवन अर्थात् गाउंलेहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

घर-झुप्राहरू मानौं मुनिआश्रमका लताभवन जस्तै देखिन्थे, त्यस शान्त" पवित्र वातावरण र जनजीवनलाई हिंडिरहेका अर्जुनले देखे)

यसरी जीवनदर्शन वा कर्तव्य, ग्रामीण जनजीवन आदिको गहिराइ-मा पुगेर सहज र सफलरूपमा आफ्नो अभिव्यक्ति प्रष्ट्याउने महाकवि भारवि साँच्ची नै कवि प्रतिभाहरुको श्रेणीमा महान् बुझिन्छन् । यिनको काव्य "किरातार्जुनीयम्" लाई त अझ कति पाश्चात्य-पौरस्त्य दोहरै तिरका विद्वान्हरूले काव्यशास्त्रीय नियमको निर्वाहको साथसाथै व्याकरण-का प्रयोगको कसौटी पनि मानेका छन् । यसैले वेलायती विद्वान् कीथले त यहाँको यिनको कतिपय वैयाकरण प्रयोगलाई साहित्यिक दृष्टिकोण द्वारा मूर्खतापूर्ण कार्य भनी उल्लेख समेत गरेका छन्[४] । जेहोस्, यिनको काव्य-रचना कौशल तथा व्यक्तित्व दर्शन आफ्ना अग्रज अश्वघोष तथा कालिदास-भन्दा स्वतन्त्र छ-अनि आफ्नैपन र खूवीमा अडेको बुझिन्छ । यसले यी लिच्छविकवि भारविभन्दा हरएक पक्षमा धेरै उच्च छन्, महान् छन् । यसैले यी दुईको व्यक्तित्व, प्रतिभा र स्थान अलग-अलग प्रतीत हुन्छ ।

(ग) दुवै कवि: स्तोत्रकविताको प्रसंगमा:-

लिच्छविकालका शैवहरू शिवसम्वन्धी अध्ययन, आराधना र उपासना प्रसंगमा विशेष अनुरक्त बुझिन्छन् । लिच्छवि अभिलेखहरूमा शिवस्तुति गाइएका पद्यहरू प्रशस्त छन् यहाँ शिवमहिमालाई विभिन्न रूपवाट वखानिएको पाइन्छ । यस समय शैवहरूमा शिवका आठनाम (शर्व, भव, ईशान, रुद्र, उग्र, भीम, पशुपति र महादेव) प्रसिद्ध थिए । अनि अष्टमूर्ति (पांच तत्व- पृथ्वी, जल, तेज, वायु, आकाश, सूर्य-चन्द्र र यज्ञकर्तापुरोहित) रूप शिवजीसंग पनि उनीहरू पूर्णपरिचित बुझिन्छन् । लिच्छवि राजा जयदेव (द्वितीय) ले वि. सं. ७९० मा पशुपतिनाथको पूजा गरी चाँदीको भव्य कमलपुष्प चढाएका थिए । आठवटा पातहरू वनाई तयार गरिएको सो कमलफूलको वीचमा केसर रहनेभाग सुवर्ण निर्मित थियो । यस अष्टदल (पत्र) कमलले शिवजीको अष्टमूर्तिलाई संकेत गरेको

४. ए. वी. कीथ (अनु मंगलदेवशास्त्री) संस्कृत साहित्यका इतिहास-कार (दो. सं.) मोतीलाल वनारसीदास वाराणसी ई. सं. १९६७, पृ० १४१ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कुरा उनको सो पशुपतिको अभिलेखले नै प्रष्ट्याएको छ[५]। अनि त्यतिखेर-को शिवको अष्टमूर्तिपूजाको प्रचलनलाई पनि यसले संकेत गरेको बुझिन्छ। जेहोस्, लिच्छवि समाज शिव र शैव सम्प्रदायसंग अनुरक्त र सुपरिचित भएको कुरा यिनीहरुबाट स्पष्ट छ। यहाँ लिच्छविकवि भारविको पछिल्लो (दोस्रो) अभिलेखको एउटा कवितालाई लिएर हेरौं: यिनको पाटन मंगलबजारका अभिलेखको पहिलो सिलोक मंगलाचरणात्मक छ। त्यहाँ "... सृष्टि, स्थिति र प्रलयको कारण स्वरुप भएका महादेव सधैं राम्रो कुरा दिऊन्, कल्याण गरून् आदि" भनी शिवस्तुतिद्वारा मंगलमय कामना गरेर पछिमात्र आफ्नो मूलकुरा उल्लेख गरिएको छ, जसको धेरै जसो भाग खण्डित छ र पूर्ति गर्न पनि सकिएको छैन। यस्तै महाकवि भारविले पनि आफ्नो महाकाव्यको अठारौं सर्गमा अर्जुनद्वारा शिवस्तुति गराएका छन्। उनले त्यहाँ अष्टमूर्ति[६] शिवजीको प्रशंसा (स्तुति) प्रसंगमा वायुमूर्तिलाई लिई सारा भवनको धारण गर्ने, शब्दब्रह्मरूप तत्त्व भनी वर्णन गरिएको छ, जुन शब्द ब्रह्मरुप तत्त्वबाट सारा शब्दहरू प्रकट भैरहेछन्, कारण संस्कृत वैयाकरणहरूको भाषिक सिद्धान्त अनुसार प्राणी-द्वारा भएको कुनै पनि विषयवस्तुबोधको इच्छाबाट जब नाभिमा रहेको वायु प्रेरित भै शिरोभागमा टक्कराउन पुग्छ अनि विस्तारै वर्ण (अक्षर) हरू व्यक्त हुन थाल्दछन्[७] भन्ने छ। यस्ता शब्द ब्रह्मस्वरूप पापनाशक भगवान् शिवजीलाई नमस्कार छ भन्दै महाकवि उल्लेख गर्छन् –

तरसा भुवनानि यो बिभर्ति
ध्वनति ब्रह्म यतः परं पवित्रम्

---

५. मूर्तिरष्टाभिरष्टौ महयितुमतुलैः स्वैर्दलैरष्टमूर्त्तेः
पातालादुत्थितं किं कमलमभिनवं पद्मनाभस्य नाभेः
जयनदेव (द्वितीय) को पशुपतिको अभिलेख।

६. पृथिवी सलिलं तेजो वायुराकाशमेव च
सूर्यचन्द्रमसौ सोमयाजी चेत्यष्ट मूर्तयः।
– विष्णुपुराण

७. सोदीर्णो मूर्ध्न्यभिहतो वक्त्रमापद्य मारुतः
वर्णाञ्जनयते...
– पाणिनीय शिक्षा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

परितो दुरितानि यः पुनीते
शिव तस्मै पवनात्मने नमस्ते
१८।३७

(जसले तीनै भुवन वलसंग प्राणरूप भई धारण गरेको छ। जसवाट ज्यादै पवित्र परव्रह्म (शव्दव्रह्म) प्रकट भैरहेछ। जसले हृदयभित्रका दुर्गुण –खराव पापहरूलाई पखाली पवित्र गराइरहेछ अथवा जो चारौं तर्फवाट पातकहरूलाई पवित्र गर्दछ। यस्ता वायुस्वरूप हजुर (शिवजी) लाई नमस्कार छ।)

(घ) उपसंहार

यसरी काव्यात्मक कला, कविमा भएको विद्वत्ता, भावना आदिको साथ साथै महाकाव्यमा वर्णित सभ्यता–संस्कृति र जनजीवनको तह आदि समेत विचार गर्दा यी दुई कविहरूको अलग–अलग व्यक्तित्व स्पष्ट छ। संस्कृत वाङ्मयमा "किरातार्जुनीयम्" महाकाव्यको आफ्नै महत्व छ। यसले संस्कृत महाकाव्यहरूको श्रेंणीमा आदरिलो र गरिमामय स्थान ओगटेको पाइन्छ। फलतः संस्कृत विद्वद्वर्गले वखानेको "बृहत्त्रयी" काव्यहरूको लर्कामा यसले स्थान पाएको कुरा पनि स्मरणीय छ। अतः यो वृहत्त्रयी (किरात, माघ, नैषध) मा अन्यतम ग्रन्थ हो। यस्तो प्रौढकाव्य-का रचयिता, उच्च प्रतिभावान् व्यक्तिले निश्चय नै विद्याव्यसनी र सरस्वती– उपासक किसिमका तत्कालीन राजखान्दानीमा विशेषस्थान र आदर पाएको हुनुपर्छ, तर यस प्रसंगमा भारवि विषयक कहिं–कतै पनि किंचित् आभास पाउन सकिदैंन। फेरि आधिकारिक रूपमा पाइएका लिच्छवि कवि भारविको नाउंका माथिका दुई अभिलेख वाहेक अरू अभिलेख वा रचना कहिं केही प्राप्त छैनन्। यिनको नाउंलाई कविको रूपमा अरू राजा वा महाराजाहरूले कतै उल्लेख गरेको पनि पाउन सकिएको छैन। इत्यादि सन्देहास्पद कतिपय कारणहरू यिनीहरूका अभिन्नताको चर्चा प्रसंगमा वाधकरूपमा खडा हुन्छन्। जसले गर्दा हामी-हरूलाई भन्न कर लाग्छ–दुवैको मनोभावना, शैली र प्रकृति आदिलाई लिई विचार्दा यी निश्चय नै फरक हुन्। अर्को कुरा–यी दुवैको प्रतिभा र सोचाई पनि अलग–अलग किसिमको छ। यी दुई व्यक्तित्व मध्ये एउटा

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

निश्चित समय र थलोका प्रतिभा हुन् र अर्को चाहिं नेपाली वा भारतेली विवादास्पद (अनिश्चित रूपका) प्रतिभा हुन् । जसको काल (वर्ष) र थात–थलो आदिको निश्चितता बारेमा अझ अनुसन्धान, मनन–चिन्तन र छलफल आदिद्वारा मात्र निष्कर्ष तर्फ लाग्नु अत्यावश्यक छ । यसभन्दा अगि अर्थात् वर्तमानको लागि चाहिं मौन नै बन्नु स्वाभाविक होला ! अत: यहाँनेर हाम्रा पुर्खाहरूको यही घोषणलाई संझौं–''वादे वादे जायते तत्त्वबोध:'' अस्तु ।

□

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

किरातको स्वरूप

पृष्ठभूमि

भारविको महाकाव्य "किरातार्जुनीयम्" मूलत: किरात र अर्जुनको सन्दर्भलाई ग्रहण गरी रचना गरिएको छ। अत: काव्यकारद्वारा सो अनुसार ग्रन्थको नामकरण गरिएको तथ्य स्पष्ट हुन्छ। यहाँ भारविले वैदिक धर्मका दुई तत्त्व-प्रकृति पुरुषरूप किरात–अर्जुनलाई मूल विषय बनाई प्रतीकात्मकताद्वारा यसको प्रस्तुति गरेको आभास अनुभव हुन्छ। यहाँ प्रकृतितत्त्वरूप किरातलाई अद्वैततत्त्व परब्रह्मको स्थानमा प्रस्तुत गरेको बुझिन्छ, अनि पूर्वीय दर्शनको यही आदर्श तथ्यलाई काव्यात्मक प्रकारको मिठो प्रस्तुतिमा प्रकट गरिएको छ।

यसरी प्रस्तुत सन्दर्भमा महाकवि भारविको स्थान आफ्नै प्रकारको विशिष्ट देखा पर्छ भने लिच्छविकवि भारवि पनि आफ्नै तह वा प्रकारमा विशेष स्थान ओगट्ने कवि व्यक्तित्वको रूपमा सुपरिचित देखा पर्छन्। लिच्छविकवि भारवि तात्कालिक धार्मिक परम्परा, आध्यात्मिक दर्शन र जीवन तहको आधारमा विशेष धर्म र दर्शनका प्रभावले अनुभूत बुझिन्छन्। यतिखेरको धार्मिक प्रभाव विशेषत: शैव र शाक्त, वैष्णव तथा बुद्धको तहमा व्याप्त भएको अनुभव हुन्छ। लिच्छवि कवि भारवि अद्वैत वेदान्तको झ–झल्कोले छोएका स्वतन्त्र र मौलिक प्रकृतिका व्यक्तित्व अनुभूत हुन्छन्। यिनी मूलत: शैव थिए र भगवान् आशुतोषलाई अद्वैत परब्रह्मको रूपमा आदर गर्ने, सद्भाव राख्ने व्यक्तित्व थिए। यिनले आफ्नो दोस्रो अभिलेख (पाटन मंगलबजार)को सुरुमा मंगलाचरण किसिमले शिवमहिमा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वखानेका छन्, स्तुति गाएका छन् । यहाँ शिवलाई सृष्टि, स्थिति र प्रलयको कारण स्वरूप भएका भनी त्रिदेवात्मक भेदको एकत्व (अभेद) प्रकारमा प्रस्तुत गरिएको छ ।

यस समय गुप्तकालीन भारतका मात्र हैन नेपालमा पनि शैव सम्प्रदायको व्यापकता उल्लेखनीय बुझिन्छ । यतिखेरको शैव धर्म परम्परामा पाशुपत साम्प्रदाय विशेष प्रचलित थियो, व्यापक थियो । यिनीहरू शिवका आठ स्वरूप (शर्व, भव, ईशान, रुद्र, उग्र, भीम, पशुपति, महादेव) प्रति विश्वास गर्छन् र भक्तिभाव दर्शाउँछन् । यी अष्टमूर्तिको विधिपूर्वक पूजा गरिन्छ । जयदेव 'द्वितीय' को पशुपति शिलालेख (वि. सं. ७९०) मार्फत् थाहा हुन्छ– उनकी आमा वत्सदेवीले अष्टमूर्ति शिवलाई अष्टदल-कमल चढाई पूजा गरेकी थिइन् । यस अतिरिक्त कापालिक सम्प्रदाय, जो मुण्डमाला पहिरी महाभैरवरूप रुद्रको पनि यहाँ चर्चा छ । फेरि पूजा गर्छन् । सोमसिद्धान्त– सम्प्रदाय अनुसार उमासहित शिवको पूजा गर्ने विधानको सान्दर्भिक संकेत पनि यहाँ छ । य– यस्ता शैव सम्प्रदायको स्वरूप यतिखेरको नेपालमा विवध प्रकारले व्याप्त थिए र सर्वात्मना सार-भूत तथ्य चाहिं थियो– 'नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।' (शिव-महिम्न: स्तोत्र)

यसप्रकार एकातिर लिच्छविकालीन स्थिति र कवि भारविको धार्मिक भावलाई तात्कालिक लोकचलन र धार्मिक सम्प्रदायको आधारमा हेरिन्छ भने अर्कोतिर महाकवि भारविको दार्शनिक संकेत र प्रवृत्तिलाई चाहिं विशेषरूपले अध्ययन गर्न सकिन्छ । यस सन्दर्भमा किरात– (शिव) स्वरूपको ऐतिहासिकतालाई दृष्टिपात गर्नु स्वाभाविक छ । 'किरात' शब्द विभिन्न अर्थबोधक रूपमा देखापर्छ । लोकजीवनमा सामान्यत: यो शब्द पहाडी जातिविशेषलाई बुझाउन प्रसिद्ध छ । 'किरात' को विशेष अर्थमा भगवान् शिवलाई पनि लिइन्छ । यहाँ किरातरूप शिव– किराताधिप, किरातपति, किरातेश्वर, किरातवर्य आदि शब्दद्वारा सम्बोधित छन् । 'किरात' नेपालसँग विशेष सम्पर्कित शब्द हो । हाल नेपाली अर्थबोध अनुसार 'किरात' पदले कोशीअञ्चल अन्तर्गत माझकिरात, पल्लो किरात र त्यहाँका निवासी राई–लिम्बु आदिलाई समेत प्रष्ट्याउँछ । यसरी हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

लोकजीवनमा 'किरात' शब्द स्वयंमा विविधार्थक बनी सुपरिचित देखापरिरहेछ ।

नेपालसँग किरात जातिको प्राचीनतम सम्बन्ध छ । भारतका आदिवासी द्रविड जस्तै नेपालका आदिवासी किरात बुझिन्छन् । यहाँ किरातहरूको आधिपत्य लामो समयसंम नै रहेको अनुमान हुन्छ । स्वदेशी तथा विदेशी इतिहासकारहरूले किरातहरूको शासनकालबारे विभिन्न अडकल काटेका छन् । जेहोस्, प्रथमशदीको आसपास (वा केही अगि) लिच्छविहरूले किराती राजाहरूलाई हराई नेपालको अधिपत्य आफ्नो हातमा लिएको कुरामा ऐकमत्य छ । पुराणहरूमा किरात जातिको चर्चा प्रशस्त छ । महाभारतमा यिनीहरूलाई हिमाली भेकका वासिन्दा, शूरवीर र आत्मनिर्भर जाति बताउनुको साथै दुर्योधन पक्षीय समेत भनिएको छ ।[१] महाभारत कालदेखि नै किरात जातिको सम्पर्क नेपालसँग भएको अनुमान हुन्छ । नेपालमा किरातहरूको निवास कैले ? कहाँ– कहाँ र राज्यसीमा के कति ? इत्यादि विषयवस्तु पनि विचारणीय छन् । भारतवर्ष अन्तर्गत नेपाल पर्वतीय भूमि भएकोले र यो जाति पहिलेदेखि नै जंगली जाति मानिएकोले यिनीहरू पूरै नेपाल अधिराज्यको हिमाली शृंखला अन्तर्गत पर्वत भेकका निवासी थिए, अनि यी पूरै नेपालको पार्वत्य– प्रदेशमा छरिएका थिए होलान् भन्ने अनुमान छ । डा. टीकाराम पन्थीले नेपाल अन्तर्गत किरातराज्यको सीमा कालीगण्डकी राख्तै स्थूलरूपमा कालीगण्डकी पूर्वको विशाल भागहरू– (दार्जलिंग, सिक्किम, भूटान, आसाम आदि) किरात राज्य ठहरिन्छन् अर्थात् मुक्तिनाथ– धवलागिरीदेखि पूर्वतर्फ समुद्रसम्मको हिमाली प्रदेशमा (पहाडी भेकमा) किरातहरू छरिएका थिए भनेका छन् ।[२] जेहोस्, लिच्छविकाल पूर्वको नेपाल किरात शासित थियो वा किरात राज्य थियो भन्ने कुरा स्पष्ट छ, अनि यसको राजधानी चाहिं काठमाडौं नै मानिएको छ । नेपालका आदिवासी यी किरातजाति आफ्नो परम्परागत धर्म र नियमका परिपालक बुझिन्छन् । यिनीहरू भगवान् किरातेश्वरका उपासक थिए र शिवगणका रूपमा पनि प्रसिद्ध थिए ।

१. महाभारत– द्रोणपर्व ४।७

२. डा. टीकाराम पन्थी, केही अनुश्रुतिहरू, किरणपुस्तकालय, तम्घास गुल्मी वि. सं. २०४२, पृ. १९३

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

शिवगण किरात एक प्रकारले देवयोनि विशेष मानिन्छन् । सर्वप्रथम यिनै किरातसेना तपस्वी अर्जुन संमुख युद्धपिपासु रूपमा उपस्थित हुन्छन् र पराजित बन्छन् । त्यसपछि पिनाकपाणि किरातेश्वर शिव तेजस्वी अर्जुन-सँग युद्धरत बन्न पुग्छन् । आफ्नो वास्तविकता प्रष्टयाउँछन् । जे होस्, प्रस्तुत ग्रन्थ 'किरातार्जुनीयन्' यस जातिसँग भन्दा भगवान् किरात(शिव) सँग विशेष सम्बन्धित छ ।

शिवस्वरूपको विविधता

'किरात' शिव वा रुद्रको नै स्वरूप विशेष हो । यी हिन्दू धर्म र आदर्शका मूल देववताको रूपमा लिइएका छन् । यहाँ किरातरूप शिवको महिमाबोध प्रसंगमा शिव वा रुद्रको ऐतिहासिकताप्रति जानकारी राख्नु आवश्यक मानिन्छ । रुद्र वैदिक देवताको रूपमा प्राप्त छन् । शिवको नै राजसी वा अपकृष्ट रूप रुद्र हो । रुद्रका स्वरूप ११ प्रकार मानिएका छन् । रुद्रको व्युत्पत्ति ('रुद्' धातु: रोदयतीति रुद् णिच्+रक्+रुद्र) मूलक अर्थ हुन्छ– भयकारी वा भीषण शब्दवान् । ऋग्वेद अन्तर्गत शिव सम्बन्धी 'रुद्र' शब्द देखापर्छ । यसको स्वरूप वर्णन प्रसंगमा– कृष्णवस्त्रधारी, कपर्दी (जटाजूटवाला) कल्पलिक्नि् (धप्धपाकार) दिवोवराह (आकाशस्थित वराह जस्तो) आदि उपमा प्रस्तुत गरिएका छन् । त्यस्तै गिरित्र, गिरीश, आदि शब्द पनि रुद्रलाई बताउँदा प्रयुक्त भएका देखिन्छन् । इत्यादि शब्द-हरूको संकेत तर्फ सोच्दा यहाँ 'रुद्र' शब्द मेघबोधक अर्थमा प्रयोग भएको अनुभव हुन आउँछ । यहाँ कृष्णवस्त्रवाला र जटाजूटवाला, तेजिलो आदि भनाइ मेघको स्वरूपसँग मिलाउन सकिन्छ । मेघको कालो रूपको वर्णन धेरै ठाउँमा छ र मेघ पर्वतशृंगवासी, विद्युत्वान् तत्त्व भएको कुरा पनि सर्वविदित छ । यसैले पर्वत शृंगमा धुम्मिने र मडारिने, वर्षा र वज्र पार्ने गर्जने र चम्किने, आधिव्याधि र उल्कापात मच्चाउँदै पैरो र हिउँसमेतमा पछि नपर्ने, अनि प्रकृति प्रकोप र भीषणता आदि समेत मेघकानै करामात मानिन्छन् । यस प्रकृतिप्रकोपप्रति भयभीत बनी आर्यहरूले रुद्ररूप मेघको प्रकोपशान्ति निति कल्याणकामना गर्दै स्तुतिगान गरे । जो रुद्रस्तुतिको रूपमा देखापर्छ । त्यस्तै यही क्रममा ऋग्वेद भन्दछ– 'अग्नि नै रुद्र हुन्' (अग्नि वै रुद्र:) यस भनाईमा गहिरिने हो भने बुझिन्छ– वस्तुत: अग्नि नै जीवनको प्रतीक हो । अध्यात्मिक पक्ष त छदैछ, भौतिकवादी दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

हेर्ने हो भने पनि मानवीय सभ्यता र प्रगतिको आधार अग्नितत्त्व नै हो। मानवले अग्नि आविष्कार गरी सभ्यताको प्रथमचरण शुरु गरेको थियो भने जेम्सवाटले वाष्प शक्तिको पत्तो लगाई मानव प्रगतिको द्वितीय चरण प्रारंभ गरेका थिए। यसपछि मानवद्वारा भौतिक प्रगतिका नयाँ–नयाँ विकासद्वार खुलाइए, नाला–नाला निर्माणपथ उघारिए। आज उन्नतिका चरम चुलीतिर विज्ञान लागिरहेछ। यसरी आध्यात्मिक दृष्टिले नियाल्दा यसको भुइँ आधार उही 'अग्नितत्त्व (रुद्ररूप) नै त हो'मा हामी थिग्रिन पुग्दछौं। अन्ततः वैदिककालको लिपिबद्धतातिर आइपुगेका आर्यहरू अग्नि-प्रति कृतज्ञ बन्दै सम्मान प्रकट गर्छन्– आफ्नो मूलग्रन्थ (ऋग्वेद) को थालनी अग्नि स्तुतिबाट गरेर– 'अग्निमीडे पुरोहितम् ..'। यसपछिको क्रममा यहाँ रुद्रलाई कल्याण कारक, सात्विक देवताको रूपमा पनि प्रस्तुत गरिएको छ।

अर्को कुरा– रुद्रको पर्याय शब्दको रुपमा 'वृष' शब्द पनि प्रस्तुत छ। 'वृष' को अर्थ व्यापक छ– यो शिववाहन– बोधकमात्र हैन, स्वयं शिव (रुद्र) लाई समेत बुझाउने रूपमा देखापर्छ। व्युत्पत्तिगत व्यापक अर्थतिर हेर्ने हो भने (वर्षति: 'वृष्' सेचने + क = वृष) यसलाई कृषिविधि अन्तर्गत प्रजनन शक्तिका प्रतीकको रूपमा लिन सकिन्छ। अतः वृष (मेघ वा रुद्र) वर्षकता तत्त्व हुन्। यसबाट सारा वनस्पतिको सिर्जन– बर्द्धन र प्रजनन समेत हुन्छ। यसैले वृष महिमा व्यापक छ। अर्को अर्थमा वर्षण कार्यद्वारा वृषले कृषिकर्ममा ठूलो ठूलो भूमिका निर्वाह गर्छ। बयल प्रजननकर्ताको रूपमा पनि छन्। यसैले वृष (वयल) रुद्रको सवार (वाहन) मानिनु एकप्रकारले सार्थक संकेत देखापर्छ। रुद्रको कल्याणकारी पक्ष शिव स्वरूप हो– 'शिव' नाम– विशेषण दुवै प्रकारले प्रयोग भएको पाइन्छ। जेहोस्, रुद्रका विभिन्न नाम-स्वरूप मध्ये अन्यतम हो 'शिव'। रुद्र प्राणीका सिर्जक पालक र संहारक तीनै स्थितिका कारक तत्त्व मानिएका छन्। यसैले यिनी महादेव (ठूलो देवता)को तहमा आद्रित हुन पुगे। यिनको महिमा वैदिककाल पछि व्यापक रूपमा विश्लेषित भयो। विद्वान् महर्षि-हरूले रुद्ररूप शंकरलाई विभु– परब्रह्मको स्थानमा प्रस्तुत गरे।

"रुद्र" लाई ब्राह्मण, उपनिषद् आदि वैदिक ग्रन्थहरूमा असुर जातिको देवताको रूपमा विश्लेषण गरिएको छ। यिनले प्रायः असुरहरूलाई

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वरदान दिने, असुर प्रकारका तत्वको संग्रह गर्ने गरेको पाइन्छ । असुरजाति कुरूप, दुष्ट, दुराचारी, सर्वभक्षी आदि प्रकारको वताइएको छ । रुद्र वा किरातको भेष र स्थिति नै असभ्य जंगली कुरूप देखांपर्छ । फेरि यिनका सहचर तथा खानपानको वर्णन पनि असुर प्रकारको छ । यसैले दक्षप्रजापति आफ्नो यज्ञसमारोहमा सम्वन्धित भए पनि यिनलाई उपेक्षित गर्छन् । यिनको वर–व्यवहारको निन्दा गर्छन् । शिवगण भनी भूत, प्रेत, पिशाच आदि प्रमथगण वताइएको छ । पछिल्लो कालतिरका ग्रन्थहरू अध्ययन गरी नृतत्वविद्हरूले अनुमान गरेका छन् – यिनीहरू, आभीर, किरात (निषाद) भिल्ल, कुलाल आदि द्राविड जातिहरू नै शिवगण अन्तर्गत वर्णन गरिएका थिए। जेहोस्, उत्तरकालमा आई शिवका विभिन्न स्वरूप वताइन्छन्–जसमध्ये किरातरूप अन्यतम हो । यहाँ भारविले पनि शिवको व्यापक महिमा ग्रहण गरी विविध प्रकार र स्थितिमा प्रस्तुत गर्दै शिव स्वरूप किरातका विभिन्न नामद्वारा उल्लेख गरेका छन् ।

यहाँ शिवजीलाई शूली (शूलभृत्) पिनाकी (पिनाकभृत्, पिनाकपाणि) वृषध्वज, उमापति, अष्टमूर्ति, भूतनाथ, त्रिपुरजयी विजेता आदिको साथै ईश, देव, भव, रुद्र, शंकर, शिव आदि नामद्वारा उल्लेख गरिएको छ । यहाँ शिवजीलाई शूलभृत् भनेर उनका त्रिशूलतर्फ र पिनाकभृत् भनी उनको धनु पिनाक तर्फ संकेत गरिएको कुरा स्पष्ट हुन्छ । त्यस्तै शिववाहन वृषलाई लक्ष्य गर्दै वृषध्वज प्रयोग गरिएको कुरा पनि स्पष्ट हुन्छ । फेरि शिवजीका सर्पको अर्द्धनारीश्वर (भवानी शंकर आधा-अंग जोडिएको कुरा) रूपको वर्णन पनि यहाँ गरिएको छ (५।३६, ४०) शिवरूप परब्रह्म नै अष्टमूर्तिरूप (८) भूतपति किरात हुन् । यिनका अष्टस्वरूप मध्ये जल र आकाश रूपको स्तुति अर्जुनद्वारा यहाँ गरिएको छ । यी अष्ट स्वरूपको उल्लेख श्रीमद्भगवद्गीतामा पनि देखापर्छः

> भूमिरापोनलोवायु खंमनोवुद्धिरेव च,
> अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ७।४

अर्थात् पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहंकार यी आठ रूपहरूमा मेरा प्रकृति विभाजित छन् । यहाँ कवि भारविले ब्रह्मा, विष्णु र शिव यी तीन मूर्तिको अद्वैतभाव प्रतिपादन गरेका छन्, साथै ब्रह्मको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

प्रतिपादन गर्दै उनले शब्दब्रह्मको रूपमा परब्रह्मको पनि प्रस्तुति गरेका छन् ।

भूत, पिशाच आदिका मालिक भएकोले नै भगवान् शिवलाई भूतपति वा भूतनाथ भनिएको हो । यी भूतादिका नाथ (मालिक) हुन् भन्ने कुरा श्रीमद्भागवतमा पनि उल्लेख छ । ऋषि कश्यप भन्छन्–"यो ज्यादै डरलाग्दो भयानक हेरिनसक्नु समय हो । यस समय भूतनाथ (रुद्र) का गण भूत, प्रेत पिसाच आदि घुमफिर गर्छन्(श्रीमद्भागवत ३।१४।२२) यिनै भूतनाथका गणविशेष नै प्रमथगण हुन् । प्रमथको शब्दार्थ हो–दुराचारी (दुष्ट) लाई विनाश गर्ने शक्तिसमूह दुष्टान्प्रमथयन्तीति 'मथे विलाड़ने' (भ्वा. प. से.) प्रमेथा:[1] यस्तै तान्त्रिकमतमा प्रमथको अर्थ गरिएको छ–जुन शक्तिद्वारा इन्द्रियको साथै दुर्भाव वा वासनालाई मन्थन गर्छ, तिनै शिवपार्षद् प्रमथ हुन् । यिनको समुदाय सम्बन्धमा कालिका पुराणमा उल्लेख छः

> षड्त्रिंशत्तु सहस्राणि प्रमथा द्विजसत्तमा:
> तत्रैकात्र सहस्राणि मात्रे षोडश संस्थिता: ।

यस्तै त्रिपुरजयी तथा त्रिपुरान्तक पनि शिवका नाम हुन् । यहाँ सामान्यत: 'त्रिपुर' शब्दले त्रिपुरासुरलाई लिएको बुझिन्छ । भारविले यही सरल अर्थमा त्रिपुरान्तक शिवजीको उपमा प्रस्तुत गरी काव्यात्मक अभिव्यक्तिको रौनक भरेका छन् । उनी लेख्छन्– 'राता– राता चहकिला जटाका किरण उठिरहेका, ताँदो चढाएको धनु लिएका, वीर अर्जुनलाई दुनियाँले त्रिपुरासुरका तीनपुर उच्छितो पार्न कस्सिएका, निधारको तेस्रो आँखा नदेखिएका मानौं रुद्र जस्तै देखे' (१२।१४) अर्थात् भगवान् रुद्ररूप शिव तथा अर्जुनमा हाल यतिमात्र भेद देखिन्थ्यो– यिन (अर्जुन) को ललाटमा तेस्रो नेत्र थिएन । यस वाहेक तान्त्रिक अर्थमा चाहिं त्रिपुर भनी इच्छा, ज्ञान र क्रियाशक्तिलाई लिइएको छ र यस मध्यभागमा वस्ने शक्ति रूपिणी देवीलाई त्रिपुरसुन्दरी मानिएको छ । अर्को पक्षमा तान्त्रिक पद्धति अनुसार नै त्रिकोणयन्त्र सर्वशक्तिमयी देवी विराजमान हुने विन्दु मानिएको छ । यसलाई यहाँ सृष्टि स्थिति र संहारको प्रतीक पनि वताइन्छ ।

१. अमरकोषः भानुदीक्षित कृत 'सुधा' व्याख्या १.१.३७

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

दुर्गासप्तशतीकी सर्वदेव शरीरजा देवी (सप्तशती २।१३) भगवती जस्तै अष्टमातृकाको शक्तिसमूहबाट शक्तिशालिनी देवी उद्भव भई त्रिकोणयन्त्र स्थित बन्छिन् । यिनै त्रिपुर सुन्दरीदेवी मानिन्छिन् । जे होस्, माननीय मन:स्थितिका दुर्भाव वा वासनात्मक शक्तिलाई जित्ने परब्रह्मतत्त्व हुन्– शिवरूप किरात । अत: यहाँ महाकवि भारविले किरातरूप शिवलाई परब्रह्मको रूपमा प्रस्तुत गरी आफूलाई पाशुपतशास्त्र अनुसार शिव, विष्णु र ब्रह्मको अद्वैतरूप मानो जीवात्माका साथ परम चित्शक्तिको तादात्म्य देखाएका छन्, आफ्नो मत वा सिद्धान्तलाई अद्वैतववादी सावित गरेका छन् । कारण भारविले संसार पार भई भगवल्लीन हुन तत्त्व बोधक सम्बन्धमा कतै 'मुक्ति' (११।१३) कतै 'ब्रह्मपद' (५।१२) कतै 'मोक्ष' (१८।२४) शब्दको प्रयोग गरेका छन्, अनि मुक्तिको परिचय पुनर्जन्म र बुढचाइँ नभएको पवित्र र सर्वोच्च .. भनी बताएका छन् (५।१२) अत: भारवि यहाँ खरो वेदान्त दर्शनका पक्षपातीको रूपमा देखिन्छन् ।

शिव: किरातस्वरूपमा

यसरी हेर्दा शिवस्वरूपको व्यापकता महान् छ । वस्तुत: शिवको नै कैलास विहारी जंगल रूप हो– किरात । 'किरात' शब्दका अर्थ मध्ये कैलास-वन– विहारी जंगली किरातवेषधारी शिव स्वरूपको साथै हिमाली भेकको प्राचीनतम जातिविशेष अर्थलाई पनि यहाँ लिइन्छ । 'किरात' शब्दले वैदिक शास्त्र अनुसार यसलाई असुर प्रकारको निम्न (म्लेच्छ) जाति मानिएको छ । 'किर' को अर्थ वँदेल वा सुगुर हो । यसको संसर्ग गर्ने, पाल्ने, खाने, सिकार खेल्ने जंगली जाती हो 'किरात' । यो फोहरी, असभ्य, जंगली, गंवार– मूर्ख प्रकारको जाति भएकोले नै आर्यहरूले यसलाई असुर श्रेणीमा राखेको बुझिन्छ । मध्यएसियाबाट भारत वर्षमा आर्यहरूको प्रवेश हुनुभन्दा पहिलेदेखि नै यहाँको हिमाली भेकमा किरात-हरूको वसोवास भएको भन्ने राय इतिहासविद्हरूको छ । फेरि कतिपयको मत छ– यहाँको हिमाली खण्ड– नेपाल जालन्धर, कुमाउ, गढवाल, काश्मीर आदिमा किरातहरूले आफ्नो आधिपत्य जमाई युगौंदेखि वसोवास गरेका थिए । भारत वर्षमा आर्यहरूको प्रवेश भएपछि यिनीहरूको द्राविड, किरात आदि जातिसँग संघर्ष भयो, यी पराजित हुन पुगे । आर्यको दृष्टिमा यी पराजित जातिहरू तुच्छ र असुर प्रकारका मानिए । आर्य-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

हरूद्वारा आफ्नो ग्रन्थमा यिनको हरेक क्रियाकलाप निम्नस्तरको असुरमय भनी उल्लेख भएको छ। यिनीहरूले आफ्नो मूल इष्टदेव रुद्र वा किराते-श्वरलाई माने। फलत: रुद्रको (किरातको) बयानमा आर्यद्वारा श्मसान-वासी पिसाच वा भूतगणमालिक, गाँजा, भाङ, धतुरो सेवन गरी विभूति (खरानी घस्ने, नरकङ्काल लिई सर्पमाला पहिरी हिंड्ने अवधूत बताइयो। यसैले दक्षप्रजापतिद्वारा यिनको असभ्यताको चित्रण र उपहास गर्नुको साथै यज्ञमा समेत निम्ता दिइएन– उपेक्षा गरियो। (स्कन्दपुराण) यसले 'किरात शब्दार्थ मुख्य रूपमा जाति विशेष र सान्दर्भिकता अनुसार शिव-लाई समेत संकेत गर्न पुग्छ। यहाँ शिवलाई किरात जातिको मालिक भनी किराताधिप, किरातेश्वर, किरातप्रमुख आदि शब्दद्वारा सम्बोधित गरिएको पाइन्छ। नेपालमा प्रचलित किरात पूजा परम्परा प्राचीनतम हो। भगवान् पशुपतिनाथको पूजा क्रम चलेको र मन्दिर बनेको समय कहिले ? यो प्रश्न आलै छ। अनुमान गरिन्छ वि. पू. दोस्रो– तेस्रो शताब्दी। नेपालमा आजसम्म प्राप्त शिवलिंग मध्ये सबैभन्दा पुरानो किरातेश्वरको लिङ्ग बताइन्छ। यसबाट नेपालको किरातकालमा पनि भगवान् शिवको पूजा आराधना हुने चलन थियो भन्ने संकेत मिल्दछ। यहाँ यिनै किरातरूप शिवको आराधनारत छन्– अर्जुन। पछि परीक्षा सन्दर्भमा यिनै किराते-श्वरसँग अर्जुनको युद्ध भएको कुरा वर्णित छ। अन्तत: शिवस्वरूपको परिचय पाई अर्जुन शिव महिमा गाउँछन्– पाशुपतास्त्र प्राप्त गर्छन्।

प्रस्तुत घटनाको मूल आधार पौराणिक हो। संस्कृत वाङमयमा पौराणिक महिमा व्यापक छ। पुराणको अस्तित्व वैदिक कालिक अनुभव भए पनि हाल प्राप्त पुराणहरू उत्तरवर्तीकालका मानिन्छन्। अत: यिनको समय ई.पू. दोश्रो– तेश्रो शदीतिर अनुमान हुन्छ। यिनको मूल उद्देश्य मानवहृदयमा आध्यात्मिक भावनाका विकासको साथै सच्चरित्र– समाज निर्माण गर्नु बुझिन्छ। पुराणद्वारा बुझाइने खास विषय पाँच बताइएको छ:[1] सर्ग = सृष्टिविधान सम्बन्धी जानकारी, प्रतिसर्ग = सृष्टिविधानको पुनरुद्भव, वंश = सृष्टिगत आदि वंशावली, मन्वन्तर = विभिन्न मनुहरूका कालको अवधि वा सीमा, वंशानुचरित = चन्द्र र सूर्यवंशका ऐतिहासिक

१. सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च
वंशानुचरितं चेति पुराणं पञ्च लक्षणंम्

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

घटनाको आदि । यी पाँच लक्षण अनुरूपका पुराणहरू मध्ये उत्तरवर्ती पुराणहरूको क्रममा आउँछ - शिवपुराण । यो मूलत: शिवको गुणगौरव र महिमावर्णनले भरिएको कृति हो । यसबाट विष्णुका सहस्रनाम जस्तै शिवका पनि सहस्रनाम भएको कुरा थाहा हुन्छ । संभवत: यिनै सहस्रनाम मध्ये अन्यतम नाम -'किरातेश्वर' होओस् । जेहोस्, शिवसहस्रनामस्तोत्रको स्तुति पाठले नै शिवबाट विष्णुले सुदर्शनचक्र प्राप्त गरेको घटना शिवपुराणमा बताइएको छ । यसरी पौराणिककालीन लोकले अनेकौं शिवस्वरूपको र व्यापक शिवशक्तिको माहात्म्य गाएको छ । पुराणदर्शनबाट र फुटकर शिवस्तोत्रबाट समेत शिवस्वरूपका विविधताको र शिवमहिमाको बोध हुन्छ । हिन्दुदर्शनको मूल निचोड जे भए पनि यसबाट शिवस्वरूपमा विविधता देखिनु, चरित्रमा विविधता अनुभव हुनु, शिवगणको आफ्नै प्रकार पाइनु आदि कुरा रहस्यपूर्ण देखापर्छन् । यस्तै यहाँका अन्यदेवताहरूको पनि स्थिति छ । जे होस्, हाम्रो दर्शन निराकार– निरञ्जन परब्रह्ममा टुंगिन पुगेको देखापरे पनि यी ब्राह्मणग्रन्थ उपनिषद्, पुराण-उपाख्यानहरूले साकाररूप कल्पना गरी यसप्रति आकर्षण जगाएका छन्; आध्यात्मिक चिन्तनको निमित्त खडा गरेका छन् । यसको निचोड तर्फ संकेत गर्दै यी कथा– उपाख्यानको आशयमा भनिएको छ–'.. ततःसत्यं समीहते' आदि ।

महाकवि भारवि अद्वैतवेदान्तका पक्षपाती थिए । अद्वैतको मूलभाव हो– सारालोक व्यवहारका वस्तुहरू विनाशी र क्षणिक छन् । यहाँ नित्यत्व भन्ने वस्तु केही छैन । नित्य, अविनाशी र सद् भन्ने वस्तु नै अद्वैतरूप एकमात्र 'परब्रह्म' हो भन्ने तथ्यको आधिकारिक प्रतिपादन गर्नु । अद्वैतवादीहरूको विश्लेषणमा– यी देवी देवता आदि वा त्रिदेव (ब्रह्मा, विष्णु, महेश) पनि यही परब्रह्मका विकारात्मक आभास हुन् भन्ने पाइन्छ । यही ब्रह्म चिन्तक साधक सिद्धपुरुष नै ब्रह्मज्ञानी मानिन्छन् । यहाँ किरातरूप शिवलाई त्रिदेवरूपको अभिन्नता कायम गरी एकाकाररूप अर्थात् अद्वैत प्रकारमा प्रस्तुत गर्दै सृष्टि– स्थिति र लयका मूल आधार बताइएको छ । अनि सारा चराचर सृष्टिका पालक, प्रवर्तक र संहारक तथा कारणका पनि कारण भूत–परमाणुका पनि कारण हुनुहुन्छ(१८।३५) यसरी यहाँ भगवान् किरातरूप शिवलाई साक्षात् ब्रह्मको स्थितिमा प्रस्तुत

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गरिएको तथ्य स्पष्ट छ। वेदान्त प्रतिपादित ब्रह्म नै शिव (किरातेश्वर) हुन् भनी ब्रह्मलाई शिवसंज्ञा दिइएको कुरा वेदद्वारा पनि संकेत मिल्दछ:

नमः शम्भवाय च मयोभवाय च नमः शंकराय च
मयस्कराय च नमः शिवाय च शिवतराय च। यजुः १६:४१

अर्को कुरा– किरातरूप शिवलाई परमेश्वरीय सत्तामा पुऱ्याई सर्वशक्तिमान् तत्त्वको अवस्थामा प्रस्तुत गरिएको पनि पाइन्छ। भनिएको छ– मुक्तिदायक आधार पनि तपाईं (भगवान्– सदाशिव) नै हुनुहुन्छ। 'मुक्ति' भनेको तत्त्वज्ञानद्वारा आत्मसाक्षात्कार गरी परब्रह्मरूप तत्त्वमा एकाकार हुनु हो। शारीरिक स्थिति रहेसंम मुक्ति प्राप्त हुन सक्तैन। पांचभौतिकस्थूल शरीर पिण्डको नाश भएर सत्कर्मानुसार स्वर्ग प्राप्त भएता पनि पुण्यक्षीण भएपछि तत्–तत् पुरुषको सूक्ष्मशरीरको विद्यमानतामा अर्को शरीर ग्रहण गरी जीव निरन्तर जन्म– मृत्युको चक्रमा पर्छ। सांसारिक सुख– दुःख अनेक सन्तापमा अल्झिरहन्छ। अतः साधक सन्तहरू, ऋषिमहर्षिहरू स्वर्ग कामनामा कहिले हुँदैनन्। अल्पज्ञ वा वासनात्मक भाव पन्छिई नसकेकाहरूको लागि नै स्वर्ग हो। यसैले दया–दाक्षिण्य आदि सत्कर्मवान् व्यक्तिको दुनियाँमा ठूलो ख्याति देखिन्छ र तिनको स्वर्गप्राप्ति निश्चित छ, तर पनि स्वर्ग क्षणिक हो। पुण्यक्षीण पछि ती पुनः मर्त्यलोकका नै अधिकारी हुन्छन्। यसैले त्यस्ता सत्कर्मवान् व्यक्तिहरू पनि मोक्षप्राप्त गर्नाको लागि हे महेश्वर प्रभु, तपाईंको नै सेवा आराधना गर्छन् (१८।२४)।

यस प्रकार किरात सेवारत अर्जुन अझै विशेष रूपमा किरातेश्वर भगवान्को स्तुति गर्छन्: हजुर सारा प्राणी चाहे जे जस्तो होस्, भक्त– अभक्त, शत्रु– मित्र केही भेद नगर्ने समदर्शी हुनुहुन्छ, हजुरमा केही विकारले छुँदैन। यसैले निर्विकार मानिनुको साथै संसारको साक्षीरूपमात्र हुनुहुन्छ। हजुर सदा प्रत्यक्ष हुनुहुन्छ, तर चर्मचक्षुले चाहिं अदृश्य– अगोचर। अतः तपाईंलाई देख्न स्थिर बुद्धिवाला ज्ञानचक्षुको आवश्यक छ। अतः स्थिर भएर पनि सूक्ष्म मरणरहित अजर अमर र अनुपमेय, अतीन्द्रिय र अपरिच्छेद्य (यति र यस्तो भनी नाप्न नसकिने) आकाशस्वरूप हुनुहुन्छ। यसैले तपाईंको स्वरूपलक्षण गरिएको छ– सत् चित्

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

आनन्द । त्यस्तै तटस्थलक्षणा छ– स्वयं तपाईंमा जगत्को सृष्टि स्थिति र लय हुनु । अतः सूक्ष्मातिसूक्ष्म भएर पनि विश्वकर्ता जन्ममरण रहित, नजिक भएर पनि अन्तर्यामी (भेट्न नसकिने) वाक् मन द्वारा अगोचर मानिनु हुन्छ (१८।४०) यसैले तपाईं अगतिको गति र आशुतोष हुनुहुन्छ (१८।४१) ।

अर्को कुरा– यहाँ भएको शिवस्वरूपको वर्णन सन्दर्भमा रौं सहितको हात्ती छाला ओढेको, मुण्डमालाधारी, मुर्दाको भस्म चन्दनको रूपमा घसेको, चन्द्रकला चमचमाएको, मणि झल्किएको विशाल सर्प कटिभूषण भएको आदि कुरा भनिएको छ (१८।३२) यस्तो विविध प्रकृतिको शिव-स्वरूप वर्णन संस्कृत वाङ्मयमा प्रशस्त छ । शिवका ताण्डवनृत्यको क्रीडा क्रममा नागचर्म प्रयोगको सन्दर्भ बताइन्छ । कालिदासले मेघदूतमा पनि यसको प्रसंग उल्लेख गरेका छन्: 'हे मेघ महाङ्कालको आरती पछि त्यहाँ सुरू हुने ताण्डव नृत्यमा भगवान् भूतनाथ रगतदागी हात्तीछाला (गजासुरचर्म) प्रयोग गर्नु हुन्छ यसैले तिमी फुलेको जपापुष्प जस्तो सन्ध्याकालीन रक्तिमायुक्त आकृतिद्वारा शिवको ताण्डवनृत्यारम्भ समय फैलाइएका भुजमण्डलरूपी वनखण्डलाई ढाकेर रहनु । यसबाट नीलो–कालो बादलमा रातो सन्ध्याकालीन रिम्–रिमे ओझल पर्दा तिमी रगत भिजेको हात्तीछाला झैं देखिने छौं । यस कार्यले एकातिर शिवजीको रगतभिजेको गजचर्म ओढ्ने इच्छा हट्ने र अर्कोतिर हात्ती छालाको बीभत्सले वैलिन पुगेको पार्वतीको खिन्न मनःस्थिति पनि पन्छिनेछ । फलतः यस भक्तिपूर्ण कार्यद्वारा तिमी भवानी पार्वतीको सुदृष्टि प्राप्त गर्नेछौ' (मेघदूत१।३६) । यहाँ शिवसँग सम्वन्धित गजचर्मको प्रसँगलाई लिएर तान्त्रिकमतमा अर्कै जीवन परक विश्लेषण गरिएको छ । जुन मूलाधारचक्रको पृथ्वीतत्त्व छ– त्यहाँ सप्तप्राणरूपी सप्तशुण्डयुक्त गजाकार ज्योति छ । जसको पीठ (पृष्ठभाग) मा शिवतेजका सन्दर्भद्वारा प्रज्वलित कुण्डलिनी रहेको छ । जब योगसाधन इच्छाबाट नृत्यारम्भ शिवजी यस कुण्डलिनी चक्रलाई भेदन गर्नु हुन्छ, तब यो सप्तशुण्डयुक्तरूप गजको मानो मृत्यु हुन पुग्छ । जसले विषय भोग रूपी वासनात्मक कामलाई वश गरेको छैन, त्यस्तो व्यक्तिले गजरूपी असुरलाई परास्त गर्न सक्तैन । यही गज– परास्त संकेत नै यहाँ भएको गजचर्म प्रस्तुति हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पूर्वीय दर्शनले सच्चिदानन्दरूप परब्रह्मलाई अनन्तस्थितिमा स्थापना गरेको छ र यसलाई सर्वशक्तिमान् करुणामय परमात्मा (ईश्वर) स्वरूप बताएको छ। यसरी भगवत्स्वरूप अव्यक्त र अद्वितीय छ, निःस्वार्थ छ, तर पनि साधुपरित्राण, धर्मसंरक्षण र जीवानुग्रहकार्यले गर्दा यहाँ विविध अवतार ग्रहण गर्नु पर्ने कार्य देखिन्छ। (श्रीमद्भगवद्गीता) यी अवतारको विवेचन यहाँ युगावतार, पूर्णावतार, अंशावतार र कलावतार आदि अनेक अवान्तर भेदमा गरिएको छ, साथै यिनको पूर्णावतार तहमा मत्स्य, कूर्म, वराह आदि दश छन् र दोश्रोतहमा कपिल, दत्तात्रेय, नरनारायण, नारद, वराह आदि चौबिस छन्। यी अवतारहरूको क्रम एकातिर छ भने भगवत् स्वरूपको स्थिति चाहिं अर्कोतिर छ। यही भगवत्स्वरूप मध्ये शिवको अन्यतमस्वरूप हो– किरात।

'नर' स्वरूप अर्जुन

परमेश्वरका विभिन्न स्वरूप मध्ये नरनारायण पनि एक हुन्। यिनमा नर अर्जुन र नारायण भगवान् हुन् भनी मानिन्छ। त्यस्तै श्रीकृष्ण अर्जुन भगवान्का अभेद रूप हुन् भन्ने संकेत गीता तथा पौराणिक आधारबाट पनि स्पष्ट छ। श्रीमद्भागवत महापुराणको अभिव्यक्ति अनुसार बुझिन्छ– अव्यक्त निर्गुणतत्त्व नारायण हो र व्यक्त सगुणतत्त्व नर हो। यहाँ नरको रूपमा सगुण स्वरूप नारायणको नै दर्शन भएको अनुभव हुन्छ भन्ने कुरा देवव्रत भीष्मले प्रष्ट्याएका छन्– 'प्रवृत्तिलक्षणश्चैव धर्मो नारायणात्मकः (महाभा. शान्ति. ३३५।७७) अर्थात् प्रवृत्ति लक्षण–धर्मको कारण नारायण स्वरूप नै नर हुन्।

श्रीमद्भागवतको दृष्टिकोणको मूल आधार नारायण र नर अर्थात् नर– नारायण स्वरूप ऋषि भएको बुझिन्छ र यी सबै सूत्रात्मक तहमा प्रकट भएको तथ्य संकेतित हुन्छ। यो कुरा महाभारतमा अझ स्पष्ट शब्दमा उल्लेख छ– 'नारायणो नरश्चैव सत्त्वमेकं द्विधाकृतम्'। यही कुरा श्रीमद्भागवतमा पनि संकेतित छ– '…नारायणं नरसखं शरणं प्रपद्ये।' हो, यहाँ भगवान्ले अर्जुनलाई म तिमी नै र तिमी म नै हौं, अनि मेरो नै तिम्रो र तिम्रो नै मेरो हो अर्थात् हामी अभिन्न हौं भन्ने कुरा प्रष्ट्याइएको छ, अनि तिमी नर म नारायण यतिखेर हामी नरनारायण नै यहाँ आएका हौं भन्ने कुरा पनि यहाँ बताइएको छः

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ममैव त्वं तवैवाहं ये मदीयास्तवैव ते
यस्त्वां द्वेष्टि स मां द्वेष्टि यस्त्वामनु समामनु ।
नरस्त्वमसि दुर्धर्षो हरिर्नारायणो ह्यहम्
काले लोकप्रियं प्राप्तौ नरनारायणावृषी
(वनपर्व १२/४५,४६)

अत: अर्जुन पनि भगवत्स्वरूप नै हुन् भन्ने कुरा स्पष्ट हुन्छ। भनिएको छ- सर्वशक्तिमान् परमेश्वरद्वारा सृष्टिको आरम्भमा धर्म-तत्वलाई दुई तहमा विभक्त गरी अवतरित गराइयो नर- नारायण रूपमा। यी नरनारायणको आकार प्रकार जटाधारी सिद्ध महर्षिको स्वरूपमा व्यवस्थित बताइन्छ र निवासस्थल विशेष गरी बदरिकाश्रम भनिएको छ। यसरी रहेका यी महर्षि स्वरूप विरत व्यक्तित्वको समय सत्य र त्रेता युग मानिन्छ। द्वापर युगमा यी श्रीकृष्ण र अर्जुनको रूपमा पाइन्छन्। 'भारविले आफ्नो महाकाव्य किरातार्जुनीयम्' अन्तर्गत ठाउँ ठाउँमा अर्जुनलाई साधारण व्यक्ति नमानी नररूप ईश्वर बताएका छन्। उनी सुरुमा नै स्पष्ट गर्छन्- यी तपस्वी (अर्जुन) आदिपुरुष (विष्णु) का अंशभूत बदरिकाश्रमवासी साक्षात् 'नर' हुन् (१२।३३) यस कुरालाई शिवजीको मुखबाट नै प्रकारान्तरले विश्लेषित गरिन्छ- अर्जुन र कृष्ण नरनारायण-रूप हुन्। यी स्वयं ब्रह्माजीको प्रार्थनाद्वारा दुष्ट (दैत्य) हरूको शमन र सज्जनहरूको पालन निति पृथ्वीमा आई मनुष्यरूपमा रहेका हुन्(१२।३५) यसप्रकार अर्जुनप्रतिको हिन्दूसंस्कारगत तथ्यता स्पष्ट पार्दै कवि भारवि अर्जुनको शरीरगत चित्र काव्यात्मकरूपमा उतार्छन्- ठूलाबडा तेजस्वी ऋषिमुनि प्राणीहरूलाई पनि तिरस्कृत गर्दै धम्-धमाकार भएको अर्जुनको वर्ण- मरकत (नील) मणि जस्तै श्याम थियो, आकृति उदार थियो। उनी बदरिकाश्रमवासी मनुष्यरूपी साक्षात् नारायणका अवतार थिए तथा जलरूप दर्पण प्रतिबिम्बित भगवान् भास्कर सदृश देखिन्थे (१४।४१) महाकवि भारविद्वारा भएको यो स्पष्टीकरण पौराणिक आधारको नै अनुसरण हो। यस्तै भागवतीय कथा अन्तर्गतको चर्चा पनि यहाँ स्मरणीय छ- मृत ब्राम्हणपुत्र फिर्ता समय परमेश्वर मार्फत् भनियो- 'श्रीकृष्ण- अर्जुन, तपाईहरूको लोकधर्म र रक्षा निति कलावतारको रूपमा अवतार भएको हो। छिटै आफ्नो कार्य सम्पन्न गरी परमेश्वर समक्ष प्राप्त हुनु-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पर्छ । तपाईंहरू नर नारायण स्वरूप सर्वश्रेष्ठ महर्षि हुनुहुन्छ । तर पनि लोकसंग्रह निति तपाईंहरूको धर्माचरणमा स्थित हुनु आपनो कर्तव्य हो' (श्रीमद्भागवत १०।८९, ५९–६०) यसरी परमेश्वरको कलावतार रूपमा रहेका नर स्वरूप अर्जुन पाशुपतास्त्र अभ्यर्थी बनी यहाँ वीर भेष र मुनि-भेष दुवै रूपमा देखा पर्छन् । अत: अर्जुनको भूमिका यहाँ महिमाशाली र अध्ययनीय बुझिन्छ ।

यस प्रकार महाकवि भारविले आपनो काव्य 'किरातार्जुनीयम्' द्वारा काव्यात्मक शैलीमा अन्तत: सत्, चित्, आनन्दरूप निराकार–निरंजन, अखण्डात्मक परब्रह्म शिवत्व (किरातरूप) को प्रतिपादन गरेको तथ्य स्पष्ट हुन्छ । यहाँ अर्जुनको भूमिका यसप्रकार नर (मानवरूपी ईश्वरको) स्थितिमा छ र किरातरूप शिव चाहिं सर्वशक्तिमान् परमेश्वरको स्वरूपमा छन् । अत: नर र नारायण परमेश्वर परब्रम्हको तादात्म्य वा सम्पर्कित स्वरूप किरात– अर्जुन हुन् । पौराणिक साहित्यको अध्ययनबाट बुझिन्छ– तत्वत: अग्नि, रुद्र र प्राण एक अर्काका पर्याय छन् । यहाँ उल्लेख छ–

> प्राणे निविष्टो वै रुद्रस्तस्मात्प्राणमय: स्वयम्,
> प्राणाय चैव रुद्राय जुहोत्यमृतमुत्तमम्;
>
> (लिङ्गपुराण –१।८८।६६)

यसप्रकार रुद्रतत्त्व र प्राणतत्त्व एकै बुझिन्छन् । प्राणका दुईरूप छन्– शान्त, अशान्त (कुपित) । यस्तै किरातेश्वर भगवान्का पनि दुई रूप– शिव र रुद्र छन् । 'किरात' रुद्ररूप शिवको नै अवतार हो । यो सृष्टिगत द्वन्द्वमा भौंतारिएको प्राणी भगवान् किरात वा रुद्रको नै माया हो, विधान हो । यी भगवान् किरात वा रुद्रको उपासना तथा पहिचानबाट नै संसारी प्राणी शिवमार्ग उन्मुख हुनु संभव छ । वस्तुत: अशिवको निवारण नै शिवप्रतिको तत्परता हो, उत्सुकता हो । यसमा नै शिव (कल्याण) आगमन सम्भव छ । यहाँ एकातिर तात्त्विक चिन्तनको प्रतीकात्मक सूचक छ भने अर्कोतिर किरात– अर्जुन स्वरूपात्मक शिवत्वको यथार्थज्ञानप्रति पनि संकेत गरिएको छ । यही नै एक प्रकारमा किरातरूप शिवको महिमा हो, शिवत्वको स्वरूप हो । अस्तु

□

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

टिपोट: सूक्तिसंचय गौरवगान

लोक जीवनले पुरातन कालदेखि नै आफ्ना दैनिक व्यवहारमा अनेक उक्ति, सूक्ति र चुड्किला, कथा– गाउँखाने कथा र तुक्का आदिको प्रयोग गर्दै आएको छ। दैनिक प्रयोग अन्तर्गत मानिसमा भएको वाग्वैचित्र्य कथन र अनुभव चातुर्यको आधारमा यी कति स्वत: स्फूर्त हुन्छन् र र कति निर्मित बन्दै प्रयुक्त हुन पुग्छन्। बालकको जन्मसँगसँगै उसलाई खेलाउने फकाउने र फुल्याउने आदिको साथै भाषा र भावनाप्रति उद्बोध गर्ने र अभिव्यक्ति कुशलता प्रदान गर्ने काममा पनि सूक्ति र चुड्किलाहरूले ठूलो मदत पुऱ्याएका छन्। यस सन्दर्भमा संस्कृत सूक्तिहरूको ऐतिहासिकता हेर्ने हो भने प्राचीनतम अनुभव हुन्छ। यसको प्राचीनतमरूप वेद, स्मृति र उपनिषद्मा समेत प्राप्त छ। पुराण र काव्यग्रन्थहरू त सूक्तिहरूद्वारा सम्बद्ध छन्। महाभारतमा पाइने सूक्ति संचय– विभिन्न नीति र उपदेश, गीता र सम्वाद आदि प्रसंगमा सम्बद्ध छ र अभिव्यक्ति अनुसार मुक्तरूपले पनि प्रस्तुत हुन्छ। यहाँ पाइने फुटकर सूक्तिहरू लामो अनुभव र अध्ययनको परिपाकद्वारा खारिएका पथप्रदर्शक आलोकको रूपमा प्रस्तुत छन्। यिनका तीक्ष्ण कथनको महिमा सदा मर्मस्पर्शी र हृदयग्राही हुन्छ। फेरि महाकवि कालिदास, भारवि, माघ आदि संस्कृत साहित्यकारका काव्यात्मक कृतिहरू पनि मनोहर तथा हृदयस्पर्शी सूक्तिद्वारा प्रसिद्ध छन्। यसरी पूर्वीय वाङमयमा पाइने सूक्तिधाराको क्रम निकै लामो र महिमाशाली देखापर्छ।

सूक्तिधारा वस्तुत: अनुभवी र प्रतिभावान् व्यक्तित्व, साधक ऋषिमुनि र अध्ययनशील विद्वान् आदिद्वारा युगौं युगदेखिको व्यावहारिक यथार्थ साक्षात्कार गरी प्रस्तुत गरिएको तथ्य हो। सूक्तिका भनाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

सामान्यत: अभिधेयार्थ भए पनि दृष्टान्त तुल्य भई अभिव्यक्ति ताच्छिल्य प्रकट गर्ने विषय चटनीको रूपमा पाइन्छन्। त्यस्तै कति चाहिं आफ्नो आख्यान सीमामा नखुम्चिई व्यंजनाबोध तात्पर्यलाई समेत ग्रहण गर्न पुगेका हुन्छन्। जिज्ञासुहरुले यही तथ्य आकलन र व्यापकार्थता नै वैदिक वाणीगत रहस्यपूर्ण गूढतत्त्व स्वीकारेका छन्। यसैले सूक्ति वा सुभाषित चिरकालीन अनुभव प्राप्त तथ्य ज्ञानका सूत्ररूप कथन मानिन्छन्। अत: मानवहृदयमा भएको चिरसंचित ज्ञानानुभूत प्रकाशनको उद्देश्य पनि सूक्तिकथनमा भएको बुझिन्छ। प्राय: सूक्तिहरू मूल भनाइलाई विशेष प्रकारले पुष्टि गर्ने रूपमा विभिन्न किसिमले प्रस्तुत गरिएका पाइन सक्छन्। कतै-कतै यिनको व्यापकता विभिन्न लक्ष्यमा विस्तारित भएको पनि हुन सक्छ। उदार दृष्टिले हेर्दा केही हदमा नेपाली उखान र सूक्तिहरू हारा-हारीमा विधा अन्तर्गत लिन सकिन्छन्। जे होस्, संस्कृत वाङ्मय सूक्ति-संचयको अक्षय भण्डारद्वारा सम्पन्न छ। यो सूक्ति- प्रसंग परम्परित रूपले प्राकृत, पाली र लोकभाषाहरूमा पनि प्राप्त छ।

अर्को कुरा- संस्कृतका मुक्तक कथा ग्रन्थ- पंचतन्त्र, हितोपदेश आदि र नीतिग्रन्थ- चाणक्यनीति, विदुरनीति, कणिकनीति, शुक्रनीति आदि पनि सूक्तिरचनाबाट सम्बद्ध छन्। यहाँका नीतिपरक उक्तिहरू लोक जीवनका निति निकै घतिला, मार्मिक र जीवन तथ्य प्रदान गर्ने खालका छन्। यिनमा पाइने पथप्रदर्शन जीवन यात्राका निति शाश्वत तथा आलोकप्रद देखापर्छ। यहाँको 'आयसैः आयसं छेद्यम्' 'शठे शाठ्यं समाचरेत्' आदि 'काँडाको शत्रु कांडो' 'जस्तालाई तस्तै, ढिडालाई निस्तै' आदिरूपमा भावानूदित भई नेपाली जीवन- प्रसिद्ध देखापर्छन्। यस्तै 'निरस्त पादपे देशे एरण्डोपि द्रुमायते' को अनुवाद 'लाटा देशमा गाँडो तन्नेरी' भन्ने हुनसक्छ। यसरी लोक भाषाहरूले पनि सूक्तिहरूको व्यापकता-भित्र आफूलाई भिजाएको समर्पित गरेको अनुभव हुन्छ। हो, सूक्ति अन्य उक्तिको अपेक्षा शाश्वत तथा प्रभावशाली हुन्छन्, तीक्ष्ण पाइन्छन्। यी शिष्टसाहित्य- लोकसाहित्य दुवै क्षेत्रका वस्तु हुन्, कारण यहाँ उक्ति-प्रतिको साधुता लोकको आफ्नो पन र पक्ष (कुरा) सल्बलाएको हुन्छ। यसैले श्रोता तथा पाठक दुवैलाई अनायास प्रभावित पार्ने खूबीको साथै आनन्दविभोर पार्ने सामर्थ्य पनि यहाँ छ। अत: सूक्ति आप्तवचन हुन्, प्रांजल-

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वाणी वा शब्दावली हुन् । यहाँ 'हितं मनोहारि च...' दुवैको सुलभता छ, दुर्लभता होइन ।

संस्कृत वाङ्मयमा सूक्ति वा सुभाषितको महिमा व्यापक छ। यसैले यहाँ 'सुभाषित त्रिशती' 'सुभाषित रत्न भाण्डागार' 'सुभाषित श्लोकसंग्रह' आदि सुभाषित कृतिहरू प्रसिद्ध छन् । सुभाषित महात्म्य गाउँदै संस्कृतरसिकद्वारा भनिएको छ:

> सुभाषितेन गीतेन युवतीनां च लीलया,
> मनो न रमते यस्य स योगी अथवा पशु: ।

यसरी सुभाषित महिमाबोध हुँदा हुँदै पनि संस्कृत वाङमय अन्तर्गत सुभाषित क्षेत्रको आधुनिक रूपमा व्यापक अध्ययन चाहिं अझ हुन सकेको छैन । संस्कृतका लोकोक्तिहरू, वालसुभाषितहरू र चुड्किलाहरू आदि अझै विशृंखलित छन् । सूक्ति सन्दर्भमा कवि क्षेमेन्द्रले भनेका छन्– जन-समक्ष देखा पर्ने सूक्ति प्रतिभा र मंजरी– (कोपिला) को प्रस्तुति भरखरको सुकुमारीको तरुन्याइ जस्तै नयाँ र नौलो नै विशेष आकर्षकमय हुन्छ, लोभलाग्दो वन्दछ ।

> सूक्तिनां प्रतिभानां च मञ्जरीणां च जृम्भितम्
> नवमेव मनोहारि नारीणामिव यौवनम् ।

यहाँ उनको सूक्ति विषयक नयाँ शब्दको आशय त्यसबाट पाइने पथप्रदर्शन– कौशलको ताच्छिल्य प्रति संकेत भएको हुनु सम्भव छ । जेहोस्, सुक्तिको महिमा–बोध सबै क्षेत्र र प्रतिभाबाट भएको कुरा स्पष्ट छ । यस्तै वालगीतको रूपमा पनि सूक्ति विषय एक सन्दर्भ स्मरणीय छ । विदुषी मदा-लसाले आफ्ना शिशुहरुलाई सुताई थप–थपाउंदै गाइएका वालगीतरूप – उक्तिहरू वेदान्ततत्त्वको गूढ रहस्यद्वारा ओतप्रोत छन् । रूंदै गरेको आफ्नो अवोध वालक अलर्कलाई सम्वोधन गरी थप-थपाउँदै र फुल्याउन खोज्दै बाल। गीत किसिमले लय हाली मदालसा गाउंछिन्: " हे बाबु तिमी शुध्द-वुध्द र निर्लिप्त छौ । तिम्रो नाउं नै के छ र! यो त भरखर–भरखर राखिएको अतथ्य संकेत हो । तिमी केको निंति किन रून्छौ ? तिम्रो वास्तविक स्वरूप (आत्मा)को न वृद्धि हुन्छ न हानि । यो देह क्षणिक चोलामात्र हो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

यो न तिम्रो हो न तिमी भन्ने नै केही हौ–मोहले गर्दा यो पाञ्चभौतिक शरीरपिण्डको सम्बन्ध–माता, पिता, स्त्री, पुत्र आदि रूपमा मान्दै आइरहेछन् । वस्तुतः यो केही होइन–केवल मोह हो, दुःख हो । वस्तुतः आत्म तत्व ज्ञान नै सुखधाम हो । त्यो वास्तविकता त्यागी तिमी के को निति किन रोइरहेछौ ?" (मार्कण्डेय पुराण: २४–२८)

नामविमुक्त शुद्धोऽसि रे सुत,
मया कल्पितं तव नाम,
न ते शरीरं न चास्य त्वमसि
किं रोदिषि त्वं सुखधाम ।

भावुक प्रतिभाको व्यावहारिक विवेक र जीवन–जगत् अन्तर्गत विशाल अनुभवको ज्ञान तत्–तत् प्रतिभाका सूक्तिरचनाद्वारा थाहाहुन सक्छ । सूक्ति साहित्यकारको जीवनमर्म ज्ञान र शास्त्रीय परिपाकको नैपुण्यलाई प्रकटित गर्ने कसी हुन् । यिनमा भावुक हृदयको विवेकपूर्ण तथ्य र अर्थ गौरवको परिपूर्णता झल्किएको हुन्छ । सकेसम्म संक्षिप्त भनाइ थोरै भन्दा थोरै शब्द प्रयोग गरी जीवनमर्म प्रकाशन गर्ने क्षमता राख्नु नै सूक्तिको महिमा हो । यसैले यिनमा सार्वकालिक सत्य तथ्यको साथै सर्वोपयोगिता समेत झलिकएको पाइनु स्वाभाविक हो । हाम्रो व्यावहारिकतामा पाइने सूक्ति, लोकोक्ति र सुभाषित फराकिलो अर्थमा एउटै कुरा हुन् । तर सूक्ष्म- निरीक्षण गर्ने हो भने यिनमा आफ्नै प्रकारको आन्तरिक भिन्नता देखापर्छ ।

सूक्तिहरूले आफ्नो सत्य तथ्य नीतिको अवलम्बन गर्दै व्यावहारिक परिपाकमा खरो उत्री जीवन कर्तव्यलाई अगुवाइ गर्ने तत्परता देखाएका हुन्छन् । यही चिरस्थायी उद्देश्य नै सूक्ति–महिमा हो । यहाँ प्रस्तुत सूक्ति पद्यात्मकतामा ढालिएको नीति वचनको अपेक्षा अर्थगौरवको साथै कलात्मक बान्की समेत चढाइएको काव्यात्मक कृतिको रूपमा पाइनु स्वाभाविक छ । सूक्तिहरूमा देखापर्ने अभिव्यक्तिगत उद्देश्यको कारणले गर्दा यहाँ कतिपय सूक्ति राजनीतिक गूढ भनाइलाई संकेत गर्ने खालका पनि छन् । अतः राजाद्वारा प्रभु–मन्त्र–उत्साह शक्तिको संचय महिमा बुझ्न जरूरी छ भन्ने संकेत गर्दै सोको महिमा गाइएको छ यहाँ (२।३७) । त्यस्तै मित्र,

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सेवक र सचिवको कर्तव्यलाई पनि यहाँ संकेत गरिएको छ र आफन्त हितेच्छु व्यक्तिहरूको कर्तव्यलाई पनि भुल्न सकिएको छैन (१।२) । अर्को कुरा–परम्परागत लोक कथन अनुसार भारविको एउटा शाश्वत सूक्तिरूप कविताले कुनै अपरिचित व्यक्तिको जीवनदान दिएको थियो रे! भन्ने किंवदन्ति प्राप्त छ । यस जनश्रुति स्मरण गर्दा सूक्तिहरू असल कुरालाई सदा पछ्याउंदै आलोक संचार गर्ने दीपशिखा हुन् भन्नुमा केही संकोच देखिन्न । जेहोस्, सूक्ति सदा सत् उक्तिको रूपमा नै देखापर्छ । यिनको खास संख्या वा क्षेत्र देखा पर्दैन ।

यस प्रकार लोक व्यवहारगत यथार्थता र सुभाषित महिमावोध गरेका महाकवि भारविले आफ्नो काव्यलाई सुभाषितपूर्ण वनाउन, व्यावहारिक नीति विश्लेषणात्मक पार्न र काव्यात्मक सौष्ठव प्रदान गर्न विशेष प्रयास गरेको अनुभव हुन्छ । यिनको पहिलो–दोस्रो सर्ग यही प्रसंग-विशेष उदाहरण हो । यिनै सूक्ति सन्दर्भमा प्रस्तुत महाकाव्य अन्तर्गतका कतिपय प्रसिद्ध सूक्तिहरू यहाँ संग्रहित र प्रस्तुत छन्:

...न हि प्रियं, प्रवक्तुमिच्छन्ति मृषा हितैषिण: १।२

(आफ्नो मानिसलाई पियारो लागोस् भन्ने आशयले, भलो चाहने सज्जन मानिसहरू उसलाई झुटो कुरा भन्न रुचाउंदैनन्)

हितं मनोहारि च दुर्लभं वच: १।४

(भलाई पनि हुने पियारो पनि लाग्ने वचन पाउन धेरै गाह्रो छ)

समुन्नयन् भूतिमनार्य–सङ्गमाद्–
वरं विरोधोऽपि समं महात्मभि: १।८

(दुष्ट व्यक्तिहरूको सम्पर्कवाट ऐश्वर्य वढाउनुको अपेक्षा सज्जन व्यक्तिहरूसंग विरोध दर्शाउनु केही हदमा राम्रो हुन जान्छ)

अहो ! दुरन्ता बलवद् विरोधिता १।२३

(शक्तिशाली–सुग्रीवालसंगको वैरभाव नराम्रो परिणाम दिने हुन्छ)

विचित्ररूपा: खलु चित्तवृत्तय: १।३७

(निश्चय नै मानिसका चित्तवृत्तिहरू अनौठो किसिमका हुन्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

निराश्रया हन्त ! हता मनस्विता १।४३

(खेदको कुरा छ–स्वाभिमानी पौरखीको बहादुरीपन आधार नपाएर न नाश हुने भयो)

ननु वक्तृ–विशेष–निःस्पृहा
गुणगृह्या वचने विपश्चितः २।५

(विवेकशील मानिसहरू भनाइको तात्पर्यको गुण ग्रहण गर्छन्, वक्ताको कुनै चासो राख्तैनन्)

निवसन्ति पराक्रमाश्रया
न विषादेन समं समृद्धयः २।१५

(ऐश्वर्य सदा पराक्रमापेक्षी हुन्छन्, उत्साहहीन पिलन्धरे जुम्सासंग यी (ऐश्वर्य) रहंदैनन्)

लंघयन् खलु तेजसा जगन्
न महानिच्छति भूतिमन्यतः २।१८

(आफ्नो हिम्मत र साहसले दुनियांलाई नै केही नदेख्ने तेजिला वीर पुरुष अर्काको दान कहिले चाहंदैनन्)

सहसा विदधीत न क्रियाम्,
अविवेकः परमापदां पदम्, २।३०

(हतपतको काम लतपत हुन्छ र विवेक नपुऱ्याई गरेको कामले कहिले सुख दिंदैन, ठुलो दुःख दिने हुन्छ)

शरदभ्रचलाश्चलेन्द्रियै –
रसुरक्षा हि वहुच्छलाः श्रियः २।३९

(हिउंदे बादल जस्तै अस्थिर(चंचल) र छलकपटपूर्ण जंजाल भएको ऐश्वर्य राशिलाई असंयमी व्यक्तिले संरक्षण गर्न सक्तैन)

विपदन्ता ह्यविनीत–सम्पदः २।५२

(भुइं न भांडो हुन खोज्ने रुखो मिजास भएका अव्यावहारिक व्यक्तिको ऐश्वर्य परिणाममा दुःखदायी हुन पुग्छ)

प्रकर्षतन्त्रा हि रणे जयश्रीः ३।१७

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(लडाइंमा जय भन्ने कुरा बलियामा नै निर्भर गर्दछ)

नहीङ्गितज्ञोऽवसरेऽवसीदति ४।२०

(बुझ्नेलाई इसारा नै काफी हुन्छ, अर्थात् संकेत बुझ्नेहरू वखतमा (काम गर्न कहिल्यै चुक्तैनन्, पछि पर्दैनन्)

मुखरताऽवसरे हि विराजते ५।१६

(हो कहिले काहीं मुखाले वा कुरौटे बानीले स्थान पाउंछ)

संघत्ते भृशमरतिं हि सद्वियोग: ५।५१

(निश्चय नै सज्जनसंगको विछोड नमज्जा दिने हुन्छ)

महते रुजन्नपि गुणाय महान् ६।७

(ठूलो व्यक्तित्वद्वारा भोगिएको दु:ख अरूका निति प्रेरणादायी हुन्छ, गुणोत्कर्षकारी बन्दछ)

नयवर्त्मगा: प्रभवतां हि धिय: ६।३८

(विवेकशील मालिकको बुद्धि नीतिमार्गलाई नै पछ्याउने हुन्छ)

विभूषा रम्याणां विकृतिरपि श्रियं तनोति ७।५

(स्वाभाविक सौन्दर्यप्राप्त व्यक्तिलाई सानोतिनो विकारले पनि शोभा नै दिन्छ)

युक्तानां खलु महतां परोपकारे
कल्याणी भवति रुजत्स्वपि प्रवृत्ति: ७।१३

(परोपकारमा लागेका महात्माहरूको कामकारवाहीमा आपनो-अर्को हुंदैन, उनीहरू आफूलाई सताउनेहरूका निति पनि हितकारी बन्छन्)

नाल्पीयान् बहुसुकृतं हिनस्ति दोष: ७।१५

(सानो दोषले ठूलो सत्कार्यलाई ढाक्न सक्तैन)

वसन्ति हि प्रेम्णि गुणा न वस्तुनि ८।३७

(गुणहरू प्रेममा निर्भर गर्छन्, वस्तुमा होइन)

आत्मवर्गहितमिच्छति सर्व: ९।६४

(सबै मानिस आपनो वर्गको नै भलाइ चाहने हुन्छन्)

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

परिजनताऽपि गुणाय सद्गुणानाम् १०।६
(सज्जन व्यक्तिको सेवक हुनु पनि गौरवदायी नै हुन्छ)

न हि महतां सुकरः समाधिभङ्गः १०।२३
(कर्तव्यशील महान् व्यक्तिको लगनशीलतालाई विचलित गराउनु त्यत्ति लरतरो काम हैन, सजिलो छैन)

गुणमहतां महते गुणाय योगः १०।२५
(गुनिलो व्यक्तिको समागम असल कार्यको निति नै हुन्छ)

न्यायाधारा हि साधवः ११।३०
(निर्दोष सज्जन व्यक्तिहरू न्यायको आधार लिने हुन्छन्)

महतां हि धैर्यमविभाव्य वैभवम् १२।३
(महात्माहरूका धैर्यको भेउ पाउन सकिन्न)

किमिवास्ति यन्न तपसामदुष्करम् १२।२६
(त्यस्तो केही छैन, जो एक टंकारको साधना (तपस्या) ले सम्पन्न गर्न नसकियोस् ?)

न तथा कृतवेदिनां करिष्यन्,
प्रियतामेति यथा कृतावदानः १३।३२
(कृतज्ञको निति काम गरेर देखाइ सकेको वस्तु वा व्यक्ति जति प्यारो हुन्छ, पछि गरेर देखाउंला भन्ने वस्तु चाहिं त्यति हुन सक्तैन)

सुदुर्ग्रहान्तःकरणा हि साधवः १४।१
(दृढनिश्चयी महापुरुषको अन्तरारमा झट्टै दोधार र तुल्बुलाहटमा हुन्न)

सुदुर्लभाः सर्वमनोरमा गिरः १४।५
(सबैलाई मन पर्ने र रमाइलो लाग्ने कुरा पाउन गाह्रो छ)

सतां हि वाणी गुणमेव भाषते १४।११
(सज्जनको बोलीवचन वास्तविकतालाई अभिव्यक्ति दिने हुन्छ)

व्रताभिरक्षा हि सतामलंक्रिया १४।१४
(व्रतको संरक्षण गर्नु नै सज्जनहरूको आभूषण हो)

दिशत्यपायं हि सतामतिक्रमः १४।१६
(सज्जन व्यक्तिको अपमान हुनु हानिलाई निम्त्याउनु हो)

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भवत्यपाये परिमोहिनी मतिः १४।१९
(बुझ्दा बुझ्दै पनि बिग्रने वेला बुद्धि मूढ हुन्छ अर्थात् खतीको बेला मति आउँदैन)

अरुन्तुदत्वं महतां ह्यगोचरः १४।५५
(सज्जनहरू दुःख वा पीर वाधाले हैरान भएकालाई अर्को दुःख दिन सहन्नन्)

मुह्यत्येव हि कृच्छ्रेषु संभ्रमज्वलितं मनः १५।२
(हडवडले तातेको मन दुःखले हैरान भएको वेला विवेकरहित हुन्छ)

नाति–पीडयितुं भग्नानिच्छन्ति हि महौजसः १५।६
(पौरखी सत्पुरुषहरू दुःख पाइरहेकालाई अझ दुःख दिन चाहन्नन्)

प्रच्छन्नमप्यूहयते हि चेष्टा १६।१९
(मानिसको चेष्टा र चालढालले लुकाइएको तथ्यलाई पनि तर्कना गर्न लाउँछ)

दुर्लक्ष्यचिह्ना महतां हि वृत्तिः १७।२३
(महात्माहरूको चालचलन भेउ नपाइ सक्नु हुन्छ)

क इव नाम वृहन्मनसां भवेद्
अनुकृतेरपि सत्ववतां क्षमः १८।३
(तेजस्वी उत्साहशील व्यक्तिहरूको अनुकरणसंम पनि कसले गर्न सक्ला ?)

गुणसंहतेः समतिरिक्तमहो
निजमेव सत्वमेपकारि सताम् १८।१४
(महान् तेजस्वी व्यक्तित्वका निति तपः साधन, सेवा आदिभन्दा आफ्नो सक्रिय पराक्रम नै फलदायी हुन्छ)

प्रस्तुत प्रसंग किरातार्जुनीयम् अन्तर्गतको सूक्तिसंचयका उदाहरण-रूपको सानो संकेत मात्र हो। यहाँ यतिमात्र सूक्ति हुन् भनेर यसका आधारको सीमांकन नै यही हो भन्ने धारणा चाहिं होइन। सूक्ति कवि-हृदयका अनुभूत भावनावाट पनि प्रस्फुरित हुन्छन् भन्ने आधार यसवाट अनुभव हुन्छ। जेहोस्, दोधार वा तुल्वुलाहटले चंचल हुन पुगेको मनः-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

स्थितिलाई सूक्तिहरू पथप्रदर्शन गर्न र कर्तव्य प्रति सचेत पार्न अगुवाइको काम दिन्छन् । यसैले जीवनपथमा सूक्तिको स्मरणीय भूमिका देखापर्छ । यी शाश्वतचिन्तनका परिपाक भएकोले सदा ताजा पथप्रदर्शक र अमर पाइन्छन् । यिनीहरूको क्षेत्र विस्तृत देखिन्छ । अतः यहाँ जीवन व्यवहारका व्यापकताको कुनै पक्ष पनि प्रस्तुत हुन सक्छ । यसैले न्याय, सूक्ति, सुभाषित, लोककथन, लोकोक्ति आदि पनि यस अन्तर्गत परिगणित हुन सक्छन् । यिनीहरूको सूक्ष्म भिन्नता, व्यापकता र महत्त्व विशेष प्रकारको छ । यहाँ भएको यो उल्लेख प्रासंगिक केवल सानो चर्चामात्र हो । यिनको विशेष विवेचन, भेद– उपभेद र उपयोग समेतको विस्तृत विश्लेषण हुन सक्ने प्रसंग अलगै छ । यहाँ केवल 'किरातार्जुनीयम्' को सूक्ति विषयक अल्प दिग्दर्शनमात्र चर्चा विषयक बनाइएको हो, संकेत गरिएको हो । अतः पाठकहरूबाट यही सीमित सन्दर्भ परिधिलाई हृदयङ्गम गरी पठन विवेचन हुनु स्वाभाविक छ ।

गौरवगान

महाकवि भारविको काव्यगत वैशिष्ट्यलाई लिई कतिपय काव्यरसिकहरूले आ– आफ्ना अभिव्यक्ति प्रकट गरेका छन् । केवल एउटा कृतिद्वारा काव्य रसिकहरूमा उन्नतस्थान ग्रहण गर्न पुग्नु रचना कौशलको उच्च निदर्शन हो । कवि कौशलप्रति विनत बन्दै साहित्य रसिकहरूबाट महाकवि भारविको महात्म्यलाई उन्मुक्त रूपमा जनसमक्ष उतारिएका प्रशंसापूर्ण अभिव्यक्तिहरू संस्कृत साहित्य क्षेत्रमा प्रचलित छन् । जसमध्ये केही गौरवगान शीर्षकद्वारा यहाँ टिपिएका छन्:

उपमा कालिदासस्य भारवेरर्थगौरवम् ।

कालिदास उपमा अलंकृत कवितामा र भारवि अर्थ गौरवमय कवितामा विशेष प्रसिद्ध छन् ।

नव सर्ग गते माघे, नवसर्गे च नैषधे,
नव सर्गे किराते च नवशब्दो न विद्यते ।

माघ (शिशुपालवध) काव्यको नौ सर्ग बितिसकेपछि त्यस्तै नैषधकाव्यको नौ सर्ग बितिसकेपछि अनि 'किरातार्जुनीयम्‌को नौसर्ग समाप्त

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

भैसकेपछि नयाँ शब्द वा 'नव' भन्ने शब्द पाइन्न । अर्थात् नौ सर्गपछि उनै अगाडिका शब्दहरू नै पुनरुक्त भएका पाइन्छन् ।

विमर्दव्यक्तसौरभ्या भारती भारवे: कवे:
धत्ते वकुलमालेव विदग्धानां चमत्क्रियाम्

पदावली राम्रोसँग विश्लेषण वा विच्छेद गरेर, केलाएर, अर्थ बोध गरेपछि मात्र राम्ररी सौन्दर्य प्रष्टिने खालका वाणी छन्– कवि भारविका, जसले वकुल (मौलसिरी) फूलको मालाले झैं विद्वान्को मनलाई छक्क पार्दछ ।

प्रकाशं सर्वतो दिव्यं विदग्धानां सतां मुदे,
प्रबोधनपरा हृद्या भा रवेरिव भारवे: ।

सज्जन विद्वान्हरूको हर्षातिरेक निति कवि भारविको यो काव्य दिव्य प्रकाश हो, किन भने सूर्य किरण जस्ता ज्ञान र जागरण पैदा गर्ने हृदयस्पर्शी भारविका वाणीहरू यहाँ विद्यमान छन् ।

प्रदेश वृत्यापि महान्तमर्थं
प्रदर्शयन्ती रसमादधाना
सा भारवे: सत्पथदीपिकेव
रम्या कृति: कैरिव नोपजीव्या ।

विशाल र महान् अर्थले भरिभराउ, रसैरसले गह्रौं भएर झुकेको, मानौं साहित्यमार्गका बटुवाहरूलाई राम्ररी बाटो देखाउने दीपशिखा जस्तो कवि भारविको मनलोभ्याउने रमाइलो रचनालाई को कवि उपजीव्य बनाउँदैन र !

माघेन निघ्नतोत्साहा नोत्साहन्ते पदक्रमे,
स्मरन्तो भारवेरेव कवय: कपयो यथा ।

(यहाँ कपि (बाँदर) र कवि (साहित्यप्रेमी) गरी दुई सन्दर्भलाई विषय बनाई द्व्यर्थकरूपमा अभिव्यक्ति प्रष्ट्याइएको छ:)

माघ (महीना वा कवि) का रचना वा जाडाको कठिनाइद्वारा आत्तिएका कवि (साहित्यप्रेमी) हरू कपि (बादर) जस्तै गरी भारविका (सूर्य– किरण वा कवि) लाई नै संझन्छन्, चाहन्छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

माघश्चोरो मयूरो मुररिपुरपरो भारविः सारविद्यः
श्रीहर्षः कालिदासः कविरथ भवभूत्याह्वयो भोजराजः
श्रीदण्डी डिण्डिमाख्यश्रुतिमुकुटगुरुर्भल्लटो भट्टवाणः
ख्यातश्चान्ये सुबन्ध्वादय इह कृतिभिर्विश्वमाह्लादयन्ति ।

माघ, चोर, मयूर, मुरारि, शास्त्रीयसारवेत्ता भारवि, श्रीहर्ष, कालिदास, भवभूति, भोजराज, दण्डी, डिण्डिम, श्रुतिविद्मध्ये, माथिल्लो तहमा गुरु भल्लट, वाणभट्ट, सुवन्धु, आदि गरेका कतिपय सुप्रसिद्ध कविहरू यहाँ स्मरणीय छन्, जसका रचनाहरूद्वारा सारा संसारलाई सन्तोष वा तृप्ति गराइरहेछ, खुशी वनाइरहेछ ।

भासो रामिलसोमिलौ वररुचिः श्रीसाहसाङ्कः कवि
र्मेण्ठो भारविकालिदासतरलाः स्कन्धः सुवन्धुश्च यः
दण्डी वाणदिवाकरौ गणपतिः कान्तश्च रत्नाकरः
सिद्धा यस्य सरस्वती भगवती के तस्य सर्वेऽपि ते ।

भास, रामिल, सोमिल, वररुचि, साहसाङ्क, कवि मेण्ठ, भारवि, कालिदास, तरल 'स्कन्ध, सुवन्धु, दण्डी, वाण, दिवाकर, गणपति, कान्त, रत्नाकर, आदि सवै कवि प्रसिद्ध छन्, स्मरणीय छन्, जसमा भगवती सरस्वती सदा सिद्ध रूपले रहेकी वुझिन्छन् ।

नारिकेलफलसन्निभं वचो
भारवेः सपदि यद् विभज्यते,
स्वादयन्तु रसगर्भ- निर्भरं
सारमस्य रसिका यथेप्सितम् ।

नरिवलको फल (वाहिर कडा र भित्र नरम- मिठो) जस्तै भारविको अभिव्यक्ति (वचन) ठीकसंग विश्लेषित गरी केलाएर स्वाद लिनु आवश्यक छ । अतः रसभरपूर यस काव्यको इच्छानुसार रसिक विद्वानहरूले राम्ररी सारग्रहण गर्नु स्वाभाविक ठानिन्छ ।

यसरी संस्कृत साहित्य क्षेत्रमा महाकवि भारविको स्थान उच्च छ । उनी यहाँ आफ्नो मौलिक स्थान कायम गरी काव्यरचनागत विविध

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

वशिष्ट्यले विद्वत्समाजमा प्रशंसित छन् । यो प्रशंसा आधार र क्षेत्र प्रशंसा पुलको प्राशस्त्य वा रास यति नै हो होइन, यो त केवल एउटा संक्षिप्त संकेतमात्र हो । अनि प्रस्तुत कविगत गौरवगान केवल एक व्यक्तिमात्रका र एक अवधिभित्रका नभई उनका समर्थक साहित्य रसिकहरूका युगौं युगका उपलब्धि हुन् । यिनको खास मूल्यवान् प्रामाणिकता वा मानव आधार छैन । तर पनि यिनबाट कविगत महिमाबोधको सामान्य झलक चाहिं पाउन सकिन्छ । यही नै प्रस्तुत गौरवगानको माहात्म्य हो । अर्को कुरा– यिनका काव्यको 'विमर्दव्यक्त सौरम्या' विद्वत्समाजमा निकै चर्चा विषय भएको कुरा सर्वविदित छ । अर्को रूपमा वा प्रकारान्तरमा यही नै 'नारिकेलफल सन्निभं वचो भारवे:' हो यसैले यिनी संस्कृत साहित्यका नवप्रयोक्ता तथा अर्थगौरवका कवि भनेर मानिएका हुन् । जे होस्, संस्कृत जगत्मा सुदीर्घकालसम्म कवि भारवि गौरवगानद्वारा प्रशंसित र चिरस्मृत भइरहने तथ्य अपरिहार्य छ ।

□

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

उपसंहार

यसप्रकार कवि भारवि नेपालीको लागि हरेक प्रसंगले आदरणीय प्रतिभाको रूपमा विद्यमान छन् । सम्पन्न राजखानदान परिवारमा हुर्की वढेका तथा उच्च ओहदा ओगटेका प्रतिभा भए पनि यिनमा भवानी सरस्वती वरदहस्त थिइन् भन्ने कुरा प्राप्त अभिलेखले जानकारी दिइ-रहेछन् । फेरि परिस्थितिले पनि मानिसको जीवनमा ठूलो प्रभाव पार्दछ । मानिस कुन पेशा र परम्परामा लाग्दछ–उसको साधना र सोचाइ कुन दिशा-तिर इंगित हुन्छ, बुद्धि र वासना कतातिर ढल्किन्छ – यी समस्त कुरा उस-को परिस्थिति र वातावरणमा आधारित हुन सक्तछन् । जुन कुरा लिच्छवि कवि भारविको जीवनी र अध्ययन, अनि व्यवहार आदिबाट पनि बुझ्न सकिन्छ ।

यद्यपि लिच्छविकालभन्दा पहिले संस्कृत विद्वान् तथा कवि नेपाली धरतीमा भएनन् होला भन्न सकिन्न, तर परिस्थितिवश उनीहरूको रचना तथा लेखन कलाकृतिको अभावमा ती प्रतिभाहरू आज अज्ञातको गर्भमा विलुप्त भैइरहेछन् । फेरि लिच्छविकालमा नै पनि भारविभन्दा पहिले अथवा समकालिक संस्कृत कवि-कलाकार लिच्छविकालिक इतिहासमा प्राप्त छन्, तर वहाँ उनीहरूको चर्चा प्रसंगलाई पन्छाएर हामीले भारविको प्रसंग-लाईमात्र केलाउने साहस गऱ्यौं । अर्को कुरा,– लिच्छवि कवि भारविको नै पनि अन्य रचना थिएनन् होला भनी ठोकुवा गर्न सकिंदैन, प्राप्तिको अभा-वमा हामी केवल मौन बन्नु परिरहेछ । यसैले मानवजीवनको यात्रामा परिस्थिति र वातावरण आदि नै मानिसलाई महान् र ख्यातिवान् बनाउन सहयोग हुन सक्ने कुरा निश्चित छ । कारण विश्वका प्रायः महान् प्रतिभा-हरू परिस्थितिद्वारा नै विभूति बन्न पुगेका कुरा यहाँ स्मरणीय छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

संभवत: महाकवि भारवि पनि परिस्थितिद्वारा नै महान् बन्न पुगे-को हुन सक्छ। यिनलाई नाटककार भवभूतिलाई झैं– 'उत्पत्स्यतेऽस्ति मम कोऽपि समानधर्मा' भन्ने शोचनीय भावना हृदयमा उदाएको थिएन होला। यद्यपि भारविको समयमा कुन किसिमको वातावरण थियो? यिनी कुन किसिमको स्थितिमा थिए? सो थाहा छैन, तर पनि उनको समयमा उन्नत जीवनतह, रमाइलो ग्रामीण वातावरण र ग्राध्यात्मिक चेतनापूर्ण जनजीवन भएको अनुमान हुन्छ। कारण उनका उक्ति र वर्णन, यक्ष– प्रसंग ग्रादि प्रस्तुत सन्दर्भलाई वल दिने खालका विषयवस्तु छन्। फेरि यिनका ग्रन्थको अनुशीलनवाट अन्य कतिपय तथ्यहरू पनि पाउन सकिन्छ।

भारविको कृतिगत उद्देश्य र सन्दर्भलाई अनुशीलन गर्दा कतिपय कुराहरू उल्लेखनीय देखापर्छन्। भारवि समाजलाई ग्रादर्शमय वनाउने र लोकजीवनलाई उन्नतपूर्ण तहमा लैजाने पक्षमा छन्। अत: उनको 'काव्य रचना हेतु' मध्येको एउटा हेतु 'शिवेतरक्षतये' पनि हो। यस क्रममा महाकवि भारवि चरित्रलाई विशेष स्थान दिन्छन् र 'सच्चरित्रवान् व्यक्ति नै महान् हो' भन्ने पक्षमा छन्। उनको सोचाई छ– लोकमा सबैबाट गनिएका, राम्रो मानिएका ठूलावडा व्यक्तिहरूको ग्रापनै प्रकारको पदप्रतिष्ठा र संमान हुन्छ। यस्ता इमानी र लोकहितकारी मानिसको संसारमा विशेष इज्जत र महिमा पनि देखापर्छ। दुनियाँले हृदयत: ग्रादर र संमान दर्शाउने ठूलावडाको ग्रागमन, भेटघाट सम्पर्क कहिले पनि विफल हुन्न। यसले इज्जत वढ्छ, श्रीवृद्धि हुन्छ, कीर्ति फैलन्छ र सवथोक हुन्छ ग्रादि (३।६–७) यसरी महान् व्यक्तिको महिमा गाउने, कवि भारवि महान् व्यक्तिको परिचय प्रष्टचाउन पनि भुल्दैनन्। उनको भनाइ छ– 'असल चरित्र र सत्कर्मद्वारा दुर्लभ इज्जत ग्रार्जन गर्ने व्यक्ति नै महापुरुषहरू हुन्। (३।५१) यसरी भारविको दृष्टिमा सच्चरित्रको विशेष स्थान स्पष्ट छ। यसैले अप्रत्यक्षत: कविभावना वुझिन्छ– असल वानीवेहोरा, व्यवहार, ग्राचरण र धर्मनिष्ठा कायम गरेको व्यक्ति नै चरित्रवान् हो भन्ने। यस्तैको समाजमा राम्रो इज्जत, प्रतिष्ठा र स्थान हुन्छ, हुनुपर्छ– यही ग्रभिप्राय वुझिन्छ– महाकवि भारविको। यद्यपि दुवै कवि भारविको चर्चा भएको यस संक्षिप्त ग्रध्ययनमा हामीले महाकवि भारविको ग्रन्थगत

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

विस्तृत विवेचना गर्ने प्रयास यहाँ गरेनौं, तर पनि उनको ग्रन्थगत अनुशीलनबाट धेरै तथ्यहरू प्राप्त हुन सक्तछन्– यो निश्चय हो। भारविको समयमा पाइने सभ्यता, मानव रहन–सहन, आर्थिक स्थिति, चालचलन र आध्यात्मिक अनुशीलन, मानव सोचाइ र सामाजिक विधि व्यवहार आदि कुराहरू पनि यस ग्रन्थबाट जानकारी लिन सकिन्छ। अनि भारविको सोचाइ र दृष्टिकोण अनुसारको राजतन्त्र र राजकर्तव्य; शिक्षा, यज्ञकर्म, शैक्षिक विधि आदि विषयको पनि केही न केही रेखाचित्र खिँच्न सकिने आभास यस काव्यबाट पाउन सकिन्छ। यी विषयवस्तुको विस्तृत चर्चा हाल यस प्रसंगमा उल्लेख गर्ने प्रयास यहाँ भएन।

अन्य कतिपय संस्कृत कविहरूद्वारा आफ्ना महाकाव्यहरूमा आश्रम-जीवन, गुरुकुल व्यवस्था, यज्ञकर्म आदिप्रति पनि केही न केही उल्लेख भएको पाइन्छ। कवि कालिदासले त आफ्ना कृतिहरूमा यस सम्बन्धी राम्रो वर्णन समेत प्रस्तुत गरेका छन्। तर महाकवि भारविद्वारा आफ्नो काव्य 'किरातार्जुनीयम्' मा यस विषयको खास केही पनि उल्लेख भएको देखिदैन। महाकवि भारवि– कालिक जीवनमा शिक्षा– विधि कुन रूपको थियो ? गुरुकुल वा तपस्वी आश्रम नै शिक्षाकेन्द्र थिए कि ? अथवा अर्कै प्रकारको कुनै व्यवस्था थियो यस सम्बन्धी विशेष उल्लेख यस काव्यमा केही प्राप्त छैन। अर्को कुरा– भारविको शिक्षा सम्बन्धी विचार के कस्तो थियो ? यस सन्दर्भमा पनि प्रचुर प्रसंग केही मिल्दैन। पढाइको सिलसिलामा उनी आफ्नो ग्रन्थमा लेख्तछन्– अध्ययन (शास्त्रज्ञान) को मूल लक्ष्य हो शरीर (मन) बाट निस्कने काम, क्रोध आदि शत्रुलाई अधीनमा राख्नू (सर्ग २:४१) जो शास्त्रको जानिफ्कार भएर पनि संयमी छैन, त्यस्तो व्यक्ति मूर्ख हो। त्यस्तालाई नै मूर्ख पण्डित भन्न सकिन्छ। जीवनकालमा आफ्नो उदयको चाहना गर्ने मानिसको सर्वप्रथम संयम धारण गरी आफ्नो चारित्रिक किरणद्वारा रातीको अन्धकार हटाई सूर्य उदाए झैं क्रोध–द्वारा निस्कन सक्ने अज्ञानलाई विवेकशील बुद्धिद्वारा टाढा पन्छाउनु पर्छ (सर्ग २:३६) किनभने शुद्ध शास्त्र अध्ययनले शरीरलाई सिंगार्छ, पढाइको गहना क्षमा हो, क्षमाको गहना पुरूपार्थ हो अनि पुरूषार्थको पनि नैतिक सफलता सुकीर्ति हो (सर्ग २:३२) यो गर्ने कि उ गर्ने भनी दुविधामा रूमलिएको मनलाई बत्तीको उजियालोले चीजबीजको ज्ञान दिए झैं विवेकी

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

पुरूषको अभ्यस्त शास्त्रले निश्चित बाटोको ज्ञान दिलाउंछ (सर्ग २:३३) आदि भनी उल्लेख गरेका छन् । यस उल्लेखबाट भारविको विचारमा शिक्षा (विद्या) को प्रयोजन के हो भन्नेसम्म स्पष्ट हुन्छ । तर तात्कालिक शैक्षिक (अध्यापन-सम्बन्धी) विचारको चाहिं केही जानकारी हुन सक्तैन ।

यद्यपि यहाँ हामीले उदाहरण साथ 'किरातार्जुनीयम्' काव्यका साहित्यिक गुण, रस केलाई उल्लेख गर्ने प्रयास गरेनौं, तर पनि काव्यात्मक दृष्टिकोणबाट पाइने रमणीयता, यथार्थता, व्यावहारिकता, औचित्य आदि गुणहरू भारविको यस महाकाव्यमा लबालब छन् । राजनीतिक चर्चा भरिएको भारविप्रस्तुत महाकाव्य राजचरित्र वर्णनमा पनि सम्बद्ध देखापर्दछ । अर्को तर्फ– सोच्ने हो भने त भारविले आफ्नो काव्यमा राजनीतिक उच्च आदर्श र तथ्यता जहाँ तहिं नै व्यक्त गरेका छन् । प्रजाप्रिय राजा कस्तो हुनुपर्दछ ? प्रजाप्रति राजाको कर्तव्य के हो ? राजामा के कस्ता गुणहरू हुनु जरूरी छ ? कूटनीति विनाको राजनीति कस्तो हुन्छ ? आदि आदि कुराहरू आफ्नो सोचाइ, धारणा र शास्त्रानुकूल रूपमा भारविले यस काव्यमा प्रस्तुत गरेका छन् (सर्ग १ र २) ।

भारविको समय नेपाल तथा भारतमा विभिन्न राज्य इकाइको रूपमा रहेको अनुमान हुन्छ । राजा मानदेवले गण्डकी पारिका सामन्तहरूलाई अधीनस्थ गरी चांगुनारायण मन्दिर जीर्णोद्धार, चांगुनारायण पूजा, गुठीस्थापन आदि गरेको कुरा[1] र वीर अर्जुनले उत्तरी भेकको देशका जनता जितेर प्रशस्त सम्पत्ति (सुन, चांदी र नगद आदि) उपलब्ध गराएको कुरा(वर्णन) उल्लेख भएको पाइन्छ[2] । तर अन्य(खासगरी नेपालमा) राजा, राज्यहरू र त्यहाँ भएको राज्य संचालन आदि विषयको भने ऐतिहासिक रूपमा कतै संकेतसंम पाउन सकिन्न । वस्तुत: लिच्छवि कवि भारविको सम्बन्धमा यसभन्दा बढी वास्तविकता थाहा पाउन सकिएको छैन । उनी स्वयंबाट यत्किंचित् प्रष्ट्याइएको आधारमा यहाँ जे जस्तो विश्लेषित भयो हालको लागि सामान्यत: त्यही नै लिच्छविकवि भारविको संक्षिप्त विश्लेषण हो र विशेष भविष्यको आशावादितामा

१. वि. सं. ५२१ को चांगुनारायणको अभिलेख ।
२. किरातार्जुनीयम् महाकाव्यम् (सर्ग १ पद्य ३५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

प्रतीक्षित हुन परिरहेछ। यस अतिरिक्त महाकवि भारवि आफ्नो महाकाव्यको आधारले गर्दा विशेष आलोकित छन्। व्यक्त परिचयको स्पष्टता नभए पनि तात्कालिक समय सापेक्ष स्थिति परिचय, स्वभाव वा उद्देश्यगत धारणा आदिलाई लिई विभिन्न कोणबाट हेर्न विश्लेषित गर्न सकिन्छ। यिनको लेखन भाषा शैली भावविधान तथा नवीन कल्पनात्मक प्रस्तुति आदि कविगत विशेषता देखापर्छन्। यसैले कविद्वारा प्रस्तुत गरिएका उल्लेखनीय वैशिष्ट्य प्रशस्त छन्।

महाकवि कालिदासको विशेष प्रसिद्धि उपमा अलंकारगत विविधता प्रति प्रष्टिएको छ भने भारविको चाहिं अर्थ गौरवपूर्ण रचनाविधानमा देखापर्छ – यो तथ्य सर्वप्रसिद्ध छ। अर्को कुरा – भारवि कविको संगसंगै विद्वान् पनि देखापर्छन्। व्याकरण प्रतिको मोह, चित्र बन्धन, राजनीतिक नैपुण्य, पात्रानुसार शब्दशैली प्रयोग र सम्वाद प्रस्तुति आदि कुराहरूले यिनको विद्वत्तालाई अझ प्रष्ट्याउंछन्। साथै यिनको विद्वत्ता परिपाकमय अर्थ गरिमायुक्त स्वाभिप्राय प्रयोग मार्फत पनि स्पष्ट हुन्छ। यसलाई यिनका सूक्तिहरूले अझ आलोक र चिरन्तनता प्रदान गरेका छन्। यिनका यी शाश्वत सूक्तिहरूले सत्यसन्देशको रूपमा जीवनोपयोगी मूल्य प्रकट गर्दै सदा जगमगाइरहेको पाइन्छ। जीवन अनुभवगत व्यावहारिक कुशलता र सत्यतालाई गूढ रहस्य, कतै कूटनीतिक षड्यन्त्र र शिक्षादीक्षा आदि प्रष्ट्याउन सफल देखापर्छन्। यसैले यिनका सूक्ति अरूको अपेक्षा आफ्नै प्रकार वा मौलिकतामा विशिष्ट छन्।

भारविको कलम आफ्ना काव्यगत पात्रहरूलाई सजीव र विद्वत्तापूर्ण चित्रणद्वारा सचेत बनाउन प्रखर छ। यहाँ धीरोदात्त नायक रूपमा अर्जुन छन् र प्रतिनायक रूपमा किराताधिपति शिव। अर्जुनद्वारा पाशुपतास्त्र प्राप्त गर्नु काव्यगत उपलब्धि मानिएको छ। यस अरिरिक्त प्रखर रूपमा वनेचर, द्रौपदी, भीम, युधिष्ठिर, यक्ष आदि देखापर्छन्। यी सबै पात्रहरूको भनाइ सजीव छ। कवि भारविले आफ्ना पात्रहरूको मुखबाट आफ्नो विचार, विद्वत्ता र भावनालाई खारेर साधारणीकरण गरेका छन्। यहाँका पात्र आध्यात्मिक दर्शन र जीवनानुभूति प्लावित सचेत छन्, अनुशासितको साथै जागरुक पनि छन्। यसैले हरेक पात्रको भावना

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

ज्यूंदो जाग्दो र हिम्मतिलो खालको पाइन्छ । मुर्दा शान्तिको पक्षमा कोही छैनन् ।

द्रौपदी आर्य जातिको नारी प्रतिनिधिको रूपमा छन् । वैदिक-भावना अनुसार नारी स्वरूपलाई सम्माननीय देवी – जगत्‌की मूल अधिष्ठात्रीको रूपमा ग्रहण गरिएको छ । हिन्दू मर्यादा अनुसार वधूरूपमा घर भित्र्याइएकी नारीलाई हाम्रो संस्कृति नयाँ घरको भार सौंपदै भन्दछ– हे ! नारी, तिमी सबैलाई भलो गर्ने, राम्ररी अनुशासन र शासन चलाउने महारानी बन । तिम्रो अनुशासित तथा चरित्रवान् पथप्रदर्शनमा सासू ससुरा, देवर जेठाजु, नन्द आमाजू सबै मर्यादित र वशीकृत बन्न पुगुन् । घर परिवारमा परस्पर सहयोगीभाव बढोस् । सबैको अन्तर्हृदयमा सुसंगठित भावना, सुमधुर सम्बन्ध र समृद्ध जीवन आलोक फैलियोस्, सुखी र कल्याणमयी भावना फलोस् फुलोस् – यही नै समृद्ध आर्य मर्यादा हो, संस्कृति हो । यही भावनालाई आत्मसात् गरी समृद्ध जीवन र न्याय-पूर्ण मर्यादाको अपेक्षा राख्तै अन्यायमा बन्धुलाई पनि दण्ड दिनु पर्छ भन्ने आशय महाकवि भारवि रानी द्रौपदीको मुखबाट प्रष्ट्याउंछन् । उनको आर्य महिमागत मर्यादा यहाँ भंग गरिएको छैन । उनी (द्रौपदी) आफ्नो कर्तव्यबोधमा सचेत छन् र मर्यादित बन्दै आफ्ना भनाइको पृष्ठभूमि यसरी बाद्धछिन् –

भवादृशेषु प्रमदाजनोदितम् ... १।२८

रानी द्रौपदी सबै दाजुभाइको दु:खदायी दशा प्रष्ट्याउंदै महाराज युधिष्ठिरसंग सबल सहयोगसाथ दुर्योधनमाथि तुरुन्त आक्रमण गर्ने, कुटिल व्यवहारले चल्ने र जस्तालाई तस्तैको नीति अपनाउने आग्रह गर्छिन् । क्षत्रियनीति शौर्य हो । अत्याचारी दुर्योधनसंग कुनै पनि कूटनीतिको बहाना गरी त्यस दुष्टमाथि चढाई गर्नु स्वाभाविक छ । विजयेच्छु सबल राजाको नीति नै यही हो । शान्तिमार्ग राजाको होइन – यो परमार्थी ऋषिमुनिहरूको हो । त्यस्तै सन्धि वा कबुल भन्ने कुरा पनि लाछी – खूबी नभएका पामरका लागि मात्र हो । पौरखी बहादुर व्यक्तिहरू आफ्नो निश्चित विजय देख्ने बित्तिकै कुनै पनि बखेडा झिकी सन्धि पन्छाई चढाई गर्ने कार्य तर्फ लाग्छन् । हजुर पनि धैर्य र शान्तिमनि अल्मलिने पामर स्वभाव

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

छोड्नु होस् । तुरुन्त नै दुर्योधनलाई पन्छाई राज्यलाभ गर्न तिर लाग्नु होस्–यसैमा हामी सबैको कल्याण छ इत्यादि कुरा द्रौपदीद्वारा युधिष्ठिर-लाई उत्साहित गर्दै दु:खपूर्ण गुनासाहरू पोखिन्छन् । द्रौपदीले भनेको श्रोज-पूर्ण वाणीलाई समर्थन गर्दै भीमसेन पनि वीरतापूर्ण नीतिवाणी प्रकट गर्न थाल्दछन् । सुरुमा नै भीम भन्दछन्–महाराज, आइमाईको बोली भनी द्रौपदीको भनाइलाई हेला गर्नु उचित छैन, देवगुरु वृहस्पतिलाई समेत छक्क पार्ने खालको गहकिलो व्यावहारिक नीतिवाणी उनले बोलेकी छन् । यहाँ आश्चर्य लाग्ने कुरा यो छ–देवताहरूलाई समेत उदेक पार्ने बलबुता पाएका, पौरखी र हिम्मतिला सबल सहयोगी छंदाछंदै पनि तपाई विजोक देखाइरहनु भएको छ । फेरि शत्रुको प्रतिदिन बढोत्तरी भइरहेछ । उनीहरू आफ्नो विपक्षलाई सदा क्षीण गराउंदै छन्–दबाउंदै छन्, तर तपाई यसको कुनै वास्ता गर्नु हुन्न, लापरवाही गरिरहनु भएको छ–उपेक्षा देखाइरहनु भएको छ । वस्तुत: तपाईको पछि ठूलो शक्ति छ–तपाईंले होस्टे गरे हैंसे गर्ने समस्त प्रजा सधैं तपाईको उत्साह र साहसको प्रतीक्षामा उत्सर्गित बनिरहेछन् । तर तपाई स्वयं चूप हुनुहुन्छ । समय–समय भनी पर्खिरहनु राम्रो होइन । दुष्ट दुर्योधन छल–कपटले राज्यभोग गरिरहेछ र पछि पनि सहजै दिने पक्षमा उ छैन । यसैले कबूल पुरा गरे देला र पाउंला भन्ने समय प्रतीक्षालाई पन्छाएर पुरुषार्थ तर्फ लागौं । तपाईका दिग्विजयी चारभाइको दुर्धर तेजको सामुन्ने टिक्न सक्ने वीर त्यहाँ कोही छैनन् । सारा शत्रु सहजै तपाईको मुठ्ठीभित्र बन्ने छन् । अत: सत्य, शपथ र अनुशासनको पछि लागि समयमात्र भन्दै जीवन अवधिलाई खेर फाल्नु हाम्रो मूर्खता हो । जसरी हुन्छ तुरुन्त नै शत्रुलाई दबाउने काममा लागौं भन्ने गर्वोक्ति भीमद्वारा प्रकट हुन्छ, यहाँ द्रौपदी र भीम दुवै एउटै निष्कर्षमा छन्–तर दुवै जनालाई सत्य–नीति र शास्त्रीय तथा व्यावहारिक तर्कद्वारा युधिष्ठिर संझाउंछन्: धैर्य छोडी बिनामेसै नहत्प-ताउने, बिना विचार हड्बडाएर काम नगर्ने, पीर चिन्ताले जीवन उत्साह-लाई डढेलो नलगाउने सल्लाह उनको छ ।

जीवन यात्राको अन्तिम बिन्दु सत्य हो, यसको व्यापकता छ, महत्ता छ । अत: जहिले पनि यसैको स्थिरता छ–विजय छ–"सत्यमेव जयते" –यही निष्कर्ष यहाँ छ । राजनीति र कूटनीतिको चर्चा पनि यहाँ भारवि-

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

द्वारा युधिष्ठिरको मुखवाट राम्ररी प्रष्ट्याइएको पाइन्छ । यहां यो राजनीति नैपुण्य देखाउन गह्किलो सम्वाद किरातार्जुनीयम्को प्रारम्भिक एक – दुई सर्गमा छ । तेस्रो सर्गमा व्यासोक्ति, यक्ष आगमन र द्रौपदी – उक्ति प्रस्तुत छ । यी सर्गहरूमा भारविको अर्थगाम्भीर्य विशेष झल्किने भएकोले साहित्यकारहरू यी तीन सर्गहरूलाई "पाषाणत्रय" को संज्ञा दिन्छन् । यसको तात्पर्य हो – चट्टानको दुर्भेद शिला । इत्यादि प्रसंगले नै भारविको महाकाव्य "नारिकेल फल" मानिएको हो ।

यस छलफलको क्रममा नै अकस्मात् त्यहाँ व्यासागमन हुन्छ । अर्जुनलाई शक्तिलाभ गराउने सल्लाह व्यासवाट मिल्छ । उनी यक्ष अगुवाइमा तपस्या गर्न जान तत्पर हुन्छ । यहाँनेर द्रौपदी अर्जुनलाई उत्साह र हौसला दिदै स्नेहपूर्ण अनुहारले आफ्नो हार्दिक उकुसमुकुस स्पष्टसंग पोख्न अगि सरिन् । तपस्याको लागि हिड्न लागेकोले लामो विछोडको स्थितिमा पुगेका अर्जुनलाई द्रौपदीले सजल नेत्र गराई आँशु नखसाली आँखा चिम्म नगरीकनै (निमेष नमारी) ट्वाल ट्वाल्ती हेरिरहिन् (३।३६) द्रौपदीको हृदयदेखि उब्जेको गहिरो सहज प्रेमद्वारा मनै लोभ्याउने–पियारो हेराइलाई प्रेमिकाद्वारा समर्पित वाटामा खाने वस्तु (पाथेय) जस्तै गरी अर्जुनले हँसिलो – खुसिलो दिलले हेरे (३।३७) यहाँ दुवै प्रेमी प्रेमिकाको अवस्था संवेदनपूर्ण अनुभव हुन्छ । निश्चय नै अर्जुन द्रौपदी प्रेम प्रगाढ हुनुको संगसंगै कर्तव्यवोधगत जटिल परिस्थिति मार्फत जकडिएको छ । यसैले आफ्नो वाध्यता, सन्ताप र वेदनालाई मुश्किलसाथ मुटुमा भक्कानो पारी सजलनेत्रद्वारा द्रौपदी यहाँ आफ्नो विवशता ओकल्दछिन्ः शत्रु कपट-रूपी कीचड (फोहर – हिलो) मा जाकिएको आत्मगौरवलाई हिलोमा परेको सम्पत्ति झैं वाहिर झिक्न खोज्ने तपाई आफ्नो तपस्या सफल नभएसंम हाम्रो पीर कत्तिपनि नलिनु होला, मायामोहको चिन्तामा नअल्मलिनु होला (३।३९) विनाकारण हाम्रो मायामोहमा परी के भयो होला ? कसो भयो होला ? भनी चिन्ता गर्न थालेमा प्रेमाकर्षणको पीरले तपाईंलाई दिक्क गर्लान् ? यस्ता पीरवाधा र दुःख सन्ताप तपाईंलाई नहोउन् (३।५२) रमाइलै रमाइलो, दुःख संकट र विघ्नवाधा कुनै कुरा नभएको शान्त ठाउंमा धेरै समय एक्लै वस्ता तपाईंलाई प्रमाद वा असावधानी हुन सक्छ, सो नहोओस् । किनभने रागद्वेष, मायामोह र

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

वासनाले खिँचिएका व्यक्तिहरूको चित्त महात्मा भए पनि विषयमा विकार पैदा गराउने सम्भावना हुन सक्छ (३।५३) यसरी द्रौपदी अर्जुनलाई आफ्नो मायामोह वा प्रेममा कर्तव्यमुखी विनामेसैं लुब्ध नभई सचेत, कर्तव्यशील वनी आफ्नो निश्चित उद्देश्य पूरा गर्ने सल्लाह दिन्छन्। फेरि कर्तव्यनिष्ठ वनी आफ्नो लक्ष्य प्राप्त गरी सफलतापूर्वक फर्केको बखत उल्लाससाथ खुशी मान्दै आफ्ना दूध समेत अठिने गरी अंगालो हाल्नेछु भनी आश्वस्त गराउंछिन् (३।५४) यहाँ भारविले प्रेमभन्दा पनि माथि कर्तव्यलाई महत्त्व दिएका छन्। उनको दृष्टिमा प्रेम जीवनमार्गको उल्लास र आनन्ददायी आलोक हो, तर यहाँ विवेक र कर्तव्यको होसियारी अझ महत्त्वपूर्ण ठानिएको छ। यदि सो नभए दुर्जेय वासनात्मक विकृतिले जीवनलाई अविवेकको अंध्यारो खाडलमा मासिदिन पनि बेर लाग्दैन भन्ने संकेत भारविको छ। यसैले द्रौपदीको मुखवाट उनी अर्जुनलाई रागद्वेष पीडित वनी मलीन नहुन सल्लाह दिन्छन् (३।५३)।

प्रस्तुत द्रौपदीको भनाइलाई विभिन्न कोणवाट विश्लेषित गर्न सकिन्छ। प्रथमत: जीवन र प्रेम सम्बन्धी संयम यहाँ दर्शाइएको छ। यद्यपि कवि कालिदासले पनि जीवन र प्रेम सम्वन्धी चित्रण आफ्ना काव्यमा प्रष्ट्याएका छन्। तर कालिदासीय प्रेमभाव र यहाँको प्रेमभावनामा धेरै अन्तर छ। यहाँ भइरहेको वियोग विरह प्रवास र प्रेमको कुरा मेघदूतको नजिक नजिक पुग्न खोजे पनि यक्ष– यक्षिणी र अर्जुन द्रौपदीमा धेरै फरक छ। यक्ष आफू र आफ्नी पत्नीको विषयमा चखेवा – चखेवी समान परस्पर आसक्त वताउंछ –"चक्रवाकीमिवैकाम्" (मेघ २।२०) त्यस्तै उ प्रिया यक्षिणीको के कस्तो प्रिय छ भन्ने कुरा पनि अझ खुलस्त गर्छ – "तां जानीया परिमितकथां जीवितं मे द्वितीयम्" (मेघ २।२०) अर्थात् उनी मेरो दोस्रो प्राण नै हुन् भनेर जान्नू। वस्तुत: हामी दुवैको प्राण एउटै हो। यदि यक्षिणीको अन्त भयो भने उनका प्राणको संगसंगै मेरो शरीर पनि परमधाम हुन पुग्नेछ। यसरी यक्ष यक्षिणीमा देखाइएको प्रेम अद्वैत छ र अन्योन्याश्रित अभिन्न छ। त्यस्तै रघुवंशको प्रेम र शाकुन्तलको प्रेम केही भिन्न प्रकारको पाउन सकिन्छ। यहाँ पाइने अर्जुन द्रौपदीको प्रेम आफ्नै किसिमको आदर्श र विवेक भरिएको संवेदनपूर्ण देखिन्छ। यहाँ महाकवि भारवि भारतीय दर्शन अन्तर्गत आदर्शपूर्ण गृहस्थ जीवनको

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

मान्यपद्धतिलाई अनुसरण गर्न पुगेका छन् । यहाँ उनी न अतिशय भोग-प्रधान लक्ष्यका समर्थक छन्, न त जीवनलाई पूर्ण निराकरण गरी राग-द्वेषादिविकारमुक्त बन्दै शम-दमादि साधनसंग संघर्ष गरी परमार्थप्रति संलग्न बन्ने कुराको शिक्षा दिने पक्षमा छन् । उनको संकेत जीवन-सत्य दुवै लोकसाधनी समन्वयमा नै निहित छ भन्ने अनुभव हुन्छ–"या लोकद्वय-साधनी चतुरता सा चातुरी चातुरी" । निश्चय नै यो जीवन वास्तविकता भारतवर्षको प्राचीन गृहस्थोपषनिद् हो । यसैले यहाँका विद्वद्वर्गले त गृहस्थ जीवनलाई मानवीय जीवनको सच्चा पर्याय रूपमा ग्रहण गर्दै आए । मुक्तरूपले गृहस्थ जीवनको महिमा गाए-"धन्यो गृहस्थाश्रमः": ।

अर्जुनलाई यक्षले इन्द्रकील पर्वतको एक भेकमा पुऱ्याई तपःसाधन गर्ने सल्लाह दिई अन्तर्ध्यान हुन्छ । यक्षदर्शित त्यो प्रदेश गुह्यकगणरक्षित देवराज इन्द्रको प्रदेश थियो । गुह्यकगण मर्त्य स्वर्ग दुवै स्थल विचरण गर्ने देवयोनि थिए । यतिखेरका विशिष्ट मानवजातिको गति पनि यस्तै देखापर्छ । हाम्रा पौराणिक ग्रन्थमा देवता र मानवका व्यावहारिक सम्बन्धको विवरण भरपूर छ । जसरी स्वर्गका देवी देवता पृथ्वीमा ओर्लन्छन्, त्यस्तै पृथ्वीको मानव शरीर स्वर्ग पुगेको, धरतीमा आएको वर्णन यहाँ छ । यहाँ देवतालाई विशिष्ट शक्तिसम्पन्न प्रभुको रूपमा लिइएको छ भने आचार र निष्ठा, अनुशासन र मर्यादामा रहेको मानव-लाई पनि दैवी शक्ति सम्पन्न व्यक्तित्वको रूपमा चित्रित गरिएको छ । यहाँ मानव आफ्नो विशेष गुणद्वारा देवपदमा पुगेका छन् । यस्तै देवता पनि धरतीमा मानव जीवन विताउन ओर्लेका छन् । यस अवस्थामा देवता र मानवको स्थिति घुलमेल भएको देखिन्छ । यही वास्तविकतामानै कतिपय राजा अप्सरासंग सम्बन्ध जोड्न पुग्छन्, कति ऋषिमुनि तपः साधनविरत बन्दछन् । यहाँको अर्जुन अप्सरा प्रसंग पनि यस्तै उदाहरण हो ।

गुह्यक यक्षजाति नै हुन् यहाँ भारविले यक्ष र गुह्यक दुई शब्द प्रयोग गरेका छन् (३।३०, ६।३८) यक्ष काम मूर्ति मानिन्छ । यक्ष-दर्शन मार्फत् कामदेव झलक अनुभूत हुन्छ भन्ने व्युत्पादन भानुजी दीक्षितद्वारा पाइन्छ-"इः कामः, तस्येवाक्षिणी अस्य इति यक्षः" (अमरकोषः टीका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

त्यस्तै "गूहति निधिं रक्षति इति गुह्यक:" (निधिं रक्षन्ति ये यक्षास्ते स्युर्गुह्यक संज्ञका:) यसरी सौन्दर्यले प्रभावित जाति कर्तव्यशील, स्वामिभक्त यी गुह्यक जाति यक्षेश्वरद्वारा संरक्षणीय मानिन्छन् । यिनीहरू आफ्नो प्रदेशभित्र प्रवेश गरी निश्चल तप: साधनमा लागेको वीर पुरुष अर्जुनबाट विचलित भई इन्द्रशरण पुग्छन् । इन्द्र परीक्षण– उत्तीर्ण अर्जुन पाशुपतास्त्र-निति शिव आराधनामा लाग्ने सल्लाह पाई पुन: तपस्यारत बन्दछन् । यहाँ भारविले कौशलसाथ शिव (किरात) स्वरूपको प्रस्तुति गरेका छन् । यहाँ शिवगण (सेना) को पनि चर्चा छ (१२।४८) अर्जुनको तप:क्षेत्र हिमालय भेक इन्द्रकील– मन्दाकिनीतिर समीप थियो । यहाँ शोभा सम्पन्न भगवान् किरातपति आफ्नो वृहद् गणलाई मन्दाकिनी तटनेर राखी केवल दुई–चार मुख्य किरातगण लिई अर्जुनतिर लक्ष्य गरी बँदेल पछि लाग्दछन् (१२।५४) यहाँ किरातलाई भगवान् पशुपतिनाथ मानिएको छ । अर्जुनद्वारा भएको यो शिव आराधना प्रसंगलाई भारविले योगसाधन मार्गप्रतिको संकेत गरेका छन्, जो गीतामा बताइएको छ: चित्त र इन्द्रिय व्यापार रोकी मन एकाग्र गरी आत्मशुद्धि निम्ति पवित्र आसन माथि बसेर योगाभ्यास गरोस् (गीता ६।१२) यसै गरी अर्जुनले मनोविकार पन्छाउंदै रजोगुण तथा तमोगुण जिती शरीरको आफूप्रति रहेको नियन्त्रणलाई हटाई मनमाथि विजय पाउंदै एकाग्ररूपले पर्वत जत्तिकै स्थिरपन लिएर तपस्यारत भए (१२।३४) । अर्जुनको तप:साधनाद्वारा प्रभावित भगवान् आशुतोष अर्जुन-संगको युद्ध मार्फत अझ विशेष सन्तुष्ट हुन्छन्, दर्शन दिन्छन् । अर्जुनद्वारा विनत बन्दै शिवस्तुति गाइन्छ, भगवान् महिमा पुकारिन्छ । भारविद्वारा प्रस्तुत शिवस्तुति आध्यात्मिक दर्शनको वैदिक सार रूपमा प्रस्तुत छ ।

वस्तुत: पूर्वीय दर्शनद्वारा प्रतिपादित शिवस्वरूपको निर्धारण कठिन तथा अनिर्वचनीय छ । पाशुपतदर्शन अनुसार शिव, विष्णु, ब्रह्मा त्रिदेव अभिन्न मानिन्छन् । यिनको अद्वैततामा नै जीवात्माबीच परमचित् शक्तिको तादात्म्य देखाइएको छ । यहाँ यही जरामरण देखि पर अनुपमेय-तत्व परमानन्दस्वरूप परमेश्वर महादेवको महिमा नै वाणीदेखि पर अगोचर तथा अनिर्वचनीय छ भनी अर्जुनद्वारा स्तुति गरिन्छ । विविधरूप वर्णित अन्य देवहरू सोपाधिमूलक पथ प्रदर्शनमात्र हुन् । वास्तवमा सत्यस्वरूप परब्रह्मरूप अद्वैत शिवतत्व नै एक हो । यही लोक लोकान्तरको अधिष्ठाता

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अजरामर अनन्त पुरुष नै सारा जीवनको परब्रह्म वा परमात्मतत्वस्वरूपमा प्रतिष्ठित छ । अतः यही शिवस्वरूप परब्रह्मतत्त्वको यथार्थ ज्ञान महाकवि भारविको दर्शन हो, साधनागत ज्ञान हो । यही दार्शनिक शाश्वत चिन्तन-लाई यिनले काव्य कलाद्वारा सिंगारी प्रस्तुत गरे । यसैले महाकवि भारविको अजेय भावधाराप्रति समस्त मानव समाज चिरऋणी हुन पुगिरहेछ ।

2090४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

सन्दर्भग्रन्थ

संस्कृतः–

१. अमर सिंह – अमरकोष (भानुदीक्षितकृत सुधा व्याख्या सहित) (ई.सं. १९८२)।

२. भारवि – अनु. केसरबहादुर के.सी.–दुई खण्डमा: रत्न पुस्तक भण्डार, काठमाडौं (ई. सं. १९७२–७४)।

३. भारवि – किरातार्जुनीयम्, (मल्लिनाथीय घण्टापथ व्याख्या सहित)।

४. वामन शिवराम आपटे – संस्कृत हिन्दी कोष, मोतीलाल–बनारसी दास, काशी (ई.सं. १९६६)

५. विश्वनाथ – साहित्यदर्पण, (व्याख्याता–डा. सत्यव्रतसिंह) चौखम्बा विद्याभवन; वाराणसी (वि. सं. २०२०)।

६. वेदव्यास – महाभारत, (सम्पूर्णम्) गीताप्रेस, गोरखपुर।

वेदव्यास – श्रीमद्भागवत महापुराणम् गीताप्रेस; गोरखपुर।

वेदव्यास – श्रीमद्भागवद्गीता (गीतालोक भाष्य; अम्बिका अधिकारी) गीताप्रेस, गोरखपुर।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वेदव्यास – शिवपुराणम्

७. राजशेखर – काव्यमीमांसा (अनु. डिल्लीराम तिमल्सिना) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

८. हलायुध भट्ट – हलायुध कोष (सं. जयशंकर जोशी) सूचना विभाग उत्तरप्रदेश, लखनऊ (ई. सं. १९६७) ।

हिन्दी:-

९. ए. बी. कीथ – संस्कृत साहित्यका इतिहास (अनु. मंगलदेव) मोतीलाल–बनारसीदास, वाराणसी (ई. सं. १९६७) ।

१०. बलदेव उपाध्याय – संस्कृत साहित्यका इतिहास । भारतीय दर्शन

११. वाचस्पति गंरौला – संस्कृत साहित्यका इतिहास, चौखम्बा विद्या भवन, वाराणसी (वि.सं. २०३२) ।

१२. वाचस्पति गंरौला – संस्कृत साहित्यका संक्षिप्त इतिहास, चौखम्बा विद्याभवन, वाराणसी (वि. सं. २०२३) ।

१३. वासुदेवशरण अग्रवाल – प्राचीन भारतीय लोकधर्म, ज्ञानोदय ट्रस्ट अहमदावाद (वि. सं. २०२१) ।

१४. वासुदेवशरण अग्रवाल – मेघदूत: एक अध्ययन, राजकमल प्रकाशन, दिल्ली (वि. सं. २०१०) ।

" – भारत सावित्री

१५. वासुदेव विष्णु मिराशी – कालिदास, हिन्दी ग्रन्थ रत्नाकर प्रा. लि. बम्वई (ई. सं. १९५६) ।

१६. हजारी प्रसाद द्विवेदी – विचार और वितर्क (ई.सं. १९४५) ।

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

नेपाली:-

१७. गौतमवज्र बज्राचार्य – हनुमान् ढोका राजदरवार, नेपाल र एसियाली अध्ययन संस्थान(२०३३)

१८. घटराज भट्टराई – संस्कृतका अमर साहित्यकार, साझा प्रकाशन, काठमाडौं वि. सं.

१९. जगदीश चन्द्र रेग्मी – प्राचीन नेपालको राजनीतिक इतिहास नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान. काठमाडौं (२०३५)।

२०. जगदीश चन्द्र रेग्मी – लिच्छवि संस्कृति, रत्नपुस्तक भण्डार भोटाहिटी, काठमाडौं(वि.सं२०२६)।

२१. जनकलाल शर्मा – नेपाली समाज: एक अध्ययन, साझा प्रकाशन, काठमाडौं (वि.सं. २०३९)।

२२. धनवज्र वज्राचार्य – लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अध्ययन संस्थान (वि. सं. २०३०)।

२३. बालकृष्ण पोखरेल – राष्ट्रभाषा साझा प्रकाशन (२०४२)।

२४. भारवि – (अनु. मुक्तिनाथ) किरातार्जुनीय नेपाली भाषा प्रकाशित समिति (वि. सं. २००२)।

२५. माधव घिमिरे – आफ्नो गीत आफ्नै बाँसुरी, साझा प्रकाशन, काठमाडौं।

२६ हरिराम जोशी – नेपालको प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, (वि. सं. २०३०)।

२७. हंसपुरे सुवेदी – संस्कृत वाङ्मय: संक्षिप्त अध्ययन, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र कीर्तिपुर (२०३७)।

यी पुस्तकहरूको अतिरिक्त कविता मर्यादा, प्रज्ञा, रूपरेखा, मधुपर्क नेपाली, संस्कृत सन्देश आदि पत्रिकाहरूको पनि यथासम्भव उपयोग लिइएको कुरा अविस्मरणीय छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

oal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:
epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

pal Sanskrit University, Balmeeki Campus, Kathma